# LIBRARY DAY

# SOUVENIR

## 2021

# स्मारिका

## चौधौं पुस्तकालय दिवस

२०७८

**प्रकाशक**

**चौधौं पुस्तकालय दिवस मूल आयोजक समिति**

LIBRARY

# SOUVENIR

**2021 (2078)**

# स्मारिका

## चौधौं पुस्तकालय दिवस

२०७८

## सम्पादन समूह

| | | |
|---|---|---|
| यादवचन्द्र निरौला | - | संयोजक |
| लिला न्याइच्याई | - | सदस्य |
| लक्ष्मी मरासिनी | - | सदस्य |
| अमृता अधिकारी | - | सदस्य |
| विजय शर्मा | - | सदस्य |

**प्रकाशक** : चौधौं पुस्तकालय दिवस मूल आयोजक समिति

**डिजाइन/लेआउट मुद्रण**

सोपान प्रेस प्रा.लि.

डिल्लीबजार, काठमाडौं, फोन नं. ०१-४४४२२०६

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मिति: २०७७/०५/१०

## शुभकामना

पुस्तकालय भनेको अन्तरपुस्ता ज्ञान हस्तान्तरणको माध्यम हो। पुस्तकालयले समाज विकासका विभिन्न अवस्थाको प्रतिबिम्बन गर्दछ। सबै किसिमका पुस्तकालयको काम आआफ्ना पाठक वर्गको सेवा गर्नु भएपनि सार्वजनिक र सामुदायिक पुस्तकालय सबैभन्दा सस्तो एवम् शुलभ रूपमा शिक्षा प्राप्त गर्ने थलोको रुपमा लिइन्छ। विभिन्न मुलुकले औपचारिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्था जस्तै सामुदायिक र सार्वजनिक पुस्तकालयको स्थापना, सञ्चालन र विकासमा विशेष जोड दिएका छन्। सार्वजनिक पुस्तकालय सामाजिक तथा साँस्कृतिक संस्था तथा सूचनाका पवित्र स्थल हुन् जसले समाजका आवश्यकता परिपूर्ति गर्ने तथा परिपोषण गर्ने काम गर्न सक्छन्। त्यसैले सार्वजनिक पुस्तकालयलाई जनताको विश्वविधालय पनि भनिन्छ।

नेपालमा पुस्तकालयका माध्यमबाट ऐतिहासिक दस्तावेजहरुको संरक्षण, सम्बर्द्धन र उचितप्रयोग गर्ने उद्देश्यले २०९ वर्ष अगाडि पुस्तकालय स्थापना गर्न लालमोहर जारी गरिएको ऐतिहासिक दिनको संझना स्वरुप वि.सं. २०६५ सालदेखि हरेक वर्ष भाद्र १५ गते पुस्तकालय दिवस मनाउन थालिएको छ। पुस्तकालय दिवसले पुस्तकालयको स्थापना, व्यवस्थापनका साथै सञ्चालन, पठन संस्कृतिको विकास र विस्तार गर्ने काममा टेवा पुर्याउने विश्वास लिइएको छ।

यस वर्ष **"सबल सामाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार"** आदर्श वाक्यका साथ मुलुकभर चौधौं पुस्तकालय दिवस विविध कार्यक्रम गरी मनाइदै छ। यस अवसरमा पुस्तकालयसंग सम्बन्धित समसामयिक लेख रचनाहरू सङ्कलन गरेर स्मारिका प्रकाशन हुन लागेको थाह पाउँदा खुसी लागेको छ। यस स्मारिकाले नेपालको पुस्तकालय क्षेत्रमा भइरहेका गतिविधिहरू तथा विभिन्न पुस्तकालयहरूका बारेमा जानकारी दिने विश्वास लिएको छु। साथै नवीन सोंचका साथ अघि बढाउन भएका प्रयासहरूको बारेमा सम्बन्धित व्यक्ति, व्यक्तित्वहरूलाई जानकारी गराउने छ।

अन्त्यमा पुस्तकालय दिवस मनाउन संलग्न सबै उपसमितिका संयोजक, सदस्य तथा प्रकाशन उपसमितिका सदस्यहरूलाई धन्यवाद सहित प्रकाशनको सफलताको कामना गर्दछु।

रामप्रसाद थपलिया
सचिव

फोन नं.:
वेबसाइट: www.moest.gov.np

# सम्पादकीय

हरेक दिन नयाँ संभावना बोकेर आँउछ । यस्तो दिनले कुनै क्षेत्रमा विशेष महत्व राख्ने गर्दछ । नेपालमा पुस्तकालय सम्बद्ध सबै सरोकारवालाहरूले विशेष रूपमा स्मरण गर्ने दिन हो भाद्र १५ गते । नेपालमा आजभन्दा २०९ वर्ष अगाडि पुस्तकालय स्थापना गर्नका लागि राजकीय स्वीकृति प्राप्त भएको थियो । पुर्खाले गरेको त्यो ऐतिहासिक निर्णयको संझना र सम्मानमा सम्वत् २०६५ सालदेखि हरेक वर्ष पुस्तकालय दिवसका रूपमा मनाउन थाल्यौं ।

हजारौं माइलको यात्रा पहिलो पाइलाबाट शुरु भएजस्तै हाम्रो पुस्तकालयको यात्राले दुई शताब्दी पार गरिसकेको छ । मुलुकको शासन र समयको गतिसंसंगै अन्य कुराहरू पनि डोहोरिन्छन् । पुस्तकालय क्षेत्र यसबाट अलग रहन सक्ने कुरै भएन । हामी पनि अड्कियौं । थलियौं । रात जतिसुकै लामो भएपनि बिहानी भएरै छोड्छ भनेजस्तै इतिहास जतिसुकै घुमाउरो र अस्पष्ट भएपनि नेपालको पुस्तकालय क्षेत्रले बाटो पहिचान गरेको छ । विस्तारै गति बढाउदै छ । यो गतिलाई अझ बढाउनु पर्नेछ ।

विभिन्न संरचनाहरूको समष्टि नै समाज हो । यि विभिन्न संरचनाहरूभित्रै सार्वजनिक र सामुदायिक पुस्तकालयहरू पर्दछन् । सिद्धान्ततः हरेक संरचनामा आम सरोकारवालाको पहुँच पुग्दैन, पुग्छ भन्ने पनि हैन तर सार्वजनिक पुस्तकालयमात्र यस्तो थलो हो जहाँ हरेक नागरिकको पहुँच पुग्नुपर्छ । संविधान रूपी किताबमा लिपिबद्ध भएका नागरिकका मौलिक हक र कर्तव्यहरूको सफल कार्यान्वन र परिपालनामा सार्वजनिक पुस्तकालयहरू सारथि बन्नु पर्छ । वर्तमान् नेपालको संविधानले राज्यका नीतिहरू मार्फत् सार्वजनिक पुस्तकालयको यो गरिमालाई स्थापित गरेको छ ।

संविधानले स्थापित गरेको सार्वजनिक पुस्तकालयको उल्लिखित गरिमालाई सफल रूपमा कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र ७५३ वटै स्थानीय तहहरूले आआफ्नो क्षेत्रबाट योगदान दिनु आवश्यक छ । यसै मर्मलाई आत्मसात् गर्दै चौधौं पुस्तकालय दिवसको आर्दश वाक्य "**सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार**" तय गरेर मुलुकका सात वटै प्रदेश, सवै स्थानीय तह, सबै शैक्षणिक संस्था लगायत सबै पुस्तकालय सम्बद्ध क्षेत्रहरूमा भाद्र महिनाभर विविध कार्यक्रमहरूको आयोजना गरेर पुस्तकालय दिवस मनाइदै छ । यो नेपालको पुस्तकालय क्षेत्रमा काम गर्ने सबै सरोकारवालाका लागि गौरवको कुरा हो ।

पुस्तकालय दिवसको उल्लिखित महत्वलाई स्थायित्व दिने उद्देश्यले मूल समारोह समितिले हरेक वर्ष पुस्तकालय दिवस स्मारिका प्रकाशन गर्ने गरेको छ । यसले नेपालको पुस्तकालय क्षेत्रमा रहेको पुस्तकालय साहित्यको कमीलाई थोरै भएपनि परिपूर्ति गर्ने छ भन्ने विश्वास समितिले लिएको छ । विभिन्न व्यक्तित्वमा अनुसन्धानमूलक र ओजपूर्ण लेखले स्मारिकाको गरिमा बढाएका छन् । "कारागारमा पुस्तकालय अभियान" का अभियानकर्ता, पुर्व प्रहरी अतिरिक्त महानिरीक्षक तथा मदन पुरस्कार विजेता महेश विक्रम शाहज्यू र त्यो अभियानमा पर्दा पछाडि बसेर सहयोग गर्नु भएका वर्तमान् शिक्षा सचिव तथा मूल आयोजक समितिका अध्यक्षज्यूका लेखले स्मारिकाको गरिमा बढाएका छन् । गण्डकी प्रदेशमा हाल सञ्चालनमा रहेका सबै पुस्तकालय तथा मुलुकका विभिन्न स्थानमा रहेका १०० भन्दा बढी पुस्तकालयको चिनारी समेत समेटिएकाले स्मारिका अझ बढी संग्रहणीय हुने विश्वास लिएका छौं ।

आफ्ना अमूल्य रचनाहरू स्मारिकामा दिनुहुने सबै लेखक वर्ग, प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नु हुने सवै महानु भाव, आकर्षक डिजाइन तथा सेटिङ गरिदिने सिटी ग्राफिक्स, लेख रचना सङ्कलन र संयोजनमा सहयोग गर्नुहुने पुस्तकालय अधिकृत अमृता अधिकारी, पुस्तकालय सहायक अमूल्य नारायण कण्ठ, छपाइको संयोजनमा संलग्न भण्डार शाखा तथा सोपान प्रेसका पदाधिकारीहरू प्रति हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै पुस्तकालय दिवस सफल पार्न संलग्न सबै तथा मूल समारोह समितिका अध्यक्ष र उपाध्यक्षको मार्गनिर्देशनका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

जय पुस्तकालय ।

यादवचन्द्र निरौला<br>
संयोजक, प्रकाशन उपसमिति<br>
तथा सदस्य सचिव, चौधौं पुस्तकालय दिवस, मूल आयोजक समिति ।

# विषय सूची

१. सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार– रामप्रसाद थपलिया............१
२. पुस्तकालयः हुनुपर्ने अनिवार्य तर भईरहेछ नचाहेजस्ता– डा. हरिप्रसाद लम्साल........................... ४
३. कर्णालीमा कारागारलाई किताब अभियान– महेशविक्रम शाह .............................................१४
४. तुरिएको र अन्यायमा परेको निजामती सेवा– डा. भोजराज शर्मा काफ्ले.................................२०
५. पुस्तकालय व्यवस्थापनमा स्थानीय सरकार– विजयराज सुवेदी........................................... २७
६. नेपाल पुस्तकालय सङ्घ : इतिहासदेखि गन्तव्य, गतिरोध र गौरवका केही कुरा– आई.पी.अधिकारी... ३२
७. पुस्तकालयमा डिजिटाइजेसन तथा अनलाईन सेवाः आजको आवश्यकता– विणा वैद्य.................... ३७
८. दिगो विकासका लक्ष्यहरू, सबल समाज र सार्वजनिक पुस्तकालय– निमा घिताल (पण्डित) ............ ४३
९. सरकारी पुस्तकालयको अबस्था : एक अध्ययन– मुना अधिकारी ........................................ ४९
१०. शारदा भन्दछिन् मेरो घर हो पुस्तकालय– अम्बिका घिमिरे (रिमाल) ...................................५२
११. पुस्तकालय आफूलाई चिनाउँने स्थान– डा. विनु बाबा अर्याल.................................................५३
१२. ज्ञान, विज्ञान, शिक्षा एवम् दक्ष जनशक्ति विकास, पुस्तक तथा पुस्तकालय– ईश्वरीप्रसाद पोखरेल, .. ५६
१३. सरकार, पालिकाहरू अब त चेत !– मुरारिविनोद पोखरेल .................................................६८
१४. डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार– भोलाकुमार श्रेष्ठ................................................ ७१
१५. सामुदायिक पुस्तकालय कालजयी होलान् त ?– लीला न्याइच्याई, पिएचडी ............................. ७३
१६. पठन संस्कृतिका बारेमा– इन्द्रप्रसाद रेग्मी.......................................................................७७
१७. पुस्तकालय दिवस : फर्केर हेर्दा– जुजुभाइ डंगोल ........................................................ ८०
१८. पुस्तकालयका आयामहरू– यशु श्रेष्ठ ................................................................................८५
१९. पुस्तक सङ्कलन व्यवस्थापन तथा धुल्याई : त्रिभुवन विश्वविद्यालय– सागरराज सुबेदी ............ ८८
२०. पढ्ने बानी बसाल्नु नै उज्यालोभित्र छिर्नु हो– गीता थापा....................................................९२
२१. पुस्तकालयः एक खुल्ला विश्वविद्यालय– जानकी कर्माचार्य..................................................९६
२२. नेपाल राष्ट्रिय पुस्तकालय र मेरो फरक दृष्टिकोण– रमेशकुमार भुसाल............................ ९८
२३. पठनसंस्कृतिको जग घरबाटै बसाला– धन कुमार श्रेष्ठ ..................................................१०२
२४. पुस्तकालय दिवसका स्मारिका फर्केर हेर्दा– विजय शर्मा ..................................................१०७
२५. कोरोना कहर अनि पुस्तकालय दिवस– पुजन आचार्य ......................................................११४
२६. पुस्तकालय परिक्रमा– तोयाराज घिमिरे.............................................................................११७
२७. कोभिड महामारीको पाठ : निर्विकल्प डिजिटल पुस्तकालय– गोमा लुइटेल .........................१२०
२८. आर्य गोत्र तथा प्रवर परम्परा– आचार्य विनोद वाशिष्ट ...................................................१२३
२९. सूचना आतङ्क र पुस्तकालयको भूमिका– जगदीशचन्द्र अर्याल..........................................१२५
३०. लकडाउनमा पुस्तकालय– खिम लामिछाने काजी.........................................................१३०

३१. **चौधौं पुस्तकालय दिवस–** अमूल्य नारायण कण्ठ ....... १३३
३२. **An Introduction to Bibliometrics-** Nira Manandhar ....... १३५
३३. **Updated Nepal Notation expanded 954.96 with Seven Provinces in DDC WebDewey-** Bina Vaidya & Yadab Chandra Niraula ....... १३९
३४. **Subject Heading List and Localization-** Parbati Pandey ....... १४२
३५. **Educational Role of Public Libraries in a Society-** Prem Raj Adhikari ....... १४६
३६. **Children's Library-** Sarita Gautam ....... १५१
३७. **Services of NHRC Library During COVID-19 Pandemic: Overview on Research4life Programme-** Chandra Bhushan Yadav ....... १५५
३८. **Search Strategy and its role in Digital Searches-** Pratichya Shakya ....... १५८
३९. **Changing Role of LIS Professional-** Bindu Adhikari ....... १६१
४०. **Conservation and Preservation of Archival-** Kishor Paudel ....... १६६
४१. **Observations on National Archives of Nepal & its services-** Sakun Maharjan ....... १७०
४२. **गण्डकी प्रदेश केन्द्रीय पुस्तकालयको आवश्यकता र प्रदेशमा सञ्चालित सार्वजनिक पुस्तकालयहरूको अवस्था–** सूर्यबहादुर क्षेत्री ....... १७३
४३. **धर्मदेवी सार्वजनिक पुस्तकालयः एक अध्ययन–** सन्तोष कार्की ....... १८९
४४. **ओखलढुङ्गामा पुस्तकालयको सङ्क्षिप्त विवरण–** गणेश राई ....... १९४
४५. **दीपशिखा सामुदायिक पुस्तकालय : एक चर्चा–** मिन कुमारी डल्लाकोटी ....... २०१
४६. **भीम पुस्तकालय दोलखा–** जानकी कर्माचार्य ....... २०३
४७. **पुस्तकालय प्रतिको हाम्रो बुझाइ–** भरत खड्का ....... २०४
४८. **पुस्तकालय परिचयः त्रिफला राष्ट्रिय पुस्तकालय–** प्रेम प्रकाश 'फलाहारी' ....... २०९
४९. **भोजपुर जिल्लाका पुस्तकालयहरूको वर्तमान् अबस्था, अवसर तथा चुनौती–** नगेन्द्र बस्नेत ....... २१४
५०. **जागु नेपाल पुस्तकालय–** बृहस्पति राम ....... २१६
५१. **भरतपुर महानगरका सामुदायिक पुस्तकालयहरू : संक्षिप्त परिचय–** बालकृष्ण थपलिया ....... २१७
५२. **कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय–** बाबुराम श्रेष्ठ 'वर्षा' ....... २२७
५३. **कारागारमा राष्ट्रिय पुस्तकालय अभियान–** हरिप्रसाद खनाल ....... २३१
५४. **जाजरकोटको बौद्धिक अध्ययन केन्द्र–** अमृता अधिकारी ....... २३२
५५. **गुल्मीको किरण पुस्तकालय : एक संक्षिप्त परिचय–** चनकबहादुर कुँवर ....... २३४
५६. **श्रेयांस पुस्तकालय ब्रह्मस्थल खप्तड छान्ना बझाङ्ग–** बिष्णु प्रसाद खत्री (पौडेल) ....... २३७
५७. **अस्ताएको सुर्योदय पुस्तकालय र सुस्ताएको चन्द्रपुर सामुदायिक पुस्तकालय–** अनिता भण्डारी (पौडेल) . २४०
५८. **मकवानपुरमा सार्वजानिक पुस्तकालय–** गोविन्द चौलागाई ....... २४४

# 'सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार'



✍ **रामप्रसाद थपलिया**
सचिव
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

नेपालमा औपचारिक शिक्षाको थालनी हुनुभन्दा करिब ४० वर्ष अगाडि नै पुस्तकालयको स्थापना गर्नका लागि "पुस्तक चिताइ तहबिल" नामक पुस्तकालय स्थापना गर्न कानुन बनेको पाइन्छ । यस ऐतिहासिक दिनको अवसर पारेर विक्रम सम्वत् २०६५ देखि हरेक वर्ष भाद्र १५ गतेलाई "पुस्तकालय दिवसका" रूपमा मनाउन शुरु गरिएको छ ।

मानव जीवनमा नयाँ नयाँ ज्ञान हाँसिल गर्ने वा सिक्ने कुरा जन्मेदेखि मृत्युसम्म चलिरहेको हुन्छ । त्यसैले होला सिकाइका अगाडि "जीवनर्पयन्त" भन्ने वाक्यांश जोडिएको । सिकाइ औपचारिक, अनौपचारिक र अनीयमित गरी विभिन्न किसिमले प्राप्त गर्न सकिन्छ । यसलाई शिक्षाका आयाम पनि भनिन्छ ।

सिकाइ वा शिक्षा प्राप्त गर्ने विभिन्न स्थानहरू मध्ये पुस्तकालयलाई पूर्वप्राथमिकदेखि उच्चशिक्षासम्मका विभिन्न उपाधि प्रदान गर्ने गरी खुलेका शैक्षणिक संस्थाबाट प्राप्त हुने शिक्षा वा आंशिक उपाधि हाँसिल गर्ने शैक्षणिक संस्था भन्दा पनि निरन्तर रूपमा ज्ञान हासिल (जीवनपर्यन्त सिकाइ) गर्न सकिने थलोको रूपमा लिइन्छ । प्रदान गरिने सेवा र पाठकका आधारमा पुस्तकालयलाई शैक्षिक पुस्तकालय, राष्ट्रिय पुस्तकालय, विशेष पुस्तकालय र सार्वजनिक तथा सामुदायिक पुस्तकालय गरी चार भागमा विभाजन गरिएको पाइन्छ । यस्ता पुस्तकालयहरू प्रलेखन केन्द्र, ज्ञान केन्द्र, ज्ञानशाला, सामुदायिक अध्ययन केन्द्र वा स्रोतकेन्द्र, विद्युतीय पुस्तकालय लगायतका विभिन्न नाममा समेत सञ्चालनमा रहेका पाइन्छन् ।

खासगरी सार्वजनिक पुस्तकालयहरूलाई निरन्तर वा जीवनपर्यन्त शिक्षा हाँसिल गर्ने सबैभन्दा सुलभ र सहज स्थलका रूपमा लिइन्छ । त्यसैकारण यस्ता पुस्तकालयहरूलाई "जनताको विश्वविद्यालय" समेत भन्ने गरिएको पाइन्छ । सार्वजनिक पुस्तकायको प्रवर्द्धन र उपयोग सूचना प्रविधिमा आएको विश्वव्यापी सञ्जालीकरणले चुनौतिपूर्ण रहेको छ ।

पुस्तकालयलाई जीवित सङ्ग्रहालयका रूपमा लिइन्छ । कुनैपनि समाज कति विकसित छ ? भनेर मापन गरिने विभिन्न सूचकहरूमध्ये त्यो समाजमा सार्वजनिक पुस्तकालय प्रणालीको के कस्तो विकास भएको छ ? भनेर समेत हेर्ने अर्न्तराष्ट्रिय प्रचलन रहेको छ । नेपालमा पुस्तकालय स्थापना गर्न करिब २०८ वर्ष अगाडि नै कानुन बनेको भएपनि सार्वजनिक र सामुदायिक पुस्तकालय प्रणालीको विकास र विस्तार सन्तोषजनक रूपमा हुन सकेको छैन ।

नेपालको संविधान (२०७२) को धारा ५१ मा राज्यका नीतिहरूको उल्लेख छ । ती मध्ये नागरिकका आधार भूत आवश्यकता सम्बन्धी नीतिको (४) नम्बर बुँदामा "नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयहरूको स्थापना र प्रवर्द्धन गर्ने" कुरा उल्लेख भएबाट संविधानले परिकल्पना गरेको समतामूलक समाज र समृद्ध राष्ट्र निर्माणको प्रमुख आधार सूचना तथा सञ्चार प्रविधिले युक्त सुविधा सम्पन्न सार्वजनिक पुस्तकालयहरू हुन । यस्ता पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्नका लागि

तीनै तहका सरकारको संयन्त्रहरूका बिचमा समन्वय र सहकार्य हुनु अति आवश्यक छ भन्ने अभिप्रायका साथ "सबल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार" तय गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.२६.३ मा प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइने कुरा उल्लेख छ (राष्ट्रिय शिक्षा नीति : २०७६) । यसैगरी पन्ध्रौं योजनाको शिक्षा सम्बन्धी रणनीति तथा कार्यनीतिको १२.२ नम्बरमा पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गरी प्रदेश र स्थानीय तहमा आधारभूत सुविधासहितको पुस्तकालय र विद्युतीय पुस्तकालय सेवा विस्तार गर्ने व्यवस्था मिलाईने कुरा उल्लेख छ (पन्ध्रौं योजना : २०७६) । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय स्तरमा सार्वजनिक पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्नका लागि स्वीकृति दिने अधिकार वडा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत राखिएबाट सार्वजनिक पुस्तकालयको स्थापना र सञ्चालन गर्ने अधिकार वडा तहसम्म पुगेको देखिन्छ र सञ्चालन व्यवस्थापनमा समुदायको अपनत्व र जिम्मेवारीको अहम् महत्त्व रहन्छ ।

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेको नेपालको जनसङ्ख्याको हिस्सा ठूलो छ । त्यस्तो समुदायलाई अध्ययन गर्ने ठाउँ भनेको सार्वजनिक र सामुदायिक पुस्तकालयहरू नै हुन् । नेपालमा हाल ६७४ (शैक्षिक सूचनाः २०७७) वटा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू रहेको तथ्याङ्क छ । ६७४ वटा पुस्तकालयहरूमध्ये कति वटाले प्रभावकारी सेवा दिइरहेका छन्? कतिवटाको आफ्नै स्रोत छ । मुलुक सङ्घीयतामा गइसकेपछि प्रदेश सरकार र स्थानीय तह तथा समुदायले कतिको साथ र सहयोग दिइरहेका छन् ? स्थानीय तहका जिम्मेवार पदाधिकारीहरूको ध्यान यतातिर पुग्न सकेको छ छैन ? सार्वजनिक पुस्तकालयको विकास र विस्तारमा तीनवटै तहका सरकारबिच समन्वय र सहकार्य गर्ने अवसर पनि पुस्तकालय दिवसले जुटाउने छ भन्ने विश्वासका साथ मूल आयोजक समितिमा नेपाल नगरपालिका सङ्घ, गाउँपालिका महासङ्घ नेपाल, विभिन्न पुस्तकालयको स्थापना र सञ्चालनमा मन, वचन र कर्मले लागिरहनु भएका रिड नेपाल, रुम टु रिड, दि एशिया फाउण्डेसन, लाईन्स मनराम फाउण्डेसन, नेपाल पुस्तकालय सङ्घ, नेपाल सामुदायिक पुस्तकालय सङ्घ लगायतका सबै सरकारी/गैरसरकारी संस्थाहरूको सहयोगात्मक भूमिकाका लागि हार्दिक कृतज्ञता प्रकट गर्दै भविष्यमा यसको विकास र विस्तारमा सहयोग भैरहने छ ।

पुस्तक लेखनदेखि अन्तिम उपभोक्ता वा पाठकका हातमा पुग्दा विभिन्न चरणहरु पार गर्नु पर्छ। लेखक, सम्पादक वा श्रष्टाको रचना वा सिर्जनालाई प्रकाशकले प्रकाशन गर्नु अगाडि सम्पादकले अझ उजिल्याउने काम गर्दछन् । टाइपिङ, लेआउट डिजाइन, प्रकाशन, वितरण पछि मात्र पाठकको हातमा पुस्तक पुग्छ ।

यसरी पुस्तक लेखनदेखि पाठकको पाठकको हातसम्म पुग्दा पार हुने विभिन्न चरणमा संलग्न सबै सरोकारवालाहरूका जिम्मेवारी र दायित्वलाई सहजीकरण गर्ने उद्देश्यले हालै नेपाल सरकारले राष्ट्रिय पुस्तक नीति तर्जुमा गरी स्वीकृतीका लागि मन्त्रीपरिषद् समक्ष पेश गरेको छ । राष्ट्रिय पुस्तक नीतिको स्वीकृती पछि पुस्तक सम्बद्ध सबै सरोकारवालाहरुको जिम्मेवारी तथा स्पष्ट हुने विश्वास लिएको छु ।

एक राष्ट्रसेवकका नाताले जिल्ला, प्रदेश तथा सङ्घीय सरकारका विभिन्न निकायमा रहेर सेवा गर्ने अवसर प्राप्त भयो । जिल्लामा कार्यरत रहँदा हरेक टोलटोलमा मदिरालय सञ्चालन भएका देखिन्थे तर सार्वजनिक पुस्तकालयहरू कमैमात्र सञ्चालन भएको पाएको छु । जिल्लाका अगुवाहरूसँग विभिन्न प्रसँगमा भेटघाट हुँदा सार्वजनिक पुस्तकालयहरूको स्थापना र सञ्चालन गर्न अभिप्रेरित गर्ने गर्दथे । उदयपुरको संगम सामुदायिक पुस्तकालय एउटा त्यस्तै प्रसँग पछि स्थापना भएको पुस्तकालय हो । अहिले सो पुस्तकालय जिल्लाको मात्र हैन प्रदेश नम्बर एककै नमुना पुस्तकालय बन्दै गरेको थाहापाउँदा सारै खुसी लागेको छ ।

कर्णाली प्रदेशको प्रमुख सचिव भएका बखत तत्कालीन प्रदेश प्रहरी प्रमुख तथा साहित्यकार महेशविक्रम शाहज्यूसँग मिलेर कर्णाली प्रदेशका १० वटै जिल्लामा रहेका कारागारहरूमा रहेका कैदी बन्दीहरूले पढ्न पाउन् भन्ने उद्देश्यले "कारागारमा पुस्तकालय" को स्थापनामा सहयोग गर्ने अवसर प्राप्त भएको थियो । यस अभियानमा जोडिने महेशविक्रम शाहज्यू र वकिल शुशिला श्रेष्ठज्यू अनि थुप्रै सहयोगी हातहरूलाई पुनः एकपटक स्मरण गर्दै कोभिड-१९ को माहामारीका बाबजुद सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गरेर कम्तीमा पनि मुलुकका ७५३ वटै स्थानीय तहहरूमा पुस्तकालयको विकास तथा विस्तार तथा शिक्षण सिकाइको केन्द्रको रूपमा तत् तत् समाजको/समुदायको सहभागिता/अपनत्वमा पुस्तकालयको स्थापनामा चौधौं पुस्तकालय दिवसले हामी सबैलाई उत्प्रेरित गर्ने सफलताका लागि सबैलाई हार्दिक अपिल गर्दछु ।

# पुस्तकालयः हुनुपर्ने अनिवार्य तर भईरहेछ नचाहेजस्तो



✍ **डा. हरिप्रसाद लम्साल**

सहसचिव

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

**कार्यकारी साराँश**

मानव जीवनको विकासक्रमसँगै ज्ञान हासिल गर्ने दायरा र क्षेत्रमा बढोत्तरी हुदै गयो । स्मृतिमा आधारित ज्ञानलाई लिपिवद्ध गर्ने प्रचलन शुरु भएपछि सङ्ग्रह गर्ने कार्य शुरु भएको हुनुपर्छ । यस्तो सङ्ग्रह शुरुमा व्यक्तिगत प्रयासमा भएको हुनुपर्छ । क्रमश सामूहिक वा कलेक्टिभ प्रयास बन्यो होला । यसैको विकसित रूप नै पुस्तकालय हुनुपर्छ । पछि यसमा विविधता आएको हुनुपर्छ । यसरी पुस्तकालय विगतदेखि नै मानव जीवनको अभिन्न अङ्ग बन्दै आएको छ ।

प्रस्तुत लेखमा पुस्तकालयको विकासक्रमका साथमा यससँग सम्बन्धित समस्या तथा विद्यालय पुस्तकालय विकासमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा चर्चा गरिएको छ । मुलत सहायक दस्तावेजहरूको पुनरावलोकन एवम् समीक्षाका आधारमा तयार गरिएको यस लेख वर्णनात्मक बढी विश्लेष्णात्मक कम बन्न पुगेको छ । पुस्तकालयमा चासो राख्नेहरूका लागि लेख उपयोगी हुने आशा लिएको छु । यसका बारेमा गहिरो अध्ययन नपुगेको कारणले पुस्तकालयसँग सम्बन्धित पक्षहरूमा सुक्ष्म विश्लेषण नभएको पनि हुनसक्छ ।

## विगतदेखि वर्तमानसम्म पुस्तकालयसम्बन्धी अवधारणा

आदिमा मानव खेतीपाती तथा उत्पादनमा केन्द्रित हुनुपूर्व शायद घुमेर बित्यो होला । आहारका लागि शिकार खोज्दा नै समय बितेको हुनुपर्छ । मानव पुस्ता र यिनका क्रियाकलापमा केन्द्रित युभल नोहा हरारी र एच जि वेल्सजस्ता विद्वानका लेखबाट यस्तै सन्देश पाउन सकिन्छ । अन्य विद्वानहरूले अन्य ढङ्गबाट अनुमान गरेका पनि हुनसक्छन् । जब घुमन्ते मानव बस्ती बसाल्न पुग्यो तब सामूहिक रूपमा खेती गर्ने प्रचलन र अन्य क्रियाकलापको शुरुवात भएको हुनुपर्छ। यसबाट नै व्यवस्थित मानव समाजको स्थापना शुरु भयो होला । जीवनयापनका लागि मानिसले थप काम गर्नुपर्ने अबस्था सृजना भएको होला । थप मेहनत गर्नुपर्ने अबस्था सृजना भयो होला । परिश्रम पनि बढाउनु पर्ने भयो होला । प्रतिस्पर्धाको रूप पनि बदलिएको हुनुपर्छ ।

व्यस्त जीवनचर्यालाई सजिलो र सहज बनाउनका लागि समय समयमा रमाइलो पनि गरे होलान् । छलफल अन्तरक्रिया गरे होलान् । आफू आफूमा मत विमत सृजना भयो होला । यसरी ज्ञानको सृजना गर्ने, त्यसलाई सङ्ग्रह गर्ने र आवश्यकता परेको समयमा प्रयोग गर्ने सोंच र कौशल आएको हुनुपर्छ । यस कार्यमा धार्मिक सङ्घसंस्थाले पर्नि उल्लेख्य भूमिका निर्वाह गरे होलान् ।

समय समयमा एकस्थानमा जम्मा हुने र कुराकानी गर्ने कार्यले पुस्ताहरूको बिचमा अन्तरक्रिया हुने

क्रम शुरु भयो । सिक्ने सिकाउने क्रम बन्यो । यस क्रममा ज्ञानमात्र नभएर संस्कृतिको हस्तान्तरण पनि भयो होला । विभिन्न साँस्कृतिक पर्वहरू यसैको अङ्ग बन्न पुगे । यसरी मानवका क्रियाकलापहरू अनुभवको साटासाट, नयाँ ज्ञानको निर्माण र हस्तान्तरणमा केन्द्रित भए । यही नै पुस्तकालयको आदिम अवस्था हुनसक्छ भनेर अनुमान मात्र गर्न सकिन्छ ।

सामान्य र साधारण अर्थमा पुस्तकालय भनेको पुस्तक सङ्ग्रह भन्ने हुन सक्छ । यो अवधारणा त पछि आएर बनेको हुनुपर्छ । शुरुमा त अनुभव सङ्ग्रह थियो, ज्ञानको सङ्ग्रह थियो, सिकाइको सङ्ग्रह थियो, संस्कृति र सामाजिक मूल्य मान्यताको सङ्ग्रह थियो । ब्रिटानिकाले पनि पुस्तकालयको विकास सङ्ग्रहबाट भएको उल्लेख गरेको छ । शुरुमा मौखिकरूपमा नै यस्ता विषयहरू एक पुस्ताबाट अर्को पुस्तामा सार्ने काम भयो होला । लिपिको विकाससँगै सङ्ग्रह गर्ने कार्यमा थप विशिष्टिकरण हुनपुग्यो । यसैको विकसित रूप नै पुस्तकालय र सङ्ग्राहालय हुन् भन्न सकिन्छ ।

पुस्तकालय भन्नासाथ ठूलो भवनमा पुस्तक सङ्ग्रह गर्नुमात्र होइन । व्यापक अर्थमा यसले धेरै क्षेत्र समावेश गरेको हुन्छ । पुस्तकालय त संस्कार हो, संस्कृति हो, आचरण हो । नयाँ नयाँ पुस्तक खोज्ने, सामग्री खोज्ने, त्यसलाई सङ्ग्रह गरेर राख्ने, अध्ययन गर्ने, अनुभव साटफेर गर्ने संस्कार र व्यवहार पनि हो । प्रविधिको विकासले ज्ञान, लिपि, पुस्तक, अनुभव आदिको सङ्ग्रहलाई अलि फराकिलो बनाएर डिजिटल सामग्री सङ्ग्रह गर्नेसम्म पुऱ्याएको छ (Gunby, 2003) । तसर्थ पुस्तकालय भनेको मानव जीवनको एक अभिन्न अङ्ग हो जहाँ मानव र मानव बिचमा एवम् मानवको ज्ञान, अनुभव एवम् सिपसँग अन्तरक्रिया हुने गर्दछ ।

**मानव इतिहास र पुस्तकालयको परिवर्तित अवधारणा**

युभल नोहा हरारीका अनुसार आजभन्दा ७०,००० देखि ३०,००० वर्ष अघिसम्म सेपियन्समा नयाँ ढङ्गबाट सोंच्ने र सञ्चार गर्ने सिपको विकास भईसकेको थियो । उनले यसलाई कग्निटीभ रिमोलुशन भनेका छन् । सेपीयन्समा यस्तो सोंच कसरी आयो भन्ने तथ्यगत उत्तर हरारीले उल्लेख गरेका छैनन् । उनको अनुमानमा सेपीयन्सको मस्तिष्कमा अकस्मात् रूपमा जेनेटिक म्युटेशन आएको हुनसक्छ । संवाद गर्ने भाषाको विकास पनि यसै समयमा भएको हुनसक्छ । यस अघि पनि हरेक प्राणीमा सञ्चार प्रणाली त थियो नै । तर सेपीयन्स समुदायमा देखिएको यो सञ्चार प्रणाली अन्यभन्दा नयाँ चाहिँ देखिन्थ्यो । प्राणीहरूमा निश्चित सङ्केतबाट सञ्चार हुन्थ्यो, सेपीयन्सले भाषा प्रयोग गरेको हुनाले यसलाई नयाँ मानियो र सेपियन्सले यस प्रणालीबाट धेरै फाइदा लिन सक्यो अन्य प्राणीको तुलनामा ।

समयक्रमसँगै सेपीयन्सका सन्तानले आफूलाई परिमार्जन गर्दै लगे । ज्ञानको सङ्ग्रह गर्न शुरु गरे । त्यसलाई आवश्यकताअनुसार प्रयोग पनि गर्दै गरे । एक आपसमा लड्ने मात्र काम गरेनन् । ब्रिटानिकाले लडाइको क्रममा अगाडिको विकास नष्ट भएको उदाहारण समेत उल्लेख गरेको छ । जे होस् मानिसले सभ्यताको विकास गर्दै गए । अनुभवहरू स्टोर गर्दै गए । पुराना अनुभवको सिकाइबाट नयाँ नयाँ ज्ञान निर्माण गर्दै गए । पुरानाले नयाँ पुस्तालाई अनुभव बाँडे । यसैगरी नयाँ पुस्ताले नयाँ कुरामा पुरानालाई अभ्यास गर्न सिकाए ।

नारायण गिरी (२०७६) ले अनुवाद गरेको एच. जी. वेल्सको विश्वको इतिहास पुस्तकमा मानव जातिको विकासक्रम, संस्कृति, भाषा, शिक्षा, राजनीति आदिका बारेमा विस्तार उल्लेख गरेका छन् । एच. जी. वेल्सले आफ्नो पुस्तकलाई विश्वको इतिहास भने पनि यसमा पश्चिमा सभ्यताको इतिहासलाई बढी मात्रामा जोड दिइएको छ । ब्रिटानिकाले इसापूर्व चौथो शताब्दिमा पश्चिमा मुलुकका पुस्तकालय भएको उल्लेख गरेको छ । तर पूर्वीय सभ्यतामा त्रेतायुग र द्वापरयुगमा गुरुकुल पद्धति, शिक्षा लिने दिने प्रक्रिया आदिका बारेमा उल्लेख गरेको पाइन्छ, तर एच. जी. वेल्स यसमा मौन छन् । गौतम बुद्ध, सम्राट अशोक, कन्फ्युसियस र लाओ त्से आदिका योगदानका बारेमा भने केही मात्रामा बताएका छन् । पूर्वीय सभ्यतामा पश्चिमा सभ्यताभन्दा अगाडि विश्वविद्यालय रहेको पाइन्छ ।

यस्ता विषयमा मौन बसेर एच.जी वेल्स आफैमा चुके। बरु उनले एघारौं शताब्दीको आसपासबाट युरोपमा खुलेका विश्वविद्यालय र जनचेतनालाई प्रमुख रूपमा बताएका छन् ।

इतिहासमा जो अगाडि भए पनि एघारौं शताब्दी पछि युरोपले शिक्षामा योजनाबद्ध विकास गर्दै आएको महसुस गर्न सकिन्छ । पुस्तकालयको विकासक्रम पनि यसमा नपर्ने कुरै भएन । शिक्षा र अन्य पक्षमा आएको विकासको प्रभाव मानव जीवनका अन्य पक्षमा पनि पर्दै गयो । श्वेत वर्णमा भएको शिक्षा स्वास्थ्यको विकास र विस्तार क्रमैसँग पूर्वमा पनि फैलियो । यिनबाट जापान लगायतका केही मुलुकले लाभ लिन सके, पछिल्लो दिनमा अर्थात् सन् १९६० पछि सिँगापुर, कोरिया, हङकङ, ताइवान, मलेसियाले गरेको विकास पनि उल्लेख्य रह्यो । सन् १९९० पछि चीनले फड्को माऱ्यो । यी सबै पक्षको विकासमा शिक्षाको प्रभाव परेको हुनाले यसमा पुस्तकालय नपर्ने कुरै भएन ।

पूर्वीय सनातन हिन्दु पद्धतिमा श्रुति र स्मृति पद्धतिमा ज्ञानको असर र विकास भएको पाइन्छ । लिपि विकास नहुँदासम्म स्मृति नै मुख्य आधार थियो । जब लिपि विकास भयो, अनि यसलाई लिपिवद्ध गरेर सङ्ग्रह समेत गर्न थालियो । उक्त समयको समाज अहिलेको जस्तो जटिल नबनिसकेको हुनाले थोरै प्रयास र समयमा सङ्ग्रह गरेर राख्न सकिने अबस्था थियो होला ।

मानव समाज अनुभव हस्तान्तरणमा आधारित भई अगाडि बढेको छ, साथै नयाँ ज्ञानको खोजीमा छ । प्रयासहरू समस्या समाधानमा केन्द्रित छन् । मानव समाज यतिमा मात्र सीमित छैन । युद्ध छ, जित हार छ । अफवाहले भरिएको पनि छ । मानव समाजको अर्को पाटोमा युद्ध, हिंसा, अफवाह र प्रोपोगान्डा पनि सँगसँगै अगाडि बढेको छ ।

सेपियन्सदेखि आजका मानिसले समाज र वातावरणलाई खुला सँग्राहलयको रूपमा लिएका छन् । मानिसले भिन्न भिन्न समूह र संस्कृतिबाट सिक्दै आएको देखिन्छ । अनुभवलाई सङ्ग्रह गरेर राखेको देखिन्छ । लिपिको शुरुवात भएपछि यसबाट तयार भएका ग्रन्थहरू सङ्ग्रह गरेर राख्न अझ सजिलो हुनथाल्यो । यस्तो कार्य सबैले पक्कै पनि गरेनन् । यहाँ रुचिले काम गऱ्यो होला । फरक सोंचका कारण यस्ता कार्यमा चासो भयो पनि होला । जे होस सङ्ग्रह गर्ने स्थानलाई पुस्तकालय भन्न शुरु गरिएको हुनुपर्छ ।

भुसाल (२०७७) ले विश्वमा आधुनिक पुस्तकालयको इतिहास करिव ६५३ वर्ष पुरानो छ भनेका छन् । यही आधुनिक शब्दले धेरै अर्थ राख्छ । के लाई आधुनिक मान्ने त? यसका पनि केही मानक होलान् नै । यसरी जे जस्ता आधारबाट पुस्तकालयको इतिहास बताए पनि पुस्तकालय र मानव जीवनको बिचमा अन्योन्याश्रित सम्बन्ध छ । मानवसँगै ज्ञानको यात्रा भएको हुनाले पुस्तकालयका विविध रूपमध्ये कुनै न कुनै रूप मानवको विकासक्रमसँग जोडिएर आएको छ भन्न सकिन्छ । यसले भोलिका पुस्तकालयका रूप आजभन्दा फरक हुनसक्छन् भन्ने आधार पनि दिएको छ ।

**पुस्तकालयको महत्व**

मानिसले जीवनभर सिकिरहन्छ । मानिस बाँचुन्जेल शिक्षा लिने दिने काममा संलग्न भईरहन्छ । यस्तो शिक्षा लिने वा सिकाइ हुने कार्य विभिन्न माध्यमबाट हुन सक्छ । यस्ता धेरै माध्यममध्ये पुस्तकालय एउटा सशक्त माध्यम हो । त्यसैले पुस्तकालय मानव जीवनमा सिकाइको पनि एक अभिन्न अङ्ग हो ।

पुस्तकालयले पुस्तक मात्र सङ्ग्रह गर्दैन । यसले फरक फरक पृष्ठभूमिका मानिसलाई एक स्थानमा ल्याउँछ । मानिसलाई एकस्थानमा ल्याउनु भनेको उसको सोंच, विचार, मूल्य मान्यता, संस्कृतिलाई एकस्थान आउने वातावरण तयार पार्नु हो । यसरी फरक फरक मान्यता र विश्वासका बिचमा अन्तरक्रिया हुने काममा पुस्तकालयले सहजीकरण र सहयोग गर्दछ ।

यसैगरी पुस्तकालयले फरक फरक पुस्तालाई एक ठाँउमा ल्याउँछ । पुस्तकालयले पुस्ताहरूलाई जोड्ने काम पनि गर्छ । मानिस र समाजमा रहेका पुराना कमजोरीहरूलाई हटाउन सहयोग गर्छ । साथमा नयाँ

संस्कृति निर्माण पनि गरिरहेको हुन्छ । नयाँ नयाँ ज्ञान निर्माण गरिरहेको हुन्छ । यी सबै कार्य त्यतिबेलामात्र हुनसक्छन् जहाँ पुस्तकालय हुन्छ, मानिसहरूका बिचमा पठन संस्कृति रहन्छ । यसले एकआपसमा अन्तरक्रिया हुने वातावरण दिएर यी सबै कार्यमा सहयोग गरिरहेको हुन्छ ।

पुस्तकालयले व्यक्तिलाई परिवर्तन गर्ने मात्र नभएर समाजलाई बदल्ने हैसियत राख्दछ । यसका लागि यसले सशक्त माध्यमको रूपमा काम गर्न सक्छ । धिताल (पण्डित) (२०७७) ले पुस्तकालयसँग समाजलाई रूपान्तरण गर्न सक्ने हैसियत रहेको ठान्नुहुन्छ । उहाँको यस लेखमा समाज के कसरी रूपान्तरण हुनसक्छ भन्नेमा गहिरो विश्लेषणसहितको प्रस्तुति छ ।

पुस्तकालयले मानव इतिहासका साथमा समाज विकासक्रम अध्ययन गर्न, हेर्न र बुझ्न उत्तिकै मात्रामा सहयोग गर्न सक्छ । यसले पुराना ज्ञान र दस्तावेज सङ्ग्रह गरेर राख्ने काम गर्छ । यस कार्यमा व्यक्तिको योगदान महत्त्वपूर्ण हुन्छ । व्यक्ति अग्रसर नभएमा पुस्तकालय एक्लैले गर्न सक्छ भन्ने पनि होइन । जब व्यक्तिले मानव इतिहास, भूगोल आदिका बारेमा अध्ययन गर्छ यसबाट विगतका बारेमा सूचना प्राप्त गर्न सक्छ । यी सबै विषय पाठ्यक्रममा समावेश गरेर सम्भव पनि हुँदैन । इतिहासले मानवको हैसियत कहाँबाट कसरी आएको रहेछ भन्ने जानकारी दिन्छ । विगत्को कष्ट भोगाइ दिन्छ । पीडा महसुस गराउँछ, सफलता असफलताको बारेमा बताउँछ । यसबाट संवेदना विकास गर्नमा पनि सहयोग पुग्छ । विद्यार्थी कम संवेदनशील भएको इतिहासमा अध्ययन नपुगेर नै हो ।

न्युयोर्क विश्वविद्यालयका समाजशास्त्री एवम् प्राध्यापक एरिक क्लाईनवर्गको द न्युयोर्क टाइम्समा प्रकाशित 'किन चाहिन्छ पुस्तकालय' ? भन्ने लेखको लक्ष्मण श्रेष्ठले नेपालीमा गरेको अनुवाद अन्नपूर्ण पोष्टको २०७७ भदौ ३० गतेको अंकमा प्रकाशित भएको थियो । एरिकका अनुसार पुस्तकालयहरू 'सामाजिक पूर्वाधार' का उदाहरण हुन्, जसले मानिसले गर्ने अन्तरक्रियाको आकार कोर्छन् । पुस्तकालयहरूले पुस्तक र अन्य सांस्कृतिक वस्तुमा खुला पहुँच मात्र उपलब्ध गराउँदैनन्, तिनीहरूले वृद्धहरूलाई मित्रता प्रदान गर्छन्, व्यस्त अभिभावकका बच्चालाई वास्तविक स्याहार उपलब्ध गराउँछन्, आप्रवासीहरूलाई भाषा सिकाउँछन् र गरिब, घरबारेविहीन युवाहरूलाई सार्वजनिक स्थान (पब्लिक स्पेस) उपलब्ध गराउँछन् ।

प्राध्यापक एरिकका अनुसार पुस्तकालयले वृद्ध मानिस, खासगरी एकलहरूका लागि साथी भेटाइदिन्छ । फरक फरक संस्कृतिको मिलन गराइदिन्छ । नयाँ नयाँ संस्कृतिसँग साक्षात्कार गराउँछ । नयाँनयाँ साथी भेटाइदिन सहयोग गर्छ । फरक फरक पुस्तालाई एक ठाँउमा स्थान उपलब्ध गराउँछ जसले संस्कृतिको आदान प्रदान हुन्छ ।

पुस्तकालय गाउँघरको चौतारी जस्तै हो जहाँ धेरै व्यक्ति आई अन्तरक्रिया गर्न सक्छन् । पुस्तकालय सामुदायिकपनको अवधारणा हो । तर बजारतन्त्रले यसको वास्तविकस्वरूपलाई विस्थापित गरी नयाँ अर्थ दिन खोजेको छ । प्रविधिले त यसलाई अझ फरक रूपमा बुझ्नुपर्ने बनाएको छ । तर पनि पुस्तकालयको अस्तित्व मानव समाज रहेसम्म रहने छ ।

**नेपालमा पुस्तकालय विकासक्रम**

गाउँघरमा संयुक्त परिवार रहने अवधारणा आफैमा अनुपम थियो । सँगै रहँदा बस्दा केही असजिला भए पनि होलान तर यसका धेरै फाइदा थिए र छन् पनि । वास्तवमा भन्ने हो भने हाम्रा गाउँघर आफैमा पुस्तकालय जस्ता थिए, जहाँ फरक फरक पुस्ताका व्यक्तिहरू एकै स्थानमा रहन्थे । फरक फरक अनुभवले एक अर्कालाई रूपान्तरण हुनमा सहयोग गरिरहेको हुन्थ्यो । संस्कृतिको हस्तान्तरणमा सहयोग पुगिरहेको हुन्थ्यो । बालबच्चाले पुराना पुस्ताबाट धेरै कुरा सिक्न पाउँथे भने नयाँ पुस्ताले उनीहरूलाई आधुनिक अवधारणा सिकाइरहेका हुन्थे । जब एकल परिवारको अवधारणा आयो यी दुवैले फाइदा पाउनबाट चुके । अति सुक्ष्म अर्थमा गाँउघरमा संयुक्त परिवार, तहाँ हुने गरेका अभ्यास र अन्तरक्रिया आफैमा अनौपचारिक प्रकृतिका पुस्तकालयका रूपमा थिए ।

औपचारिक रूपमा पुस्तकालयको स्थापना के कसरी भयो भन्नेमा धेरै विद्वानहरूले कलम चलाईसक्नु भएको छ । निरौला (२०७५) ले नेपालमा पुस्तकालयको विकासक्रमका बारेमा मसिनोसँग केलाउनु भएको छ । उहाँका अनुसार नेपालमा प्राचीनकाल देखी नै पुस्तकालयको अवधारणा प्रचलनमा थियो। मल्लकालमा तत्कालीन भक्तपुर राज्यमा करीब १४,००० हस्तलिखित ग्रन्थ भएको पुस्तकालय (साकोथा) थियो । सरकारले विभिन्न समयमा गठन गरेको आयोगका प्रतिवेदन, आवधिक योजना र ऐन नियममा पुस्तकालयका सम्बन्धमा केही न केही उल्लेख भएको पाइन्छ भनेर संक्षिप्त रूपमा पुस्तकालय विकासक्रमका बारेमा उल्लेख गर्नुभएको छ ।

पोखरेल (२०७७) ले पुस्तकालय दिवसको सन्दर्भमा पुस्तकालय परिचर्चाका बारेमा एक लेख लेख्नुभएको छ। उहाँका अनुसार तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्य चीन जाँदा कोलकातामा रहेको भारतीय राष्ट्रिय पुस्तकालय अवलोकन गर्ने मौका मिलेको थियो। तत्कालीन प्रधानमन्त्री चीन भ्रमणबाट फर्केपछि पुस्तकालयको महत्त्व देखेर २०१३ सालमा नेपाल राष्ट्रिय पुस्तकालयको स्थापना भएको हो। पछि २०१८ सालदेखि उक्त पुस्तकालय हरिहरभवनको एउटा तलामा रहेको थियो । २०७२ वैशाख १२ गतेको भूकम्पले सो भवन नै भत्काइदिँदा पुस्तकालयको बिजोग भएको छ।

पुस्तकालयको विकास र विस्तारमा सहयोग पुगोस् भन्ने उद्देश्यले सरकार र सम्बद्ध निकायकहरूको सकियतामा पुस्तकालय दिवश मनाउने काम पनि भईआएको छ। यसबाट आम मानिसमा पुस्तकालयप्रति सचेतना बढ्नुका साथै सामूहिक प्रयास पनि हुन सकोस भन्ने चाहना रहेको छ। गीर्वाणयुद्धवीरविक्रम शाहले 'पुस्तक चिताई तहबिल' स्थापनाको लालमोहर लगाएको दिन १८६९ भदौ १५ गतेको दिनलाई नेपालमा पुस्तकालय सुरु भएको दिन मानेर पुस्तकालय दिवश मनाइएको छ र यसको शुरुवात भने २०६५ सालदेखि मात्र भएको हो (पोखरेल, २०७७) । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्व र अभिभावकत्वमा नेपालभरका सबै शैक्षिक संस्था एवम् पुस्तकालयहरूमार्फत् विविध कार्यक्रम आयोजना गरी झण्डै भदौभर यो दिवस मनाउने गरिन्छ। भुसाल (२०७७) कै भनाइलाई सापट लिने हो भने मुलुकमा अहिले पुस्तकालयको सङ्ख्या करिव १००० रहेको अनुमान छ।

सरकारले विभिन्न आयोजना एवम् कार्यक्रमका माध्यमबाट पुस्तकालय र यससँग सम्बन्धित विभिन्न कार्यहरू गर्दै आएको छ । विक्रम सम्वत् ३० को दशकको अन्ततिर शुरु भएको ग्रामीण विकासका लागि शिक्षा परियोजनाअन्तर्गत शुरु भएको ग्रामीण अध्ययन केन्द्र, ४० को दशकमा शुरु भएका प्राथमिक शिक्षा परियोजना एवम् आधारभूत शिक्षा परियोजनाअन्तर्गतका सामुदायिक अध्ययन केन्द्र कुनै न कुनै रूपमा पुस्तकालयको अवधारणासँग जोडिएका थिए भन्न सकिन्छ । यीमध्ये कतिपय अहिलेसम्म कार्यान्वयनमा रहेका छन्।

माथि नै उल्लेख गरिसकियो कि वि.सं. २०३८/३९ सालमा ग्रामीण विकासका लागि शिक्षा परियोजना लागू हुँदा ग्रामीण अध्ययन केन्द्रको अवधारणा ल्याइएको थियो । यसको प्रमुख उद्देश्य ग्रामीण समुदायमा साक्षरता बढाउनु थियो । यसको लागि अध्ययन केन्द्रलाई माध्यम बनाइएको थियो । यसै समयतिर कास्कीको लाहाचोकमा साक्षरता कार्यक्रम सञ्चालन गरियो, जसको पाठ्यबस्तु दैनिक जनजीवनमा घटेका घटना र जीवन पद्धति नै थिए । यी कार्यक्रमहरू साक्षरता बढाउनमा केन्द्रित भए पनि अध्ययन संस्कृति बढाउने विषयसँग सम्बन्धित थिए । विद्यालयलाई समुदायको पनि केन्द्र वनाउने अवधारणा अन्तर्गत यस्ता कार्यकलाप सञ्चालनमा थिए। यी कार्य पनि पुस्तकालयको अवधारणासँग जोडिएका छन् भन्न सकिन्छ।

सरकारले हरेक वर्षको वार्षिक बजेट तथा कार्यक्रमबाट सीमित सङ्ख्याका पुस्तकालयहरूलाई केही अनुदान दिने र विद्यालय तहमा बुक कर्नर, पुस्तकालय आदिका लागि अनुदान उपलब्ध गराउँदै आएको पनि छ। यस्तो अनुदान दीर्घकालीन योजनामा आधारित भएरभन्दा पनि एकपटक शुरु भएकालाई दिइराखौं भन्ने अवधारणाबाट सञ्चालित छन्।

नेपालमा पुस्तकालयको स्थापना र सञ्चालनमा सरकारका साथमा व्यक्तिगत दाता र सङ्घ संस्थाको भूमिका पनि उल्लेखनीय छ, गैर सरकारी सङ्घ संस्थाले पनि सहयोग गरेका छन र पुस्तकालयसँग सम्बन्धित सङ्घ सँगठन यस्तो विस्तारमा लागेका छन् (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,२०७५) । निरौला (२०७७) ले यसमा सहयोग गर्नेहरूको विस्तृत विवरण सङ्ग्रह गर्नुभएको छ भने कार्की (२०७५) ले नेपालमा ई-पुस्तकालयको विकासमा साझा ई-पाटीको भूमिकाका बारेमा चर्चा गर्नुभएको छ। तर पनि सबैको प्रयास एकीकृत ढङ्गबाट सञ्चालन हुन नसकेको यथार्थ पनि हाम्रा सामु रही आएको छ ।

माथि भनिए अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५) ले हरेक वर्ष पुस्तकालय दिवश मनाउने कार्यमा अग्रणी भूमिका खेलिरहेको छ । यस क्रममा वर्षको एकपटक पुस्तकालयका क्षेत्रमा काम गर्ने सबै महानुभाव र सङ्घसंस्थालाई एकस्थानमा ल्याउने गरेको छ। एकआपसमा अनुभव साट्ने मौका मिलाएको छ । यस क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई सम्झने काम गरेको छ । सरकारी मात्र नभएर गैर सरकारी क्षेत्रका प्रयास र कार्यलाई एकीकृत गर्ने प्रयास गरेको छ । विभिन्न विद्वानहरूका मत सङ्कलन गरेर प्रकाशित गर्ने गरेको छ ।

**पुस्तकालयका प्रकार**

पुस्तकालय कति प्रकारका हुन्छन् भन्नेमा पनि विभिन्न मत छन । डल्लाकोटी (२०७७) का अनुसार पुस्तकालयलाई सामान्यतया शैक्षिक, सार्वजनिक, विशेष र राष्ट्रिय गरी चार भागमा बाँड्न सकिन्छ । यो वर्गीकरण सबै मुलुकमा एकै किसिमबाट हुन्छ भन्ने छैन । मुख्यतः पुस्तकालयले दिने सेवाका आधारमा यसको वर्गीकरण गरिएको हुन्छ । विद्यालयमा हुने पुस्तकालयलाई विद्यालय पुस्तकालय भनिन्छ भने समुदायमा रहेकालाई सामुदायिक पुस्तकालय भन्न सकिन्छ । कतिपय सन्दर्भमा व्यक्तिगत रूपमा स्थापना एवम् सञ्चालन गरेका पुस्तकालयहरू पनि हुन्छन् । यस्ता पुस्तकालयमध्ये केही निजीरूपमा रहन सक्छन् तर प्रयोगका हिसाबले भने सबैले प्रयोग गर्न पाउन सक्छन् । नेपालमा केशर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय एवम् अन्य थुप्रै पुस्तकालय निजी प्रयासबाट स्थापना भएका हुन् तर अहिले यिनीहरू सार्वजनिक प्रकृतिमा गइसकेका छन् ।

क्षेत्री (२०७५) ले सार्वजनिक पुस्तकालयलाई जनताको पुस्तकालय भन्नु भएको छ। आम नागरिकको पहुँचमा हुने भएकोले यसलाई जनताको पुस्तकालय मानिएको हुनुपर्छ । जेहोस् पुस्तकालय जुनसुकै रूपमा स्थापना र सञ्चालन गरिएको भए तापनि प्रयोगका हिसाबले यसको स्वरूप सार्वजनिक नै हुने गर्दछ। किनकी ज्ञान सार्वजनिक वस्तुको रूपमा रहेको हुन्छ ।

**पुस्तकालयसँग सम्बन्धित समस्याहरू**

पुस्तकालयका क्षेत्रमा धेरै समस्याहरू छन् । यसको राम्रोसँग विकास हुन सकेको छैन । यो विषय प्राथमिकतामा छैन । मनकारी व्यक्तिहरूको प्रयासमा पुस्तकालयको दियो अहिलेसम्म बलिरहेको छ भन्दा फरक पर्दैन । सरकारको प्रयास आशा गरेअनुरूप नभएकोमा धेरै सहमत देखिन्छन् । विगतदेखि अहिलेसम्म समुदायस्तरमा पुस्तकालय खोल्ने कार्यमा सरकारको प्रत्यक्ष लगानी कमै देखिन्छ । पुस्तकालय अझ सामुदायिक पुस्तकालय बनाउनुपर्छ भन्ने विषय खासै भन्ने हो भने कसैको प्राथमिकतामा परको छैन । समुदायस्तरमा छिटपुट रूपमा व्यक्तिको वा समूहको योगदान रह्यो । तर भएका प्रयासहरू पनि छरिएका छन् ।

भुसाल (२०७५) ले पुस्तकालयको क्षेत्रमा रहेका समस्याहरूको सूची बनाउनु भएको छ जुन अहिले पनि उत्तिकै सान्दर्भिक छन् । यस्ता समस्याहरूमध्ये केही समस्याहरूमा गुरु योजनाको अभाव, वहस पैरवीको अपर्याप्तता, नमूना पुस्तकालयको अभाव, साझा ढाँचा (एकीकृत ढाँचा) को अभाव मुख्य रूपमा उल्लेख गरिएका छन् ।

यसैगरी नेपाल (२०७७) का अनुसार सामुदायिक पुस्तकालयहरूका समस्यामा भौतिक स्रोत साधनको कमी, कर्मचारी अपुग हुनु, आर्थिक स्रोत न्यून हुनु,

प्रभावकारी नीति नियमको तर्जुमा तथा कार्यान्वयन हुन नसक्नु, पुस्तक तथा सन्दर्भ सामग्रीको कमी, पुस्तकको उपयुक्त सुरक्षा हुन नसक्नु आदि जस्ता समस्याहरूलाई प्रमुख रूपमा उठाइएका छन ।

प्रविधिको विकास आफैमा चुनौती र अवसर दुवै बन्न पुगेको छ । यसले मानिसको सोंच र शैलीमा फरक ल्यायो । हाम्रो जस्तो सन्दर्भमा पुस्तकालय अहिले दोहोरो मारमा परेको छ । पहिलो भएका पुस्तकालयहरूमा आवश्यक पूर्वाधार पूरा गर्न सकिएको छैन अर्कोतिर यसलाई प्रविधिमैत्री पनि बनाउनुपरेको छ। दुवै कार्यलाई प्राथमिकतामा राख्न थप स्रोत साधनको आवश्यकता छ । भएका सार्वजनिक पुस्तकालयको सुदृढीकरण आवश्यक छ । शैक्षिक संस्था अर्थात् विश्वविद्यालयमा रहेका पुस्तकालयहरूको बिचमा समन्वय र सञ्जाल बनाउनु पर्ने अवस्था छ ।

स्रोत र साधनको अभावमा कतिपय पुस्तकालय त नाम मात्रका छन् । विद्यालयमा पुस्तकालयको अवस्था त अझ निरीह र कमजोर छ । दोस्रो, मिलिनियल्स पुस्ता पुस्तकमा भन्दा मेसीनमा चाख राख्ने बन्यो । हाम्रा पुस्तकालय प्रविधिमैत्री बन्न सकेका छैनन् । पुराना पुस्तालाई नयाँ पुस्तक नयाँ सेन्ट वा गन्धसहित पढ्न मज्जा मान्दछ भने नयाँ पुस्तालाई प्रविधिमैत्री चाहिएको छ यी दुवै कार्य कसरी पूरा हुन सक्लान् ?

सबैभन्दा पहिला त विद्यालय एवम् शैक्षिक संस्था र समुदायस्तरमा पुस्तकालय स्थापना र विकास गर्ने कार्यमा नीतिगत प्रष्टता छैन । यसका साथमा नेपालको पुस्तकालयका क्षेत्रमा माथि दिइएका र यस्तै थुप्रै समस्या तथा चुनौतीहरू देहाय बमोजिम रहेका छन् ।

(१) लगानीको दृष्टिकोणबाट प्राथमिकतामा नपर्नु ।
(२) स्थानीय समुदायस्तरमा पुस्तकालय स्थापना गर्नका लागि खासै माग नहुनु ।
(३) पुस्तकालयको महत्त्व बोध गराउन नसकिनु ।
(४) पुस्तकालयको क्षेत्रमा वहस पैरवी गर्ने समूह र व्यक्ति न्यून हुनु ।
(५) विद्यालय तहमा सन्दर्भ सामाग्रीहरूको प्रयोग गर्ने संस्कार कम हुनु ।
(६) चासो राख्नेहरूलाई पनि स्रोत साधन र समाग्रीको दृष्टिकोणबाट सहयोग गर्न नसकिनु ।
(७) पठन संस्कृति क्रमश ह्रासोन्मूख अबस्थातिर जानु ।
(८) निरन्तर शिक्षाका सम्बन्धमा नीतिगत व्यवस्था नहुनु यो कार्य नितान्त व्यक्तिको मात्र जिम्मामा छ भन्ने अवधारणा व्याप्त हुनु ।
(९) धेरै पक्षको अभाव भएको स्थानमा पुस्तकालय स्थापना गर्ने कार्य महत्त्वमा नपर्नु ।
(१०) पुस्तकालय, पठन संस्कृति, निरन्तर शिक्षालाई औपचारिक शिक्षा भन्दा बाहिर हो भन्ने वुझाइ रहनु ।

**विद्यालय पुस्तकालय विस्तार र विकासमा गर्नुपर्ने कार्यहरू**

द न्यूयोर्क टाइम्स इन्टरनेशनलले सन् २०२१ को जून २६-२७ अङ्कमा सुइ लि वेइ, एलसेइ चेन र गील्स सब्रोइको 'अन द रोड टु ग्लोरिफाइ द कम्यूनिस्ट पार्टी' शीर्षक लेखमा रिभोलुशनरी शिक्षा र चीनका राष्ट्रपतिको भनाइलाई सन्दर्भ लिएको छ । राष्ट्रपति सिजिन पिङले सत्तामा आउनु अघि नै रिभोलुशनरी शिक्षाका बारेमा वकालत गर्थे, जसले बच्चाको रगत र मुटुमा रेड जिनलाई इन्जेक्ट अर्थात् प्रवेश (पेनेट्रेट) गराउन सक्नुपर्छ, जसबाट उनीहरूको बाहिरी संसार हेर्न सहि र उपयुक्त दृष्टिकोण विकास हुन्छ । यसका पक्ष बिपक्षमा तर्क गर्न सकिएला । तर यसबाट के सन्देश लिन सकिन्छ भने बच्चामा दिइने शिक्षाको महत्त्व जीवनभर रहन्छ । बालबालिकाहरूलाई जीवनको शुरुवातमा जेजस्ता पुस्तक एवम् पाठ्यसामग्री अध्ययनका लागि उपलब्ध गराइन्छ, यसले उनीहरूको जीवनलाई सेपिङ र रिसेपिङ् गर्नसक्छ । यसका लागि उपयुक्त सामग्री चाहिन्छ । यी उपयुक्त सामग्री सबै बालबालिकाले आफै खरिद गर्न सक्दैनन् । तसर्थ सबैका लागि उपलब्ध गराउने माध्यम भनेकै विद्यालय वा सामुदायिक पुस्तकालय नै हो । सबैमा यस्तो सोंच आई कार्यान्वयनमा लैजाने कार्य अबको प्राथमिकतामा पर्नुपर्छ ।

ठाकुर (२०७५) ले प्रत्येक स्थानीय तहमा एक पुस्तकालय खोलेर जीवन पर्यन्त सिकाइमा सहयोग गर्नुपर्ने धारणा राख्नु हुन्छ। यसबाट साक्षरतामा सहयोग पुग्छ। विद्यार्थी र समुदाय एक आपसमा जोड्न सहयोग पुग्छ । दली (२०७५) ले बालबालिकामा पठन संस्कृतिको विकास गर्न बालपुस्तकालय चाहिन्छ भन्नुहुन्छ । यसबाट बालबालिकाको सिकाइका साथ धेरै पक्षमा सहयोग पुग्छ । उहाँका अनुसार त बालपुस्तकालय स्थापना र सञ्चालनमा मापदण्ड बनाई त्यसलाई कार्यान्वयनमा ल्याउनुपर्छ । यस्तै खाका अन्य पुस्तकालयका लागि पनि चाहिन्छ ।

विद्यालय र समुदायमा पुस्तकालय स्थापना र सञ्चालन गर्नका लागि देहायका सुझावहरू कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ ।

(१) सामुदायिक र विद्यालय पुस्तकालय सम्बन्धमा नीतिगत स्पष्टता चाहिन्छ । प्रत्येक विद्यालयमा पुस्तकालय हुनुपर्ने व्यवस्था क्रमशः कार्यान्वयन गर्नुपर्छ । यसैगरी सामुदायिक पुस्तकालयको सञ्चालन एवम् व्यवस्थापनका सम्बन्धमा विभिन्न तहका सरकारको भूमिका प्रष्ट बनाउनु पर्छ ।

(२) हालका सामुदायिक अध्ययन केन्द्रलाई पुस्तकालयको रूपमा समेत विकास गर्नुपर्छ ।

(३) मुलुकभर सञ्चालित पुस्तकालयहरूको लगत सङ्कलन गरी तिनीहरूको सुधार र स्तरवृद्धि सम्बन्धमा आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्छ ।

(४) विद्यालयको लागि न्यूनतम् आवश्यक पुस्तक एवम् दस्तावेजहरूको सूची बनाई त्यस्ता दस्तावेजहरू अनिवार्य रूपमा विद्यालयमा राख्नै पर्ने व्यवस्था गर्नुपर्छ । उदाहरणको लागि नेपालको संविधान, आवश्यक कानुन, पाठ्यक्रम, शिक्षक निर्देशिका सन्दर्भ सामाग्री आदि ।

(५) विद्यालय पुस्तकालयमा रहनुपर्ने सामग्रीहरूको सूची राष्ट्रिय रूपमा तय गर्नुपर्छ । विद्यालयले खरिद गर्दा उक्त सूचीभित्रका पुस्तकहरूमात्र खरिद गर्नुपर्ने व्यवस्था अवलम्बन गर्नुपर्छ । यस्तो सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्छ ।

(६) विद्यालयमा डिजिटल लाईब्रेरी सम्बन्धमा स्पष्ट कार्य योजना तयार गरी क्रमश कार्यान्वयनमा ल्याउनुपर्छ ।

(७) आधारभूत तह (प्राथमिक समेत) र माध्यमिक तहको पुस्तकालय सम्बन्धमा मापदण्ड तयार गरी कार्यन्वयनमा ल्याउनुपर्छ ।

(८) विद्यार्थीहरूमा पठन संस्कृतिको विकास गर्न विद्यालयमा समय समयमा पठनसम्बन्धी अभ्यास गराउनुपर्छ । बिदाको अवधि वा यस्तै कुनै समयभित्र निश्चित सङ्ख्याका सन्दर्भ सामाग्री पढ्ने व्यवस्था गर्न सकिन्छ ।

(९) विद्यार्थीहरूले पढेका विषयवस्तुहरूको सारसंक्षेप एवम् अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ ।

(१०) समुदायमा रहेका व्यक्तिहरूको योगदान सामुदायिक पुस्तकालयलाई प्राप्त गर्ने वातावरण सृजना गर्न सरकारले विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

(११) विद्यार्थीहरू एवम् शिक्षकहरूलाई पनि निश्चित समयमा निश्चित सङ्ख्याका पुस्तक अध्ययन गर्ने आदत निर्माण गर्न प्रोत्साहन गर्नुपर्छ ।

(१२) मुलुकमा पुस्तकालय, पठन एवम् अध्ययन संस्कृति विकासका साथमा आवश्यक सचेतना विकास गर्न हाल मनाइँदै आएको पुस्तकालय दिवस विद्यालय तथा समुदायस्तरसम्म लैजानुपर्छ ।

(१३) विद्यालयमा हरेक कक्षालाई हप्तामा एक पिरियड समय पुस्तकालयमा अध्ययन गर्ने पद्धति शुरु गर्नुपर्छ । अध्ययन गरेका विषयवस्तु डायरीमा टिपोट गरेर राख्न लगाउनुपर्छ ।

(१४) विद्यालयले समय समयमा लेखक, सर्जक, कलाकार आदिसँग अन्तरक्रिया गर्ने वातावरण तयार गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

**साराँश**

नेपालमा जुनसुकै पुस्तामा पनि अहिले पठन संस्कृति छैन वा घटेको छ। पठन संस्कृति विकास गर्नका लागि विद्यालय तहदेखि नै बानी बसाल्नु पर्छ । शब्दकोश पनि पढ्नु पर्छ र भन्ने सोंच छ हामीकँहा । जवसम्म शब्दकोश अध्ययन गरिदैन, शब्द र त्यसको अर्थ कहाँबाट जान्नु । शब्दकोश नजानेको शब्द हेर्नलाई मात्र हो भन्ने मान्यता छ । पठन संस्कृतिमा जोड दिन पुस्तकालय चाहिन्छ। पुस्तकको सङ्ग्रह गर्नुपर्छ। पढेका पुस्तकहरूको समीक्षा र अनुभव आदान प्रदान गर्न लगाउनु पर्छ।

विद्यालयमा गेसपेपर वा गाइड पढ्ने व्यवस्था वा अभ्यासलाई पूर्णतः निर्मूल गर्नुपर्छ । विद्यार्थीलाई यस्ता विषय अध्ययन गराउनु हुँदैन भन्दा पनि यस्ता विषयको प्रकाशनमा नै रोक लगाउनु पर्छ । यस्ता सामग्रीको अध्ययनले साना कक्षामा छनौट मात्र गरेर पढ्ने बानी बस्छ। पाठ्यक्रमले अपेक्षा गरेको उपलब्धि भन्दा धेरै कम मात्र हासिल हुनसक्छ। यस्तो अध्ययन गर्ने विद्यार्थीले परीक्षामा बढी अंक ल्याउला तर सिकाइ उपलब्धिको मात्रा न्यून अर्थात कम हुन्छ । तसर्थ तल्ला कक्षाहरूमा कथा, कविता, निबन्ध, जीवनीजस्ता विषयका पुस्तक अध्ययन गर्ने अवसर प्रदान गर्नुपर्छ। विद्यालय तहमा पठन संस्कृतिको विकास गर्न सकेमा पछिल्ला दिनमा सो बानीले निरन्तरता पाउन सजिलो हुन्छ।

पुस्तकालय मानव जीवनको अभिन्न अङ्ग हो । समयसँगै पुस्तकालयको रूपमा फरक देखिदै आएको छ । मानवले ज्ञानको विस्तार र परिमार्जनका लागि अध्ययन गर्ने अवलोकन गर्ने नयाँ नयाँ अनुभव हासिल हुदैं जाने हो । यसरी मानव समाज र पुस्तकालय सँगसँगै अगाडि हिड्न सक्छ।

**सन्दर्भ सामाग्री**

ठाकुर, एस बि (२०७५) । Essentials of one model Library for one local level for lifelong learning. (Key note speech). सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

डल्लाकोटी, मीन कुमारी (२०७७) । “अनुसन्धानात्मक कार्यमा पुस्तकालयकर्मीको भूमिका,” तेह्रौं पुस्तकालय दिवस मूल आयोजक समिति (२०७७) । पुस्तकालय दिवस, शोभेनियर २०२०, स्मारिका, तेह्रौं पुस्तकालय दिवस २०७७। काठमाडौं।

दलि, इन्दिरा (२०७५) । “पठन संस्कृतिको विकासमा बाल पुस्तकालयको भूमिका” शीर्षक रहेको लेख, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

भुसाल, रमेश कुमार (२०७५) । “नेपालमा सार्वजनिक पुस्तकालयः एक विवेचना” शीर्षक रहेको लेख, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौं: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

भुसाल, रमेश कुमार (२०७७)। “नेपालमा पुस्तकालयको विकास र नेपाल राष्ट्रिय पुस्तकालय”, तेह्रौ पुस्तकालय दिवस मूल आयोजक समिति (२०७७) । पुस्तकालय दिवस, शोभेनियर २०२०, स्मारिका, तेह्रौं पुस्तकालय दिवस २०७७। काठमाडौं।

नेपाल, विमल (२०७७) । “सामुदायिक क्याम्पसका पुस्तकालयको व्यवस्थापनमा देखिएका समस्याहरू”, तेह्रौ पुस्तकालय दिवस मूल आयोजक समिति (२०७७) । पुस्तकालय दिवस, शोभेनियर २०२०, स्मारिका, तेह्रौं पुस्तकालय दिवस २०७७। काठमाडौं।

नारायण गिरीले (२०७६) मा अनुवाद गरेको एच. जी. वेल्सको विश्वको इतिहास (A Short History of the world by H.G. Wales)।

प्रगति पुस्तक सदन बागबजार काठमाडौंबाट २०७६ ।

क्षेत्री, सूर्यबहादुर (२०७५) । “सङ्घीयतामा सार्वजनिक पुस्तकालय” शीर्षक रहेको लेख, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

निरौला, यादवचन्द्र (२०७५) । “पुस्तकालयको विकासका सम्बन्धमा नेपाल सरकारका ऐन, नियम, नीति, निर्देशिका तथा भावी योजना” शीर्षक रहेको लेख, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

निरौला, यादवचन्द्र (२०७७) । “पुस्तकालय दिवसका अवसरमा सम्मानित व्यक्ति तथा सस्थाहरूः एक सिंहावलोकन” तेह्रौं पुस्तकालय दिवस मूल आयोजक समिति (२०७७) । पुस्तकालय दिवस, शोभेनियर २०२०, स्मारिका, तेह्रौं पुस्तकालय दिवस २०७७ । काठमाडौं ।

धिताल (पण्डित), निमा (२०७७) । “समाज रूपान्तरणका लागि पुस्तकालय” तेह्रौ पुस्तकालय दिवस मूल आयोजक समिति (२०७७) । पुस्तकालय दिवस, शोभेनियर २०२०, स्मारिका, तेह्रौं पुस्तकालय दिवस २०७७ । काठमाडौं ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५) । सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

कार्की, टिकाराज (२०७५) । “ई-पुस्तकालयको विकासमा साझा ई-पाटी नेपालको योगदान” शीर्षक रहेको लेख, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन २०७४, सम्मेलन पत्र । काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

Gunby, M. (2003). The evolution of library collections http://publiclibrariesonline. org /2013/10/the-evolution-of-library-collections/.

Harari, Y. N. (2018). Sapiens: A Brief History of Humankind. https://www.amazon. com/sapeiens

https://www.britannica.com/topic/library/The-history-of-librarie

Pokharel, M. B. (2077). Pustakalaya Paricharcha, Sandarbha Pustakalaya Diwas. In https://nagariknews. nagariknetwork com/opinion/321491 -1598848977.html

Shrestha, L. (2077). Kin Chahichha Pustakalaya. In http://annapurnapost. com/news/108181

Sui-Lee Wei, Elsie Chen and Gilles Sabrie (2021). On the Road to Glorify the Communist Party. The New York Times International, 26-27 June 2021.

# कर्णालीमा 'कारागारलाई किताब अभियान'



✍ महेशविक्रम शाह

मेरो तीसवर्षे व्यावसायिक जीवनमा आफूले गरेका रचनात्मक कार्यहरूमध्ये सबैभन्दा स्मरणीय र सन्तुष्टी दिएको कार्य "कारागारलाई किताब अभियान" हो भन्ने म ठान्दछु। यो अभियानबाट कर्णालीका दशैवटा जिल्ला कारागारहरूमा पुस्तकालय स्थापना गर्न हामी सफल भएका थियौं । यो एक मौलिक र पृथक कार्य थियो । कानुनले समाजको अमनचयन र शान्ति सुरक्षालाई खलल पार्ने हानिकारक तत्वका रूपमा परिभाषित गरी समाजभन्दा अलग कारागारको पर्खालभित्र थुनेर राखेका बन्दीहरूका लागि पुस्तकालय स्थापना गर्ने सोच राख्नु कतिपयका लागि असामाजिक कार्य लागेको थियो। कति जनाले त मुखै फोडेर भने पनि। जेलमा राखेका अपराधीहरूलाई बरू आफूले गरेको अपराधको सम्झना दिलाउने गरी यातना दिनु पर्नेमा तिनीहरूलाई आरामसंग बसेर पुस्तक पढ्ने व्यवस्था गर्नु कतिपयका लागि हैरान हुने कार्य प्रतीत भएको थियो ।

म यस कार्यबाट सन्तुष्ट यस कारण छु कि यो अभियान प्रहरी संगठनको आदेश, निर्देशन तथा कार्यक्रम नभएर मेरो दिमागमा प्रस्फुरण भएको मौलिक सोच थियो जसलाई मैले सबैको सद्भाव, प्रेरणा, सहयोग र साथले मूर्तरूप दिन सकें । यो कार्यमा मेरो आफ्नो प्रहरी संगठनले मलाई टेवा दियो। सायद म कर्णाली प्रदेशको प्रहरी प्रमुख नभएको भए यो अभियान सफल हुन गाह्रो हुन्थ्यो । पछिगएर यस अभियानलाई प्रहरी संगठनले नागरिक प्रहरी साझेदारी कार्यक्रमका रूपमा पनि स्वीकार गर्‍यो ।

मैले प्रहरी सेवामा रहँदा जति पनि कारागारहरूको भ्रमण गरें, जति पनि कारागारका बन्दी कैदी र थुनुवाहरूलाई भेटें । मैले प्रायः बन्दीका अनुहारमा राज्यसंग प्रतिवाद गर्न नसकेको मौन पीडा देखें । तिनका शुष्क आँखाहरूमा अव्यक्त हुन नसकेको बिद्रोह देखें। आधाभन्दा बढी बन्दीहरू जाहेरवालाको किटानीकै आधारमा प्रतिवादी बनाइएका, प्रहरीको दोषपूर्ण अनुसन्धान र अभियोजनकर्ताको असंवेदनशीलता र अदालतले जे गरोस् भनेर आफ्नो गहन जिम्मेबारीबाट पन्छिने र मुद्धाप्रति गम्भिर नहुने प्रवृत्तिका कारणले वन्दी बन्न पुगेका पीडितहरू देखें । म जति पनि कारागारहरूमा गएँ, बन्दीहरूलाई तिनको असुविधाका बारेमा सोधें । तिनका मुद्धाहरूका बारेमा सोधें । तिनीहरूले कसरी र किन यो अपराध गरे वा कसरी अपराधमा फसाईए भन्ने सम्बन्धमा सोधें । तर मेरो दिमागमा कहिल्यै यो सोच आएन कि तिनीहरूको तनाव कम गर्न, तिनीहरूलाई मनोरञ्जन दिन, ज्ञान दिन, आफू, आफू बाँचेको समाज, राज्यको कानुन र न्यायिक संस्थाहरूप्रतिको तिनीहरूको आक्रोश र नकारात्मक सोचलाई बदल्न, पटके अपराधी बन्नबाट रोक्न र एक असल नागरिकका रूपमा जीवन यापन गर्ने सोचको विकास गर्न तिनीहरूलाई आवश्यक पर्ने सबैभन्दा महत्त्वपूर्ण तत्व किताब हो। म आफै लेखक र पुस्तक प्रेमी हुँ तर कारागारभित्रका यी मनुवाहरू पनि पुस्तक प्रेमी हुन सक्छन् र यिनीहरूलाई पनि पुस्तक आवश्यक छ भन्ने बोध जुम्लाको कारागार भ्रमण गर्नुभन्दा पहिला मलाई कहिल्यै भएन । यस अर्थमा कर्णाली प्रदेशको जुम्ला कारागारमा भएको मेरो भ्रमण "कारागारलाई किताब अभियान" शुरु गर्ने एक महत्त्वपूर्ण मोड बन्न पुग्यो ।

**कारागारलाई किताब अभियान सोचको पृष्ठभूमिः**

कर्णाली प्रदेश प्रहरी प्रमुखको रूपमा कार्यरत रहेको बेला म जिल्ला भ्रमणको सिलसिलामा जुम्ला, खलङ्गामा पुगेको थिएँ। त्यहाँ रहेको जिल्ला कारागार निरीक्षण गर्ने क्रममा त्यहाँका कैदी र थुनुवा बन्दीहरूसंग अन्तर्क्रिया कार्यक्रम थियो। अन्तर्क्रिया कार्यक्रम चलिरहेको थियो। म बन्दीहरूसंग कारागारले प्रदान गरेको सेवा र सुविधाका बारेमा तपाईहरूको के गुनासो छ भनी सोधिरहेको थिएँ । बोल्न रुची राख्ने र प्रहरीको हाकिमको धक नमान्ने बन्दीहरू आ-आफ्ना गुनासाहरू पोखिरहेका थिए। त्यहीबीचमा एकजना कैदीले आफ्नो हात उठाए। मैले आफ्नो भनाई राख्न अनुरोध गरें। उनले मतिर आशापूर्ण नजरले हेर्दै भने- "यहाँ राम्रा किताबहरू छैनन्। भएका दश बाह्रवटा किताब पनि मैले दश बाह्रचोटि नै पढी सकें। हामीलाई किताब चाहियो सर !"

उनको यो माग नयाँ थियो। अप्रत्याशित थियो। मलाई छक्क पार्ने खालको थियो। एकछिन त मैले केही जवाफ दिन सकिन। उनको अनुहारमा हेरी रहेंमात्र। म आफै पुस्तक प्रेमी तथा लेखक भएकोले बन्दीले पुस्तक पढ्न पाउँ भनी माग राख्नु मेरालागि खुसीको विषय थियो। मैले किताबको माग गर्ने कैदीलाई हेर्दै भनें- "तपाईले राम्रो कुरा उठाउनु भयो। यस सम्बन्धमा मैले कहिले सोचेको थिईन । म तपाईहरूका लागि राम्रा राम्रा किताबको व्यवस्था गर्ने छु। मेरो प्रतिवद्धता भयो।" मेरो जवाफ सुनेर सबैले ताली बजाए। कैदीले "मलाई किताब चाहियो" भनेपछि मेरो दिमागमा विष्फोट भएको थियो। सृजनशील विष्फोट ! मैले यसभन्दा पहिले यस सम्बन्धमा किन सोचिन भनेर मलाई आफैप्रति दिक्दार लागिरहेको थियो । जुम्ला कारागारका कैदीहरूसंगको अन्तर्क्रिया कार्यक्रमले मलाई नयाँ ज्ञान र उर्जा दिएको थियो। यस कारागारमा कसरी पुस्तकालयको स्थापना गर्ने भनेर म सोच्न थालिसकेको थिएँ । अचम्मको कुरा के थियो भने यति लामो सेवा अवधिमा म प्रहरी वृत्त, जिल्ला, संघीय प्रहरी इकाई र क्षेत्रको प्रमुख भएर काम गरें। यस अवधिमा केन्द्रीय कारागारदेखि जिल्लाका कारागारहरूको भ्रमण गरें। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा प्रशिक्षकका रूपमा कार्यरत रहँदा कतिपटक प्रशिक्षार्थी प्रहरी अधिकृतहरूलाई लगेर केन्द्रीय कारागार, नक्खु कारागारमा गएँ । त्यहाँका वन्दीहरूसंग अन्तर्क्रिया गरें। तर कहिल्यै मेरो दिमागमा कारागारका बन्दीहरूलाई किताब दिनुपर्छ भन्ने विचार आएन । २०५७-०५८ सालतिर सशस्त्र द्वन्द्वकाबेला म रोल्पा जिल्ला प्रहरी प्रमुख थिएँ । त्यसबेला मैले रोल्पा जिल्ला कारागारमा धेरै सुधारहरू गरेको थिएँ । रोल्पाबाट मैले "छापामारको छोरो" कथासङ्गहको "थिम" लिएर आएँ । तर कारागारमा रहेको छापामारलाई बदल्न किताब दिने सोच कहिल्यै फुरेन । उनीहरूका लागि किताब महत्त्वपूर्ण हुनसक्छ भन्ने भावना कहिल्यै आएन। बन्दीहरूले पनि कहिल्यै किताबको माग गरेको सुनिएन, देखिएन । तर जुम्ला कारागारको एक कैदीले "हामीलाई किताब चाहियो" भनेर स्वयम् मैले सोच्न नसकेको कुरालाई उद्घाटित गरेर मेरो दिमागमा हलचल मच्चाई दिएका थिए । करिब उनन्तीस वर्ष सेवा अवधि पूरा भईसकेपछि बल्ल म कारागारका बन्दीहरूका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा के रहेछ त भनेर बुझ्दै थिएँ। मैले मनमनै प्रण गरेंको थिएँ कि यस जुम्ला कारागारमा म जसरी पनि पुस्तकालयको व्यवस्था गर्ने छु।

**कारागारलाई किताब अभियानको सूत्रपातः**

जिल्ला भ्रमणबाट सुर्खेतमा फर्किसकेपछि मैले यस सम्बन्धमा धेरै सोचे र सम्बन्धित व्यक्तिहरूसंग विचार विमर्श पनि गरें । पछि मलाई बोध भयो- कारागार त दशै जिल्लामा छन्। एउटा जिल्ला जुम्लामा मात्र पुस्तकालय किन ? सबै जिल्लाहरूमा पुस्तकालय किन नबनाउने ? यो सोचले काम गर्यो । मैले आफ्नो यो सोच र सोचका पछाडिको जुम्ला घटनाका बारेमा लगत्तै सुर्खेतमा आयोजित इनसेकको एक कार्यक्रममा बोलें । मेरो कुरा सुनिरहेकी किर्डाककि प्रतिनिधि सुशिला श्रेष्ठलाई मेरो कुरा घत लागेछ। उनले अर्को दिन मलाई फोन गरेर मेरो सोचको प्रशंसा गर्दै यो काम तुरून्त शुरु गर्नु पर्छ, हामी सहयोगका लागि तयार छौं' भन्दै मलाई प्रेरित गरिन्। उनको कुराले

मलाई हौसला दियो । हामीले केही दिनमा नै बिभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी एउटा बैठक बोलायौं । बैठकमा सबैले मेरो “कारागारलाई किताव अभियान” परिकल्पनालाई समर्थन जनाए । त्यसपछि हामीले बिभिन्न क्षेत्र समेटिने गरी युवाहरूको सहभागितामा “कारागारलाई किताव अभियान समिति” गठन गर्यौं । सर्वसम्मतिले म यस अभियानको संयोजक र सुशिला श्रेष्ठ सह संयोजक चुनियौ । कारागारलाई किताब अभियानका संस्थापक कार्य समिति सदस्यहरूमा प्र.ना.उ. योगेन्द्र खड्का, प्र.नि. इन्द्रजित सुनार, प्रतिमा परियार, लक्ष्मी भण्डारी, दूर्गा थापा, निर्मला खत्री, कमल भूषाल, ओमप्रकाश थापा, यज्ञ खत्री, उमेश खनाल थिए । पछि ज्योति कटुवाल र सीता वली पनि थपिए । हामीले “कारागारलाई किताव अभियान” लाई सफल बनाउन निम्न आधारहरू तय गरेका थियौ । ती आधारहरू यसप्रकार थिए:

- पुस्तकालय कक्षको व्यवस्थापनका लागि कारागार प्रशासनलाई अनुरोध गर्ने ।
- पुस्तकालयलाई आवश्यक फर्निचरको व्यवस्थापनका लागि जिल्ला सदरमुकामको पालिकालाई अनुरोध गर्ने ।
- जिल्लास्थित अन्य पालिकाहरूलाई कितावका लागि बजेटको व्यवस्था गरी सो रकमबाट आफै पुस्तक खरिद गरी दिन अनुरोध गर्ने ।
- नेपालका प्रकाशन गृह, लेखक तथा अन्य पुस्तक व्यवसायसंग सम्बन्धित संस्थाहरूलाई पुस्तक प्रदान गर्न अनुरोध गर्ने ।
- प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालयलाई पुस्तकका लागि अनुरोध गर्ने ।

**कारागारभित्र पुस्तकालय कक्ष निर्माण:**

यी आधारहरू तय भइसकेपछि हामीले आफ्नो अभियानलाई अगाडि बढायौं । सर्वप्रथम हामीले सुर्खेत कारागारभित्र नमूना पुस्तकालय बनाउने उद्देश्यअनुरूप पहल गर्यौं । हामीले आशा गरेअनुसार सुर्खेत कारागार प्रशासनले पुस्तकालयका लागि कारागारभित्रको एउटा जिर्ण कोठालाई भत्काएर नयाँ कक्षको निर्माण गरिदियो । सुर्खेत नगरपालिकाले पुस्तकालयलाई चाहिने नयाँ फर्निचरको व्यवस्था गरिदियो । त्यसपछि हामी पुस्तक जुटाउनतिर लाग्यौ ।

सुर्खेत कारागारको पुस्तकालयको व्यवस्थापन कार्य शुरु भएपछि हामी जिल्लातिर लाग्यौ । हामीले कर्णालीका दशै जिल्लाहरूमा “कारागारलाई किताब अभियान” जिल्ला कार्य समिति गठन गर्यौं । विशेषगरी जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी र नगरपालिका तथा गाउँपालिकाबीचको समन्वयमा जिल्ला कार्य समितिले कार्य आरम्भ गर्यो । प्रत्येक जिल्ला कारागारहरूमा समेत पुस्तकालय कक्ष निर्माण हुन थाल्यो । केही जिल्लाका कारागारहरू जिर्ण भई नयाँ कारागारको निर्माण कार्य सम्पन्न हुने अवस्थामा थिए । सुर्खेत कारागारको पनि नयाँ भवन निर्माण भइसकेको अवस्थामा थियो । नयाँ निर्माण भएका कारागारमा पनि पुस्तकालयको लागि कक्ष थिएनन् । कारागारको भवनको नक्सा बनाउँदा नै कारागारमा पुस्तकालय हुनुपर्ने सोच राखी नक्सा बनाउनु पर्ने आवश्यकताको बोध गरियो । डोल्पा जिल्लाको कारागार अत्यन्त जिर्ण भई भत्किन थालेको अवस्थामा रहेकोले त्यहाँ भत्केकै घरको टहरोको छतमुनि पुस्तकालयका लागि किताब राख्ने दराजको जोहो गर्नु पर्यो । मुगु र हुम्लामा पुरानो कारागार भवन भत्किसकेको र नयाँ कारागारको निर्माण भइसकेको तर प्रयोगमा आईनसकेकोले मुगुमा जिल्ला प्रहरी कार्यालय र हुम्लामा जिल्ला प्रशासन कार्यालयमा पुस्तक राख्ने काठका दराजहरू बनाएर भए पनि पुस्तकालयको रूप दिने प्रयास गर्यौं ।

**किताबको जोहो:**

कारागारलाई किताब सङ्कलनका लागि मैले नामचलेका सम्पूर्ण लेखकहरूसंग अनुरोध गरें । उहाँहरू सबैले कारागारलाई किताब अभियानको पशंसा गर्दै यो अभियानलाई साथ दिन आफ्ना पुस्तकहरू प्रदान गर्न सहमत हुनु भयो । यस अभियानमा हामीलाई नेपालको सबैभन्दा उत्कृष्ट प्रकाशन गृहका रूपमा ख्याति कमाएको फाइन प्रिन्टले आफूले प्रकाशित गरेका रू. तीन लाख बराबरका पुस्तकहरू प्रदान गर्यो भने नाम

चलेका अन्य प्रकाशन गृहहरू बुकहिल, सांग्रिला, अक्षर क्रियेसन, किताव प्रकाशन, पाँचपोखरीले पनि आफ्नो प्रकाशनका पुस्तकहरू प्रदान गरेर हाम्रो अभियानलाई महत्त्वपूर्ण टेवा दिए । सुर्खेत कारागारका लागि सुर्खेत जिल्लाका केही नगरपालिकाहरूले पुस्तक खरिद गरेर दिए भने सामाजिक विकास मन्त्रालयले रू. पाँच लाख राशी बराबरका पुस्तकहरू प्रदान गर्यो । चर्चित गायिका अन्जु पन्तले रू.तीस हजार बराबरका कानुनका दश-दश सेट किताब किनेर दिईन् । जिल्लास्थित कारागारलाई किताब अभियान कार्यसमितिहरूले पनि जिल्ला प्रहरी कार्यालयको पहलमा नगरपालिका तथा गाउँपालिकाहरूसंग समन्वय गरी किताबको जोहो गर्न सफल भए । यसप्रकार हामीले चार महिनाको छोटो अवधिमा नै रू. तीस लाख बराबरका करिब एघार हजार किताबहरू व्यवस्था गर्न सफल भयौं । कारागारको पुस्तकालयका लागि हामीले विविध विधाका पुस्तकहरूको चयन गरेका थियौ । साहित्य, धर्म, संस्कृति, कानुन, सीप मूलक किताबहरू, कृषि, अन्य व्यवसायसंग सम्बन्धित पुस्तकहरू, व्यक्तित्व विकास, मनोवल तथा प्रेरणा जगाउने पुस्तकहरूको व्यवस्था गरेका थियौं । पुस्तक खरिद गर्नुभन्दा पहिले हामीले कारागारका बन्दीहरूलाई समेत तिनीहरूका रूचीका क्षेत्रका सम्बन्धमा समेत जानकारी लिएका थियौं ।

कर्णालीका दशवटै जिल्ला कारागारहरूमा पुस्तकालयका लागि कक्ष निर्माण भइसकेपछि हामीले सुर्खेतबाट दशै जिल्ला कारागारहरूमा पुस्तक पठायौं । कारागारका बन्दीहरूको सङ्ख्याका आधारमा हामीले पुस्तकको सङ्ख्या एकिन गरेका थियौ । सबैभन्दा बढी बन्दीहरू रहने सुर्खेत कारागारमा हामीले करिब साढे तीन हजार पुस्तकहरू प्रदान गरेका थियौ । सबैभन्दा कम हुम्ला जिल्लामा करिब एक हजार पुस्तक पठाएका थियौ । त्यहाँको पुरानो कारागार भत्किसकेको र नयाँ कारागारको निर्माण कार्य समाप्त भएतापनि हस्तान्तरण नभएकोले कैदी तथा थुनुवाहरूलाई अर्को जिल्लामा पठाइदो रहेछ । त्यसबेला हुम्ला जिल्लामा छ जना बन्दीमात्र थिए । ती बन्दीहरू जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा रहेका थिए । पछि कारागारमा स्थान्तरण हुने गरी हामीले पुस्तकहरू जिल्ला प्रशासन कार्यालयको एउटा कक्षमा राख्ने प्रवन्ध मिलायौं ।

**कारागारमा पुस्तकालयको स्थापनाः**




कारागारमा पुस्तकालय निर्माण भइसकेपछि हामीहरू पुस्तकालयको निरीक्षण गर्न र बन्दीहरूसंग अन्तर्क्रिया गर्न जिल्लाहरूमा गयौं । जिल्लाहरूको अवस्था उत्साहबर्धक थियो । कारागारको पुस्तकालयमा नयाँ र चिल्ला राम्रा किताबहरूको चाङ् देखेर मेरो मन पुलकित भयो । सबैभन्दा उत्कृष्ट पुस्तकालय सुर्खेत, दैलेख, सल्यान, पश्चिम रुकुम र जुम्लाका थिए । जाजरकोट र कालिकोटका पुस्तकालय देखेर सन्तोष लाग्यो । तर मुगु, हुम्ला र डोल्पाको अवस्था दयनिय थियो । कक्ष नभएकोले पुस्तकहरू ठाउँ मिलाएर दराजमा राखिएको थियो । दराजलाई नै पुस्तकालयको रूप दिईएको थियो । कारागारमा पुस्तकालय स्थापना भएकोले बन्दीहरू पनि उत्साहित देखिन्थे तर उनीहरूमा एक प्रकारको भ्रमले जरा गाडेको थियो कि हामीले पुस्तक पढेर के हुन्छ ? यसै सन्दर्भमा दैलेख जिल्ला कारागारका बन्दीहरूसंग "पुस्तक किन पढ्ने ?" शीर्षकमाथि मैले आफ्ना भनाईहरू राख्दै पुस्तक अध्ययनका सम्बन्धमा उनीहरूमा रहेको भ्रम हटाउने प्रयास गरें । यसैबीचमा एउटी प्रौढ उमेरकी आमाले मलाई भनिन् "मलाई किताब पढ्ने रहर छ सर तर मलाई पढ्न आउँदैन । मेरालागि पुस्तक पढ्ने के व्यवस्था होला?" उनको प्रश्नले एकछिन म हतप्रभ भएँ । किनकि हामीले यस सम्बन्धमा केही पनि सोचेका थिएनौं । कैदी आमाको

पढ्ने रहरले हामीलाई उत्साहित बनायो । हामीले बन्दी मध्येबाट नै पढेलेखेका दुई जना कैदीलाई दिनको एक समय पालैपालो बन्दी आमालाई किताब पढेर सुनाई दिने व्यवस्था गर्यौं । सुर्खेत कारागारको माहौल नै भिन्न थियो । कारागारभित्र पुस्तकालय स्थापना भएपछि बन्दीहरू दशैं आऐ झैं गरी रमाएका थिए । आफू दोषी नभए पनि नियतिले गर्दा दोषी ठहर भई बन्दी जीवन बिताई रहेका प्राज्ञिक व्यक्तित्व धर्मराज विश्वकर्मा सबैभन्दा खुसी देखिन्थे । सुर्खेत कारागारको पुस्तकालयको सम्पूर्ण जिम्मा उनैले लिएका थिए । उनको प्रेरणाले धेरै बन्दीहरूले जीवनमा पहिलोपटक किताब पढेका थिए ।

**बुक क्लवको गठन र साहित्यक कार्यक्रमको थालनी:**

कारागारमा पुस्तकालय स्थापना गर्नुको उद्देश्य त्यसबेला मात्र सार्थक हुन्थ्यो जब बन्दीहरूलाई पुस्तक प्यारो लाग्न थाल्थ्यो । यही उद्देश्यलाई साकार तुल्याउन कारागारका पढेलेखेका शिक्षीत बन्दीहरूलाई छनौट गरेर बुक क्लव गठन गर्यौं । बुक क्लवको जिम्मेबारी कारागारका बन्दीहरूलाई पुस्तक पढ्ने अभिरुची जगाउँन कारागारमा साहित्यिक कार्यक्रमहरू शुरु गर्ने, पुस्तक अध्ययन र साहित्य सृजनामा प्रतिष्पर्धा गराएर पुरस्कृत गर्ने र चर्चित व्यक्तित्वहरूलाई कारागारमा आमन्त्रण गराएर विचार विमर्श गराउँने रहेको थियो जुन पुस्तकालय स्थापनासंगै शुरु भयो । सुर्खेत कारागारमा भएका कतिपय कार्यक्रमहरूमा म आफै सहभागी पनि भए । पुरस्कृत वन्दीहरूलाई मैले आफ्ना पुस्तकहरू उपहार दिएँ । हामीले शुरू गरेको रोचक कार्यक्रम थियो हरेक हप्ताको एकदिन वन्दीहरूले आफूले पढेको किताबका बारेमा आफ्ना विचारहरू राख्नु पर्ने । यस कार्यले पढ्नमा रूची नभएका बन्दीहरूलाई किताब पढ्नमा रूची जगायो । सुर्खेत कारागारमा बन्दी जीवन विताई रहेका जुम्ला घर भएका शेरबहादुर पालले तीन महिनाको छोटो अवधिमा नै पचासवटा किताब अध्ययन गरेर रिकर्ड नै बनाए । कम्तिमा दशवटा पुस्तक पढ्ने बन्दीहरू त धेरै नै थिए । प्रत्येक हप्ता आयोजना हुने साहित्यिक कार्यक्रमले बन्दीहरूलाई कविता, कथा, गीत, आफ्ना अनुभूति लेख्न कुतकुत्याई रहेको थियो । कविहरूको सङ्ख्या बढ्दै थियो । यी कार्यक्रमहरूको आयोजना हुँदा महिला र पुरुष बन्दीहरूलाई एकै स्थानमा भेला गरी कार्यक्रम गरिन्थ्यो । पुरस्कृत हुनेमा महिला बन्दीहरूले पुरुष बन्दीलाई उछिनी रहेका थिए । कारागारभित्र प्राज्ञिक वातावरण बन्दै गईरहेको थियो ।

**पुस्तकालयहरूको उद्घाटन:**



२०७५ साल मंसीरदेखि शुरु भएको कारागारलाई किताब अभियान छ महिनाभित्र आफ्नो उद्देश्य प्राप्त गर्न सफल भएको थियो । कर्णाली प्रदेशका सम्पूर्ण कारागारहरूमा पुस्तकालयको स्थापना भइसकेपछि हामीले २०७५ चैत २३ गते पुस्तकालयहरू उद्घाटन गर्ने कार्यक्रम तय गर्यौं । सुर्खेत कारागारको पुस्तकालयको उद्घाटन कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीले गरे । कारागारभित्र मुख्यमन्त्रीले पुस्तकालय उद्घाटन गरेको सायद नेपालकै यो पहिलो घटना हो । जिल्ला कारागारका पुस्तकालयहरूको उद्घाटन सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र वरिष्ठ साहित्यकारहरूले गरे । उद्घाटन कार्यक्रम एकैदिन एकै समयमा प्रारम्भ भएको थियो ।

**कारागारभित्र चर्चित साहित्यकारहरूको जमघट:**

पुस्तकालय उद्घाटनको अवसर पारेर हामीहरूले देशका मूर्धन्य साहित्यकारहरूलाई आमन्त्रण गरेका थियौं । ती साहित्यकारहरूसंग कारागारका बन्दीहरूलाई साक्षात्कार गराउने उद्देश्य रहेको थियो । सुर्खेत कारागारमा वरिष्ठ साहित्यकारद्वय सनत रेग्मी र नयनराज पाण्डे तथा कवि

नवराज पराजुली, दैलेखमा निवन्धकार शेखर खरेल र आख्यानकार कुमार नगरकोटी, सल्यानमा आख्यानकार उमा सुवेदी, जाजरकोटमा उपन्यासकार अर्चना थापा र सुविन भट्टराई, रुकुम पश्चिममा आख्यानकार राजेन्द्र पराजुली र कुमारी लामा, कालिकोटमा उपन्यासकार युग पाठक, जुम्लामा उपन्यासकार शिवानीसिंह थारू र डोल्पामा आख्यानकार अमर न्यौपानेको उपस्थिति रहेको थियो । प्रायः सबै साहित्यकारहरूको जीवनमा यो पहिलो कारागार भ्रमण थियो । आफूले पढिरहेको लेखक आफ्नो अगाडि देख्न पाउँदा, सुन्न पाउँदा बन्दीहरू पनि प्रफुल्लित भए । साहित्यकारहरूलाई कारागारमा आमन्त्रण गरी पुस्तकमाथि संवाद गराउनुको मूल कारण नै बन्दीहरूलाई पुस्तकप्रति अभिरूची जगाउनु रहेको थियो । कारागारभित्र बन्दी र साहित्यकारबीचको संवाद कार्यक्रम पनि सायद पहिलोपटक भएको थियो ।

**किताबले जोडेको साइनो:**

मलाई सम्झना छ जब म पहिलोपटक प्रदेश प्रहरी प्रमुखका रूपमा सुर्खेत कारागारभित्र छिरेँ, बन्दीहरू मलाई हेरेर त्रसित हुँदै छेउ लागेका थिए । तीनका आँखामा मप्रति आक्रोश थियो, घृणा थियो । तीनका अनुहारले साउती गरिरहेका थिए “हामीलाई जेलमा हाल्नेहरूको नाइके यही हो ।” मलाई उकुसमुकुस भएको थियो । अन्तर्कियाका लागि जेलर र भाइ नाइकेले बन्दीहरूलाई बोलाए । सबै मलाई वरिपरि घेरेर बसे । तर तिनीहरूमा कुनै उत्साह थिएन । सायद पहिलापनि धेरै प्रहरी अधिकारीहरूले यस्तै अन्तर्किया गरिसकेका हुँदा हुन् ।

कारागारलाई किताब अभियान शुरू भइसकेपछि भने त्यहाँको परिदृष्य फरक देखिन थाल्यो । हामी कारागारभित्र छिर्दा बन्दीहरू हतार हतार कामधाम छोडेर मुस्कुराउँदै भित्री गेटमै हामीलाई स्वागत गर्न आईपुग्थे । हामी भित्र पुगेपछि कसैलाई आउ भनेर बोलाउनु पर्दैनथ्यो । आफै आउँथे । धक नमानेर कुरा गर्थे । तिनका अनुहारहरूमा मुस्कान देखेर म पुलकित हुन्थें । बन्दीका अनुहारमा यो मुस्कान ल्याउन हामीले ठूलो कुरा केही गरेका थिएनौं । तिनीहरूसंग मानवीय व्यबहार मात्र गरेका थियौ । हामीले गरेको व्यबहारप्रति तिनीहरू आश्वस्त हुनुपर्ने कारण यौटै थियो- पुस्तक ! पुस्तकका कुरा गर्ने, पुस्तक पढ भनेर प्रेरित गर्ने, पुस्तक किनेर ल्याइदिने ब्यक्ति झुटो हुँदैन भन्ने विश्वास पलाएको थियो तिनीहरूको हृदयमा । सुर्खेत कारागारमा तीन महिनामा पचास पुस्तक अध्ययन गर्ने जुम्लाका शेरबहादुर पाल कारागारबाट छुटी सकेपछि मलाई भेट्न रात्री बस चढेर काठमाडौं आएका थिए । सुर्खेतका अन्य कैदीहरू जो जेलबाट छुटेका थिए, छुटीसकेपछि तिनीहरू मलाई फोन गर्थे र भन्दथे “सर तपाईले हामीलाई किताब पढ्न सिकाएर हाम्रा आँखा खोली दिनु भयो ।” तिनका कुरा सुनेर म भावुक हुन्थें । अनायासै मेरा आँखाबाट आँसु छचल्किन्थ्यो । किताबले जोडी दिएको यो साइनो नाताले जोडिने साइनोभन्दा गाढा थियो ।

**बन्दीहरूको मुक्त संसार कहाँ छ ? त्यो किताबमा छ !**

मैले कारागारका बन्दीहरूलाई भन्ने गर्थे कि “तपाईहरूको संसार भनेको शीरमाथिको एक टुक्रा आकाश मात्र हो । तपाई आफूले खोजेको, आफूले रोजेको मुक्त संसारमा विचरण गर्न चाहनु हुन्छ भने किताबभित्र त्यो संसार पाउनु हुनेछ । हरेक किताबमा छुट्टै संसार छ । तर किताब नखोली त्यो संसारसंग परिचित हुन सकिदैन । किताबभित्रको त्यो संसारले तपाईलाई तपाईले गुमाएको संसारको क्षतिपूर्ति भर्न सक्छ ।”

कारागारलाई किताब अभियानबाट मैले पाएको सबैभन्दा महत्त्वपूर्ण अनुभव हो- किताबको माध्यमबाट हामी कारागारभित्रको नकारात्मक वातावरण र कारागारभित्रका बन्दीहरूको नकारात्मक मानसिकतालाई परिवर्तन गर्न सक्छौं । आफ्नो वास्तविक संसारबाट बिछोडिएर कारागारको पर्खालभित्र बन्द हुनपुगेका बन्दीहरूका लागि किताब एक त्यस्तो साथी हो जसले तिनीहरूलाई असल नागरिक बन्ने प्रेरणा दिनुका साथै कारागारभन्दा बाहिरको मुक्त संसारसंग जोडी दिन्छ ।

*(महेशविक्रम शाह अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक(डि.आई.जी.) तथा साहित्यकार हुनुहुन्छ । उहाँको ‘छापामारको छोरो’ कथासङ्ग्रहले वि.सं. २०६३ सालको मदन पुरस्कार प्राप्त गरेको थियो ।)*

# तुरिएको र अन्यायमा परेको निजामती सेवा



✍ डा. भोजराज शर्मा काफ्ले

## विषयवस्तुको सैद्धान्तिक उठान

शक्ति र स्रोतमा पहुँच भएकाले पीडाका स्वरलाई किनारामा पार्ने निरंकुश र अविवेकी राज्यको चरित्र हो । पहुँच नभएका र राज्यशक्तिको दुरूपयोग नगर्ने मनसाय राखेकाहरूको चोट दर्दनाक र कारूणिक हुन्छ । तर पनि सुनिँदैनन् । यस्ता आवाजलाई स्वार्थ समूहले आफ्नो अनुकूलतामा व्याख्या गर्छ र शासकीय शक्तिलाई आफ्नो पक्षमा अनकूलन गर्छन् । विभिन्न माध्यम अपनाई निहित स्वार्थ सिद्धि गर्न सफल हुन्छ । आवाज नसुनिएपछि पीडाका स्वरहरूले कि त विद्रोहको रूप लिन्छन् होइन भने उनका क्षमता कुण्ठित हुन्छन् । भएको क्षमता उपयोग गर्नबाट राज्य चुक्छ । यो सन्दर्भ सङ्घीयतामा कर्मचारी व्यवस्थापन प्रक्रियासँग सापेक्षित छ । शिक्षा सेवा लगायत केही सेवाका कर्मचारी पिडकमा पर्दछन् र निश्चित राज्यमा बर्चश्व भएको सेवा र समूह राज्य नजिकको आफ्नो स्वार्थमा अनुकूलन गर्न सफल समूहमा पर्दछ ।

## विषयवस्तुको विश्लेषण र गहिराइ

निजामती सेवा ऐनको दफा ५८ मा कुनै पनि निजामती कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलव, उपदान, निवृत्तिभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन, प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्थाबमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृत नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन भन्ने व्यवस्था रहेको छ । तर राज्यबाट नै निजामती सेवाका कर्मचारी समायोजनको क्रममा निजामती सेवा अन्तर्गतका १२ वटा सेवा समूहहरूमध्ये एउटा सेवा र समूहका कर्मचारीहरूलाई मात्र फाइदा हुने गरी नेपाल शिक्षा सेवा लगायतका सेवालाई विभेद गरियो । जवर्जस्त स्थानीय र प्रदेश सेवा गठन गरी पठाउने काम भयो । दरबन्दी घटाइयो ।* उनीहरूको बढुवा हुने अवसर कुण्ठित गरियो । पद स्थानीय र प्रदेशमा कुनै पनि राखिएन र सङ्घमा बढुवा भएर आउने दरबन्दी पनि घटाइयो । यसबाट प्रदेश र स्थानीय तहमा समायोजन गरिएका शिक्षा सेवाका कर्मचारीहरूको वृत्ति विकासको बाटो बन्द गरियो भने समायोजनको समयमा प्रदेश तथा स्थानीय तहमा समायोजन जानु नपर्ने गरी प्रशासन सेवामा दरबन्दी थप गरियो । जसले गर्दा निजामती सेवामा कार्यरत कर्मचारीहरू प्रशासनबाहेकहरूलाई समायोजनको नाउँमा दण्डित एवम् हतोत्साहित गर्ने र पूर्णरूपमा विभेदकारी अबस्था राज्यबाट नै सिर्जना भयो । शिक्षा सेवाका ज्येष्ठ उपसचिव र अधिकृत प्रशासन समूहको कनिष्ठको मातहतमा रहने गरी तथा उनीहरूको वृत्ति विकासको सम्पूर्ण मार्ग अवरुद्ध हुने गरी स्थानीय तहमा समायोजन गरियो । निजामती सेवा नियमावलीको दफा २६ मा सेवा समूह परिवर्तत

---

* जस्तै -शिक्षा सेवाको सङ्घीय सेवामा अधिकृत १३१, उपसचिव १०४ र सहसचिव १४ मात्र दरबन्दी कायम गरी दरबन्दी घटाइयो जबकी शिक्षा सेवाका उपसचिव २२९ भन्दा बढी स्थानीय तह र ५६ जना प्रदेस तहमा समायोजन गरियो । उनीहरूको बढुवा हुने पद स्थानीय र प्रदेशमा कुनै पनि राखिएन र सङ्घमा बढुवा भएर आउने दरबन्दी पनि घटाइयो । यसबाट प्रदेश र स्थानीय तहमा समायोजन गरिएका शिक्षा सेवाका कर्मचाारीहरूको बृत्ति विकासका बाटो बन्द भयो ।

सम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ । उक्त व्यवस्था अनुसार नेपाल सरकारलाई कुनै सेवा सञ्चालन गर्न दक्ष कर्मचारीको अभाव भएमा त्यस्तो कर्मचारी उक्त सेवा समूहबाट पूर्ति हुन सक्ने अवस्था नभएमा लोक सेवा आयोगको परामर्शमा सेवा समूह परिवर्तनका लागि सूचना प्रकाशन गरी उक्त सूचनाबमोजिम दरखास्त दिने कर्मचारीहरूको सेवा समूह परिवर्तन गर्न सकिने प्रावधान छ, यो प्रथम प्रक्रिया हो । उक्त दफाको प्रतिबन्धात्मक वाक्यांशले अर्को व्यवस्था गरेको पाइन्छ । सेवा समूह खारेज भयो भने कुनै दरबन्दी कटौती भएर कर्मचारी काम विहिन भए भन्ने अबस्थामा आवश्यकता र बाध्यात्मक अबस्था सेवा समूह परिवर्तन हुन सक्दछ । योबाहेक अन्य विधि र प्रक्रियाबाट सेवा समूह परिवर्तन गर्ने व्यवस्था कानुनमा छैन ।

त्यसैगरी निजामती सेवा ऐनको परिच्छेद ४ को दफा १८ मा र निजामती सेवा नियमावलीमा समेत निजामती कर्मचारीहरूलाई विभिन्न भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि निश्चित भूगोल र समयावधि कार्य जिम्मेवारी पूरा गरेको कर्मचारीलाई चक्रिय तथा अनुमानयोग्य ढङ्गले सरुवा गर्ने प्रावधान हुँदा हुँदै पनि समायोजनका नाममा स्थानीय तहमा समायोजन भएको शिक्षा सेवाका कर्मचारीहरूलाई सधैं भरी स्थानीय तहमा काम गरिरहने तथा प्रदेश तथा सङ्घमा सरुवा भई जान नपाउने कार्य अशोभनीय मात्र होइन कानुनी रूपमा पूर्णतः त्रुटिपूर्ण छ । सेवा प्रवेश गर्दाको कानुनी व्यवस्था बमोजिम कर्मचारीले कानुनद्वारा निर्धारण भएको योग्यता, क्षमता पूरा गरेको अबस्थामा निजामती सेवाको उपल्लो पदसम्म अर्थात् मुख्य सचिवसम्म पुग्न सक्ने अबस्था रहेको थियो । यस प्रकारको वृत्ति विकासको अवसर सुनिश्चित भएकोले वृत्ति विकासमा कुनै अवरोध सिर्जना नहुने अपेक्षाका साथ सेवामा प्रवेश गरिएको हुन्छ ।

के भयो ? नतिजा ! उही मुलुकमा उही लोक सेवा आयोगको प्रक्रिया पूरा गरेर र एउटै निजामती सेवा लगायतका कानुनी प्राबधान पुरा गरी नियुक्त भएका कर्मचारी कोही १८ वर्षमा वढुवा हुन्छ । राज्यमा पहुँच भएको अर्को फटाफट १० वर्ष नपुग्दै वढुवा खान्छ । कसैलाई काखा र कसैलाई पाखा पार्ने अबस्थाको सिर्जना हुनु गतिलो सङ्केत अवश्य होइन । राज्य बलियाले जवर्जस्त लुछेर लिने वस्तु भयो । सरकार सार्वजनिक ठाउँमा फालेको सिनो जस्तो भयो । जो बलियो छ उसले लुछेर लिन पर्ने । तागत हुने, सोर्स र फोर्स हुनेले आफ्नो अनुकूलमा निर्णय गराउनु राज्यको स्वभाविक नियति बन्यो । कनिष्ठलाई जेष्ठको मूल्याङ्कन गर्न लगाउने जस्ता मानवीय मूल्य र नैसर्गिक अधिकारको हनन् कार्य भए । अदालत समेत यस विषयमा परेको मुद्दाका बारेमा वर्षौ अदेखा बनिदियो । निरीह कर्मचारीले भोगिरहने अबस्था विद्यमान भयो । एउटा काम (सेवा) को लागि करार गर्ने र उसलाई जवरजस्त अर्को सेवामा धकेल्ने जस्ता प्राकृतिक न्यायको सिद्धान्त विपरितका कार्य भए । त्यसलाई सहनुको विकल्प भएन । बढुवा हुने अधिकार हनन् जस्ता प्राकृतिक र आधारभूत अधिकारको सोझै हनन् हुँदा पनि बोल्ने र सुनिदिने कोही भएन ।

यी व्यवहार र प्रवृत्तिले संवैधानिक प्रावधानअनुसार प्रवाह हुनु पर्ने शिक्षासम्बन्धी सेवा नराम्रोसँग प्रभावित भयो । शिक्षाको साख नै खत्तम भयो । शिक्षक सहयोग कार्यक्रम तुरियो । राज्यलाई जोड्ने कर्मचारी तन्त्र तहस नहस मात्र भएन शिक्षाको दीर्घकालीन मर्म नराम्रोसँग प्रभावित भयो ।

मूल कुरा के भने आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क लगायतका शिक्षालाई मौलिक हकको रूपमा अवलम्बन गर्न राज्यको दायित्व बढेको छ। राज्यबाट सरोकारवलामा प्रवाह गरिने शैक्षिक सेवा, सुविधा, जानकारी, सुरक्षा जस्ता पक्षमा सक्षम राज्य संयन्त्रको व्यापक उपस्थिति आवश्यक पर्छ। अन्तर्राष्ट्रिय अभ्यासहरूले पनि दरिलो, दिगो र पर्याप्त कर्मचारीसहितको सघन सेवा उपलब्ध गराउने गरेको जानकारी मिल्छ । संयन्त्रको उपयुक्त व्यवस्थासहित क्षमता विकासलाई उच्च महत्त्व दिने गरेको पाइन्छ ।

तर हामीले एउटा स्थानीय तहमा एक जनासम्म पनि शिक्षा सेवाको कर्मचारी पुर्याउन सकेनौं । दर्जनौं कर्मचारीले निरन्तर मिहेनत गरेरमात्र सेवालाई

प्रभावकारी बनाउन सकिने हुन्छ। संवैधानिक प्रत्याभूति अनुसारको शिक्षासम्बन्धी सेवाको चाप हेर्दा डरलाग्दो छ । छात्रवृत्ति, दिवा खाजा, तथ्याङ्क व्यवस्थापन, शिक्षक तलब, उपदान र पेन्सन, विद्यालयहरू बिच समन्वय, पाठ्यक्रम र पाठ्यसमाग्री, परीक्षा र मूल्याङ्कन, विद्यालय बाहिरका बालबालिकाका लागि शिक्षा, अनौपचारिक शिक्षा, क्षमता विकासका कार्यक्रम जस्ता हरेक विषयक्षेत्रमा क्षमतावान् जिम्मेवार व्यक्तिको खाँचो छ ।

अझ यो भन्दा संवेदनशील विषय त के भने संसारमा कहीँ कतै नभएको कुरा हामीले शिक्षक सहयोग पद्धति समाप्त पारियो । स्रोतव्यक्ति, विद्यालय निरीक्षक जस्ता पद नै हराए । तिनको विकल्पका बारेमा छलफल नै भएन । कस्तो पद्धति, समूह वा व्यक्तिको स्वार्थका कारणले शिक्षकको पठनपाठन कार्यमा सहयोग गर्ने भन्ने आधार नै समाप्त पारियो । परिवर्तित परिवेश अनुसार शिक्षक सहयोगी बनी बालबालिकालाई उत्प्रेरित गर्न हरेक विद्यालयमा पुस्तकालय हुनु पर्दथ्यो । त्यो विषय त परपर हुँदै गयो । एउटा राम्रो राष्ट्रिय पुस्तकालय बनाउने मनसायले बन्न लागेको भवनमा समेत व्यापारीका आँखा परे । यस विषयमा शिक्षा सेवा अन्तरगतका पुस्तकालय विज्ञान समूहका उपसचिव यादवचन्द्र निरौलाको आत्मानुभूति र आत्माअलापसहितको सार्वजनिक गरिएको लेखले समेत कसैलाई छोएन, पोलेन । डर र शर्म नै भएन । किनाराका आवाजको सुनुवाइ कुण्ठित भए । पिडा जस्ताको तस्तै छन् ।

के बुझिउन ? यो व्यक्ति र सेवा वा समूहको मात्र समस्या होइन र यसको जानकारी राजनीतिक वृत्तमा छैन भन्न सकिने आधार पनि भेटिदैन । कर्मचारीको व्यवस्थापन गर्ने जिम्मेवार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले "यहाँ कर्मचारीको एउटा समूहको दादागिरी भएको छ । यो युग प्रविधिको युग हो प्राविधिक कर्मचारी ७० प्रतिशत प्रशासनका ३० प्रतिशत हुन पर्छ, तर यहाँ त उल्टो भैरहेको छ ।" तर भनाइमा मात्र सीमित हुन्छ गराइ हुँदैन । एउटा अमुक समूहका कर्मचारीमात्र सङ्घीय सेवा हुनु हुँदैन "यो अन्याय भएको छ । यसको लागि राजनीतिक अभिभावकत्व चाहिन्छ" भन्दछन् तर कुन तत्वले कसरी काम गरेको छ बुझ्न सकिएको छैन ।

**उपायको व्यवहारिक खोजी**

**अनुभवी मित्रबाट सिकेको कुरोः** एक जना मेरा अनन्य मित्र धेरै समयदेखि मन्त्रालयको सेरोफेरोमा काम गरिरहेका थिए । वहाँको इच्छा नभए पनि राज्यको वाध्यकारी अबस्थाका कारण प्रदेश तहमा काम गर्न जान पर्यो । एक वर्ष प्रदेश तहमा काम गरेर फर्केपछि कार्य शैली, सोंच र व्यवहारमा अपत्यारिलो भिन्नता देखियो । प्राज्ञिक र नीतिगत दक्षता राम्रै भएका माथिल्लो तहसम्म राम्रै ओज भएका मित्रको तल्लो तहहरूलाई हेर्ने दृष्टिकोणमा पूरै परिवर्तन भएछ । पहिला सामान्यतया एक्पोजर छैन, जानकारी छैन, मर्म र भावना वुझ्दैनन् कार्यान्वयनको कुरा मात्र तलबाट अपेक्षा गर्ने हो । योजना र नीतिका विषय तल दिंदा खत्तम हुन्छ भन्ने ती साथीले एक वर्षको प्रदेशमा काम गरेको अनुभव प्राप्त गरिसकेपछि "हामीले यहाँ वसेर केही गरेका रहेनछौं । केही हुने भए तलबाट नै हुन्छ । हामीले त सामान्य खाका, मापदण्ड र स्वरूप दिए हुने रहेछ" भनी अन्तरबोधसहितको अभिव्यक्तिले मलाई राज्यको सङ्घीय स्वरूपको व्यवस्थापनको क्रममा सकस परिरहेको वेला नयाँ ज्ञान प्राप्त भएको अनुभव भयो ।

नयाँ संविधान प्राप्ति र सोबमोजिमको आम-निर्वाचन पछि गठन भएका सातसय एकसट्ठी सरकार मुलुकमा क्रियाशील छन् । ती सबै स्वतन्त्र राज्य जस्तो गरी राज्य व्यवस्थाको समग्र पक्ष उही सरकार हो भने जस्तो गरी व्यवहार भै रहेको छ । "नेपालभित्रका सबै सरकारको संयुक्तरूप नै नेपाल राज्य हो" भन्ने कुरा नै कतै भुलियो कि भन्ने भान हुन्छ । नयाँ अभ्यासको क्रममा भएर यो स्वभाविक विषय हुन सक्छ तर मलाई भने अस्वभाविक लागि रहेको छ । धेरै फूलहरू एउटा धागोमा उनेर माला बनेको हुन्छ । त्यो मालामा रातो, सेतो, गुलाबी विभिन्न प्रकारका फूल हुन्छन् । माला हुँदा पनि ती सबैको रङ्ग उडेको हुँदैन । अस्तित्व कायमै

हुन्छ । मात्र एउटा धागोको त्यान्द्रोले त्यसलाई जोडेको हुन्छ । अहिलेको सङ्घीयता व्यवस्थापनको क्रममा सातसय एकसठ्ठीवटा सङ्घीय एकाइहरूलाई जोड्ने उपयुक्त धागोको पहिचान र प्रयोग मूल आवश्यकता हो भन्ने लाग्छ ।

**आफ्नो जानकारी र अनुभव** : एक वर्ष भन्दा वढी सङ्घीय तहको शिक्षा योजना विकास प्रक्रियामा घनिभूत रूपमा संलग्न हुने अवसर मिल्यो । प्रदेश र स्थानीय तहका शैक्षिक सरोकारवलाहरूसँग दर्जनौं छलफल भए । दुई प्रकारका अतिवादी प्रतिक्रियाले घनचक्करमा पुऱ्यायो । एक थरि भन्छन् सबै कुरा यही सङ्घीयतमा छ । सबै अधिकार तल्लो तहमा दिन पर्छ । एक मात्र मुलुको उन्नतिको बाटो त्यही हो । मानौं त्यो त नेपालको सामाजिक, साँस्कृतिक, मानवीय र आर्थिक विकासको सञ्जिवनी बुटी नै हो । कसैले त्यसमा शंका गर्न नै हुँदैन । अर्को थरि भन्छन् सङ्घीयताले खत्तम पार्यो । खत्तम पारिरहेको छ । अझ खत्तम पार्छ । पहिलो थरिका मानिसमा अलि धेरै पढेका र सैद्धान्तिक ज्ञान राम्रै भएका र केही स्थानीय तहका काम गरिरहेका जन प्रतिनिधिहरू थिए । दोस्रो थरिका सङ्घीय राज्यव्यवस्थाको वरिपरि रहेका र भुईतहमा सकसमा परिरहेका ।

दुवै थरिको बुझाइमा वेइमानी थिएन । आफ्नो वुझाइ र भोगाइका प्रतिक्रिया थिए । पर्याप्त उदाहरणसाथ प्रस्तुत हुन्थे । कसैले सन्दर्भ सामग्रीका उदाहरण र अरु कसैले भोगेर देखेका उदाहरण । कोरोना महामारी कमजोर भएको छैन । त्यससँग लड्दै पठनपाठन गर्न पर्ने शिक्षकको सम्मान र व्यावसायिकता विकासका कुरामा खासै चासो छैन । स्वास्थ्यका कार्यक्षेत्रमा दिलोज्यान दिएर काम गरिरहेका कर्मचारीको सम्मान र सुरक्षा तथा मनोबल उच्च गराउन खासै ध्यान छैन । राज्य शक्तिमा हैकम भएका, प्रभाव पार्न सक्ने हामी नै सबै हुँ भन्ने स्रोत र शक्तिमा पहुँच भएकाले फेरि राज गर्ने प्रवृत्तिले अनावश्यक दरबन्दी वढाउने खेल भईरहेको आभास पनि छलफलका क्रममा भयो । यो तरिकाले त शिक्षा उभो होइन उधो लाग्ने पो भयो क्यारे भन्ने अनुभव भयो ।

**जानकारी र अनुभवबाट भएको अनुभूति प्रतिबिम्बन** : सङ्घीयता कार्यान्वयनको यो चरणसम्म आइपुग्दा स्थानीय र प्रदेश तहमा काम गरिसकेको कर्मचारी केन्द्रमा आएपछि प्रदेश र स्थानीय तहलाई बुझ्ने र हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आएको पाइएको छ । यसले अहिलेको सङ्घीय स्वरूपमा काम गर्ने सङ्घीय सरकारका कर्मचारीमा स्थानीय र प्रदेशतहको अनुभव अनिवार्य जस्तो देखिन्छ । मुलुकको समग्र परिवेशलाई बुझ्न र सोअनुसार नीति, नियम बनाउन र सेवा प्रवाहलाई व्यवस्थित गर्न यो जरुरी देखिन्छ । तर स्रोत र शक्तिमा पहुँच भएका निश्चित सेवाका कर्मचारीको प्रभावका कारणले हामीले उल्टोबाटो समातेका छौं ।

केन्द्रमा अनुभव गरिसकेपछि मात्र प्रदेश र स्थानीयमा पठाउने । त्यो पनि विना थिति र पद्धति । केन्द्रका मालिक शासित बनेर स्थानीय र प्रदेशमा जाने । अनि त्यहाँ द्वन्द्व सिर्जना गर्ने । विशेष गरी स्थानीय तहका जन प्रतिनिधिहरूसँग चरम टकरावको अबस्था छताछुल्ल । पहिला नियुक्ति वा वढुवा नै स्थानीय तहमा त्यहाँको कम्तीमा एक वर्षको अनुभवपछि प्रदेश र त्यसपछि मात्र केन्द्रमा काम गर्ने गरी नीतिगत व्यवस्था गर्न जरुरी देखियो । यो हाम्रो अनुभवको मौलिक मोडेल हुन सक्छ । सङ्घीयता जोड्ने । ७६१ वटालाई एउटै मालामा ल्याउने । राज्यका धेरै उपपद्धति मध्ये यो एउटा अब्बल नमुना हुन सक्छ । जसबाट राज्यबाट प्रवाह गरिने सेवा र सुविधालाई आत्मासाथ गर्न बल पुग्छ । व्यवहारले अनुभूति गरायो ।

**अव गर्ने के ?**

तल शिक्षा क्षेत्रका लागि एक विस्तृत जानकारी प्रस्तुत गरिएको छ । ती र त्यस्तै जानकारीका आधारमा काम गर्ने गरी कार्यशर्त तोकी एक स्वतन्त्र आयोग गठन गर्ने । सो आयोगले नीतिगत पक्षलाई व्यावहारिक रूपमा रूपान्तरण गर्न प्राविधिक सिप र जानकारीको भरपुर प्रयोग गरी तार्किक र व्यावहारिक संरचना र जनशक्तिको स्वरूप प्रस्तुत गर्न पर्ने हुन्छ ।

शिक्षामा २०४७ सालको तथ्याङ्कलाई आधार बनाई २०४९ सालतिर निर्धारण गरिएको सँगठनात्मक संरचना र जनशक्तिको स्वरूप निकै मिहेनतका साथ तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । जसले शिक्षामा राम्रै परिणाम दिएको थियो । त्यतिबेलाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा मूल रूपमा शिक्षा संरचनाबाट पुऱ्याउन पर्ने सेवालाई आधार बनाइएको थियो । तलको तालिका अनुसार तत्कालीन अबस्था र अहिलेको अबस्थामा पुर्याउन पर्ने सेवाका बारेमा प्रस्तुत गरिएको छ ।

**तालिका : शिक्षा सेवाको विषयक्षेत्रमा व्यापक विस्तारभएको तुलनात्मक अबस्था**

| विवरण | २०४७ | २०६९ | २०७३ | २०७८ | वृद्धि % |
|---|---|---|---|---|---|
| विद्यार्थी सङ्ख्या (बालविकास तथा पूर्व प्राथिमकका समेत) | २७८८६४४ | ७६६५४४८ | ७५४२३९३ | ८१९५९७५ | १९४ |
| शिक्षक सङ्ख्या (बालविकास तथा पूर्व प्राथिमकका समेत) | ७१२१३ | १९३१४० | २९२८४५ | ३५७२८८ | ४०२ |
| विद्यालय सङ्ख्या | १७८४२ | ३४७८२ | ३५२२३ | ३५६७४ | १०० |
| बालबिकास तथा पूर्वप्राथमिक विद्यालय वा कक्षा सङ्ख्या | ० | ३४१७४ | ३४६६२ | ३६७१२ | |
| उच्च माध्यमिक विद्यालय सङ्ख्या | ० | ३५८६ | २६४८ | ४१८७ | |
| अनौपचारिक तथा खुला विद्यालय | ० | १२२ | १२२ | १२२ | |
| सामुदायिक सिकाइ केन्द्र | ० | १९८१ | २१९२ | २१५० | |
| परंपरागत तथा धार्मिक प्रकृतिका विद्यालयहरु | | | | १७४५ | |

*स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्कसम्बन्धी अभिलेख र फ्ल्यास प्रतिवेदनहरू*

तालिका अनुसार सेवा क्षेत्रमा व्यापक विस्तार भएको जानकारी मिल्छ । त्यसका साथै संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरेबाट राज्यको दायित्व र जिम्मेवारी निकै बढेको छ र राज्यले गर्न पर्ने शिक्षा क्षेत्रमा गर्न पर्ने काममा उलेख्य विस्तार भएको छ । दोब्बर मात्र होइन तेब्बर र चौबर भएको छ । तर संरचना र जनशक्ति खुम्चिएको छ ।

नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृत केन्द्र, प्रदेश र स्थानीय तहको कार्यविवरण; स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७४ र राष्ट्रिय शिक्षा नीति, २०७६ जारी भएको भएतापनि यस विषयलाई राम्रो सँग छिचोल्न सकेको छैन । उच्चस्तरीय शिक्षा आयोगले यससम्बन्धमा केही विषयवस्तु उजागार गरेको भएतापनि सो सार्वजनिक नै हुन सकेन । शिक्षा मन्त्रालयबाट तयार गरिएको

सङ्घीयता कार्यान्वयनमा संगठन संरचना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी प्रतिवेदन २०७३ ले विषयवस्तुलाई अलि विस्तृत रूपमा छिचलेको थियो तापनि विविध कारणले कार्यान्वयनमा आउन सकेन । उल्लिखित सबै दस्तावेजहरू र यस वर्ष बन्दै गरेको शिक्षा क्षेत्रको दश वर्षे योजनाले उजागर गरेका विषयवस्तुलाई समेत विचार गरी तल शिक्षा सेवामा आवश्यक पर्ने जनशक्तिको एक नमुना प्रस्तुत गरिएको छ ।

**तालिका २: शिक्षा क्षेत्रमा शिक्षा सेवाका आवश्यक पर्ने कर्मचारी सम्बन्धी विवरण**

| तह/श्रेणी | स्थानीय | | प्रदेश | | संघ | | | कूल जम्मा हुन पर्ने |
|---|---|---|---|---|---|---|---|---|
| | हुन पर्ने | भएको | हुन पर्ने | भएको | हुन पर्ने | स्थायी (भएको) | पुल (भएको) | |
| सहसचिव | ६ | ० | ४३ | ७ | २२ | १४ | ६ | ६९ |
| अधिकृत नवौं/दशौं (उ.स.) | ३११ | २९३ | १७२ | ५६ | १५२ | १०४ | ४८ | ६३५ |
| अधिकृत सातौं/आठौं (शा.अ.) | १६५६ | ७८७ | ३४४ | ९८ | २७५ | २०७ | ६८ | २२७५ |
| पाँचौं तह वा प्राविधिक सहायक | ३०८० | ७८७ | ३४४ | १०५ | २७२ | २२६ | ४६ | ३६९६ |
| **जम्मा** | **५०५३** | **१८६७** | **८६०** | **२६६** | **७१९** | **५५१** | **१६८** | **६६७५** |

*स्रोत: नेपाल सरकार मन्त्री परिषद्बाट स्वीकृत केन्द्र, प्रान्त र स्थानीय तहको कार्यविवरण; स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कर्मचारी समायोजन ऐन, २०७४ र राष्ट्रिय शिक्षा नीति, २०७६; शिक्षा मन्त्रालयबाट तयार गरिएको सङ्घीयता कार्यान्वयनमा सँगठन संरचना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी प्रतिवेदन, २०७३ र प्रस्तावित नयाँ शिक्षा योजना, २०७८-८७*

प्रस्तुत विवरण उदाहरण मात्र हो शिक्षा सेवा अन्तरगतका धेरै समूह र उपसमूहका बारेमा विस्तृत विश्लेषण जरुरी छ ।

**निचोड**

राज्यको उत्पत्तिकाल देखि नै राज्य शक्तिको वरिपरि घुम्नेले फाइदा लिने गरेकै हुन् । चाकरी र चप्लुसीका शब्दहरू त्यहीँबाट उत्पत्ति भएको भनिन्छ । यस्तै विकृति र विसँगति बढ्दै गएपछि राज्यहरू निरंकुश र हुन पुगेका थिए । अनि उत्तम विकल्पको रूपमा लोकतान्त्रिक राज्यको कल्पना र अभ्यास गर्न थालिएको हो । लोकतान्त्रिक राज्य व्यवस्थामा पनि राज्यको निर्दयी चरित्र प्राकृतिक हो भनी स्वीकार गरिएकै हो । त्यसैले विश्वका लोकतान्त्रि संविधानमा व्यवस्था गरिएका मौलिक हकहरू व्यक्ति र नागरिकको हक सम्मत हुन्छन् । समान्यतया ती हक र अधिकार राज्यको अविवेकशील शक्ति प्रयोगको सम्भावनालाई रोक्न व्यवस्था गरिएका हुन्छन् । ती हक कार्यान्वयन हुने गरी कानुन, नीति र योजना तथा कार्यक्रम बनाउने कार्यान्वयन गराउने जिम्मा राजनीतिक तहको हो ।

राजनीतिक तह पनि कर्मचारीको निहित स्वार्थमा फस्यो भने राज्यका नागरिकले दुःख पाँउछन् । राज्यको शिक्षा लगायतका विकासका गति अवरुद्ध हुन्छन् र विकासले उल्टो गति लिने खतारा बढ्दछ । त्यसैले सङ्घीयताका मर्म बुझी स्थानीय तहमा राज्यको तर्फबाट पुर्याइउन पर्ने राज्यको दायित्वमा परेका सेवा, सुविधा, जानकारी र सुरक्षाका विषयमा चलाख हुन पर्ने काम अरुको भन्दा राजनीतिक वृत्तको हुन्छ । निहीत स्वार्थका कारणले

राज्यले पुऱ्याउन पर्ने विभिन्न सेवा अन्तरगतका सेवालाई निम्छरो बनाई, निमिट्यान्न पार्न र तुरिने अबस्था सिर्जना गरेर कसैलाई व्यक्तिगत लाभ होला । समूह स्वार्थ पूरा होला । तर विहंगम दृष्टिले हेर्ने हो भने । त्यस निश्चित सेवा र समूहको साख खस्कने हो उच्चा हुँदैन । नत निजामती सेवाको समग्रतामा गौरवान्वित हुने अबस्था आउँछ । पिडाका आवाजले विद्रोहको अबस्था ल्यायो भने त्यो भन्दा दुर्भाग्य के होला । समयमा सबै पक्षको ध्यान गए राम्रै होला । अस्तु ।

**सन्दर्भ सामग्री**


कानुन किताब व्यवस्था समिति (२०७२) । नेपालको संविधान । काठमाडौँः कानुन किताब व्यवस्था समिति ।

कानुन किताब व्यवस्था समिति (२०७५) । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ । काठमाडौँः कानुन किताब व्यवस्था समिति ।

कानुन न्याय तथा संसदीय मामला मन्त्रालय (२०७४) । कर्मचारी समायोजन ऐन, २०७४ । काठमाडौँःकानुन न्याय तथा संसदीय मामला मन्त्रालय ।

कानुन न्याय तथा संसदीय मामला मन्त्रालय (२०७४)। स्थानीय सरकार सञ्चालन ऐन, २०७४। काठमाडौँः कानुन न्याय तथा संसदीय मामला मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) । राष्ट्रिय शिक्षा नीति २०७६ । काठमाडौँः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) । शिक्षा मन्त्रालयबाट तयार गरिएको सङ्घीयता कार्यान्वयनमा सँगठन संरचना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी प्रस्तवित (अप्रकाशित) प्रतिवेदन, २०७३ । काठमाडौँः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) । राष्ट्रिय शिक्षा नीति २०७६ । काठमाडौँः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७) । निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ । काठमाडौँः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) । शिक्षा क्षेत्रको दश वर्षे योजना प्रस्तवित (अप्रकाशित) प्रतिवेदन, २०७३ । काठमाडौँः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७७) । वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका २०७७ काठमाडौँः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७७) । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यङ्कसम्बन्धी अभिलेख र फ्ल्यास प्रतिवेदनहरू । सानोठिमीः शिक्षा तथा मानव स्रोत विकास केन्द्र ।

# पुस्तकालय व्यवस्थापनमा स्थानीय सरकार



✍ **विजयराज सुवेदी**
उपसचिव
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

### पृष्ठभूमि

स्वतन्त्रता, समृद्धि तथा मानिसहरूको विकास सु-सूचित र जागरुक नागरिकको माध्यमबाट प्राप्त गर्न सकिन्छ। सु-सूचित र जागरुक नागरिक हुन शिक्षाको ज्योति बिना कल्पना गर्न सकिँदैन भने यस्तो ज्योतिलाई जाज्वल्यमान बनाउन सार्वजनिक पुस्तकालयको उपलब्धता र सर्वसुलभ पहुँच हुन आवश्यक छ । जनताको विश्वविद्यालयको उपमा पाएको सार्वजनिक पुस्तकालयले समाजका आवश्यकता परिपूर्ति गर्न तथा राष्ट्रिय जागरण ल्याउन शताब्दिऔंदेखि पुस्तकालयको ठूलो योगदान गरेको छ ।

ज्ञान, सूचना र जानकारीको भण्डारको रूपमा रहेका यस्ता सार्वजनिक पुस्तकालयबाट खास गरी आर्थिक हिसाबले कमजोर वर्ग (समुदाय) बढी लाभान्वित हुँदै आएको पाइन्छ । खुला तथा आधुनिक समाजमा औपचारिक शिक्षाको साथसाथै अनौपचारिक शिक्षाको टड्कारो आवश्यकता देखिएको छ । ज्ञानको प्रतिस्पर्धात्मकता र यसका क्षेत्रहरूको विस्तारका साथ प्रत्येक मानिस आफ्नो ज्ञानको दायरा बढाउन चाहन्छ तर यसका लागि सीमित पाठ्यपुस्तकले मात्र सम्भव छैन । त्यस्तै आर्थिक अभावलगायत अन्य कारणले समेत सबै मानिसले चाहेजति उच्च शिक्षा प्राप्त गर्न नसकी रहेको अवस्थामा खुला विश्वविद्यालयको अवधारणा जस्तै खुला पुस्तकालयको पनि आवश्यकता र महत्त्व बढेको छ ।

### नेपालमा पुस्तकालयको विकास

राजा गीर्वाणयुद्ध विक्रम शाहले वि.सं. १८६९ भदौ १५ मा “पुस्तक चिताई तहबिल” नामक पुस्तकालय स्थापना गर्न जारी गरेको लालमोहर सँगसगै नेपालमा पुस्तकालय इतिहास सुरू भएको मानिन्छ। पुस्तकालय सेवा सुरू भएको दिनलाई ऐतिहासिक उपलब्धि मानी वि.सं.२०६५ सालदेखि प्रत्येक वर्ष भदौ १५ मा पुस्तकालय दिवस मनाउन थालिएको हो ।

नेपालमा पुस्तकालयको यकिन तथ्यांक नभए पनि सरकारी नीतिमा भएका प्रावधान (एक माध्यमिक विद्यालय एक पुस्तकालय) अनुरूप ३,६९५ पुस्तकालय, विश्वविद्यालय र आङ्गिक क्याम्पसका करिब १६०० पुस्तकालय, सरकारी, सार्वजनिक, सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोगमा स्थापित करिब ६७४ र व्यक्तिगत समेत गरी करिब ६००० पुस्तकालय भएको अनुमान छ ।

### पुस्तकालयको आवश्यकता

(१) विश्वको प्रविधि शिक्षा विकास र चेतनाको बारेमा जानकारी लिन पठन संस्कृतिको आवश्यकता रहेकोले नयाँ पुस्ताको लागि पढ्ने वातावरण सृजना गर्न,

(२) सबै क्षेत्र र विषयका पुस्तकहरू निजी स्वामित्वमा राख्न सम्भव छैन यसर्थ जीवनलाई

सार्थक बनाउन चाहिने कतिपय पुस्तक पढ्दा छुट्टै प्रकारको आनन्दको अनुभूति हुन्छ त्यस्ता पुस्तक पढ्नाले अप्ठ्यारोमा निर्णय लिन मद्दत गर्छ त्यस्ता पुस्तकको पुस्तकालयमा व्यवस्था गर्न,

(३) पुस्तकालय भनेको सामाजिक पूर्वाधार हो यसले लेखपढ संस्कृतिलाई बढावा दिन्छ, सामाजिक रूपमा घुलमिल हुन, किताब साथसाथ विचार पनि साट्न र बहस गर्न सिकाउने भएकोले त्यसलाई निरन्तरता दिन,

(४) व्यक्तिगत, सामुदायिक तथा राज्यको नीति निर्माण गर्ने र राज्य सञ्चालन गर्नेहरूमा नै अध्ययन संस्कृतिको विकास गर्दै ज्ञानमा आधारित नीति निर्माण गर्न

**कानुनी र नीतिगत व्यवस्था**

(१) नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना निर्धारण गरेको छ । सबै तहको एकल अधिकार सूची र साझा अधिकार तोकेर कार्य विभाजन तथा जिम्मेवारीको बाँडफाँड गरेको छ । सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध समन्वय, सहकारिता र सहअस्तित्वमा आधारित हुनेछ भन्ने व्यवस्था रहेको छ । संविधानको अनुसूची ५ मा सङ्घको अधिकार सूची रहेको छ। जसको १५ नम्बर बुँदामा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका विश्वविद्यालय, प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय स्पष्ट उल्लेख छ ।

(२) यस्तै संविधानको भाग ४ धारा ५१ मा राज्यका मूल १३ वटा नीतिहरूको व्यवस्था रहेको छ । यसको खण्ड (ग) सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति एक हो । जसमा स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने समेत उल्लेख भएको सन्दर्भमा सोको प्राप्ति गर्न पुस्तकालयको समेत आवश्यकतालाई समेटेको मान्न सकिन्छ ।

(३) पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ ले पुस्तकालयहरूलाई 'सार्वजनिक/सामुदायिक', 'राष्ट्रिय', 'शैक्षिक', 'विशेष पुस्तकालय'को प्रकारहरूमा छुट्याएको भएपनि यो निर्देशिका नेपालको सङ्घीय संरचनाको ढाँचा नरहेको देखिन्छ ।

(४) सार्वजनिक/सामुदायिक पुस्तकालय अनुदान कार्यविधि २०७४ ले समेत प्रदेश तहमा बनाइने र बन्नुपर्ने वा बनेका पुस्तकालयहरूलाई समेट्न सकेको छैन । पाठकको सङ्ख्या र सेवा प्रवाह, सङ्कलनको सङ्ख्या र भौतिक सुविधा र यसको संरचना, पुस्तकालयमा काम गर्ने कर्मचारीहरूलाई आधार मानी पुस्तकालयहरूलाई 'क', 'ख' र 'ग' वर्गका पुस्तकालयहरूमा वर्गीकरण गरिएको छ।

(५) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ५ को उपनियम १ अनुसार सोही नियमको अनुसूची २ मा उल्लेख भएको कार्य विभाजन अनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई तोकिएका ३४ वटा कामहरूमध्ये पुस्तकालयसम्बन्धी कार्य समावेश भएको र केन्द्रीय पुस्तकालय सम्बन्धी नीति, कानुन र व्यवस्थापन गर्ने कार्य समेत यस मन्त्रालयलाई तोकिएको छ ।

(६) चालू पन्ध्रौं योजनाले पठनपाठन संस्कृति नहुनुलाई समस्याको रूपमा लिई पठन संस्कृति विकास र ज्ञान अभिवृद्धिका लागि कार्यनीति निर्धारण गरेको छ ।

(७) संविधानको धारा ५७ को उपधारा (२) २९६ को उपधारा (४) अनुसार अनुसूची ६ मा प्रदेश सरकारको २१ वटा अधिकार सूचीका विषयहरूमध्ये आठौं विषयको रूपमा 'प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, सङ्ग्रहालय बारेमा जिम्मेवारी र अधिकार तोकिएको छ ।

(८) संविधानको धारा ५७ (४) अनुसार अनुसूची-८ मा २२ वटा विषयहरूमा पुस्तकालयको बारेमा कुनै उल्लेख नभएपनि स्थानीय सरकार सञ्चालन

ऐन, २०७४ को दफा १२ को खण्ड ज. आधारभूत र माध्यमिक शिक्षा अन्तर्गतको बुँदा नं. १९ मा "स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन" उल्लेख भएको सन्दर्भमा स्थानीयस्तरमा हुने पुस्तकालय र वाचनालयको संस्थागत एवम् कानुनी आधार तयार गर्ने जिम्मेवारी गाउँपालिका नगरपालिकाको रहेको देखिन्छ ।

**देखिएका समस्याहरू**

(१) पुस्तकालयलाई सामाजिक विकासको अत्यावश्यक पक्षका रूपमा लिने संस्कार विकास हुन नसक्नु,

(२) सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू आर्थिक स्रोतकै अभावमा जीर्ण रहनु एवम् खुम्चिनु,

(३) पुराना पुस्तकालयहरूलाई समयमा पुनर्स्थापित गर्न र नयाँ पुस्तकालय खोल्न तीन तहका सरकारको प्राथमिकतामा नपर्नु,

(४) कानुनी संयन्त्र निर्माण नगरी पुस्तकालयको स्थापना र सञ्चालन गर्नाले पुस्तकालयको दिगो व्यवस्थापन हुन नसक्नु,

(५) पुस्तकालय सञ्चालन र व्यवस्थापन क्रममा आवश्यक वित्तीय श्रोत र खर्चको प्रबन्ध, दक्ष र विज्ञ जनशक्ति नहुनु,

(६) सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७४ ले पुस्तकालयलाई तीन वर्गमा वर्गीकरण गरी बढीमा दश लाखसम्म आर्थिक अनुदान दिने व्यवस्था गरेपनि विद्युतीय पुस्तकालयलाई यस नीतिले समेट्न नसक्नु,

(७) नेपालमा पुस्तकालय स्थापना, सञ्चालन, संरक्षण र दिगो व्यवस्थापनका लागि छुट्टै पुस्तकालय ऐन नहुनु,

(८) विद्यालय तहमा कक्षाकोठाको र्‍याकमा पुस्तक राखेपछि पुस्तकालय भइहाल्छ भन्ने सोचका कारण शिक्षक, विद्यार्थीका लागि कस्ता किताब उपयोगी हुन्छन् भन्ने नबुझ्ने वा बुझी बुझी आर्थिक प्रलोभनमा जथाभावी पुस्तक खरिद गर्ने प्रवृत्तिले जरा गाड्नु,

(९) सामुदायिक विद्यालयको स्तर खस्केपछि विद्यार्थीमा पढ्ने बानी बसाउन शुरू गरिएको पुस्तकालय बजेट अधिकांश विद्यालयमा दुरूपयोग भएको सन्बन्धमा दिइएका सुझाव एवम् निर्देशनको पालना नहुनु,

(१०) विद्युतीय पुस्तकालय र अन्य माध्यमबाट गरिएको अन्तर्क्रिया परम्परागत पुस्तकालयको विकल्प हो भन्ने सोचाइलाई चिर्न नसक्नु,

(११) परम्परागत पुस्तकालयलाई आधुनिकीकरण गरी वर्तमान सूचना प्रविधिका स्रोतहरूको समायोजनसमेत हुनेगरी रूपान्तरण गर्न नसक्नु,

(१२) राष्ट्रिय शिक्षा नीति, २०७६ मा देशभरी सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालय तथा वाचनालयलाई राष्ट्रिय प्रणालीमा आबद्ध गर्ने भनिए पनि यसका लागि आवश्यक मापदण्ड र के-कुन सर्तमा के-कसरी गर्ने भन्ने हालसम्म स्पष्ट गर्न नसक्नु,

**सुधारका लागि गर्नुपर्ने उपायहरू**

(१) सार्वजनिक/सामुदायिक तथा निजी पुस्तकालय सञ्चालनमा सहजता, सहकार्य र एकरूपताको वातावरण बनाउन एउटा छुट्टै ऐन निर्माण गरी कानुनी रूपमै सञ्चालन गर्नुपर्ने ।

(२) राष्ट्रिय पुस्तकालयलाई राज्यका सबै पुस्तकालयहरूको अभिलेख राख्ने, प्रादेशिक पुस्तकालयहरूसँग समन्वयकारी भूमिका निर्वाह गर्ने जिम्मेवारी दिनुपर्ने ।

(३) ७ वटै प्रदेशका राजधानीहरूमा १/१ वटा प्रादेशिक पुस्तकालय स्थापना गर्ने र प्रदेश सरकारको प्रत्यक्ष निगरानी र संयन्त्रबाट यी पुस्तकालयहरू सञ्चालन गरिनु पर्ने ।

(४) स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका र गाउँपालिकाहरू) ले आफ्नो निकायलाई पायक पर्ने स्थानहरूमा

स्थानीय पुस्तकालयको स्थापना गर्नु पर्ने । यसका साथै उनीहरूले वडा तहमा समेत आवश्यकता र औचित्यताको आधारमा पुस्तकालय सञ्चालन गर्ने । साथै यस्ता पुस्तकालयहरूलाई क्रमशः सूचना केन्द्रको रूपमा समेत विकास गर्नुपर्ने ।

(५) गाउँपालिका तथा नगरपालिकाले आफ्नो पालिका क्षेत्रभित्र अध्ययन संस्कृतिको मार्फत् युवाहरूको स्थानीय विकास, संस्कृति, राष्ट्रिय अन्तर्राष्ट्रिय ज्ञान जस्ता क्षेत्रमा सहयोगी बन्न युवा सञ्जाल मार्फत् सक्रिय बनाउने ।

(६) औपचारिक शिक्षाबाट बञ्चित नगर वा गाउँवासीलाई सामुदायिक/सार्वजनिक पुस्तकालयको सेवा मार्फत् भए पनि साक्षरता बढाउन निःशुल्क सेवा प्रदान गर्ने ।

(७) पुस्तकालयमा सबै क्षेत्र, वर्ग र समुदायको सहभागिता र साझेदारी निर्माण गर्न उमेर, भाषा, विषयवस्तु एवम् बालबालिका, युवा, अपाङ्गता भएका र बृद्धबृद्धाको आधारमा पुस्तक लगायतका अन्य सामग्री व्यस्थापन गरिनु पर्ने ।

(८) गाउँपालिका वा नगरपालिकाले नयाँ पुस्ताका केटाकेटीको ग्याजेटमा बढी आकर्षण देखिएकोले किताबमा तान्न पुस्तकालयले आफूलाई आकर्षक गन्तब्यका रूपमा विकास गर्न समुदायलाई आवश्यक पर्ने किताब, पुराना ग्रन्थ, पत्रपत्रिका, प्रतिवेदन, पोस्टर, नक्सा, श्रब्यदृश्य सामग्री र इन्टरनेट सुविधा उपलब्ध गराउनु पर्ने ।

(९) गाउँपालिका वा नगरपालिकाले सामुदायिक तथा सार्वजनिक पुस्तकालयमा बालबालिका लक्षित किताब राख्ने तथा बालबालिकामैत्री गतिविधि (कथा बाचन, बाल साहित्य साक्षात्कार जस्ता) कार्य गर्नुपर्ने ।

(१०) पुस्तकालय गएर बालबालिका पढ्नु पनि अध्ययनको एउटा अभिन्न भाग हो भन्ने अभिभावकहरूलाई बुझाई उनीहरूको धारणामा परिवर्तन ल्याउनु पर्ने । यसका लागि पुस्तकालयको सञ्चालन र उपयोग सम्बन्धी अभिभावक शिक्षाको प्रचार प्रसार गर्नुपर्ने ।

(११) विद्यालय तहमा पाठ्यपुस्तकका साथसाथै विद्यालय एवम् सार्वजनिक तथा सामुदायिक पुस्तकालयमा अभ्यास किताबहरू उपलब्ध गराउनु पर्ने ।

(१२) पुस्तकालयको महत्त्व बढाउन शिक्षक, विद्यार्थीको बैठक राखी कस्ता किताब उपयोगी हुन्छन् भनेर सूची साथै पुस्तकालय व्यवस्थापनका लागि सम्पर्क शिक्षक तोकी जिम्मेवारी दिने ।

(१३) पुस्तकालयमा कस्ता किताब राखिएको छ भन्ने कुराको अनुगमन गाउँपालिका वा नगरपालिकाको शिक्षा शाखाले वर्षको कम्तीमा एक पटक अनुगमन गरी गाउँ वा नगर शिक्षा समितिमा छलफल गर्ने व्यवस्था मिलाउने ।

(१४) विद्यालयको पुस्तकालयका लागि प्राप्त बजेट दुरूपयोग गर्ने शिक्षक तथा कर्मचारीलाई कारबाही गर्ने ।

(१५) पुस्तकालयलाई किताब अध्ययन गर्ने साथसाथै सामाजिक विषयवस्तुमा अन्तर्क्रिया गर्ने, गाउँ वा नगर सूचना केन्द्रको रूपमा कार्य गर्ने, अनौपचारिक शिक्षा प्रदान गर्ने संस्थाको रूपमा विकास गर्ने । यस कार्यमा सहयोग गर्न गाउँपालिका वा नगरपालिकाबाट वार्षिक बजेटको व्यवस्था गर्ने ।

(१६) स्थानीय तहमा कार्यरत विभिन्न सङ्घसंस्था तथा लायन्स क्लब, लियो क्लब, रोटरी क्लब, आमा समूह, महिला समूह सहकारी, सामुदायिक वन, बाल क्लव, किशोर किशोरी सञ्जाल जस्ता सङ्घसंस्थाको सहकार्यमा पुस्तकालय सञ्चालन गरी सबैको अपनत्व वृद्धि गर्ने ।

(१७) सार्वजनिक तथा सामुदायिक पुस्तकालय सञ्चालन गर्न गाउँपालिका वा नगरपालिकाले स्वयंसेवकको व्यवस्था गर्ने ।

(१८) सूचना प्रविधिको विकाससँग पुस्तकालयको स्वरूप र सेवामा पनि परिवर्तन हुँदै आएकोले प्रदेश तथा स्थानीय तहमा कागजविहीन, भवनविहीन ज्ञान सामग्रीहरूलाई पनि पुस्तकालयमा समायोजन गर्ने, ई-पुस्तकालय, डिजिटल पुस्तकालय, भर्चुअल पुस्तकालय वा आधुनिक पुस्तकालय जे नाम दिइए पनि कम्तीमा एक/एक वटा नमूना पुस्तकालय सञ्चालन गर्ने ।

**निष्कर्ष**

जुनसुकै समुदाय, वर्ग, जातजाति, भाषा, शारीरिक वा मानसिक अवस्था, उमेर एवम् आर्थिक हैसियतको कसिमा बिना भेदभाव ज्ञान, सूचना र जानकारी पुस्तकालयले मात्र उपलब्ध गराउन सक्ने भएकोले नेपालको सन्दर्भमा पुस्तकालयको कुरा गर्नुपर्दा संघीय ढाँचा अनुरूपको प्रशासनिक विभाजन अनुसार ७६१ सार्वजनिक पुस्तकालयको संरचना तयार गर्नु आवश्यकता रहेको छ ।

यसर्थ पुस्तकालयको सेवा विस्तार गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहमध्ये कस कसले कस्तो आर्थिक स्रोतका विकल्पसहित पुस्तकालयलाई ज्ञान, सूचना र सामुदायिक स्रोतकेन्द्रमा रूपान्तरण गरी प्रभावकारी कार्यान्वयन गर्नु अपरिहार्य भएको छ । यसको लागि तत्काल संघीय पुस्तकालय ऐनको खाँचो भएको छ । यही ऐनका आधारमा प्रदेश र स्थानीय तहले पुस्तकालयप्रेमी तथा पुस्तकालयसँग सरोकारवालाहरूको सक्रियतामा स्थानीय परिवेश अनुसारको नीति, ऐन, नियम निर्माण गरी प्रदेश तथा स्थानीय तहमा रहेका वा नयाँ पुस्तकालयको व्यवस्थापन गर्न सक्ने आधार बन्ने छ ।

शिक्षा नीति २०७६ को कार्यान्वयन गर्ने क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निर्धारण गरेको प्रत्येक स्थानीय तहमा एउटा पुस्तकालय बनाउने लक्ष्य लिएको छ । यो लक्ष्य कहिलेसम्म प्राप्त गर्ने? कुन कुन तहबाट के के गरिने? सोको कार्यान्वयन गर्न कार्ययोजना तयार गरी तहगत जिम्मेवारी प्रदान गर्न उपयुक्त हुन्छ । अन्यथा नीतिले लिएको पुस्तकालयलाई जनउपयोगी, सेवामुखी र आत्मनिर्भर बनाउँदै लैजाने एवम् यस्ता पुस्तकालयबाट स्थानीय तहका सबै वडाहरूमा स्याटलाईट तथा घुम्ती पुस्तकालय सेवा सञ्चालन गरिने लक्ष्य प्राप्त हुन सक्ने आधार देखिंदैन ।

यस्तै, आधारभूत तहदेखि उच्च शिक्षासम्म सबै शैक्षिक संस्थाहरूमा पुस्तकालय विकास, व्यवस्थापन तथा सञ्चालनको मापदण्ड तयार गरी पर्याप्त सन्दर्भसामग्री सहितका पुस्तकालयहरू स्थापना गर्न उपयुक्त देखिन्छ। आजीवन सिकाइ तथा निरन्तर शिक्षाको लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी आवश्यकता अनुसार विस्तार तथा सुदृढीकरण गरिने पनि सरकारी योजनालाई कार्यान्वयन गर्न पनि त्यतिकै चुनौति रहेको छ ।

प्रविधि विकास र सामाजिक सञ्जालको बढ्दो प्रयोगले मान्छेलाई एकाङ्की बनाउँदै लगेकोले यी आशंकाबिच प्रविधियुक्त पुस्तकालय स्थापना र सञ्चालन गर्नु आजको आवश्यकता हो । जहिले पनि आफूलाई परिमार्जित गर्ने संस्कार विकास गर्ने, अन्तक्रियात्मक कार्यप्रणाली अपनाउने नागरिक २१औं शताब्दीका लागि अपरिहार्य भएकोले पुस्तकालयको आवश्यकता झन् झन् आवश्यक भएको छ ।

अन्तमा, कोभिड १९को महामारीको बिचमा आगामी भदौ १५ गते मनाउन लागिएको १४औं पुस्तकालय दिवसको पूर्वसन्ध्यामा हामीले पुस्तकालयलाई प्रविधियुक्त बनाई पाठकसमक्ष पुस्तकालयको उपस्थिति पुऱ्याउन सकेमा यस्तो संकटको समयमा पनि सार्वजनिक वा सामुदायिक पुस्तकालयप्रति हामीले गरेको कर्तव्य सकरात्मक भएको आगामी पुस्ताले अनुभूति गर्ने अवसरलाई उपयोग गर्नु नै बुद्धिमानी हुनेछ ।

**सन्दर्भ सामग्री**

कानुन किताब व्यवस्था समिति (२०७२) । नेपालको संविधान, काठमाडौः लेखक ।

कानुन किताब व्यवस्था समिति (२०७४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०६९) । पुस्तकालय व्यवस्थापन निर्देशिका, २०६९, काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०६९) । सार्वजनिक तथा सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७४ काठमाडौः लेखक ।

शिक्षा मन्त्रालय (२०७६) । राष्ट्रिय शिक्षा नीति, २०७६, काठमाडौः लेखक ।

प्रधान मन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय (२०७४) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ काठमाडौः लेखक ।

राष्ट्रिय योजना आयोग, (२०७६) । पन्ध्रौं योजना २०७६/०७७-२०८०/८१, काठमाडौः लेखक ।

# नेपाल पुस्तकालय सङ्घ : इतिहासदेखि गन्तव्य, गतिरोध र गौरवका केही कुरा



✍ **आई.पी.अधिकारी**

अध्यक्ष : नेपाल पुस्तकालय सङ्घ
E-mail : adhikariip@gmail.com

**ऐतिहासिक पृष्ठभूमि र पुराना पुस्तकालय सङ्घहरू :**

नेपालमा वि.सं. २०१० सालमा काठमाडौंको ज्ञानेश्वर स्थित भैरवस्थानमा एक बृहत् भेला भई गुप्त मतदान प्रक्रियाद्वारा आनन्दप्रसाद ढुंगानाको अध्यक्षतामा नौ सदस्यीय **नेपाल पुस्तकालय सङ्घ** स्थापना भएको हो [शर्मा]। यसले पुस्तकालय केन्द्रित **नवनिर्माण** नामको एक त्रैमासिक पत्रिका पनि प्रकाशन गरेको गौरवपूर्ण इतिहास छ। उक्त **नवनिर्माण** पत्रिकाको वि.सं. २०१२ को अङ्क २ मा 'पुस्तकालय' शीर्षकमा हाम्रा महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेख्नु भएको एक मीठो लेखसमेत पढ्न पाइन्छ। तर यो सङ्घमा पूर्णप्रसाद अमात्यबाहेक अरु सबै सदस्यहरू गैर-व्यावसायिक व्यक्तिहरू भएको र पछि त्यत्ति क्रियाशील नभएको हुनाले स्वतः निस्क्रिय भएर गयो।




यसपछि श्रीमती शान्ति मिश्रको अध्यक्षतामा वि.सं. २०२० सालमा **नेपाल पुस्तकालय विशेषज्ञ संगठन** नामको सङ्घ खुल्यो जसमा सम्पूर्ण सदस्यहरू पुस्तकालय विज्ञानमा डिग्री, डिप्लोमा वा सोभन्दा माथिको योग्यता रहने नियम राखिएको थियो। त्यसको एक दशक पनि हुन नपाउँदै वि.सं. २०२७ सालमा अखिल नेपाल पुस्तकालय सङ्घ नामको अर्को पुस्तकालय सङ्घ खुलेको इतिहास पनि छ। तर यो सङ्घ पनि पहिलेका अरू सङ्घजस्तै एक दशक पनि हुन नपाउँदै बिलाएर गयो।[मिश्र]

त्रि.वि.केन्द्रीय पुस्तकालयका पूर्व प्रमुख तथा नेपाल पुस्तकालय सङ्घका पूर्व अध्यक्ष (२०४०-४२) पूर्णप्रसाद अमात्यको भनाइअनुसार पहिलो नेपाल पुस्तकालय सङ्घको स्थापना २०१० सालमा र दोस्रो पटक पुस्तकालय सङ्घको स्थापना २०३७ सालमा भएको थियो।[अमात्य]

**वर्तमान पुस्तकालय सङ्घ स्थापनाको पृष्ठभूमि :**

देशमा भर्खर नयाँ शिक्षा प्रणाली लागू भएर २०३० सालदेखि क्याम्पसहरूमा सेमेस्टर प्रणालीमा कक्षा सञ्चालन हुन थालेपछि क्याम्पसहरूको अध्ययन अध्यापनमा भरथेग गर्न ती क्याम्पसहरूमा धमाधम पुस्तकालयहरू स्थापना हुन थाले। हुन त अधिकांश कलेजहरूमा पहिलेदेखि नै सानोतिनो भए पनि आ-आफ्नै पुस्तकालयहरू सञ्चालनमा थिए र ती पुस्तकालयहरू व्यवस्थित थिएनन्। नयाँ शिक्षा प्रणालीलाई सफल बनाउन पाठ्यपुस्तकहरूले भरिपूर्ण व्यवस्थित पुस्तकालयहरू स्थापना गर्नुपर्ने आवश्यकता क्याम्पसहरूमा महसुस हुन थाल्यो र यसको वास्तविकता त्रिभुवन विश्वविद्यालयले महशुस गऱ्यो। फलस्वरूप २०३३ सालदेखि त्रि.वि.ले वर्षेनी ५ जना देखि २०

जनासम्म आफ्ना स्थायी स्नातक कर्मचारीहरूलाई भारतको विभिन्न विश्वविद्यालयहरूमा पुस्तकालय विज्ञानमा उच्च शिक्षा अध्ययन गर्न पठाउन थाल्यो । *(यो लेखक पनि २०३९-४० सालमा उत्तर-पश्चिम भारतको चण्डीगढस्थित पंजाब विश्वविद्यालयमा एक वर्षे स्नातकोत्तर वि.लिब.एस्सी अध्ययन गरी थापाथली क्याम्पसमा सहायक लाइब्रेरियन भएर काम गर्न सुरु गरेको हो ।)*



यसरी २०३३ सालदेखि भारतबाट पुस्तकालय विज्ञान अध्ययन गरी फर्केर आएका केही युवा लाइब्रेरियनहरूले २०३५ सालमा एक भेलामा सामूहिक छलफल गरी नेपालमा पुस्तकालय पेशाको उन्नती, सामूहिक प्रगति र अन्तरपुस्तकालय सहयोग आदि कार्यका लागि एक सङ्घको स्थापना हुनु पर्ने अनिवार्य आवश्यकता महशुस गरे । त्यसपछि निरन्तर छलफल र विधान बनाउने आदि पूर्वाधारका कार्य पश्चात् फलतः २०३७ साल असोज ९ गते सङ्घको रूपमा सरकारबाट स्वीकृति प्राप्त गरी विधिवत रूपमा **नेपाल पुस्तकालय सङ्घ** स्थापना भयो ।

**पूर्व कार्यसमितिहरू :**

विगत चार दशकदेखि अर्थात् २०३७ सालदेखि हालसम्म नेपाल पुस्तकालय सङ्घमा थुप्रै लाइब्रेरियनको नेतृत्वमा कार्यसमितिको गठन भयो । ती कार्यसमितिहरू केही अपवादवाहेक सामान्यतया ९ सदस्यीय हुने गरेको छ जसमा राष्ट्रिय पुस्तकालयका प्रमुख पदेन सदस्य रहने गरी व्यवस्था गरेको पनि देखिन्छ । वि.सं. २०३७ देखि हालसम्म कुन कुन सालमा क-कसको अध्यक्षतामा नेपाल पुस्तकालय सङ्घको कार्यसमिति चयन भए भन्ने जानकारी यसप्रकार छ ।

*१) आश्विन २०३७ - मुरारी विनोद पोखरेल*
*२) मङ्सिर २०४०- पूर्णप्रसाद अमात्य*
*३) मङ्सिर २०४३- इश्वरराज पाण्डे*
*४) कार्तिक २०४७- साकेत विहारी ठाकुर*
*५) मङ्सिर २०४९- साकेत विहारी ठाकुर*
*६) कार्तिक २०५४- रूद्रप्रसाद दुलाल*
*७) साउन २०५९- भोला कुमार श्रेष्ठ*
*८) फागुन २०६३ - भोला कुमार श्रेष्ठ*
*९) चैत्र २०६६ - प्रकाश कुमार थापा*
*१०) चैत्र २०७० - अशोक थापा (चितवन सभा)*
*१०) जेठ २०७२ - गीता थापा*
*११) माघ २०७५ - इन्द्रप्रसाद अधिकारी*

**ने.पु.सं.का पूर्व कार्यसमितिले गरेका कार्यहरू :**

नेपाल पुस्तकालय सङ्घले आफ्नो सीमित स्रोत, साधनका वावजूद पनि केही न केही कार्य गरिरहेको छ, चाहे त्यो सानो नै किन नहोस् तर ती सबै दूरगामी महत्त्व राख्ने ऐतिहासिक कार्यका थालनी हुन् भन्न सकिन्छ । आगामी कार्य समिति तथा **'म लाइब्रेरियन हुँ'** भन्न चाहने सबैले यसमा होस्टे हैंसे गरेर एक-एक वटा इँट थप्दै लगेमा सर्व हितकारी एक समुन्नत, सुगठित र सबैलाई समेटेर सुरक्षामा ल्याउने एक राम्रो छाता सङ्घ बन्ने कुरामा कुनै द्विविधा हुन सक्तैन ।




२०३७ देखि पछिका कार्यसमितिहरूले सम्पन्न गरेका कार्यहरूमध्ये केही मुख्य-मुख्य कार्यहरू यसप्रकार छन् :

- 'अन्तर पुस्तकालय सहकारिता' गोष्ठी -२०३९,
- 'ऐतिहासिक निधि सङ्कलन र संरक्षण' परिचर्चा -२०३९,

- 'पुस्तकालय र सूचना विज्ञान नीति' राष्ट्रिय गोष्ठी - २०४८,
- 'राष्ट्रिय विकासमा सूचनाको भूमिका' राष्ट्रिय गोष्ठी - २०५४,
- पुस्तकालयहरूको सर्वेक्षण, सन् १९८९ र १९९७,
- 'पुस्तकालय आवाज' मुखपत्र प्रकाशन (८ अङ्क),
- 'एन.एल.ए. कुरियर' प्रकाशन २०४८ (३ अङ्क),
- सरस्वती राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार प्रदान (२०४४ देखि सुरु),
- सीटीईभीटीको सहयोगमा तह-३ को ३५ दिने तालिम पाठ्यक्रम तर्जुमा सन् १९९०,
- पुस्तकालय व्यवस्थापन तह-३ को ३५ दिने तालिम सम्पन्न (धेरै पटक),
- सर्वप्रथम सन् १९९० मा इफ्ला सदस्यता प्राप्त गरेको,
- इन्साइक्लोपिडिया अफ लाइब्रेरी...साइन्समा लेख छपाएको,
- 'पुस्तकालय तथा सूचना नीति' विषयक तीनदिने राष्ट्रिय गोष्ठी पोखरामा सम्पन्न २०६०,
- 'बहुउद्देश्यीय सामुदायिक टेलिसेन्टर' विषयक अन्तर्राष्ट्रिय गोष्ठी आयोजना,
- 'इम्पावरिङ लाइब्रेरी एशोसिएसन इन एशिया' अन्तर्राष्ट्रिय कार्यशाला आयोजना २००४,
- रेफशाला दक्षिण एशियाली पुस्तकालय सङ्घहरूको महासङ्घको संस्थापक आयोजक २०६२,
- इफ्लाको 'बिल्डिङ स्ट्रङ लाइब्रेरी असोसिएसन्स' मा सहभागिता
- 'बिल्डिङ स्ट्रङ लाइब्रेरी असोसिएसन्स' कार्यक्रम आयोजना

**निवर्तमान अर्थात् पछिल्लो कार्य समितिका केही अप्ठेरा प्रसंगहरू :**

वर्तमान् कार्यसमिति २०७५ माघ ५ गते निर्वाचित हुनु केही अघिसम्म नेपाल पुस्तकालय सङ्घको नामबाट एकातर्फ अशोक थापा र अर्कोतिर गीता थापा गरी २ जनाको नेतृत्वमा २ वटा भिन्नाभिन्नै ठाउँमा निर्वाचित सङ्घले समानान्तर रूपले कार्य गरेर सबै लाइब्रेरियनहरूको व्यापक समर्थन जुटाउन आ-आफ्नो नेतृत्वको सङ्घलाई वैधानिकता दिलाउने कार्यमा एवम् तल्लीन थिए । यस खिचातानीबीचमा यी दुवैतर्फबाट निकै राम्रा-राम्रा काम र उपलब्धीहरू पनि हासिल भए । यसलाई खुसीकै कुरा मान्नु पर्छ । विशेषगरी इफ्ला विभिन्न कार्यक्रमहरूमा सहभागी भई देश र सङ्घको परिचय तथा आवाज बुलन्द पार्नु, विभिन्न कार्यक्रमका लागि सहयोग र सदभावना ल्याउनु आदि । यसैको परिणाम स्वरूप काठमाडौंमा **बिल्डिङ स्ट्रङ लाइब्रेरी एशोसिएसन**को वर्कसप सम्पन्न, इफ्लाका प्रशिक्षकहरूबाट ट्रेनिङ अफ ट्रेनर्स सञ्चालन गराउनु, '**टुगेदर वी मेक फ्युचर**' कार्यक्रम सम्पन्न गर्नु, पुस्तकालय सङ्घको वेबसाइट बनाउनु, पुस्तक डोनेसन कार्यक्रम चलाउनु, बेलाबेलामा रचनात्मक गोष्ठीहरू सञ्चालन गर्नु आदि मुख्यमुख्य कार्यहरू समानान्तर ढङ्गले सम्पन्न भएका थिए । केही समयपछि नै श्रीमती गीता थापाको कार्यसमितिले सरकारी निकायबाट औपचारिक मान्यता पाएपछि सबै कुरा सामान्यिकरण भयो ।



**वर्तमान कार्यसमिति :**

२०७५ साल माघ ५ गते काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, भृकुटी मण्डप भवनमा नेपाल पुस्तकालय सङ्घको हालको नयाँ कार्यसमितिको लागि निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचन ने.पु.सङ्घ.का पूर्व अध्यक्ष रूद्रप्रसाद दुलालको संयोजकत्वमा गोप्य मतदानद्वारा सम्पन्न भएको थियो । जम्मा ११० जना आजीवन सदस्य र अरु सबै साधारण सदस्य भएको यस सङ्घमा उपत्यकाबाहिरबाट सदस्यहरू आउने अनुकुलता नभएको हुँदा उपत्यकास्थित अधिकांश प्रोफेसनल पुस्तककालयकर्मीहरूको जमघट थियो । सो निर्वाचनमा अध्यक्ष इन्द्रप्रसाद अधिकारी र महासचिव रेशमा डंगोलबाहेक अरू सबै पदमा निर्विरोध निर्वाचित भएका थिए । माघ १० गते सोही पुस्तकालयमा शपथ ग्रहण सम्पन्न भएपछि निरन्तर रूपमा यो नयाँ समिति कार्यरत छ । र यस वर्तमान् कार्यसमितिलाई निर्वाचनपूर्व र निर्वाचन पश्चात् हालसम्म पनि पूर्व उल्लिखित २ वटा समानान्तर कार्यसमितिका दुवै अध्यक्षबाट समर्थन एवम् ठूलो सहयोग र हौसला प्राप्त भएको थियो र सो हालसम्म जारि छ । यतिमात्र होइन मेरो कार्यसमितिको निर्वाचन तथा शपथ ग्रहण कार्यक्रममा उहाँहरू दुवैको उपस्थिति र बधाइ मात्र होइन अरु तीनजना पूर्व अध्यक्षहरू पनि उपस्थित भएर बधाइ तथा शुभकामना दिनुभएको थियो ।

**वर्तमान् कार्यसमितिको लागि गतिरोधको एक घटना :**

कहिलेकाहीँ केही अप्रत्यासित घटना हुन पुग्छन् जसले गर्दा निर्दोष व्यक्ति र समुदायलाई नै अप्ठेरो पर्न जान्छ । मेरो नेतृत्वको कार्यसमितिलाई सहजतापूर्वक कार्यभार हस्तान्तरण गरेपछि सङ्घको नवीकरण गर्न, अडिट गराउन र अन्य रचनात्मक कार्यको लागि अघि बढ्न सङ्घको खाता रहेको कोपुण्डोलस्थित ग्लोबल आईएमई बैंकमा केही रकम झिक्न सो बैंकमा जाँदा पुस्तकालय सङ्घकै एकजना पूर्व पदाधिकारीले पदासीन रहेकै बेला आफ्नै अध्यक्ष र कोषाध्यक्षको हस्ताक्षर कीर्ते गरेर अर्कैको नाममा चेक काटी पटक-पटक गरी बैंकबाट ४ लाख १६ हजार रुपियाँ झिकेको थाहा पाएर हामी स्तब्ध भयौं । हस्ताक्षर कीर्ते गरिएका पदाधिकारी र जसका नामबाट चेक काटिएको हो उसलाई सोधपुछ गर्दा दुवैतर्फबाट आश्चर्य र अनभिज्ञता प्रकट भएकोले हामीलाई सो नकाम गर्ने निवर्तमान पदाधिकारी व्यक्ति पत्ता लगाउन असहज परेन । यो कुरा गाइँगुइँ थाहा पाएका उनले खुरुक्क पैसा फिर्ता गरेर माफी माग्नु पर्नेमा उल्टै सङ्घका वर्तमान अध्यक्ष इन्द्रप्रसाद अधिकारीलाई फोनमार्फत् धम्क्याउने, गाली गलौज गर्ने आदि अभद्ररूपमा प्रस्तुति भएपछि यो कुरा नराम्ररी फैलियो । बैंकको चेकमा कीर्ते हस्ताक्षर गरेको फोटोसमेत इमेलमार्फत् सब लाइब्रेरियनहरूलाई जानकारी गराएपछि अन्ततः उनले अध्यक्षसमक्ष आत्मसमर्पण गरी पैसा फिर्ता बुझाएर लिखित माफी मागेपछि यो घटना सहज अवतरण भयो ।




**गौरवपूर्ण वर्तमान र भविष्यको मार्गचित्रः**

हालको कार्यसमितिसमक्ष सुरुदेखि नै धेरै पुराना कार्यहरूको चाङ थिए र अद्यापि तीमध्ये धेरै कार्य थाति छन् । ती सबैलाई सम्पन्न गरेर नयाँ नयाँ कार्यगरी समस्त पुस्तकालयकर्मीहरूको र पुस्तकालय जगतको लागि भविष्यको लागि मार्गदर्शन र उदाहरण बन्नु पर्ने हो । सर्वप्रथम हालको कार्यसमितिले गरेका कार्यहरू :

- *गुमेको ४ लाख १६ हजार रूपैयाँ फिर्ता गराई बैंक दाखिला गराएको ।*
- *विगत ४ वर्षको अडिट गराइसकिएको ।*
- *पूर्व लाइब्रेरियनहरू तथा विदेशीहरूबाट समेत ४ वटा प्रवचन कार्यक्रम गराएको ।*

- *सङ्घको वेबसाइट परिमार्जन गरेको र अझै काम भइरहेको ।*
- *कोरोनाकाल र तत्पश्चात् पुस्तकालयको भविष्यकाबारे वेबिनार गरेको ।*
- *अन्तर्राष्ट्रिय वेबिनारहरूमा नेपाल पुस्तकालय सङ्घको तर्फबाट सहभागिता जनाएको ।*
- *अन्तर्राष्ट्रिय महासङ्घ इफ्लासँग निरन्तर सम्पर्कमा रही कार्य गर्दै रहेको ।*
- *मेलम्ची र हेलम्बुका बाढीपीडित विद्यालयका लागि पुस्तक वितरण गरेको ।*
- *जेल पुस्तकालय तथा सामुदायिक पुस्तकालयका लागि पुस्तक वितरण गरेको ।*

यी माथिका झिनामसिना कार्यहरूबाहेक भविष्यमा निम्नलिखित कार्यहरूका लागि नेपाल पुस्तकालय सङ्घले कार्यगरिरहेको छ ।

- *सङ्घको डाइरेक्टरी प्रकाशन गर्ने (निकट भविष्यमा),*
- *हुलाक टिकट प्रकाशन गर्ने तर्फ मन्त्रालयमा प्रयास भइरहेको,*
- *सङ्घको जर्नल र अथवा म्यागजिन अथवा न्युजलेटर प्रकाशन गर्ने,*
- *समसामयिक विषयमा तालिम सञ्चालन गर्ने,*
- *समसामयिक तर दूरगामी महत्वका विषयमा वेबिनारहरू गर्ने ।*

**स्वीकारोक्ति र ग्लानिवोध :**

वर्तमान कार्यसमिति जुन उत्साह, अठोट र उद्देश्य लिएर निर्वाचन भएको थियो ती सबै कुरा पुरा हुन नसकेकोमा हामीलाई केही न केही ग्लानीवोध अवश्य भएको छ । त्यसका विविध कारणहरू छन् ती अवरोधहरू माथि उल्लेख भइसके तापनि तिनलाई कमजोर एक्स्क्युज मान्न पनि सकिन्छ तर सङ्घको डुबेको ४ लाख पैसा फिर्ता पाउनु एउटा उपलब्धी नै मानेर हामीजस्तो गरिब देशको गरिब संस्थाको त्यत्ति पैसा पनि धेरै नै हो जसबाट धेरै काम हुन सक्छन् । अर्कोतर्फ कोरोना काल १५ महिना (बीचको ३ महिनाबाहेक) ले गर्दा बीच-बीचमा गर्ने भनिएका तालिम, गोष्ठी आदि कार्यक्रमहरू गर्न नसकिएकोमा उत्तिकै ग्लानीबोध भएको छ । यी सबै अपूरा कार्यहरूको लागि अध्यक्षको हैसियतले सम्पूर्ण जिम्मेवारी लिनु मेरो नैतिक कर्तव्य ठहर्छ र जतिपनि साना ठूला कार्यहरू सम्पन्न भएका छन् ती सबै वर्तमान् कार्यसमितिका अन्य पदाधिकारी सदस्यहरूको सहयोगबाट सम्पन्न हुन सकेको हो जसका लागि उनीहरू धन्यवादका पात्र छन् ।

**अन्त्यमा,**

आउँदा समय नेपाल पुस्तकालय सङ्घका लागि राम्रा हुनेछन् भन्ने मलाई पूर्ण विश्वास छ र यस कार्यसमितिका बाँकी केही अवधिका दिनहरू अत्यन्त ब्यस्तताका साथ रचनात्मक कार्यमा समर्पित हुनेछन् । यो मेरो दृढ अठोट हो । यो नेपाल पुस्तकालय सङ्घ अध्यक्षको मात्र होइन, सबै पुस्तकालयकर्मीहरूको हो, समग्र देशको सङ्घ हो । हामी सबैले प्रोएक्टिभ भएर काम गर्न सकौं । १४ औं पुस्तकालय दिवस २०७८ को उपलक्ष्यमा सबैमा यही शुभकामना !

**सन्दर्भसामग्री**

अमात्य, पूर्णप्रसाद (सन् २००२), 'शारदा शम्सेरले लेटरप्याडमा आफैंले लेखेर...नियुक्ति दिनुभयो' : तुल्सा जर्नल, २:३ ।

मिश्र, शान्ति (सन् २००३), '...अब मान्छेमा विश्वास खोज्न मलाई गाह्रो पर्छ' : तुल्सा जर्नल, ३:१ ।

शर्मा, वसन्तकुमार (सन् २००२), 'पुस्तकालय र म' : तुल्सा जर्नल, २:२ ।

# पुस्तकालयमा डिजिटाइजेसन तथा अनलाईन सेवाः आजको आवश्यकता



✍ विणा वैद्य
पूर्व सहलाईब्रेरियन, त्रि.वि. केन्द्रीय पुस्तकालय ।

## १. भूमिका

हाल समाजमा उपलब्ध सूचना तथा सञ्चार प्रविधिको विकासले गर्दा पुस्तकालय सङ्कलनमा रहेका पाठ्यसामग्रीहरूलाई विद्युतीय पुस्तकालयमा रूपमा परिवर्तन गरी संसारभरका पाठकहरूले प्रयोग गर्न तथा गराउन सकिने अवस्था आएको छ । पाठकहरूले आफूले चाहेको सामग्री अध्ययन, अनुसन्धान गर्नका लागि भौतिक रूपमा पुस्तकालयमा आउनै नपर्ने गरी अनलाईनमार्फत् प्रयोग गर्न सम्भव भएको छ । अर्को कुरा, भौतिक पुस्तकालयमा जस्तो गहन रूपमा अध्ययन वा अनुसन्धान गर्ने पाठक वा अनुसन्धानकर्ताका लागि भनेर बेग्लै अध्ययन कक्षको व्यवस्था मिलाईरहन पर्दैन । भौतिक पाठ्यसामग्रीहरू (दुर्लभ पुस्तक, हस्तलिखित ग्रन्थ, पुराना तस्विरहरू, भिडियो टेप आदि) लाई डिजीटाइज गरिसकेपछि चलाउन नपर्ने हुँदा धेरै वर्षसम्म टिकाउन सकिन्छ । यो पनि डिजीटाइजेसनको अर्को फाइदा हो ।

डिजीटाइज प्रविधिबाट तयार पारिएका सामग्रीहरू कम्प्युटर सर्भर, सिडि, डिभिडि, एक्सटर्नल हार्ड ड्राइभ वा क्लाउडमा राख्न सकिन्छ । वेब सर्भरमा राखेर यस्ता सामग्रीलाई अनलाईनमार्फत् संसारभरबाट उपयोग गर्न सकिने व्यवस्था मिलाउन सकिन्छ। यस्ता सामग्रीलाई इलेक्ट्रोनिक पुस्तक, जर्नल, सन्दर्भ पुस्तक आदि विभिन्न ढाँचामा उपलब्ध गराउन सकिन्छ । यस्तो प्रणालीको उपयोगबाट पुस्तकालयबाट प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउन सहयोग पुग्छ ।

नेपालमा केही पुस्तकालय तथा अभिलेखालयहरूले आफ्ना पाठ्यसामग्रीहरू डिजिटाइजेसन गरी डिजिटल पुस्तकालयको स्थापना गरेका भएपनि अनलाईनमा उपलब्ध गराइसकेका छैनन् । यस्तै अनलाईनमा उपलब्ध हुने इरिसोर्सेजहरूको पनि व्यापक रूपमा अनलाईनमा उपलब्ध गराउन सकेका छैनन् ।

## कोभिड–१९ को प्रभावमा पुस्तकालय

विश्वव्यापी रूपमा फैलिइरहेको कोभिड-१९ को महामारीले सबै खालका गतविधिहरूमा प्रभाव पारेको छ । यसको सोझो असर पुस्तकालयमा पनि पर्ने नै भयो । प्रत्यक्ष रूपमा पुस्तकालयको प्रयोग गर्दा पाठकलाई भौतिक दुरी कायम गरेर सेवा दिने, मास्क लगाउन अनिवार्य गर्ने, स्यानिटाइजर लगाउने जस्ता अप्ठेराहरूबाट वच्नका लागि पनि यो सोंचलाई अगाडि बढाउनु पर्ने स्थिति आएको हो । कोभिडको भयावह स्थिति कहिलेसम्म रहन्छ भनेर पुर्वानुमान गर्न सकिने अबस्था छैन । पाठकहरू पनि आफू संक्रमित भइएला कि भन्ने डरले पुस्तकालय भ्रमण गर्न डराइरहेको अबस्था छ । त्यसकारण पुस्तकालयहरूले डिजिटाइज गरी अनलाईनमार्फत् सेवा प्रवाह गर्नु आवश्यक देखिएको हो ।

## सम्वत् २०७२ सालको भूकम्प र पुस्तकालय

सम्वत् २०७२ सालको भूकम्पले नेपालका धेरै भवनहरूमा क्षति पुगेजस्तै महत्त्वपूर्ण पुस्तकालयहरू रहेका भवनहरू पनि कुनै पूर्ण रूपमा त कुनै आंशिक रूपमा क्षति भए । सौभाग्यवश, यो दैवि प्रकोपबाट

पुस्तक, पत्रपत्रिका लगायतका पठन सामग्रीहरूमा भने खासै क्षति भएन । बेलाबेलामा भूकम्पका पराकम्पहरू आइरहेपनि पुस्तकालयका कर्मचारीहरू, स्वयम्सेवहरू, नेपाली सेना, शशस्त्र प्रहरी, नेपाल प्रहरीको सहयोगमा सुरक्षित स्थानमा सार्न सफल भएका थिए । मदन पुरस्कार पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालयको बाल कक्षबाहेक मूल भवनमा रहेका कक्षहरू पूर्ण रूपमा क्षति भएका थिए भने केसर पुस्तकालय, त्रिवि केन्द्रीय पुस्तकालय भवनहरू आंशिक रूपमा क्षतिग्रस्त बने । नेपाल राष्ट्रिय पुस्तकालयका तत्कालीन प्रमुख श्री यादवचन्द्र निरौलाको नेतृत्वमा त्यहाँ रहेका सबै पाठ्यसामग्रीहरू, फर्निचरहरू सानो गौचरणमा रहेका महेन्द्र माध्यमिक विद्यालयमा सारिएको थियो । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयका पठन सामग्रीहरू पनि चर्केको ठाउँबाट सुरक्षित ठाउँमा सारियो ।

उल्लिखित पुस्तकालयहरूमा हाम्रा पुर्वजहरूले सङ्कलन र संरक्षण गरी राखेका महत्त्वपूर्ण तथा दुर्लभ सम्पदाहरू रहेका छन् । यस्ता सम्पदाहरू वर्षा अगावै बचाउन सफल भईयो । यो पुस्तकालय क्षेत्रमा लाग्नेहरूका लागि खुसीको कुरा त हुदै हो मुलुककै लागि पनि खुसीको कुरा हो ।

**पुस्तकालयमा पुगेको क्षतिका अन्य उदाहरण**

सन् १९६० मा इटालीको फ्लोरेन्स शहरमा आएको बाढीबाट पुस्तकालयमा भएका करिब ६०,००० हस्तलिखित ग्रन्थ बगाएको थियो । सन् १९८० मा अमेरिकाको न्यूयोर्कमा रहेको एक धार्मिक पुस्तकालयमा आगलागी हुँदा करिब ८०,००० पुस्तक नष्ट भएका थिए । यस्ता प्रकारका विपत्तिबाट वच्न युरोपियन तथा अमेरिकी पुस्तकालयकर्मीहरू, नीति निर्माताहरू, तथा निजी संस्थाहरूले आफूसँग भएका पाठ्यसामग्रीहरू बचाउन संरक्षण र सम्बर्द्धनका विभिन्न उपायहरू जस्तोः माइक्रोफिल्मिङ गर्ने, फ्युमिग्रेसन गर्ने, एशिडरहित बनाउने, डिजीटाइजेसन गर्ने जस्ता प्रविधिहरू अपनाउन थाले । भविष्यमा कस्तो खालको आपद् विपद आइपर्छ भनेर भविष्यवाणी गर्न कठीन हुने भएकाले यसमा पुस्तकालयहरू चनाखो हुनु पर्छ । पुस्तकालयमा रहेका तर बजारमा वा अन्यत्र नपाइने महत्त्वपूर्ण एवम् दुर्लभ पुस्तकहरूको सुरक्षा व्यवस्था तथा सेवामा ध्यान दिनु जरुरी देखिन्छ । अनलाईन वा डिजिटल माध्यमबाट सेवा प्रदान गर्न पुस्तकालय नै हुनुपर्छ भन्ने बाध्यता हटेको अहिलेको अबस्थामा पुस्तकालयहरूलाई चुनौति थपिदिएको छ । त्यसैले अबका पुस्तकालयले भौतिक सङ्कलनमा भन्दा पनि आफुसँग भएका महत्त्वपूर्ण दस्तावेजहरू डिजिटाइज गर्न र पहिलेनै डिजिटाइजस्वरूपमा उत्पादन भएका सामग्रीहरू निःशुल्क वा खरीद गरेर प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सक्नु पर्दछ । इन्टरनेटमार्फत् प्राप्त गर्न सकिने स्रोतहरूको पहिचान गरी तिनीहरूलाई पनि एकीकृत गरेर सेवा प्रदान गर्न सकिन्छ ।

**नेपालको सन्दर्भ**

नेपालमा विद्युतीय पुस्तकालय (Digital library) अनलाईनमा उपलब्ध पाठ्यसामग्री (E-Resources) को सङ्कलन भएका केही प्रतिनिधि पुस्तकायहरूको छोटो चर्चा निम्नानुसार गरिएको छः

**क. त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (त्रिविकेपु)**

नेपालको ठूलो यस पुस्तकालयमा सङ्कलन भएका कतिपय पुस्तक तथा पत्रपत्रिकाहरू अन्यत्र नपाइने, दुर्लभ तथा महत्त्वपूर्ण पठनसामग्रीहरू पनि रहेका छन् । यस पुस्तकालयमा करिब ७७६४६ विशेष सङ्कलनमा रहेका पाठ्यसामग्रीहरू रहेका छन् । यी दुर्लभ सामग्रीहरू सीमित पहुँच (Close Access) मा राखिएका छन् । पाठकको विशेष अनुरोधमा मात्र ती सामग्रीहरू उपयोग गर्न सकिन्छ । ती विशेष शाखाहरू र पाठ्यसामग्रको सङ्ख्या यसप्रकार रहेको छः नेपाल सङ्कलनः ४८६४६, नेपाली जर्नल सङ्कलनः ३०००, अभिलेख सङ्कलनः १०००, भिलेज प्रोफाइल सङ्कलन, ४०००, महेशचन्द्र रेग्मी सङ्कलनः ५५००, सिंह सङ्कलनः ७०००, हस्तलिखित ग्रन्थः ५५०० हस्तलिखित ग्रन्थहरूको लेखसार (Abstract) सहितको डाटावेश राखिएको छ । यहाँ एउटा हस्तलिखित ग्रन्थ सुनौला अक्षरले लेखिएको पनि सुरक्षित साथ राखिएको छ ।

यस्तै अष्टसहस्रिका पज्ञापारमीता (Astasahasrika Prajyaparamita), कर्णव्युह (Karnavyuha), पञ्चरक्षासुत्र (Pancharakshayasutra) नेपालका तीन ठाउँ (सवयम्भुनाथ, भगवानवहाल तथा त्रिविकेपु) मा मात्र उपलब्ध छन् । यी हस्तलिखित ग्रन्थ विशेषज्ञले दिएको रिर्पोटअनुसार बुझिएको हो । यहाँको सङ्कलनमा हस्तलिखित ग्रन्थबाहेकका कुनै पनि सामग्रीहरू डिजिटाइज गरिएको छैन । डिजिटाइज गरिएका ग्रन्थहरूको अभिलेख पिडिएफ फाइल बनाएर राखिएको छ । यिनीहरूलाई अनलाईनमा राखिएको छैन । यी सामग्रीहरूलाई चाडै नै अनलाईनमा राख्ने योजना रहेको छ। यो पुस्तकालयमा अनलाईन स्रोतहरू धेरै नै भईसकेका छन् । यहाँ विभिन्न अनलाईन पाठ्यसामग्रीहरू विभिन्न सङ्घसंस्थाबाट प्राप्त भईसकेका छन् ।

**नेपजोल सेवा**

त्रिविकेपुले सन् २००८ देखि बेलायतको International network for Availability of Scientificc Publications (INASP), बाट नेपाल जर्नलल्स अनलाईन (NepJOL) राष्ट्रिय स्तरको डाटावेश सञ्चालन गर्दै आएको छ । यो अर्न्तराष्ट्रिय स्तरको मौलिक प्राज्ञिक डाटावेश हो । यसको मुख्य उद्देश्य नेपालमा छरिएर रहेका प्रकाशहरूलाई एकै ठाउँबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाउनु हो । यसको वेवसाइट www.nepjol.info रहेको छ । यसभित्र समावेश भएका २१७ जर्नलहरूका २३,२२७ लेखहरूको पूर्ण पाठ पिडिएफ फाइल संसारभर बाट निःशुल्क रूपमा प्राप्त गर्न सकिन्छ । यो सङ्ग्रहमा चिकित्सा विज्ञानसँग सम्बन्धित लेखरचनाहरूको बाहुल्यता रहेको छ। चिकित्सा विज्ञानपछि विज्ञान तथा प्रविधिसँग समबन्धित अङ्ग्रेजी भाषाका लेखरचनाहरू रहेका छन् । भविष्यमा नेपाली भाषाका लेखरचनाहरू पनि समावेश गर्नका लागि पहल भईरहेको छ । NepJOL सेवाहरूबाहेक त्रिविकेपुले निम्नलिखित स्रोतहरू विभिन्न सङ्घसंस्थाहरूबाट खरीद तथा सम्झौता गरी पाठकहरूलाई सेवा प्रदान गरिरहेको छ।

प्रोजेक्टम्युज (Projectmuse) : यस डाटावेशभित्र ४,५०,००० विद्युतीय पुस्तक (ebooks), इबुक्स, ५० लाख भन्दा बढी विद्युतीय शोधपत्रहरू (E-thesis, Dissertations) डिजर्टेशन, हजारौ जर्नल, म्यागाजिन्स तथा प्रतिवेदहरू रहेका छन् ।

एशियाली विकास बैक (एडिबि) बाट तीनलाख भन्दा बढी डिजिटल पाठ्यसामग्रीहरू र भारतको नेसनल डिजिटल लाईब्रेरीसँगको संझौताबाट पनि केही इरिसोर्सेजहरू प्राप्त भएका छन् ।

द ब्रिटिश काउन्सिलको सहयोगमा पुस्तकालयभित्र डिजिटल वाल जडान गरिएको छ । यसमा १०,००० रिसर्च जर्नल, ४००० भन्दा बढी अनलाईन पत्रपत्रिका र १००० इबुक्स रहेका छन् ।

मदन पुरस्कार पुस्तकालयको pustakalaya.org भित्र कमलमणि दिक्षीतद्वारा लिखित पुस्तकहरू रहेका छन् ।

मार्टिन चौतारी पुस्तकालयले (Joster Digital library) तथा लाखौं पुस्तक र जर्नलहरू अनलाईन सेवा दिइरहेका छन् ।

**केसर पुस्तकालय**

यो पुस्तकालय नेपालको महत्त्वपूर्ण सामग्रीको सङ्कलन भएको पुस्तकालय हो । यस पुस्तकालयमा करिब ६०,००० पुस्तक तथा पत्रपत्रकिाहरू रहेका छन् । यी मध्ये नेपाल जर्मन म्यानुस्क्रिप्ट प्रोजेक्ट अन्तर्गत ६०० हस्तलिखित ग्रन्थहरू डिजिटाइज गरेर क्याटलगसहित डिजिटल कपि बुझाएको थियो । यो पुस्तकालयमा पाठ्यसामग्रीहरूको सङ्कलनबाहेक जनावरहरूका डमी, पेन्टिङ, फोटो इत्यादिको सङ्कलन रहेको थियो । यी सङ्कलनहरू भवनको पहिलो तलामा राखिएको थियो । सम्वत् २०७२ सालको भूकम्प पछि सुरक्षाका लागि भुइतल्लामा राखिएको छ । हस्तलिखित ग्रन्थहरूको डिजिटाइज कपिबाहेक अरु करिब १००० जति पाठ्यसामग्रीहरूको डिजिटाइज भएको छ । डिजिटाइज भएका हस्तलिखित ग्रन्थहरूको अभिलेख अनलाईनमा छैन । पुस्तकालयमा अध्ययन गर्न आउने पाठकरुलाई मात्र सेवा दिइरहेको छ ।

**मदन पुरस्कार पुस्तकालय**

विसं. २०१३ सालमा स्थापना भएको यो पुस्तकालयमा नेपाली भाषा र साहित्यको सङ्कलन रहेको छ । साथै, नेपाली भाषा साहित्यसँग सम्बन्धित तस्विरहरू, पर्चा पम्प्लेटहरू, पाण्डुलिपि, श्रव्यदृष्य लगायतका सामग्रीहरू रहेका छन् । पुस्तकालयमा प्राप्त भएका सबै सामग्रीहरू नियमित रूपमा डिजीटाइज गरी सेवा प्रदान गरिरहेको छ। सम्वत् २०७२ सालको भूकम्पपछि पनि डिजीटाइजेसनको कामलाई निरन्तरता दिइयो ।

हाल यो पुस्तकालयमा ४४,००० पुस्तकहरू, ५७०० शीर्षकका पत्रपत्रिकाहरू, १६०० पर्चा पम्प्लेटहरू, १,२०,००० पाण्डुलिपि तथा २००० श्रव्यदृष्य सामग्रीहरूको डिजीटल कपि उपलब्ध छ । यी सामग्रीहरू पुस्तकालयमा गएर अध्ययन अनुसन्धान गर्ने पाठकहरूका लागि उपलब्ध भएपनि अनलाईन सेवा भने दिइएको छैन । यसैगरी पुस्तकालयमा भएका पुस्तकहरूको करिब २०,००० पेज, ३,००,००० पेज विभिन्न पत्रपत्रिका, ५१००० प्रति तस्विरहरूको, ३००० पेज पर्चा पम्प्लेटहरूको, १५०० पेज पाण्डुलिपिहरूको तथा करिब १०० पेज श्रव्यदृष्य सामग्रीको माइक्रोफिल्म उपलब्ध छ । साझा शिक्षा इ पाटीले विकास गरेको अनलाईन पुस्तकालय pustakalaya.org बाट पनि कमलमणि दिक्षीतले लेख्नु भएका पुस्तकहरू विद्युतीय रूपमा उपलब्ध छन् ।

पुस्तकालयमा सुरक्षित तथा व्यवस्थित रूपमा राखिएका ती सबै महत्त्वपूर्ण सङ्कलनहरूको पाठकले अनलाईन प्रयोग गर्ने सुविधा भने दिइएको छैन ।

**सोसल साइन्स बहाः पुस्तकालय**

सन् २००७ मा स्थापित यस पुस्तकालयमा सामाजिक शास्त्रसम्बन्धी पुस्तक, जर्नल, शोत्रपधहरू तथा अनुसन्धानसम्बन्धी लेख रचनाहरू उपलब्ध छन् । ती पाठ्यसामग्रीहरूमध्ये १००० पुस्तकहरूको डिजिटाइज गरिएको छ। तर त्यसरी डिजिटाइज गरिएका छन् तर ती सामग्रीहरू अनलाईनमा उपलब्ध छैनन् । जर्नलहरूको पनि डिजिटाइज गरिएको छैन । पाठकहरूको अनुरोधमा केही महत्त्वपूर्ण जर्नलहरूको अनलाईन सेवा उपलब्ध गराइएको छ ।

**लोटस रिसर्च सेन्टर**

यहाँ बौद्ध धर्मसम्बन्धी ४०,००० दुर्लभ पुस्तकहरू, काठमाडौ उपत्यकाका तीनवटै जिल्लामा रहेका मन्दिरहरू तथा विहारहरूका समेत गरी करिब ५,००,००० धार्मिक तस्वीरहरूको सङ्कलन रहेको छ । ती सबै सामग्रीहरू डिजिटाइज गरी संरक्षित गरी राखिएको भएपनि अनलाईनमा उपलब्ध गराइएको छैन । यस केन्द्रको प्रमुख उद्देश्य बौद्ध धर्मसम्बन्धी पाठ्यसामग्रीहरूको संस्थागत स्रोतकेन्द्र (Institutional repository) का रूपमा विकास गर्नु हो ।

**आशा सफू धूकु**

यो हस्तलिखित ग्रन्थहरूको मात्र सङ्कलन भएको सार्वजनिक पुस्तकालय हो । यहाँ ७००० महत्त्वपूर्ण दुर्लभ भोजपत्र (Palm leaf) लुजलिफ, पोथी आदिमा हस्तलिखित ग्रन्थहरू राखिएका छन् । यहाँ सबै डिजिटाइज गरिएका हस्तलिखित ग्रन्थहरू राखिएका छन् । जापानीज विशेषज्ञ नाचको टाकाजीको नेतृत्वमा आएका Paper conservative Asia Unlimited को समूहले तीनवर्ष लगाएर पुस्तकालयमा भएका सबै हस्तालिखित ग्रन्थहरूको डिजिटाइज गरेको थियो । यी ग्रन्थहरूको अभिलेख सिडि तथा डिभिडि र कम्प्युटरको एक्सर्नल हार्डडिस्कमा सुरक्षित गरेर राखिएको छ । यहाँ सबै डिजिटाइज गरेर राखिएका सामग्रीहरू ५२,५००.०० मा विक्री गर्ने पनि गरिएको छ । पुस्तकालयमा आउने पाठकहरूलाई कम्प्युटरबाटै सेवा प्रदान गर्ने गरिएको छ । मूलप्रतिलाई जापानको राष्ट्रिय पुस्तकालय (National Diet Library) बाट प्राप्त ग्रन्थको आकारअनुसारको काठको बाकसमा सुरक्षित गरी राखिएको छ । यस पुस्तकालयले पनि अनलाईन सेवा दिएको छैन ।

### राष्ट्रिय अभिलेखालय

राष्ट्रिय अभिलेखालय प्रारम्भमा शिक्षा मन्त्रालय अन्तर्गत र हाल संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको छ । सम्वत् २०२४ सालमा यसको स्थापना हुँदा वीर पुस्तकालयमा भएका हस्तलिखित ग्रन्थहरू समेत यहाँ सारिएका थिए । यसको प्रमुख काम नेपालमा उपलब्ध भएका ऐतिहासिक, साँस्कृतिक तथा अन्य दुर्लभ अभिलेखहरूको सङ्कलन, प्रशोधन, तथा संरक्षण गर्नु हो । साथै, अभिलेख संरक्षण ऐन, २०४६ अनुसार २५ वर्ष भन्दा पुराना ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण सामग्रीहरूलाई राष्ट्र सम्पत्ती संभ्केर राष्ट्रिय अभिलेखालयमा उपलब्ध गराउनु पर्ने व्यवस्था भएअनुसार समय समयमा सर्वसाधरणलाई अनुरोध गर्ने र प्राप्त भएका सामग्रीको संरक्षण र सम्बर्द्धन गर्ने गरेको छ ।

नेपालमा रहेका हस्तलिखित ग्रन्थहरूमध्ये सबैभन्दा बढी र नवौं शताब्दीमा पुराना नेपाली कागजमा लेखिएका सबैभन्दा पुराना दस्तावेजहरू, भोजपत्र (Palm leaves) लगायतका विभिन्न विषयका हस्तखित ग्रन्थहरू रहेका छन् । हालसम्म माइक्रोफिल्म शाखाले ४०,००० हस्तलिखित ग्रन्थहरूको डिजिटाइज गरिसकेको छ । यसरी माइक्रोफिल्म तयार गरिएका नेगेटिभ (Exposer) बाट नेपाली तथा विदेशी पाठकलाई दुई भाउमा विक्री वितरण गर्ने गरेको छ । अनलाईन सेवा दिइएको छैन ।

### मार्टिन चौतारी पुस्तकालय

यो सामाजिक अनुसन्धानमा समर्पित पुस्तकालय हो । यसमा २१५०० पाठ्यसामग्रीहरूको सङ्कलन रहेको छ। ती सङ्कलनमा रहेका सबै पाठ्यसामग्रीहरू डिजिटाइज गरी अनलाईनका माध्यमबाट सबै पाठकहरूलाई सेवा दिने योजना रहेको छ। Newpaer Digital archieve नामको डाटावेशमा समाचारपत्रहरूको डिजिटाइज हुँदै छ । JSTOR (Digital library of academic journals, books, and primary sources) भन्ने डिजिटल लाईब्रेरीबाट पाठकहरूलाई पुस्तक तथा जर्नलहरूको अनलाईन सेवा दिइराखेको छ । Project Muse बाट पनि यस्ता विभिन्नि खालका सेवा तथा जर्नलमा भएका लेखहरूको पुरा पेज अनलाईनमा उपलब्ध छन् ।

यो पुस्तकालय तथा मदन पुरस्कार पुस्तकालयको सहकार्यमा मदन रेग्मीको सङ्कलनको डिजिटाइजेशन कार्य सञ्चालन भईरहेको छ ।

उल्लेखित पुस्तकालय तथा अभिलेखालयहरूले आफ्ना पाठ्यसामग्रीहरूको डिजिटाइज गरिसकेको छ । पाठ्यसामग्रीहरूको डिजिटाइजेसन गरिएका पुस्तकालयहरू, अभिलेखालयहरू तथा अनुसन्धान केन्द्रहरूका तथ्याङ्कसहितको विवरण निम्नानुसार रहेका छन्:

| सि.नं | पुस्तकालय | हस्तलिखित ग्रन्थ |
|---|---|---|
| १ | त्रिवि केन्द्रीय पुस्तकालय | ५५० |
| २ | केसर पुस्तकालय | ६०० |
| ३ | मदन पुरस्कार पुस्तकालय<br>क. हस्तलिखित ग्रन्थ<br>ख. पुस्तकहरू<br>ग. पत्रपत्रिका<br>घ. तस्विरहरू<br>ङ. पर्चापम्प्लेट<br>च. श्रव्यदृश्य | <br>१,२०,००<br>४४,०००<br>५,७००<br>५१,०००<br>१६,०००<br>२,००० |
| ४ | सोसल सायन्स बहा: | १,००० |
| ५ | लोटस रिसर्च सेन्टर<br>क. दुर्लभ पुस्तकहरू<br>ख. धार्मिक तस्विरहरू | <br>४७,०००<br>५,००,००० |
| ६ | राष्ट्रिय अभिलेखालय | ४०,००० |
| ७ | आशासफुधुकू हस्तलिखित ग्रन्थ | ७,००० |

### डिजिटाइजेसन गर्नु अगाडि पाठ्यसामग्रीको छनोटबारे

पुस्तकालय तथा अभिलेखालयहरूमा डिजिटाइज गर्न बाँकी रहेका हस्तलिखित ग्रन्थ तथा दुर्लभ पाठ्यसामग्रीहरूको सङ्कलन गरी प्राथमिकताका आधारमा अगाडि बढाउनु पर्छ । यो काम शुरु गर्नु

अगाडि उचित योजना बनाई ती पाठ्यसामग्रीहरूको छनोट गर्नु पर्छ। पहिलो प्राथमिकतामा हस्तलिखित ग्रन्थ त्यसपछि दुर्लभ र महत्त्वपूर्ण पुस्तकहरू, पुस्तिकाहरू, जर्नलहरू, सामाचार पत्रहरू, आदि पुस्तकालयको प्रयोगको अबस्थालाई समेत आधार मान्नु उचित हुन्छ।

**हस्तलिखित ग्रन्थ तथा दुर्लभ पाठ्यसामग्रीहरूको विद्युतीय पुस्तकालय (digital library) स्थापनाबारे**

विश्वमा सबैभन्दा धेरै हस्तलिखित तथा दुर्लभ पाठ्यसामग्रीहरू दक्षिण एशियाली मुलुकहरूमा रहेका छन्। त्यसभित्र नेपाल पनि पर्दछ। सम्वत् २०७२ सालको भूकम्पले नेपालमा रहेका यी सामग्रीहरू बचाइदिएको छ। हामीले यी पाठ्यसामग्रीहरूको मौलिक (Original) तथा भौतिक प्रति विभिन्न उपायहरू जस्तोः तापक्रम मिलाउने, फ्युमिग्रेसन गर्ने, एसिडरहित बनाउने आदि कार्यहरू गर्ने र मुलुकबाहिरका पाठकले समेत अध्ययन गर्न पाउने गरी डिजिटाइज गरी अनलाईनमा राख्ने व्यवस्था मिलाउनु पर्छ । अनलाईनका माध्यमबाट बौद्ध धर्म, हिन्दू धर्म, आयुर्वेद, तन्त्रविद्या जस्ता बहुमूल्य सूचनाहरू सम्प्रेषण गर्न सकिन्छ । महत्त्वपूर्ण दस्तावेजहरूलाई अनलाईनमा अध्ययन गर्नु अगाडि निश्चित शुल्क समेत राखेर त्यसबाट आयआर्जन गर्न समेत सकिन्छ ।

उल्लिखित पुस्तकालयहरूबाहेक नेपालमा रहेका बौद्ध विहारहरू, हिन्दु मन्दिरहरू तथा धेरै नेपालीहरूका घरघरमा समेत रहेका छन् । त्यसरी छरिएर रहेका पाठ्यसामग्रीहरूको सङ्कलन गरी एकै थलोबाट सेवा प्रदान गर्ने गरी केन्द्रीयस्तरको पुस्तकालय स्थापना गर्नु आवश्यक देखिन्छ ।

लेखकले भ्रमण गरेका दक्षिण अफ्रिकाको केपटाउन र मलेसियाको क्वालालम्पुरमा रहेका राष्ट्रिय पुस्तकालयहरूमा हस्तलिखित ग्रन्थहरूको केन्द्रहरू राखिएका छन् । यस्ता ग्रन्थहरूको सङ्कलनलाई निरन्तरता दिइएको छ। भारतीय राष्ट्रिय पुस्तकालयमा पनि हस्तलिखित ग्रन्थहरू रहेका छन् ।

भारतमा डिजिटल रिपोजिटरीको स्थापना गर्न पुस्तकालय विद तथा इन्दिरा गान्धी राष्ट्रिय सूचना केन्द्रका डिन रमेश चन्द्र गौर (Ramesh C. Gaur) को नेतृत्वमा काम अगाडि बढाइएको छ । केही महिना अगाडि उहाँले Internatinal Webinar on preservation and conservation of manuscripts and library materials विषयक अन्तर्राष्ट्रिय वेविनारको आयोजना गर्नु भएको थियो । रिपोजिटरी स्थापना गर्नका लागि पुस्तकालयकर्मीहरू, विदेशी सङ्घसंस्थाहरू तथा सरकारलाई समेत सहयोग गर्न अपिल गर्नु भएको थियो । उक्त वेबिनारमा नेपाल तथा भारतका धेरै हस्तलिखित ग्रन्थहरू जर्मनका पुस्तकालयहरूमा लगिएको कुरा पनि प्रस्तुत गर्नु भएको थियो। यो वेबिनारमा लेखकले पनि भाग लिएकी थिए । अतः नेपालमा पनि तुरुन्तै सुविधा सम्पन्न डिजिटल लाईब्रेरीको स्थापना गर्न संभव नभएपनि हस्तलिखित ग्रन्थहरूको रिपोजिटरी स्थापना गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

अन्त्यमा सबै पुस्तकालयहरूले डिजिटाइज भएका सामग्रीलाई अनलाईन सेवा दिने गरी व्यवस्थित गरेर स्वदेशी तथा विदेशी सबै पाठकहरूलाई सेवा प्रदान गर्ने तथा डिजिटाइज गर्न बाँकी रहेका सामग्रीहरूलाई पनि डिजिटाइज गर्दै सेवा प्रदान गर्नु जरुरी देखिन्छ। पुस्तकालय सङ्कलनमा पनि अनलाईन पाठ्यसामग्रीहरूको सङ्कलन बढाउँदै लैजाने नीति लिनु आवश्यक छ। यति गर्न सके पुस्तकालय सेवालाई प्रभावकारी बनाउन र वातावरणमा परिर्वतन ल्याउन सकिने देखिन्छ ।

**सन्दर्भ सामग्री**


शर्मा, विजय, नेपाल समाचारपत्र चैत्र, २० गते २०७७, काठमाडौं ।

Vaidya, B. Digital library resource management: Special collection and digitization activities of Tribhuvan University Central library, 11-13 January 2011, Science city, Calcutta.

Vaidya, B. Effect of earthquake in Nepalese libraries: International cooperation to preserve cultural herniate. Souvenir, 8th Library day, 2015, Kathmandu.

http://www.martinchautari.org,np

http://www.madmpuraskar.org

http://www.tucl.edu.np

# दिगो विकासका लक्ष्यहरू, सबल समाज र सार्वजनिक पुस्तकालय



✍ **निमा धिताल (पण्डित)**
पुस्तकालय अधिकृत
नेपाल गुणस्तर तथा नापतौल विभाग

***"Nothing is pleasanter than exploring a library."- Walter Savage Landor***

**सारांश**

मानव जीवनमा समृद्धि हाँसिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा प्रयासलाई सार्वजनिक पुस्तकालयको विकास तथा विस्तारले गन्तब्यमा पुग्न सहयोग गर्ने कुरामा दुईमत छैन । यस लेखमा दिगो विकास लक्ष्यहरू, सबल समाज र सार्वजनिक पुस्तकालयहरूको सवाल उठान गरिएको छ । दिगो विकास लक्ष्यहरू, दिगो विकास लक्ष्यका तत्व तथा आधार स्तम्भहरू, दिगो विकास लक्ष्यका आयामहरू, समाज, सबल समाज, सबल समाजका विषेशताहरू, सार्वजनिक पुस्तकालय, सार्वजनिक पुस्तकालयको उद्देश्य, सार्वजनिक पुस्तकालयका विषेशताहरू, सार्वजनिक पुस्तकालय विकासको दायित्व कानुन र सञ्जालीकरण, दिगो विकासको लागि सार्वजनिक पुस्तकालय, सार्वजनिक पुस्तकालय विकासको अवसर र चुनौती, सबल समाज र सार्वजनिक पुस्तकालयको सम्बन्ध, सबल समाज निर्माणमा सार्वजनिक पुस्तकालयको भूमिका, दिगो विकास लक्ष्य र सार्वजनिक पुस्तकालयको सेरोफेरोमा लेखन सिमित गर्न खोजिएता पनि यसको बृहत्तर पक्षलाई समेट्न सकिएको छैन । लेखकको प्रयास पुस्तकालय तथा सूचना विज्ञान प्रेमीहरूका लागि उपयोगी हुने छ ।

**परिचय :**

दिगो विकास प्रकृतीमैत्री, दीर्घकालीन र भावी पुस्ताका लागि समेत सहज हुने गरी गरिएको विकास हो । यसैगरी विकास, जनसङ्ख्या र वातावरण वीचको सन्तुलन सूचना मानव, प्रकृती वीचको अन्तरसम्बन्ध फलदायी, सकारात्मक, परस्पर र सहयोगी बनाउदै गरिने विकास दिगो विकास हो । पृथ्वीको धान्न सक्ने क्षमताको सीमा भित्र रहेर मानिसको जीवनमा समृद्धि हाँसिल गर्न र समाजमा शान्ति कायम गर्न विश्व समुदायले अवलम्बन गरेको विकासको विश्वव्यापी साझा खाका नै दिगो विकास लक्ष्य हुन् । यो संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० सम्ममा पुरा गर्ने गरी विश्वसमुदायमा निर्दिष्ट लक्ष्य तय गरिएको विकासको लागि साझा प्रतिबद्धता हो । यस साझेदारीमा विश्वका १९३ देशहरू आबद्ध छन् । नेपाल पनि एक हो ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० सम्म विश्वको सामाजिक, आर्थिक रूपान्तरण र विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताको साथ सन् २०१५ को सेप्टेम्बरमा दिगो विकास लक्ष्यहरू घोषणा गरेको थियो । घोषणाअनुरूप दिगो विकासका १७ वटा

लक्ष्य, १६९ वटा परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक रहेका छन । राष्ट्रिय योजना आयोगले नेपालको वस्तुगत यथार्थतालाई पनि समेट्ने गरी २४७ वटा सूचकहरू थप गरी ४७९ सूचकहरू निर्धारण गरेको छ। नेपालको चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकरण शुरु गरेको छ भने पन्ध्रौं योजनाले पनि यसलाई आत्मसात गरेको छ ।

**दिगो विकास लक्ष्यहरू**

१. **गरीबीको अन्त्य** : हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने ।

२. **भोकमरीको अन्त्यः** भोकमरी अन्त्य गर्ने, खाद्यसुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रबर्द्धन गर्ने ।

३. **स्वस्थ्य र सम्मुनत समाज** : सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चिता गर्दै समृद्ध जीवनस्तर प्रबर्द्धन गर्ने ।

४. **गुणस्तरीय शिक्षा** : समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रबर्द्धन गर्ने ।

५. **लैङगिक समानता** : लैङ्गिक समानता हाँसिल गर्ने र सबै महिला, किशोरी र बालिकाहरूलाई सशक्त बनाउने ।

६. **स्वच्छ पानी र सरसफाइ** : सबैको निम्ति खानेपानीको र सरसफाइको उपलब्धताको साथै यसको दिगो व्यवस्थापनको सुनिश्चित गर्ने ।

७. **स्वच्छ उर्जामा सहज पहुँच** : धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने ।

८. **मर्यादित रोजगार तथा आर्थिक वृद्धि** : स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशिल रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन गर्ने ।

९. **उद्योग, पुर्वाधार र नवीन सिर्जना** : उत्पादनशिल पुर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रबर्द्धन गर्ने र नवप्रवर्तनलाई प्ररित गर्ने ।

१०. **असमानता न्यूनीकरण** : देशभित्र तथा देशहरूबिचको असमानता हटाउने ।

११. **दिगो शहर र समुदाय** : शहरहरू र मानव वस्तीलाई समावेशी, सुरक्षित र उत्थानशिल र दिगो बनाउने ।

१२. **जिम्मेवारपूर्ण उपभोग र उत्पादन** : दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने ।

१३. **जलवायु परिवर्तनमा तत्काल पहल** : जलवायु परिवर्तन र यसका प्रभावहरूसंग जुध्न तत्काल कार्य अघि बढाउने ।

१४. **जलमुनीको जैविक विविधताको संरक्षण** : दिगो विकासका निम्ति महासागरहरू, समुद्रहरू र सामुन्द्रिक श्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा उपयोग गर्ने ।

१५. **जमिनमाथिको जैविक विविधताको संरक्षण** : पृथ्वीको भुपरिधिस्तरिय, पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनःस्थापित गर्ने, वनको दिगोरूपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टाउने साथै जैविक विविधताको ह्रासलाई रोक्ने ।

१६. **शान्ति, न्याय र सशक्त निकाय** : दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने, र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरूको स्थापना गर्ने ।

१७. **लक्ष्य प्राप्तीको लागि साझेदारी** : दिगो विकासका लागि कार्यन्वयनका उपायहरू तथा साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने ।

**दिगो विकास लक्ष्यका तत्व तथा आधार स्तम्भहरू**

दिगो विकास लक्ष्यका पाँच वटा तत्व तथा आधार स्तम्भ रहेका छन् ।

१. **पृथ्वीः** पृथ्वीमा रहेका प्राकृतिक साधन, स्रोत र वातावरण भावी पुस्ताका लागि पनि संरक्षण गर्ने,

२. **मानवः** सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा सूचना समानता कायम गर्ने,

३. **समृद्धिः** प्रकृतिसँग सामान्जस्यता कायम गरी समृद्ध र समुन्नत जीवनको सुनिश्चितता गर्ने,

४. **शान्ति** : शान्तिपूर्ण, समन्यायीक र समावेशी समाजको निर्माण गर्ने,

५. **साझेदारी** : सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका कार्यसूचीहरूको कार्यान्वयन गर्ने ।

**दिगो विकास लक्ष्यका ३ आयामहरू**

१. **आर्थिक आयाम** : यस आयाम भित्र गरीबीको अन्त्य, भोकमरीको अन्त्य, स्वस्थ्य र समुन्नत समाज, मर्यादित रोजगार तथा आर्थिक वृद्धि, उद्योग, पुर्वाधार र नवीन सिर्जना (१,२,३, ८ र ९) लक्ष्यहरू पर्दछन् ।

२. **वातावरणीय/पर्यावरणीय आयाम** : यसमा स्वच्छ पानी र सरसफाई, स्वच्छ उर्जामा सहज पहुँच, जिम्मेवारपूर्ण उपभोग र उत्पादन, जलवायु परिवर्तनमा तत्काल पहल, जलमुनीको जैविक विविधताको संरक्षण, जमिनमाथिको जैविक विविधताको संरक्षण (६,७, १२, १३, १४ र १५) लक्ष्यहरू छन् ।

३. **सामाजिक आयाम** : त्यसैगरी गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, असमानता न्यूनीकरण, दिगो शहर र समुदाय, शान्ति, न्याय र सशक्त निकाय, लक्ष्य प्राप्तीको लागि साझेदारी (४, ५, १०, ११, १६, १७) रहेका छन ।

दिगो विकास लक्ष्यहरूको निम्ति योजना बनाउन, बजेट तर्जुमा गर्न, समन्वय गर्न र सोको कार्यान्वयनको अनुगमन गर्नका लागि निर्दिष्ट गरिएको निकाय राष्ट्रिय योजना आयोग हो ।

दिगो विकास लक्ष्यहरू सहस्राब्दी विकास लक्ष्यहरूका केवल विस्तारित रूप मात्र नभएर यिनीहरूले असमानता र मानव अधिकार जस्ता जटिल मुद्दाहरूको सम्बोधन गर्न पनि खोजेका छन ।

मानव क्षमताहरू तथा सोसँग सम्बन्धित निकायहरूको भूमिका (Exercise of human capabilities and agency) लक्ष्य ३ र ४ ले स्वस्थ जीवन, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त शिक्षाका बारेमा चर्चा गर्दछन् । तिनीहरू आफैँ विकासका साध्यहरू मात्र नभई उच्च उत्पादनमूलक अर्थतन्त्र र नागरिक सक्षमतालाई केन्द्रबिन्दुमा राख्ने साधनहरू पनि हुन । त्यसैले दिगो विकास लक्ष्य, सबल समाज र सार्वजनिक पुस्तकालय बीचमा घनिष्ट सम्बन्ध रहेको छ ।

**समाज** : एउटै रहनसहन, व्यवस्था धर्म आदि अगाल्ने र एउटै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । त्यसैगरी सज्जनहरू भेला भई बस्ने ठाउँ, कुनै विषेश उद्देश्य लिएर संगठन गरेको संस्था पनि समाजको स्वरूप मानिन्छ ।

समाज समष्टि हो । समाज परिवारको एकाईहरूको सम्पूर्णता हो । समाजलाई जर्मन समाजशास्त्री म्याक्स वेबरले सामाजिक सम्बन्धको जालोको रूपमा अर्थ्याएका छन । समाज समाजिक मूल्य मान्यताहरूमा रहेको हुन्छ । सबै पक्षले बलियो तथा सक्षम समाज नै सबल समाज हो । समाज गतिशील छ, समाज बुझ्ने संस्कृति हो, समाज अविभाज्य, आवास र आत्मसात्को अधिक संग्रहको जमघट हो ।

**सबल समाज** : समतामूलक, सकारात्मक सोच भएको, आयआर्जन गर्न सक्ने, आत्मनिर्भर, चेतनशील, चिन्तनशील, इमान्दार, पहुँचयुक्त, सभ्य सुसंस्कृत, कुशल, विविधतामा एकताको भाव भएको, भेदभावविहिन, सम्मानयुक्त, आर्थिक रूपमा बलियो, समाजिक रूपमा सचेत तथा धार्मिक साँस्कृतिक सहिष्णुता भएको समाज वास्तवमै सबल समाज हो । यस्तो समाज निर्माणमा सार्वजनिक पुस्तकालयले गहन भूमिका खेलेको हुन्छ ।

**सबल समाजका विषेशताहरू**

- न्यायपूर्ण, समातामूलक, संस्कारयुक्त हुन्छ ।
- सचेत नागरिक र सभ्य व्यावहार हुन्छ ।
- सामाजिक मूल्य मान्यतामा आधारित हुन्छ ।
- समाजमा विविधता हुन्छ । यसमा समानता,

भिन्नता, परस्पर निर्भरता, सहयोग र द्वन्द्व, पनि हुन्छ ।

- समाज अमूर्त छ । यसमा सामाजिक सम्बन्ध भने स्थायी प्रकृतिको हुन्छ ।
- शान्तिपूर्ण, समन्यायिक र समावेशी
- प्रबल, बलियो सामाजिक रूपान्तरण उन्मुख हुन्छ ।
- नागरिक शिक्षा र चेतना
- कर्तव्य र अधिकार बोध गरिएको सचेत समाज
- उद्यमशील, व्यावसायिक समाज
- जिम्मेवार, पारदर्शी र उत्तरदायी हुन्छ आदि ।

**सार्वजनिक पुस्तकालय**

पुस्तकालयहरूको प्रकृतीअनुसार चार प्रकारका पुस्तकालय हुन्छन् जसमध्ये सार्वजनिक पुस्तकालय पनि एक हो । सार्वजनिक पुस्तकालय सबैको लागि सूचना तथा ज्ञानको भण्डार हो । सबै उमेर समूहका प्रत्येक नागरिकलाई यसमा समान पहुँच हुन्छ । सार्वजनिक पुस्तकालय समाजमा शिक्षा, सूचना, सृजना र ज्ञान सम्प्रेषण गर्ने थलो हो । जनताको विश्वविद्यालय सूचना उज्यालो स्वर्ग हो ।

सार्वजनिक पुस्तकालय मार्फत् नागरिकहरूको आफ्नो लोकतान्त्रिक अधिकारको उपयोग गर्न र समाजमा एक सक्रिय भूमिका खेल्नुका साथै आमनागरिकको रचनात्मक सहभागिता र लोकतन्त्रको विकासमा सन्तोषजनक शिक्षाको साथै ज्ञान, विचार, संस्कृति र सूचनाको स्वतन्त्र र असीमित पहुँचमा वृद्धि गर्दछ । जसले समाजमा स्वतन्त्रता, समृद्धि, समाजिक सूचना व्यक्तित्व विकास साथै मौलिक संस्कृती साँस्कृतिक मूल्यहरू समेत संरक्षण हुन्छन् ।

सार्वजनिक पुस्तकालय, ज्ञानको स्थानीय प्रवेश द्वार, आजीवन शिक्षा तथा जीवनपर्यन्त सिकाइका आधार भएकोले संघीय लोकतान्त्रिक शासन व्यवस्थामा स्थानीय स्तरदेखि सार्वजनिक पुस्तकालयको विकास तथा विस्तार हुनु जरुरी छ ।

सार्वजनिक पुस्तकालयले आफ्ना सेवाहरू सबै उमेर समूह जाति, लिंग, धर्म, भाषा वर्णको आधारमा कुनै भेदभाव नगरी सबैको लागी समान पहुँच प्रदान गर्दै समानताको आधारमा जनतालाई शिक्षा, सूचना र ज्ञान सेवा प्रदान गर्दछ । जनआवश्यकताको संबोधन गरी सर्वसाधारणमा सूचनाको हकको प्रत्याभुती गराउने वास्तविक प्रयोगशाला सार्वजनिक पुस्तकालय हो । सार्वजनिक पुस्तकालयमा रहने सङ्कलन र प्रदान गरिने सेवाहरू कुनै पनि प्रकारको वैचारिक, राजनैतिक वा धार्मिकरूपमा प्रतिबन्धित तथा व्यावसायिक दवाबमा रहनु हुदैन ।

**सार्वजनिक पुस्तकालयको उद्देश्य**

सार्वजनिक पुस्तकालयको सूचना, साक्षरता, शिक्षा र संस्कृतिसंग सम्बन्धित निम्न मुख्य उद्देश्य रहेका छन् :

- सानै उमेरबाट बच्चाहरूमा पढ्ने बानी बसाई पठन संस्कृतीको सुदृढीकरण गर्नु ।
- व्यक्तित्व विकास, औपचारिक शिक्षाको समर्थन/प्रर्बद्धन तथा निरन्तर सिकाइको अवसर प्रदान गर्नु ।
- व्यक्तिलाई रचनात्मक, कल्पनाशील र कृयाशिल बन्न प्रेरित गर्नु ।
- सांस्कृतिक सम्पद कला, संस्कृती र मौलिक पनको संरक्षण गर्नु ।
- शिक्षा, सूचना र ज्ञानमा सबैलाई समान पहुँच प्रदान गर्नु ।
- जनचेतना सूचना साक्षरता अभिवृद्धि गर्दै सभ्य समाज निर्माण गर्नु ।
- अन्तर-सांस्कृतिक संवादलाई बढावा दिदै सांस्कृतिक विविधतालाई समर्थन गर्नु । आदि

**सार्वजनिक पुस्तकालयका विषेशता**

- सेवामा विविधता,
- समानता
- निरन्तरता
- एकरूपता

- परिवर्तनशीलता
- पारदर्शीता
- आवश्यकतामा आधारित
- राज्यको दायित्व तथा लगानी...

**सार्वजनिक पुस्तकालय विकासको दायित्व कानुन र. संजालीकरण**

सार्वजनिक पुस्तकालय ज्ञान, शिक्षा, संस्कृती र, साक्षरता अभिवृद्धिको लागि एक दीर्घकालीन रणनीतिको एक अनिवार्य घटक हो । यसको विकास विस्तार राज्यको दायित्व र सर्वसाधरणको अधिकार हो। यसमा सरकारको लगानी अनिवार्य गरिनु पर्दछ । जनताले सैद्धान्तिक रूपमा निःशुल्क सेवा पाउनुपर्दछ । हाल नेपालमा संबिधानतः संघ, प्रदेश र स्थानीय तह गरी तीनतहको शासन कार्यान्वयनमा छ । सार्वजनिक पुस्तकालय विकासको दायित्व र जिम्मेवारी यी तिनैतहका सरकार हो । सार्वजनिक पुस्तकालय सञ्चालनको लागि संघ, प्रदेश र स्थानीय सरकारले आवश्यक कानुन निर्माण गरी सार्वजनिक पुस्तकालयहरू संघीय, प्रादेशिक र स्थानीय सरकारहरूद्वारा नियमित वित्त पोषित हुनु पर्दछ । राष्ट्रव्यापीरूपमा पुस्तकालय समन्वय, संजालीकरण र सहयोग सुनिश्चित गर्न, संघीय सरकारले एक राष्ट्रिय पुस्तकालय विकासमा ध्यान दिनुपर्छ । बिडम्बना यो देशमा पुस्तकालयको सञ्चालन र व्यवस्थापनको लागि कुनै ऐन तथा कानुन तर्जुमा हुन सकेको छैन । यो क्षेत्र सरकारको प्राथमिकता परेको देखिदैन । त्यसैले अझै पनि राष्ट्रिय पुस्तकालय भवन बन्न सकेन । पुस्तकालयले गुणस्तरीय शिक्षा प्रदान गरी कालन्तरमा सभ्य र सबल समाज निर्माणको दीर्घकालीन प्रतिफल यसले दिन्छ। तत्काल प्रतिफल खोज्ने प्रवृतीले यो क्षेत्र ओझेलमा परेको छ।

**दिगो विकासको लागि सार्वजनिक पुस्तकालय**

दिगो विकासका लागि गुणस्तरीय शिक्षा अनिवार्य शर्त हो। गुणस्तरीय शिक्षाको प्रमुख आधार पुस्तकालयहरू हुन । सार्वजनिक पुस्तकालयहरूले औपचारिक तथा अनौपचारिक शिक्षालाई प्रबर्द्धन गर्दै व्यक्तित्व विकास र शिक्षित समाज बनाउन उल्लेख्य भूमिका खेल्दछन । शिक्षा तथा पुस्तकालयमा गरिने लगानी आफैमा दिगो विकासको दीर्घकालीन योजना हो । सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रदान गर्ने सार्वजनिक पुस्तकालयको पवित्र उद्देश्य दिगो विकासको लक्ष्य प्राप्तीको कुशल माध्यम हो । समाजका विकृती विसंगतीहरू विरुद्ध ज्ञानदीप बाल्ने सार्वजनिक पुस्तकालयको विकास र विस्तार गरी समाजमा अन्धविश्वासको जरो उखेल्नु आवश्यक छ। दिगो विकासका १७ लक्ष्यसंग सम्बन्धित सूचना, ज्ञान र शिक्षा सर्वसाधारण जनतामा सम्प्रेषण गरी उन्नत समाज निर्माणमा सार्वजनिक पुस्तकालय जनचेतना विस्तारमा टेवा दिन्छन।

**सार्वजनिक पुस्तकालय विकासको अवसर र चुनौती**

सार्वजनिक पुस्तकालय विकास र विस्तारको लागि प्रशस्त अवसर र त्यतिकै चुनौती पनि रहेका छन् । संघीय लोकतान्त्रिक शासन व्यवस्था आफैमा सार्वजनिक पुस्तकालय विकास र विस्तारको लागि सुनौलो अवसर हो । संघ, प्रदेश र स्थानीय सरकार गरी सातसय एकसठ्ठी सरकारको इच्छा शक्ति तथा प्रतिबद्धता भएमा समग्र पुस्तकालयको विकास संभव देखिन्छ । संविधानमा उल्लेखित अधिकार सूचीको कार्यन्वयन गरी हरेक स्थानीय तहमा एउटा मात्रै नमूना पुस्तकालय बन्न सक्यो भने पनि सातसय त्रिपन्न सार्वजनिक पुस्तकालय बनाउन सकिन्छ । पठन संस्कृतीको अभाव लगायत आर्थिक, समाजिक, साँस्कृतिक, राजनैतिक तथा प्रविधीजन्य चुनौती पनि धेरै छन्।

**सबल समाज र सार्वजनिक पुस्तकालयको सम्बन्ध**

सार्वजनिक पुस्तकालयहरू समाज उत्थानका लागि स्थापित सेवामूलक संस्थाहरू हुन । पुस्तकालयको विकास, कुशल व्यवस्थापन तथा प्रभावकारी सेवा विना सबल समाजको कल्पना गर्न सकिँदैन । यिनीहरूबीच आपसी सम्बन्ध रहेको हुन्छ।

**सबल समाज निर्माणमा सार्वजनिक पुस्तकालयको भूमिका**

सार्वजनिक पुस्तकालयहरूले सबल समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । विषेशतः शिक्षा, सूचना र ज्ञान संप्रेषण गरी सभ्य सुसंस्कृत र ज्ञानमा आधारित समाज निर्माण गर्ने कार्यमा उल्लेख्य भूमिका रहेको हुन्छ। त्यसैगरी समाजलाई सत्मार्गमा मार्गदर्शन गर्दै उन्नत, वैज्ञानिक, सत्य, न्यायपूर्ण समाज र सम्बन्धको विकास गर्न पनि भूमिका रहन्छ । सूचना आवश्यकता परिपुर्ती एवम् कला संस्कृतीको संरक्षण सम्बर्द्धनमा योगदान गर्दछन् ।

पुस्तकालय आजको समाजको सूचना आवश्यकता पुरा गर्ने उत्तम विन्दु तथा सूचना सम्प्रेषण थलो हो। यसको उचित व्यवस्थापन र अधिक उपयोग सबै समुदायमा हुनु आवश्यक छ।

**दिगो विकास लक्ष्य र सार्वजनिक पुस्तकालय**

दिगो विकास लक्ष्यहरूमध्ये चौथो लक्ष्य गुणस्तरीय शिक्षा जसमा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रबर्द्धन गर्ने रहेको छ । जसको लागि सार्वजनिक पुस्तकालयहरूको सेवा अपरिहार्य हुन आउँछ । सार्वजनिक पुस्तकालयको माध्यमबाट समाजमा गुणस्तरीय शिक्षा, सक्षम समाजका सबै नागरिकलाई सहज पहुँच प्रदान गरिन्छ । त्यसैगरी ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्त्वका बौद्धिक सम्पत्तीको संरक्षण गरी भावी पुस्ताको उपयोगमा सहज बनाउँदछ। जसले समाजको सन्तुलित विकास र मानव विकासमा दिगोपन ल्याउँदछ। आदि

**निष्कर्ष** :

समृद्ध देश बनाउन बाल्यकालदेखि विश्वविद्यालय तहसम्मको शिक्षा प्रणाली आवश्यक हुन्छ । यस्तो शिक्षा प्रणालीले अवलोकन गर्ने, विश्लेषणात्मक ढङ्गले सोच बिचार गर्ने, सिर्जनशीलता, स्वतन्त्रता र आफ्ना बिचारहरू प्रस्तुत गर्ने र व्यावसायिक सीपहरू सिकाउने कुराको प्रवर्द्धन गर्दछ ।

समृद्धिको लागि विज्ञान, प्रविधि, अनुसन्धान र व्यावसायिक तालिममा ठूलो लगानी आवश्यक हुन्छ । शिक्षा, सूचना, साक्षरता, चेतना तथा व्यावहारिक ज्ञानका लागि समान रूपमा सेवा प्रदान गर्ने सार्वजनिक पुस्तकालयको विकास, विस्तार र लगानीमा सबै तहको सरकारको ध्यान जानु पर्दछ। देशको शिक्षा प्रणाली सुदृढ गर्न र गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाका लागि सार्वजनिक पुस्तकालयलाई आधार बनाउन जरूरी छ। दिगो विकास लक्ष्यहरूको प्राप्तीको लागि सार्वजनिक पुस्तकालयहरू कुशल सहयात्री हुन् । सबैको लागि पुस्तकालयको विकास मार्फत् अध्ययन संस्कृतीको प्रबर्द्धन, मानव क्षमता विकास तथा जनचेतना विस्तार गरी ज्ञानमा आधारित समाज निर्माण गर्न सहयोग पुग्दछ । सबल समाजको जग नै सार्वजनिक पुस्तकालयहरू हुन् । जसको विकासमा राज्यले दायित्व बोध गर्नु र जनता जागरुक बनी अधिकारकोरूपमा उपयोग गर्नु पर्दछ। चौधौं पुस्तकालय दिवसको सबैमा शुभकामना ।

**सन्दर्भ सामग्री**


कानुन किताब व्यवस्था समिति । (२०७२) । नेपालको संविधान, काठमाडौं : लेखक ।

अधिकारी, इन्द्रप्रसाद । (२०७३) पुस्तकालय तथा स्रोत केन्द्र व्यव्स्थापन एवम् सञ्चालन, काठमाडौं: पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०५८) नेपाली बृहत् शब्दकोश, पाँचौं संस्करण, काठमाडौं : लेखक ।

www.ifla.org retrived on 7/26/2021.

# सरकारी पुस्तकालयको अबस्था : एक अध्ययन



✍ **मुना अधिकारी**
पुस्तकालय सहायक
महान्यायाधिवक्ताको कार्यालय , रामशाहपथ, काठमाडौं ।

**सारांश**

प्राचीनकालको माटाको खबटाबाट शुरु भएको पुस्तकालय सङ्ग्रह नै अहिले आधुनिक युगको विद्युतीय पुस्तकालयमा रूपान्तरित हुन पुग्यो । नेपालमा वि.सं. १८६९ भदौ १५ गते पुस्तक चिताई तहविलसम्बन्धी अधिनियमको लालमोहर जारी गरे पश्चात् पुस्तकालयले कानुनी मान्यता प्राप्त गरेको कुरा इतिहासबाट ज्ञात हुन्छ । नेपालमा विभिन्न किसिमका पुस्तकालयहरू सञ्चालनमा रहेको अबस्थामा सरकारी निकायका केही सीमित केन्द्रीय कार्यालयहरूमा विशेष पुस्तकालयको रूपमा खोलिएका पुस्तकालयहरूले त्यस कार्यालयमा कार्यरत कर्मचारीहरूलाई प्रत्यक्ष रूपमा लाभ पुगेको देखिन्छ र यस्ता पुस्तकालय सबै कार्यालयहरूमा व्यवस्थित रूपमा सञ्चालन गर्नु पर्ने अपरिहार्यता देखिन्छ ।

**विषय प्रवेश**

पुस्तकालय-अध्ययन पठन र परामर्श लिनका लागि लिखित तथा रेखात्मक सामाग्रीहरूको सङ्ग्रह नै पुस्तकालय हो । अर्को शब्दमा पाठकहरूको अध्ययन, पठनपाठन साथै अनुसन्धान जस्तो महत्त्वपूर्ण क्रियाकलापलाई सहयोग पुऱ्याउने सङ्कलन केन्द्र नै पुस्तकालय हो । नेपाली भाषामा प्रयोग हुने शब्द पुस्तकालय संस्कृत भाषाका दुईवटा शब्दहरू “पुस्तक र आलय” मिलेर बनेको हो । जहाँ पुस्तक भनेको पढ्ने पढाउने, पाठ गर्ने गराउने, कल्पना भावना र ज्ञान विज्ञानका कुराहरू लेखिएको, छापिएको ठेली हो र यसलाई ग्रन्थ पनि भनिन्छ । आलय भनेको घर, बास, गृह, स्थान आदि हो । अत: पढ्न इच्छुक व्यक्तिहरूलाई पढ्ने सुविधा दिने विभिन्न विषयका पुस्तक र विभिन्न ज्ञान विज्ञानका पाठ्य सामग्रीहरू सङ्ग्रह गरी व्यवस्थित रूपमा राखिएको पुस्तक घर वा कोठा नै पुस्तकालय हो । आधुनिक रूपमा पुस्तकालयलाई सूचना केन्द्र पनि भन्न थालिएको छ । पुस्तकालय विज्ञानका ५ सिद्धान्तहरू मध्ये पाचौं सिद्धान्त अनुरूप पनि पुस्तकालय एउटा वृद्धि भईरहने संस्था हो र यहाँ वर्तमानको लागि भन्दा पनि भविष्यका पिढीहरूको लागि ज्ञान सँग्रहित र सुरक्षित गरिन्छ ।

पुस्तकालयको इतिहास- इ.पु. ३५०० भन्दा अगाडि देखि नै सुमेरियनहरूले क्युनिफर्म लिपिमा गिला माटाका खबटाहरूमा लेखेर राख्न थाले तिनै खवटे पुस्तकका सङ्ग्रहहरू नै आजका आधुनिक पुस्तकालयका प्राचीन रूप हुन् । त्यस्तै इ.पू.२७०० भन्दा अगाडि इजिप्सियनहरूले चित्रात्मक लिपिमा पपाइरसमा लेखेर आफ्ना विचार र अनुभवहरू सङ्कलन गरेका थिए भने इ.पू. १९७ तिर टर्कीमा पार्चमेन्ट पुस्तकालय स्थापना भयो र पूर्वी एशियाका देशहरूमा हाड, कछुवाको खवटा, बाँसका भाटा, रेशमका कपडा आदिमा लेखेर राखिन्थ्यो । सन् १०५ मा चीनमा कागजको आविष्कार

भईसकेपछि कागजमा लेख्ने प्रचलन विस्तारै संसारभर फैलिन थाल्यो । सन् १४४० मा जर्मनका जोहान्स गुटेनवर्गले छापाखानाको आविष्कार गरेपछि विस्तारै छापिएका पुस्तकहरूको उत्पादन र सङ्कलन हुन थाल्यो । बिसौं शताब्दीको मध्यतिर माइक्रोफिल्म, माइक्रोफिस, अडियो, भिडियो क्यासेट, म्याग्नेटिक टेप आदि सामग्रीको उत्पादन भयो र सूचना सामग्रीहरू पनि त्यसैमा भण्डारण हुन थाले । सन् १९६० को दशकबाट कम्प्युटरको आविष्कार भएपछि त पाठ्यसामग्रीहरू सबै कम्प्युटरबाट टाइप गरी प्रिन्ट हुन थाले । इमेल, इन्टरनेटको आविष्कार पश्चात् सबै त्यसैमा भण्डारण हुन थाले । अतः प्राचीन कालको माटाको खबटाबाट शुरु भएको पुस्तकालय हाल आएर विद्युतीय सामग्रीको स्रोतमा घरमा नै बसी बसी विश्वमा प्रकाशित कृतिहरू हेर्न र पढ्न पाइने प्रविधिको विकास भयो ।

नेपालमा पुस्तकालयको इतिहास- नेपालमा प्राचीन कालदेखि नै ज्योतिष तन्त्र, ईश्वर, सिकार, लडाई, धार्मिक विधि विधान आदि कुराहरू ताडपत्र, शिलालेख, भोजपत्र, ताम्रपत्र आदिमा लेखिन्थ्यो र ती सबै हस्त लिखित सामग्रीहरू विभिन्न गुम्बा, मठ, मन्दिर, विहार, दरबार र गुरु पुरोहितको घरमा सङ्ग्रह गरी राखिन्थ्यो भन्ने कुरा इतिहासबाट थाहा हुन्छ । पृथ्वीनारायण शाहको उपत्यका विजय पश्चात् गोरखा दरबार, नुवाकोट दरबार, ललितपुर, भक्तपुर आदि स्थानका मठ मन्दिरमा सङ्कलित हस्तलिखित ग्रन्थहरू काठमाडौंको वसन्तपुरस्थित हनुमान ढोका दरबारको पुजा कोठामा राखियो । वि.सं. १८६९ भदौ १५ गते तत्कालीन राजा गिर्वाणयुद्ध वीरविक्रम शाहले दरबारमा रहेका सबै पुस्तकहरूको पुस्तक चिताइ तहविल (पुस्तकालय रेखदेख) सम्बन्धी अधिनियमको लालमोहर जारी गरे, सोही लालमोहरबाट पुस्तकालयले नेपालको इतिहासमा नै सर्वप्रथम कानुनी मान्यता पायो र सो पुस्तक चिताई तहविल नै नेपालको प्रथम कानुनी रूपमा स्थापित पुस्तकालय हुन गयो । वि.सं.२००७ सालमा नेपालमा प्रजातन्त्रको स्थापना हुनुभन्दा अगाडि पनि काठमाडौं लगायत बाह्य जिल्लाहरूमा पनि पुस्तकालयहरू स्थापना गरिए भने २००७ साल पछि शैक्षिक संस्थामा, व्यक्तिगत रूपमा, समुदायमा र नेपाल सरकारका विभिन्न कार्यालयहरूमा पुस्तकालय खुल्ने क्रमको थालनी भयो । वि सं. २०१३ सालमा राजगुरु हेमराज पाण्डेको निजी पुस्तकालय “भारती भवन पुस्तकालय” का पुस्तकहरू नेपाल सरकारद्वारा खरिद गरी सिंहदरबारस्थित सिक्री ढोकामा राखियो र नेपाल राष्ट्रिय पुस्तकालय भनी नामकरण गरियो ।

राज्यले आफ्ना नागरिकहरूलाई विभिन्न सेवाहरू उपलब्ध गराएको हुन्छ यसरी राज्यका तर्फबाट प्रवाह गर्ने सेवालाई सार्वजनिक सेवा भनिन्छ । सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरू विभिन्न छन् । जस्तो:

१. नेपाल सरकारका प्रशासनिक अङ्गहरू
२. स्थानीय स्वायत्त शासनका एकाइहरू
३. सार्वजनिक संस्थान
४. गैरसरकारी संस्था
५. अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदि ।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका सेवा प्रदायक कार्यालयहरू नै सरकारी कार्यालय हुन् जहाँबाट निस्वार्थः रूपमा विभिन्न किसिमका सेवाहरू राज्यका नागरिकलाई प्रवाह गरिन्छ । त्यस्ता कार्यालयहरू नेपालका ७७ वटै जिल्लामा स्थापना भएका छन् । सरकारी कार्यालयमा स्थापना गरिएका विभिन्न शाखाहरू मध्ये पुस्तकालय पनि एक हो, आवश्यकता र उद्देश्य तथा उपादेयताका आधारमा पुस्तकालय सबै कार्यालयमा स्थापना र सञ्चालन हुनु पर्ने देखिन्छ तर नेपालको परिप्रेक्ष्यमा केही सीमित सरकारी कार्यालयहरूमा मात्र पुस्तकालय सञ्चालन भएका छन् त्यो पनि उपत्यकाभित्र मात्र ।

**सरकारी कार्यालयको पुस्तकालयको अबस्था**

हाल नेपाल संघीयतामा विभक्त भईसकेको छ । केन्द्र, प्रदेश र स्थानीय तह गरी ३ तहका सरकार र त्यसै अनुरूपका सरकारी कार्यालयहरू स्थापना भई सञ्चालनमा छन् । विशेष पुस्तकालयका रूपमा केन्द्रीय तहका सीमित कार्यालयहरूमा पुस्तकालय स्थापना

भई सञ्चालनमा छन् । त्यस्ता कार्यालयमा सञ्चालन भएका पुस्तकालयबाट सर्वसाधारण र सम्पूर्ण पाठक वा पुस्तकालयप्रेमीले भन्दा पनि जुन कार्यालय हो त्यसैमा कार्यरत कर्मचारीहरूले पठनपाठन गर्ने गर्दछन् । त्यो एउटा सकारात्मक पक्ष पनि हो । २०७२ सालको विनासकारी भूकम्पले सबै क्षेत्रमा तहस नहस बनायो त्यो भन्दा बढी त पुस्तकालयमा ठूलो क्षति पुग्यो । देशकै शान दिने अन्तर्राष्ट्रियस्तरमा चिनाउने नेपाल राष्ट्रिय पुस्तकालयका सबै पाठ्य सामग्रीहरू बोरामा पोको पारी यत्रतत्र राखिएका छन् । पुस्तकालय भवन कहाँ निर्माण गर्ने हो कहिले नेपाल राष्ट्रिय पुस्तकालय सञ्चालनमा आउने हो त्यो पनि चिन्ताकै विषय बनिरहेको छ ।

**समस्या र चुनौतिहरू**

१. पुस्तकालय तथा सूचना विज्ञान प्रविधिलाई अगाडि बढाउने ऐन कानुन नबनाइनु ।
२. सीमित कार्यालयमा मात्र पुस्तकालय स्थापना तथा सञ्चालन गरिनु ।
३. पुस्तकालय स्थापना गरिएका कार्यालयहरूमा पनि व्यवस्थापनतर्फ ध्यान नदिनु ।
४. पुस्तकालय सञ्चालनको लागि उपयुक्त ठाउँको अभाव (कतिपय कार्यालयहरूमा पानी चुहिने, अँध्यारो, साघुँरो कोठामा पुस्तकालय सञ्चालन गरिनु) ।
५. पुस्तकालयलाई आवश्यक पर्ने फर्निचरको उचित प्रबन्ध गर्न नसक्नु ।
६. पुस्तक लगेपछि समयमा फिर्ता नगर्नु ।
७. पुस्तकालयमा कार्यरत कर्मचारीलाई समान व्यवहार नगरिनु ।
८. पुस्तकालयमा पाठ्यसामग्री सङ्कलन र व्यवस्थापनको लागि पर्याप्त बजेटको अभाव हुनु ।
९. संस्थाको उद्देश्य र आवश्यकता भन्दा अन्य पाठ्य सामग्री खरिद गरिनु ।
१०. पुस्तकालयका कर्मचारीलाई समय समयमा तालिम प्रदान नगरिनु ।
११. एउटा कार्यालयको पुस्तकालयमा न्यून सङ्ख्यामा पुस्तकालय दरबन्दी माग गरिनु ।
१२. आधुनिक युग सुहाउँदो भर्चुअल तथा डिजिटल लाईब्रेरीको अवधारणामा अगाडि बढ्न नसक्नु ।

**निष्कर्ष**

पुस्तकालय स्थापना र सञ्चालन सम्बन्धी आवश्यक नीति, ऐन, नियम तर्जुमा गरी हरेक सरकारी कार्यालयमा पुस्तकालय स्थापना र सञ्चालन गरेको खण्डमा त्यस कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरूले पनि आफ्नो काम नबन्दासम्म पुस्तकालयको प्रयोग गरी ज्ञान आर्जन गर्न सक्छन् । सूचना र प्रविधिको जमानामा विकसित मुलुकमा जस्तै क्षणभरमा नै सूचना आदान प्रदान गर्ने वातावरण सिर्जना गर्नु आवश्यक देखिन्छ । केन्द्रीय निकायका सीमित कार्यालयमा मात्र नभई नेपालभरिका सबै कार्यालयहरूमा व्यवस्थित पुस्तकालय स्थापना र सञ्चालन गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ । वि सं.२०७२ सालको भूकम्पले क्षतिग्रस्त भएका पुस्तकालयमा स्थान अभावका कारणले पुस्तकादि सामग्रीहरूको उचित संरक्षण हुन नसकी इतिहास मेटिने सम्भावना धेरै देखिएको हुँदा सम्बन्धित निकायले जतिसक्दो छिटो त्यस तर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, ईन्द्र प्रसाद । (२०७३) पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवम् सञ्चालन, तेस्रो संस्करण, काठमाडौं: पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र ।

राई, अरुण कुमार [र अरुहरु] । (२०६६) तेस्रो संस्करण पुस्तकालय व्यवस्थापन काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, खगेन्द्र प्रसाद । (२०७७) प्रशासनिक अभिरुचि परीक्षण काठमाडौं: पिनाकल पब्लिकेसन

गुगल तथा अन्य विविध स्रोतहरू

# शारदा भन्दछिन् "मेरो घर हो पुस्तकालय"



✍ **अम्बिका घिमिरे (रिमाल)**
सदस्य
डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति ।

श्वेतवर्णधरा देवी उज्यालो छर्दछिन् सधैँ
ज्ञानको ज्योति बालेर पार्छिन् देदीप्य विश्व नै ॥ १॥
वीणा–पुस्तकले नित्य कर दुवै सजाउँछिन्
हंसारूढा महादेवी ब्रह्मज्ञान फिजाउँछिन् ॥२॥
वीणाको तानमा दिन्छिन् प्रज्ञाचक्षु कतैतिर
पुस्तकाकारमा छर्छिन् शब्दज्ञान सबैतिर ॥३॥
भाषा, विज्ञान, भूगोल, इतिहास अरू पूरा
पुस्तकालयमा हुन्छन् ज्ञान ब्रह्माण्डका कुरा ॥४॥
अपूर्व ज्ञानको शक्ति पढे पुस्तक मिल्दछ
विवेक–द्वार मान्छेको पुस्तकैभित्र खुल्दछ ॥५॥
अज्ञान–भय नासेर छर्छिन् आलोक शारदा
मधुधारा बगाएर दिन्छिन् आनन्द शारदा ॥६॥
राम्रा पुस्तक जो पढ्न् ती बन्छन् ज्ञानी सज्जन
गरे पुस्तक–सम्मान उज्यालो बन्छ जीवन ॥७॥
पवित्र ज्ञानको केन्द्र हो है यो पुस्तकालय
यहीँ नै शारदा पार्छिन् सबैको मन तन्मय ॥८॥
ज्ञान तिर्खा यहीँ मेट्छ खोज जो गर्छ ज्ञानको
खुलाई चेतना शक्ति हितमा लाग्छ लोकको ॥९॥
ज्ञान जिज्ञासुको तीव्र ध्येय हो पुस्तकालय
विविध पाठ्य सामग्री यहीँ नै हुन्छ सञ्चय ॥१०॥
पद्मासन त्यहीँभित्र छ देवीको अलौकिक
त्यहीँबाट सबैलाई दिन्छिन् ती दिव्य आसिक ॥११॥
साक्षात् सरस्वती गर्छिन् पुस्तकालय रक्षण
विद्या–पूजक साराले गरौँ यस्को सुरक्षण। ॥१२॥
ज्ञानामृत पिई मान्छे बन्छन् ज्ञानी र सज्जन
पुस्तकालयको रक्षा गरे सप्रन्छ जीवन ॥१३॥ (छन्दः अनुष्टुप)

# पुस्तकालय आफूलाई चिनाउँने स्थान



✍ **डा. विनु बाबा अर्याल**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय ।

शिक्षा मनुष्यको खोज हो, उपज होइन खोज सधै अविनाशी तत्व हुन्छ । यही दृष्टिले शिक्षा अविनाशी तत्व हो । शिक्षालाई धारण गरिन्छ । मानव जीवनलाई प्रकाशमय र प्रदीप्त वनाउने प्रयास एउटा अन्त्यहीन यात्रा हो । "सत्" को "सङ्ग" नै "सत्सङ्ग" हो "सत्" भनेको "वर्तमान् वा विद्यमान्" हो । योग्य, श्रेष्ठ, अस्तित्व, वास्तविक नै "सत्" हो । ज्ञानवानहरू नै "सत्" हुन् । "सत्" जान्ने "सत्" नै हुन्छ । विद्यालयले विद्यालाई उजागर गर्दछ विद्यालाई जान्ने विद्या नै हुन्छ ।

जीवनको चक्र भन्दा ज्ञानको चक्र धैरै लामो हुन्छ त्यसैले भनिन्छ मान्छे मर्छन् तर उसको ज्ञान मर्दैन भनेको ज्ञानको बिउ नरोपी ज्ञानको वृक्ष बन्दैन जति जति व्यक्ति शिक्षा आर्जन गर्दै जान्छ त्यति नै व्यक्तित्वको ज्ञान र सूचनाको भण्डार बढ्दै जान्छ, जीवनलाई स्फूर्त, समृद्ध, संयमशील, अनुशासित वनाउनमा प्रविधि, कला, कार्यकुशलता अहम् भूमिका हुन्छ । मानवजीवन प्राप्त हुनु नै सबभन्दा ठूलो वरदान हो तथापि विवेकशील प्राणीको नाताले ऊ यस धर्तीमा उपस्थित भएको हो ।

अतः यस जिम्मेवारीलाई इमान्दारीका साथ वहन गरी स्वयम्‌को र जगतको कल्याण गर्न उसले पहिले आफ्नो कल्याण गर्नुपर्दछ । त्यो कल्याण कारक तत्व भनेको नै शिक्षा आर्जन हो भनिन्छ । एउटा मूर्तिले हजारौं शब्द बोल्दछ त्यस्तै उसको जीवन नै ज्ञान गुणको ज्वलन्त उदाहरण बन्दछ त्यसैले सहजै अरुलाई प्रेरणा र हौसला प्रदान गर्दछ । वर्तमान सन्दर्भमा हामी अस्त, व्यस्त, त्रस्त, पात्र नभएर चिन्ताग्रस्त बन्नुको मूल कारण नै ज्ञानार्जनको कमी भएर हो ।

पुस्तकालय एउटा प्राज्ञिक थलो हो जहाँ ज्ञानको खेती हुन्छ । ज्ञानवानहरू, पुस्तकको महत्त्व बुझ्नेकाहरू पुस्तकसँग "सत्" सङ्गत गर्नेहरूको ख्याल हो ज्ञानले आफ्नो भलोलाई बिचार गरे जस्तै प्रज्ञाले सम्पूर्ण जगतको हितलाई हेर्दछ । प्रज्ञाले विद्यमान् अबस्थालाई भन्दा भविष्यलाई र एकल व्यक्तिको हितलाई भन्दा समस्त लोकको पारस्पारिक हितलाई हेर्दछ । हिजोका विद्वानहरूले भनेको कुरा हजारौ वर्षसम्म पनि सहि ठहरिन सकेको आधारमा हामीले तिनको सृष्टिलाई प्रज्ञा भएको मानेका छौं । तर नाम वा संस्थागत बनाइएको मापदण्डको आधारमा मात्र होइन । हाम्रा शास्त्रहरू "अजरमरवत् प्राज्ञो विद्यामर्थ च चिन्तयेत्" भनेर बुद्धिमान मनुष्यले आफूलाई अजर (कहिल्यै बुढो नहुने) तथा अमर (कहिले नमर्ने) ठानेर विद्या, अर्थको आर्जन गर्नु पर्दछ भनेर उत्प्रेरित गरिएको छ । नीतिमा सम्पूर्ण द्रव्यहरूमा विद्या नै उत्तम द्रव्य हो भनिएको छ किनकि यो अहरणीय कसैले (चोर्न नसक्ने) छ, अमूल्य (पैसाले किन्न नसक्ने) छ र अक्षय (कहिल्यै नाश नहुने) किसिमको छ । सभ्यता मूलतः शिक्षामा नै आधारित हुन्छ । अतः सभ्यता नै मानव जीवनको शक्ति र अत्योन्तिको चिन्ह हो भन्दा अतिसयोक्ति नहोला ।

पुस्तकालयको अर्थ हो पुस्तक + आलय अर्थात् पुस्तका राख्ने स्थान, गुरुद्वारा शिक्षा आर्जन गर्ने स्थानलाई विद्यालय भनिन्छ भने स्वयम्‌ले मौन भएर अध्ययन गर्ने स्थानलाई पुस्तकालय भनिन्छ पुस्तकालय दुई थरिको हुन्छ पहिलो व्यक्तिगत जहाँ आफ्नो रुचिअनुसारको पुस्तक र अध्ययन सँग सम्बन्धित सामग्रीहरू राखेर उपयोग गर्दछौं भने सामाजिक पुस्तकालय जुन

समाजका विभिन्न थरिका आवश्यकताहरू पूरा गर्न विभिन्न किसिमका पुस्तकालयहरू हुन्छन् सबैलाई रुचि अनुसारका पुस्तकहरू, पत्रपत्रिकाहरू अन्य समाचारका साधनहरू अध्ययन गर्ने अवसर मिल्दछ । महान् लक्ष्य लिएर अगाडि बढ्ने जुनसुकै क्षेत्रका व्यक्तिहरूले समस्या र समाधानका लागि उकाली ओरालीको तय गर्नु नै पर्दछ । त्यसलाई बलियो टेको दिएर सघाउने कार्य शिक्षाले गर्दछ । किनकि आधार भनेको पुस्तक हो तर पढ्दा, अध्ययन गर्दा हाँसले पानीबाट दुध छुट्याएजस्तै छुट्याउन सक्नु पर्दछ । अँध्यारो स्थानमा गएर वस्तुहरूको अध्ययन गर्न कि त बत्ति बाल्नु पर्दछ कि त झ्याल ढोका खोलेर प्रकाशलाई भित्र आउन दिनु पर्दछ तब दृष्टिको दृष्यले आकाश प्राप्त गर्दछ । अध्ययन गर्नु भनेको अन्धकार कोठामा प्रकाश भित्र्याउनु जस्तो हो । स्वयम् प्रकाश रूपी तत्वको उदय हुन्छ । प्रकाश भनेको ज्ञान हो, ज्ञान भनेको “सत्य” हो प्रकाशरूपी ज्ञानले नै एउटा जीवनलाई मात्र होइन अनन्त अनन्त पुस्तासम्म अनन्त अनन्त जीवनको जीवनमा प्रकाश छर्दछ । त्यही प्रकाशलाई वोकेर अथवा आत्मसाथ गरेर देश, समाज, विश्वको भलाई गर्न सक्षम हुन्छ ।

जुन मार्गको यात्रामा लागेपनि मानिसको सबै कर्मको उच्चतम् विश्राम स्थल भनेको ज्ञान नै हो सबै ज्ञानको उत्कर्ष प्रामाणीकरण र वैज्ञानिक हो । हालको समाजमा फराकिलो विचार राख्नेहरूलाई वैज्ञानिक भनिन्छ । ज्ञान स्थिति हो र विज्ञान गति हो । रेल कुद्छ तर लिक कुद्दैन त्यसैकारण लिक स्थिति हो, रेल गति हो । प्रत्येक गतिको स्थिति हुनु पर्दछ । चाहे त्यो भौतिक, दैविक, आध्यात्मिक नै किन नहोस् शिक्षा भनेको आत्मदर्शन हो । आफूले आफूलाई चिन्नु हो, शिक्षा केवल बाहिरी सूचना, सीप र कलाको ज्ञान प्राप्त गरी आर्थिक उपार्जनका लागि मात्र नभएर आन्तरिक विवेक, ज्ञान मूल्य र गुणहरूको विकासबाट समाज, राष्ट्र र विश्वलाई सेवा पुऱ्याउन सफल हुनु हो ।

चित्तलाई सदा सर्वदा चैतन्यमा लगाउनु नै Self relalization हो व्यक्ति जबसम्म आफूभित्रकै शाश्वत अन्तर वस्तुको अर्थात् चेतनालाई उजागर गर्न सक्दैन, ऊ एक किसिमले खोक्रो भईरहन्छ, उसले आफूलाई स्वस्थानमा राख्न सक्दैन आनन्दसँग जीवन यापन गर्न जान्नु नै जीवन कला जान्नु हो जीवन कला ज्यादै कमलो र जटिल हुन्छ त्यसैले जीवनमा चिरस्थायी खुशी, आनन्द र “सत्” कर्मका लागि आफ्नो स्वअस्तित्वको निरन्तरतालाई थाहा पाउनु पर्दछ ताकि उसले निर्णायक मनःस्थिति प्रवाह गर्दछ । उसभित्रका सबै प्रकारको दृष्टात्मक र दोधारे मनःस्थिति समाप्त भई आफ्नो अरुको गुण जुन उस्ले जन्मदै लिएर आएको हुन्छ त्यसलाई खिया परेर नष्ट हुन नदिन आफ्नो व्यक्तित्वको श्रृङ्गारमा पूर्णता ल्याउन सक्छ, त्यो हो शिक्षा ।

कर्मक्षेत्रबाट भाग्नेलाई रोक्ने, लडेकोलाई उठाउने र टुक्रिएकोलाई जोड्ने योग्य शिक्षा “गीता” हो । जतिजति हाम्रो चित शुद्ध हुँदै जान्छ त्यति नै सुखानुभूतिको यात्रा बढ्दै जान्छ नरिवल फोर्न अवश्य नै कठिन हुन्छ तर फोरिसकेपछि प्राप्त हुने जुन रस हुन्छ त्यो अवश्य नै अनुपमेय हुन्छ । तर शिक्षाको उद्देश्य ठूलो व्यक्ति बन्ने मात्र होइन राम्रो र सुसंस्कारिक व्यक्तित्व विकास गर्नका लागि पनि हो ।

शिक्षाको माध्यमबाट नै आज विश्वमा नयाँ खोज, अनुसन्धान र आविष्कार भएका छन् । विज्ञान र प्रविधिको विद्युतीय विकास शिक्षाको माध्यमबाट नै भएको हो । दृढइच्छा शक्ति र दृश्यावलोकन शक्ति (Will power and visualization Power) व्यक्तिको बाह्य सरोकार वा इन्द्रियजन्य ज्ञानको पहुँच होइन यो अन्तर्मन र ज्ञान चक्षुसँग सम्बन्धको विषय हो । जो सहि शिक्षासँग सम्बन्धित हुन्छ । समय समयमा आएका जो महापुरुषहरू, महान व्यक्तित्वहरू, दिब्य आत्माहरू हुनुहुन्छ । उहाँहरूले छोडेको पद चिन्ह, उहाँहरूको आत्मकथा, ऐतिहासिक अवसरहरू आदिले पनि शिक्षाको क्षेत्र, महत्त्व आर्जन गर्नमा ठूलो मद्दत गरेको र गर्दै छ । जीवनलाई पूर्णताको बाटोमा लैजान यस्ता सन्दर्भहरूको ठूलो देन हुन्छ ।

सृष्टिको आरम्भ भएदेखि संस्कारित भएको हाम्रो संस्कृतिले हाम्रो इतिहास, हाम्रा पितापुर्खा, वंशपरम्परा, मान्यता, श्रद्धा, विश्वास आदिको प्रतिबिम्बन गरेको

हुन्छ । समग्रमा भन्नु पर्दा हामीले हिजो बाँचेका जीवन पद्धति, बाँच्ने कला र वर्तमान् युगसम्मको जीवनमा यिनीहरूले लिएको संस्कृति केही न केही अवशेष आजपनि विश्वभर फैलिएको छ । पूर्वजले जोगाएका ज्ञानरूपी पुस्तकहरू ज्ञानका सामाग्रीहरू, धर्म संस्कृतिको साथै बाँच्ने कला, शैली र बाँच्नुको औचित्य देखाएको छ । हामीले तिनको "सत्" कार्यको अनुशरण गर्न सकेमा तिनले भावि सन्ततीहरूलाई दुरगामी प्रभाव र प्रेरणा दिन सक्ने छन् । हामीले खेलेको मैदानमा देखेका छौ ठूलो छलाङ लगाउनु छ भने पहिले पछाडि सर्नु पर्दछ । चार कदम अघि बढ्न दुई कदम पछि सर्नु पर्दछ भन्ने पदावलीसँग यसको अर्थ मिल्दो जुल्दो छ ।

पुस्तक, पुस्तकालयको जति गरिमा र महत्त्व छ त्यति नै लाईब्रेरियन अर्थात पुस्तकालयध्यक्ष जसले पुस्तकालयको अध्यक्षता गरेर वसेको हुन्छ । केही पुस्तकको राम्रो पहिचान पुस्तकालयको राम्रो महत्त्व बुझेको पुस्तकालयहरूको सीप, गुण आकांक्षा, मनोवृत्ति, लगनशीलता सूक्ष्म भन्दा सुक्ष्म सम्बन्धित दृष्टिकोण राख्न सक्ने निपूणता, समय सापेक्षता अनुसारको ज्ञानको आर्जन गर्न सक्ने वातावरण मौका आदिको नितान्त आवश्यक पर्दछ किनकि पुस्तकालयको मियो नै ऊ हुने भएकोले त्यस तर्फ ध्यान दिनु नितान्त आवश्यक पर्दछ ।

पुस्तकालय जसमा किताबहरू विभिन्न थरीका पत्र पत्रिकाहरू शिक्षा सम्बन्धी विभिन्न विषयवस्तुहरूसँग सम्वन्धित लेख, आलेख, अनुसन्धानात्मक लेखहरू आदि आदि हुन्छ र जस्तो पाठक वर्ग छ उसको रुचि अनुरूप पुस्तकालयभित्र व्यवस्थित किसिमले राखेको हुन्छ ताकि पाठकवर्गलाई आफ्नो अभिरुचीका सामग्रीहरू खोज्न कुनै पनि किसिमको कठिनाइ पनि नहोस् । समयको खर्चपनि धेरै नहोस् भन्ने उद्देश्यले पुस्तकालयलाई व्यवस्थित गरिएको हुन्छ । ताकि जो पनि आउन सकुन् त्यहाँ कुनै भेदभाव हुँदैन । वास्तविक प्रजातन्त्रको मूल्य पुस्तकालयभित्र पाइन्छ किनकि त्यहाँ कुनै विसँगति हुँदैन । स्वतन्त्ररूपमा अनुशासनमा रही आफ्नो ज्ञानको भण्डारलाई भर्न सकिन्छ । आजको समय, परिस्थिति दिन प्रति दिन विकाराल वन्दै गइरहेछ । समयसँगै विभिन्न किसिमका प्रतिकूल परि स्थितिहरू सृजना भईरहेको बेलामा एउटा शान्त स्थान जहाँ रोजेको खोजेको शैक्षिक सामग्री उपलव्ध हुन्छ त्यसैलाई पुस्तकको घर पुस्तकालय भनिन्छ ।

आँखा चिम्लिएर पद्मासन बस्दैमा मात्र ध्यान हुने होइन । होशपूर्वक तन, मन, धन एकै चिज वस्नु या कुरामा लगाउनु वा लाग्नु ध्यान हो जसले हामीलाई जीवनको कुनैपनि मार्गमा सफलता पूर्वक चल्नको लागि सघाउ पुऱ्याउँछ जसलाई एउटा सक्षम कुशल पुस्तकालयध्यक्षले गरिरहेको हुन्छ । साथै आफूमा आइपरेको त्यस गहन जिम्मेवारीलाई बहन गर्ने क्षमता उसमा हुनुपर्दछ । सजगता, सक्रियता र आत्मविश्वास, समर्पण बिना त्यो जिम्वेबारी पूरा गर्न नसकिने भएकोले त्यस किसिमको आत्मसंस्कारलाई जोगाइ राख्नु आवश्यक हुन्छ । पुस्तकालय सञ्चालन गर्न हुने सम्पूर्ण कार्यक्रम तथा गतिविधिमा उसको निर्देशनमा कार्यान्वयन हुने हुनाले उसलाई जति निपूणता, निखारता प्राप्त हुन्छ त्यति नै पुस्तकालय एउटा "सत्यम्, शिवम्, सुन्दरम्" को परिवेशभित्र आसिन हुन्छ । पुस्तकालयभित्रका पुस्तक र अन्य सामाग्रीहरूको वचाउ मात्र हुने होइन कति यस्ता विषयहरू छन् जसलाई लोप हुनबाट वचाउन आवश्यक पर्दछ । जस्तो उदाहरणको लागि पौराणिक कालदेखि प्रचलित आयुर्वेदको ज्ञान, गुरु शिष्य परम्परा अनुरूप हस्तान्तरण हुँदै गयो तर पनि यो पवित्र ज्ञान लोपोन्मुख स्थितिमा पुगेको छ । यस्ता अन्य धेरै विषयहरू छन् जसको खोजी गरेर त्यसको ज्ञानलाई सही समयसापेक्ष रूपमा प्रतिस्थापित गरेर रक्षा गर्नु पर्दछ त्यसैले त्यस जीम्मेवारलाई उचित समय सापेक्ष शिक्षाले विभूषित गराउनु पर्दछ । पुस्तकालयको परिवेश र कार्यक्षेत्रको मूल्यलाई स्थान दिइन्छ भने पुस्तकालयध्यक्षको पनि उन्नति, प्रगति हुनुपर्दछ । यसैमा सबैको भलो, कल्याण छ ।

# ज्ञान, विज्ञान, शिक्षा एवम् दक्ष जनशक्ति विकास, पुस्तक तथा पुस्तकालय



✍ **ईश्वरीप्रसाद पोखरेल,**
उपसचिव
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

**पृष्ठभूमि**

नेपाल आर्य सनातनी ॐकार परिवारका सदस्यहरूको बाहुल्यता भएको देश हो । मानवीय उच्चस्तरको चेतना आध्यात्मिक मूल आधार हिमाली राज्यको विशिष्टता हो । अनेकौं ऋषि, महर्षि तथा सिद्ध महापुरुषहरूको जन्म, कर्म तथा तपोभूमिका रूपमा प्रख्यात नेपालको धार्मिक, सांस्कृतिक विशेषता विश्वमा अनुपम रहेको छ । पौराणिक तथा ऐतिहासिक कालखण्ड हुँदै आधुनिक समयसम्म हाम्रा पूर्खाका विशिष्टताका कार्य तथा आस्थागत विश्वासको जगलाई बलियो पार्ने तथा संरक्षणमा सहयोगी हुने बौद्धिक खुराकका सामग्रीहरू पुस्तकमा प्रकाशित तथा पूराना लेखोटहरूमा पाइन्छन् । यी अमूल्य सामग्रीहरू कोही व्यवस्थित हुन सकेका छन् त कोही अनुसन्धाता (उदाहरणका लागि योगीराज नरहरिनाथ) को मृत्यु वा अवसान पछि-मृगस्थलीमा योगीबाट सङ्कलित ऐतिहासिक दस्तावेजहरूको चिन्ता, आग लागी) अभिभावकत्व विहिन भएर नष्ट हुने वा खोज अनुसन्धानको अभावमा यत्रतत्र छिरलिएर नाश हुने क्रममा रहेका छन्, यस्ता घटना सार्वजनिक नभईकन धेरैतिर भएको हुन सक्छ । मुलुकको आन्तरिक द्वन्द्वकालमा पूर्वीय ज्ञान विज्ञानमाथि प्रहार हुने गरी नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय पुस्तकालयमा रहेका दुर्लभ पुस्तक जलाएर गरिएको प्राज्ञिक, बौद्धिक तथा ऐतिहासिक क्षतिको मूल्य राज्यले के कति चुकाउनु पर्ने हो ? त्यसको हिसाबकिताब छैन । राजनीति र अग्रगमनका नाममा ऐतिहासिकता, पौराणिकता र आस्थाका धरोहर सिद्ध पुरुषहरूको पौरुषार्थको अवमूल्यन हुने व्यवहार दुःखद तथा निन्दनीय त हुन्छ नै । भावी पुस्ताले हामीबाट के सिक्लान् र संस्कृति तथा ज्ञानविज्ञानको संरक्षण कसरी होला ? भन्ने ठूलो दुःख तथा चिन्ताको विषय बनेको छ ।

पुस्तक लेखन, पठन संस्कृतिको अभाव थियो । तर नेपालमा हाम्रा पूर्खाहरूले विद्यालय शिक्षासमेत औपचारिक प्रारम्भ नभएको बेलादेखि ज्ञान विज्ञान विनाको जीवनको कुनै अर्थ छैन भन्ने उद्घोष गर्न थालेका थिए । उनीहरूले पुस्तकालय क्रान्ति गरेर जेलनेल र जीवन उत्सर्गको बाटो रोजेका थिए । यसरी जनतालाई ज्ञान विज्ञानबाट टाढा राख्ने निरंकुश शासकहरूलाई झुकाएर शिक्षाको ज्योति छर्न बाध्य पारेका थिए । यसर्थ ज्ञान तथा विज्ञान चेतना विनाको आत्मशान्तिको कुरा अज्ञानता हो र त्यस्तो मानव जीवनको संसारमा कुनै अर्थ हुँदैन भन्ने सन्देश प्रवाह गरिन्थ्यो । चेतना तथा विवेक विहिनताको जीवन पशु सरह बाँच्नु हो र मानिसको बचाइ नारकीय हुन्छ हाम्रा पूर्खाहरूको सन्देश हुन्थ्यो । पुस्तक तथा पुस्तकालयको महत्ता कति हुन्छ भन्ने कुरा हाम्रा पूर्खाहरूले व्यवहार सिद्ध सावित गरेर इतिहास छाडेका छन् । यसर्थ भावी मानव पुस्ताका लागि नेपाली सभ्यता, शिष्टता तथा सिर्जनशीलताको अनुपम उदाहरण हुनु, बन्नु परेको छ ।

नेपालको प्राकृतिक वातावरणीय विशेषता अनुरूप हाम्रा पूर्खाले अवलम्बन गरेका हिमाली, पहाडी, तराई तथा

मधेशका भाषा, संस्कृति, पेसा व्यवसाय र ऐतिहासिक महत्ताका सबै सिकाइका विषयवस्तुहरूको खोजी खोजी प्रबर्द्धन तथा जगेर्ना गर्न शिक्षा प्रणाली र सीपको क्षेत्र लाग्नु पर्ने बेला आएको छ । यसर्थ नेपालभित्रका जनताले विश्वास गर्ने तथा आस्था राख्ने सबै धर्म, संस्कृति, रीतिरिवाज र सांस्कृतिक तथा धार्मिक मूल्यमान्यताहरू नै हाम्रा पहिचान तथा विशिष्टता हुन् भन्ने गर्व गर्ने जनशक्ति मुलुकलाई चाहिएको छ । तसर्थ स्थानीय तहको पठनपाठनमा मुलुकका स्थानीय विषयवस्तुहरू समावेश गर्दै हिमाली राज्यको पूर्वीय आदर्शता तथा सभ्यताको उच्चता विश्व नागरिक समाजलाई हस्तान्तरण गर्न, गराउन आवश्यक छ । यही कर्तव्य पालना गरौँ, गराऔँ भन्ने मूल सन्देशका ध्येयका साथ पुस्तकालय दिवसका सन्दर्भमा यो लेखको पृष्ठभूमि छ ।

**प्राचीनकालीन ज्ञान विज्ञानका स्रोत**

शिक्षा पद्धतिको प्रारम्भमा दैवी तथा दैत्यशक्तिप्रतिको अटल आस्था र विश्वास प्राचीन ज्ञानविज्ञानका मुख्य स्रोत थिए । मन्त्र, तन्त्र र यन्त्रको वशीभूत मानवहरू मात्र होइन, देवदेवी पनि हुन्थे भन्ने विश्वास गरिन्थ्यो । सत्व, रज, तम गुणका प्रतीक सेतो स्वच्छ सादगी वेशभूषाका ब्रह्मा तथा सरस्वती, रज प्रवृत्तिका पिताम्बरधारी आभूषणले सजिएका विष्णु तथा महालक्ष्मी, तम प्राध्यान्यता भाङ् धतुरोमा मस्त नागको माला र बाघको छाला, भष्म नै भष्मधारी शिव तथा चण्डमुण्डधारी महाकाली हुन् भन्ने मूल्यमान्यताको राज विश्वमा धेरै समय चलेको पाइन्छ । स्रष्टा, रक्षक र संहारकका रूपमा ब्रह्मा, विष्णु र शिवको मूल्यमान्यता ज्ञान विज्ञानको व्यवहारिक पक्षबाट विश्लेषण गर्दा ब्रह्मा तथा सरस्वती अबोध बालकालीन सात्विक तथा सादगीका चिन्ह, विष्णु सुखशयल, राजसी पहिरन तथा ठाँटबाँट र यौवनकालीन धनसम्पतिको पूर्णताको चिन्ह, त्यागी, कुनै वस्तु र धनदौलतप्रति मोह राग नभएका, हामी सङ्कटमा छौं प्रभू, त्राही त्राही माम्को शरण माग्नेहरूलाई विषपान गरी निलकण्ठ बनी संसारको रक्षा गर्ने आशुतोष शिवशङ्कर र विश्वकल्याणका लागि सबै मद, मोह, अहंकार, दम्भ जस्ता घमण्डलाई चकनाचुर पारेर समाजमा सत्य, निष्ठा र आचरणको व्यवस्था कायम गर्ने महासती, पार्वती र विनाशकालीन अबस्थाकी महाकालीको उग्ररूपको व्यवहारिक शिक्षा हाम्रा सिकाइका स्रोत हुन् । एउटै जीवनमा ब्रह्मा, विष्णु र शिव स्वरूपमा भोगिने त्रिरूपका यात्रा हामी सबै मानवका भोगाइका यथार्थता हुन्, यही शिक्षा महान ठानिन्थ्यो ।

**प्राचीन मूल्यमान्यता तथा आस्थाका प्रश्नहरू**

आजको युगमा पनि मन्त्र तथा तन्त्रशक्तिको अदृश्य, अगोचर, अमूर्त तथा भावनामा श्रद्धा राख्नेहरू धेरै पाइन्छन् । सर्वशक्तिमान ईश्वर, परमेश्वर, भगवानको मन्त्र तथा तन्त्रको शक्तिको माध्यमलाई प्रयोग गरेर जिविकोपार्जन गर्नेहरू धेरै छन् । मन्त्र, तन्त्र बलमा लाखौँ लाख श्रद्धालु तथा भक्तजन मानिसहरूलाई वशीभूत बनाएर ईश्वर सत्ताको व्यवसाय चलाउनेहरू पनि धेरै छन् । निरक्षर, अपठित तर वेदान्त दर्शन तथा मन्त्र, तन्त्रका अदुभूत सामर्थ्यका स्वामी कलकत्ता दक्षिणेश्वर कालीदेवीसँग साक्षात कुराकानी गर्दथे रे ? अमेरिकामा आयोजित विश्व धर्मसम्मेलनमा भर्खरका योगी, शिक्षा दीक्षामा निपूर्ण नभएका तर उनै गुरु रामकृष्णको सङ्गतमा आएका नरेन्द्र (पछि विवेकानन्द) ले रामकृष्णको मन्त्र तथा तन्त्रको आशिर्वादको कृपामा अदभूत सम्बोधन गरे । पश्चिमा जगतमा पूर्वीय दर्शन र धर्म के हो ? छर्लङ्ग पारिदिए । उनी न त जाति मान्थे, न त कुनै किसिमको विभेद । त्यही परम्पराको निकटमा योगानन्दहरू आए, विश्वविख्यात भए, योगीको आत्मवृतान्तबाट संसारमा पूर्वीय सभ्यता फैलाए । आचार्य रजनिश पछि ओशोको पूर्वीय ज्ञान र दर्शनको अपूर्व विकास र फैलावट फरक महत्त्वको रह्यो ।

एकातिर कठोर जातपात र धर्मको आडमा कुनै परिश्रम नगरी धार्मिक तथा सांस्कृतिक मान, शानको जीवन बिताउँदै अकुत सम्पत्ति आर्जन गरिरहेका पनि पाइन्छन् । अर्कोतिर सर्वशक्तिमान ईश्वर, परमेश्वर, भगवानको स्तुति गायन मन्त्र, तन्त्र तथा यन्त्रको

बलमा गर्न सकिन्छ र जातीय पक्षको कुनै महत्त्व छैन भन्नेहरू हिन्दू अनुयायहीरू धेरै छन् । अदृश्य शक्तिको चमत्कारी घटनाहरूलाई धर्म तथा आस्थागत रूपमा स्वीकारिए पनि कुनै कानुनी र वैज्ञानिक मान्यता दिन र हुन सक्दैन भन्ने राज्यका मान्यता हुन्छन्, जसलाई धर्म सापेक्ष राज्य र निरपेक्ष राज्यको दृष्टिकोणले विश्लेषण गर्न सकिन्छ । आजको समयमा मन्त्र तथा तन्त्र शक्तिका सिद्ध कथाहरू सबै उडन्ते हुन्, सत्य होइनन् भनी विरोध गर्नेहरू पनि समाजमा प्रशस्त पाइन्छन् । यी उडन्ते शक्तिको पछाडि लाग्ने वा मान्नेहरू चाहिँ मानसिक समस्याग्रस्त हुन् भन्नेहरूको सङ्ख्या पनि हाम्रो समाजमा कमी छैनन् र जहाँ गयो त्यही प्रशस्त पाइन्छन् । तर सत्य फरक छ, धर्म कर्मप्रति आस्थाशील जमात ठूलो छ ।

**मन्त्र, तन्त्र तथा यन्त्रमा विश्वास, प्राथमिकता परिवर्तनका चरणहरू**

हाम्रा सिद्ध माहात्मा, ऋषि, महर्षिहरू चाहिँ मन्त्र, तन्त्र र यन्त्र तीन शक्तिको एक आपसमा समन्वय, सहकार्य तथा सहअस्तित्वको कुरा स्वीकार्दथे । भोजपुरका षडानन्द अधिकारी, योगी नरहरिनाथ, खप्तडका स्वामी, शिवपुरी बाबा जस्ता सिद्ध पुरुषहरू अरुका लागि महिनौँ दिन लाग्ने ठाउँको यात्रा आया गयाको रूपमा सम्पन्न गर्दथे र भनिन्छ महिनौँ अन्न, जल र फलफूल विना ध्यान र तपस्यामा लिप्त हुन्थे । तर पछिल्लो पुस्तामा मन्त्र र तन्त्रको प्रयोग र विश्वासमा मानिसहरूको लगाव घट्दै गयो ।

मन्त्र र तन्त्रका पक्षधर एक थरी, यन्त्रका पक्षधर अर्का थरी जमातको विकास बन्दै जानाले हाम्रो पूर्वीय ज्ञान विज्ञानको क्षेत्रमा धेरै समस्या सिर्जना भएको देखिन्छ । मन्त्र, तन्त्र तथा यन्त्रको शक्तिलाई स्वीकार्न आनाकानी गर्ने विद्यमान नयाँ पुस्ताको व्यवहार कुशलता विश्लेषण गर्दै, हेर्दा शिव जस्ता त्यागी प्राकृतिक स्वरूप र साधुसन्त, योगीलाई सुनको जलहरी (पशुपतिनाथ नेपालमा) चढाउने र भक्तिभावको प्रचारप्रसार गर्ने संस्कृतिलाई धर्म, आध्यात्मिकताको नाम दिन थालिएको छ ।

**स्वकीय स्वाभीमानबाट गुण चरित्रका आधारमा विचलित हुनुका चरणहरू**

यान्त्रिक दुनियाँलाई एकछिन मनन गरौँ, हेरौँ । मन्त्र र तन्त्रको दुनियाँबाट विश्व यन्त्रहरूको दास हुँदै गएको छ । यसैले हाम्रो समाज, घर परिवार, आफू स्वयम्लाई समेत आत्मसमीक्षा गरौँ, विकसित देशमा मान्छेका सट्टा (मानव यन्त्र) मसिनको चकचकी सुनिरहेकै, देखिरहेकै छौँ । सामर्थ्य भएसम्म हामीले पनि दैनिक प्रयोगमा ल्याएकै छौँ । फरक यत्ति हो, हाम्रा सिद्ध ज्ञानी विज्ञानीहरू मन्त्र, तन्त्र र यन्त्र सबै शक्तिको प्रयोगमा दक्षता राख्थे, हामी चाहिँ ज्ञान विज्ञान मन्त्र, तन्त्र विनाको यन्त्रको प्रयोगकर्ता दासझैँ वशीभूत भएका छौँ । प्राचीन ज्ञान, विज्ञान र हाम्रा पूर्खाहरूको सिद्धताप्रति यथोचित प्राज्ञिकताको अभावमा अविश्वासका पोकाहरू नयाँ पुस्तामा सारेर आफ्नै सत्यानाश गरिरहेका छौँ ।

सत्व, रज, तम, ब्रह्मा, विष्णु तथा महेश्वरझैँ मन्त्र, तन्त्र र यन्त्रको क्रमबद्धता रह्यो । तन्त्र, यन्त्र र मन्त्र वा यन्त्र, मन्त्र र तन्त्रको श्रृङ्खला रचिएन, क्रमबद्धतामा भनिएन । मन्त्र कालीन जीवन सात्विक, सबैप्रति सद्भाव, सहकार्य र परोपकारी हुन्थ्यो । तन्त्रकालीन जीवन तन्त्र शक्तिमा विश्वास गर्दथ्यो र सत्ता, शक्ति र राजसी ठाँटबाँटको प्राप्तिका लागि देव र दैत्य सबै शक्तिलाई खुशी पार्न बली प्रथामा रमाउँथ्यो । यन्त्र कालीन समाज मन्त्र, तन्त्रप्रति झुकाव राख्दैन र यन्त्र, भौतिक सेवासुविधाप्रति बढी आकर्षित हुन्छ । उसका लागि सबै भोग विलास, सुखशान्तिको आधार धनसम्पत्ति हुन थाल्यो । यसैले मन्त्रकालमा यन्त्र पुष्पक विमानहरूको सङ्ख्या कम थियो, अहिले यन्त्र कालमा विमान नै विमान छन् तर मन्त्रको गान गर्नेहरूको सङ्ख्या न्यून छन् । तर मन्त्र, तन्त्र र यन्त्र चाहिँ शास्वत सत्य हुन् जस्तै सत्व, रज तथा तमोगुणका मानिस भएझैँ । हरेक मानिसमा गुणको मात्रा मात्र फरक फरक हुन्छन् । समूल नष्ट चाहिँ हुँदैनन् । सत्व गुणीले अर्काको बेहित गर्दैन तर सत्वगुणीमा पनि रजोभाव बढ्दा अहम्, दम्भ र मै हुँको घमण्डले स्थान बनाउँछ र सिद्ध भनिएको ऋषि महर्षिसमेत आवेगमा श्राप दिन्थे, उत्तेजनामा वरदान दिन्थे र सङ्कटमा

पर्दथे । रजोगुणीको स्वभावमा तमो मात्राको प्राधान्यता हुँदा पागलपन, बहुलठ्ठीपन, सनकी प्रवृत्ति बढ्दै जान्छ र सत्यानाश गर्दछ । राजनीति, प्रशासन, प्राज्ञिकता सबै क्षेत्रमा जुन जुन गुणको बढ्ता प्राध्यान्यता हुन्छ त्यही किसिमको फल र नतिजा हासिल हुन्छ । आज पश्चिमाहरू पूर्वीय वैदिक धर्म, संस्कृति र ज्ञान विज्ञानको खोजीमा छन्, वेदका मन्त्र पढिरहेछन् तर पूर्वीय संस्कृति र सभ्यताका सन्तान नेपालीहरू चाहिँ आफ्नो गौरवमय इतिहास र स्वाभीमानीपन बिर्सिएर यान्त्रिकताको पछि दौडिरहेका छन् ।

**ज्ञानविज्ञानमा पूर्खाको अनुसरणमा गर्व गरौँ तथा आधुनिकता संयोजन गरौँ**

प्राचीन वैदिक शिक्षा प्रणाली तथा पूर्वीय दर्शनमा आधारित शिक्षा मन्त्र, तन्त्र र यन्त्रमा समान जोड दिन्थ्यो । ब्रह्माण्डको परिचालन मन्त्र, तन्त्र र यन्त्रको अधिनमा हुने तथा सबै जीव जगतको सञ्चालन चाहिँ अदृश्य तथा दृश्य रूपमा रहेका ईश्वरको खटनपटनमा हुने विश्वास राख्दथ्यो । सृष्टि सञ्चालनका मालिकको शक्ति मन्त्र, तन्त्र र यन्त्रमा निहित हुनाले सम्पूर्ण ब्रह्माण्ड सत्ता ज्ञान विज्ञानमा निर्भर छ भन्ने ठानिन्थ्यो । यसैले पूर्वीय दर्शनका मूल आधार भविष्य द्रष्टा मन्त्र द्रष्टा सिद्ध पुरुषहरू थिए । स्रष्टा चाहिँ साक्षात ईश्वर भएकाले अपौरुषेया वेदाः, जसरी संसारको सृष्टि ईश्वरले गरे त्यसरी नै वेदको सिर्जना पनि गरे भन्ने विश्वासमा पूर्वीय दर्शन समाजमा टिकिरहेको छ । यसर्थ ज्ञान तथा विज्ञानको मूल स्रोत वेद, उपवेद, उपनिषद हुँदै पुराण, रामायण, महाभारतहरूलाई मानिन्छ । त्रिकाल द्रष्टा ऋषि, महर्षिका विशेषीकृत मानव जगत केन्द्रित नैतिक आचार संहिता र जीवनोपयोगी स्मृतिहरूलाई अत्यन्त श्रद्धाका साथ स्मरण गरिन्छ । उनीहरूका ख्याति प्राप्त सुप्रसिद्ध ग्रन्थहरूका सार सङ्ग्रहलाई मात्र मानव जीवनमा समाजले अनुसरण गरेमा संसार स्वर्ग हुने थियो, कल्पना गर्नेहरू आज पनि नेपाली समाजमा धेरै छन् ।

प्राचीनकाल अन्धभक्तहरूको समाज, अदृश्य शक्ति र सत्ताको गुणगान गाएर निस्क्रिय थियो भन्ने अर्थ निकाल्नु चाहिँ त्रुटी हुन्छ । जीव जगत तथा जीवनका बारेमा सबैभन्दा बढी बहस आस्तिक तथा नास्तिकताको पक्षविपक्षमा बौद्धिकताको सङ्घर्ष पूर्वीय भूमि तथा दर्शनमा जति भयो, त्यति विश्वको कुन कुनामा भयो होला र ? यसर्थ ब्रह्माण्डका बारेमा आध्यात्मिक तथा आधुनिक वैज्ञानिक नास्तिकताका पक्षमा प्रमाणसहित पृथ्वीका मानव समाजमा बहस हुनु हाम्रो प्राचीन शिक्षाको विशेषता थियो । दैवी शक्ति मान्ने तथा नमान्ने समूहमा मानव समाज विभाजन हुँदा उनीहरूले आआफ्ना पक्षमा प्रमाणसहितका दलिलहरूमा पेस गरेका बहस तथा लिखित प्रमाणहरू नै आजका पूर्वीय दर्शनका मूल स्रोत हुन् । हाम्रा पूर्खाका तार्किक क्षमता तथा ज्ञान विज्ञानको आर्जनमा गुरुश्रद्धाभाव, सेवा तथा आदेश पालनामा जीवन उत्सर्ग गर्न तयार हुने आचरणगत निष्ठा संसारलाई चकित पार्ने खालका छन् । वादप्रतिवादको सिद्धान्त तथा पालना नै जीवन जगत सृष्टिको नियम हो भन्ने शिक्षा पूर्वीय सभ्यताले दिन्छ । तसर्थ राजनीति, दर्शननीति, शिक्षण नीति, जीवननीति सबैतिरका व्यवहारमा नै वादी र प्रतिवादीको बोलबाला हुन्छ । अन्तरसङ्घर्ष र विमति विनाको एकलौटी सहमतिको संसारको कुनै विषय वा मुद्दा चल्न सक्दैन भन्ने कुरा सृष्टिको अकाट्य नियम बनेको छ । यसैले हाम्रा बाबु नानीलाई ज्ञानविज्ञानमा पूर्खाको अनुसरण गर्दै आधुनिकता संयोजन गर्ने कला, शिक्षण प्रणालीले संसारका सर्वश्रेष्ठ नागरिक बनाउने खोज अनुसन्धानको थालनी गरौँ ।

**पूर्वीय ज्ञानको व्यवहारिक सिकाइ आत्मसातीकरण गरौँ**

वेदमा एउटा वाक्य छ, "एको अहम् बहुस्याम, एको अहम् द्वितीयो नास्ति", मानिसहरू धेरै अलमलमा पर्दछन् । ईश्वर भनाउँदो, भगवान हुँ भन्नेले कहिले आफूलाई एक्लै छु तर बहु रूपमा प्रकट हुन्छु भन्छ, कहिले म एक्लै हुँ दोस्रो छैन भन्छ ? यस्ता मूर्ख कुरा पढेर किन समय बर्बाद गर्ने जस्ता बहस पनि हाम्रा समाजमा युवायुवतीहरूका बिचमा नसुनिने होइनन् । तर वेदवाक्यको ज्ञान विज्ञानको अर्थ त्यति कमजोर छैन । पूर्वीय दर्शनका पक्षपाती ओँकार परिवारका

अनुयायीहरूले ईश्वरको अनेकौँ अवतार रूपको चर्चा गर्छन्, विष्णुका अवतार, शिवका अवतार, सती, पार्वतीका अवतार, देवीहरूका अनेकौँ अवतार, बुद्ध भगवान, यशु प्रभु, मोहमद, ताओ, कन्फुसियस जस्ता धेरै धेरै रूपका समय समयका अवतार पनि हाम्रा पुराण, ऐतिहासिक ग्रन्थका सार हुन् । तर यी ज्ञानलाई व्यवहारिक शिक्षाबाट आत्मसातीकरण नगर्दाका समस्याहरू पूर्वीय शिक्षा पद्धतिले भोग्न परिरहेको छ ।

वेदवाक्य- “एको अहम् बहुस्याम”, व्यवहारिक अनुसरणमा रही व्याख्या गरौं - एउटा बालक वा बालिकाको जन्म भएको हुन्छ तर जीवनमा ऊ कसैको छोराछोरी, कसैको छोराबुहारी, कसैको ज्वाँइछोरी, कसैको श्रीमान् श्रीमती, कसैका बाबुआमा, हजुरबा हजुरआमा हुँदैनन् र ? के मान्छे फरक हो ? एउटै मान्छे फरक फरक भूमिकामा देखिएको होइन र ? ती सबै भूमिकाको कर्म, धर्म हामीहरू सबैले निर्वाह गरिरहदा प्रत्येक पटक के नाम, पहिचान बदलिन्छ र ? अनि यति महान् सन्देश बोक्ने पूर्वीय ज्ञानको राशी वेदवाक्यलाई पटमूर्खको शिक्षा, वाह रे पश्चिमा पक्षधर शिक्षा प्रणालीका बाहक, अन्धभक्तहरू ?

दोस्रो वेदवाक्य- “एको अहम् द्वितीयो नास्ति”, म एक्लो छु, दोस्रो कोही छैन । संसारको सृष्टि र विनाशकर्ता म एक्लै हुँ । म बाहेक अरु कोही छैनन् । तर तीनै वेदवाक्य अनुसार भगवानको अवतार मानिने गीताका कृष्ण बौलाहा त थिएनन् । महाभारत युद्धमा सबै जे जे हुन गइरहेको छ, भइरहेको छ, सो सबै मैले गरेको हुँ । कालदेखि सबै जे जे रूप प्रकट छन् ती सबै मै आफैं हुँ । गीतामा यसो भनेकाले पक्कै पनि केही सत्य सावित भएर नै सबै देखिने रूप स्वरूपमा आफ्नो दावी कृष्णले गरेका होलान् । तापनि एको अहम् द्वितीयो नास्तिको विपरितका कुरा भनेर कृष्णलाई उपहास गर्नेहरू पनि समाजमा धेरै छन् । तर व्यवहारमा समीक्षा गरौं, एउटै मानिस घरको सबैको प्रिय पात्र तर पेसाका आधारमा कोही न्यायाधीश, पुलिस, प्रशासक, जेलर, मृत्युदण्ड दिने जल्लाद, शिक्षक, प्राध्यापक, कतै चोर, कतै दाता, कतै डाँका कतै परोपकारी हुन्छन् । के फरक फरक भूमिकामा हुँदैनन् र ? के काम र पेसाको आधारमा फरक हुँदै जाँदा सबै ठाउँमा उसले पहिचान र स्वरूप बदल्दै जान्छ ? तसर्थ हाम्रा बालबालिकाहरूलाई पूर्वीय ज्ञानविज्ञानसित जोडेर शिक्षाको प्रबन्ध जहिलेसम्म हामीले प्रारम्भ गर्दैनौं ? तहिलेसम्म नेपाल र नेपालीहरूले असल शिक्षाको प्राप्ति गर्ने छैनन् र अपूर्णता भईरहने छ ।

**ज्ञानविज्ञानको अपव्याख्या र विकृतिका कथाहरू**

पूर्वीय ज्ञानविज्ञानको अपव्याख्या कालान्तरमा फरक फरक तरिकाले हुन थाल्यो । “एको अहम् बहुस्याम” भन्ने वेदवाक्यका व्याख्याताहरूको तार्किक बलमा जनविश्वासले छुट्टै बहु रूपधारी देवदेवीहरूको सत्ता सिर्जना गऱ्यो । नव नव रूपधारी देवताहरू तथा दैवी शक्ति बाहकका रूपमा ईश्वरको राज्य सत्ता समाजमा स्थापित बनाइयो । मानवीय श्रद्धा, भक्ति र आत्मीय पुकारमा दृष्टि गोचरमा प्रकट हुने ब्रह्मा, विष्णु, तथा महेश्वर जस्ता देवताहरू जन्माइए । शक्ति स्वरूपा महाकाली, महालक्ष्मी तथा महासरस्वतीका विभिन्न स्वरूपहरू समाजमा निर्धारण गरिए । यिनै शक्तिहरू आर्यावर्ती हिन्दूशास्त्रका धार्मिक प्रतीक तथा जीवन आस्थाका अकाट्य धरोहर स्थापित हुँदै गए ।

तसर्थ, संसारमा जति मानव, त्यति नै फरक फरक विचार, जति जति फरक विचार त्यति नै आफू तथा आफ्ना तर्कहरूलाई सत्य सावित गर्ने प्रतिस्पर्धा हुन थाल्यो । फरक सम्प्रदाय समूहबिच उच्च ईगो, फोस्रो शानमानको दम्भकारी कसरतहरू हाम्रा मानवीय यथार्थता हुन थाले । फलतः समाजमा जन्मिने मतान्तर, मतान्तरमा मानवका औजार शक्ति, सत्ता र साधन स्रोतको प्रयोग दुरूपयोग हुन थाल्यो । साम, दाम, दण्ड र भेदबाट आफूलाई जबर्जस्त स्थापित गराउने शासकीय उन्माद देखिन थाले । सत्तामा भएकाहरू आफूप्रति मदान्ध, श्रद्धान्ध तुल्याइएका अनुयायहीरूको विवेक बन्धक राख्ने भाटहरूको जमातको जन्मदाता हुन थाले । अनि एउटै जात र जातिमा समेत विग्रहको वाद प्रतिवादका अनेकौं जालझेलका सिर्जनामा विभिन्न धार्मिक तथा सामाजिक मत तथा सम्प्रदायको स्थापना हुन थाले । मानव तथा समाजशास्त्रका विषयका

प्रणेता अगुवा नै समाजका मुख्य शोषकहरू हुन पुगे र समाजमा विकृतिका चाङ्गहरू थुप्रिन थाले ।

### शिक्षाका विषयहरू परिवर्तनशील, ध्रुवसत्यको अभाव

यस्तै विविधताका सिर्जना तथा खोज अनुसन्धानको क्षमता भएका मानिसहरूको जीवनभर नै आफ्नो स्वपनको खोजी, तत्कालीन अबस्थामा आफूसँग भएको सत्ता, शक्ति र सामर्थ्यको बलमा आधिपत्य स्थापित गर्ने प्रयत्नमा हाँसिल भएका दैवीशक्तिका आत्मकथा, दन्त्यकथा, वैज्ञानिक सफलताका सपना र विपनाको अन्तर नछुटिने ऐतिहासिक घटनावलीहरूको अविस्मरणीय प्रभावमा नै धार्मिक दर्शन शास्त्रहरू तथा ज्ञानविज्ञानका आविष्कार प्रादुर्भाव भएको हुनु पर्दछ ।

विश्व मानव सृष्टिको सफल वा दुर्दान्त कथाहरू धेरै छन् । धर्म तथा आध्यात्मिक क्षेत्रमा मात्र होइन, वैज्ञानिक विषयका क्षेत्रका विचारहरूमा गरिएका अनुसन्धान पनि समयको गति प्रगति अनुसार बदलिएका सयौँ उदाहरणहरू पाइन्छन् । विज्ञानका अनुसन्धाताले एकथरी सत्य भनेर पढाउँदै र सिकाउँदै आएका विषयहरू, पछिल्लो समयका अनुसन्धानहरूले असत्य र झुट रहेछन्, भनी सावित पनि गरिरहेका पाइन्छन् । नयाँ नयाँ आविष्कारहरूले पुराना विषयहरूमा यो यो पक्षमा फरक सिद्धान्त देखायो भनी दावी गरिरहेछन् । वास्तविक सत्य के हो ? विज्ञान जस्तो विषयमा त यस्तो हुन्छ भने, धर्म र आध्यात्मिकताका कुरा भावनात्मक हुने तथा झन् ठोस नहुने भएकाले कति झुट र अयथार्थ कुरा नागरिकलाई सिकाइएको वा बाँडिएको होला ? यो प्रश्नमा कसले प्रश्न उठाउने ? गम्भीर चिन्तनीय विषय हुन्छ । तर सधैँ सत्ता, शक्ति र राज्यको साधन स्रोतमा पहुँच भएकाहरूको आत्मिक इगो र तार्किक क्षमताले ठिक बेठिक भन्दा पनि बलात लादिएका विचारहरूले अवश्य पनि केही समय संसारमा राज गर्दछ भन्ने देखाउँछ । यद्यपि नराम्रोसँग पतन तथा कहिल्यै नउठ्ने गरी विलाएर जान कसैले नरोकेका इतिहासका घटनावलीहरू सत्य हुन पुग्छन् ।

### धर्मका नाममा सङ्घर्ष तथा दुर्दान्त कथाहरू

पुस्तकमा सँग्रहित मन्त्रशक्तिका बलले लोककल्याणको सपना राख्ने हजारौँ हजार महापुरुषहरूले पृथ्वीमा जन्म र मरणको श्रृङ्खला पार गरेका छन् । शब्दशक्ति र शब्दब्रह्मको चिरफार गर्ने वैदिक ज्ञान तथा ओँकारको ध्वनीलाई सर्वशक्तिशाली मन्त्र ठान्नेहरूको प्राज्ञिक समाज बन्दै गयो । यसरी ब्रह्मवाक्यको आशिवर्चन प्राप्तिमा विश्वास तथा सिद्ध पुरुषको क्रोध तथा श्रापबाट वचन गरिने हरेक प्रयास नै पूर्वीय आध्यात्मिक दर्शनका मुख्य आधारहरू हुन थाले । पूर्खाबाट अनुसरित तथा संरक्षित सांस्कृतिक संस्कारले मानव समुदायलाई कोष कोषमा पानीको स्वाद फेरिने दुई दुई कोषमा वाणीको उच्चारण तथा अर्थान्तर हुने व्यवहारगत सिकाइ विभाजनमा पनि लग्यो । भौतिक सेवा सुविधाको अभाव, यातायातको कल्पनै नहुने देश दुनियाँको इतिहासमा विभिन्न सत्य असत्यका तानाबानाहरू बुनिए । राज्य सत्ता, शक्ति र साधन स्रोतको पहुँचलाई आफूमा नियन्त्रित गर्न सक्ने रैथाने नागरिकहरूले नै विशाल पृथ्वीमा धर्म, संस्कार, रीतिरिवाज, सामाजिक चालचलनका परम्परा आफू अनुकूल बाँध्न थाले । यसरी ओँकार परिवारका सयौँ शाखा, प्रशाखा, समूह झुण्ड, गुट उपगुटको स्वार्थहरूका बिचमा सङ्घर्षपूर्ण टकरावले आपसमा वादी र प्रतिवादी आफैँ आफैँ हुन थाले । फलतः कतै पाण्डव कौरव, कतै यदुवंशीको सर्वनाशको इतिवृतान्त धर्म, संस्कार तथा संस्कृतिका नाममा समाजमा दोहोरिन थाल्यो ।

### सत्पात्रको खोजी तथा ज्ञानविज्ञानका कार्य क्षेत्रहरू

समाजका बुढापाकाहरू भन्थे, ईख र बिखको के भर ? कुन बेला के घटना हुने वा आइलाग्ने हो ? कुनै पत्तै हुँदैन । सबै भुक्तभोगीहरू भन्छन्, यस्तै नियमित आकस्मिकताको खेलमा नै सांसारिक जीवन सुख र दुःखको आहालमा चलिरहेको छ । यसै प्रकृतिका तनावमा पृथ्वीका मानवहरू भूमण्डलका आधारमा, महादेशका आधारमा, मौसम तथा प्राकृतिक सम्पदाका फरक फरक विशेषताका आधारमा, मानिसको भौतिक वर्ण, प्राकृतिक लिंग, सामाजिक खानपान तथा रहनसहन तथा भू खण्डको क्षेत्रीयता आदि आदिका

आधारमा कतै अमानवीय जात भातका आधारमा टुक्रिदै गएर संसारमा एक हजारभन्दा बढी प्रकारको पहिचानमा मानिस विभक्त भएका होलान् ? सबैको भरोसाको एकमात्र विश्वासिलो अभिभावक को हो ? खोजी भईरहेको छ तर भेटि्टएको छैन । कसैका लागि शत्रु, कसैका लागि मित्र, कसैका लागि विष तर कसैका लागि अमृत कस्तो दुनिया ? बुझि नसक्नु छ । तापनि निरन्तर चलिरहेको छ । यसैले मानव चोलामा महाभारतको युद्धबाट साधुसन्तको रक्षा तथा पापी दुर्जनबाट पृथ्वीको उद्धार गर्न जन्म लिएको दावी गर्ने गीतामा कृष्ण भन्छन्, संसारका सर्वश्रेष्ठ जे जे छन् ? तिनको नाम लिएर सबै मै नै हुँ । अर्जुन विश्वास गर बृहस्पति पनि मै हुँ, उसनाकवि शुक्राचार्य पनि मै हुँ ? कहाँ देवगुरु, कहाँ दैत्य गुरु ? तर मूल स्रोत चाहिँ एउटै भगवान कृष्ण आफैँ हुन् भन्ने दावी अनौठो लाग्छ । यसैले बाहिरी आवरणमा देखिने जे हो, त्यो यथार्थ नहुन सक्छ र जे देखिँदैन त्यो वास्तविक हुन सक्छ । त्यसो भएकोले संसारका हरेक विविधतालाई राम्ररी बुझ्न ज्ञान, विज्ञानको संयोजन तथा विश्लेषण क्षमता विद्यार्थीहरूमा चाहिन्छ ।

## कर्म, धर्म तथा अन्तर भावको, साइनो बुझौँ

कर्मको अर्थ कर्तव्य र सामाजिक आचरण हो । धर्मको अर्थ आस्था र अन्तरात्माको बोली वा आदेशको पालना हो । मानिसले पालना गर्ने कर्मलाई ऐनकानुनको परिधिले सीमा लगाउँछ तर धर्म र आध्यात्मिकतालाई ऐनकानुनका सीमा तथा सामाजिक, सांस्कृतिक नियमहरूले बाँध्न सक्दैनन् । धर्म गतिछाडा अनाचारी हुँदैन । यसर्थ धर्ममा बाँधिनेहरू आत्माको आदेश, "परोपकाराय पुण्याय, पापाय परपिडनम्", हिँसा, दुराचार, शोषण अन्याय, अत्याचारबाट नितान्त घृणा र टाढा बस्नुमा धर्मको पालना भएको ठादन्छन् । यसर्थ कसैले समाजमा गरिने अन्याय, थिचोमिचो र शोषणको विरुद्धमा बोल्न र सङ्घर्ष गर्न धर्म र अध्यात्मले रोक्दैन, छेक्दैन । यस विपरित मानसिकताका पाण्खडीहरू धर्म र अध्यात्मको व्यापार गरी रहेका पनि हुन्छन् । आज विश्वव्यापी रूपमा यस्तै पाखण्डी तथा ढोँगीहरूको धार्मिक तथा सांस्कृतिक क्षेत्रहरू कब्जामा पर्दै गएका छन् । कर्म र धर्मका बिचमा प्रत्यक्ष कुनै साइनो छैन तर मानवीय कर्तव्य, सामाजिक आचरण, सर्वस्वीकार्य मार्गको अवलम्बन कर्म भएकोले "बसुधैव कुटुम्बकम्", विश्वका जीवजगतलाई आफ्नै ठान्ने, जातपात र भेदभावबाट टाढा रहने निस्वार्थ अध्यात्म चेतनामा विश्वास गरी सबैको हितमा समर्पित हुने महान् गतिविधिलाई धर्म ठानिने हुँदा अप्रत्यक्ष रूपमा झण्डै कर्म र धर्म एक आपसमा जोडिएका हुन्छन् भन्न सकिन्छ। कर्ममा ऐनकानुनको पालना नगरे दण्डित हुनु पर्दछ तर धर्म र अध्यात्म पालना नगरे नेपाल जस्तो धर्म निरपेक्ष र नागरिक स्वतन्त्रता भएका मुलुकमा कुनै किसिमको दण्डित हुनु पर्दैन । यसर्थ कर्मभन्दा कयौँ गुणा महान् धर्म र अध्यात्मकता हो, धर्मलाई कर्मको जलप लगाएर पाखण्डपनको लेनदेन हुनुबाट बचाउने शिक्षा संस्कार पनि आजको हाम्रो आवश्यकता हो ।

कर्म र धर्मको शक्ति संरचनामा सञ्चालित विश्व ब्रह्माण्डको विस्तारको, अन्तको कथाव्यथाको पिडादायी झलक विशिष्ट धार्मिक गुरु दावी गर्नेहरू, वैज्ञानिकहरू, चिकित्सकहरू छन् । तर यी कसैलाई थाहै नदिएर कोभिड-१९ नामको विनासले दैवीशक्तिको आधुनिक स्वरूपको भयावह स्वरूपलाई दुर्दान्त पिडाको नाटकमञ्चन देखाइसकेको अबस्था छ। यो घटनाले सबै मानव जातिमा त्राही, त्राही र अस्थीरताको महाभारत मच्चिरहेको छ। वैज्ञानिकहरूको अथक प्रयासमा चक्मा दिदैं फरक फरक ताण्डव नृत्य कोभिडका भेरियन्टहरूले मच्याइरहेका छन् । यसैले धर्म र कर्मको बल, आचरण र सदाचारको शक्ति अन्तरसम्बन्धित हुन्छन् भन्ने कुरा विद्यार्थीहरूमा पस्किन शिक्षा पद्धति भाग्न हुँदैन ।

## धर्म, संस्कृति सम्मानको संस्कार विकास गरौँ

पञ्चवली चढाउँला, बली दिउँला, यति मिष्ठान्न चढाउँला, यसो गरिदिउँला, उसो गरिदिउँला तर यसको बदलामा यो यो कार्य पूरा हुनै पर्दछ भनी देवीपीठ, तीर्थस्थल धाउने र लेनदेनको सौदावाजी गर्ने भक्त, श्रद्धालु, धार्मिक, आध्यात्मिक हुन वा व्यापार, व्यवसायका ठेक्केदार ? यसर्थ धर्मको अर्थ सौदावाजी होइन । निस्वार्थ भाव, आत्मसन्तुष्टि र लोककल्याण

खातिर तथा पृथ्वी, जल, तेज, वायु र आकाश मण्डलको कृतज्ञताका लागि गरिने सम्मान तथा स्मरणभाव पूजा हो । संस्कार, संस्कृति र आस्थाभावका साथ विविध स्वरूपका देव देवता, देवीहरूको भक्तिभावपूर्वक स्मरण र पूजा नै कर्मकाण्ड हो । त्यस्तै जन्मदेखि मृत्यु पर्यन्त षोडस संस्कार प्रचलित छन् । जीवनमा के कति किसिमका पूजा, अनुष्ठान र यज्ञयागादि छन् ? तिनका विशेषता र विशिष्टतामा धेरै ग्रन्थ तथा विधिहरू सिर्जना गरिएका छन् ।

शायद अन्य धर्म, संस्कार तथा संस्कृतिमा पितृ पूजा, श्राद्ध गरिने चलन छैन । पूर्वीय धर्म, कर्मकाण्डमा सनातनी रीत अनुसार स्थान विशेष, समुदाय, समूहका विशेषता पालना गर्दै, मृतक बाबु आमा तथा जोसुकैको नाममा विधिपूर्वक संस्कार गरिन्छ । श्राद्ध कर्मको अर्थ जीव, जन्तु, चराचर, पृथ्वी, स्वर्ग, पातालसहित प्राकृतिक गुणका लागि कृतज्ञता जाहेर गर्दै, कालका रूपहरू यमादि देवता र आफ्ना पिता, माता पूर्खाहरूलाई वर्ष वर्षमा ससम्मान संम्भिने दिन हुन् । जन्ममृत्युको चक्रमा परेका आफन्तहरूले आफ्ना सबै सन्तानहरू एकजुट भएर खुशीसाथ पितृ मातृ तर्पण गरेको, विवाहिता छोरी चेली, वंशका सन्तानहरू एकठाउँमा जम्मा भएर आपसी सम्बन्ध सुदृढ बनाएको देख्न चाह्ने पितृहरूका आत्मालाई हामी सुखी, खुशी र सन्तुष्ट छौं । चाडपर्व, धर्म, संस्कृति, संस्कारको बाहक हामीले राम्ररी निर्वाह गरेका छौं र हाम्रा सन्तानमा असल चरित्र हस्तान्तरण गर्दै छौं ? भन्ने सन्देश दिने पर्वहरू हुन् । तसर्थ चाडपर्व, कर्मकाण्ड र श्राद्धहरूलाई हल्काफुल्का रूपमा लिएर बडो कान्तिकारी बन्नेहरूको आवेगमा संस्कार मारिनु सन्तानप्रतिको अन्याय र पूर्खाप्रतिको कृतघ्नता हुनेछ ।

यसर्थ वैदिक धर्म, कर्म, कर्मकाण्डका विधि प्रक्रियाहरूलाई जीवनोपयोगी व्यवहारमा स्थापित गर्दै परम्पराको सम्मान गरौं । धर्म र कर्मको दोसाँधमा बाहिर आडम्बरको भाव देखाउँन ग्रह फालेको, ग्रह कटाएको भन्ने कुसंस्कार विचार त्यागौं । आफ्ना भावी सन्ततिहरूलाई सुसभ्य आचरणयुक्त नागरिक बनाऔं । यदि धर्म र संस्कारप्रति पूर्ण आस्था छ भने, नव ग्रहमण्डलको यथास्थिति, ससम्मान व्यवस्थापनका लागि विविध देवी देवताहरूको विशेष पूजन गरी गरिएको कार्यलाई ग्रह फालेको, ग्रह कटाएको शब्दावली उपयुक्त हुन सक्दैन । आस्था नै छैन भने पूजा आजा नगरौं । तर देखावटी र बनावटी धर्म, कर्मको ढोँग छाडौं । यो सत्य, तथ्य र यथार्थता सन्तान दरसन्तानमा हस्तान्तरण गरौं । सत्यम्, शिवम्, सुन्दरम्को भावमा सत्य मङ्गलकारी, शिव कल्याणकारी र सुन्दर सर्वजन सुखकारी हुन्छ भनी विद्यार्थीमा चेतना भर्न सक्नु पर्दछ ।

**ज्ञान तथा विज्ञानको आधार पुस्तक**

बजारमा धेरै प्रकृतिका पुस्तकहरू हुन्छन् । पुस्तकका पाठक फरक फरक हुन्छन् । पुस्तक लेखकका लक्षित वर्ग पनि भिन्न हुन्छन् । पुस्तकहरूको उद्देश्य पनि विशिष्ट खालका हुन्छन् । यी सबै सिर्जनाहरू पुस्तककै वर्गीकरणमा पर्दछन् । तर सबै प्रकृतिका पाठकले सफल पुस्तक त्यसलाई मान्दछन् । जसले मानव जीवनको सबभन्दा मिठो, आत्मसाती, परानुभूति तथा समानुभूति र हृदय जोड्ने भावनामा आधारित भएर लेखिएको हुन्छ । संसारका सबै विषयहरू मानिसलाई जानकारी हुँदैनन् र आवश्यक पनि पर्दैनन् । तर आफूले थाह नपाएको तथा जानकारी बाहिर भएका विषयवस्तुलाई समेत लेखकको लेखनशैलीका माध्यमबाट आकर्षक तुल्याउने र प्रस्तुति गर्ने सिर्जनशील कलालाई लेखक भन्दछन् । लेखकबाट सिर्जित जुनसुकै विषय तथा वर्गीकरणका प्रस्तुतिको सँगालोलाई पुस्तकको दर्जामा सूचीकृत गर्न पुग्दछन् । सजिलोका लागि पुस्तकको अर्थ आफू, समाज र बजारलाई बुझ्न सकिने गरी प्रस्तुति हुनु हो ।

कतिपय पुस्तकहरू शब्दहरूको जन्जालमा बौद्धिकता प्रदर्शन गरिएका दार्शनिक, सामान्य जनजीवनका व्यवहारिक सूचना तथा ज्ञानमा आधारित हुँदैनन् । जटिल तथा विभिन्न शीर्षक, उपशीर्षकमा विषयगत आधारमा वर्गीकरण गरिएका जस्ता सजिला हुँदैनन् । कतिपय पुस्तकहरू कसैको जीवनका समग्र पक्ष समेटिएका जीवनी तथा कुनै तोकिएका कामकार्वाही

सम्पादन तथा अध्ययन अनुसन्धानमा सीमित गरिएका प्रतिवेदनहरू समेत पुस्तक आकारमा प्रकाशित भएका हुन्छन् । यसर्थ व्यक्तिको बौद्धिकता, प्राज्ञिकता, आवश्यकता सबैका आधारमा पुस्तकका प्रयोगकर्ता तथा उद्देश्यहरू पनि फरक फरक हुन्छन् । यसर्थ अथाह ज्ञान विज्ञानको मुख्य स्रोत विशिष्ट विद्वान, दार्शनिक, व्यवहारकुशल नेतृत्व, खोज, अनुसन्धाताबाट लिखित पुस्तक, पुस्तक र पुस्तक नै हुन् । धर्म, कर्म र संस्कारको नैतिक आचरणको जग पुराना पुस्ताले नयाँ पुस्तालाई व्यवहार, कार्य अभ्यासबाट सिकाइने र हस्तान्तरण गरिने कुरा हुन् । बालबालिकामा यस्ता कुराहरूको जग हाल्न पुस्तकहरू पनि सहयोगी हुन सक्छन् ।

**बालमैत्री पुस्तक तथा पठन संस्कारको जग**

ससाना बालबालिकाहरू कथा, कविता, गीत र लय हालेर गाउने झ्याउरे लयका सजिला भाकामा पढ्न सकिने पुस्तकहरू बढी मन पराउँछन् । उनीहरूलाई जीवन सफल तुल्याउने रमाइला र रुचिकर शिक्षामूलक, अप्रत्यक्ष रूपमा सन्देशमूलक पाठ्यसामग्रीबाट आकर्षित गरिनु पर्दछ । प्रारम्भिक कक्षा कालमा ठूला ठूला अक्षरमा लेखिएका बहु रङ्गी चित्रावलीसहितका पुस्तकहरूबाट बालबालिकाको ध्यानाकर्षण गर्ने पुस्तक पठनपाठनमा प्रवेश गराउन बढी सहयोगी हुन सक्छन् । विद्यालयहरूमा त्यस्तै पठनसामग्रीहरूको विकास र व्यवस्थापनमा प्रयास हुनु अनिवार्य हुन्छ । यसर्थ आफैले आफैंलाई पढेझैं लाग्ने घर समाजका भोगाइ र सुख दुःखका अनुभूति भएका परिवार तथा रमाइला कल्पनाशील सपना देखाउने अध्ययन सामग्रीमा बालबालिकाहरूलाई अभ्यस्त पार्न आवश्यक हुन्छ । यस्तो व्यवस्था गर्न विद्यालयहरूका पुस्तकालयमा सकिएमा र उनीहरूलाई प्रयोगको वातावरण मिलाएमा आफसे आफ बच्चाहरूमा पठन संस्कृतिको विकास हुन्छ । बालबालिकाको क्षमता अनुसार ज्ञान, विज्ञानका पुस्तकहरूको तह र बौद्धिकताका सामग्रीहरू बढाउँदै लैजानु पर्ने हुन्छ । बाल्यकालमा जागेको ज्ञानको भोक तथा विषय पक्षको गहन रुचि जीवन भर कुनै पुस्तकको नाम सुन्दा आत्तिने र डराउने संस्कृतिको बाहक हुँदैन । यसरी "स्वदेशे पूज्यते राजा विद्वान सर्वत्र पूज्यते" भन्ने उदाहरण प्रस्तुत गर्न सकिन्छ । बाल्यकालमा बसेको बानी र पठन संस्कारको जगमा बलियो भएका बच्चाहरूले विश्वका जुनसुकै भाषा र ज्ञानका कुरा खोज्न लालायित हुन सक्ने पठन संस्कृतिका लागि पनि पुस्तकहरूको महिमा अपरम्पार हुन्छ ।

**ज्ञान विज्ञानको भण्डार पुस्तकालय**

मानिसमा आत्मजागरण गर्ने, गराउने सबै शक्ति, सामर्थ्य र आत्मविश्वासको मूल खानीको भण्डार असल, सुशिक्षाको प्रबन्ध हो । सुशिक्षाको गहन स्रोत तथा स्वाध्यायनसाथ सत्य, तथ्यको अनुशीलन क्षमता विकास पनि पुस्तकको अध्ययन हो । सत्य प्रकटीकरण आत्मज्ञानको शक्ति सुविचारित पुस्तकहरूको अध्ययन, अध्ययन र अध्ययन नै हो । तसर्थ दुर्लभ ऐतिहासिक ज्ञान विज्ञानका भण्डार तथा शान्त वातावरणमा खोज अनुसन्धानका अनुपम प्राप्तिस्थल पनि पुस्तकालय, पुस्तकालय र पुस्तकालय नै हुन् ।

मानिसमा जागेको सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक, धार्मिक पक्षको ज्ञान र विविधताको आन्तरिक तिर्खा मेटाउन ज्ञान विज्ञानका पुस्तकहरूको धेरै धेरै आवश्यकता हुन्छ । सबै किसिमका पुस्तकहरू व्यक्तिले जुटाउन र सङ्ग्रह गर्न सक्ने आर्थिक तथा पहुँचगत क्षमता पनि हुँदैन । तसर्थ सामूहिक प्रयोग, साझा अध्ययन केन्द्र, बहुमूल्य पर्ने तथा दुर्लभ पुस्तकहरूको सङ्कलन गरेर सरकारी, सार्वजनिक तथा सामुदायिक तथा कतै कतै व्यवसायिक प्रयोजनमा मनग्य सेवाशुल्क लिएर निजी क्षेत्रबाट समेत पुस्तकालयको व्यवस्थापन गरिएको पाइन्छ । समग्रमा पुस्तकालय ज्ञान विज्ञानका भण्डार हुन् र सबैका लागि खुला साझा सम्पत्ति हुन् । यिनको अत्यधिक प्रयोग र व्यवहारमा कार्यान्वयन राज्यका नागरिकको मुख्य कर्तव्य हुनजान्छ ।

**राष्ट्रिय पुस्तकालय बोर्ड व्यवस्थापन, पुस्तकालय सञ्चालन नीति तथा संयन्त्रगत आवश्यकता**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सम्पर्क तथा समन्वयमा कामकाज हुने गरी नेपाल राष्ट्रिय

पुस्तकालय बोर्ड पूर्ण स्वायत्त संस्थाका रूपमा खडा तथा विकास गरिनु पर्दछ । नेपाल सरकार मातहतको राष्ट्रिय पुस्तकालयमा बोर्डको सचिवालय राखी वरिष्ठतम सहसचिव कार्यकारी निर्देशक हुने व्यवस्था हुनु वैज्ञानिक हुन्छ । नेपाल राष्ट्रिय पुस्तकालय बोर्ड कार्यकारी निर्देशक मातहत नेपालका सबै पुस्तकालयहरू राखिनु उचित हुन्छ । सबै सार्वजनिक पुस्तकालयका प्रमुखहरू प्रदेशस्तरका पुस्तकालय, काठमाडौं उपत्यका, सिंहदरवार तथा सानोठिमी, हरिहर भवन क्षेत्रमा उपसचिव रहने गरी एकीकृत पुस्तकालय व्यवस्था गर्नु पर्दछ । राष्ट्रिय पुस्तकालय बोर्डमा कार्यकारी निर्देशक मातहत उपसचिवहरू प्रमुख हुने गरी स्वदेश विभाग, अन्तर्राष्ट्रिय विभाग तथा प्राचीन भाषा, साहित्य र संस्कृति विभागको स्थापना गरिनु उचित हुन्छ । विभाग प्रमुख मातहत राष्ट्रिय पुस्तकालयमा कम्तीमा आठ पुस्तकालय अधिकृत र पुस्तकालय सहायकहरूको दरवन्दी निर्धारण गरिनु न्यायोचित हुन्छ । त्यसरी नै ललितपुर, भक्तपुर र काण्ठमाण्डौं उपत्यकाका तिनै जिल्ला क्षेत्रका पाठकहरूको सहज पहुँच हुने गरी राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको पुनर्संरचना तथा कार्यक्षेत्र निर्धारण हुने गरी स्थानान्तरणसमेत गरेर पुस्तालयको महत्ता स्थापित गराउनु पर्दछ ।

### सिहंदरवार तथा सानोठिमी एकीकृत सरकारी पुस्तकालय

सिंहदरवारभित्र कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका तथा संवैधानिक आयोगहरूका लागि एकीकृत पुस्तकालय स्थापना गरी राष्ट्रिय पुस्तकालय बोर्डमातहत सहसचिव कार्यकारी निर्देशक हुने गरी उपसचिवहरू प्रमुख भएका एक : प्राविधिक तथा व्यावसायिक पुस्तक विभाग, दुईः सार्वजनिक प्रशासन तथा व्यवस्थापन पुस्तक विभाग, तीन : कानुन, न्याय तथा संसदीय पुस्तक विभाग, चार : अन्तर्राष्ट्रिय तथा वैदेशिक पुस्तक विभाग तथा पाँच : स्वदेश तथा विदेशी अध्ययन, अनुसन्धान, प्रतिवेदन सङ्ग्रह विभाग, तथा छ : विविध विषयगत क्षेत्रगत पुस्तकालय विभाग स्थापना गरी सबै विषयगत मन्त्रालयका पुस्तकालयहरूको पुनर्गठन गरिनु पर्दछ ।

यी विभाग मातहत आआफ्ना क्षेत्रमा कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, संवैधानिक आयोग तथा विषयगत मन्त्रालयहरूमा कार्यभारको चाप, पाठक सङ्ख्या आदिको यकिन गरी आवश्कतानुसार ती निकायका पदाधिकारीहरूलाई माग बमोजिमको पुस्तकको उपलब्धता, फिर्ता र अभिलेख व्यवस्थापन गर्न एक जना पुस्तकालय अधिकृत वा पुस्तकालय सहायकको व्यवस्था गर्नु न्यायोचित हुन्छ ।

त्यसरी नै सानोठिमी क्षेत्रमा सबै कार्यालयका लागि एउटा पुस्तकालय, उपसचिव मातहत पुस्तकालय शाखा अधिकृतको नेतृत्वमा आवश्यकतानुसारका विषयगत शाखाहरू राख्ने तथा कार्यालयहरूमा पुस्तकालय सहायकलाई ती निकायका पदाधिकारीहरूलाई माग बमोजिमको पुस्तकको उपलब्धता, फिर्ता र अभिलेख व्यवस्थापन गर्न खटाउन सकिन्छ ।

### पुस्तकालयको सेवा तथा पहुँच विस्तार :

सात प्रदेशका मुकाममा सङ्घीय तहबाट उपसचिवको नेतृत्व हुने गरी सङ्घीय पुस्तकालय, ७७ जिल्ला सदरमुकाममा प्रदेश मातहतका अधिकृतस्तरको कर्मचारीबाट सेवा प्रवाह हुने गरी पुस्तकालयको व्यवस्थापन हुनु आवश्यक छ । प्रत्येक स्थानीय तहमा कम्तीमा एक पुस्तकालय सहायकको व्यवस्थापनमा पुस्तकालयको स्थापना गर्ने र सबै विद्यालय, सामुदायिक अध्ययन केन्द्रका पुस्तकालयहरूको सुसञ्चालनको व्यवस्था गरिनु उचित हुन्छ । सामुदायिक अध्ययन केन्द्र तथा विद्यालयका पुस्तकालयहरू समेतमा सदस्यता शुल्क लिएर सेवाक्षेत्रभित्रका सबै अभिभावकहरूले प्रयोग गर्न पाउने प्रबन्ध मिलाउनु पर्दछ ।

### आधारभूत तहका विद्यालयमा पुस्तक पठन संस्कृति विकास नीति

आधारभूत तहका विद्यालय देखि नै पठन संस्कृति विकासका लागि नीति तथा कार्यक्रम बनाएर लागू गर्नु पर्दछ । कक्षा ५ देखि कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरूले कक्षा पाठ्यपुस्तकका अतिरिक्त बाल पुस्तकहरूको धेरैभन्दा धेरै अध्ययन गर्ने र आफूले सिकेका विषयहरूको समकक्षी विद्यार्थी तथा आफ्ना शिक्षकहरू समक्ष प्रस्तुति गर्ने वातावरण हुनु पर्दछ ।

विद्यार्थीको प्रस्तुतिको आधारमा प्रतिभाको उचित मूल्याङ्कनबाट कक्षा तहमा प्रथम, द्वितीय र तृतीय छनोट भई पुरस्कृत हुने पद्धति विकास गरिनु पर्दछ । विद्यार्थीहरूको रुचि, सिकाइ सक्षमता, तार्किकता र ज्ञानात्मक विश्लेषणसहित समीक्षा गर्ने प्रतिभाका आधार मूल्याङ्कन अङ्क पाउने प्रयोजनका लागि पाठ्यक्रमबाट नै निर्देशित हुनु, गरिनु आवश्यक हुन्छ ।

पाठ्यक्रममा पठन संस्कृति व्यवस्थापन गर्न रुचिपूर्ण स्रोत प्रबन्ध गर्नु प्रत्येक विद्यालयको कर्तव्य हुनेछ। पठन संस्कृति विकास कार्यक्रममा सबै विद्यालयभित्र कक्षा ५ देखि कक्षा ८ सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई धेरैभन्दा धेरै अतिरिक्त पुस्तक पढाइलाई प्रोत्साहन गर्न प्रत्येक कक्षा तहमा प्रथम, द्वितीय र तृतीय छनोट भएका विद्यार्थीहरूबिच पनि छुट्टै प्रतिस्पर्धाको व्यवस्था गरिनु पर्दछ । यी चारवटा कक्षामा वर्षभरको अतिरिक्त पुस्तकहरूको पठनमा सर्वोत्कृष्टताका स्थान हाँसिल गरेका हरेक कक्षाका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने १२ जना विद्यार्थीहरूका बिचमा पुनः प्रतिस्पर्धा हुनु पर्दछ । निर्धारित मापदण्डका आधारमा चारवटा कक्षा विद्यार्थीहरूबाट वर्षभरको सिकाइलाई सार प्रस्तुति गर्न लगाएर उच्च प्रतिस्पर्धाबाट विद्यालय तहमा सर्वोत्कृष्ट हुने प्रथम, द्वितीय र तृतीय नतिजा प्राप्त गर्ने विद्यार्थीलाई पाँच हजार, चार हजार र तीन हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

**माध्यमिक विद्यालय तहमा पुस्तक पठन प्रतिस्पर्धा तथा दक्ष जनशक्ति विकास नीति**

माध्यमिक तह कक्षा ९-१२ को शिक्षा प्रणालीमा पनि निर्धारित पाठ्यपुस्तकका अतिरिक्त ज्ञान, विज्ञान, जीवनी तथा दर्शन सम्बद्ध धेरैभन्दा धेरै पुस्तकहरू अध्ययन गर्ने र आफूले सिकेका विषयहरूको समकक्षी विद्यार्थी तथा आफ्ना शिक्षकहरू समक्ष प्रस्तुति गर्ने वातावरण विद्यालयको निर्धारित तालिकाहरूमा हुनुपर्दछ । विद्यार्थीको प्रस्तुतिको आधारमा प्रतिभाको उचित मूल्याङ्कनबाट प्रत्येक कक्षा तहमा प्रथम, द्वितीय र तृतीय प्रतिस्पर्धी छनोट भई वार्षिक रूपमा तीन हजार, दुई हजार र एक हजार पुरस्कार दिइने पद्धति विकास गरिनु पर्दछ ।

माध्यमिक तहमा विद्यार्थीहरूको विषयगत रुचि, सिकाइ सक्षमता, तार्किकता र ज्ञानात्मक विश्लेषणसहित वस्तुनिष्ठ समीक्षा गर्ने प्रतिभाका आधारहरू बनाइनु उचित हुन्छ । यी कार्यमा प्रतिभा प्रदर्शनको सर्वोपरी मूल्याङ्कन गरी उत्तीर्ण प्रमाणपत्रमा अङ्क पाउने प्रयोजनका लागि राष्ट्रिय पाठ्यक्रमबाट नै विद्यालयहरू निर्देशित हुनु, गरिनु अति आवश्यक हुन्छ । पुस्तक पठन प्रतिस्पर्धा तथा जनशक्ति विकास कार्यक्रममा सबै विद्यालयभित्र कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई धेरैभन्दा धेरै अतिरिक्त पुस्तक पढाइलाई प्रोत्साहन गर्न प्रत्येक कक्षा तहमा प्रथम, द्वितीय र तृतीय छनोट भएका विद्यार्थीहरूबिच पनि छुट्टै प्रतिस्पर्धाको व्यवस्था गरिनु पर्दछ । यी चारवटा कक्षामा वर्षभरको अतिरिक्त पुस्तकहरूको पठनमा सर्वोत्कृष्टताका स्थान हासिल गरेका हरेक कक्षाका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने १२ जना विद्यार्थीहरूका बिचमा पुनः निर्धारित मापदण्डका आधारमा प्रतिस्पर्धा गराएर विद्यालय तहमा सर्वोत्कृष्ट हुने प्रथम, द्वितीय र तृतीय नतिजा प्राप्त गर्ने विद्यार्थीलाई आठ हजार, छ हजार र चार हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

**स्थानीय तहमा पुस्तक पठन प्रतिस्पर्धा तथा दक्ष जनशक्ति विकास नीति**

सात सय त्रिपन्न स्थानीय तहहरूले पठन प्रतिस्पर्धामा सर्वोत्कृष्ट आधारभूत तह तथा माध्यमिक तहका धेरैभन्दा धेरै अतिरिक्त पुस्तक पढाइलाई प्रोत्साहन गर्न प्रत्येक विद्यालयका प्रथम, द्वितीय र तृतीय नतिजा प्राप्त गर्ने विद्यार्थीहरूका बिचमा तह अनुसार छुट्टाछुट्टै प्रति वर्ष प्रतिस्पर्धा गराएर स्थानीय तहमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय र विद्यार्थीहरू दुवै संस्था र व्यक्तिलाई कम्तीमा दश/दश हजार, सात/सात हजार तथा चार/चार हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

जिल्ला पुस्तकालयहरूबाट जिल्लाभित्रका सबै स्थानीय तहमा माध्यमिक तहमा प्रथम, द्वितीय र तृतीय स्थान नतिजा प्राप्त गर्ने विद्यालयका विद्यार्थीहरूका बिचमा प्रति वर्ष प्रतिस्पर्धा गराएर जिल्ला तहमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालय र विद्यार्थीहरू दुवै संस्था र व्यक्तिहरूलाई प्रोत्साहन गर्न कम्तीमा १२/१२ हजार, नौ/नौ हजार तथा छ/छ हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

**प्रदेश सरकार तथा सङ्घीय सरकार पुस्तकालय प्रयोग जनशक्ति विकास नीति**

स्नातक तहका क्याम्पसका विद्यार्थीहरूमा विद्यालय तहकै मापदण्ड र विधिका आधारमा हरेक क्याम्पस तहमा गर्ने र पुरस्कार दिने पद्धति विकास गरिनु पर्दछ । ती विद्यार्थी तथा क्याम्पसहरूलाई प्रादेशिक प्रतिस्पर्धाबाट निश्चित मापदण्ड निर्धारित प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्याम्पस र विद्यार्थीहरू दुवै संस्था र व्यक्तिहरूलाई प्रोत्साहन गर्न कम्तीमा २५/२५ हजार, २०/२० हजार तथा १५/१५ हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

स्नातकोत्तर तहका विद्यार्थीहरूका लागि हरेक विश्वविद्यालय स्तरमा भाषा, साहित्य, जीवनी, इतिहास, राजनीति, समाजशास्त्र, प्राविधिक तथा व्यावसायिक दक्षता प्रदर्शन विषयमा निश्चित मापदण्ड निर्धारण गरी प्रतिवर्ष प्रतियोगिता राखिनु पर्दछ र विश्वविद्यालयस्तर प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने स्नातकोत्तर क्याम्पस र विद्यार्थीहरू दुवै संस्था र व्यक्तिहरूलाई प्रोत्साहन गर्न कम्तीमा २५/२५ हजार, २०/२० हजार तथा १५/१५ हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

सबै विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानबाट प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूको प्रतिभाको राष्ट्रिय पहिचानसहित पुरस्कृत तथा सम्मान गर्न नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल राष्ट्रिय विज्ञान प्रविधि प्रतिष्ठान, राष्ट्रिय पुस्तकालय बोर्ड, राष्ट्रिय युवा परिषद जस्ता सबै विषयगत क्षेत्रका प्रतिष्ठानहरूको सामूहिक आयोजनामा राष्ट्रिय प्रतिभा सम्मेलन आयोजना गर्ने र उत्कृष्ट प्रथम, द्वितीय र तृतीय हुने स्नातकोत्तर क्याम्पस र विद्यार्थीहरू दुवै संस्था र व्यक्तिहरूलाई प्रोत्साहन गर्न कम्तीमा ५०/५० हजार, ३७/३७ हजार तथा २५/२५ हजार पुरस्कार दिने व्यवस्था थालिनु पर्दछ ।

**प्रतिभा पुरस्कार रकमको व्यवस्था**

विद्यालय तहमा शैक्षिक गुणस्तर अभिवृद्धिको रकम पठन संस्कृति विकास तथा जनशक्ति विकासमा पनि विनियोजन गरिनु पर्दछ । स्थानीय तहहरूले आफ्नै आन्तरिक स्रोतबाट यी कार्यका लागि अनिवार्य रकम विनियोजन गर्ने नीति हुनु पर्दछ । जिल्लास्तरमा हुने प्रतिस्पर्धाका लागि राष्ट्रिय पुस्तकालय बोर्डले प्रत्येक जिल्लामा कार्यक्रम आयोजना गर्न बजेट उपलब्ध गराउने नीति हुनु पर्दछ । स्नातकदेखि स्नातकोत्तरसम्मका विद्यार्थीहरू बिचको प्रतिस्पर्धा गर्न, गराउन राष्ट्रिय युवा परिषद, प्रदेश सरकार तथा सङ्घीय सरकारले विश्वविद्यालयहरूलाई बजेटको सुनिश्चितता गर्नु न्यायोचित हुन्छ । राष्ट्रिय प्रतिभा सम्मेलन आयोजना तथा पुरस्कारको व्यवस्था नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल राष्ट्रिय विज्ञान प्रविधि प्रतिष्ठान, राष्ट्रिय पुस्तकालय बोर्ड, राष्ट्रिय युवा परिषद जस्ता सबै विषयगत क्षेत्रका प्रतिष्ठानहरूले गर्ने नीति हुनुपर्ने छ ।

**सार्वजनिक सेवा तथा जनशक्ति विकास नीति**

माथिका सबै पक्षको समन्वय, सहकार्य तथा व्यवस्थापन गर्ने सार्वजनिक पदमा कार्यरत सरकारी, सार्वजनिक संस्थानका सबै पद, ओहादा र हैसियतका पदाधिकारीहरूले आ आफ्नो पेसासम्वद्ध उत्कृष्ट पुस्तक तथा अध्ययन प्रतिवेदनहरू आफू पढ्ने, आफ्ना मातहतमा पढ्न लगाउने तथा त्यसको प्रयोग गर्ने र कार्यसम्पादन मूल्याङ्कनमा नतिजाका आधार निश्चित अङ्क दिने प्रणाली आवश्यक छ । अध्ययन विहिन नेतृत्वले सुशासन र गुणस्तर दिन सक्दैन । यसर्थ प्रत्येक विषयगत मन्त्रालय, निकायले पुस्तकालय स्थापना मात्र होइन, प्रयोग र जनशक्ति विकासमा ध्यान देऔं ।

अन्तमा पुस्तक र पुस्तकालयको महिमा समग्र ज्ञान विज्ञानसित जोडिएको प्राचीनदेखि आधुनिक विषयसम्मका पेसागत क्षमताका आधार पुस्तक भएकाले नागरिक तहबाट पुस्तकको संरक्षण, पठन संस्कृति विकास तथा नागरिक आत्मजागरणमा जोड गर्न पुस्तक र पुस्तकालयलाई माया गरौं, आ आफ्ना पेसागत क्षमता तथा आत्मिक चेतना अभिवृद्धि गरौं । विश्वका उत्कृष्ट सुन्दर पुस्तकहरू सङ्ग्रह गराऔं र पढौं । आफू पढौं आफ्ना सन्ततिलाई पढाऔं । यसका लागि आफूसँग नभएका पुस्तकहरूका लागि पुस्तकालयको अत्यधिक प्रयोग गरौं, पठन संस्कृतिको विकास गरौं, बौद्धिक व्यक्तित्वको सम्मान गरौं तथा ऐतिहासिक ज्ञान विज्ञानको खोज अनुसन्धान गरी संरक्षण गरौं । पुस्तकालय दिवस यस कार्यमा सफल रहोस् ।

# सरकार, पालिकाहरू अब त चेत !



✍ **मुरारिविनोद पोखरेल**
इमाडोल ४, महालक्ष्मी नगरपालिका, ललितपुर ।

(पुस्तकालय विधाका हामीले अनेकन विषयबस्तुमा सरकारलाई जोडसँग घच्घच्याउने, सुन्न लगाउने, गर्न लगाउने ... कार्यहरू गरीआएका छौं र गरिरहनु नै पर्छ पनि । यसै सन्दर्भलाई टेकेर अब बन्ने स-सानादेखि ठूला शहरहरू (अझ सरकारकै भाषामा स्मार्ट सिटी) भोलिका दिनमा सुव्यवस्थित हुन् भन्ने सोंच राखौं । बनेका संरचनाहरू विपद् प्रतिरोधात्मक बनुन् र पछि भत्काउनु नपरोस् भन्ने समेत् अभिप्राय राखेर पुस्तकालयका सदस्यहरू, पुस्तकालय प्रेमीहरू, जागरुक जनसमुदाय लगायत आम जनमानसमा संरचना विकासको उचित अवधारणाको ज्ञान दिन र यस अभियानमा स्थानीय निकायलाई सशक्त गराउन आवश्यक देखिएकोले पुस्तकालय दिवस २०७८ को सन्दर्भमा यो एउटा सोंच नेपाली जनमानसमा फैलियोस् भन्ने कामना पङ्तिकारको रहेको छ ।)

## सुन्दर देश

सुन्दर देशः श्रोत र सम्पदाले ओतप्रोत भएको नेपाल जस्तो देशमा जन्मिएर पनि अविकसित, असक्षम, अभाव, गरिवी,.. आदि विभुषणहरूले चिनिनु पर्दाको दुःखको कथाव्यथा अनन्त छ । हामी किन र कसरी यो अव्यवस्थित अबस्थामा आइपुग्यौं भन्नेबारेमा सोंचौं । नेपालको प्रमुख शहर काठमाडौंको पूर्वस्थितिलाई अलिकति हेरौं ।

पचास बर्ष र सो भन्दा केहीमात्र अघिका काठमाडौंका फोटाहरू हामीले बराबर सामाजिक सञ्जालमा देखिरहेका छौं । थोरै घरहरू, फाँटफाँट र टारमा रहेका खेतबारीहरू, बाँसघारीहरू, बोटबुट्यानहरू, अलिकति उक्ल्यो त्यसपछि पुगिने ढिस्काहरू, स-साना थुम्काहरू, डोलहरू, ओसिलो सिमभएका भूभागहरू, पोखरीहरू, घरगाउँका (बस्तु समेत्) दैनिक उपभोगको लागि र खेतमा पानी लगाउन विभिन्न नदीहरूबाट सतह मिलाएर ल्याइएका राजकुलोहरू, अनेकानेक घट्ट र घट्टेकुलाहरू अनि खुलास्थानमा रहेका तमाम मठ मन्दिरहरू ।

यी मध्ये धेरैकुराहरू त मेरै मानसपटलमा अद्यापी छँदैछन् । ती पुतलीसडकबाट कालिकास्थान जाँदाको धापिलो सिम जमिन, धोविखोलाबाट ल्याएको हाडिगाउँ मुनिदेखिको सिंहदरबार दक्षिणका खेतहरूसम्म पुऱ्याएको घट्टेकुलो, पशुपति मन्दिर दक्षिणबाट बत्तिसपुतली, बानेश्वरदेखि शङ्खमूलसम्मका पूर्विफाँटका खेतहरूमा पानी पटाउन बागमतीबाट ल्याइएको राजकुलो आदि किन नहुन् । त्यसैगरी काठमाडौं, ललितपुर र भक्तपुरमा टोलटोलसम्म विभिन्न नदीनालाबाट ल्याइएका कुलाहरू आदि । आफू सानो हुँदा, त्यसबखत हिंडेरै जानुपर्‍थ्यो, मैले देखेका ती पानीका श्रोत र उपभोग गोदावरी जाँदा, साँखुको बज्रयोगिनी जाँदा, टिकाभैरव, चाँगुनारायण, दक्षिणकाली, बज्रबाराही, विशंखु, इचङ्गु अथवा अन्य स्थानमा जाँदा होस्, मेरो सम्झनामा रमाइलोसँग आजपर्यन्त बसेका छन् ।

### (अ) विकासमा लम्किएको काठमाडौं

हो, समयले कोल्टे फेऱ्यो । अब सम्वत् २०३० को दशकतिरको काठमाडौं शुरु भयो । खेतबारीको अनाजले दिने मुनाफाभन्दा घडेरी बेच्दा हुने नाफाले जित्न थाल्यो । नेपालभरका सक्नेजतिका लागि काठमाडौंमै

एउटा घर अवश्य हुनुपर्‍यो भन्ने भावनाको विकास भयो । ठिक यसैबखतदेखि राज्यले योजनाबद्ध आवास विकास गर्नुपर्ने थियो। हुनत २०३२ मा सडकको मापदण्ड सम्म बनेको रहेछ। नदी किनारमा पनि दायाँ बायाँ अमूक क्षेत्रफल छोड्नुपर्ने नियम थियो, तर कहिलेदेखि त्यो तोडियो थाहा छैन। सडकलाई केबल चौडाइमा बाँधिएछ, र सडक भनेको के हो, कस्तो हुनुपर्छ भन्ने कुराहरू त गौंण भएछन्। सडक भनेको अमूकफिट चौडामात्र होइन। सडक त सिधा धागो तानेको जस्तो र व्यवहारिक पो हुनुपर्छ। पहिले मोटर नचल्ने र गोडाले हिँड्नु पर्ने बखत मानिसहरू खेतबारीको कान्लाको डिलबाट हिंडथे। खेतमा पानी लगाउन पनि जाने घर पनि त्यहिँबाट फर्कने गरी कुलोको डिलबाट हिंड्थे। ती दुबैथरी प्रयोजनमा आइरहेका बाटाहरू नागवेली त अवस्य हुन्थे। त्यही बाटालाई दायाँ बायाँ यति यति फिट छाड्नु भनेर सडकको मापदण्ड बन्यो, त्यहींबाट गलत परिपाटी शुरुभयो।

पहिले घर बन्यो त्यसपछि नागबेली बाटो चौडिएर सडक बन्यो। घरको भूईंतला कि त सडक भन्दा केही तल भयो कि त केही माथि भयो। सटर सडकमा जोडिएको छ, बाँकी आफ्नो जमिन छैन, अब बनेको सडकबाट तल झर्न वा माथि चढ्ने क्षेत्र नै छैन। व्यक्तिले मोटर मोटरसाइकल किने, अब घर हाताभित्र छिराउने अबस्था छैन। घर अगाडि जमिन छाडेको छैन, बिजुलीको तारले घरको पाली झण्डै छोएको छ, चिसो लुगा सुकाउँदा थोरै हल्लियो भने नाङ्गो तारमा परेर ज्यान जाने अबस्था छ। कति घरका भित्ताहरू त धेरै मिचेर बनाएको कारणले भत्काउनु परेको छ। यस्तो नोक्सान राज्यले व्यक्तिको सोंचछ, तर समग्रमा त्यो देशको नोक्सान हैन ?...यस्ता थुप्रै कुराहरू छन्, यहाँ केही उदाहरणमात्र दिइएको हो।

सडक भनेको त अगाडि वा पछाडि आँखाले देखुञ्जेल धागो ताने जस्तो सिधा पो हुनुपर्छ। हाम्रोमा त नजिकै घुम्तिमा अर्को मोटर आइपुगेको हुन्छ, त्यसको आभाससम्म पनि हुँदैन। त्यतिमात्र हैन, घर निर्माणको मापदण्ड पनि बेथितिकै थियो र अद्यापी, नीति नियम तोडमतोड गरेर भईरहेका छन्। भवन निर्माण आचारसंहिता त धेरैपछि आएको हो। भयो के थाहा छ ? तीन, आठ र बाह्र फुटे बाटो र सडकमा मानिसहरूले डिल, भिरालो, पुरिएको जमिन, गहिरो खेतबारी आदि जहाँसुकै पनि घर बनाउन थाले। हिँउदमा त जमिन सुख्खा हुन्छ- भोलि बाढी पस्छ भन्ने कसले कल्पना गर्ने, भिरालो जमिनमा पानीको बहावले कान्ला बगाएर ल्याउँछ र घर भत्काइदिन्छ भन्ने कसले सोंच्ने ? पुरिएको जमिनमा कति गहिरो जग हाल्नु पर्छ- कसलाई थाहा हुने ...। अलिकति रकम चाटेपछि, एकपटक घर बनेपछि कसले भत्काउँछ र भन्दै मापदण्ड पालना गर्नु पर्दैन भनेर सिकाउने कर्मचारीको भनाइमा हामी कति लठ्ठियौं कति ? फलस्वरूप २०३२ सालपछि मापदण्ड विपरित बनेका संरचनारू अहिले भकाकभ भत्काइरहनु परेको छ। यी सब कसले गर्दा भए ? किन भए ? दोषी को को हो ? धेरै नियम नै कच्चा बने, बनेका नियमहरू पनि हामीले पालना गरेनौं, बस दुःखको मेलो हामीले नै शुरु गर्‍यौं। देशको सम्पूर्ण बन्दोवस्तिको नियमन गर्ने, ठिक दुरुस्त राख्ने, नभएमा दण्ड जरिवाना गर्ने, ... जस्ता सबै अभिभारा राज्यमा निहित हुने हुँदा आखिरमा दोषी त राज्य नै हुन्छ।

विकसित देशमा सर्बप्रथम राज्यले रेलमार्ग तथा बसमार्ग पुर्‍याउने; बिजुली, पानी, ढल जस्ता अन्य अत्यावश्यक सुविधाहरूको जगेर्ना गर्ने; खेलकुद, बगैंचा, हरियाली क्षेत्र, बस तथा मोटरहरूका लागि बिसौनी बनाउने; अस्पताल, पुस्तकालय, विद्यालयहरू, विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने पूर्वाधारहरू निर्माण गर्दैगर्दा नगरपालिकामार्फत् बसोबासका लागि छुट्याइएका जग्गाहरू व्यक्ति व्यक्तिले आ-आफूलाई उपयुक्त हुने माप र स्थानका लिने भनेर तय गर्दा रहेछन्। तब बैंकमा अग्रिम तोकिएको नगद जम्मा गरेपछि बाँकी किस्ताबन्दीमा तिर्नुपर्ने रहेछ। त्यसपछि निर्माण कम्पनीले बनाएर भवन हस्तान्तरण गर्ने परिपाटी हुंदोरहेछ। अनि पो एकीकृत सेवा सुविधाहरूको राम्रो प्रवन्ध हुने रहेछ। के अब बन्ने शहरहरू हामीले पनि यसैगरी बनाउन सक्दैनौं ? हामीलाई के ले रोकेको छ ? सम्वत् २०३० को दशक देखि नै 'फुलब्राइट

स्कलर' भौतिक योजनाको मन्त्री भएका, सचिबहरू पनि विदेशमा पढेका जान्ने विद्वानहरूले नै देशहांकेकै रहेछन्, तैपनि देशको यो दुर्दशा । दुःख त अति लाग्छ !!

**सधैं यस्तै गर्न पाइन्छ ?**

सेवामूलक निकायहरू अलग अलग छन्, यसरी किमार्थ चल्दैन । आज सडकले कालोपत्रे गर्छ, दुई महिना पछि खानेपानीले सडकको छेउ खन्न थाल्छ । केही पछि ढल व्यवस्था गर्नेले बिच सडक उधार्छ । त्यस्तै टेलिफोन, बिजुलीको तार भूमिगत गर्न फेरि खन्नै पर्ने भो । यस्तो विकास विकास हैन, विनास हो । माथि (अ) विकासमा लम्किएको काठमाडौंमा (अ) त्यसैले राखिएको हो । हालसम्म बनेका सबै भवन सडक लगायतका संरचनाहरू त्यसोभए अब नष्ट गरेर अर्को निर्माण गर्ने ? गरिब मुलुकमा यस्ता कुराहरू किमार्थ सोंच्न सकिंदैन । बिग्रेको जति बिग्रियो, अब कडाइका साथ नियम बनाएर नयाँ निर्माणमा लाग्नु राज्यको जिम्मेवारी हो ।

**नेपालको संविधानको केही अंशमा :**

१. राज्यका निर्देशक सिद्धान्त अन्तर्गत 'छ' को (९) प्राकृतिक प्रकोपबाट उद्धार, राहत एवम् पुनर्स्थापन गर्ने ।

२. राज्यका निर्देशक सिद्धान्त अन्तर्गत 'ज' को (४) नागरिकको व्यक्तिगत विकासको लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने ।

३. राज्यका निर्देशक सिद्धान्त अन्तर्गत 'ज' को (६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिस्चित गर्ने ।

४. अनुसूची ८ स्थानीय तहको अधिकारको सूचि ७ अनुसार आधारभूत माध्यमिक शिक्षा, ९ अनुसार आधारभूत स्वास्थ्य र सफाई तथा २० अनुसार विपद् व्यवस्थापन गर्ने - जस्ता कुराहरू उल्लेख भएका छन् । साथै स्थानीय सरकारको दायित्व अन्तर्गत पनि यी माथिका कुराहरू सबै समावेस भएका छन् ।

**अब के गर्न सकिन्छ त !**

क. केन्द्रदेखि नगरपालिका, गाउँपालिकाहरूले कठोर बनेर, खाली स्थानहरूमा, अब आइन्दा एकाध वर्ष भवन निर्माण कार्य पूर्ण रोकेर, दूरदृष्टि राखेर, शहरी विकासको अवधारणा बनाउने ।

ख. ढल, कुलो, आँठोबाट सडक बनाउने काम रोक्ने । खालीजग्गा सबै सरकार अर्थात् स्थानीय निकायले अधिग्रहण गर्ने, दीर्घकालीन योजना बनाएर सडक, ढल, विद्युत आदि भौतिक पूर्वाधार बनाइदिने । आधा जग्गाको राम्रो मूल्यमा नगद क्षतिपूर्ति दिने र आधाजमिन जग्गाधनीलाई फिर्ता दिने । सडकको मापअनुसार घरको लम्बाई, चौडाइ र उचाई तोकिदिने । अघिल्लो मोहडाको लागि देशको संस्कृति झल्किने ढाँचा दिने र सोहीअनुसार बनाउन लगाउने । घरघरलाई जग्गाअनुरूप २/३ रुखहरू रोप्न अनिवार्य गर्ने ।

ग. अधिग्रहण पछि सडक बनाएर जग्गाधनीलाई दिई बाँकी हुने जमिनमा पालिकाहरूले सामुदायिक नमुना विद्यालय, अस्पताल, पुस्तकालय, खुल्लाचौर, बगैंचा, बालबाटिका, हरियाली क्षेत्र, विपद् पूर्वतयारी संरचनाहरू, र जेष्ठनागरिक टहल्ने बस्ने स्थानहरू तथा कार्यपालिका भवन आदि बनाउने ।

घ. अब बन्ने सरकारी, व्यक्ति जे जस्ता, जसको भएपनि संरचनाहरू निर्माण गर्दा विपद् प्रतिरोधात्मक प्रविधिको पूर्ण अवलम्बन गर्ने ।

# डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार



✍ **भोलाकुमार श्रेष्ठ**
सदस्य सचिव
डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति, काठमाडौं ।

काठमाडौंको मध्य भागमा अवस्थित लाजिम्पाटको ज्ञानोदय आश्रममा डिल्लीरमण- कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालनमा रहेको छ । सम्वत् २०३७ सालमै डा. डिल्लीरमण रेग्मीले पुस्तकालय, सँग्रहालय, भवनहरू र जग्गा नेपाली जनताले अध्ययन, अनुसन्धान गर्न पाउने गरी शिक्षा मन्त्रालयलाई आफ्नो शेषपछिको बकसपत्र गरिदिनु भएको थियो । सम्वत् २०५८ साल भाद्र ४ गते डा. डिल्लीरमण रेग्मीको निधन भएपछि निजकै इच्छाअनुसार नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा “डिल्लीरमण - कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति गठन आदेश, २०६०” जारी गरी पुस्तकालय तथा सङ्ग्रहालय सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय सञ्चालन समितिको व्यबस्था गरी पुस्तकालय २०६१ साल पौष ३ गतेबाट सर्वसाधारणको लागि खुल्ला गरिएको छ । कर्मचारीहरूको व्यवस्था, सञ्चालन र कार्यक्रम खर्च शिक्षा मन्त्रालयबाट व्यवस्था भएअनुसार सञ्चालन हुँदै आएको छ ।

“सेवा नै धर्म र धर्म नै सेवा हो” भन्ने भावनाबाट प्रेरित बुद्ध र गान्धीका अनुयायी प्रसिद्ध विद्वान, राजनीतिज्ञ तथा समाजसेवी दानवीर डा डिल्लीरमण रेग्मीको इच्छा थियो आफू जीवित हुँदै विश्वमा शान्ति र अहिंसाको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनुहुने महात्मा गान्धी र नेल्सन मन्डेलालाई सम्मान गर्ने । उहाँ जीवित हुँदै यो इच्छा पुर्याउन सक्नु भएन । तर उहाँको मृत्युपर्यन्त यो सदिक्षालाई डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समितिले मूर्तरूप दियो । विकास समितिले २०६३ सालमा “डा. डिल्लीरमण रेग्मी शान्ति पुरस्कार” स्थापना गर्यो । शान्ति, अहिंसा, मानवीय मूल्य, मान्यतामा उल्लेखनीय योगदान पुऱ्याउनु हुने स्वदेशी व्यक्ति बा संस्थालाई “डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कार” र विदेशीलाई “डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार” दिने निर्णय भएअनुसार हाल सम्म निम्न लिखित व्यक्ति वा संस्थालाई पुरस्कारबाट सम्मानित गरिसकेको छ । राष्ट्रिय शान्ति पुरस्कारमा रु १ लाख र सम्मान-पत्र जसमा सम्माननीय राष्ट्रपतिको दस्तखत हुने गरेको छ । अन्तर्राष्ट्रिय शान्ति पुरस्कारमा सम्मान-पत्र र बुद्धको मुर्ति दिने गरेको छ । नेपालमा पुस्तकालयबाट डा. डिल्लीरमण रेग्मीको नाममा स्थापना गरिएको सबभन्दा ठूलो र गरिमामय पुरस्कार हो ।

पुरस्कृत हुने व्यक्ति वा संस्था शान्ति सद्भाव, मानवीय मूल्य मान्यता, विकासमा पुऱ्याएको योगदान, गरेको कामको लोकप्रियता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान, समाजमा पारेको प्रभाबलाई समेत दृष्टिगत गरी सम्मान गर्ने गरिएको छ ।

**डा. डिल्लीरमण रेग्मी राष्ट्रिय शान्ति पुरस्कारबाट सम्मानित हुनेहरूः**

१. जिउँदा शहिद, रामहरी शर्मा - २०६४
२. पूर्व प्रधानमन्त्री एवम् जनयुद्ध नायक, पुष्पकमल दाहाल प्रचण्ड - २०६५
३. पुराण वाचक, दीनवन्धु पोखरेल र विश्व साईकल यात्री पुस्कर शाह (संयुक्त) - २०६६

४. पूर्व प्रधानमन्त्री, गिरिजाप्रसाद कोईराला (मरणोपरान्त) र पूर्वप्रधानमन्त्री, माधवकुमार नेपाल (संयुक्त) - २०६८ (गिरिजाप्रसाद कोइरालाको परिवारले पुरस्कार ग्रहण गर्न अस्वीकार गरेको)

५. संस्कृतिविद, सत्यमोहन जोशी - २०७०

६. इतिहासविद, प्रा. डा. तुलसीराम वैद्य - २०७२

७. संस्कृति एवम पुरातात्वविद, हरिराम जोशी - २०७४

८. महाबीर पुनको राष्ट्रिय आविष्कार केन्द्र - २०७६

**डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कारबाट सम्मानित हुनेहरू:**

१. दक्षिण अफ्रिकाका पूर्वराष्ट्रपति, नेल्सन मन्डेला - २००६

२. भारतका राष्ट्रपिता महात्मा गान्धी (मरणोपरान्त) - २००७

३. अमेरिकी पूर्वराष्ट्रपति, जिम्मी कार्टर - २००८

४. स्विस नागरिक, टोनी हेगन - २००९

५. संयुक्त राष्ट्र सङ्घका महासचिब, बान की मुन - २०११

६. वर्माकी प्रजातान्त्रिक नेत्री, आङ साङ्ग सुकी - २०१३

७. रुम टु रिडका संस्थापक अमेरिकी नागरिक, जोन उड - २०१५

८. युनेस्को पेरिस - २०१७

९. रिड नेपालको संस्थापक अमेरिकी नागरिक, डा. एण्टोनिया न्युवर - २०१९

**पुरस्कार छनौट प्रक्रिया**

वि.सं. २०७० देखि समितिको बोर्ड बैठकले समाजका तीनजना विशिष्ट व्यक्ति (एकजना संयोजक र दुईजना सदस्य) रहने गरी पुरस्कार छनौट समिति गठन गर्दछ । उक्त समितिबाट राष्ट्रिय समाचार, सामाजिक सञ्जाल, विद्युतीय माध्यमबाट पुरस्कारको विवरणसहितको सूचना प्रकाशन गरी नामहरू माग गर्ने गरिन्छ। साथै बिशिष्ट विद्वानहरू, बिषय विशेषज्ञहरू बोलाई कसलाई पुरस्कार दिंदा पुरस्कारको गरिमा र पुरष्कृत हुनेहरूले पनि गौरवानुभूति गरोस् भन्ने बिषयमा व्यापक छलफल गरी नामहरूको सङ्कलन गर्ने काम हुन्छ। यसरी विभिन्न चरणमा सबै प्रक्रिया पूरा गरेपछि सिफारिस भई आएका नामहरूमध्ये तीनवटा नामहरू छनौट समितिले वरियताको क्रममा बोर्डमा सिफारिस गर्दछ। बोर्ड बैठकले छनोट गरेर सार्वजनिक गर्ने गर्दछ। यसरी सार्वजनिक गरेपछि कुनै निश्चित समयमा पुरस्कार वितरण गर्ने गरिन्छ।

यो शान्ति पुरस्कार २०६४ साल देखि २०६६ सालसम्म प्रत्येक बर्ष दिइएको थियो भने २०६८ सालदेखि प्रत्येक दुई बर्षमा दिन थालिएको छ। यो वर्ष (सन् २०२१) पुरस्कार वितरणको साल रहेको कुरा समेत जानकारी गराउदै निकट भविष्यमा नै पुस्तकालय विकास समितिको बोर्ड बैठकले छनोट समितिको गठन गरी प्रक्रिया अगाडि बढाउने जानकारी तथा अनुरोधसमेत यसै लेखमार्फत् गर्दछु।

# सामुदायिक पुस्तकालय कालजयी होलान् त ?



✍ **लीला न्याइच्याई, पिएचडी**
उपप्राध्यापक
पुस्तकालय तथा सूचना केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

नेपालको अनुभवमा सामुदायिक पुस्तकालयहरू स्वतन्त्रताका आवाज हुन्, सामाजिक दायित्व निर्वाह गर्ने स्वतस्फूर्त जागरण हुन् । पहिले दाफा भजन, गुठी जस्ता संस्थाहरूबाट समाजको आवश्यकता पूरा गर्थे, तर बदलिदो परिवेशसँगै समाजको आवश्यकता बिचार मन्थन र अध्ययनतिर बढे, राजनीतिक परिवर्तनको उद्वेलनमा पुस्तकालयमा भएका अध्ययन सामग्रीहरू सान्दर्भिक सामग्री बने । तर नेपालमा राजनीतिक परिवर्तनपछि एक उत्साहका साथ यस्ता सामुदायिक पुस्तकालयको स्थापना हुने तर यसको निरन्तर विकास र विस्तारमा गहिरो शून्यता आउने गरेको छ । राजनीतिक परिवर्तन पश्चात् सामुदायिक पुस्तकालको सान्दर्भिकता र आवश्यकता सकिएको हो त? यसको सिधा र सैद्धान्तिक उत्तर हो : पुस्तकालयको सान्दर्भिकता र आवश्यकता कहिले पनि सकिँदैन, त्यसको संसाधन र सेवाको प्रकृतिमा समयअनुसारको बदलाबको माग भने गर्दछ । लेखक अलिसटायर ब्लाईक र डाभ मुडीमानले सन् १९९७ मा प्रकाशित गरेको पुस्तक “सामुदायिक लाईब्रेरीयनसिपबारेको बुझाइः उत्तरआधुनिक बेलायतमा सार्वजनिक पुस्तकालय” शीर्षकमा प्रश्न गरेका छन् सूचना समाजमा के समुदायमा समर्पित पुस्तकालय सम्भव छ ?

उनीहरूका अनुसार समुदायको विकास, साँस्कृतिक नीति र स्थानीय सरकारका लागि यो अति आवश्यक छ ।

शिक्षा मन्त्रालयको एक सर्वेक्षण अध्ययनका अनुसार देशभरिमा ६७६ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरू छन् । तर तीमध्ये कतिवटा पुस्तकालयहरू जीवन्त छन्, यकिन भएको छैन । सम्भवतः धेरैवटा पुस्तकालयका ढोका सदाका लागि बन्द भएका छन्, केही कठिनाइका साथ चलिरहेका छन् । सामुदायिक पुस्तकालयहरूको यस्तो अबस्था किन छ र त्यसको समाधानका उपायहरू के के हुन सक्लान् ? यो लेखको विषयवस्तु यसैमा केन्द्रित हुनेछ । भक्तपुर जिल्लामा रहेका तीनवटा सामुदायिक पुस्तकालयका अध्यक्षहरूसँग जुम मार्फत् संयुक्त छलफलबाट प्राप्त पृष्ठपोषणका आधारमा यो आलेख तयार पारिएको हो ।

### सामाजिक परिवर्तनको चाह बोकेका पुस्तकालयहरू

भक्तपुर जिल्लामा २१ वटा सार्वजनिक पुस्तकालयको दर्ता भईराखेको पाँइन्छ । जनज्योति, नवचेतना, नवस्मरण, नारी, रत्न, विद्यार्थी, सिद्दी गणेश, सौभाग्य, श्रीकृष्ण, बृहस्पति, वैदिक विकास, गरिमा, साथी सैलुङ, जनहित, सहिद स्मृति, स्टुडेन्ट, मानन्धर, न्यातपोल, स्टार वाचनालय, चण्डेश्वरी, शहिद राजकुमार स्मृति र प्रगति पुस्तकालयको नाम सङ्कलन भएको पाइन्छ । विविध समय र स्थानमा खुलेका यस्ता पुस्तकालयहरू समाजका अगुवाहरूको साथ र नयाँ युवा पुस्ताहरूको सक्रियतामा शुरू तथा सञ्चालन भएका छन् ।

### स्थापनाका बसन्तमयी विकासक्रम

वि.सं. २०४८ सालमा भक्तपुर नगरको वडा नं ७, गोलमढी टोलमा शहिद स्मृति पुस्तकालयको यात्रा शुरु

भयो । त्यो माहोल बहुदलीय व्यवस्था भर्खर स्थापना भएको थियो । जनमानसमा बदलिदो व्यवस्थाका बारे जान्ने उत्कृष्ट चाहनाहरू थिए र पुस्तकालयले पनि जनतालाई राजनीतिक ज्ञान दिने उद्देश्य राखेको पाइन्छ । यस्ता पुस्तकालयमा विभिन्न देशका राजनीतिक विश्लेषणसहितका पुस्तकहरू समावेश गरिएका थिए । विशेष गरी हिन्दी र अङ्ग्रेजी भाषाका पुस्तकहरू सँग्रहित भएको पाइन्छ । तर स्थानीय जनतामा साक्षरताकै कमी रहेको अबस्थामा ती विदेशी भाषामा लेखिएका पुस्तकहरूबाट कति ज्ञान आम पाठकले लिए होलान् त भन्ने प्रश्न उब्जन्छ । यद्यपी, २०४७ सालको राजनीतिक अन्दोलनमा शहादत प्राप्त गरेका शहिदको सपना साकार पर्ने, र समाजमा भूमिका खेल्ने उद्देश्य पुस्तकालयले निर्धारण गरेको थियो ।

विद्यालय अध्ययन गर्ने चलन स्थानीयहरूमा बढेसँगै पुस्तकालयको प्रयोगमा भिन्नताहरू भए । पुस्तकालय बेलुका सञ्चालन गरिन्थे । त्यतिबेला विद्यालयबाट फर्केका साना विद्यार्थीहरू विद्यालयको गृहकार्य गर्न पुस्तकालय आउने गर्थे । पुस्तकालय सञ्चालन गर्ने स्वयम्सेवकहरू पनि माध्यामिक तहमा पढ्ने विद्यार्थीहरू थिए जो आलोपालो गरेर पुस्तकालय खोल्ने, नानीहरूलाई गृहकार्य सिकाउने जस्ता काम गर्थे ।

अर्कोतिर प्रगति पुस्तकालयको २०३७ सालमा जनसेवा पुस्तकालयको नामबाट स्थापित भएको पाइन्छ । निरंकुश पञ्चायती व्यवस्थालाई सुधारिएको अबस्थामा यसको बिजारोपण भयो । राजनीतिक चेतबाट यो पुस्तकालयको शुरूवाती जग निर्माण भयो । २०३८ मा समाजसेवा पुस्तकालय हुँदै २०४२ सालमा प्रगति पुस्तकालय नामाकरण भयो । यस पुस्तकालयका आफ्नै स्मारिका चारवटा अंकसम्म प्रकाशन भए । वि.सं. २०६९ सालमा प्रकाशित स्मरिका हालसम्म भएको अन्तिम हो । यसका संस्थापक अगुवा किसान बुद्दीकुमार गेसाइ हुन् । सामाजिक र राजनीतिक गतिविधि गर्ने उद्देश्यका साथ खेलकुद, सरसफाइ, शैक्षिक कार्यक्रम र महिला प्रौढ कक्षा सञ्चालन जस्ता कार्य यस पुस्तकालयका उल्लेख्य गतिविधि रहे । हाल सम्म ११ जना अध्यक्षहरू भएका छन् । यहाँ १७ सय भन्दा बढी पुस्तकहरू सँग्रहित छन् ।



**प्रगति पुस्तकालयको कोठा**

त्यस्तै राजकुमार शहीद स्मृति पुस्तकालय एक शैक्षिक अभियानको परिणाम हो । २०४६ सालमा बासु माध्यामिक विद्यालय स्थापनामा योगदान गर्नु हुने गणेशमान सुवालको स्मरणमा पुस्तकालय बनाइयो । २०४७ मा प्रजातन्त्रको लागि शहिद हुने राजकुमार सुवालको नाममा पुस्तकालयका नाम समर्पित भयो । यसको सञ्चालन बासु माविको तल्लो तल्ला, जुन पहिलाको दाफा फलचा थियो, त्यसमै स्थापना देखि सञ्चालनमा छ । शिक्षक गंगाप्रसाद

याकामी, साहित्यकार दामोदर सुवाल, शिक्षक रामभक्त कोजू लगायतका व्यक्तित्वहरू यसका संस्थापकहरू हुन् ।

यसरी सामाजिक परिचालन, शैक्षिक उद्देश्य र राजनीति जागरण फैलाउनका लागि यी पुस्तकालयहरूको शुरूवात भएको पाइन्छ । यसको शुरूवातमा पूर्णत स्थानीय जनताकै सामर्थ्य र इच्छाशक्ति लागानी भएका थिए ।

### ऐंचोपैंचोबाट सङ्ग्रह सङ्कलन

शहिद स्मृति पुस्तकालयमा पुस्तकको अभाव थियो । पत्रपत्रिकाहरूको खरिद गर्न सहयोगी हातहरू खोजिन्थे । नाति तुइताई पुस्तकालयका अध्यक्ष भएको समयमा प्रकाशकहरूबाट बोरा बोरामा सहयोग प्राप्त भयो तर केलाएर राख्दा थोरै उपयोगी पुस्तकहरू मात्र पाउँथे । शिक्षा मन्त्रालयबाट पनि तीनवर्षसम्म सहयोग प्राप्त गरेका थिए । यस पुस्तकालयका सचिव नारायणप्रसाद मचामसी आफैंले सञ्चालन गरे । त्यतिबेला कोर्स किताबहरू, साहित्यका पुस्तक र राजनीतिक पुस्तकहरू थिए । त्यतिबेला ३०० प्रयोगकर्ताहरू दर्ता भए । स्थानीय व्यक्ति, तात्कालीन छालिङ गाउँ, सिपाडोल गाउँका पनि सदस्यहरू थिए । केही रकम ३० र ४५ रूपैयाँ प्रति व्यक्ति दर्ता शुल्कका रूपमा उठेको थियो । यद्यपि सञ्चालकहरूको लागि सामान्य चिया खर्च दिन सामर्थ भए । साँझको समयमा साँघुरो कोठामा एक खालको जीवन्त पुस्तकालय थियो शहिद स्मृति पुस्तकालय ।

उता शहिद राजकुमार पुस्तकालयले आर्थिक स्रोतको लागि राफल चिट्ठा वार्षिक आयोजना गर्दछ । त्यसका अलावा पाठेघर परीक्षण, रक्तदान कार्यक्रम आदि गर्ने गर्दछ । व्यापारीहरूबाट पत्रिकाको सहयोग हुन्थे । पुस्तकहरूको सङ्ग्रह तीनहजार सम्म पुगेको छ । २०७६ सालमा सामाजिक विकास मन्त्रालयबाट प्राप्तसहयोगबाट १० वटा कम्प्युटर र फोटोकपी मेसिनको व्यवस्था भयो । कलेजको प्रोजक्ट वर्क गर्न विद्यार्थीहरूबाट ती कम्प्युटरहरूको उपयोग भएका छन् । तर कोभिडको कारण अहिले पाठक सँख्यामा कमी छ । पुस्तकालय बिहान र बेलुका एकएक घण्टा सञ्चालन गरिएको छ ।

प्रगति पुस्तकालयले हरेक नयाँ वर्षको पूर्व सन्ध्यामा दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरूको प्रायोजन गर्ने सहृदयी व्यक्तित्वहरूको खोजी गरिन्छ । २०६७ सालपछि नगर शिक्षा शाखामार्फत् खोलिने सामुदायिक सिकाइ केन्द्रसँगको सहकार्यमा सञ्चालन हुँदै आएको छ । व्यवस्थापन खर्च, फर्निचर खर्च आदि त्यही सिकाइ केन्द्रबाट व्यवस्था हुँदै आएको छ । सूर्यमढी फलचा र नारायण द्योग दाफाको सानो भवनमा यो पुस्तकालले स्थान पाएको छ । एक परिचारिकाको व्यवस्था सिकाइ केन्द्रबाट व्यवस्था गरिएको छ । पुस्तकालयको सञ्चालन पनि उनैबाट हुँदै आएको छ । पहिला जिल्ला विकास समितिबाट बार्षिक सहयोग आउथ्यो । नगरपालिकाबाट पनि सहयोग गर्ने कुरा छ । यद्यपि भईसकेको अबस्था छैन ।

### बदलावहरूको सामना

शहिद स्मृति पुस्तकालयका सचिव नारायणप्रसाद मचामसीको व्यक्तिगत व्यस्तता बढ्यो र जिम्मा अरूमा सऱ्यो । लगभग तीन वर्ष सक्रिय सञ्चालनको गतिमा स्थिरता आयो । जाँगरमा नयाँपन थपिन सकेन । प्रगति पुस्तकालयका अध्यक्ष रवीन्द्र कुसीको अनुभवमा अबका दिनहरूमा पुस्तकालय पहिला जस्तै सञ्चालन हुन सक्दैन भन्ने छ । इ पुस्तकालय बनाउनको लागि ठूलै आर्थिक स्रोत जुटाउने कसरी भन्ने यक्ष प्रश्न छ । पाठकहरूको रूचिका विषय भनेका पढाइसँग सम्बन्धित सामग्रीको खोजका साथ आउने मचामसीको अनुभव छ । यसबारे विद्यालय सिकाइ र अध्ययनलाई विद्यालयका शिक्षकहरू र विद्यार्थीसँगको सहकार्यमा सामुदायिक पुस्तकालयहरूले काम गर्न सक्ने कुरा दक्षिण अफ्रिकाको लिम्पेपे प्रान्तको सेशेगे पुस्तकालयको सन् २००३ मा प्रकाशित अध्ययनको निचोड लेखमा छ । मचामसीका अनुसार पनि अन्य विद्यालय र कलेजबाहेकको थप अध्ययनमा पाठकको रूचि कम छ । इ-पुस्तकालयको स्वरूप धारण गर्न सबभन्दा ठूलो चुनौति त्यस सम्बन्धी ज्ञानको अभाव उहाँ मान्नुहुन्छ । स्थानको अभाव अर्को दुःख हो । २०७२ को भुकम्पले यो समस्यालाई अझै जटिल बनाएको छ । शहिद



**प्रगति पुस्तकालय रहेको भवन**

स्मृतिलाई अहिले वडा समितिमा एक कोठा उपलब्ध गराइएको छ । जुन कोठा पुस्तकालयबाहेक अन्य बहुल उद्देश्यको लागि उपयोगमा ल्याइन्छ ।

शहिद राजकुमार पुस्तकालयको अनुभवमा भने पाठकहरूको मोबाइलमा धेरै व्यस्त हुन थाले पछि पुस्तकालयमा आई अध्ययन गर्ने बानी अति न्यून भएको छ। अध्यक्ष कृष्ण पसाद सवाल पत्रिकाको व्यवस्था गर्ने चन्दादाताहरू पनि घटेको मान्न हुन्छ ।

तर रवीन्द्र कुसी स्थानीयहरूको क्रियाशिलता र इच्छाशक्ति महत्त्वपूर्ण हो भन्नुहुन्छ। हाम्रो लागि पुस्तकालय अध्ययन केन्द्रमात्र नभई सामाजिक संस्थाको रूपमा विकसित गर्न जरूरी छ। अन्यथा यसको उपयोगिता सकिने प्रबल संभावना छ।

**भावी विकास र विस्तारका आयाम**

यसप्रकार हालको अबस्थामा भक्तपुरका स्थानीय सामुदायिक पुस्तकालयहरू नियमित आर्थिक अभाव, उपयुक्त जनशक्तिको अभाव, र नयाँ परिवर्तित समय अनुसारका स्रोत तथा सेवाको अभावका कारण स्थापनाकालको जागरण अनुसार आजसम्ममा हुनुपर्ने विकास र विस्तार प्राप्त गर्न पाएनन् भन्न सकिन्छ । जसरी भक्तपुर राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटनमा प्रख्यात छ, त्यसरी नै पुस्तकालयहरूको आकर्षक सेवा र स्रोतहरूमार्फत् पुस्तकालय पर्यटनको सम्भावनाबारे सोंच्न पनि सकिन्छ। यो सम्भावनाको लागि साना पुस्तकालयहरूलाई एक विराट पुस्तकालयहरूको रूपमा रूपान्तरण गर्न सकिन्छ र स्थानीय क्षेत्रमा मात्र पाउन सकिने सूचना स्रोतहरूको सङ्कलन र सङ्ग्रह गर्न सकिन्छ । यस्ता स्थानीय ठाउँमा मात्र पाउन सकिने सूचना स्रोतहरूलाई प्राथमिकतामा राखेको खण्डमा पनि सामुदायिक पुस्तकालयहरूको आफ्नो विशेष महत्त्वपूर्ण स्थान बनाउन सकिन्छ। स्थानविशेष अनुसारका गतिविधि र सूचना स्रोतले सामुदायिक पुस्तकालयहरूको योगदान र आवश्यकतालाई अनिवार्य बनाउने उपाय हो ।

# पठन संस्कृतिका बारेमा



✍ **इन्द्रप्रसाद रेग्मी**
पूर्व उपलाईब्रेरियन, त्रि.वि.

वि.सं. २०७८ साल भाद्र १५ गते नेपालमा १४ औं पुस्तकालय दिवस विविध कार्यक्रमका साथ मनाइँदै छ। डेढ दशक भईसक्यो यो दिवस मनाउन थालिएको। सरोकारवालाहरूले विविध कार्यक्रमहरूका साथ मनाउने गरिएको यो दिवस वास्तवमा स्तुत्य छ। यसले आम मान्छेहरूमा पुस्तक र पुस्तकालयको बारेमा ज्ञानको सञ्चार गर्दछ। पुस्तक के हो र पुस्तकालय किन ? भन्ने प्रश्नको जवाफ त, विश्वव्यापी रूपमा धेरैले धेरै माध्यमहरूबाट दिइसक्नुभएको र दिइरहनु भएको पनि छ। म यहाँ यस सम्बन्धमा धेरै गन्थन गरिरहन आवश्यक ठान्दिन। तर कुरा के हो भने पुस्तक र पुस्तकालयको आवश्यकता किन परेको हो र अहिले यसको अबस्था के छ ? खास गरेर हाम्रो देशमा। मेरो अहिलेको गन्थन यसैमा केन्द्रित रहने छ। पुस्तक र पुस्तकालयको बारेमा लेखिरहँदा मलाई के लाग्छ भने यी दुवै चिज पठन संस्कृतिसँग नै सम्बन्धित छन्। पठन संस्कृति मौलाएको समाजमा नै पुस्तक र पुस्तकालय पनि मौलाउँछन्। जसलाई पठन पाठनमा चाख छैन, उसलाई पुस्तक र पुस्तकालयको पनि आवश्यक पर्दैन। पुस्तक या पाठ्यसामाग्री भनेको ज्ञानको भण्डार हो र पुस्तकालय त्यो ज्ञानको भण्डारलाई व्यवस्थित रूपमा राख्ने ठाउँ हो। यी दुवैको सही व्यवस्थापन तब मात्रै हुन सक्छ, जब मान्छेमा पठन संस्कृतिप्रतिको चेत पलाउँछ।

अहिले पठन संस्कृतिको अवस्था कस्तो छ ? यसतर्फ म थोरै चर्चा गर्न चाहन्छु। सामाजिक रूपमा जब मान्छेका आवश्यकताहरूमा विविधता आउँदै गयो तब स्वभाविक रूपमा त्यस अनुरूपको आविष्कारतिर मान्छेले सोच्न थाल्यो र दिमाग खियाउन थाल्यो। त्यसको परिणाम हो, विभिन्न चिजहरूको सृष्टि र त्यसको विकास। काँचो खानेकुरा पकाउन मान्छेले आगो बाल्न थाल्यो। घाम र झरीबाट बँच्न मान्छेलाई आङ ढाक्ने वस्तुको आवश्यकता पऱ्यो फलतः रूखको पातले र बोक्राले मान्छेले आङ छोप्न थाल्यो र हुँदाहुँदै लुगाको विकास भयो। भन्न खोजिएको के हो भने, ज्ञान नै सृष्टिको मुहान हो र यो ज्ञान अक्षरबाट नै प्रारम्भ हुन्छ। अक्षरको विकसित रूप पुस्तक हो र पुस्तकको व्यवस्थापनको खाँचोले पुस्तकालयको जन्म भयो।

पढ्ने कुरा दिमागी अभ्यास त हुँदै हो साथै ज्ञानको चोटाकोठा चाहार्ने क्रियाकलाप पनि हो। सोह्रौं शताब्दीका एक अङ्ग्रेज विद्वान्ले भनेका छन् "रिडिङ इज टु द माइण्ड द्याट एक्सर्साइज टु द बडी" - जोसफ एडिसन (१६७२-१७१९)। जुन व्यक्ति रहेको समाज या समुदायमा पढ्ने बानीको विकास हुन्छ, निश्चित छ उसैमा ज्ञानको दायरा पनि फराकिलो हुन्छ। अब यस सम्बन्धमा हाम्रो समाजको वर्तमान के छ त ? यसबारेमा थोरै चर्चा गर्नु समुचित नै हुनेछ। यसका लागि सर्वप्रथम त पठन संस्कृतिको विकास आवश्यक छ। संस्कृति भनेको संस्कार या बानी हो। पढ्ने बानीले नै मान्छेमा ज्ञानको भोक जगाउँछ। ऊ सु-सभ्य हुन्छ। देश र विश्वलाई नै विभिन्न कोणबाट बुझ्ने र प्रयोग गर्ने सिप उसमा पलाउँछ। उन्नत बिचारको निम्ति उसमा जति ज्ञानको तिर्खा जाग्छ, ऊ त्यति नै त्यसको पिंधसम्म पुग्छ।

समाजका हर क्षेत्रमा काम गर्ने मान्छेहरूमा पढ्ने बानीको विकास हुनु आवश्यक छ। कुनैपनि पेशामा रहेकाहरूले जति पठन संस्कृतिमा विकास गर्न सक्छन्, त्यति नै उनीहरू आफ्नो पेशामा पोख्त हुन्छन्। त्यसैले समाजको हर क्षेत्रमा यो बानी अर्थात् पढ्ने बानीको विकास हुनु आवश्यक छ। यसले भईरहेको ज्ञानलाई ताजा त बनाउँछ नै सम्बन्धित विषयमा नयाँ-नयाँ खोजहरूकोबारेमा जानकार गराउँछ। हामीकोमा भएको पठन संस्कृतिको अभ्यासकाबारेमा कुरा गर्दा यो त्यति सन्तोषजनक देखिंदैन। अक्सर के ठानिन्छ भने, पढ्ने भनेको एउटा निश्चित कोर्ष पूरा गर्ने हो र त्यसको समाप्तिपछि जीविकोपार्जनको धन्दामा लागेर जीवनलाई सुखमय र आनन्ददायक बनाउनु हो। अर्को शब्दमा भन्नुपर्दा, पढ्ने भनेको जागिर खानलाई हो र पैसा कमाउनलाई हो अनि जीवन सुखी बनाउनलाई हो। त्यसैले अक्सर के देखिन्छ भने मान्छेहरू एउटा कोर्षको पढाई पूरा गरेपछि पढाईतिर त्यति ध्यान दिंदैनन् र उनीहरूमा रहेको ज्ञानको परिधि तन्किनुको सट्टा खुम्चँदै जान्छ। कुनैपनि विषयमा हिजो जे-जे अन्वेषणहरूबाट पत्ता लाएका थिए आज त्यहीत्यही ठाउँमा मात्र ज्ञान सीमित छैन। त्यसमा अकल्पनीय विकास भईसकेको छ। जसमा नयाँ ज्ञान प्राप्त गर्ने जोश र जाँगर छैन र आफ्नो हिजोको सीमित ज्ञानलाई नै सबैकुरा ठान्छ, समयको बहावले त्यस्ता मान्छेलाई धेरै पछि धकेली सकेको हुन्छ।

समाज विकासको निम्ति विभिन्न नीतिहरू बनाइएका हुन्छन् र ती नीतिहरूले अध्ययन र अनुसन्धानबाट जहिले पनि विकासको फड्को मारिरहेका हुन्छन्। आफूले जे जति ठानेको छ त्यसैलाई पूर्ण ठान्नेहरू कहिले पनि उन्नतिको पाइलामा पाइला मिसाइरहन सक्दैनन्। वर्तमान्मा हरेक क्षेत्रमा ज्ञान र विज्ञानले यतिधेरै उचाइ प्राप्त गरिसकेको छ कि, कुनैपनि क्षेत्रको मानिस आफूले प्राप्त गरेको ज्ञानलाई मात्र पूर्ण ठानेर बस्न थाल्यो भने, कालान्तरमा ऊ थलिन्छ र समाजको अग्रगामी सोंचसँग उसले आत्मसमर्पण गरेर जहींको तहीं बस्नुपर्ने हुनसक्छ। त्यसैले समयको रफ्तारसँगै ज्ञानको खोजलाई हिंडाउन सक्नुपर्छ र यसको निम्ति हरेकमा अध्ययन संस्कृतिको विकास हुनै पर्छ।

यति भनिसकेपछि म अब हाम्रो देशमा पठन संस्कृतिको विकास कुन रूपमा भईरहेको छ यसतर्फ पनि नियाल्नुपर्ने आवश्यक ठान्दछु। अहिले के देखिएको छ भने हाम्रो पठन संस्कृति हिजोको तुलनामा कतै खस्कँदै गइरहेको त हैन ? मैले माथि नै भनिसकेको छु, ज्ञान पुस्तकबाट प्राप्त हुन्छ र पुस्तकको सुरक्षा र व्यवस्थापन पुस्तकालयबाटमात्र सम्भव छ। तर अहिले, हामी पुस्तक पढ्न र पुस्तकालय व्यवस्थापन गर्ने दुवै कुरामा कन्जुस्याँइ गरिरहेका छौं। पुस्तक पढ्ने भनेको निश्चित कोर्ष पूरा गर्नुमात्रै होइन। तर यही सोंच अहिले मौलाउदै गइरहेको छ। साहित्य, कला, विज्ञानका विविध क्षेत्रमा प्रकाशित पुस्तकहरूको प्रकाशन र बिक्री वितरणको अबस्था मिहिनसँग केलाउने हो भने हामी यसमा देखिएको दरिद्र्याई सजिलै पहिचान गर्न सक्छौं। एकाध अपवादलाई छाडेर भन्ने हो भने अधिकांश पुस्तकहरू ५०० प्रति पनि बिक्री वितरण भईरहेको अबस्था छैन। हुन त अहिलेको नयाँनयाँ प्रविधिले पुस्तक पढ्नेको सङ्ख्या घटाएर इन्टरनेटतिर मान्छेको ध्यान नतानेको होइन तर "आमा जस्तो हुँदैन सानीमा" भन्ने उखानजस्तै किताब पढेर जुन किसिमको आनन्द लिन सकिन्छ, त्यही किताब इन्टरनेटमा पढ्दा त्यत्तिकै आनन्द हुन्छ जस्तो मलाई लाग्दैन। यसो भनेर मैले विज्ञानले दिएको आधुनिक वरदानलाई कम आँक्न खोजेको चाहिँ होइन। हाम्रो पठन संस्कृतिमा नयाँ पुस्ता निकै पछाडि परिरहेको पनि मैले महसुस गरेको छु। ऊ मोबाइल, कम्प्युटरमा आधुनिकभन्दा अधुनिक प्रविधिसँग खेल्न निकै पोख्त छ तर ऊ त्यसको प्रयोगबाट नेपाली साहित्य, कला र संस्कृतिका बारेमा बुझ्न पनि त्यत्तिकै लालयित छ त ? मेरो बुझाइमा त्यस्तो छैन। हाम्रा खानपिन, आचारविचार, चालचलनको ऐतिहासिकतासँग झण्डैझण्डै अनविज्ञ नै हुँदै गइरहेको छ। यो डरलाग्दो अबस्था हो। यो अबस्थाबाट पार पाउन हामीले नयाँ पुस्तालाई पठन संस्कृतितिर उत्प्रेरित गर्नै पर्छ र यस्तो उत्प्रेरणा विद्यालयले भन्दा पनि समुदायले दिन सक्छ र दिनपर्छ।

पठन संस्कृतिको विकासमा समुदायले गर्ने र गर्नसक्ने थुप्रै कामहरू छन् । पुस्तकालयको स्थापना यसमा प्रमुख काम हो । हामीले विभिन्न समयमा पुस्तकालयको स्थापनामा विभिन्न नाराहरू बनाएर त्यसको कार्यान्वयन पक्षतिर पनि केही कामहरू गरेकै हौं तर जति हुनपर्ने थियो, त्यति भएको छैन । समुदायले पुस्ताकालय स्थापनामा खेल्नुपर्ने भूमिकाका बारेमा धेरैले धेरै ठाउँमा आ-आफ्ना विचारहरू विभिन्न समयमा व्यक्त गरिसक्नु भएको छ । यसैले म यहाँ के मात्रै भन्न चाहन्छु भने अब राज्यका तीनवटै निकायहरूले सामुदायिक स्तरमा पुस्तकालयहरू खोल्न एउटा नीति नै बनाउनु पर्छ । सकिन्छ भने, पालिकाहरूका प्रत्येक वार्डमा एउटा सामुदायिक पुस्तकालय खोल्न अभिप्रेरित गर्नुपर्छ र सरकारी स्तरबाट त्यसको भौतिक पूर्वाधारहरू पूरा गर्न कदम चाल्नुपर्छ । स्थानीय निकायहरूको वार्षिक बजेटमा ठाउँ र जनघनत्व हेरी कूल बजेटको एउटा निश्चित रकम पुस्तकालयको निम्ति छुट्याइनु पर्छ । गाउँ टोलमा अलि मानिसहरूको बाक्लो उपस्थिति हुने चौतारो पाटीहरूमा सम्बन्धित टोलहरूले सकेको जति पाठ्य सामाग्री (पत्रपत्रिका) उपलब्ध गराउने व्यवस्था गर्ने हो भने पनि समाजमा पठन संस्कृतिको विकासमा टेवा पुग्छ । यो त्यति गाह्रो र झण्झटिलो काम पनि होइन । मात्र खाँचो छ लगनशीलताको ।

हामी के देख्छौं भने देशका प्रायः शिक्षण संस्थाहरूमा साना ठूला पुस्तकालयहरू छन् । त्यहाँ पुस्तकहरू, पत्रपत्रिकाहरू पनि छन् । तर अभाव छ पाठकको । शिक्षकहरू त मुश्किलले नै पुस्तकालयमा टेक्छन् । यो मेरो व्यक्तिगत अनुभव पनि हो । विद्यार्थीहरू पनि आफ्नो टेक्स्ट बुक लिनमात्रै त्यहाँ पुग्छन् । जाहेर छ, पुस्तकालयमा टेक्स्टबुक मात्रै हुँदैनन् र भएकाले सबैलाई एकैचोटि सेवा दिन पनि सक्दैनन् । यसमा पुस्तकालयका आफ्ना नीति नियमहरू हुन्छन् । म यसमा अरू चर्चा गर्न चाहिनँ । तर पुस्तकालयमा भएका सामाग्रीहरूको समुचित अध्ययन गर्ने वातावरण गराउन विद्यालय क्याम्पस प्रशासनले चाहे भने सक्छ र यसमा शिक्षकहरू गहन भूमिका रहन्छ । जस्तै कुनै विषयमा वादविवाद, हाजिरीजवाफ, साहित्यका विविध विधागत गोष्ठी, लेखन प्रतियोगिता, जस्ता कार्यक्रमहरू कम्तीमा साप्ताहिक रूपमा तालिकाबद्ध गराउने हो भने विद्यार्थीको ध्यान स्वतः पुस्तकालयतिर आकर्षित हुन्छ र जति धेरै सङ्ख्यामा विद्यार्थीहरू पुस्तकालयतिर जान्छन्, त्यति नै उनीहरूको ध्यान पनि पाठ्यसामाग्रीहरूको खोजमा बढी आकर्षित हुन्छ । उपलब्ध नभएका र हुन नसकेका सामाग्रीहरू उपलब्ध गराउन विद्यालय क्याम्पस प्रशासनलाई पनि दबाब पर्छ । जसले गर्दा एक त शिक्षण संस्थाका पुस्तकालयमा ज्ञान सामाग्रीहरू बढ्दै जान्छन् र विद्यार्थीहरूमा पनि पढ्ने संस्कृतिको विकास भएर उनीहरू विभिन्न विषयमा पोख्त हुन्छन् ।

अन्त्यमा, पठनसंस्कृतिबाट समाजले के उपलब्धि हासिल गर्छ र यसको विकास सरोकारवालहरू मध्ये ककसले के के भूमिका निभाउनु पर्छ । यसको निम्ति विस्तारमा गएर एउटा नीति तर्जुमा गर्नुपर्छ । अधिकांश के देखिन्छ भने, विभिन्न विषयहरूमा नीतिहरू बन्छन्, नियमहरू लेखिन्छन् र जब यी नीति नियमहरूको कार्यान्वयन पक्षको कुरा आउँछ हामीमा विस्तारै उदासिनता फैलदै जान्छ र कालान्तरमा यो विस्मृतिको गर्भमा धकेलिन्छ र यस्तै कुनै पर्व समारोहमा यसलाई पुनः स्मरण गर्छौं र अब चाहि केही गर्नुपर्छ भन्ने महसुस गर्छौं तर यो सबै कुराहरू प्रायः छेपाराकै उखानमा परिणत भईरहेको छ । पठनसंस्कृतिको विषयमा बढी सरोकार राख्नुपर्ने सरकारी निकायमा शिक्षा मन्त्रालय नै हो भन्ने मेरो सोंच छ । यसैले नै आवश्यक नीति नियम तर्जुमा गरी स्थानीय निकाय शिक्षण संस्थाहरू र पुस्तकालय सङ्घसमेतलाई अभिप्रेरित गरी यसको कार्यान्वयन र विकासमा समुचित ध्यान दिलाउन सक्यो भने पठनसंस्कृति मौलाउने छ, फस्टाउने छ र समग्र देशका विकासमा यसले दुरगामी रूपमा असर पार्ने छ भन्ने मेरो ठम्याइँ हो । के हामी सबै सरोकारवालाहरू यसो गर्न इच्छुक छौं ? प्रश्न हामी सबैले आफैंलाई सोधौं ।

# पुस्तकालय दिवस : फर्केर हेर्दा



✍ **जुजुभाइ डंगोल, संस्थापक सदस्य,**
काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय
हालः सभाना, टेक्सास, अमेरिका ।

**भूमिका**

पुस्तकालय प्रयोगमा रुचि जगाउने, अध्ययन संस्कृतिको विकास गर्ने, सूचना एवम् ज्ञानमा आधारित समाजको निर्माणका लागि वातावरण सिर्जना गर्ने, औपचारिक शिक्षण सिकाइ सम्बद्ध कियाकलापमा पुस्तकालयको उपयोग गर्ने, पढ्ने बानीको विकास गर्ने, मुलुकका हरेक स्थानीय तहका सरकारलाई सार्वजनिक तथा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालनका लागि प्रेरित गर्ने, पुस्तकालय तथा सूचना विज्ञानको क्षेत्रमा भएका प्रगति तथा गतिविधिहरूको आमसरोकारवालामा जानकारी गराउने, पुस्तकालय सेवा र पेशालाई विश्वव्यापी मान्यता अनुसार सञ्चालन गर्ने प्रमुख उद्देश्यले सम्वत् २०६५ साल भाद्र १५ गतेदेखि नेपालमा पुस्तकालय दिवस मनाउन थालिएको हो । *(१३ **औं पुस्तकालय दिवस स्मारिकाको सम्पादकीय**)*

त्रि.वि.केन्द्रीय पुस्तकालय विज्ञान तथा सूचना सेवा केन्द्रीय विभाग, कीर्तिपुरमा अध्ययनरत विद्यार्थीहरूको संस्था पुस्तकालय तथा सूचना विज्ञान विद्यार्थी समाज (Library and Information Science Students' Association; LISSA) को सकियतामा नेपाल पुस्तकालय सङ्घको नेतृत्वमा सरकारी सार्वजनिक पुस्तकालय र नीजि सार्वजनिक पुस्तकालयहरूको सहभागितामा वि.सं. २०६५ सालदेखि भाद्र १५ गतेका दिन पुस्तकालय दिवस राष्ट्रिय अभियानको रूपमा शुरु गरिएको हो ।

पुस्तकालय दिवस राष्ट्रिय अभियानको रूपमा सञ्चालन गरेको १३ वर्ष पूरा भएको छ । प्रथम पुस्तकालय दिवसको नारा ***सबैको लागि पुस्तकालय*** (२०६५) तय गरिएको र गरी हरेक वर्ष नयाँ नारा लिएर मनाउदै आएको यस पुस्तकालय दिवसको १३ औ नारा थियोः ***समाज रूपान्तरणका लागि पुस्तकालय***। यस छोटो १३ वर्षको दौरानमा पनि धेरै सकारात्मक परिवर्तन भएका छन् । पुस्तकालय दिवसको अवसरमा प्रकाशित स्मारिका र विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू हेर्दा विशेषतः निम्न कुराहरू उपलब्धीको रूपमा लिएको देखिन्छ :

- देशको राजधानी काठमाडौंमा सीमित पुस्तकालय दिवसको संदेश देशको ७५३ ओटै स्थानीय तहसम्म प्रचार प्रसार भएको ।
- वि.सं.२०६४ मा स्वीकृत भएको पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीतिको आधारमा पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९ लागू भएको ।
- राष्ट्रिय पुस्तक नीति, पुस्तकालय गुरु योजना र पुस्तकालय स्वचालीकरण योजना लागू हुने क्रममा ।
- शिक्षा मन्त्रालयले हचुवा (एड हक) भरमा पुस्तकालयहरूलाई आर्थिक अनुदान दिई आएकोमा सेवा र सुविधाहरूको आधारमा पुस्तकालयहरूको वर्गीकरण गरी निश्चित् मापदड बनाई व्यवस्थित रूपमा बार्षिक आर्थिक अनुदान दिन थालिएको ।

- प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयमार्फत् पुस्तकालयहरूलाई सहयोग गर्ने अबस्था सिर्जना भएको ।
- शिक्षा मन्त्रालयको आयोजनामा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको राष्ट्रिय सम्मेलन भएको र सम्मेलनको परिणामस्वरूप शिक्षा मन्त्रालयबाट सार्वजनिक पुसतकालयहरूको अद्यावधि गरेको सूची निकालेको ।
- पुस्तकालय सेवामा समर्पित पेशाकर्मी र अभियन्ताहरूको सम्मान भएको ।
- पुस्तकालयसेवीहरूको अगुवाइमा शुरु भएको पुस्तकालय दिवस अहिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सचिवको अध्यक्षतामा मूल आयोजक समिति र आवश्यकताअनुसार उपसमितिहरू गठन गरी मनाईदै आएको ।

**लेखको उद्देश्य**

गएको डेढ दशकको अवधिमा, पुस्तकालय क्षेत्रमा पनि नीतिगत तथा सँगठनात्मक सुधारका कामहरू भएका छन्। प्रदेश सरकार र स्थानीय सरकारहरू क्रियाशील भएका छन्। नेपाल सरकारले बार्षिक कार्यक्रममा पुस्तकालय क्षेत्रको विकासको लागि कार्यक्रमहरू समावेश गरेको छ। सरकारको बार्षिक बजेट विनियोजनमा सरकारी सार्वजनिक पुस्तकालयको रूपमा नेपाल राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डा. डिल्लिरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय, केन्द्रीय कानुन पुस्तकालयको क्षमता विकासमा थप बजेटको व्यवस्था गरेको छ। निजि सार्वजनिक पुस्तकालयको रूपमा समुदायले सञ्चालन गरेको सामुदायिक पुस्तकालयहरूको सुदृढीकरणको लागि नियमित आर्थिक सहयोग पनि नेपाल सरकारबाट भएको छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सिटिईभिटी) बाट पुस्तकालय क्षेत्रमा कार्यरत कर्मचारीहरूको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सिप परीक्षण गरी सफल व्यक्तिहरूलाई पुस्तकालय सेवा तह २ र ३ प्रमाणपत्र दिई आएको छ। शहरी सुविधा क्षेत्रमा मात्र होइन ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि पुस्तकालय सेवा विस्तार भएको छ। समुदायका सदस्यहरूको साक्षरता अभिवृद्धिमा, विद्यालय तथा कलेज स्तरको पढाइमा र दैनिक आवश्यकताका सूचनाहरू प्राप्त गर्नमा पुस्तकालयहरूले सेवा दिई आएका छन्। सूचना प्रविधिमा आएको विकाससँगै पुस्तकालयहरूमा पनि सूचनामा सहज पहूँचको लागि कम्प्युटरको प्रयोग, इन्टरनेट सुविधा र विभिन्न वेभ साइटहरूमा पहूँच पुगेको छ।

त्रिभुवन विश्वविद्यालयमा मात्र पढाई हुने पुस्तकालय विज्ञान तथा सूचना सेवाको उच्च शिक्षा (स्नातक तथा स्नातकोत्तर तह) काठमाडौं विश्वविद्यालय र नेपाल ओपन युनिभर्सिटीमा पनि सञ्चालन भएका छन्। पुस्तकालयकर्मीहरूको राष्ट्रिय सङ्गठन नेपाल पुस्तकालय सङ्घले व्यावासायिक गुण अभिवृद्धिको लागि समय समयमा कार्यशालाहरू सञ्चालन गरी आएको छ। नेपाल पुस्तकालय सङ्घले अन्तर्राष्ट्रिय पुस्तकालय महासङ्घ (इफ्ला) को सहयोगमा पुस्तकालयसेवीहरूको क्षमता अभिवृद्धि तालिम र पुस्तकालय सङ्घहरूको संस्थागत विकासको लागि कार्यशाला गोष्ठीहरू सञ्चालन गरेको छ। यस क्षेत्रमा कार्यरत कर्मचारीहरूको लागि र यस क्षेत्रमा आउन चाहनेहरूको लागि सिटिईभिटीबाट स्वीकृत तीन महिनाको पुस्तकालय व्यवस्थापन तालिम र अन्य आवश्यकताअनुसार छोटो अवधिको तालिमहरू पनि विभिन्न संस्थाहरूबाट सञ्चालन गरी आएका छन्। देशमा कार्यरत पुस्तकालय सेवीहरूको बिचमा समन्वयात्मक काम होस् भन्ने उद्देश्यले नेपाल पुस्तकालय सङ्घले सदस्यहरूको विवरण अद्यावधिक गरी सूची (डाइरेक्टरी) प्रकाशन गर्ने काम भई रहेको छ।

पुस्तकालय क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरू रीड नेपाल, रुम टु रीड, नेपाल लाईब्रेरी फाउन्डेशन, शान्ति भोलेन्टियर एशोसियसन जापान लगायत कूटनैतिक नियोग अन्तर्गतका दि एशिया फाउण्डेशन, नेपाल भारत मैत्री पुस्तकालय जस्ता संस्थाहरूले पनि पुस्तकालय क्षेत्रमा उल्लेखनीय सहयोग गरेका छन्।

यिनै पृष्ठभूमिको आधारमा पुस्तकालय दिवस राष्ट्रिय अभियानबाट पुस्तकालय तथा सूचना सेवा क्षेत्रमा के कति सकारात्मक प्रभाव परेको छ, यसबारे छलफल गर्ने यो लेखको उद्देश्य हो ।

**लेख तयारीको विधि**

शुरुवातको समयमा, पुस्तकालय दिवस सार्वजनिक रूपमा मनाउने सम्बन्धमा भएका भेटघाट र बैठकहरू प्रायःजसो म कार्यरत रहेको काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय, भृकुटीमण्डपमा हुने भएकोले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा यो अभियानसित मेरो संलग्नता रही आएको छ । यो लेख तयारीको लागि पुस्तकालय दिवस मनाउन निर्णायक भूमिका निर्वाह गर्नु भएका व्यक्तिहरूको व्यक्तिगत सुझाव लिने प्रयास गरेको छु । एउटा प्रश्नावली तयार गरी ईमेलमार्फत् उहाँहरूलाई पठाइएको र प्राप्त जवाफको आधारमा यो लेख तयार गरिएको हो ।

**सुझावहरू**

पुस्तकालय दिवसको अवधारणा विकास गर्ने, दिवसको उद्देश्यहरू र कार्यक्रमहरू तर्जुमा गर्नेहरू र दिवसको कार्यान्वयनमा सक्रिय रूपमा योगदान गर्नु भएको केही महानुभावहरूलाई माथि उल्लेखित प्रश्नावलीहरू भरी दिन अनुरोध गरेका थिए । उहाँहरूले माथि उल्लेखित उपलब्धीहरूलाई नै पुष्टि गरी निम्न बमोजिम थप सुझावहरू दिनु भएका छन् :

४.१. पुस्तकालय दिवसले अँगालेको उद्देश्यहरू र सञ्चालित कार्यक्रमहरूको पुनरावलोकन ।

४.१.१ शुरुवातको उद्देश्यहरूमा थपघट गर्नु पर्ने

- राष्ट्रिय पठनपाठन दिवस भनेर शुरुवात गरिएको अभियानलाई भाद्र १५ पुस्तकालय दिवसमा परिणत गर्ने प्रयास राम्रो हो ।
- “उद्देश्य के लिनु उडी छुनु चन्द्र एक” महाकविलाई सम्झना गर्दै “पुस्तकालयको सेवाबाट समाज रूपान्तरण” भन्ने दूरदृष्टि (Vision) राख्नु पर्छ । तद्अनुरूप गन्तव्य पथ (Mission) कोर्नु पर्ने हुन्छ ।

४.१.२ **उद्देश्यबमोजिम समयानुकूल बनाउन कार्यक्रमहरूमा थपघट गर्नु पर्ने ।**

- शिक्षा मन्त्रालयका शैक्षिक निकायमा पुस्तकालय दिवस मनाउन बजेटसहित व्यवस्थापन गर्नु पर्छ ।
- पुस्तकालयका गतिविधिहरू पठन संस्कृतिसित जोड्नु पर्छ । विद्यालय, क्याम्पसस्तरमा पुस्तकालय दिवस मनाउनु पर्छ ।
- प्रत्येक प्रदेशमा पुस्तकालयको उपादेयता, पुस्तक सङ्कलनको बस्तुस्थिति, सेवाका प्रकार र पुस्तकालयले कसरी समाज रूपान्तरणका कामहरू गर्न सक्छन् भन्ने व्यापक जानकारी दिन छुट्टाछुट्टै सम्मेलनहरू आयोजना गर्नु पर्छ ।
- पुस्तकालय दिवसको अवसरमा सम्मान गर्ने र प्रदान गर्ने प्रशंसापत्र सम्बन्धमा पुनरावलोकन हुनु पर्छ ।
- विदेशहरूमा पनि पुस्तकालयको दिवसबारे कार्यक्रमहरू सञ्चालन गर्न प्रयास हुनु पर्छ ।
- पुस्तकालय दिवस १ दिन केन्द्रमा मात्र नभएर पालिका, वडा, स्कुल, क्याम्पस तथा टोल टोलमा यसको महत्त्व र उपयोगितामा जोड दिई अभियानकै रूपमा अगाडि लानु पर्छ ।
- माध्यमिक, उच्चमाध्यमिक तथा क्याम्पस/कलेजका विद्यार्थीहरू तथा सार्वजनिक पुस्तकालयहरूका सञ्चालक, शिक्षकहरू र पाठकहरूलाई बढी भन्दा बढी पुस्तकालय दिवसको अभियानमा सहभागिता गराउन जिल्ला स्तरमा कार्यक्रमहरू गर्नु पर्छ ।
- पुस्तकालय दिवसको अवसरमा अहिलेसम्म पुस्तकालय क्षेत्रमा जीवनभर योगदान गरेवापत कदर गरेका पुस्तकालयकर्मीहरू,

पुस्तकालय अभियन्ताहरू र वर्षको उत्कृष्ट पुस्तकालयसेवीको रूपमा सम्मानित भएका व्यक्तिहरूको कार्यबाट भावी पुस्ताहरूलाई प्रेरणा जगाउन विवरण पुस्तिका प्रकाशन गर्नु पर्छ । साथै, पुस्तकालय दिवसको अवसरमा सम्मानित गरेका पाठकहरू र सङ्घ संस्थाहरूको विवरणहरूको अभिलेखीकरण गर्नु पर्छ ।

- आगामी वर्षदेखि पुस्तकालय प्रेमी र अभियन्ताहरू (नीति निर्माता, दाता, सहयोगी) तथा पुस्तकालय सेवी (पुस्तकालय विधामा उच्च अध्ययन गरी यसै क्षेत्रमा समर्पित व्यक्ति) हरूको योगदानको कदर गर्न स्पष्ट, सही र रुजु गर्न सकिने बुँदाहरू उल्लेख गरी मूल्याङ्कन गर्नु पर्छ ।

४.२ **पुस्तकालय दिवसले ल्याएका सकारात्मक परिवर्तन (उपलब्धीहरू) ।**

- प्रथमतः नेपाल सरकार (शिक्षा मन्त्रालय) ले नै यो दिवस अङ्गाल्नु अत्यन्त सकारात्मक र प्रेरणादायी हुँदा नीतिगत रूपमै यसको प्रभाव सरकारी तहबाटै तल्लो निकायसम्म सजिलै पुगेको छ ।
- दिवसको सन्दर्भ पारेर पुस्तकालयको उपादेयताबारेमा ७७ वटै जिल्लामा केही न केही कार्यक्रमहरू सञ्चालन हुन थालेका छन् । पुस्तकालय सम्बन्धी सचेततामा व्यापक बृद्धि हुँदै आएको छ ।
- पुस्तकालय क्षेत्रमा कार्यरत पुस्तकालय सेवी एवम् पुस्तकालय प्रेमीहरूले पनि यसकै आडमा आ-आफ्ना विचारहरू निर्वाध प्रसारण गरिरहेका छन् ।
- वार्षिक एउटा राम्रै लेखहरू सङ्कलन भएको स्मारिका सरकारकै खर्चमा प्रकाशन भएर सम्प्रेषण भईरहेको छ । यो अत्यन्त खुसीको कुरा हो ।
- पुस्तकालयकर्मीहरू बीच सम्बन्ध सुदृढीकरण भएको छ ।
- नेपाली क्यालेन्डर (पात्रो) हरूमा पुस्तकालय दिवसको उल्लेख भएको छ ।

४.३ पुस्तकालय दिवसलाई ७ ओटै प्रदेश र ७५३ ओटै स्थानीय निकायहरूमा विस्तारित गर्न र समुदायमा अपनत्वको भावना जगाउन अपनाउनु पर्ने रणनीति ।

नेपाल सरकारको नेतृत्वमा पुस्तकालय दिवस सञ्चालन हुनु गौरबको विषय हो । यसलाई निरन्तरता दिदैं पुस्तकालय क्षेत्रसित सम्बन्धित सबै सरोकारवालाहरूले अपनत्वको भावना विकसित गर्न वातावरणको लागि शिक्षा मन्त्रालयका सचिवको नेतृत्वमा नेपाल पुस्तकालय सङ्घ, नेपाल सामुदायिक पुस्तकालय सङ्घ, सरकारी र निजी सार्वजनिक पुस्तकालयहरूको प्रतिनिधिहरू रहने १५ देखि १७ जनाको सचिवालय गठन गर्ने र प्रत्येक तीन वर्षमा सदस्यहरूको पदावधि थप्ने या फेरवदल गर्ने । सचिवालय सदस्यहरूलाई उपसमितिको संयोजक तोकी जिम्मेवारीहरू दिने ।

- पुस्तकालय दिवस सचिवालयबाट बार्षिक कार्यक्रम तर्जुमा गरी सबै सरोकारवालाहरूसँग समन्वय गर्ने । कम्तीमा पनि भाद्र १५ गतेलाई लक्ष्यित गरी जेठको पहिलो हप्तादेखि शुरु गरी कार्तिक सम्ममा समीक्षा बैठक सम्मको ६ महिनाको कार्यक्रम तालिका बनाउने, सुझावको लागि एउटा नमुना :

**सचिवालयको काम तथा जिम्मेवारी** : पुस्तकालय समन्वय तथा अभिलेखालय प्रमुखको जिम्मेवारी व्यक्ति

१. सचिवालय बैठक : विभिन्न उपसमितिहरूको संयोजकहरूको सहभागितामा

२. काठमाडौं उपत्यकाभित्रका सरोकारवालाहरू र काठमाडौंमा उपस्थित हुनु भएका सरोकारवालाहरूको बैठक :

- दिवसको नारा तय गर्ने ।
- उपसमितिहरू र संयोजकबारे जानकारी ।
- विभिन्न सरोकारवालाहरूबाट कार्यक्रम तथा सहयोग आह्वान गर्ने ।

३. उपसमितिहरूको कार्यक्रमहरूलाई समन्वय तथा सहयोग गर्ने ।

४. कार्यक्रमहरूको लागि आवश्यक बजेटको व्यवस्थाको लागि विशेष पहल गर्ने ।

५. मूल समारोहको लागि आवश्यक तयारी गर्ने ।

६. स्मारिका प्रकाशनको लागि तयारी गर्ने ।

७) पत्रपत्रिकाहरू, टेलिभिजन तथा एफ एम स्टेसनहरूलाई दिवस सम्बन्धी कार्यक्रमहरूको जानकारी, प्रेस विज्ञप्ति लगायत प्रचार प्रसार गर्ने ।

८) कार्यक्रमको अन्तिम प्रतिवेदन तयारी गर्ने ।

९) समीक्षा बैठक गरी आगामी वर्षको लागि सुझावहरू लिने ।

- **उपसमितिहरूको बैठक : संयोजकको जिम्मेवारी**

१) उपसमितिका सदस्यहरूको सिफारिस र मूल समितिबाट मनोनित गराउने ।

२) कार्यक्रमहरू तर्जूमा गर्ने र जानकारी गर्ने ।

३) कार्यक्रमहरूमा बढी सहभागिताको लागि सरोकारवाला सङ्घ संस्थाहरूसँग पत्राचार गर्ने ।

४) कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।

५) कार्यक्रम सम्बन्धी प्रतिवेदन सचिवालयलाई बुझाउने ।

- पुस्तकालय दिवसको सचिवालयको सञ्चालनको जिम्मेवारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पुस्तकालय समन्वय र अभिलेख शाखालाई दिने । सचिवलाईको बैठकमा स्थानीय सरकार (महानगरपालिका, नगरपालिका) का प्रतिनिधिहरूको साथमा सहयोगी संस्थाहरूको प्रतिनिधि समेत आमन्त्रित गर्ने ।
- पुस्तकालय दिवसका कार्यक्रमहरूको निरन्तरताको लागि सचिवालयको लागि स्थायी कोषको व्यवस्था गर्ने । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत बजेट विनियोजनको सुनिश्चित गर्ने र सरोकारवाला सङ्घ संस्थाहरूबाट पनि बार्षिक रूपमा आर्थिक सहयोग लिने ।
- प्रदेश सरकार र स्थानीय सरकारको सहभागी र सहयोगको सुनिश्चितताको लागि स्थानीय निकायको प्रमुखको अध्यक्षतामा पुस्तकालय दिवस समारोह समिति गठन गर्नको लागि जिल्ला स्तरीय पुस्तकालय सङ्घहरू तथा पुस्तकालय कर्मीहरूले सक्रिय भूमिका खेल्नु पर्ने ।

**निष्कर्ष**

प्रस्तुत लेख अनौपचारिक रूपमा भएको व्यक्तिगत प्रयास मात्र हो । करिव १३/१४ वर्षको अनुभवको आधारमा शिक्षा मन्त्रालयमार्फत् नै यसको औपचारिक मूल्याङ्कन गरी समयअनुसार कार्य योजना बनाई अगाडि बढ्नु आवश्यक देखिन्छ । अन्त्यमा, यस वर्षको चौधौं पुस्तकालय दिवसको आदर्श वाक्य ***"सबल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार"*** को सार्थकताको आशा गर्दछु । धन्यवाद !

# पुस्तकालयका आयामहरू



✍ यशु श्रेष्ठ

चेतनाको प्रकाशपुञ्ज पुस्तकालय, जब मानिसमा चेतनाको झिल्को बल्यो, त्यो बेलादेखि नै यो विचार र अवधारणाले मानिसको मन र समाजमा बिउ राख्यो । छाला होस् वा शिला, मानिसहरूले लिपिको विकास गर्दै यसलाई अनौपचारिक पुस्तकको रूप दिन लागे । यी पुस्तकहरूलाई भेला गरेर राख्ने र सामुहिक रूपमा यसलाई प्रयोग पनि गर्न लागे । यति बेलादेखि नै पुस्तकालयले एउटा आशाको दियो बाल्यो । समाजका आयाममा सहयोग गर्न लाग्यो र आफू पनि विस्तारित हुन लाग्यो । मेसोपोटामियनहरूले माटाका खबटा, मैन, जनावरका छाला, काठबाँसका पट्यासहरूमा आफ्ना विचारहरू चित्रात्मक लिपिमा लेखेर राख्थे । पछि उनीहरूले 'क्युनिफर्म' लिपिको विकास गरे र त्यही लिपिका माध्यमबाट माटाका खबटाहरूमा लेखेर सङ्ग्रहित गर्न लागे । यो करिब ई.पू. ५००० वर्ष अघिको कुरा हो । मेसोपोटामियाको समृद्धमा यी खबटे पुस्तकालयले ठूलो महत्त्व राखेको कुरा विद्वानहरू बताउँछन् । ती कुरा प्राचीन विषयवस्तुमा निर्माण भएका चलचित्रहरूमा पनि देख्न पाइन्छ ।

तिनै खबटे पुस्तकहरूको सङ्ग्रहबाट विकसित हुँदै ती प्राचीन पुस्तकालयले आधुनिकता प्राप्त गर्न लाग्यो । जहाँ पुस्तकको कुरा आउन लाग्यो, त्यहाँ पुस्तकालयको कुरा आउन लागे । पुस्तकको आलय (घर) अर्थात पुस्तकालय भनेर यसको महत्त्व व्यापक रूपमा फैलन लाग्यो । ठूलाठूला विद्यालय तथा विश्वविद्यालयको स्थापनासँगै पुस्तकालयको स्थापना र सञ्चालन हुन लागे । अनौपचारिक शिक्षाको ज्योती बाल्ने काममा पुस्तकालय अहोरात्र खटिन लाग्यो । चेतनशील मानव निर्माणमा आफ्नो भूमिका प्रष्टसँग निर्वाह गर्न लाग्यो । गुरुकुल शिक्षामा होस् वा मन्दिर, विहार वा गुम्बाहरूमा ताम्रपत्र, भोजपत्र (भुर्जपत्र अर्थात पालतो र चिल्लो कागज जस्तै पत्रैपत्र बोक्ना हुने एक जातको मझौला खालको रूखको पात, जहाँ प्राचीन ग्रन्थहरू लेखिन्थे ।), शिलापत्रहरू सङ्ग्रह गरेर राख्ने गरेको इतिहास पाइन्छ नै । मल्लकालीन समयमा पनि भक्तपुर सहरमा 'सकोठा' नामक पुस्तकालय अस्तित्वमा रहेको कुरा पुस्तकालय विज्ञहरू बताउनुहुन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्दा जुनजुन राज्यको विजय गर्दै गए, ती राज्यमा भएका महत्त्वूर्ण हस्तलिखित ताडपत्र (ताडको वृक्षको पातमा प्राचीन समयमा ग्रन्थहरू लेखिएका थिए), भोजपत्र, ताम्रपत्रजस्ता हस्तलिखित ग्रन्थहरू हनुमानढोका दरबारमा जम्मा गर्न थाले । त्यसरी जम्मा पारिएका ग्रन्थहरू संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहदेवका पालामा १८६९ भदौ १५ गते ती सामग्रीहरूलाई पुस्तक चिताई तहबिल (ढुकुटी) स्थापना गर्न लालमोहर जारी गरे । पं. केदारनाथ झालाई तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहले दरबार र अन्य क्षेत्रमा रहेका ग्रन्थहरूको संरक्षण गर्ने जिम्मेवारी दिए । यसै ऐतिहासिक दिनको अवसर पारेर २०६५ सालदेखि विधिवत् रूपमा पुस्तकालय दिवस पनि मनाउन थालियो ।

जङ्गबहादुर राणाले हनुमानढोकामा रहेका सामग्रीहरूलाई थापाथलीमा स्थानान्तरण गरी 'मुन्सिखाना' र 'जैसिकोठा' मा विभाजन गरे । वि.सं. १९१० मा दरबार स्कुलको स्थापनापश्चात वीर शमशेरले थापाथलीको जैसिकोठामा रहेका सामग्रीहरूलाई दरबार स्कुलमा ल्याउन लगाए । उनले

वि.सं. १९५७ मा 'वीर पुस्तकालय'को स्थापना गर्न लगाई व्यवस्थित पनि गरे। देव शमसेरको पालामा उक्त पुस्तकालयलाई सर्वसाधरणका लागि पनि खुल्ला गरियो।

वि.सं. १९८३ ताका पाल्पा जिल्लामा जनस्तरबाटै 'पुस्तक पढ्ने दलान'को स्थापना भयो भने वि.सं. २००१ तिर सार्वजनिक पुस्तकालयको रूपमा 'धवल पुस्तकालय'को स्थापना भयो। यी पुस्तकालयमा राजादेखि ठूलाठूला विद्वानहरूले समेत भ्रमण गरेको इतिहासहरू पाइन्छन्। यसले पनि पुस्तकालयको महत्त्व कतिसम्म थियो र छ भन्ने कुरालाई प्रष्ट्याउँछ।

विश्वका विकसित राष्ट्रहरूमा पुस्तकालयलाई अत्यन्त महत्त्व दिइन्छ। उनीहरू आफ्नो राष्ट्र विकसित हुनुमा पुस्तकालयको प्रत्यक्ष तथा परोक्ष योगदान रहेको कुरा स्वीकार गर्दछन्। त्यहाँका ठूलाठूला राजनितिज्ञहरूदेखि राष्ट्रपतिहरूसमेतले बेलाबेलामा पुस्तकालय भ्रमण गरिरहेका सुन्न, देख्न वा पढ्न पाउँछौँ।

प्राचीनकालदेखि नै सभ्य समाज निर्माण र चेतनशील मानव उत्पादनमा सहयोगी सिद्ध पुस्तकालयले आफ्नो प्रभाव कहिले पनि कम हुन दिएको छैन। यसको महत्त्व दिनानुदिन बढी नै रहेको छ। केही व्यक्तिहरूको आधुनिक समीक्षाको कसीमा पुस्तकालयले हारेको पनि कहीँकतै पढ्न वा सुन्न पाइन्छ। प्रविधिको विकाससँगै पुस्तकको घरले आफ्नो औचित्य गुमाउन थालेका भनाइहरूका बतासलाई कानले थाप्नु परेको पनि छ। तर ती भनाइहरू असाध्यै सतही समीक्षा भएको र यसको कुनै औचित्य नरहेको पुस्कालयका आयामहरूले बताउँदछन्। पुस्तकालयले आफूलाई यसरी विस्तारित गरेको छ कि समाजको विकासलाई समेत यसले बाटो बनाइदिएको छ। चेतनाका प्रवाह, एकताका सुत्र, सकारात्मक सोंचका बाटा, उत्पादन र आम्दानीका स्रोत, सिर्जनका मूल, सिकाइका माध्यम आदिआदिलाई आफ्नै काखमा पालेको र मौलाउन दिएको छ।

न्युयोर्क विश्वविद्यालयको पब्लिक नलेज केन्द्रका निर्देशक तथा समाजशास्त्रका प्राध्यापक एरिक क्लिनबर्ग भन्नुहुन्छ, "पुस्तकालय भनेका हाम्रो सामाजिक पूर्वाधारका उदाहरण हुन्। यसले प्रदान गर्ने स्थान र संस्थाको प्रारूपले मानिसहरूको अन्तरक्रियालाई आकार दिन्छ। पुस्तकालयले किताब निःशुल्क प्राप्त गर्न मदत गर्छ। यस्तै वृद्धहरूलाई साथीसँग भेटघाट गर्ने थलो, व्यस्त आमा-बुबालाई केही बेर बच्चा छाड्ने स्थान, विपन्नलाई हावापानी, जाडो वर्षामा ओत लाग्ने छत, आप्रवासीलाई भाषा सिक्दै घुलमिल हुने ठाउँ पनि पुस्तकालय भईदिन्छ। यदि हामीले अहिलेभन्दा राम्रो समाज, सामाजिक संरचना बनाउने अवसर पायौँ भने पुस्तकालय नै हाम्रो पहिलो प्राथमिकता हुनुपर्छ।"

हिजोको चार पर्खालभित्र रहेको पुस्तकालय आजकल खेतबारी, पोखरी, बाटो, नदी, कोठा, माटो जतातत<br>ै फैलिएको छ। पुस्तकभित्र रहेका सारा अक्षरहरूले एकएक गर्दै गोरेटो देखाइरहेका छन्। अक्षरहरू पुस्तकभित्र मात्र नरहेर चारैतिर छरिई मानिसमा चेतना, जनावरमा प्राण, बालीनालीमा सास भरिरहेका छन्। पुस्तकहरू उँटमा बसेर यात्रा गरिरहेका छन्, चौँरी गाईसँगै हिमाल चढिरहेका छन्, बसमा बसेर गाउँगाउँ डुल्दैछन्, इन्टरनेटमार्फत् विभिन्न डिभाइसडिभाइसमा मुस्कुराइरहेका छन् र यिनले चेतना, सूचना र समृद्धि बाँडिरहेका छन्।

बालबालिकाका लागि अक्षर चिनारी गर्न होस् वा पठन सिप र संस्कारको विकास गर्न होस्, पुस्तकालयले भरपुर सघाइरहेको छ। किशोरहरूलाई आफ्नो उच्च शिक्षाकाबारेमा जानकारी लिन होस् वा युवाहरूलाई विभिन्न रोजगारीकाबारेमा थाहा पाउन वा गर्भवती महिलालाई सहयोग गर्न होस् वा खेलाडीहरूलाई खेलमा सघाउन होस् वा किसानहरूलाई किसानीमा हौसाउन होस् वा प्राविधिकहरूलाई प्रविधिको विशेष जानकारी दिन होस्। जहाँ पनि पुस्तकालयले हात थापेको हामी पाउन सक्छौँ। यसरी पुस्तकालयको अस्तित्व विस्तारै हराउँदै छ भन्ने समालोकहरूलाई प्राचीन अबस्थादेखि आजसम्म पनि पुस्तकालयले मुस्कुराएर आफ्नो आयाम देखाउँदै छ।

जति धेरै पुस्तकालय निर्माण भयो, त्यति धेरै देश विकासमा सहयोग पुग्छ भन्ने कुरा आजका

पुस्तकालयहरूले प्रमाणित गरिसकेका छन्। घरघरमा पुस्तकालय बनोस् र यसको सदुपयोग होस्। यसले देशको समृद्धिमा अतुलनीय योगदान दिन्छ नै। देश समृद्ध भएको यो एउटा प्रमाण पनि हुने छ।

यही भएर नै आज रुम टु रिड, रिड नेपाल, शान्ति भोलेन्टियर एसोसियसन जस्ता धेरै सङ्घसंस्थाहरूले पुस्तकालयको स्थापन र व्यवस्थित व्यवस्थापनमा जोड दिइरहेका छन्। पुस्तकालयले दिएका योगदानहरूले गर्दा नै आज नेपालका यी पुस्तकालयका मोडलहरू भारत, भुटान हुँदै अफ्रिकासम्म पुगिसकेका छन्।

पुस्तकालयको आयाम यस्तो भईसकेको छ कि प्रत्येक पुस्तकका अक्षरहरू आवश्यक परेका ठाउँमा पुग्न थालेका छन्। किसानलाई मल, बिउ, कृषि औजारलगायतका आवश्यक सामग्री उपलब्ध गराउन पुस्तकालय किसान भएकै ठाउँमा जान्छ वा किसान दौडेर पुस्तकालयमा आउने वातावरण बनेको छ। माटो परीक्षण गर्नेदेखि उन्नत जातका पशुपालनका लागि तालिम दिनेसम्म पुस्तकालयले गरेको छ। सङ्गीत, नृत्य सिक्ने स्थानदेखि वृद्धवृद्धाहरू आएर मन साट्ने, बालबालिका आएर रमाउने अनि किशोर र युवाहरूले आफूलाई चेतनाले भरी फुरुङ्ग हुने स्थान बनेको छ पुस्तकालय।

सिन्धुपाल्चोक जिल्लाको ठोकर्पामा एउटा सानो डाँडा छ, जहाँ केही वर्ष अघि देख्दा एक विद्यालय र एकादुई घरबाहेक केही थिएनन्। त्यहाँ एउटा साधारण पुस्तकालयको अवधारणाले गोरेटो देखायो। त्यसपछि 'ठोकर्पा सामुदायिक पुस्तकालयलाई' को भव्य भवन निर्माण भयो। यो पुस्तकालयले समुदायलाई यसरी जोड्यो कि त्यो सानो देखिएको स्थान पनि अलि पछि जाँदा भव्य रमाइलो भईसकेको रहेछ। बालबालिकादेखि वृद्धवृद्धासम्मलाई जोडेर अघि बढिसकेको रहेछ। पुस्तकालयकै कारण केही युवाहरूले रोजगार पाउनुका साथै गाउँलेहरूमा विविध विषयहरूका चेतना फैलिसकेको रहेछ। एउटा पुस्तकालयले समाजलाई यसरी जोड्न सक्ने रहेछ।

काभ्रे जिल्लाको पनौतीस्थित ज्ञानविकास सामुदायिक पुस्तकालय यस क्षेत्रको एउटा फरक आयाम भएको छ। किसानहरूका लागि खेतबारीको माटो परीक्षणमा सहयोग गर्नेदेखि लिएर काखे नानीसमेतलाई कसरी सुन्दर किसिमले हुर्काउनेसम्मका चेतनाहरू बाँड्न सफल भईरहेको छ।

चितवन जिल्लाको झुवानी सामुदायिक पुस्तकालयले किशोर/किशोरी तथा महिलाहरूलाई सुरक्षित मातृत्वदेखि प्रजनन् स्वास्थ्य र अधिकारसम्मका कुराहरूमा विविध तरिकाले सहयोग गरिरहेको छ भने किसानका लागि माछापोखरीदेखि गाईपालन, मौरीपालन र बजार व्यवस्थापनसम्म सहयोग गरिरहेको छ।

यसरी भूकम्पमा राहत दिने, कोरोनामा साथ दिने, अलमलमा परेकालाई परामर्श दिनेदेखि समाजका संस्कार संस्कृति नहराओस्, लोककथा/किंवदन्ती र पौराणिक कथाहरू लोप नहुन् भनेर पनि सचेत रही यसको सङ्कलन/प्रकाशन गर्ने, बालबालिकाहरूमा सरस पठनका लागि सहजीकरण गर्ने र सिर्जनशील क्षमता विकासमा मदत गर्ने, महिला सशक्तिकरणका लागि हैँसेमा होस्टे गर्नेदेखि रोजगारका लागि आधारहरू खोजी र निर्माण गरिदिने आदिआदि सामाजिक रूपान्तरणका लागि पुस्तकालयले सहयोग गरिरहेको छ। यसैले अब पुस्तकालयलाई चार पर्खालभित्रको बन्द बाकसको रूपमा हेरिनु हुँदैन। यसको आयाम र महत्त्व अनि प्रभाव असाध्यै मनन योग्य छ। यसले समाजमा पुऱ्याउने योगदान अतुलनीय छ।

विद्यालयको कक्षाकोठामा रहने कुना पुस्तकालयदेखि मूल पुस्तकालयसम्म, टोलटोलको पुस्तकालयदेखि नगर पुस्तकालयसम्म, घरघरको पुस्तकालयदेखि सामुदायिक/सार्वजनिक पुस्तकालयसम्म, कलेज/विश्वविद्यालय पुस्तकालयदेखि बालबालिकाका लागि पुस्तकालयसम्म, स्थानीय तहहरूमा रहने पुस्तकालयदेखि केन्द्रीय पुस्तकालयसम्म अझ विस्तार भईरहेको छ र यो हुन आवश्यक पनि छ। समाजको चेतना, रूपान्तरण र विकासमा मूल बाटो बनेर रहने पुस्तकालयका विविध आयाममा साथ दिनु हामी प्रत्येक व्यक्ति, समाज र राष्ट्रको कर्तव्य हो।

# पुस्तक सङ्कलन व्यवस्थापन तथा धुल्याई : त्रिभुवन विश्वविद्यालय



✍ **सागरराज सुबेदी**
उप पुस्तकालयध्यक्ष
त्रि.वि., इ.अ.सं, पुल्चोक क्याम्पस पुस्तकालय
subedisagarraj@gmail.com

पुस्तक वा अभिलेख धुल्याई भन्नाले पुस्तकालयमा काम नलाग्ने सिद्ध भएका पुस्तक तथा अभिलेखहरूलाई पुस्तकालयबाट हटाउने, पन्छाउने वा ठाउँ खाली गराउने कार्य हो । पुस्तकालय बढदो प्रकृतिको संस्था हो । यहाँ पाठ्यसामग्री तथा अभिलेखहरू प्रत्येक दिन बढदै जान्छन् । तसर्थ पुस्तकालयको योजना बनाउदा कम्तीमा बिस बर्षपछिको स्वरूपको सोंच लिएर गरिएको हुन्छ । पुस्तकालयले पहिले नै आफूले सङ्कलन गर्ने, आफूले व्यवस्थापन गर्ने र आफूले प्रदान गर्ने सेवाकोबारेमा योजना तर्जुमा गरेको हुन्छ र सोहीअनुसारका सामग्रीहरू यसले सङ्कलन र व्यवस्थापन गर्ने कार्य गर्दछ । पुस्तकालयको स्थापना गर्दा नै पुस्तकालयको उद्देश्य अनुरूपका सामग्रीहरूको सङ्कलन गर्ने नीति बनाएर सो नीतिलाई अक्षरसः पालना गर्न सकेको खण्डमा पुस्तक तथा अभिलेख धुल्याई कार्यलाई केही टाढा पुर्याउन सकिन्छ । तथापि धुल्याई कार्य गर्नै नपर्ने भन्ने चाँहि हुँदैन । पुस्तक तथा अभिलेख धुल्याई कार्य पुस्तकालयको नियमित कार्य हो । जसरी सङ्कलन व्यवस्थापनको महत्त्व रहेको छ त्यसरी नै पुस्तकालयमा पुस्तक तथा अभिलेख धुल्याई कार्यको पनि महत्त्व रहेको छ । तथापी बौद्धिक वर्ग भने पुस्तकालयबाट पुस्तक तथा अभिलेख धुल्याई कार्यको विपक्षमै रहेको पाँईन्छ । उनीहरू पाठ्यसामग्रीको भण्डारण गरिने संस्था नै पुस्तकालय हो भन्ने मान्यता राख्दछन् तर उनीहरूलाई हामी पुस्तकालयकर्मीहरूले के वुझाउनु जरुरी छ भने पुस्तक तथा अभिलेखको भण्डारण राज्यमा सबै पुस्तकालयले गर्नु पर्दैन, केही दुई चारवटा पुस्तकालयहरूले यो कार्य गरेर त्यस्तो सेवा सबै पुस्तकालयहरूलाई प्रदान गर्न सकिन्छ ।

**कस्ता पुस्तकहरू हटाउने र किन हटाउने ?**

साधारणतया पुस्तकालयको उद्देश्य नमिल्ने किसिमका पुस्तक तथा अभिलेखहरूलाई सम्बन्धित पुस्तकालयमा राखिदैन । यस्ता पुस्तकहरूले पुस्तकालयको अमूल्य स्थानको अवमूल्यन गरिरहेको हुन्छ । च्यातिएर कामै नलाग्ने, किराले खाएर त्यसको उपयोगिता नभएका पुस्तकहरूलाई पनि पुस्तकालयबाट हटाउन सकिन्छ । यसका साथै गलत दर्शन भएका वा दर्शनको मिति गुज्रिइसकेका, सिद्धान्तहरू व्यवहारिक जीवनमा नमिल्दा भएका र नयाँ संस्करणले पूर्ति गरिसकेका सामग्रीहरूलाई पुस्तककालयबाट हटाउनु पर्दछ । सन् १९८६ मा फ्राँन्सबाट प्रकाशित CREW (Continuous Review, Evaluation and Weeding) नामक कार्यपत्रमा पुस्तकालयमा रहेका सामग्रीहरूलाई धुल्याई कार्यको लागी IOUPI नामक मोडेल तयार गरेको पाईन्छ । जसअन्तर्गत Incorrect, containing False Information, अशुद्ध तथा गलत सूचना प्रदान गर्ने सामग्रीहरूलाई पुस्तकालयबाट हटाउनुपर्दछ । दोस्रोमा Ordinary, superficial or mediocre, साधारण तथा सर्बसुलभ, मध्यमस्तरीय पाठ्यसामग्री, जुन जहाँ पनि प्राप्त गर्न सकिन्छ, त्यस्ता सामग्रीहरूलाई पनि पुस्तकालयबाट हटाउन सकिन्छ । तेस्रोमा Used,

damaged, or Unattractive, प्रयोग भइसकेका यसको अर्थ पुनः प्रयोग नहुने, बिग्रिएका र आकर्षक नदेखिने (यदि विकल्प भएको अबस्थामा) सामग्रीहरूलाई पनि हटाउन सकिन्छ । चौथोमा Passe and Obsolete, तथ्यहरू परिर्वतन भईसकेका तथा काम नलाग्ने सिद्ध भईसकेका सामग्रीहरूलाई पनि हटाउन सकिन्छ। पाँचौमा Inadequate, does not belong to the collection, अपर्याप्त तथा सङ्कलनहरू सँग सरोकार नराख्ने सामग्रीहरूलाई पनि हटाउन सकिन्छ । माथिको मोडेलमा भनिए तापनि ऐतिहासिक दस्ताबेजहरूको बारेमा चाहि बिचार गर्नुपर्ने सिद्धान्त भने रहेको कुरा विर्सनु हुँदैन । उपरोक्त सिद्धान्तमै पनि हामीले के थप गर्न सक्छौं भने कतिपय शैक्षिक पुस्तकालयहरूको हकमा भने समय अन्तरालको कारणले शिक्षामा भएको परिर्वतन अनुरूप शैक्षिक संस्थाका पाठ्यक्रमको परिर्वतन सँगसँगै परिर्वतन भएका पाठयपुस्तक तथा सामग्रीहरूलाई पनि शैक्षिक संस्थाका पुस्तकालयहरूले समय सापेक्ष रूपमा धुल्याई गर्नुपर्दछ ।

**हाम्रा समस्या**

नेपालको सन्दर्भमा पुस्तकालयको कुरा गर्नुपर्दा हालसम्म पुस्तक तथा अभिलेख धुल्याइ गर्नु नै पर्ने पुस्तकालयहरू त्यति धेरै सङ्ख्यामा रहेको देखिँदैन किनकी नेपाल अझसम्म पुस्तकालयको मामलामा वामे सर्दै रहेको छ। तर नेपालको जेठो र ठूलो विश्वविद्यालयको सञ्जालमा रहेका पुस्तकालयहरूको अबस्था हेर्दा यो कार्य अनिवार्य भइसकेको छ ।

त्रिभुवन विश्वविद्यालय वि.सं. २०१६ सालमा स्थापना भएको नेपालको पहिलो र ठूलो विश्वविद्यालय हो । पाँच अध्ययन संस्थान, चार सङ्काय, चार अनुसन्धान केन्द्र, ६२ वटा आंगिक क्याम्पस र १०६२ सम्बन्धन प्राप्त क्याम्पसहरूलाई आफ्नो सञ्जालमा राखेर सञ्चालन भइरहेको यो विश्वविद्यालयमा लगभग ८,००० सङ्ख्यामा कर्मचारी र त्यति नै सङ्ख्यामा प्राध्यापकहरू रहेका छन् । त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुर अन्तर्गत लगभग ३८ वटा केन्द्रीय विभागहरू सञ्चालनमा रहेका छन् । विश्वद्यिालयका सबै अनुसन्धान केन्द्र, आंगिक क्याम्पस र केन्द्रीय विभागहरूमा साना तथा ठूला पुस्तकालयहरू रहेका छन् । यसका अलावा यसले सम्बन्धन प्रदान गर्ने सबै क्याम्पसहरूमा पनि अनिवार्य रूपमा पुस्तकालय हुनुपर्ने व्ययस्था छ। कीर्तिपुरस्थित केन्द्रीय क्याम्पस परिसरमा केन्द्रीय पुस्तकालय रहेको छ। यो पुस्तकालय विश्वविद्यालय सँगसँगै स्थापना भएको हो र यो नेपालको सबैभन्दा ठूलो पुस्तकालय समेत हो। नेपालमा पुस्तकालयको विधिवत् विकासमा यो पुस्तकालयको देन अतुलनीय रहेको छ। त्रिभुवन विश्वविद्यालयको सञ्जालमा अहिले लगभग ११०० को हाराहारीमा पुस्तकालयहरू रहेका छन्। तैपनि त्रिभुवन विश्वविद्यालय आफैले व्यवस्थापन, नियन्त्रण र सञ्चालन गरेका भने लगभग ८० वटा पुस्तकालयहरू रहेका छन्। यी ८० वटा पुस्तकालयहरूमा कर्मचारीको व्यवस्था, पुस्तक तथा बजेटको व्यवस्था र अन्य सम्पूर्ण व्यवस्था विश्वविद्यालयले नै गर्दछ। त्रिभुवन विश्वविद्यालयको सङ्गठनस्वरूपमा पुस्तकालय सेवालाई महत्त्वपूर्ण सेवाको रूपमा लिइएको छ। पुस्तकालय सहायक (खरिदार) देखि पुस्तकालयध्यक्ष (विशिष्ट श्रेणी, सचिव वा सो सरहको) सम्मको पद रहेको छ। पुस्तकालय अधिकृत देखिका माथिल्ला पदहरूमा कार्यरत कर्मचारीहरू अधिकांश पुस्तकालय तथा सूचना विज्ञान विषयमा स्नातकोत्तर उपाधि हाँसिल गरेका छन्। त्रिभुवन विश्वविद्यालयमा केन्द्रीय क्याम्पसअन्तर्गत पुस्तकालय तथा सूचना विज्ञान विभाग रहेको छ जहाँ स्नातकोत्तर तहको अध्यापन हुन्छ ।

एउटै व्यवस्थापनभित्र लगभग ८० को हाराहारीमा पुस्तकालयहरू रहेको त्रिभुवन विश्वविद्यालयमा पुस्तकालय सेवामा धेरै दुःख तथा कार्यगत समस्याहरू पनि रहेका छन्। त्रिभुवन विश्वविद्यालयको ६२ वर्षे कार्यकालसम्म पनि यसका पुस्तकालयहरू पुरानै ढर्रामा सञ्चालित रहेका छन। सबभन्दा ठूलो समस्या पुस्तकालयहरूमा कार्यरत जनशक्तिहरू दक्ष छैनन्। निमुखा, सोझा, कम शैक्षिक योग्यता भएका अन्य शाखामा केही पनि काम गर्न ल्याकत नभएका अर्धदक्ष जनशक्तिलाई

पुस्तकालयहरूमा परिचालन गरिरहेको तितो यर्थाथता अझसम्म पनि रहेको छ । अझ विडम्बना त के भने उपप्राध्यापक, सहप्राध्यापक र प्राध्यापकहरू तथा हाल आएर राजनैतिक पहुँचवालाले आफ्ना नातेदारहरूलाई जागिरमा भर्ति गर्ने केन्द्र पुस्तकालय बनेको छ। पुस्तकालय तथा सूचना विज्ञान विभागको स्थापना भएपछि यस विभागबाट स्नातक तथा स्नातकोत्तर तह अध्ययन गरेका पुस्तकालय अधिकृतहरूको त्रिभुवन विश्वविद्यालयमा पुस्तकालय सेवामा प्रवेश गरेपछि बल्ल यो सेवामा केही सुधारका कार्यहरू देखिन थालेको छ ।

विश्वविद्यालयका अधिकांश पुस्तकालयहरू पुस्तकका गोदामघरजस्ता भएका छन् । विश्वविद्यालयबाट फेजआउट भईसकेको प्रवीणता प्रमाणपत्र तहका पाठ्यक्रममा आधारित पुस्तकहरूले पुस्तकालयका खाली ठाउँहरू भरिएका छन् । यी पुस्तकहरूलाई तुरुन्त हटाउन नसकिएमा भोलिका दिनमा पुस्तकालयहरूमा नयाँ पुस्तक राख्ने ठाउँको अभाव हुने निश्चित छ। यसका अलावा पुस्तकालयहरूमा च्यातिएका, पाना नभएका, विद्यार्थीले च्यातेका, किरा तथा मुसाले खाएका, ढुसी परेका किताबहरू पनि उल्लेख्य मात्रामा रहेका छन् । विश्वविद्यालयका सबै पुस्तकालयहरूमा रहेको अर्को डरलाग्दो समस्या भनेको शिक्षक तथा विद्यार्थीहरूले अध्ययन क्रममा लगेका र हालसम्म फिर्ता नभएका पुस्तकहरू पनि हुन् । लगभग ३० तथा ४० को दशकसम्म पनि पुस्तकालयहरूमा निश्चित नियमको अभावको कारण शिक्षक तथा विद्यार्थीहरूबाट पुस्तकहरू फिर्ता नभएका हुन । दक्ष जनशक्तिको अभाव, उत्तरदायित्कको अभाव, नियम तथा कानुनको अभाव, विद्यार्थी तथा शिक्षकसँग डराउनुपर्ने अवस्था जस्ता कारणहरूले पुस्तकालयहरू अझसम्म पनि सङ्कटको अबस्थामा नै गुज्रिरहेका छन् ।

### त्रिभुवन विश्वविद्यालयको प्रावधान

हालसालै त्रिभुवन विश्वविद्यालयले यस अन्तर्गतका पुस्तकालयहरूलाई पुस्तक तथा अभिलेख धुल्याई कार्य गर्न सकिने किसिमको नियमको व्यवस्था ल्याएको छ । नियम पर्याप्त त छैन तथापि केही नभएको परिस्थितिमा केही त भएको छ र अझ परिष्कृत हुनेमा विश्वास गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० को परिच्देद २२ अन्तर्गत लिलाम बिक्रीसम्बन्धी व्यवस्थाको नियम ८६ ग. मा पुस्तकको लिलाम तथा हस्तान्तरण सम्बन्धी व्यवस्था गरेको छ। जसअन्तर्गत ८६ ग. (१) मा हरेक पुस्तकालयहरूले आर्थिक वर्ष अन्त्य भएको एक महिनाभित्र पुस्तकहरूको उपनियम (२) बमोजिमको विवरण तयार गर्नुपर्दछ । त्यस्तो विवरण के तयार गर्ने भन्ने कुरा उपनियम (२) ले यसरी प्रष्ट्याएको छ :

(क) बाइण्डिङ गरी वा मर्मत गरी पुनः प्रयोग हुने पुस्तकहरू

(ख) पुन प्रयोग नहुने झुत्रा पुस्तकहरू

(ग) पाठ्यक्रमका आधारमा लेखिएका पुरानो संस्करण भई वा सम्बन्धित विषय सञ्चालन नभएको कारणले पाठकले प्रयोग नगरेका पाठ्यपुस्तकहरू

(घ) पुस्तक लेनदेनका लागि राखिएका दश बर्षसम्म एकपटक पनि पाठकले लेनदेन नगरेका पुस्तकहरू

(ङ) नयाँ संस्करण उपलब्ध भएको पुराना संस्करणका पुस्तकहरू वा बिस बर्ष भन्दा पुराना पुस्तकहरू ।

उपनियम ३ अन्तर्गत के भनिएको छ भने उपनियम (२)(क) बाइण्डिङ गरी वा मर्मत गरी पुनः प्रयोग हुने पुस्तकहरू तीन महिनाभित्र मर्मत गरी पुनः प्रयोग गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (२) को खण्ड (ख) पुनः प्रयोग नहुने झुत्रा पुस्तकहरू पुस्तकालय विकास समिति वा पुस्तकालय व्यवस्थापन तथा विकास समितिको सिफारिशमा लगत कट्टा गरी झुत्रा कागजको रूपमा बिक्री गर्नुपर्ने व्यवस्था छ। त्यस्तै उपनियम ५ मा उपनियम (२) को खण्ड (ग) पाठ्यक्रमका आधारमा लेखिएका पुरानो संस्करण भई वा सम्बन्धित विषय सञ्चालन नभएको कारणले पाठकले प्रयोग नगरेका पाठ्यपुस्तकहरू (घ) पुस्तक

लेनदेनका लागि राखिएका दश बर्षसम्म एक पटक पनि पाठकले लेनदेन नगरेका पुस्तकहरू र (ङ) नयाँ संस्करण उपलब्ध भएको पुराना संस्करणका पुस्तकहरू वा बिस बर्ष भन्दा पुराना पुस्तकहरू पुस्तकालयमा राख्ने वा हस्तान्तरण गर्ने भन्ने सम्बन्धमा पुस्तकालय विकास समिति वा पुस्तकालय व्यवस्थापन तथा विकास समितिले निर्णय गर्नेछ। पुस्तकालयमा राख्ने भनि निर्णय भएको बाहेकका पुस्तकहरू पुस्तकालय विकास समिति वा पुस्तकालय व्यवस्थापन तथा विकास समितिको सिफारिसमा निम्न प्राथमिकताका आधारमा निम्न निकायहरूमा हस्तान्तरण गर्न सकिने व्यवस्था गरेको छ। हस्तान्तरण गरिने प्राथमिकता (क) विश्वविद्यालयका क्याम्पस वा निकायका पुस्तकालयहरू (ख) सामुदायिक वा सार्वजनिक पुस्तकालयहरू (ग) सामुदायिक क्याम्पसका पुस्तकालयहरू (घ) सार्वजनिक विद्यालयका पुस्तकालयहरू (ङ) सामाजिक संस्थाका पुस्तकालयहरू। त्यस्तै उपनियम ६ अनुसार नियम ५ बमोजिम हस्तान्तरण गर्न निर्णय भएको पुस्तकहरू तीन वर्षसम्म हस्तान्तरण गर्न नसकिएको खण्डमा उपनियम ४ बमोजिमको प्रक्रिया अपनाई लगत कट्टा गर्न सकिने छ।

यसरी त्रिभुवन विश्वविद्यालयले प्रदान गरेका यी नियमहरूलाई आत्मसात गरिने हो भने पुस्तक तथा अभिलेख धुल्याइ कार्य सजिलैसँग गर्न सकिन्छ। नियमले फिर्ता नभएका वा फिर्ता नहुने पुस्तकहरूको बारेमा प्रष्ट्याएको त छैन तर पनि भोलिका दिनमा यी कुराहरूलाई पनि सम्बोधन हुने आशा गर्न सकिन्छ।

# पढ्ने बानी बसाल्नु नै उज्यालोभित्र छिर्नु हो



✍ **गीता थापा**
पूर्व सहलाईब्रेरियन ।

पढ्ने बानी बसाल्नु प्रत्येक मानिसको एउटा कर्तव्य नै हुन्छ । जसरी हामीलाई बिहान बेलुका खाना खानु अति आवश्यक पर्छ, त्यसैगरी समय मिलाएर पढ्नु पनि अति आवश्यक हुन्छ । पढाईंले गर्दा नै आज संसार कहाँबाट कहाँ पुगेको छ । पहिलेको समयमा हामीहरूले टुकी बालेर अध्ययन गर्नु पर्दथ्यो । सायद आजको शहरबासी पुस्तालाई टुकी के हो भन्ने जिज्ञासा हुन सक्छ होला । टुकी एउटा सिसी बा बट्टामा मट्टीतेल राख्ने र त्यसमा बिर्को माथि प्वाल बनाई कपडाको सुतली (सलेदो) हालेर बाल्ने बत्तीको नाम हो । त्यो कपडा मट्टीतेल भिजेपछि र मट्टीतेल हुन्जेल बल्ने हो । त्यस्को उज्यलोमा पढ्ने वा अन्य काम गर्ने हो, तर भोलिपल्ट भने खकारमा वा सिङानमा कालो कालो लेदो आउथ्यो, जुन टुकीबाट आएको धुवाको कालो हुन्थ्यो । आजकल त जतातते विजुली बत्ती झलमल छ, पढ्नलाई कुनै असुविधा छैन । त्यस्तै एउटै कोठामा दशौं जना परिवारका सदस्यहरू हुन्थे, कुना खोज्दै पुस्तक लिएर पढ्नु पर्दथ्यो भने आज त जतातते पुस्तकालयमा पनि पाठकहरूको आ-आफ्नो लागी मेच टेबल आदिको सुबिधा रहेको हुन्छ ।

पानी प्यास लागेमा पिउन भनेर पुस्तकालयको फिल्टरमा पानी र गिलास राखिएको हुन्छ । कुनै पुस्तकालयमा पाठकलाई खान मन लागे चियाको पनि व्यबस्था मिलाइएको देखिन्छ । अझ विदेशी पुस्तकालयहरूमा त त्यही आराम कक्ष पनि रहेको हुन्छ र त्यही खाजा खाने पनि व्यवस्था रहेको हुन्छ । आजकल सुविधा सम्पन्न घरहरूमा आ-आफ्नो बेग्लाबेग्लै कोठाहरू हुन्छन् । पढ्नको लागि अभिभावकहरूले त्यतिकै सुबिधा उपलब्ध गराइदिएका हुन्छन् । हाम्रो समयको सम्झना आउँदा छक्क लाग्छ, घरको सबै काम सकेर पुस्तक लिएर पढ्नबस्दा कति आफूलाई भाग्यमानी ठानिन्थ्यो ।

आज त बत्तीहरूको सुबिधाको साथै प्राविधिक सुविधाहरू पनि त्यतिकै बढदो छ । साँच्चैं भन्ने हो भने पाठकको हात हातमा नै पुस्तकालय आएको छ । एउटा मोबाइल र ईन्टरनेट भएपछि आफूलाई पढ्न मन लागेको विषय त्यहाँ पढ्न पाँइन्छ । सूचना तथा सञ्चार प्रविधिको विकासले संसारलाई एउटा विचत्रको विकसित स्थानमा पुर्याएको छ । पहिले पुस्तक किन्न नपाउँदा पुस्तकालयबाट सापटी लगेर कापीमा सारेर पनि पढ्ने गरिन्थ्यो । आजकल त फोटोकपीको सुविधा पनि त्यतिकै छ, 'स्क्यान'को सुविधा छ, त्यस्तै मोबाइलबाट एक क्लिक गरी फोटो खिचेर पनि पढ्न सकिन्छ ।

यो संसारको यहाँसम्मको विकास त त्यही पढ्ने बानीले गर्दा त हो नि । जसले धेरै पढ्यो त्यो राम्रो र विद्वान मान्छे बन्यो ।

त्यसैले हामी पुस्तकालयकर्मीहरू, पुस्तकालयप्रेमीहरू हरेक वर्ष भदौ १५ गते मनाइने पुस्तकालय दिवसको उपलक्ष्यमा नारा तय गर्ने गर्दछौं । पाँचौं पुस्तकालय दिवस, २०६९ को नारा "पुस्तकालय जाऔं: पढ्ने बानी बसालौं" रहेको थियो । आजकल त फेरि घरमै गृह पुस्तकालय बनाऊँ भन्ने अभियान पनि चलिरहेको छ । कोरोनाको महामारीले गर्दा "घर घरमै पुस्तकालय बनाऊ", भन्ने अभियान सान्दर्भिक बनेको छ । आफ्नैं घरमा भएका पुस्तकहरूको सङ्कलनलाई सङ्ग्रहित

गरी व्यवस्थित गरी आफू पनि पढ्ने र परिवारको सदस्यहरूलाई पनि पढ्न लाउने हाम्रो एउटा कर्तव्य हुन आएको छ। पढ्ने बानी बसाल्नेबारेमा विभिन्न लेखकहरूले धेरै राम्रो टिप्पणी गरेका छन्।

“My eyes hunger to read more books then time allows me to devour.” – Jazz Feylynn

“Any room in our house at any time in the day was there to read in or to be read to.”– Eudora Welty

“A book is a drop in the ocean of knowledge, in the ocean of knowledge every reader is drowned in the thoughts of what to read.”– Luffina Lourduraj

“A book can be simple but not a book reader.”– Nitin namdeo

“People with the best reading habits have the best usage of the brain”– J. Tisa … Etc

पुस्तकालय गएर पढ्नु वा घरमा पढ्नु आदि जिन्दगी बनाउन किन आवस्यक हुन्छ त ? पुस्तकालयको अर्थ हो पुस्तक राख्ने ठाउँ/स्थान पुस्तक + आलय पुस्तकालय। विद्या आर्जन गर्ने स्थानलाई विद्यालय भनिन्छ, विद्यालय र पुस्तकालयको स्थान महत्त्वपूर्ण छ। गुरुका माध्यमद्वारा शिक्षा आर्जन गर्ने स्थानलाई विद्यालय भनिन्छ भने स्वयम् मौन भएर अध्ययन गर्ने स्थानलाई पुस्तकालय भनिन्छ। पुस्तकालय दुई थरिका हुन्छन्। पहिलो व्यक्तिगत जहाँ आफ्नो रुचिअनुसारको पुस्तक र सम्बन्धित सामग्री राखेर उपयोग गर्दछौं भने सामाजिक पुस्तकालय जुन समाजमा विभिन्न थरिका आवश्यकताहरू पूरा गर्न विभिन्न थरिका पुस्तकहरू, सूचनाहरू सङ्कलन गरिएको हुन्छ, सबैका रुचिअनुसारको पुस्तकहरू पढ्नको लागि। राष्ट्रिय पुस्तकालय, सार्वजनिक पुस्तकालय, सामुदायिक पुस्तकालय, अनुसन्धान पुस्तकालय, शैक्षिक पुस्तकालय आदि। विद्या आर्जन गरी सो मा दक्षता, प्रविणता, मूर्धन्यता र विशिष्टता हाँसिल गर्नु प्रत्येक विद्यार्थी, विद्वान् एवम् अध्ययनमा रुची राख्नेहरूको महान ध्येय हो जसबाट व्यक्तित्वको विकास, बद्धिको विकास, सोंचनेको कुरालाई बुझ्ने स्तरको विकास हुन पुग्दछ। ‘Education is a journey of self realization’ आफूले आफैंलाई चिन्नु नै समाजिक राजनैतिक, धार्मिक, आर्थिक लगायत जतीपनि एउटा समाज वा राष्ट्रको लागि आवश्यक विशेषताभित्र पर्दछ। निचोडमा भन्नु पर्दा ‘self realization’ हो आफूले आफैंलाई चिन्नु, आफ्नो धरातललाई जान्नु ताकी सोहीअनुसार उसको व्यक्तित्वको प्रदर्शन हुन्छ। व्यक्तित्वको निखार नै शिक्षाको ज्योती हो, साँच्चै भन्नुपर्दा पढ्ने बानी हो, जुन आर्जन गर्दा घर, परिवार, समाज, समुदाय, राष्ट्र जहाँ असीमित मानिसहरूका लागि उपयोगी बन्छन्। शिक्षाबाट नै आफूलाई स्वच्छ, सफा, उज्यालो राम्रो दृष्टिकोण र विचारले सजिएको सही व्यक्ति बन्न, बनाउन सफल हुने हो।

जीवन अनुभव हो, शिक्षीत अनुभवले जीवनमा प्रकाश ल्याउँछ। अशिक्षीत अनुभवले जीवनमा अन्धकार छर्दछ, नैराष्यको दृष्टिकोणले जिन्दगी नकारात्मकतामा भरिन्छ। अतः शिक्षा आवश्यक मात्र होइन शिक्षा पाउने स्थानको पनि त्यतिकै महत्त्व हुन्छ, जुन कुराको परिपूर्ती विद्यालय र पुस्तकालयले नै गरिदिन्छ। मानिसको लागि केवल शारीरिक खुराक सुख, सुविधाको साधन मात्रै पर्याप्त नहुने र उसलाई बौद्धिक खुराकको पनि आवश्यकता हुन्छ। तथ्य यो हो कि पुस्तक अध्ययन प्रतिको अभिरुचिले, व्यक्तिको रचनात्मक प्रतिभालाई साकार रूपमा परिवर्तन गरिदिन्छ। चेतन मनको नैसर्गिक स्वभाव चिन्तन, मनन, अध्ययन नै हो। चेतन सत्ताको मनन शक्ति निरन्तर क्रियाशील रहन्छ, यसलाई निस्कृय र शून्यतामा लैजाने प्रयास गर्नु आफैंमा अज्ञानता हुनेछ। अतः अध्ययन गर्ने, पढ्ने पढाउने स्वभावलाई सक्रिय बनाएपछि ऊ जहाँसुकै, जस्तो अबस्थामा पनि अध्ययन गर्ने, प्यास मेटाउन पुस्तकालयहरूको थलो खोज्दै जान्छ। जसरि एउटा जड्याँहा भट्टी खोजेर भौतारिदै हिडे जस्तै, पढ्ने भोक भएको व्यक्ति पुस्तकालयहरूको खोजमा हिंड्ने र त्यसप्रति आकर्षण भईरहन्छ। यस दृष्टिले हेर्दा घर,

समाज, समुदाय, राष्ट्र अन्तर्राष्ट्र सबैको उज्यालोको जग पुस्तकालय नै हो ।

**पढ्ने बानीले गर्दा के के हुन्छन् त ?**

- पढ्ने बानीले गर्दा जीवन जिउनको लागि नयाँ तरिका र जीवनलाई भिन्न परिप्रेक्ष्य प्रदान गर्दछ ।
- पढ्दै गर्दा हामीलाई नयाँ चिजहरू, नयाँ तरिकाहरू, नयाँ समझदारी, नयाँ जानकारी, परिस्थितिहरू सम्हाल्ने नयाँ तरिकाहरू र तिनका समाधान गर्ने नयाँ उपायबारे ज्ञान हाँसिल गराउछ । जब हामीहरू विभिन्न विषयहरूको पुस्तक अध्ययन गर्दै जान्छौं, हामी भिन्न परिप्रेक्ष्यमा चिजहरू बुझ्न सक्षम हुन्छौं ।
- पढ्ने बानीले हामी आँफैलाई विभिन्न रूपमा बुझ्न मद्दत गर्दछ, यसले हाम्रो दिमाग खुल्छ, र हामीलाई आफ्नो जीवनमा भैरहेका परिवर्तनहरू स्वीकार्न मद्दत गर्दछ, र जीवनको विभिन्न सकारात्मक पक्षहरू बुझ्न पनि मद्दत पुग्दछ । अझ राम्रोसँग संसारलाई बुझ्नको लागि हामीलाई मद्दत गर्दछ । पढ्नाले हामीलाई चलाख पनि बनाउँछ ।
- पढ्ने बानीले हामीलाई थप राम्रो हुन मद्दत गर्दछ, पढाइमार्फत् हामीलाई आफ्नो रूचिको विषयको बारेमा अझ राम्रो ज्ञान हुन सक्छ, यसले हामीलाई अझ राम्रो हुन मद्दत गर्दछ, हामी सबैलाई थाहा छ, पुस्तकहरूले धेरै ज्ञान र जानकारीहरू दिन्छन्, ज्ञान सफलताको कुञ्जी हो र यसैले जीवनको बारेमा ज्ञान दिन्छ, विभिन्न परिस्थितिहरूको बारेमा हामीलाई जीवनमा अगाडि बढ्न मद्दत गर्दछ र हाम्रो दिमागलाई तेज बनाउँछ र हामीलाई फुर्तिलो बनाउँदछ ।
- पढ्ने बानीले गर्दा रचनात्मक शक्ति बढ्छ, सिर्जनात्मक शक्तिको विकास हुन्छ । कल्पना गर्ने शक्ति बढ्छ । यसले गर्दा हामी राम्रो पाठकबाट राम्रो लेखक बन्न सक्छौं । पढ्दा हामी नयाँ दुनियाँभित्र छिर्छौं, यसले गर्दा हाम्रो दिमागलाई पोषण मिल्छ । पठनले हामीलाई कल्पनाको संसारमा उजागर गर्दछ, यस्ले विश्वमा कुनै पनि कुरा असम्भव छैन भनेर सिकाउँछ ।
- पढ्ने बानीले स्मरण शक्ति बढाउँछ । हाम्रो दिमाग एक अचम्मको चिज हो, जसले सहजताको साथ धेरै चिजहरू सम्झन सक्छ तर हामी सामान्यतया मस्तिष्कको क्षमताअनुसार उपयोग गर्दैनौं, हामी केवल हाम्रो मस्तिष्कलाई नकारात्मकता र खराब विचारहरूले भर्छौं जसले हाम्रो दिमागको विकासलाई रोक्दछ । हाम्रो दिमागमा अद्भुत क्षमताहरू छन् यसलाई हाम्रो शरीरजस्तै कसरत चाहिन्छ, यसलाई उत्तम खुराकी दिनको लागि पढ्ने बानी नै एउटा कसरत हुने छ ।
- पढ्ने बानीबाट मानवले आफ्नो आन्तरिक सुधार र परिवर्तन गर्न सक्षम बन्दछ ।
- पुस्तकहरू पढ्दै ती बाट आफै सिक्न सकिन्छ, किनकी पुस्तकहरूलाई नै शिक्षक वा गुरुको रूपमा पनि लिन सकिन्छ । पुस्तकहरूबाट विभिन्न समस्याहरू संग लडिरहेका र त्यसलाई कसरी समाधान गर्ने भन्ने कुराहरू पनि हामी सिकिरहेका हुन्छौं । त्यसरी आफ्नो जीवनमा सफलता र खुशी प्राप्त गर्ने तरिका पनि सिक्न सक्छौँ । पुस्तकहरूलाई सल्लाहकारहरूको दृष्टिकोणबाट पनि हेर्न सकिन्छ । केही आवश्यक सूचना चाहिएमा हामी या त पुस्तक हेर्छौं, नेट हेर्छौं या त विशेषज्ञको सल्लाह लिन्छौँ ।
- तपाई, हामी पुस्तकमा भौतिक वा शारीरिक रूपमा गुरु देख्न सक्दैनौ । तर उहाँहरूको बिचार, अनुभव, सल्लाह, ज्ञान, लिइरहेका हुन्छौं । सिकिरहेका हुन्छौं । पुस्तकमार्फत् हामी उहाँहरूलाई चिन्न सक्छौं, जान्न सक्छौं ।
- पुस्तक पढ्ने बानीले गर्दा शब्दावलीहरू, अङ्ग्रेजी वा जुनसुकै भाषामा पढिन्छ त्यो भाषाको पनि सुधार हुन्छ । साथै व्याकरणहरू सिक्न सकिन्छ । यसका लागि पढाइमा आफू केन्द्रित भने हुनु जरुरी छ ।
- पुस्तक अध्ययन गर्ने बानीले हाम्रो तनाब पनि कम गर्दछ । हाम्रो दिमागलाई आराम दिने यो उत्तम तरिका हो । अनुसन्धानकाअनुसार मनोवैज्ञानिकहरू यो विश्वास गर्छन् कि मानवले दिमागलाई

पढ्नमा ध्यान केन्द्रित गऱ्यो र साहित्यिक संसारमा आफूलाई भुलाईयो भने विभिन्न व्याकुलताले भरिएको मांसपेशीहरू र मुटुमा तनाव कम हुन्छ । साथै आफ्नो लक्ष्यमा पुग्न पुस्तकले हामीलाई धेरै सहयोग गरेको हुन्छ, मानौं हामीलाई आफ्नो लक्ष्यमा पुग्न धर्मर भएको छ, आत्मविश्वासमा कमी आएको छ भने राम्रो सफल व्यक्तित्वको जीवनीहरू पढ्दा हामीलाई राहत मिल्छ र हामी सकारात्मक सोंचबाट भरिन्छौं र आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छौं ।

- अनुसन्धानले भन्छ कि मानसिक रूपमा उल्झी रहनाले दिमागको प्रगति सुस्त हुन्छ । सम्भवतः अल्जाइमर र डिमेन्शिया पनि हुन सक्ने सम्भावना हुन्छ, जसरी हामीहरूको शरीरका अन्य मांसपेशीहरू बलियो र स्वस्थ राख्न व्यायाम आवश्यक छ, त्यस्तै मस्तिष्कलाई पनि स्वस्थ र बलियो राख्न पढ्नु सबैभन्दा उत्तम व्यायाम हुन सक्छ । राति पुस्तक पढेर सुत्दा निन्द्रा पनि राम्रोसँग लाग्छ ।
- ७५ प्रतिशत आफ्नै मिहेनतले करोडपति भएका व्यक्तित्वहरूले एक महिनामा कम्तीमा २ पुस्तकहरू पढ्दछन् । औसत सीईओहरूले एक बर्षमा कम्तीमा ६० पुस्तकहरू पढ्छन् । यो मात्र होइन तर विश्वको सबैभन्दा सफल र धनी मानिसहरू आफ्नो ज्ञान र बुद्धिको सुधार गर्न दैनिक आधारमा किताबहरू पढ्छन् । उदाहरण विश्वको सबैभन्दा धनी व्यक्ति भएपछि पनि बिल गेट्स एक हप्तामा एक पुस्तक पढ्छन् । वारेन बफटेले आफ्नो शुरुआती दिनमा ६०० देखि १००० पृष्ठ पढ्ने गर्थे, र आज पनि उनी आफ्नो दिनको ८०% समय पुस्तक पढ्नमा बिताउँछन् ।

**निष्कर्ष:**

यसरी राम्रो पढ्ने बानीका धेरै फाइदाहरू छन् । यसले हाम्रो दिमागलाई सक्रिय, स्वस्थ र बलियो राख्दछ । पढ्नु हाम्रो व्यक्तिगत विकास र समग्रताको विकासको लागि आवश्यक छ । यसबाहेक, यदि हामीहरू पुस्तकालय गएर राम्रो पढ्ने बानी विकास गर्छौं वा घर मै पनि पुस्तकहरू पढ्छौं भने हामी कहिले पनि अल्छी वा एक्लो महसुस गर्दैनौं ।

# पुस्तकालयः एक खुल्ला विश्वविद्यालय



✍ **जानकी कर्माचार्य**
पूर्व प्रमुख, केसर पुस्तकालय

पहिले र अहिले पुस्तकालयलाई हेर्ने दृष्टिकोणमा फरक आएको छ। हुन त परापूर्व कालमा पनि पुस्तकालय नभएको चाहिँ हैन, यसको आवश्यकता पनि थियो अनि महत्त्व पनि थियो तर पुस्तकालयलाई खालि पुस्तक जम्मा गर्ने वा भण्डार गर्ने भण्डार गृह ठान्थे। आवश्यक परेको बेलामा पुस्तक पढ्न पऱ्यो, केही कुरा वा सूचना जान्नु पऱ्यो भने खोल्ने, अनि ताला बन्द गरेर राख्ने अझ शिलालेख, अभिलेख, दस्तावेज, ताम्रपत्र, भोजपत्र, ताडपत्र, हस्तलिखित ग्रन्थ आदि भए त सम्पतिको रूपमा सुरक्षित राख्थे।

त्यसताका यी भण्डार गृहहरू राजामहाराजाका सानको रूपमा रहन्थ्यो भने या त मठ मन्दिरमा पुजारीको कक्ष कोठामा ज्ञान हाँसिलको लागि भण्डार गृहको रूपमा थिए। अनि कार्यालयहरूमा एका दुई दराजमा सीमित थिए। ती जे जस्ता रूपमा रहेता पनि हुन चाहिं पुस्तकालय नै थियो, मात्र परिभाषा फरक। त्यसताका कतिपय मूल्यवान ग्रन्थहरू त बहुमूल्य सम्पत्तिको रूपमा अंशबण्डा समेत हुन्थ्यो। विकसित देशहरूमा यसको रूप छिटै फेरिएर पुस्तकालयमा परिणत भयो, पुस्तकालयमा सबैको पहुँच हुनुपर्छ भन्ने धारणाको पनि विकास भयो। नेपालमा भने यसको विकास निकै ढिला भयो। केही पुस्तकालय खुले पनि सरकारी कार्यालयहरूमा भने निकै पछिसम्म दराजे पुस्तकालय नै थिए। जसको लागि कुनै प्राविधिक वा विज्ञ कर्मचारी त के कुनै कर्मचारी नै हुँदैन थियो।

अहिले केही वर्ष यता पुस्तकालयको बारेमा केही सोंच वा चर्चा हुन थालेको छ। विकसित देशहरूमा राष्ट्रिय पुस्तकालय देशको मेरुदण्ड नै मानिन्छ, विद्वानहरूको भनाइ नै छ "कुनैपनि देशको विकास हेर्नु छ भने त्यस देशको पुस्तकालय व्यवस्थापन हेर्नु पर्दछ"। कुनैपनि देशको पुस्तकालय व्यवस्थित र सुसम्पन्न छ भने त्यो देशलाई विकसित मान्न सकिन्छ। साथै त्यहाँ अध्ययन गर्न आउने पाठक वर्गको जमात र पुस्तकालयमा भएका सूचना प्रवाहका सामाग्रीबाट बुझ्न सकिन्छ। नेपालमा भने त्यतिखेर कतिपय देश सञ्चालन गर्नेहरूलाई नै देशमा राष्ट्रिय पुस्तकालय छ भन्ने कुरा थाहा नै थिएन। अनि देश विकासको कुरा के गर्ने ? देश विकासको लागि सूचनाको भूमिका अति नै महत्त्वपूर्ण छ। विद्वानहरूले यसलाई PEST भन्ने पनि गरेका छन् :

P – Political Development -राजनैतिक विकास)
E – Economic Development (आर्थिक विकास)
S – Social Development -सामाजिक विकास)
T – Technological Development -प्राविधिक विकास)

उल्लेखित ४ प्रकारको क्षेत्रको विकासमा व्यवस्थित सूचनाको व्यवस्था हुनु अति नै आवश्यक छ। जसको विकासबाट देशको सबै क्षेत्रको विकास हुन्छ। विश्वको विकसित देशहरूमा पुस्तकालयलाई सबैको सरल पहुँच पुग्ने खुल्ला विश्वविद्यालयको रूपमा लिन्छन्। जहाँ कुनै भेदभाव रहित सबैले पुस्तकालयको नियम पालना गरेर अध्ययन गर्न सक्छन्। नेपालमा अहिले केही वर्ष यता पुस्तकालयको महत्त्व केही मात्रामा बढन थालेको छ। अहिले विभिन्न सङ्घ संस्थाहरू, गैर संस्थाहरूले

पनि पुस्तकालयको विकासको लागि सहयोग गरिरहेका छन् । जस्तै Room to Read ले स्कूल पुस्तकालयलाई सहयोग गरेको छ भने Read Nepal ले सामूदायिक पुस्तकालयहरूलाई सबल र सक्षम बनाउन मद्दत गरिरहेको छ । अझ खुलेका पुस्तकालयहरूलाई आफै सक्षम भएर दीर्घकालीन अबस्था सम्म सञ्चालन गर्नको लागि सहयोग गरेको छ । त्यस्तै अबको पुस्तकालय एक प्रकारको ज्ञान प्राप्त गर्ने थलो मात्र नभएर आय आर्जन र आफूलाई सबलीकरण गर्ने खुल्ला विद्यालय वा विश्वविद्यालय मान्न सकिन्छ । पुस्तकालय सबैको साझा सम्पत्तिको रूपमा हुन पर्दछ, यसैले अहिलेको कोभिड फैलिएको अबस्थामा स्थानीय समुदायमा सुलभ र सहज तरिकाले पहुँच पुग्ने खाले पुस्तकालयहरू हुन जरुरी छ । त्यस्ता पुस्तकालयहरू व्यवस्थित र प्राविधिक ज्ञान भएका सञ्चालकहरू हुनका साथै अहिलेको परिवेशलाई ध्यानमा राखेर विद्युतीय पुस्तकालयलाई पनि सञ्चालन गर्नु पर्दछ । जसका लागि आवश्यक पूर्वाधार र तालिम प्राप्त विज्ञहरू साथै आर्थिक सबलीकरणको पनि व्यवस्था हुनु पर्दछ ।

हुन त नेपालमा विगत तेह्र वर्षदेखि पुस्तकालय दिवस मनाउने प्रक्रियाले नेपालको पुस्तकालय विकासलाई ठूलै मद्दत पुऱ्याएको छ । अब मनाउने दिवस चौधौं पुस्तकालय दिवस हो । अघिपछि जे जस्तो भए पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले भाद्र महिनामा पुस्तकालयलाई सम्झिने गरेको छ । साथै पुस्तकालय कर्मिहरूले पनि एकठाउँमा भेला भएर केही गर्ने अवसर पाएका छन् । अहिले कोभिडको कारणले भेला हुने अबस्था छैन तर पनि गत वर्षदेखि विद्युतीय माध्यमबाट भएपनि पुस्तकालय दिवस मनाउन थालिएको छ । अहिलेको अप्ठ्यारो अबस्थामा पुस्तकालयकर्मीहरू एकजुट भएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सँगसँगै सहकार्य गरेमा सम्पूर्ण नेपालीहरूमा पठन संस्कृतिको विकास गर्न, आपसी सद्भाव वृद्धि गर्न र सभ्य अनि सुसंस्कृत समाज निर्माण गर्नमा ठूलो मद्दत पुग्छ । जसले गर्दा पुस्तकालय स्थानीय तहका सबै समूहलाई विद्यालय/विश्वविद्यालय सरह हुन्छ । अतः समाजको विकास र पढ्ने बानीको विकास गर्नका लागि स्थानीयस्तरमा सुविधा सम्पन्न पुस्तकालय सञ्चालन गर्न सकियो भने मात्र चौधौं पुस्तकालयको “सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार” भन्ने नारा सार्थक हुन्छ ।

# नेपाल राष्ट्रिय पुस्तकालय र मेरो फरक दृष्टिकोण



✍ **रमेशकुमार भुसाल**
प्रकाशक, पुस्तकालय आवाज मासिक
उपाध्यक्ष, नेपाल सामुदायिक पुस्तकालय सङ्घ ।

भुकम्प गएको छवर्ष पुग्दा समेत नेपाल राष्ट्रिय पुस्तकालय भवनविहिन अबस्थामा रहेको छ । उक्त भुकम्पका कारण हरिहरभवन ललितपुरस्थित नेपाल राष्ट्रिय पुस्तकालय रहेको भवन पूर्ण रूपमा क्षतिग्रस्त भएपछि त्यस पुस्तकालयमा सँग्रहित पुस्तकादि अध्ययन सामग्रीलाई तत्कालको लागि भन्दै बोरामा प्याक गरेर काठमाडौंको सानो गौचरणस्थीत महेन्द्र भवन माध्यमिक विद्यालयमा राखियो । पछि महेन्द्रभवनबाट केही पुस्तक भक्तपुरको सानोठिमी स्थीत शैक्षिक जनशक्ति विकास केन्द्रको पुरानो पुस्तकालय रहेको कोठामा सारियो । ती सामग्री लामोसमय सम्म बोरामै थन्किए । करिब तीनवर्षको अवधि पुस्तकालयका लागि वैकल्पिक भवन र स्थान खोज्दैमा वित्यो । तर तत्काल कुनै सकारात्मक सम्भावना नदेखिएपछि यथास्थानमा ऱ्याकको व्यवस्था गरी बोराबाट पुस्तक निकालेर ऱ्याकमा राख्ने कार्य अगाडि बढाइयो । अहिले सबै पुस्तकादि सामग्री सानो गौचरणबाट सानोठिमीमा बनेको नयाँ प्रिफ्याब्रिकेटेड भवनमा सारेर व्यवस्थित गरिएको छ ।

भुकम्प जानुभन्दा पहिले खासै ध्यान पुग्न नसकेको नेपाल राष्ट्रिय पुस्तकालय त्यसपछि भने निरन्तर राष्ट्रिय चासोको विषय बन्दै आएको छ । पुस्तकालयको बारेमा एक अक्षर नलेख्ने नेपालका कान्तिपुर, गोरखापत्र जस्ता ठूलाठूला सञ्चारमाध्यम र अखबारहरूले पनि उक्त पुस्तकालयसम्बन्धी समाचारलाई स्थान दिएर उच्च प्राथमिकताका साथ सम्प्रेषण गरे, सम्पादकीय नै लेखे । जसले सरोकारवालाको ध्यान आकृष्ट मात्र गरेन पुस्तकालयको महत्त्व र आवश्यकता समेत बोध गरायो । नेपालको मिडियाको सन्दर्भमा मुलधारका भनिने सञ्चारमाध्यममा समेत पुस्तकालयले स्थान पाउनु हाम्रो लागि गौरवको विषय हो । पुस्तकालय दिवसको पत्रकार सम्मेलनमा कहिल्यै उपस्थित हुन नभ्याउने मिडियाले नेपाल राष्ट्रिय पुस्तकालयको आवश्यकता, महत्त्व र त्यसको विद्यमान अबस्थाको बारेमा पटकपटक फिचर बनाएर प्रस्तुत गर्नु पनि कम खुशीको कुरा होइन । यस सन्दर्भमा कान्तिपुर दैनिकको नामै लिएर भन्नु पर्छ यस पत्रिकाले नेपाल राष्ट्रिय पुस्तकालयको सवाललाई पटकपटक उठान गऱ्यो, बोरामा पुस्तक भनेर सरकारलाई गिज्यायो । तर यति गर्दा पनि नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन बनाउनेतर्फ सरकारको ध्यान पुगेन । तैपनि सबैको प्रयासले अन्तत सरकारले जमलमा राष्ट्रिय पुस्तकालयको नयाँ भवन बनाउने सकारात्मक निर्णय गऱ्यो ।

नेपाल राष्ट्रिय पुस्तकालयको विशिष्ट स्थान रहेको हुनाले यो पुस्तकालय काठमाडौं शहरको मुटुमै बनाउनु पर्छ भन्नेमा सरोकारवालाहरूको जोड रहदै आएको थियो । संयोगले तत्कालीन शिक्षामन्त्री र वरिष्ठ पुस्तकालयकर्मी इन्दिरा दलीका बिचमा भावनात्मक सम्बन्ध रहदै आएको र मन्त्रीले दलीलाई अत्यन्तै श्रद्धा गर्ने भएकोले उहाँको वचनलाई हार्न नसकेर पनि होला सायद तत्कालीन मन्त्रीपरिषद्बाट जमलमै राष्ट्रिय पुस्तकालय बनाउने निर्णय गराउन सफल भए । तथापी त्यो निर्णय अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन । दुर्भाग्य नै भन्नुपर्छ मिडियामा आएअनुसार

स्वयम् तत्कालीन प्रधानमन्त्री के. पी. शर्मा ओली समेत जमलमा राष्ट्रिय पुस्तकालय बनाउने कुरामा सकारात्मक थिए रे तर पछि भवन बन्ने प्रक्रिया अन्तिम चरणमा पुगेको समयमा उनैले विभागीय मन्त्रीलाई सुइको समेत नदिई आफ्नै मन्त्री परिषद्को अघिल्लो निर्णय उल्टाएर जमलमा राष्ट्रिय पुस्तकालय बनाउने प्रक्रिया तत्काल अगाडि नवढाउन निर्देशन दिने निर्णय गराए ।

भुकम्पले क्षति पुऱ्याएका सार्वजनिक संरचनाको पुनर्निर्माण गर्ने वा त्यसकालागि सहजीकरण गर्ने उद्देश्यले खडा गरिएको राष्ट्रिय पुन:र्निर्माण प्राधिकरणमार्फत् उल्ट्याइएको यो निर्णयका पछाडि तत्कालीन सरकार र विशेषगरी प्रधानमन्त्री निकट कुनै शक्तिशाली निजी कम्पनीको हात रहेको आशंका गरिएको छ । विभागीय मन्त्रीलाई नै जानकारी नदिई त्यो निर्णय उल्ट्याउनु पर्ने कस्तो आपत्ति आइलाग्यो होला ? सहजै कार्यान्वयन हुन नसक्ने महत्त्वकांक्षी बृहत् टुंडिखेल गुरुयोजनाको नाममा राष्ट्रको धरोहर, हामी सबैको गौरव नेपाल राष्ट्रिय पुस्तकालयको गला निमोठ्ने काम निवर्तमान सरकारले गऱ्यो । जवकी नेपाल राष्ट्रिय पुस्तकालय नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तरगत रहने सरकारी निकाय नै हो । तत्कालीन सरकारले आफैंले गरेको निर्णय आफैंले उल्ट्याएपछि अहिले राष्ट्रिय पुस्तकालयको भविष्य अनिश्चित भएको छ । सरकार त फेरिएको छ तर यो लेख तयार पार्दासम्म विभागीय मन्त्रीको टुंगो लागेको छैन । त्यसैले नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन निर्माणको प्रक्रिया तत्काल अगाडि बढ्ने सम्भावना देखिदैन ।

## राष्ट्रिय पुस्तकालयबारे भ्रम र यथार्थ

पुस्तकालय स्थापना वा सञ्चालन गर्दा मुख्य रूपमा ध्यान दिनुपर्ने कुरा भनेको त्यसको स्ट्याण्डर्ड के हो ? त्यसको स्वामित्व कस्तो हो ? पुस्तकालयले प्रदान गर्ने सेवा के के हुन् ? त्यसका लक्ष्यित वर्ग को को हुन् ? जस्ता विषय हुन् । सामान्यतया सार्वजनिक/सामुदायिक पुस्तकालय मात्र बहुसङ्ख्यक पाठकलाई पायक पर्ने स्थानमा स्थापना वा सञ्चालन गर्नु पर्छ भने अन्य प्रकृतिका पुस्तकालय सबैलाई पायक पर्ने स्थानमा हुनु पर्छ भन्ने कुरा सायद कार्यान्वयन हुन कठिन हुन्छ होला । जस्तो शैक्षिक पुस्तकालय, अनुसन्धानमूलक पुस्तकालय, कानुन, विज्ञान, कृषी, साहित्यिक आदि जस्ता विषय वा विधागत पुस्तकालय र सरकारी वा गैरसरकारी सङ्घसंस्थाले सञ्चालन गरेका विभागीय/विशेष पुस्तकालय । स्वयम् राष्ट्रिय पुस्तकालय समेत । अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय रूपमा मान्यता प्राप्त राष्ट्रिय पुस्तकालय एक देशमा एउटा मात्र हुन्छ । नेपालको हकमा पनि अहिलेसम्म नेपालको राष्ट्रिय पुस्तकालय नेपाल राष्ट्रिय पुस्तकालय नै हो । नेपालमा पुस्तकालय सम्बन्धी स्पष्ट कानुनको अभावमा अन्य पुस्तकालयले पनि आफ्नो नामको साथमा राष्ट्रिय राख्ने गरेको पनि पाइन्छ । जसले गर्दा केही हदसम्म अन्योलता पनि सिर्जना हुने गर्दछ । राष्ट्रिय पुस्तकालयका आफ्नै विशेषता रहेका हुन्छन् जो अन्य पुस्तकालयमा पाइदैन । जस्तो राष्ट्रिय पुस्तकालय सम्बन्धित देशको एक मात्र डिपोजिटरी पुस्तकालय हो भने अपवादबाहेक आइएसबिएन र आइएसएसएन प्रदान गर्ने एकमात्र आधिकारिक निकाय पनि हो । हाम्रो देशमा भने नेपाल राष्ट्रिय पुस्तकालयको तत्कालीन नेतृत्वको अकर्मन्यताले गर्दा आइएसबिएन प्रदान गर्ने काम अहिलेसम्म त्रि.वि. केन्द्रीय पुस्तकालयले गर्दै आएको छ । एक प्रकारले राष्ट्रिय पुस्तकालय देशभर छरिएर रहेका अन्य पुस्तकालयको अभिभावक समेत हो । अहिलेसम्मको अभ्यासअनुसार सिँगो देशमा एउटा मात्र राष्ट्रिय पुस्तकालय रहने र त्यो सकेसम्म देशको सङ्घीय वा केन्द्रीय राजधानीमै रहने गरेका उदाहरणहरू पाइन्छ । त्यसैले नेपाल राष्ट्रिय पुस्तकालय पनि नेपालको राजधानी काठमाडौंमै हुनु पर्दछ भन्ने हामी जस्ता सरोकारवालाहरूको माग रहनु स्वभाविक नै हो । तर भक्तपुरको सानोठिमीमा नेपाल राष्ट्रिय पुस्तकालयको स्थायी संरचना निर्माण नहुन्जेलसम्मका लागि भन्दै अस्थायी प्रकारले निर्माण गरिएको ट्रष्टमा नेपाल राष्ट्रिय पुस्तकालयलाई सार्ने र पुस्तकालयका सबै सेवा त्यहीँबाट सञ्चालन गर्ने गृहकार्य अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय पुस्तकालय भक्तपुरमा स्थानान्तरण

भएपछि पुस्तकालयको नयाँ भवन बनाउने प्रक्रियामा सुस्तता आउन सक्छ। त्यसैले लामो समयसम्म अनिश्चितताको भुमरीमा फस्दै गएको नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन बन्नु अत्यावश्यक कुरालाई मध्यनजर राख्दै विभिन्न विकल्पका बारेमा पनि बहस गर्ने हो कि ?

**अवको बाटो के त ?**

नेपाल राष्ट्रिय पुस्तकालय कहाँ बनाउने ? कस्तो बनाउने ? कहिले बनाउने भन्ने विषयमा हामी विगत ६ वर्षदेखि निरन्तर वहस गर्दै आइरहेका छौं। स्थानको विषयलाई लिएर शुरुमा हाम्रै बिचमा पनि केही मतभेदहरू देखा परे। आपसमा तिक्तता पनि देखियो। वहसको क्रममा केही साथीहरू नेपाल राष्ट्रिय पुस्तकालय भक्तपुरको सानोठिमीमा बनाउनु पर्छ भन्ने पक्षमा देखिनु भएको थियो भने त्रिभुवन विश्वविद्यालयका पदाधिकारी र सो अन्तरगतका पुस्तकालयमा कार्यरत पुस्तकालयकर्मी साथीहरू जमलको जग्गा त्रि.वि.ले भोगचलन गर्दै आएको हुनाले त्रि.वि.को सहमतिविना राष्ट्रिय पुस्तकालयले उक्त जगामा दावी गर्न नहुने मनसाय व्यक्त गर्नुभयो। तर अन्तमा हामी सबै नेपाल राष्ट्रिय पुस्तकालय जमलमा नै बनाउनु पर्दछ भन्ने कुरामा एकमत भयौं। किनभने राष्ट्रिय पुस्तकालय हरेक राष्ट्रका लागि एउटा पहिचानसहितको राष्ट्रिय धरोहर हो भन्ने कुरामा कसैको विमति थिएन। अर्कोतर्फ राष्ट्रिय पुस्तकालयका लागि प्रस्तावित गरिएको जग्गा विगत २, ३ वर्ष अगाडिदेखि प्रयोगविहिन अबस्थामा थियो। त्यहाँ रहेको त्रि.वि.को जनप्रशासन क्याम्पस बल्खुमा स्थानान्तरण भएपछि त्यो जग्गा निजी सवारी साधन पार्किङ स्थलको रूपमा प्रयोग हुँदै आएको थियो। त्यसकारण उक्त जग्गामा नेपाल राष्ट्रिय पुस्तकालयको भवन बनाउनु स्वभाविक मात्र नभई अनिवार्य नै थियो। किनकी गणतन्त्रको घोषणा पछि बनेका सबैजसो सरकारले सार्वजनिक जग्गाको चरम दुरपयोग गरी व्यक्तिगत/व्यापारिक/व्यवसायिक कम्पनी/फर्मलाई भाडामा दिएर त्यसको दुरूपयोग गर्ने मात्र होइन कि शहरलाई कुरूप समेत बनाउँदै आएका थिए त्यसमा अंकुस लगाउन पनि जमलमा नेपाल राष्ट्रिय पुस्तकालयको भवन बनाउनु अनिवार्य नै थियो। तथापि त्यो सम्भव भएन। अव हामीले विकल्प पनि खोज्नु पर्छ। हो हामी सबैको चाहना जमलमै राष्ट्रिय पुस्तकालय बनोस् भन्ने रहेको छ। तर हाम्रो चाहनाले मात्र त्यो सम्भव देखिएन। त्यसैले अव ढिला नगरी हामी सरोकारवालाहरूले जमलबाहेकका अन्य विभिन्न ठाउँहरूका बारेमा विकल्पसहितको बहस चलाउनु आवश्यक देखिन्छ। हामी आफैं पनि त्यो साँघुरो घेराबाट मुक्त हुन नसकेकै कारण पो हो कि अहिलेसम्म नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन निर्माण हुन नसक्नु। हामी पुस्तकालयसेवी, पुस्तकालयकर्मी र पुस्तकालयप्रेमी सबैले एकपटक विना आग्रह सोंचने हो कि ? जमलको पौने ८ रोपनीमै धर्ना कस्ने की सुदूर भविष्यलाई समेत विचार गरी ५०, १०० रोपनीमा राष्ट्रिय पुस्तकालय बनाउने ? के नेपाल राष्ट्रिय पुस्तकालय जस्तो संस्थाको लागि पुगनपुग ८ रोपनी जग्गा पर्याप्त छ त ? नेपाल राष्ट्रिय पुस्तकालयको लागि जमल नै निर्विकल्प स्थान हो त ? एकपटक सबैले ठण्डा दिमागले सोंचौं, राष्ट्रिय पुस्तकालयको भवन निर्माण गर्ने कार्यलाई छिटो भन्दा छिटो मुर्त रूप दिन हाम्रो पनि अहम् भूमिका रहन जान्छ। एकपटक काठमाडौं खाल्डोमा रहेका हामी सबै सरोकारवालाहरू आफू काठमाडौंमा रहेको विर्सेर मोफेसलको बनेर सोंचौं र नेपाल राष्ट्रिय पुस्तकालयको बारेमा आत्म मन्थन गरौं त, त्यतिबेला पनि हामी जमलबाहेक अन्यत्र नेपाल राष्ट्रिय पुस्तकालयको भवन बनाउनै नहुने निष्कर्षमा पुगौंला त ? त्यसैले नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन निर्माण कार्यमा भईरहेको ढिलासुस्ती र अन्योलता हटाउन हामीले नै नयाँ सिराबाट अग्रसरता देखाउनु पर्ने बेला आएको छ। नयाँ सरकार बनेको छ, पूर्ववर्ती सरकारले गरेका अधिकांश निर्णयहरू उल्टिने प्रक्रियामा छन् त्यस्तो अबस्थामा सम्भव हुन्छ भने जमलमा राष्ट्रिय पुस्तकालय नबनाउने अघिल्लो सरकारको निर्णय पनि उल्ट्याउने वातावरण सिर्जना गरौं, होइन, सकिदैन भने अर्को विकल्प पनि तयार गरौं। यस बारेमा हाम्रो बिचमा घनिभुतढङ्गले छलफल चलाऔं, तर राष्ट्रिय पुस्तकालयको नयाँ भवन बनाउने निर्णय गर्न सरकारलाई सहयोग पुऱ्याउने तरिकाले।

हामी लामो समयदेखि नेपालमा पुस्तकालय क्षेत्रको समग्र विकासका लागि पुस्तकालयसम्बन्धी स्पष्ट ऐन, नियम तथा नीति निर्माणको लागि पैरवी गर्दै आएका छौं । यो अभियानमा हामी भन्दा अगाडिको पुस्ता अझ बढि सक्रिय हुँदै आएको छ । उहाँहरूको सक्रियताले गर्दा नै हामीले नेपालमा विगत केही वर्षदेखि पुस्तकालय दिवस देशभर सप्ताहव्यापी रूपमा धुमधामका साथ मनाउँदै आएका छौं । तर यसमा नयाँ पुस्ताको खासै आकर्षण देखिदैन । अझ अहिलेको पछिल्लो पुस्तामा त रचनात्मक र सार्वजनिक कार्यक्रमप्रति कुनै उत्साह वा आकर्षण देखिदैन । यो अत्यन्तै दुःखद पक्ष हो । नेपालमा दक्ष पुस्तकालयकर्मीको सङ्ख्या अत्यन्त न्यून रहेको अबस्थामा उहाँहरूको सक्रियता कम हुनु वा हुदै नहुनुले समग्र पुस्तकालय विकासको अभियानमा नकारात्मक असर पर्ने निश्चित देखिन्छ। त्यसैले उहाँहरूलाई बेलैमा सचेत र सक्रिय बनाउनु जरुरी देखिन्छ ।

**प्रसँग १४औं पुस्तकालय दिवसको आदर्श वाक्य छनोट गर्ने सन्दर्भको**

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि पुस्तकालय दिवसको आदर्श वाक्य के राख्दा सान्दर्भिक होला भनेर धेरै पटक बैठक बस्यो, छलफल भए, लिखित सम्बन्धित निकायबाट सुझाव समेत मागियो। छलफलका क्रममा राष्ट्रिय पुस्तकालयप्रति सरकारले देखाएको उदासिनताबाट आक्रोसित भएका पुस्तकालय सेवी, पुस्तकालय कर्मी र पुस्तकालयप्रेमी सबैले राष्ट्रिय पुस्तकालयलाई फोकस गरेर नै यसपटकको आदर्श वाक्य छनोट गर्नुपर्ने धारणा राख्नु भयो। यसबाट प्रष्ट देखिन्थ्यो कि नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माणको सुनिश्चितताप्रति सरोकारवालाहरूको चिन्ता र चासो कति थियो र छ भन्ने कुरा। अझ हाम्रा अग्रजहरूले घुमाउरो तरिकाले यसलाई आफ्नो प्रतिष्ठाको विषय समेत बनाएको पनि देखियो। उहाँहरूको यो चासो र चिन्तालाई मैले उच्च सम्मान गर्दै आएको छु र आगामी दिनमा पनि गर्ने नै छु र हामी सबैले गर्नै पर्दछ। तर राष्ट्रिय पुस्तकालयलाई केन्द्रमा राखेर चौधौं पुस्तकालय दिवसको आदर्श वाक्य तय गर्ने प्रस्तावमा यसपटक मेरो फरक धारणा रहेको थियो र त्यो कायमै छ। त्यो के भने मलाई कतै हामी जान अन्जानवश नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माण कार्य छिटो भन्दा छिटो सुनिश्चित होस् र काम अगाडि बढोस् भन्ने नाममा वदलिंदो परिवेसप्रति ख्यालै नगरी सरकारप्रति सदावहार नकारात्मक त बन्दै गइरहेका छैनौं। त्यसैले यसपटक सरकार भर्खर भर्खर मात्र फेरिएको र विभागीय मन्त्री समेत नियुक्ति नभईसकेको अबस्थामा सरकारप्रति अविश्वास जगाउने, दवाव फिल हुने खालको नारा तय नगरौं भनेर मैले एक्लै फरक धारणा राखेको थिएँ, नभन्दै मेरै धारणासँग मिल्ने गरी यसपटकको पुस्तकालय दिवसको आदर्श वाक्य तय भएको छ। सार्वजनिक पुस्तकालयको आवश्यकता र महत्त्वलाई उच्च महत्त्व दिएर तय भएको यसपटकको पुस्तकालय दिवसको आदर्श वाक्य साँच्चिकै सान्दर्भिक रहेको आभाष भएको छ।

अन्तमा, नेपाल राष्ट्रिय पुस्तकालय हाम्रो सान, हो हाम्रो गौरव हो, राष्ट्रको धरोहर हो। यसलाई आहिलेसम्मको वेहाल अबस्थाबाट जतिसक्दो छिटो मुक्त गर्नु जरुरी छ। त्यसका लागि चाहे जमलको जग्गा त्याग्न किन नपरोस्। राष्ट्रिय पुस्तकालयको भविष्य सुनिश्चित हुनु पऱ्यो सरकारले चाहेको स्थानमा पुस्तकालय भवन बनाउन खोज्दा हामीले अवरोध होइन सहयोग गरौं। ७, ८ रोपनीमा सीमित राष्ट्रिय पुस्तकालय होइन कि कम्तीमा ७० देखि ८० रोपनीमा फैलिएको राष्ट्रिय पुस्तकालय बनाउने अभियानमा जुटौं। जय पुस्तकालय।

# पठनसंस्कृतिको जग घरबाटै बसालौं



✍ **धन कुमार श्रेष्ठ**
महासचिव, नेपाल लाईब्रेरी फाउण्डेशन

**नेपालमा पठन संस्कारको स्थिति**

पठन संस्कार भएन, किताबतर्फ पाठकहरूको ध्यान जान सकेन भन्नेमा हामी सबै सरोकारवालाहरू एकमत छौं, सहमत छौं । पठन संस्कार विकासका लागि सबैतिर सबैखाले पुस्तकालयहरू खुल्नुपर्छ भन्ने अठोट पनि हामी सबैमा छ । खुलेका पुस्तकालयहरूलाई पठनमैत्री, पाठकमैत्री बनाउन कोशिश पनि गरिरहेकै छौं तर सोंचेजति संभव हुन सकिरहेको छैन । हालको अबस्थामा नेपालमा शैक्षिक/सामुदायिक सार्वजनिक/पुस्तकालयहरू सरकारी तथा गैरसरकारी पहल तथा सहयोग/सहकार्यमा खुल्नेक्रम बढ्दो भएपनि पुस्तकालय स्थापना हुने क्रम बढे सँगै पठन संस्कार भने घट्दो छ । वर्तमान सूचना प्रविधिको विकाससँगै मोवाइलबाटै संसारभर भएका ज्ञान, सूचना र शिक्षा आर्जन गर्न सकिने भएपछि पुस्तकतर्फको आकर्षण घटेको हो कि भन्ने धेरैको अनुमान पनि छ । किताबी अध्ययनले जसरी मानिसलाई एकत्रीत, आनन्दित र अनुशासित बनाउन मद्दत गर्छ त्यसरी नै अनलाईनबाट प्राप्त हुने सामग्रीहरूबाट मानिसलाई बाँध्न सकिन्न, के पढ्दैछ भनेर मापन गर्न पनि सकिन्न । जे होस् सूचना प्रविधिको विकास हुनु अगावै मानिसहरूमा पढ्ने वानी कम हुँदै गएको थियो । पढ्ने वानी धेरै वर्ष अघि छुटिसकेको थियो । मानिसहरूलाई किताबले भन्दा अरू अरू चिजहरूले नै मोड्ने गर्नाले किताबतर्फको रुचि न्यून हुँदै गयो । सिँगो घरपरिवारमा पठन अभ्याससहितको पठन संस्कार बस्न सकेको थिएन । घरका अभिभावकहरूले जे जे गर्दै गए त्यही त्यही कुरा परिवारका सदस्यहरूले अनुकरण गर्न थाले । आमाबाबुले घरमा किताब जोडेनछन् अनि छोराछोरीमा पनि किताबै पढ्नुपर्छ भन्ने ज्ञान भएनछ । घरका कुनै एक कुनामा पुस्तकालयको संरचना बनेको भए, थोरै धेरै किताबहरू सङ्कलन गरी राखिएको भए, छोराछोरीमा पनि पठनतर्फ रूचि पैदा हुने थियो तर त्यसोपनि हुन सकेन । आफैले पढेका पुस्तकहरू कार्टुन, बोरामा कसेर भर्याङमुनि वा भन्डारकोठामा कोचेछौं तर दराजमा व्यवस्थित गर्ने सोंच आएनछ । घरमा जे जस्तो संस्कार बसेको छ त्यही संस्कार पुस्तान्तरण हुँदै जानेक्रममा छोराछोरीमा समेत त्यही संस्कार बसेछ । हामी ठूलाले पढेनछौं अनि सानामा त्यसको प्रभाव परेछ । हामीले छोराछोरीको अगाडि खैनी, चुरोट, पेय पदार्थ प्रयोग गरेछौं, तास खेलेछौं, गफ गरेछौं अनि हाम्रा छोराछोरीमा पनि तिनै संस्कार सरेछन् । किताबसँग मोह गरिएको भए किताब पढ्ने होड चल्ने थियो तर अरू अरू चिजको बारेमा होड चलाएछौं । पठनसंस्कार आ-आफ्नै घरबाट हराएछ त्यो हराएको पठनको खोजी गर्ने कार्य कहिल्यै कसैले पनि गरेनछौं अनि घरमै अलपत्र परेछ पठन संस्कृति । घरबाटै भंग भएछ पठनमोह । हामीले पनि पाठ्यपुस्तक घोकेछौं, छोराछोरीहरूले पनि हामीलाई नै पछ्याएछन् । किताबप्रतिको चाह कम हुँदै गएछ । पठन अभ्यासको जग बसेनछ । यसरी पठनसंस्कार उकालो चढ्दै अघि बढ्नु पर्नेमा ओरालो झरेछ ।

**विद्यालय पुस्तकालय कसका निम्ति ?**

अधिकांश विद्यालयहरूमा पुस्तकालय स्थापना भएको पाइन्छ तर पढिदिने पाठकको अभाव छ । जसकोलागि स्थापना गरियो उनीहरूले हाम्रा निम्ति हो भन्ने महसुस नै गरेका छैनन् । जहाँ शिक्षकहरू छिर्न हिचकिचाउँछन् । विद्यार्थीहरूलाई प्रवेश गराउने कुनै प्रकारको नीति र योजना देखिन्न । विद्यालय प्रशासनले विद्यालय पुस्तकालयको विकास र प्रयोगका बारेमा पर्याप्त चासो राखेको पाइएन । निश्चित समयमा खोल्ने र सञ्चालन गर्ने योजना बनाएको भेटिएन । एउटा दुलोबाट हात छिराएर ११-१२ कक्षाका विद्यार्थीहरूलाई पुस्तक लेनदेन गर्ने चलन छ । भित्र पस्ने खुल्ला परिवेश छैन । शिक्षकहरू पाठ्यपुस्तक पढाउनमै रमाएको देखियो । कुनै कुनै पुस्तकालयमा त ५-७ बर्ष अघि पुस्तकालयका न्याकमा राखिएका पुस्तकहरू कसैले नछोएको अवस्थामा समेत भेटियो । किताबका चिल्ला गातामा हातका मयल देखिएन । शुरूमा जहाँ राखिएको थियो त्यही ठाउँमा धुलोले पुरिएको अवस्थामा भेटियो । कुनै कुनै विद्यालयमा पुस्तकालयको ढोका माथि 'प्रवेश निषेध' लेखिएको सम्म देख्न पाइयो । नुवाकोटको भैरबी मा. वि. मा पुग्दा बर्षौसम्म हजारौ किताबहरू एउटा बन्द कोठामा थुनेर राखेको पनि भेटियो, कतिपय महत्त्वपूर्ण किताबहरू नपढिकनै माउले धूलोपिठो पारेछन् । पछि एनएलएफको पहलमा खुल्ला स्थानमा सार्ने काम गरियो । नेपाल सरकारले पुस्तकालय विकासका निम्ति बजेट बिनियोजन गर्ने गरेको छ । सामान्यतः एक माध्यमिक विद्यालयले पुस्तकालय तथा प्रयोगशालाको स्थापना र विकासकालागि रू. छ लाख पचासहजार सम्मको रकम पाउने गरेका छन् तर यो रकमको सहि सदुपयोग हुन सकेको देखिएन । विद्यालय पुस्तकालय शिक्षक र विद्यार्थीहरूकालागि मात्र भएपनि सो पुस्तकालयमा यी दुई वर्ग स्वविवेकले प्रवेश गरेको पाइन्न । कक्षागत समय तालिकामा विद्यार्थीहरूलाई पुस्तकालय अध्ययन गराउने बिषयले स्थान नपाउँदा र कसले खोल्ने र कहिले कहिले खुलाउने भन्ने बिषयको टुङ्गो नलगाउँदा यो पुस्तकालय प्रायः बन्द हुन्छ । खुलेको बेलामा पनि विद्यार्थीको पहुँच पुस्तक सम्म पुग्दैन ।

**सामुदायिक/सार्वजनिक पुस्तकालयहरूमा पाठक गतिशिलताको अभाव**

सामुदायिक/सार्वजनिक पुस्तकालयहरूको बर्तमान अबस्थापनि उस्तै छ । सोंचेजस्तो प्रयोगमुखी हुन सकेको छैन । हिजोआज यी पुस्तकालयहरू प्रायः सुनसान छन् । अध्ययन अनुसन्धानका निम्ति औंलामा गन्न सकिने पाठकहरू यदाकदा प्रवेश हुने गर्छन् । पुस्तकालय नजिकैका पाठक सरोकारवालाहरू समेत पुस्तकालयमा पढ्नकै लागि भनेर छिर्ने गर्दैनन् । पुस्तकालयदेखि टाढाकाहरू पहुँचदेखि बाहिर छन् । अशक्त, अपाङ्गता भएकाहरू र ज्येष्ठ नागरिकहरू चाहेरपनि पुस्तकालयमा पुग्न सक्दैनन् । जुन वर्गलाई सहज छ, पुस्तकालय प्रयोग गर्न अनुकूल छ उनीहरू पुस्तकालय छिर्नै चाहन्नन् । यी पुस्तकालयमा कसैलाई भेदभाव गरेको, बन्देज लगाएको पनि पाइन्न । सबैलाई प्रवेशमा खुल्ला गरेकै छ । तर, स्वविवेकले, इच्छाले पुस्तकालय प्रवेश हुनेहरू भने कमैमात्रामा देख्न पाइन्छ । यसबाट यो बुझिन्छ कि हरेक व्यक्तिमा पठनसंस्कार छैन । पढ्ने बानी घरमै बसेको पाइन्न । पठनसंस्कार घरबाटै हराएको छ । घरबाट हराएको पठन संस्कारको प्रत्यक्ष प्रभाव सामुदायिक पुस्तकालय र विद्यालय पुस्तकालयहरूमा पर्न गएको देखिन्छ । यस्ता पुस्तकालयहरूमा पठनबानी भएकाहरूको प्रवेश हुने गर्छन् तर पढ्नेबानी नै नभएकाहरू भने जतिसुकै फुर्सदिलो भएपनि पुस्तकालय छिर्न चाहन्नन् । यसरी सामुदायिक/सार्वजनिक पुस्तकालयहरूले सधैंजसो पाठक अभाव झेलिरहनु परेको छ ।

**पठनसंस्कृतिको जग कस्लाई भन्ने ?**

कुलिन संस्कारको जग भनेपनि पठनसंस्कारको जग भनेपनि घरनै हो । आमाबुवाले छोराछोरीलाई असल संस्कार सिकाउछन् र उनीहरू पछि संस्कारी बन्छन् । घरमै पढाइसंस्कार बसाल्न सिकाएमा उनीहरूमा पठनअभ्यास बस्दै जान्छ र भविष्यमा पठनसंस्कारी बन्छन् । यो संस्कार घरमा नबसेको हुँदा घरमै स्थापित गर्न सके घरबाटै हराएको पठनसंस्कार घरभित्रै पुनस्थापित गर्न सकिन्छ र पठनको जग घरबाट बस्न थाल्छ ।

**गृह पुस्तकालय के हो ?**

घरको कुनै एक कुनामा व्यवस्थित गरिएको पढाइ कुना वा रिडिङ कर्नर वा पुस्तकालयलाई घर पुस्तकालय वा गृह पुस्तकालय भनिन्छ, जसलाई अङ्ग्रेजीमा होम लाईब्रेरी Home Library पनि भनिन्छ। बिश्वव्यापी मान्यताअनुसार विभिन्न प्रकारका पुस्तकालयहरूमध्ये निजी वा व्यक्तिगत पुस्तकालय नै गृह पुस्तकालय हो। घरपरिवारको इच्छा, रूचि, चाहना र आवश्यकता बमोजिम सङ्कलित पुस्तकहरूलाई व्यवस्थित गरी राखिएको वा सँग्रहित गरिएको पुस्तकालयलाई निजी वा घरको वा गृह पुस्तकालय भन्न सकिन्छ। जसलाई घरको ज्ञान-गहनाकोरूपमा पनि लिन सकिन्छ।

**गृह पुस्तकालय अभियानका मूलभूत उद्देश्यहरू**

घरबाटै पलाईन भएको पठनसंस्कृतिलाई पुनः थालनी गरी पाठक गतिशिलता बिस्तार गर्न नेपाल लाईब्रेरी फाउण्डेशनद्वारा घरघरमा पुस्तकालय अभियानको श्रीगणेश गरिएको हो। यस अभियानका मूलभूत उद्देश्यहरू निम्नअनुसार रहेका छन्।

- घरबाटै विस्थापित पठनसंस्कृति घरमै स्थापित गराएर पठनमैत्री वातावरण तयार गर्नु,
- बोरा वा कार्टुनमा थन्किएका पुस्तकहरू दराजमा पुऱ्याउनु,
- दराजमा सजिएका पुस्तकहरू पठनमा सुरुचि जगाउन र उपयोगमा ल्याउन प्रेरणा जगाउनु,
- ज्ञानगुन र सिपमा आधारित सामाग्रीहरू उक्त पुस्तकालयमा व्यवस्थापन गरी संरक्षण गर्नु,
- ज्ञान सिप र सिकाइको अन्तर पुस्ता हस्तान्तरण गर्ने बातावरण तयार गर्नु,
- अध्ययन कक्ष वा बैठक कक्षमा पुस्तकालय वा वाचनालयको संरचना निर्माण गरी बालबालिका, युवा, प्रौढ, वृध्द वृध्दाहरूको अध्ययन स्थलकोरूपमा विकास गर्नु,
- आफ्नो जाति, भाषी, संस्कार, संस्कृति झल्कने खालको ऐतिहासिक एवम् पुरातात्विक सामाग्रीहरूको सङ्कलन गरी यसै स्थलमा व्यवस्थापन गर्नु,
- आफ्नैघर, ओल्लोघर, पल्लोघर, छरछिमेकी बिच आ-आफूले पढेका पुस्तकको बारेमा समीक्षा गरी Critical Thinking शक्ति बढाउनु,
- किताबप्रति मोह जगाइ पठनसंस्कारयुक्त समाज स्थापनामा टेवा पुर्याउनु आदि।

**गृह पुस्तकालयको आवश्यकता**

कुनैपनि व्यक्तिको घरमा न्यूनतम आवश्यकताका कुराहरू जस्तै शयन कक्ष, अतिथी कक्ष, भान्सा, भण्डार आदिको संरचना निर्माण गरिएको हुन्छ। कसै कसैले यस अलावा प्रशाधन कक्षको समेत व्यवस्था गरेको पाइन्छ। यति व्यवस्थित घरमा पुस्तकालय कक्षका बारेमा भने कमैले सोंचेका हुन्छन्। छोराछोरीहरू बरण्डामा, पेटीमा, बिछ्यौनामा पढिरहेका हुन्छन्। उनीहरूका निम्ति खेल्दै पढ्ने उपयुक्त स्थलको व्यबस्था गरिएको हुन्न। यस्ता घरलाई पठनमैत्री घर भन्न सकिन्न। यस्तो परिवेशमा बालबालिकाहरूले गृह कार्य गर्न र पढ्न स्वस्थ मनस्थितिले सकिरहेका हुँदैनन्। उनीहरूलाई पढ्नकै लागि घरको कुनै एक कुनामा अध्ययन कक्षको व्यवस्थापन गरिदिन जरूरी छ। सो कक्षमा पाठ्यपुस्तकका साथसाथै विविध सन्दर्भ पुस्तकहरूको पनि व्यवस्था गरिदिए उनीहरूको ध्यान ती पुस्तकहरूले तान्न सक्छ र पाठ्यपुस्तक पढ्दापढ्दै अरू पुस्तकमा पनि आँखा लाग्न थाल्छ। यसर्थ, आगामी दिनमा एकघरः एक पुस्तकालय अभियानलाई अगाडि बढाउनु आजको आवश्यकता हो।

**रणनीतिक योजना तथा अभियान**

गृह पुस्तकालय अभियान सफल बनाउन निम्नअनुसार रणनीतिक योजना र अभियान सञ्चालन गरिनेछ।

- घरमा पुस्तकालय पनि चाहिन्छ भन्ने सोंच विकास गराउन गृह पुस्तकालयको महत्त्वका बारेमा उत्प्रेरणा जगाउने,
- एकघरः एक पुस्तकालय अभियान देशव्यापीरूपमा सञ्चालन गर्ने,

- घरघरबाट पठनसंस्कृति विकास गर्न र पठनअभ्यासको जग घरबाट बसाल्न कोशिस गर्ने,
- क कसको घरमा के कस्तो प्रकृतिका पुस्तकालयहरू छन् सोको बारेमा तथ्यांक सङ्कलन गर्ने,
- यस अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमा स्थानीय संयोजन समिति, प्रत्येक जिल्लामा जिल्ला संयोजन समिति, सबै प्रदेशमा प्रदेश संयोजन समिति र केन्द्रमा केन्द्रीय संयोजन समिति गठन गर्ने,
- पुस्तकालयको संरचना नभएका घरमा पुस्तकालय वा अध्ययन कुनाको व्यवस्थापन गर्न घरमूलीहरूवीच अन्तर्क्रिया गर्ने,
- पुस्तक पत्रपत्रिका भएका तर विभिन्न कारणबस अन्यत्र अव्यवस्थितरूपमा राखिएका पुस्तक घरको कुनै कुनामा ऱ्याक बनाएर व्यवस्थित गर्न अनुरोध गर्ने,
- ज-जसका घरमा एकैखाले पुस्तकहरू बढिप्रति छन् ती पुस्तकहरू गृह पुस्तकालय अभियानका निम्ति सङ्कलन गर्ने,
- स्थानीय तहहरूसँग सहकार्य गरी नयाँ घर निर्माण गर्दा वा सो को निर्माण सम्पन्न प्रमाणपत्र लिँदा घरको कुनै कुनामा अध्ययन कक्ष निर्माणका निम्ति अनुरोध गर्ने,

**गृह पुस्तकालयमा पुस्तक छनौट**

घर परिवारका सदस्यहरूको रूचिअनुरूप पुस्तकहरू छनौट गर्नुपर्छ, जस्तै ज्येष्ठ नागरिकहरूका निम्ति धार्मिक पुस्तकहरू, युवा तथा वयस्कका निम्ति जीवनोपयोगी ज्ञानबर्धक/प्रेरक र सन्देशमूलक पुस्तकहरू, बालबालिकाहरूका निम्ति खेल्दै/रमाउदै पढ्ने चित्राङ्कित कथा, कविता, जीवनीका पुस्तकहरू आदि ।

**गृह पुस्तकालयमा पुस्तक व्यवस्थापन**

घरको संरचनाअनुसार गृह पुस्तकालयका निम्ति छुट्याइएको कोठा वा कुनै कुनामा बालमैत्री पुस्तक ऱ्याकहरू निर्माण गरेर पुस्तकहरूलाई व्यवस्थित तबरले राख्न सकिन्छ। जहाँ उमेर समूहका आधारमा बालकक्ष, युवा तथा प्रौढ कक्ष, ज्येष्ठ नागरिक कक्षकोरूपमा कक्षगत संरचना झल्कने गरी व्यवस्थित गरी राख्नुपर्छ । यसरी व्यवस्थित गरी राख्दा जुनसुकै उमेरसमूहका व्यक्तिहरूले आफूले पढ्न चाहेका पुस्तक तुरन्त भेट्न सक्छन् । पुस्तकहरूले हजार नाघेको अबस्थामा दर्ता गरी वर्गीकरण नंबर राखेपनि हुन्छ, वा त्यसो गर्न सकिएन भने बिषयगत विधाअनुसार छुट्याएर अलग-अलग राखे पनि हुन्छ, जस्तै सामान्यज्ञान, दर्शन, धर्म, भाषा, सुद्ध बिज्ञान, प्रविधि, कला, साहित्य, इतिहास तथा भूगोल । साहित्यलाई पनि निम्नअनुसार बिभक्त गरे हुन्छ जस्तै कथा, उपन्यास, हास्यव्यंग्य, जीवनी, लेख, कविता, काव्य-महाकाव्य आदि ।

**पठनअभ्यासको तरिका**

परिवारका सदस्यहरूबिच आ-आफूले पढेका पुस्तकको बारेमा पारिवारिक जमघटमा साझपख (भान्साको काम सकिएपछि) समीक्षा गर्ने, वा एक पेजको सारांश लेखेर सुनाउने, क्रिया-प्रतिक्रिया जनाउने परंपरा बसाल्नु पर्छ। यसो गर्दा पढाइप्रति रुचि बढ्छ। पुस्तकप्रति लगाव बढ्छ । यसकार्यबाट हरेक व्यक्तिमा समालोचनात्मक सोचाइ क्षमता बढ्न गइ विशलेषण गर्ने तरिका समेत विकास भएर जान्छ ।

**पठनसंस्कारी समाजको स्थापना**

राजनीति र चरम बेरोजगारले आक्रान्त नेपाली समाजविच आपसमा मानवता, सद्भाव र मेलमिलाप हराउदै गएको छ, नकारात्मकता हाबि छ, बिकृति, बिसँगति व्याप्त छ । पठन बिनाको तथ्यहिन तर्क हाबि छ । साझ बिहान चियागफ तातिने गर्छ । तर ज्ञानको कुरा, पढाइका कुरा, बौद्धिकताका कुरा, जीवनोपयोगी सिप र उद्यमशिलताका कुरा, आत्मनिर्भरताका कुरामा समय खर्चिने बानी बिरलै छ। यस्तो समाजलाई घरघरमा पुस्तकालयको माध्यमबाट पठन संस्कारी समाजमा बदल्न गृह पुस्तकालय अभियानले सहयोग गर्न सक्छ भन्ने कुरामा बिश्वस्त हुन सकिन्छ ।

## गृह पुस्तकालय अभियानको निरन्तरता

घरघरमा पुस्तकालयको जग बसाल्न, घरघरबाट पठनसंस्कार जगाउन 'एकघर : एक पुस्तकालय' आदर्शवाक्यलाई व्यवहारमा उतार्ने बृहत् उद्देश्यका साथ नेपाल लाईब्रेरी फाउण्डेशनले गृह पुस्तकालय अभियानको अवधारणा अगाडि सारेको हो। कोभिड-१९ को रोकथामको शिलसिलामा २०७७ सालमा लामो समय लकडाउन भएपछि सबै नेपालीहरू घरमै निसासिएर बस्दाको पीडा महसुस गरेर यस लेखको लेखक उदयपुर, गाइघाटस्थित निजी निवासमा घरबन्दि जीवन व्यतित गर्नेक्रममा आफूसँगपनि पढ्ने सामग्री नभएको पीडाबोधको कारण यो अवधारणा जन्मिएको हो। यस अवधारणालाई नेपाल लाईब्रेरी फाउण्डेशनको मिति २०७७ माघ ३ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको बैठकद्वारा नीतिगत प्रस्तावकोरूपमा पारित गरेपछि २०७७ माघ ५ गतेदेखि यो अभियान उदयपुरबाट आरम्भ भयो। अभियानलाई व्यापकता दिने क्रममा जिल्ला-जिल्लामा जिल्ला संयोजन समिति गठन गरिएको छ। अभियानका शिलशिलामा गृह पुस्तकालयको आवश्यकता, औचित्यता र महत्त्वका बारेमा लकडाउनकै बिच सामाजिक सञ्जाल फेसबुकमार्फत् प्रचारात्मक अभियान चलाई सकिएको छ। हालसम्म १४ जिल्लामा जिल्ला संयोजक, उपसंयोजकहरू तोकिएको छ जो निम्नअनुसार रहनु भएको छ :

भोजपुरः श्री इन्द्र थापा, उदयपुरः श्री सरिता पौडेल गुरागाईं, खोटाङ्ग : श्री गंगाधर कार्की, सप्तरी : श्री वृहस्पति राम, सिरहा : श्री अर्जुन प्रसाद गुप्ता, धनुषा : श्री तोयाराज घिमिरे, महोत्तरी : श्री माधव पौडेल उपसंयोजक श्रीमति सरिता पोखरेल, सर्लाही : श्री उत्तम दाहाल, उपसंयोजक श्री स्वस्तिमा अधिकारी कोइराला, काठमाडौं संयोजक श्री सुशीला पौडेल, कागेश्वरी मनोहरा न.पा. संयोजक श्री राजेश कट्टेल, ललितपुर : श्री यज्ञराज भट्ट, भक्तपुर : श्री चण्डिका राय, कास्की : श्री केशवराज लम्साल, पर्वत : श्री इन्द्र प्रसाद सापकोटा, चितवन : श्री डिल्लिराम पोखरेल, उपसंयोजक श्री गणेशमाया शाही।

## स्थानीय तहहरूसँग समझदारीको नीति

नेपाल लाईब्रेरी फाउण्डेशनले घरघरमा पुस्तकालय स्थापना गर्ने गृह पुस्तकालय अभियानलाई स्थानीय तहहरूसँग जोड्ने नीति अख्तियार गरेको छ। नयाँ घरहरूको नक्सा पास इजाजतदेखि निर्माण सम्पन्नको प्रमाणपत्र लिँदाका अबस्थामा घरको कुनै एक कुनामा पढाइ कुना वा रिडिङ कर्नर वा पुस्तकालयको संरचना विकास गरेको हुनु पर्ने कुरा नीतिगत प्रावधानमा राखी कार्यान्वयन गराउने बारे हालै त्रियुगा नगरपालिका गाइघाट, उदयपुर र धनगढिमाइ नगरपालिका धनगढि, सिरहासँग छुट्टाछुट्टै लिखित समझदारी गरिएको छ।

## निष्कर्श

पठनसंस्कृति विकासकालागि एकगाउँ एक पुस्तकालय, एक विद्यालय एक पुस्तकालय एक सदरमुकाम एक नमुना सार्वजनिक पुस्तकालय स्थापना हुँदै जानुपर्छ। ती पुस्तकालयहरूमा स्वतस्फुर्तरूपमा स्थानीय पाठकहरू अध्ययनका निम्ति प्रवेश हुने वातावरण बन्नुपर्छ। कतिपय पुस्तकालयहरूले पाठक गतिशिलताका नीतिहरू अख्तियार गरेपनि पाठकहरू पढ्नकै निम्ति पुस्तकालयसम्म पुग्ने गरेको पाइएको छैन। कार्यक्रममा बोलाउँदा, सहकारीमा बचत गर्न र ऋण निकाल्ने उद्देश्यले पुस्तकालय जाने गरेपनि पुस्तकालय कक्षसम्म पुगी पढ्ने इच्छा व्यक्त गरिएको पाइन्न। यसबाट यो बुझिन्छ कि स्थानीय सरोकारवालाहरूमा पठनतर्फ खासै छैन। पठन रूचि घरमै बसेको भए ती सरोकारहरूको निश्चितरूपमा पुस्तकालयमा ध्यान तानिने थियो तर, तानिन सकेको छैन। यसर्थ आगामी दिनमा यी सुनसान पुस्तकालयहरूमा पाठक गतिशिलता बृद्धि गराउन पढ्ने बानीको जग आ-आफ्नो घरबाट बसाल्नुको बिकल्प छैन। पढ्नेबानीको जग घरबाटै बसाल्न र पठन संस्कार घरबाटै स्थापित गराउन घरघरमा पुस्तकालय, पढाइ कुना वा अध्ययन कर्नर नाम जे जुराएपनि पठन मैत्री घर निर्माणमा हामी सबैको ध्यान जान सकोस् तबमात्रै चौधौं पुस्तकालय दिवसको आदर्शवाक्य 'सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार' व्यवहारमा बदल्न सहयोग पुग्ने छ।

# पुस्तकालय दिवसका स्मारिका फर्केर हेर्दा



✍ **विजय शर्मा**
पुस्तकालय अधिकृत
त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय
कीर्तिपुर, काठमाडौं ।

**थालनी**

नेपालका प्राचीनकालदेखि पुस्तकालयको यात्रा सुरु भएता पनि पुस्तकालय अभियानलाई मूर्त रूप दिनका लागि वि.सं. २०६५ देखि प्रत्येक बर्ष भाद्र १५ गते उत्सवका साथ पुस्तकालय दिवस मनाउने गरिन्छ । यो उत्सव यात्रा संर्घषको दौडानमा नै रहेको छ । यसले केही मात्रामा भए पनि समाजमा पुस्तकालयको महत्त्व र आवश्यकता बोध गराउन सक्षम भएको मानिन्छ । यसको सफलता नै संविधानमा नागरिकको व्यक्तित्व विकासका लागि समाजमा पुस्तकालयको स्थापना र सञ्चालन गर्नुपर्ने आवश्यकता दर्शाउनु हो । पुस्तकालयकर्मीहरूको यसप्रकारको एकताले पुस्तकालय सम्बन्धी ऐन, नियमहरूको अभावलाई सम्बोधन गर्न सम्बन्धित निकायलाई झकझकाएको छ ।

पछिल्लो समय कोभिड महामारीका कारण भर्चुअल माध्यमबाटै यो दिवस मनाइएको छ । भर्चुअल माध्यममा पनि स्मारिका प्रकाशनको गति रोकिएको छैन । यसले नेपालमा देखिएको पुस्तकालय साहित्यको कमीमा केही हदसम्म भएपनि सम्बोधन गरेको छ । यद्यपि पाँचौं पुस्तकालय दिवस भन्दा पहिला पुस्तकालय दिवसको ब्रोसर तथा एन.एल.ए. कुरिअरहरू प्रकाशन गरेको पाइन्छ ।

साहित्यलाई समाज परिर्वतनको वौद्धिक हतियारको रूपमा लिने गरिन्छ । जसले समाजमा आफ्नो प्रभाव सहजै स्थापित गर्न सक्छ र समाजमा दीर्घकालीन असर पर्ने तथा परिर्वतनका लागि मार्गदर्शन हुन पनि सक्छन् । यही मान्यतालाई आत्मसात् गर्दै प्रत्येक बर्ष मूल आयोजक समितिको तत्वाधानमा रहने गरी प्रकाशन उपसमिति गठन गरिन्छ । उक्त उपसमितिले पाँचौं वर्षदेखि पुस्तकालय दिवसका दिन स्मारिका सार्वजनीकरण गर्दछ । स्मारिकाले पुस्तकालयको इतिहास र वर्तमानका विषयवस्तुसँग सम्बन्धित भई तयार गरिएका लेखरचनालाई लिपिवद्ध गराउन सक्षम रहेको देखिन्छ । स्मारिकामा लिपिवद्ध लेखरचना सम्वद्ध निकाय र व्यक्तिहरूका लागि अत्यन्त उपयोगी हुन सक्छन् । यसर्थ हालसम्म प्रकाशित पुस्तकालय दिवसका स्मारिका र समावेश भएका लेखरचनाहरूको विश्लेषण गर्ने प्रयास यस आलेखमा गरिएको छ ।

**स्मारिकाको आवरण र अग्रभाग**

पुस्तकालय दिवसमा स्मारिका प्रकाशनका लागि हरेक वर्ष छुट्टै उपसमिति गठन गर्ने गरिन्छ । उक्त उपसमितिले लेखरचनाहरू सङ्कलन गरी भाद्र १५ गते मूल समारोहमा प्रमुख अतिथि मार्फत् सार्वजनीकरण गर्छ । सार्वजनीकरणसँगै नरम कागजको आकर्षक डिजाइनका साथ आवरण पृष्ठको सबैभन्दा माथि पुस्तकालय दिवसको आदर्श वाक्य देख्न पाइन्छ । जुन आर्दश वाक्यले पुस्तकालय क्षेत्रको गौरव बोकेको अनुभूति गराउँछ । स्मारिकाको केही अङ्कको आवरण

पृष्ठको पछाडि र भित्री पृष्ठहरूमा लायन्स मनराम प्रतिष्ठान, रेस्फेक लगायतका संस्थाको शुभकामना सन्देश राखिएको छ। शुभकामना सन्देश भन्दा पनि एघारौं र बाह्रौं दिवसको स्मारिकामा चित्रकला प्रतियोगितामा संलग्न बालबालिका चित्रहरू समावेशले आवरण पृष्ठ थप आकर्षक देखिएको छ। आवरण पृष्ठमा पाँचौं दिवसको स्मारिकामा बाहेक अन्य स्मारिकामा माथि बर्षसहित अङ्ग्रेजी भाषामा लाइब्रेरी डे्र सोभिनियर (Library Day Souvenir) र तल स्मारिका पुस्तकालय दिवस लेखिएको देखिन्छ।

स्मारिकाको मुख्य शीर्षक पृष्ठमा पनि आवरण पृष्ठमा जस्तै अङ्ग्रेजी र नेपाली भाषामा सादा कागजमा शीर्षक राखिएको छ। शीर्षकको अन्तिममा प्रकाशक पुस्तकालय दिवस मूल आयोजक समिति तेह्रौ पुस्तकालय दिवसमा नेपाली भाषामा र अन्य स्मारिकाहरूमा अङ्ग्रेजी भाषामा लेखिएको छ। मुख्य शीर्षक पृष्ठको पछाडिको पृष्ठमा प्रकाशक, प्रिन्टर, डिजाइनरको जानकारी दिइएको छ। एघारौं पुस्तकालय दिवसदेखि मात्र सम्पादन मण्डलको नाम पनि राख्न लागिएको पाइन्छ। तत्कालीन शिक्षा मन्त्री, शिक्षा सचिव, सहसचिव वा मूल समारोह समितिका उपाध्यक्षहरूका शुभकामना मन्तव्यले स्मारिकालाई वजनदार बनाएको अनुभूति हुन्छ।

### स्मारिकामा भाषिक विविधता तथा उठान भएका विषयवस्तु

स्मारिका पुस्तकालय दिवस विशेष भए पनि पुस्तकालय क्षेत्रसँग सम्बन्धित सबै प्रकारका लेखरचनाहरू समावेश गरिएको छ। हालसम्म प्रकाशित स्मारिकाहरूमा जम्मा २९० वटा साधारण तथा अनुसन्धानात्मक लेखका साथै गीत, कविता, गजल, मनोवाद आदि रचनाहरू र विशिष्ट व्यक्तित्वका अन्तर्वाताहरू पनि समावेश गरिएको छ। समाविष्ट लेखरचनाहरूमध्ये अङ्ग्रेजी भाषामा लेखिएका ८२ र नेपाली भाषामा लेखिएका २०९ वटा रहेका छन्।

स्मारिकामा मुख्यतया पुस्तकालयको परिचय, इतिहास, यस क्षेत्रको अनुभव, देखापरेका समस्या, सूचना प्रविधि आदि विषयवस्तु उठान गरिएका लेखरचनाहरू प्रकाशन भएको पाइन्छ। स्मारिकामा ७० भन्दा बढी पुस्तकालयकर्मीहरू लगायत साहित्यकार, समाजसेवी, विद्यार्थीहरूका लेख रचनाहरू रहेका छन्। अधिकांश लेखक दोहोरिएको देखिन्छ तथापि पाँचौं देखि तेह्रौं दिवससम्मका स्मारिकामा निरन्तर रूपमा लेख्ने पुस्तकालयकर्मी सूर्य क्षेत्री मात्र रहनुभएको छ। जो दसौं पुस्तकालय दिवसमा उत्कृष्ट बर्ष पुस्तकालयकर्मीका रूपमा पनि सम्मानित हुनुभएको थियो।

स्मारिकालाई विविधताले भर्ने क्रममा इतिहासविद् सत्यमोहन जोशी, साहित्यकार कमलमणि दीक्षित, नेपालको पहिलो व्यावसायिक पुस्तकालयकर्मी पूर्णप्रसाद अमात्य लगायत छ जनाको अन्तर्वार्ता समावेश भएका छन्। अन्तर्वार्ताका साथै पुस्तकालय दिवसको सुरूवात, गतिविधि, समाजमा पारेको प्रभाव साथै प्रत्येक बर्ष तयार गरिने फरक आदर्श वाक्य आदि विषय समेटेका पुस्तकालय दिवस विशेष ५३ वटा लेखहरू प्रकाशन भएका छन्। स्मारिकामा पुस्तकालय विशेष अर्थात पुस्तकालयको इतिहास, विकासक्रम साथै राष्ट्रिय, सार्वजनिक/सामुदायिक, शैक्षिक तथा विशिष्ट पुस्तकालयको परिचय, गतिविधि र चुनौतिलाई समेटेका १२३ लेखहरू रहेको पाइन्छ। पुस्तकालयको विकासमा गैरसरकारी संस्थाको भूमिका सम्बन्धी २१ वटा र पुस्तकालय अटोमेसन, सूचना प्रविधि र ई-रिसोर्सेस सम्बन्धी ४५ वटा लेखहरू रहेका छन्। अध्ययन संस्कृतिको विकासमा पुस्तकालयको प्रभाव र आवश्यकता सम्बन्धी २३ वटा लेखहरू रहेका छन्। पुस्तकालय र पुस्तकालय दिवस विशेष गीत, कविता, गजल आदि रचनाहरू १६ वटा रहेको पाइन्छ। पुस्तकालय तथा पुस्तकालय दिवस बाहेका विविध विषयमा लेखिएका लेखहरू पाँचवटा रहेको देखिन्छ। स्मारिकाको पछिल्ला बर्षका अङ्कहरूमा अनुसन्धानात्मक लेखहरू पनि बढी समावेश हुन थालेका पाइन्छ। नेपालको पुस्तकालयका बारेमा अध्ययन, अनुसन्धान तथा खोज गर्न चाहनेहरूका लागि स्मारिका अत्यन्त उपयोगी सन्दर्भ सामग्री हुने विश्वास गर्न सकिन्छ।

**पुस्तकालय विशेष लेखरचना**

स्मारिका पुस्तकालय दिवस विशेष भएता पनि पुस्तकालय विषयसँग सम्बन्धित विविध लेखरचना समावेश भएको पाइन्छ । समावेश भएका लेखरचनामध्ये पुस्तकालय दिवस केन्द्रीत केही विशेष लेखरचनाहरू सङ्क्षिप्तीकरण गर्ने प्रयास गरिएको छ ।

- **पाँचौं पुस्तकालय दिवस स्मारिका**, २०६९

पाँचौ पुस्तकालय दिवसको स्मारिका प्रकाशन उपसमितिका संयोजक प्रकाशकुमार थापाको संयोजक तथा अशोक थापा र विश्वराज गौतमको सम्पादनमा प्रकाशन भएको छ । उक्त प्रकाशित स्मारिकामा विविध विषयका पाँचवटा अङ्ग्रेजी र १६ वटा नेपाली भाषा गरी जम्मा २१ वटा लेखरचना समावेश भएका छन् ।

स्मारिकामा लेखको सुरुवात नै विगतका पुस्तकालय दिवसको संक्षिप्त परिचयबाट भएको छ । त्यसपछि अनिता भण्डारी पौडेलबाट रचित कविताः पुस्तकालय दिवस पढ्न पाइन्छ । अशोक थापाको पाँचौं पुस्तकालय दिवसको निवन्ध प्रतियोगताको संस्करण रहेको छ । साथै चौथो पुस्तकालयका वर्ष उत्कृष्ट पुस्तकालयकर्मी अर्जुन प्रसाद श्रेष्ठको संस्करण पनि रहेको पाइन्छ । सूर्य क्षेत्रीको पुस्तकालयको इतिहास, पुस्तकालय शिक्षा र पुस्तकालय दिवसको सुरुवातलाई निवन्धनात्मक लेख रहेको छ । अर्का लेखक रमेश निरौलाले पुस्तकालय दिवसको तितो यर्थाथतालाई लिपिवद्ध गर्ने प्रयास गरेको देखिन्छ । पुस्तकालय दिवसको सन्दर्भमा विद्यालय पुस्तकालयको आवश्यकता र महत्त्व दर्शाउदै यसको प्रबर्द्धनमा मिन कुमारी डल्लाकोटीको लेखले विशेष जोड दिएको छ । प्रकाश थापाले नेपालमा पुस्तकालय दिवस मनाउन नेपाल पुस्तकालय संघको भूमिका उल्लेखको पाइन्छ । स्मारिकाको अन्तिममा पुस्तकालय दिवस मनाउनका लागि तिथि निर्धारण समितिको माइनुट राखिएको छ ।

- **छैटौं पुस्तकालय दिवस स्मारिका २०७०**

छैटौं पुस्तकालय दिवसको स्मारिकामा १२ वटा अङ्ग्रेजी भाषा र १५ वटा नेपाली भाषाबाट प्रकाशित लेखरचनाहरू रहेका छन् । स्मारिकामा प्रकाशन उपसमितिका संयोजक अशोक थापाको अङ्ग्रेजी भाषामा लेखेको सम्पादकीय पढ्न पाइन्छ ।

पुस्तकालय दिवसको लक्ष्य, उद्देश्य भएका गतिविधि र प्रस्तावित कार्यक्रमहरू अङ्ग्रेजी र नेपाली दुवै भाषामा राखिएको छ । जीवन सुवालले ऐतिहासिक दर्पणमा पुस्तकालय र भक्तपुर शीर्षकमा पुस्तक चिताइ तहविल देखि पुस्तकालय दिवससम्मको प्रसङ्ग जोडेको पाइन्छ । सूर्य क्षेत्रीको लेखले पहिलो देखि छैटौं पुस्तकालय दिवससम्म पोखरामा भएका गतिविधिलाई अनुभूति र अपेक्षा सहित समेटेको छ । त्यसैगरी मिना कुमारी डल्लाकोटीको लेखको शीर्षकमा सन्दर्भ पुस्तकालय दिवस भएपनि प्रसङ्ग पोखरा विश्वविद्यालयको केन्द्रीय पुस्तकालयको रहेको छ । साथै अनिता भण्डारी (पौडेल) को ६ वर्षे उपशीर्षकमा कवितात्मक कोसेली पनि स्मारिकामा पढ्न पाइन्छ ।

- **सातौं पुस्तकालय दिवस स्मारिका २०७१**

सातौं वर्षको स्मारिकाको शीर्षक पृष्ठ अङ्ग्रेजी भाषामा मात्र रहेको पाइन्छ । शिक्षा मन्त्रालयका सहसचिव डा. हरिप्रसाद लम्सालको शुभकामना मन्तव्य र प्रकाशन उपसमिति संयोजक अशोक थापाको सम्पादकीय रहेको छ । स्मारिकाको विषय सूचीमा ९ वटा अङ्ग्रेजी र १४ वटा नेपाली भाषाका लेखरचनाहरू समावेश गरिएको देखिन्छ । तथापि भाषिक क्रमबद्धता भने मिलाएको देखिदैन ।

स्मारिकामा विश्व गौतमले नेपालमा पुस्तकालय दिवसको आरम्भ, तिथि निर्धारण, लिसाको भूमिकालाई प्राथमिकता साथ उठान गरेको देखिन्छ । छैटौं पुस्तकालय दिवसमा भएका गतिविधिलाई प्रभाश पोखरेलले संक्षिप्तमा लिपिवद्ध गरेको पाइन्छ । अशोक थापाले नेपालमा पुस्तकालय दिवसको ऐतिहासिक पृष्ठभूमि समेट्दै तत्कालीन कार्यसमितिका कार्यक्रम र पुस्तकालय दिवसमा संघको अभिभावकीय भूमिकालाई जोडेको देखिन्छ । नेपालमा पुस्तकालय दिवसको सुरुवात र प्रत्येक वर्ष भएका कार्यक्रम तथा गतिविधिलाई बाबुराम दाहालको लेखले समेटेको

छ। विगतका पुस्तकालय दिवसका संयोजक, नारा र प्रमुख अतिथि नाम तालिकामार्फत् डुकहरि निरौलाको लेखमा प्रस्तुत भएको छ। निमा धिताल (पण्डित) को लेखमा प्रत्येक वर्ष निर्धारण गरिने पुस्तकालय दिवसको आदर्श वाक्यको सान्दर्भिकता र कार्यान्वय पक्ष उठान भएको छ। सूर्य क्षेत्रीले पुस्तकालय दिवसको नाराको कार्यान्वयन पक्षको विभिन्न प्रसङ्ग जोडेको पाइन्छ। यस स्मारिकामा पनि नेपालमा पुस्तकालय दिवस मनाउनुको उद्देश्य र विगतमा सम्पन्न पुस्तकालय दिवसहरूको बारेमा सूचनामुलक जानकारीहरू पनि राखिएको छ।

- **आठौं पुस्तकालय दिवस स्मारिका, २०७३**

आठौं वर्ष स्मारिकामा तत्कालीन शिक्षा मन्त्री मा. चित्रलेखा यादव, शिक्षा सचिव विश्वप्रकाश पण्डित, शिक्षा मन्त्रालयका सहसचिव डा. लवदेव अवस्थीको शुभकामना सन्देश र प्रकाशन उपसमितिको संयोजक यादवचन्द्र निरौलाको सम्पादकीय रहेको छ। सम्पादकीयपछिको विषय सूचीमा ६ वटा अङ्ग्रेजी र १४ वटा नेपाली भाषाका लेखरचनाहरू देख्न सकिन्छ। यद्यपि पुस्तकालय दिवससँग सम्बन्धित जम्मा तीनवटा मात्र रहेको पाइन्छ। यसमा भूकम्पको क्षतिले पुस्तकालयमा परेको प्रभावलाई केन्द्रमा राखेको पाइन्छ।

नेपालमा पुस्तकालय दिवस मनाउनुको उद्देश्य, सुरुवात, आदर्श वाक्य, सम्मानीत व्यक्ति र संस्थाको नाम तथा आठौं पुस्तकालयको दिवसका औचित्य पूर्ण लाल श्रेष्ठको लेखमा पढ्न पाइन्छ। आई.पी. अधिकारीको लेखमा नेपालमा पुस्तकालय दिवसको सुरुवात र विभिन्न देशमा मनाइने पुस्तकालय दिवसको मिति र गरिने विविध कार्यक्रमलाई समेटिएको छ। रमेश निरौलाले पुस्तकालय दिवसको पैरवीलाई उपशीर्षकमा जोडेका छन्। त्यसैगरी सुदीप ढकालले पुस्तकालय दिवससँग नेपालको पहिलो पुस्तकालय गानको उद्देश्य, आवश्यकता र तयारीको प्रसङ्ग उठाएको पाइन्छ। स्मारिकामा पुस्तकालय दिवसका अवसरमा नेपालमा पुस्तकालय विकास, विस्तार तथा संरक्षण विषयक र पनौतिको सार्वजनिक पुस्तकायका गतिविधि सम्बन्धी भएको कार्यक्रमको प्रतिवेदन पनि राखिएको छ।

- **नवौं पुस्तकालय दिवस स्मारिका २०७३**

स्मारिकाको प्रकाशनको निरन्तरता स्वरूप यो वर्ष पनि यादवचन्द्र निरौलालाई स्मारिका प्रकाशन उपसमितिमा संयोजकको जिम्मेवारी दिइएको पाइन्छ। स्मारिकामा तत्कालीन शिक्षा मन्त्री धनिराम पौडेल, शिक्षा राज्यमन्त्री धनमाया वि.क. (खनाल) र निमित्त शिक्षा सचिव डा. डिल्लीराम रिमालको शुभकामना मन्तव्य रहेको छ। स्मारिकामा २१ वटा नेपाली भाषा र ७ वटा अङ्गेजी भाषाका गरी जम्मा २८ वटा लेखरचनाहरू छन्।

भोलाकुमार श्रेष्ठको लेखले नेपालमा स्थापित पुस्तकालयको अवस्थाको बारेमा चित्रण गर्दै पुस्तकालय दिवसका उपलब्धीहरूलाई झल्काएको छ। पुस्तकालय दिवसको सुरुवातको प्रसङ्ग, समेटिएका कार्यक्रम, उपलब्धीहरू, देखापरेका कमीकमजोरी र सुधार गर्नुपर्ने पक्षलाई सूर्य क्षेत्रीको लेखमा उठान गरिएको छ। निमा धिताल (पण्डित) को संघीयतामा पुस्तकालय सेवा सम्बन्धी लेखमा नवौं पुस्तकालय दिवसको आदर्श वाक्यको सार्थकता दर्शाएको पाइन्छ। त्यसैगरी रमेश भुसालले सन्दर्भमा पुस्तकालय दिवसको थालनीसँगै सरोकारवालाहरूमा देखा परेको निष्क्रियता र पुस्तकालय आवाज मासिकको प्रसङ्गलाई जोडेका छन्। सुदीप ढकालको लेखमा नेपालमा पुस्तकालय दिवसको वास्तविकता चित्रण गर्दै नवौं पुस्तकालय दिवससम्मका मुल समारोह समिति संयोजक, सदस्य सचिव र आदर्श वाक्यलाई तालिकीकरण गरिएको छ।

- **दसौं पुस्तकालय दिवस स्मारिका २०७४**

यस वर्षको स्मारिका गीता थापा गिरीको संयोजकत्वमा मुल आयोजन समितिले प्रकाशन गरेको छ। स्मारिकामा तत्कालीन उप-प्रधानमन्त्री तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ, राज्यमन्त्री शेषनाथ अधिकारी, शिक्षा सचिव शान्तबहादुर श्रेष्ठको शुभकामना सन्देश रहेको छ। स्मारिकामा समाविष्ट ३३ वटा लेखरचनामध्ये अङ्ग्रेजी भाषाका १४ र नेपाली भाषाका २५ वटा

रहेका छन् । जसमध्ये पुस्तकालय दिवससँग सम्बन्धित जम्मा पाँचवटा लेखरचनाहरू मात्र रहेका छन् ।

मधुसुदन सुवेदीको लेखको शीर्षक पुस्तकालय दिवस २०७४ भएता पनि प्रसंङ्ग पुस्तकालयको विकास, विस्तार, व्यवस्थापकिय पक्ष आदिमा केन्द्रीत छ। नेपालमा पुस्तकालय दिवस मनाउन लागिएको आधार, अन्य मुलुकमा पुस्तकालय दिवस मनाउने तिथी, दिवसको उद्देश्य र नवौं दिवससम्मका केही गतिविधि जानकी कर्मचार्यको लेखमा समेटिएको छ। त्यसैगरी इन्द्रविलास पौडेलले छ बुदामा पुस्तकालय दिवसको सन्देश दिने प्रयास गरेको पाइन्छ । यादवचन्द्र निरौलाको लेखमा नेपालमा पुस्तकालय दिवस मनाउनुको उद्देश्य, विगतका पुस्तकालय दिवसका गतिविधिलाई संक्षिप्तमा उठान भएको छ । साथै उक्त लेखमा दसौं पुस्तकालय दिवसमा प्रस्तावित मुख्य कार्यक्रमहरू, मुल समारोह र उपसमितिको नामावली, समितिको काम कर्तब्य र अधिकारहरू पनि राखिएको छ ।

- **एघारौं पुस्तकालय दिवस स्मारिका २०७५**

एघारौं पुस्तकालय दिवसको स्मारिकामा पहिलोपटक सम्पादन समुहको नाम उल्लेख गरिएको छ। जसमा यादवचन्द्र निरौला संयोजक र सदस्यहरूमा इन्द्रप्रसाद अधिकारी, डा. अशोक थापा र चन्द्रकिरण श्रेष्ठ रहेको पाइन्छ । स्मारिकामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल, सचिव खगराज बराल, सहसचिव सूर्यप्रसाद गौतमको शुभकामना सन्देश रहेको छ। प्रकाशन समितिको सम्पादकीयसँगै ४४ शीर्षकका लेखहरू प्रकाशन भएका छन् । जसमा नेपाली भाषाका ३६ र अङ्ग्रेजी भाषाका ८ वटा लेखरचनाहरू रहेको पाइन्छ ।

एघारौं पुस्तकालय दिवसको आदर्श वाक्य "समृद्ध पुस्तकालयः सुदृढ समाज" को सार्थकताका लागि समाजमा पुस्तकालको विस्तार र अध्ययन संकृतिको विकास गर्नु पर्नेमा मधुसुदन सुवेदीको जोड रहेको छ। बाबुराम दाहालले पुस्तकालय दिवसका आर्दश वाक्यका साथै पुस्तकालय सम्बन्धी नियम-कानुनहरू उठान गरेको पाइन्छ । पोखरामा पुस्तकालय दिवसको एक दशकको यात्रा र यसका उपलब्धीहरूलाई खिम लामिछाने 'काजी' को लेखमा समेटिएको छ। निमा धितालको लेखमा सभ्य र सुसंस्कृत समाज निर्माणका लागि सुदृढ पुस्तकालयको सान्दर्भिकतामा जोड भएको छ। प्रेमप्रसाद 'फलाहारी' ले संघ, प्रदेश र स्थानीय सरकारलाई सुदृढ समाजका लागि सम्पन्न पुस्तकालयको आवश्यकता बोध गराउने प्रयास भएको छ । त्यसैगरी महेन्द्रप्रसाद अधिकारीले नेपालमा पुस्तकालय दिवसको प्रारम्भ र पुस्तकालयको विकासमा देखापरेका अवरोधहरूलाई समेटेका छन्। गिता थापाले भ्यानकुभर प्रणालीअनुसार तयार गरेको दसौं पुस्तकालय दिवससम्म प्रकाशित सम्पूर्ण लेखरचनाको अनुक्रमणिका/सङ्केत सूची पनि स्मारिकामा प्रकाशन गरिएको छ ।

- **बाह्रौं पुस्तकालय दिवस स्मारिका २०७६**

यस वर्षको स्मारिकाको सम्पादन समुहको संयोजक यादवचन्द्र निरौलाका साथै सदस्यहरूमा लिला न्याईच्याई र प्रविण पौडेल रहेको पाइन्छ। स्मारिकामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल, सचिव महेशप्रसाद दहाल, सहसचिव कृष्णप्रसाद काप्रीको शुभकामना सन्देश र प्रकाशन उपसमितिको सम्पादकीय छ । स्मारिकामा ३१ शीर्षकका नेपाली भाषाका र ७ वटा अङ्ग्रेजी भाषाका लेखहरूका साथै एघारौं पुस्तकालय दिवसका उत्कृष्ट तीन निवन्ध र एघारौं पुस्तकालय दिवसको प्रतिवेदन पनि समावेश छन् ।

बाहौं पुस्तकालय दिवसको आर्दश वाक्य अनुसार अध्ययन संस्कृतिको विकास सम्बन्धी केही लेखहरू रहेका छन्। इन्दिरा दलीको लेखमा बालबालिका मातृभाषा अध्ययनको मोहको अनुभवहरू र पठन संस्कृतिको विकासको बारेमा लेखिएको छ। त्यसैगरी जुजुभाई डंगोलको लेखमा अध्ययन संस्कृतिका विविध आयामहरूका लागि वर्ग र तहअनुसार विद्यार्थीको तथ्याङ्क र स्रोत सामग्रीहरू प्रस्तुत भएको छ। अनिता भण्डारी (पौडेल) र जवाहर लाल खरेलले अध्ययन संस्कृतिको विकासलाई कवितामार्फत् प्रस्तुत गरेको

पाइन्छ। भोलाकुमार श्रेष्ठद्वारा नेपालमा पुस्तकालय दिवसको सुरुवातको सम्झना गर्दै यसले समाजमा ल्याएका सकारात्मक पक्षहरू उठान भएको छ। त्यसैगरी धनकुमार श्रेष्ठले पठन संस्कृतिको प्रवर्द्धनमा भएका केही सफल प्रयास र आगामी योजनाहरूमा उल्लेख गरेको देखिन्छ। पठन संस्कृतिको विकासमा प्रयोग भइरहेका खुला डिजिटल सामग्रीहरूको उदाहरण र पछिल्लो समय ई-लाइब्रेरी प्रति बढ्दो आकर्षण जगदीश चन्द्र अर्याल र खिम लामिछाने काजिको लेखमा पाइन्छ। निमा धिताल (पण्डित) को लेखमा वालबालिकालाई सानै देखि अध्ययन गर्ने बानी वसाल्नु पर्ने प्रसङ्ग उल्लेख भएको छ। समाजमा अध्ययन संस्कृतिको विकासमा प्रदेश पुस्तकालय आवश्यकता र महत्त्व यादवचन्द्र निरौलाको लेखमा पाउन सकिन्छ। समिरा राजभण्डारीले बालबालिकामा आधुनिक प्रविधिअनुसार अध्ययन संस्कृतिको विकासका लागि Let's Read डिजिटल पुस्तकालयको प्रभावकारीता प्रस्तुत गरेको पाइन्छ।

- **तेह्रौं पुस्तकालय दिवस स्मारिका २०७७**

तेह्रौं पुस्तकालय दिवसको स्मारिकाको सम्पादन समूहमा संयोजक यादवचन्द्र निरौला र सदस्यहरूमा इन्द्रप्रसाद अधिकारी, राजेन्द्र न्यौपाने, चन्द्रकिरण श्रेष्ठ र प्रविण पौडेल रहनु भएको छ। स्मारिकामा तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेल, सचिव डा. सजय शर्माको शुभकामना सन्देश रहेको छ। स्मारिकामा ३४ नेपाली भाषा र १४ अङ्ग्रेजी भाषाका गरी जम्मा ४८ वटा लेखरचना रहेका छन्। यो वर्षको स्मारिकामा कोरोना महामारीले पुस्तकालयमा परेको प्रभाव र डिजिटल पुस्तकालयको आवश्यकता सम्बन्धी लेखहरूले प्राथमिकता पाएका छन्।

पुस्तकालय दिवससम्बन्धी लेखहरूमा विजय शर्माको नेपालमा पुस्तकालय दिवसको सुरुवात, यसका उपलब्धीहरू र समाजमा दिएको सन्देशमा केन्द्रीत रहेको छ। त्यसैगरी त्रि.वि.मा बाह्रौं पुस्तकालय दिवसमा भएका गतिविधि बारे विजय शर्माको संस्करण पनि पढ्न पाइन्छ। पुस्तकालय दिवसको आदर्श वाक्यमा केन्द्रीत रहेर निमा धिताल (पण्डित) ले समाज रूपान्तरणको लागि पुस्तकालयको भूमिमा उल्लेख गरेको पाइन्छ। यो वर्षको स्मारिकामा यादवचन्द्र निरौलाले हालसम्मका पुस्तकालय दिवसका अवसरमा सम्मानीत व्यक्ति तथा संस्थाहरूको सिंहावलोकन गर्ने प्रयास गर्नु भएको छ। सामाजिक संजालमा समय समयमा आएका पुस्तक र पुस्तकालय सम्बन्धी गतिविधि लागि जुजुभाई डंगोलद्धारा लिपिवद्ध भएको छ।

**स्मारिकाको समीक्षात्मक पक्ष**

स्मारिकामा सङ्ख्यात्मक रूपमा लेखरचनाहरू सङ्ख्या बढ्दै गएता पनि पुस्तकालय दिवस र आदर्श वाक्य केन्द्रीत लेखरचनाहरू बढेको देखिदैन्। त्यसैगरी स्मारिकामा लेखरचनाको व्यवस्थापन पक्ष पनि कमजोर रहेको देखिन्छ। पुस्तकालय क्षेत्रका विविध विषयहरू समावेश भएता पनि विषयवस्तुका आधारमा विभाजन गरिएको छैन। कतिपय स्मारिकामा अङ्ग्रेजी र नेपाली भाषाका लेखरचनाहरू पनि एकै ठाउँमा राखिएको छ। यद्यपि स्मारिकालाई अझै सान्दर्भिक बनाउनका लागि तीन खण्डमा विभाजन गरी प्रकाशन गर्दा उपयुक्त हुन्ने देखिन्छ। पहिलो खण्डमा पुस्तकालय दिवस र यससँग सम्बन्धित लेखरचनाहरू समावेश गर्ने। दोस्रो खण्डमा देशका अन्य पुस्तकायलका लागि अनुसरणयोग्य हुने खालका पुस्तकालय केन्द्रीत लेखरचनाहरू समावेश गर्ने। साथै अन्तिम खण्डमा पुस्तकालय दिवसको प्रस्तावना, मूल समारोह समिति, उपसमितिहरूको सूची, तयारी बैठकका निर्णयहरू र गत वर्षको दिवसका गतिविधि समावेश गर्न सकिन्छ। जुन गतिविधि स्मारिकामा लिपिबद्ध गरेर राख्न सकियो भने भविष्यका लागि इतिहास सुरक्षित हुन्छ। त्यसैगरी लेखमा शब्द सीमा, भाषिक शुद्धता, लेखमा तथ्य र तथ्याङ्कमाको विविधता, एउटै संस्थाका गतिविधिको निरन्तरता आदि स्मारिकाको समिक्षाको विषय रहेको छ।

**अन्त्यमा**

ब्रोसरबाट सुरुभएको नेपालको पुस्तकालय दिवसको प्रकाशनको यात्रा स्मारिकासम्म पुगेको छ। स्मारिकामा

१५/२० वटा सिर्जना पुऱ्याउन धौ धौ परेको अवस्थाबाट लगभग चार दर्जन लेखरचनाहरू प्रकाशन हुने अवस्थामा पुगेको छ। जसले नेपालमा पुस्तकालय साहित्यको विकासमा विशेष योगदान पुग्नेमा विश्वास गर्न सकिन्छ। स्मारिकामा समसामयिक लेखरचनाहरू सङ्कलन गरेर प्रकाशन गर्ने गरिएको पाइन्छ। प्रकाशनको निरन्तरताले नेपालका पुस्तकालयहरूको वस्तुस्थित, सफलता, समस्या तथा चुनौति प्रस्फुटन भएका छन्। जसबाट सम्वद्ध निकायलाई भावी रणनीतिहरू निर्माणमा सहयोगसिद्ध हुन सक्छ। नेपालको पुस्तकालय दिवसको लेखाजोखा र अभिलेख सङ्कलनले अध्ययन, अनुसन्धानकर्ताका लागि इँटा थप्ने काम गरेको अनुभुति गराउँछ। आगामी दिनमा थप सुधारका साथ स्मारिका प्रकाशनको निरन्तरताको शुभकामना। जय पुस्तकालय दिवस ❧

# कोरोना कहर अनि पुस्तकालय दिवस



✍ **पुजन आचार्य**
कार्यालय सहायक
मेची बहुमुखी क्याम्पस, भद्रपुर झापा ।

हरेक वर्ष भदौ १५ गते नेपालमा राष्ट्रिय पुस्तकालय दिवस विभिन्न कार्यक्रम गरी मनाउने गरिन्छ। नेपालमा १८६९ भदौ १५ गतेबाट औपचारिक रूपमा पुस्तकालय स्थापना गरी सेवा प्रारम्भ भएको हो। सो दिनलाई ऐतिहासिक उपलब्धिको रूपमा स्मरण गरिन्छ। पुस्तकालयका क्षेत्रमा भएका गतिविधि एवम् पुस्तकालयको आवश्यकताबारे जानकारी गराउने उद्देश्यका साथ नेपालमा २०६५ भदौ १५ गतेदेखि पुस्तकालय दिवस मनाउन थालिएको हो ।

नेपालमा विधिवतरूपमा पुस्तकालय दिवस मनाउन थालेको १३ वर्ष पूरा भएको छ। पछिल्लो समय त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससँगै विभिन्न पुस्तकालयले १५ भदौलाई उत्सवका रूपमा लिन थालेका छन्। शिक्षित नागरिक र समृद्ध राष्ट्र निर्माणका लागि संस्थागत रूपमा पुस्तकालय स्थापना गरिएको पाइन्छ। पुस्तकालय दिवसलाई ज्ञानको ज्योति छर्ने दिनको रूपमा लिने गरिएको छ। यसलाई केवल नारामा सीमित नगरी पाठक, शिक्षक, विद्यार्थी लेखक लगायत आमनागरिकले आदरपूर्वक सम्झने दिनका रूपमा स्थापित गराउनु पर्दछ।

पुस्तकालय ज्ञानको भण्डार पनि हो। पुस्तकालयबाट हामी हरेक किसिमको ज्ञान पाउन सक्छौँ । त्यसैले पनि यो दिवसको महत्त्व बढेको छ। पढाई मानव जीवनको महत्त्वपूर्ण कुरा हो। जसले जीवन परिवर्तन गर्न सक्दछ। किताब विनाको जीवन निरर्थक हुन्छ। जुसले ढुङ्गे युगको स्मरण गराउँछ। आज समाजमा सामाजिक, सांस्कृतिक, प्राविधिक जति पनि विकास भएका छन्- त्यसमा पुस्तकको ठूलो हात छ, हाम्रो समाजमा अझै पनि धेरै व्यक्तिले पुस्तकको अनुहार पनि देखेका छैनन्, यस सन्दर्भमा पुस्तकालय दिवसको लक्ष्य हरेक व्यक्तिको हातमा पुस्तक हुनु र त्यसको महत्त्व बुझाउनु हो ।

'पुस्तक' र 'आलय' मिलेर पुस्तकालय शब्दको निर्माण भएको छ। पुस्तकालय भनेको पुस्तकको भण्डार हो भन्न सकिन्छ। हामीले पुस्तकालयमा विभिन्न किताबहरू पाउन सक्छौँ, कतिपय मानिले घरमै पुस्तकालय बनाएका हुन्छन्। आज मानिसहरू समयलाई उपयुक्त तरिकाले उपयोग गर्नका लागि किताबहरू पढ्ने गर्दछन्। पुस्तकालयको धेरै महत्त्व रहेको छ। पुस्तकालय ज्ञानको सागर हो। हामीले यसमा रहेको अर्थपूर्ण ज्ञानलाई मनले धारण गर्न सक्यौँ भने लक्ष्य प्राप्ति गर्न सक्छौँ। यसले हाम्रो मानसिक विकासमा साथ दिन्छ। पुस्तकालयको महत्त्व मानिसका लागि समयझैं महत्त्वपूर्ण हुन्छ।

नेपालमा स्थापना भएको पहिलो कलेज हो- त्रिचन्द्र कलेज। जसको स्थापना सन् १९१८ मा भएको थियो। यसको मुख्य उद्देश्य भनेको राणा परिवारलाई अंग्रेजी शिक्षा दिनु थियो। त्यस बखतसम्ममा केही विद्यालयहरू स्थापना भए पनि विश्वविद्यालय शिक्षाको प्रणाली र पद्धतिको विकास भइसकेको थिएन। सन् १९३० मा महाकवि लक्ष्मीप्रसाद देवकोटासहितको समूहले सरस्वती सदन नामको सार्वजनिक पुस्तकालय

स्थापनाको अनुमति मागेर सरकारमा निवेदन गरे। तर, राणा शासकहरूले उनीहरूलाई कारबाही गऱ्यो। समय क्रमसँगै राणा र पञ्चायती शासनको पतन भयो र बहुदलीय व्यवस्था आयो। बहुदलीय व्यवस्थासँगै शिक्षाको क्षेत्रमा नयाँ लहर आयो र विभिन्न स्थानमा पुस्तकालयको स्थापना भयो।

सन् १९५० देखि १९६० को बीचमा विभिन्न स्थानमा सार्वजनिक पुस्तकालयहरू स्थापना भए। सन् १९६० मा निरंकुश राजतन्त्रको सुरुवातसँगै सामुदायिक पुस्तकालयहरूलाई निरुत्साहित गरियो। सन् १९९० मा निरंकुश राजतन्त्रको अन्त्यसँगै पुनः सामुदायिक पुस्तकालयहरूले गति लिन थाले। यद्यपि, नेपालमा हालसम्म पनि पुस्तकालयसम्बन्धी आवश्यक नीति-नियम नभएकाले देशभर कति सामुदायिक तथा सार्वजनिक पुस्तकालय सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक छैन। नेपालका अधिकांश पुस्तकालय नियम, पद्धतिको अभाव, तालिम प्राप्त जनशक्तिको अभाव लगायतका समस्याबाट गुज्रिरहेका छन्। थोरैमात्र पुस्तकालयले आवश्यक सेवा-सुविधा उपलब्ध गराउन सकेका छन्।

नेपालमा शैक्षिक पुस्तकालयको इतिहास केलाउँदा नेपालकै ठूलो पुस्तकालयको रूपमा परिचित त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको बारेमा पनि चर्चा गरिनु आवश्यक छ। यो पुस्तकालयको स्थापना सन् १९५९ मा भएको हो। करिब १२०० पुस्तकबाट सुरु भएको यो पुस्तकालयमा हाल करिब चार लाखभन्दा बढी पुस्तक छन् भने त्रि.वि.का आंगिक क्याम्पसहरूमा १ लाखसम्म पुस्तकहरू भएका पुस्तकालयहरू छन्। जसले विश्वविद्यालयका प्राध्यापक, शिक्षक, विद्यार्थी, कर्मचारी र शिक्षामा रुचि राख्ने सबैलाई सेवा प्रदान गर्दै आएको छ। शैक्षिक गुणस्तरमा अन्तर्राष्ट्रिय क्षेत्रसँग प्रतिस्पर्धा गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ समयको माग अनुसार त्रिविले पुस्तकालयलाई डिजिटाइजेसन समेत गरेको छ। सूचना र प्रविधिमा भएको तीव्र विकाससँगै त्रिविले केन्द्रीय पुस्तकालय लगायत आंगिक क्याम्पसमा समेत ई-पुस्तकालय सञ्चालनमा ल्याएको छ। एक शिक्षा केन्द्रित निःशुल्क खुल्ला डिजिटल पुस्तकालय हो, ई-पुस्तकालय। यसले हजारौँ पुस्तकहरू, शैक्षिक भिडियोहरू, अडियो पुस्तक, सन्दर्भ सामग्री र अन्तरक्रियात्मक अध्ययन सफ्टवेयर समावेश गर्दछ। त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा रहेको मेची बहुमुखी क्याम्पसले पनि वि.सं. २०६७ बाट ई-पुस्तकालय सञ्चालनमा ल्याएको छ। जसअनुसार जोस्टर र प्रोजेक्ट म्युज ईरीसोर्स खरिद गरी सेवा प्रदान गरिरहेको छ। इन्टरनेटको माध्यमबाट क्याम्पसले भित्र्याएका हरेक शैक्षिक कार्यक्रमहरूसँग मेल खाने गरी बजारमा उपलब्ध नभएका तर इन्टरनेटको माध्यमबाट पढ्न सकिने प्रविधिलाई अनुशरण गर्नका लागि नेलिकको सदस्यता लिएसँगै त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा भएका फ्रि वेशका अनलाइन रिसोर्सहरू बाहेक गत आर्थिक वर्षबाट जोष्टर र प्रोजेक्ट म्यूजको ईरिसोर्स खरिद गरी सेवा प्रदान गरिरहेको छ। जसको माध्यमबाट अन्तर्राष्ट्रियस्तरमा रहेका त्रिवि केन्द्रीय पुस्तकालयमा भएका फ्रि वेशका अनलाइन रिसोर्सहरू बाहेक मेची बहुमुखी क्याम्पसको ई-पुस्तकालयमा पाउन सकिने व्यवस्था गरेको भए पनि पठन शैलीको विकासका लागि अझै जनचेतना जगाउनु पर्ने अनुभूति भएको छ। यसले खोजमूलक शिक्षाको कमी भएको प्रष्ट गराउँदछ।

हाल आएर कोरोना सङ्क्रमणको प्रभावका कारण सार्वजनिक पुस्तकालयमा वसेर पढ्ने पाठकलाई भौतिकरूपमा पठनपाठन गर्न र आफ्नो रुची अनुसारको कुनै पनि पुस्तक पढ्न नपाएको अवस्थामा त्रि.वि.का आंगिक क्याम्पसहरूमा भने प्रोक्वेष्ट र रिमोटटेक्सको माध्यमबाट मलमपट्टी लाउने काम भएको छ। तर इन्टरनेटको पहुँच नहुँदा यो सेवा लिनबाट पनि वञ्चित नै हुनुपर्छ। यस समयमा अनलाईन शिक्षालाई विकास गर्न सक्ने संभावना र अवसरहरू पर्याप्त छन्। त्यसैले कोरोना सङ्क्रमणको विभिन्न लहरसंगै शैक्षिक संस्थाहरूले आफ्नो अनलाइन शिक्षाको मोडल विकास गरी लागू गरिसकेका छन्। कोरोना प्रकोपको यो सङ्कटपूर्ण समयमा पनि शैक्षिक संस्थाले आफ्ना शिक्षकहरूलाई सिकाउने र विद्यार्थीहरूलाई अनलाईन

शिक्षा प्रदान गर्न जरुरी भई त्यसको प्रयोग नै भैसकेको छ जसले मानिसहरूलाई शिक्षाप्रदायक प्रविधि प्रयोग गर्न र यसका फलदायी पक्षको नतिजा हेर्न प्रेरित गर्ने छ। साथै यो प्रविधिले आश्चार्यजनक आविष्कारहरू र विविधतापूर्ण डिजिटल विकासमा फड्को मारेको छ। अझ यसको प्रभावकारी प्रयोग ल्याउन मुख्यत तिनवटा चुनौतीलाई अवसरमा परविर्तन गर्नुपर्ने देखिन्छ१. इन्टर नेटमा पहुँच २.सहि प्रविधि र ३. सो प्रविधि प्रयोगका लागि सीप र तालिमहरू प्रदान गर्ने। यति भयो भने कुशल नीति, पब्लिक प्राईवेट पार्टनरसीप, जनविश्वास र सरोकारवालाको इमान्दारीपूर्ण सहयोग भयो भने नेपालजस्तो एउटा सानो मुलुकले पनि विश्वलाई शिक्षामा एउटा नमुना पेश गर्न सक्छ। कोरोनाको लहरलाई हेर्ने हो भने यी जटिल चुनौतीलाई सामना गरेर अगाडि बढ्नु बाहेक हामीमा विकल्प छैन।

त्यसैले चौधौं पुस्तकालय दिवसको उपलक्ष्यमा पुस्तकालयमा बसेर पढ्ने वातावरण कोरोनाले दिएन तर आफ्नो घरमा बसेर पढ्ने बानीको विकाससँगै हामी सबैको प्राज्ञिक उन्नयन होस् शुभकामना !

# पुस्तकालय परिक्रमा



✍ **तोयाराज घिमिरे**
सुहृद् पुस्तकालय, जनकपुर ।

यसै वर्षको कुरा हो गत वर्ष झैँ कोरोनाले अत्यधिक असर पारेपछि अरु देशमा जस्तै नेपालमा पनि सरकारले दक्षिणी, उत्तरी नाका सील गऱ्यो । यातायात, पसल, विश्वविद्यालय, विद्यालय अर्को सूचना नभएसम्मका लागि बन्द गऱ्यो । रेस्टुरेण्ट, होटेल, पार्टी प्यालेस, सिनेमा घर, पुस्तकालय सबै यसको चपेटामा परे । राजधानीलगायत शहरका बाटाघाटा एवम् सुनसान देखिन थाले । गाउँ फर्किनेको लर्को लाग्यो । हेर्दाहेर्दै प्रमुख राजमार्गहरूमा अत्यावश्यक सामान बोकेका गाडी र एम्वुलेन्समात्र दौडिन थाले । बिहानदेखि घर बाहिर निस्किएर राति अबेर फर्किने म र म जस्ता कयौँको दिनचर्या घरको चार कुनामामात्र सीमित भयो । समय छैन भन्नेहरू के गरी समय बिताउने भनेर सोध्न थाले । समय नपाएर आराम गर्न पाइएन भन्नेहरू आराम गर्दागर्दा थकाई लाग्यो भन्न थाले ।

केही दिन त परिवारका साथ राम्रै लागिरहेको थियो तर समयको सदुपयोग कसरी गर्ने भन्नेतर्फ चासो लाग्यो । घर बाहिर निस्केर छरछिमेकमा भलाकुसारी गर्नमा पनि डर थियो अनि मैले यदाकदामात्र खोल्ने गरेको अध्ययन कक्ष जहाँ किनेर ल्याएका वा कसैले उपहारमा दिएका किताब राख्ने गरेको थिएँ त्यो कोठा खोलेँ । धेरै दिनपछि खोलेको कोठा माकुराको जालो, धमिराको प्रकोप झेल्दै झ्याल ढोका खोलेर कोठालाई उज्यालो बनाएँ ।

नयाँ किताब किन्ने मेरो बानी छ । जुन शहर गएपनि पुस्तक पसल छिर्ने र मन लागेका किताब किनिहाल्थैं । त्यसो त पुर्ख्यौली किताब पनि अलिअलि छँदै थिए । किताब किनेर ल्याउने तर फुर्सदअनुसार कुनै आधा कुनै दुईचार पाना पढ्दै थन्क्याउँदै गरेको महिनौ भईसकेको थियो । उपहारमा दिएका किताबहरू नम्बरिङ गर्न समेत भ्याएको थिइन ।

पहिले पहिले किताबहरू कपडामा पोको पारेर राख्ने चलन थियो । पाँच, सात पोका त्यस्ता किताबका लागि मैले पनि नयाँ व्यवस्था गर्न सकेको थिइन । पोकाहरू खोल्दै गएँ र कालिदासले, पाणिनिले किताब छोएजस्तै किताबको नाम र किताबको जीर्णावस्था हेर्दै गएँ । जति किताब छोयो त्यति धुलो उड्थ्यो ।

पहिलो किताब उठाएको त **ऋग्वेद** रहेछ । ऋग्वेदलाई किताब मध्येको जेठो मानिन्छ । पढेर, बुझेर साध्य थिएन । पाना पल्टाउँदै गएँ । वाल्मीकि **रामायण**, व्यासको **महाभारत**, अठार पुराणमध्ये पनि आधाआधि पुराण रहेछन् । **श्रीमद् भगवद् गीता**, **विष्णुसहस्र नाम**, **कोमल गीता** अनि **उपनिषद्**को त सङ्ग्रह नै रहेछ । स्तोत्रहरू हरेक साल पढ्ने गरिएको **स्वस्थानी**, नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको **रामायण** आदि । भानुभक्त रचित रामायणको धेरै नआए पनि "एक् दिन् नारद सत्यलोक् पुगिगया लोकको गरौं हित् भनी" पहिलो श्लोक त अझै पनि याद रहेछ । त्यही भिडभाडमा अन्य विधाका किताब पनि मिसमास भएका रहेछन् त्यसलाई पनि अलग गरेँ ।

मेरो रुचि इतिहास र साहित्यतिर धेरै छ । एउटा पुरानो बाकसतिर ध्यान गयो । त्यसमा इतिहाससँग जोडिएका किताब रहेछन् । **दिव्योपदेश**मा नजर गयो । **जङ्गबहादुरको वेलाईत यात्रा, त्यस बखतको नेपाल, मैले**

**देखेको नेपाल** आदि । **हाम्रो समाज एक अध्ययन**का पाना पल्टाएँ, **बदलिँदो नेपाली समाज**का पाना पल्टाएँ, केही कक्षागत किताबहरू पनि रहेछन् । अरू किताब यथावत् राखिदिएर म जङ्गबहादुरको बेलायत **यात्रा**मा केद्रित भएँ । किन हो जङ्गबहादुरले बेलायत यात्रामा पाएको मान सम्मान गर्विलो लाग्छ । धुलोमैलो हटाएर फेरि एकपल्ट ऐतिहासिक पुस्तकहरूको नवीकरण गरेँ ।

नयाँ चमक, झमक गाता भएका किताबहरूले ध्यान आकृष्ट गऱ्यो । आधुनिक युगका किताबहरूको आवरण साजसज्जा नै फरक छ । मोटो किताब पनि हलुको लाग्छ । केही आत्मकथाका किताबहरू गतवर्ष ल्याएको थिएँ । **ओलोम्पियन**, **विनोद चौधरी**, **अन्तर्मनको यात्रा**, **मेरा कथाका पानाहरू**, **चिनाहराएको मान्छे**, **जीवन काँडा कि फूल** इत्यादि । यीमध्ये चिना हराएको मान्छे फेरि एकपटक पढ्ने निधो गरेर अन्य किताब राखिदिएँ । नेपाली समाजमा चिनाको ठूलो महत्त्व छ । यसोउसो गऱ्यो चिना (जन्म-पत्रिका) खोज्ने चलन छ । मेरो त दुर्भाग्य जन्ममिति, तिथि, समय नै हराएको छ । चिनाको के कुरा ? झमक्क साँझ परेछ । मनु संहिताको केहीबेर पहिले पढेको श्लोक सम्झिएँ -

चत्वारि खलु कार्याणि सन्ध्याकाले विवर्जयेत् ।<br>
आहारं मैथुनं निन्द्रां स्वाध्यायञ्च चतुर्थकम् ॥

सन्ध्याकालमा भोजन गर्नु गर्नु हुँदैन । सहवास (मैथुन) निषेध छ । सन्ध्याकालमा शयन गर्नु हुँदैन अनि अध्ययन पनि गर्नु हुँदैन । त्यही सोंचेर बाँकि किताबको अध्ययन, अवलोकन भोलिपल्ट गर्ने अठोट लिँदै गृह पुस्तकालयको ढोका लगाएँ ।

भोलिपल्ट पनि त्यही कोठा खोलेँ । जो पहिले कहिलेकाहीँमात्र खुल्थ्यो । सरस्वती पूजाको दिन चैँ अनिवार्य खुल्थ्यो तर आज पनि मलाई सरस्वती पूजाभन्दा कम लागिराखेको थिएन । सायद मैले पढेर एकै ठाउँमा राखेजस्तो पारिजातको **बैंसको मान्छे**,अमर न्यौपानेको **सेतो धरती**, कृष्ण धरावासीको **राधा** र माधव घिमिरेको **गौरी** । गौरी खण्डकाव्य हातमा लिँदा पत्याउनुस् वा नपत्याउनुस् मेरो आँखामा आँसु आउँछ-

यी रोए पनि दुःख लाग्छ यिनले सम्झे कि आमा भनी<br>
यी हाँसे पनि सुख छैन यिनले बिर्से नि आमा भनी<br>
को हेर्ला अब हर्ष साथ यिनले हुर्केर खेले पनि<br>
फाटी मर्नु छ पीर लाग्छ यिनले फुर्की नखेले पनि ।

केहीबेर म भाव विह्वल भएँ । बाक्सामाथि राखिएको यी किताबको व्यवस्थापनपछि बाक्साभित्रका किताब हेर्न थालेँ । विजय मल्लको **अनुराधा**, लैनसिङ वाङ्देलको **मुलुक बाहिर** । पारिजातको **शिरिषको फूल**, मदनमणि दिक्षितको **माधवी**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** म यहाँ टक्क रोकिएँ । जब टेलि सिरियलको रूपमा टेलिभिजनको पर्दामा यो आयो म नछुटाइ हेर्थें । अर्को किताब जुन कथामा नेपाली सिनेमा बन्यो **बसन्ती** । जुन मैले सिनेमा हलमा गएर हेरेँ । **प्रेमपिण्ड** जो सिनेमा बनेर आएपछि हलमा गएर हेरेको थिएँ । **मुनामदन** जो सबैभन्दा धेरैचोटि पढेको थिएँ र पछि पर्दामा पनि गएर हेर्न पाएँ ।

जब लेखकको कृतिले यस प्रकारको सफलता पाउँछ मलाई धेरै खुशी लाग्छ । म रोमाञ्चित हुन्छु । यसै अबस्थामा विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्रदाई** उपन्यास हातमा पऱ्यो । सरुभक्तको **पागलवस्ती** र नारायण वाग्लेको **पल्पसा क्याफे**मा रमाइरहेकै बेला गोपालप्रसाद रिमालको **आमाको सपना**, लेखनाथ पौडेलको **तरुणतपसी** जुन कृति मैले धेरैचोटि पढेको थिएँ –

शिकारीको झम्टा तन बिच परेथ्यो जब अनि<br>
चरी बोल्यो चीँ चीँ गरिकन कठै ! व्याकुल बनी<br>
म मर्ने बेला भो तर मनुज तिम्रो मनुजता<br>
कता भाग्यो तेस्को भरसक बुझे है तिमी पता ॥

शरीरमा एक प्रकारको कारुणिकता सञ्चार भईरहेका बेला दिनेश अधिकारीको **अतिरिक्त अभिलेख** र श्रवण मुकारुङको **बिसे नगर्चीको ब्यान** पनि सरसर्ती हेर्न भ्याएँ । मध्याह्नको घाम कोठाभित्र छिरेको थियो । कोठाको ऐनामा राजलाल जोशीको **ऐना** देखा पऱ्यो । छेउमै श्वेतभैरवी पनि टल्कियो । **अन्धवेग** रोकिएन सोंचेँ **कोही किन बर्वाद होस्** । दराजको माथिल्लो भागमा कर्ण शाक्यको **सोंच**, नयनराज पाण्डेको **यार**

अनि धच गोतामेको **उत्तरोत्तर** भोलि दिनभरिको खुराक ठानेर निकालेँ ।

**मलाला, ली क्वान यु, लज्जा, दी सिक्रेट** पनि दोहोऱ्याउने बेला भएको छ । एउटी आमाले सन्तानको निम्ति चुनौति कसरी पार गर्छिन् ? थाहा पाउन मैले म्याक्सिम गोर्कीको **मदर** पढ्नै पर्छ । गाउँठाउँको कथा बुझ्न **द गुड अर्थ** पढ्नै पर्छ । विदेश गएर पैसा कमाउने रहर बोकेका युवाहरूको कथा बुझ्न **खबुज** मलयालम उपन्यासको नेपाली अनुवाद पढ्नै पर्छ । किन मलाई यस्तो लाग्छ संसारभरिका लेखकहरू मलाई नै हेरेर लेख्छन् । मेरै लागि लेख्छन् ।

शेक्सिपयरको **ह्यामलेट**, टोल्सस्टोयको **युद्ध र शान्ति** सिग्मण्ड फ्रायडको **दि इन्टरप्रिटेशन अफ ड्रिम्स** कसलाई पढ्न मन लाग्दैन र ? अझ महात्मा गान्धीको **सत्य के प्रयोग** जो धेरै बिक्ने किताबमध्ये पर्दछ । भारतीय लेखक अमीष त्रिपाठीको **सीता वारियर अफ मिथिला** जसलाई उर्मिला गुप्ताद्वारा हिन्दीमा अनुवाद गरिएको छ **सीता मिथिलाके योद्धा** त्यसलाई नेपालीमा पनि अनुवाद गर्नु जरुरी छ । सीता, भृकुटी जस्ता पात्रहरूले अन्तर्राष्ट्रिय सम्बन्ध जोडिएका छन् ।

मैले चाहेर पनि पढ्न नपाएको किताब हुन् – **द बे सम बुक** यो किताब अमेरिकी व्यापारी डेविट रुवेस्टियनले महङ्गो दाम दिएर किनेका थिए । ३४० पृष्ठको यो किताब धेरैचोटि पुनःप्रकाशन भएको छ ।

अझ एउटा किताबको सम्झना आयो **ए प्रामिस्ड लैंड** जुन अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओवामाले लेखेका हुन् । यो किताब पनि धेरै बिक्ने किताबहरू मध्ये पर्दो रहेछ ।

यति धेरै किताबको सम्झना गर्दा कोरोनाको कहरले निम्त्याएको विनाशको समयभित्र मैले लेखेको 'खरानी' खण्डकाव्य छिट्टै प्रकाशन गर्नु पर्छ भनेर उत्साहित हुँदै छु :-

झिकेर बन्दूक विसाउनै छ
शरीर मैलो नि नुहाउनै छ
निशब्दको रात निदाउनै छ
नयाँ विहानी बिउँताउनै छ ॥
सँगै लडेको इतिहास खण्ड
निकाल पीडा गर अंशबण्ड
सधैँसधैँको गर युद्ध बन्द
बसेर लेख्दैछु म विश्व खण्ड ॥

मेरो मनको पुस्तकालयभित्रका, होम लाईब्रेरीभित्रका उकुस मुकुस भावनालाई यसरी नै प्रस्तुत गरेँ ।

# कोभिड महामारीको पाठ : निर्विकल्प डिजिटल पुस्तकालय



✍ **गोमा लुइटेल**
लाईब्रेरियन
काठमाडौं मोडेल कलेज ।

यति बेला कोभिड-१९ को सन्त्रास नभएको भए हामी आफ्नै गतिमा डिजिटल युगमा प्रवेश गरिरहेका हुने थियौं । हाम्रो डिजिटल युगमा प्रवेश गर्ने कछुवा गतिलाई कोभिडले खरायोको गति बनाइदियो । कोरोनाकालका अनगन्ती नराम्रा पक्ष भए । तर यसबिचमा एउटा राम्रो पक्ष पनि भयो– अन्य क्षेत्रमा जस्तै पुस्तकालय क्षेत्रमा हाम्रो काम गर्ने शैलीमा परिवर्तन ल्याइदियो ।

आजको यस्तो विषम परिस्थिति हुँदैनथ्यो भने हामी पुस्तकालयकर्मीहरू भौतिक पुस्तकालयको व्यवस्थापन र पाठकलाई सेवा दिनमा व्यस्त हुन्थ्यौं । डिजिटल पुस्तकालय निर्माणमा खासै चासो राख्दैनथ्यौं । सायद चासो राख्ने समय पनि त्यति हुन्नथ्यो । तर कोरोना महामारीले भौतिक पुस्तकालयमा काम गर्ने सबै पुस्तकालयकर्मीलाई फुसर्दिलो बनाइदियो । र सेवा प्रदान गर्ने अन्य बाटो खोज्न सोंचमग्न बनायो । त्यसैको परिणाम होला, डिजिटल पुस्तकालयतर्फ पुस्तकालयकर्मीहरूको निकै चासो बढेको छ ।

कोरोना महामारीको पहिलो लहरले शैक्षिक क्षेत्र अस्तव्यस्त बनायो । दोस्रो लहरले त्यसमा अझ नुनचुक थपिदियो । यसले विद्यालय मात्र होइन, विश्वविद्यालयका विभिन्न तहमा अध्ययनरत विद्यार्थीको भविष्य अन्योलमा पारिदियो । प्रायः विश्वविद्यालय तथा क्याम्पसले अनलाईन कक्षामार्फत् शैक्षिक सत्र अगाडि बढाए पनि विश्वविद्यालयले परीक्षा लिन नसक्दा विद्यार्थीहरू चिन्तित भएका छन्, जुन स्वभाविक पनि हो । परीक्षा नभए पनि विश्वविद्यालय तथा क्याम्पसहरूको अनलाईन कक्षा भने जारी छ । तर पाठ्यपुस्तकको अभावमा अनलाईन कक्षा त्यति प्रभावकारी बन्न सकिरहेको देखिँदैन ।

पहिलो चरणको कोरोना महामारीको समयमा म आफ्नो पुस्तकालय तथा सूचना विज्ञान विषय अध्ययन पूरा गर्ने क्रममा शोधपत्र तयार गर्दै थिए । त्यति बेला मैले पनि अध्ययन सामग्रीको अभाव महसुस गरेकी थिएँ । त्यति बेलादेखि नै मेरो मनमा डिजिटल पुस्तकालयको धारणा उब्जिएको थियो । त्यसै क्रममा मैले पुस्तकालय तथा सूचना विज्ञान विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरिसक्ने बित्तिकै काठमाडौं मोडेल कलेज, बागबजारमा काम गर्ने अवसर पाएँ । साथै, मैले त्यहाँ मेरो मानसपटलमा आएको डिजिटल पुस्तकालयका धारणालाई मूर्त रूप दिन डिजिटल पुस्तकालय क्षेत्रमा काम गरिहनुभएका अनभुवी तथा अग्रज पुष्पराज सुवेदीसँग सहकार्य गरेर काम गर्ने अवसर प्राप्त भयो । व्यावसायिक पुस्तकालयकर्मीको अभावमा वर्षौंदेखि अस्तव्यस्त काठमाडौं मोडेल कलेजको पुस्तकालय व्यवस्थित गर्न र डिजिटल पुस्तकालय निर्माणमा हामी जुट्यौं ।

कोरोना महामारीको दोस्रो लहर शुरु भएर फेरि लकडाउन गर्ने सरकारको निर्णय भएसँगै हामीले लकडाउनमा पनि विद्यार्थीहरूलाई पुस्तकालय सेवा निरन्तर उपलब्ध गराउने उद्देश्यसाथ बढीभन्दा बढी समय खर्चिएर धेरै मिहिनेतसाथ थोरै समयमा डिजिटल पुस्तकालय निर्माण गरी विद्यार्थीहरूलाई पुस्तकालय

सेवा प्रदान गर्‍यौं । काठमाडौं मोडल कलेजमा अध्ययन अध्यापन हुने स्नातक र स्नात्तकोत्तर तहका विषयको पाठ्यक्रमअनुसारका ई-बुक डिजिटल पुस्तकालयमा सङ्कलन गरी सबै विद्यार्थीलाई डिजिटल पुस्तकालको लगइन एक्सेस उपलब्ध गरायौं । फलस्वरूप अहिले विद्यार्थीहरूले घरैबाट पुस्तकालय सेवा पाइरहेका छन् ।

स्नातक तथा स्नात्तकोत्तर तहमा अध्ययनरत सबै विद्यार्थीको अनलाईन कक्षा सञ्चालन भईरहेको अबस्थामा विद्यार्थीहरूले घरबाटै पुस्तकालय सेवा पाउँदा बिबिए तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थी स्नेहा पाण्डे आफ्नो खुसी यसरी व्यक्त गर्छिन्, 'हामीले भौतिक पुस्तकालयमार्फत् राम्रो सेवा पाइरहेका थिएनौं । त्यस्तो अबस्थामा डिजिटल पुस्तकालयमार्फत् सबै विषयका ई-बुक सजिलै पाइएको छ, घरबाटै पुस्तकालय सेवा पाउँदा म त दंग छु ।' त्यस्तै बिबिए छैटौं सेमेस्टरमा अध्ययनरत विद्यार्थी सिसम बजगाईंको अनुभव पनि रमाइलो छ, 'पहिलो लकडाउनको समयमा शिक्षकले उपलब्ध गराउनुभएको पिडिएफको भर पर्नुपरेको थियो । अहिले डिजिटल पुस्तकालयमार्फत् लाईब्रेरी सेवा घरबाटै पाएका छौं, म अत्यन्तै खुसी छु ।'

विश्वविद्यालय अनुदान आयोगको QAA (Quality, Assurance and Accreditation) कार्यक्रम वास्तवमै प्रशंसनीय छ । क्याम्पसहरूका कमीकमजोरी औंल्याएर तिनलाई राम्रोसँग सञ्चालन गर्न सहयोग गर्ने र देशकै उदाहरणीय बन्न हौसला प्रदान गर्ने यसको उद्देश्य हो । QAA प्रमाणित गर्ने उद्देश्यका कारण नै काठमाडौं मोडेल कलेजको पुस्तकालयले व्यवस्थित हुने अवसर पाएको हो । हुन त नेपालका सबै विश्वविद्यालय तथा क्याम्पसमा पुस्तकालय छन् । तर आधुनिक तरिकाबाट व्यवस्थित पुस्तकालय पाउन अति कठिन छ । यसको प्रमुख कारण हो– क्याम्पस प्रशासनले पुस्तकालयको विकासमा ध्यान नदिनु । साथै योग्य तथा सक्रिय पुस्तकालयकर्मीको अभाव हुनु । विश्वविद्यालय अनुदान आयोगको QAA प्रमाणित गर्ने उद्देश्यकै लागि भए पनि विश्वविद्यालय तथा क्याम्पसले पुस्तकालय व्यवस्थित गर्न चासो देखाएका छन् । हामी पुस्तकालय क्षेत्रका व्यक्तिका लागि यो अत्यन्तै खुसीको विषय हो । यसै सिलसिलामा केही समयअघि म लगायत पुस्तकालय तथा सूचना विज्ञान विभागमा अध्ययनरत विद्यार्थी साथीहरूले पुस्तकालय तथा सूचना विज्ञान विभागका सहप्राध्यापकहरूको निर्देशनमा जल तथा मौसम विज्ञान विभाग, कीर्तिपुरको पुस्तकालय व्यवस्थापन गरेका थियौं ।

सक्रिय पुस्तकालयकर्मी र प्रशासनको साथ र सहयोग भयो भने पुस्तकालयमा थोरै समयमा परिवर्तन ल्याउन सकिने उदाहरण हो, काठमाडौं मोडेल कलेजको डिजिटल पुस्तकालय । भौतिक पुस्तकालय व्यवस्थापन गर्न भौतिक रूपमा पुस्तकालयमै उपस्थित हुनुपर्ने भएकाले कोरोना महामारीको समयमा त्यो सम्भव छैन । तर डिजिटल पुस्तकालयको काम हामी इन्टरनेट सुविधा भएको जुनसुकै ठाउँबाट गर्न सक्छौं । र सजिलै पाठकलाई अनलाईनमार्फत् सेवा उपलब्ध गराउन सक्छौं । यसले अनलाईन कक्षामार्फत् अध्ययनरत विद्यार्थीलगायत अनुसन्धानकर्ताहरूलाई पाठ्यसामग्रीको अभाव हुँदैन । त्यसकारण अहिलेको यो विषम परिस्थितिमा शैक्षिक संस्थामा डिजिटल लाईब्रेरी तथा भर्चुअल लाईब्रेरीको आवश्यकता र महत्त्व अझ बढेको हुँदा डिजिटल प्रविधिको विकासलाई ध्यानमा राख्नु अपरिहार्य छ । साथै, महामारीका समयमा पनि पुस्तकालय सेवा निरन्तर उपलब्ध गराउन अब विश्वविद्यालय तथा क्याम्पसका पुस्तकालयहरूले डिजिटल प्रविधिबाट अनलाईन सेवा दिन अग्रसर हुनुपर्छ ।

संसारमा अनलाईनमा उपलब्ध डाटाबेसका साथै नेपालमा आफैंसँगै भएका संस्थाको पाठ्यसामग्री इन्टर नेटमार्फत् सेवा दिन तयार गरेर हाइब्रिड पुस्तकालय विकास गरी पाठकलाई इन्टरनेटमार्फत् सेवा दिने क्षमता एउटा सक्रिय लाईब्रेरियनमा हुन्छ । र यस्तो भयो भने पुस्तकालयमा उपस्थित हुन नसक्ने स्थितिमा पनि विद्यार्थी तथा शोधार्थीहरूले अनलाईनबाट पुस्तकालयमा उपलब्ध सूचना सामग्री हेर्न-पढ्न पाउन सक्छन् । यसले सेवाग्राहीको समय पनि बचत हुन्छ । तर कतिपय क्याम्पसमा व्यावसायिक पुस्तकालयकर्मी

हुँदाहुँदै पनि प्रशासनले पुस्तकालयप्रति चासो दिएको पाइँदैन । फलस्वरूप पुस्तकालयको राम्रो व्यवस्थापन हुन सकेको छैन । किनभने प्रशासनको साथ र आवश्यक स्रोतसाधनको उपलब्धताबिना सक्रिय लाईब्रेरियनको सोंचले मात्र पुस्तकालयको स्वरूपमा परिवर्तन ल्याउन सकिँदैन । कतिपय निजी क्याम्पसमा सक्रिय लाईब्रेरियनले पुस्तकालयको स्वरूपमा परिवर्तन ल्याउँदासमेत उचित पारिश्रमिक दिन नखोज्दा पुस्तकालयकर्मीहरूको हौसलामा कमी आउने गरेको छ ।

तसर्थ, युग सुहाउँदो पुस्तकालयको विकास र कोभिड महामारीको समयमा शैक्षिक संस्थाका पुस्तकालयको सेवा निरन्तर उपलब्ध गराउन डिजिटल पुस्तकालयको महत्त्व दिनानुदिन बढेको छ । विश्वविद्यालय तथा क्याम्पसहरूले QAA प्रमाणित गर्न मात्र नभई पाठकलाई उचित पुस्तकालय सेवा दिन अग्रसर हुनुपर्छ । व्यवस्थित एवम् आधुनिक पुस्तकालय एउटा शैक्षिक संस्थाको गहना हो । व्यवस्थित पुस्तकालयबिना एउटा शैक्षिक संस्था सधैं अपूर्ण रहन्छ । त्यसैले पुस्तकालय विकासका लागि पुस्तकालयकर्मीले प्रविधिको विकाससँगै आफ्नो क्षमता पनि वृद्धि गर्दै जानुपर्छ । शैक्षिक संस्था एवम् त्यहाँको प्रशासन पनि पुस्तकालयलाई उच्च प्राथमिकतामा राखेर त्यसको विकासमा लागि पर्नुपर्छ ।

**सन्दर्भसूची**

http://www.ugcnepal.edu.np/

# आर्य गोत्र तथा प्रवर परम्परा



✍ **आचार्य विनोद वाशिष्ट**
गोदावरी न.पा. -२, अत्तरिया, कैलाली ।

आदिम आर्य इतिहासमा गोत्र शब्दले खासै महत्त्व पाएको देखिदैन । पौराणिक युगबाट यस परम्पराको शुभारम्भ भएको हुनुपर्छ । भारत लगायत आर्य जातिको बाहुल्य भएका अन्य राष्ट्रहरूमा यसले खासै महत्त्व ओगटेको पाइदैन । यसलाई शास्त्रीय अध्ययन र ऐतिहासिक महत्त्वको महत्त्वपूर्ण परम्परामात्र मानिन्छ । अपेक्षाकृत रूपमा नेपाली समाजमा यसले बढीनै स्थान ओगटेको छ । गोत्र शब्दको भाषा वैज्ञानिक अर्थ खोज्दा लामो कालखण्डदेखि यसले बलिया जरा गाडेको प्रतीत हुन्छ ।

**गो** + **त्र** बाट गोत्र भएको हो । यो नामबाची शब्द हो । **त्र** = अर्थात् तृत्र तरणे धातुबाट बनेको अक्षर हो । जसको अर्थ तर्नु अथवा पारहुनु भन्ने हुन जान्छ । **त्र** = अख्यात हो । यसबाट धेरै अर्थ प्रतिपादन गर्न सकिन्छ । यो शब्द पनि बहुअर्थक छ । यसको अर्थ खोज्दा **गो** = **गाई** अथवा आर्य पूर्खाहरू गतात्महलाई गाईको पुच्छरद्वारा वैतरणी नदी तार्न सकिन्छ भन्ने मान्यता राख्दथे । यद्यपि पितृहको तरण-तारण गर्न गाईदान अपरिहार्य मानिन्छ ।

**गो** + **त्र** = **गोत्र** शब्दले भौतिक अर्थमै पनि ऋषि आश्रममा पठन-पाठन गर्ने ब्राह्मण बटुहरू जो गाईको पुच्छर समाई नदीपारि तर्ने गरेको ऐतिहासिक घटनाको स्मरण गराउँछ । **गो** + **त्र** शब्द पृथ्वीसित पनि सम्वन्धित छ । आर्य विद्वान् तथा ऋषि-महर्षिहरूद्वारा प्रतिपादित आर्ष तथा पौराणिक ग्रन्थहरूको अध्ययनद्वारा विश्वका मानव जातिले मोक्ष प्राप्त गर्न सक्छन् । अथवा भौतिक संसरबाट पार तर्दछन् भन्ने अर्थ लाग्दछ ।

**गो** शब्दले इन्द्रियको अर्थ बहन गर्दछ । आर्य पूर्खाहरू इन्द्रिय निग्रहद्वारा भौतिक संसार पार गरी आध्यात्मिक जगतमा पदार्पण गर्दथे भन्ने अर्थ स्पष्ट हुन्छ । यसले पनि गोत्र शब्दको उचाइमा सघाउ पुऱ्याएको छ । **गो** शब्दले द्रव्य अथवा स्वर्ण तथा रजत आदि अर्थ दिन्छ । धनको संग्रहमा यज्ञादि तथा दान गरी स्वर्ग प्राप्त गरी मोक्ष पाइन्छ, भन्ने प्राचीन पूर्वीय मान्यता रहिआएको छ ।

यति भएर पनि वर्तमान **गोत्र** शब्ले माथिको अर्थ परित्याग गरी नयाँ अर्थ ग्रहण गरिसकेको छ । वर्तमानमा **गोत्र** शब्द पूर्वज अर्थमा सीमित रहेको छ । यस मान्यता अनुसार गोत्रहरू दुई प्रकारका छन् । १ - विन्दु परम्परा र २ - नाद परम्परा ।

१ - बिन्दु परम्परामा पिता-प्रपिता तथा बृद्ध प्रपिता आदि पर्दछन् । यसको तात्पर्य वीर्य परम्पराका सन्तान दर सन्तान भन्ने बुझ्नु पर्दछ ।

२ - नाद परम्परामा गुरुका शिष्य प्रशिष्य, आदि पर्दछन् । जुन गुरुबाट जुन जुन शाखाको अध्ययन गरियो श्रद्धा तथा भावावेशमा गुरुकै गोत्र ग्रहण गरियो । आजभोलिको विन्दु परम्पराको र नाद परम्पराका भनी विभेद गर्न भने सकिदैन ।

आर्यजातिका गोत्रहरूलाई स्रोतका आधारमा ३ भागमा विभाजन गरी प्रत्येकका विषयमा अलग-अलग अध्ययन गर्नुपर्ने देखिन्छ । यहाँ मोटामोटी प्रत्येकको नाममात्र संकेत गर्ने प्रयास गरिएको छ । १ - **वैदिक गोत्र** २ - **पौराणिक गोत्र** ३ - **आधुनिक गोत्र ।**

जुनजुन गोत्रका ऋषिहरूको नाम वैदिक ऋचाका ऋषिहरूसित मेल खान्छ तीती गोत्र वैदिक गोत्र ठहर्छन् ।

**अत्रि भृगु वशिष्ठश्च विश्वामित्रोऽथ गौतम : ।**
**जमदग्नि भरद्वाज ह्येते सप्तर्षयस्मृताः ॥**

अर्थात् : अत्रि भृगु, वशिष्ठ, विश्वामित्र, गौतम, जमदग्नी भरद्वाज, तथा अगस्त्य ऋषिका सन्तान तथा दर सन्तानहरूलाई गोत्र र मूल ऋषिलाई गोत्रका स्रोत ऋषि मानिएको पाइन्छ । पुत्र प्रपौत्र, वा शिष्य प्रशिष्यको सन्दर्भ माथि नै उल्लेख गरिएको छ । यसका अतिरिक्त कसैले आफ्ना मातामहको गोत्र पनि स्वीकार गरेको देखिन्छ भने । धर्मपुत्रहले आफ्नो अभिभावक जसले पालन पोषण गरेको छ उसैको गोत्र पनि स्वीकार गरेको पाइन्छ । यदाकदा स्वार्थवस गोत्र परिवर्तन पनि गरेको देखिन्छ ।

इतिहासमा उल्लेख गरिए अनुसार पृथ्वीनारायण शाहको पुरानो गोत्र काश्यप देखिन्छ। लमजुङे रजौटाहरू पनि काश्यप गोत्रीयनै थिए। पृथ्वीनारायण शाहको र लमजुङे रजौटाहरूका पुर्खाहरू पनि एकै परिवारका थिए । लमजुङको राज्य आफ्नो राज्यमा नमिलाउँदा काठमाण्डौ हान्ने बाटो थिएन। लमजुङे राजाले त्यसै आत्मसमर्पण गर्ने कुरा पनि आएन । हमलामा रक्तपात नहुने कुरा पनि भएन । गोत्रहत्या कसरी गर्ने ? पृथ्वीनारायण शाह दोधारमा थिए । वि.स. १८१० को काशी तीर्थयात्रामा गएका वखत त्यहाँका आचार्यहरूको परामर्श अनुसार "**आवश्यकता पर्दा राजाले गोत्र परिवर्तन गर्न सक्दछ**" भन्ने सल्लाह अनुसार विधिविधान पूर्वक पुरानो काश्यप गोत्र गंगामा बगाई नयाँ भारद्वाज गोत्र ग्रहण गरेको इतिहास विद्यमान छ ।

पौराणिक गोत्रको चर्चा गर्दा के पाइनछ भने आर्य जातिको आरोह अवरोह, तथा उत्थान पतन, पूर्व वैदिकयुग, उत्तर वैदिक युग, पौराणिक युग, उपनिषद कालीन युग, तन्त्र मन्त्रको युग हुँदै आधुनिक युगमा प्रवेश गरेको छ ।

जुनजुन ऋषिको नाम वैदिक ऋचाहरूको रचना गर्ने ऋषिका नामसित जोडिदैन अथवा वेदमा उल्लेख छैन, त्यस्ता व्यक्तित्वहरू जसको नाम पुराणहरूमा मात्र उल्लेख छ भने तिनलाई ऋषि शब्दद्वारा सम्बोधन नगरी मुनि शब्दद्वारा सम्बोधन गरिएको छ। यस प्रकार जुनजुन गोत्राको नाम पौराणिक मुनिहरूका परम्पराबाट बनेको छ ती गोत्रहरू पौराणिक गोत्रका नामले परिचित हुन्छन् । नेपाली समाजमा प्राय : गरेर आधुनिक गोत्रको अभाव देखिन्छ। भारतीय उप-महाद्वीपमा बसोबास गर्ने आर्यमूलका जनजातिहरू तथा श्रीलंका, इण्डोनेसिया तथा मलेसिया आदि मुलुकका आर्यजातिका गोत्रहरू आधुनिक गोत्रका कोटीमा पर्दछन् । मूलमा पुग्न नसकेर वा भाषिक जटिलताका कारण यस्तो भएको हुन सक्छ ।

**प्रवर प्र + वर = प्रवर** अथवा **श्रेष्ठ/उत्तम** भन्ने अर्थ हुन आँउछ । प्रत्येक गोत्रका प्रवरको सङ्ख्या भिन्नभिन्न रहेको अवस्था छ । दुईदेखि दशसम्म प्रवरको सङ्ख्या पाइन्छ र उत्तर भारत र नेपालका आर्यहरूको प्रवर सङ्ख्या २ देखि ५ सम्म विस्तार भएको छ भने दक्षिण भारततिर १० प्रवर सम्म भएका गोत्रहरू छन् भन्ने सुनिन्छ ।

प्रवरको सामाजिक व्यवस्था पनि दुई प्रकारले विकास भएको देखिन्छ । पहिलोमा आफ्नो गोत्र भित्रका प्रसिद्ध महापुरुषहरूलाई प्रवर भनेको हुनसक्छ । जस्तै वशिष्ठ गोत्रका ५ प्रवर छन् । '**वशिष्ठ गोत्रस्य वशिष्ठ वाशिष्ठ, शक्ति, परासर, च्यवन**' । वत्स गोत्रका **वत्स औंर्व च्यवन भार्गव ताथ जमदग्नि** । यसैगरी काश्यप गोत्रका **कश्यप, काश्यप, नैध्रुव** यसको तात्पर्य सम्बन्धित गोत्रका ख्यातिप्राप्त पुरुषहरूनै प्रवर हुन् भन्ने बुझिएको छ ।

द्वितीय प्रकृतिका प्रवरहरूको आफ्नै मौलिक विकासको परम्परा रहेको देखिन्छ। गुरूकुलमा वेद तथा अन्य शास्त्रहको शाखा प्रशाखाहरूको अध्ययन जुनजुन गुरुहरूबाट गरियो, तिनै गुरुहरू नै कालान्तरमा प्रवर मानिएका हुन् जस्तो देखिन्छ । प्रायः गरेर २/३ तथा ५ प्रवरमात्र हुनु पनि यसैसित सम्बन्धित छन् । ऋग्वेद र यजुर्वेदमात्र भिन्न-भिन्न गुरुबाट पढ्नेको दुई प्रवर । ऋग्, यजु तथा सामवेद पढ्नेको तीन प्रवर । वेदका अतिरिक्त अन्य शास्त्रहरूको अध्ययन गर्नेहरूको ४ वा ५ प्रवर भएको हुन सक्छ । अस्तु ॥

# सूचना आतङ्क र पुस्तकालयको भूमिका



✍ **जगदीशचन्द्र अर्याल**
पुस्तकालय अधिकृत, सोसल साइन्स बहाः ।

"अबको ५ बर्षमा पृथ्वी ध्वस्त हुदैंछ ! महान् ज्योतिषीको भविष्यवाणि रे..."
"माघ ५ गते ठूलो भुईचालो जाँदैछ ! वैज्ञानिकहरूको भनाइ... "
"नेपालमा अबदेखि रू. १००० को नोट नचल्ने !..."

हामीले बेलाबखत यस्ता किसिमका समाचारहरू सुन्ने गरेका छौं । वास्तविकातालाई नबुझी यस्ता कुराहरू हावासरी फैलिन्छन् र आमनागरिकलाई आतङ्कित बनाई दिन्छन् । उनीहरूमा द्विविधा श्रृजना हुन्छ । कहाँ जाउँ कसलाई सोधौं भन्ने लाग्छ । हो यस्ता खालका तथ्यहिन र अनावश्यक सूचना फैलनुलाई सूचना आतङ्क (Infodemic) भनिन्छ । अघिपछि पनि बेलाबखत यस्तो हुने गरेपनि कुनै विपदको बेला यस्तो भैदिनाले आम नागरिकमा एक किसिमको भय, अन्योलता श्रृजना हुने र समाज आतङ्कित हुने गर्छ । अझ सामाजिक सञ्जालको प्रयोगले त झन यसलाई बढाईचढाइ गरेर ब्यापक बनाउन सहयोग गरेको हुन्छ ।

हालै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को माहामारीको बेलामा पनि थुप्रै यस्ता हर्कतहरू भए । केहि यस प्रकारका छन् : "नियमित लसुन सेवन गर्नाले कोरोना लाग्नबाट बच्न सकिन्छ", "बेसार पानी खाए कोरोना निको हुन्छ", रक्सी खाएमा वा शरिरभरि रक्सी छर्कनाले कोरोना भाइर मार्दछ.., "कोरोना भनेको केहि होइन रुघा खोकि जस्तै हो", "यो युरोपजस्ता जाडो मुलुकमा मात्रै फैलिन्छ", "गर्मिमा वा तातो वातावरणमा कोरोनाका भाइरस टिक्न सक्दैन र फैलदैन", "कोरोनाले यति मान्छे मरे रे..", "कोरोना भाइरस लामखुट्टेको टोकाइबाट पनि सर्न सक्छ", "कोरोनाको भ्याक्सिन लागाउनु हुँदैन", आदि । अझ सामाजिक सन्जालमा त झन धेरैजना डाक्टर बन्नु भो । सामाजिक अभियन्ता बन्नु भो । जे आए पनि सत्य तथ्य बुझ्दैनबुझी शेयर गरिहाल्नु पर्ने । जसले गर्दा मानिसहरूमा कुन सूचना सहि हो कुन गलत हो भनेर छुट्ट्याउन धेरै गाह्रो पर्यो । अलिक जान्ने बुझ्नेहरू सम्बन्धित निकायको आधिकारिक वेबसाइटमा हेरेर बल्ल ढुक्क भए भने अन्य कतिपय सर्वसाधारणहरू अझै पनि लहलहैमै कुदिरहेछन् । यस्तो हर्कत नेपालमा मात्रै नभई संसार भरि नै हुने गर्छ ।

## सूचना आतङ्कका प्रकार

हुन त सूचना आतङ्कले समाजमा पार्ने असर प्राय नकारात्मक र आम जनतालाई आतङ्कित गर्ने खालका हुन्छन् तर पनि कुनै कम असर गर्ने, कुनै गम्भिर असर गर्ने र कुनै मनोरन्जन प्रदान गर्ने खालका हुन्छन् । यसलाई निम्नानुसार वगीकरण गर्न सकिन्छ ।

### तथ्यहिन तथा कपोलकल्पित सूचना

यस्ता सूचनाहरूमा कुनै सत्यता हुँदैन पूरैनै कपोलकल्पित हुन्छन् । निकै सुझबुझकासाथ गलत सूचनालाई पनि सहि नै भान हुनेगरी तयार गरी फैलाइएको हुन्छ ।

### अपुष्ट तथा बढाईचढाइ गरिएका सूचना

कुनै कुनै सूचना सहि गलत पुष्टि भैसकेका हुँदैनन् ती अनुसन्धानकै क्रममा हुन्छन् तर मानिसहरू त्यसलाई

सहिनै हो भनेझैं अझ बढाईचढाई गरेर प्रशारण गरिदिन्छन् ।

**भ्रामक सूचना**

मानिसका धेरै रुचि वा चासो भएका बिषयमा वास्तबिकता जे भए पनि सबैले आफ्नो तर्कलाई साँच्चै हो भन्ने जसरी प्रचारप्रसार गरिरहेका हुन्छन् । जस्तै : "बेसार पानी खानाले कोरोना लाग्दैन...।"

**नकारात्मक सोचाई बनाउने खालका सूचना**

कुनै सूचना यस्ता गम्भिर हुन्छन् जसले मानिसमा गम्भिर समस्या पैदा गर्न सक्छन् । उनीहरूमा नैराश्यता पैदा गर्न सक्छन् । यस्ता सूचना सहि वा गलत दुवै हुन सक्छन् । तर सहि नै भए पनि यसको प्रसारण पूर्व धेरै सोचबिचार गरेर आवश्यक व्यक्तिलाई मात्रै त्यस्तो सूचना प्रदान गर्नुपर्ने हुन्छ । जस्तैः "कोरोना भएमा मानिसको मृत्य समेत हुन सक्छ, निको भएपनि स्वास्थ्यमा पछिसम्म असर देखिरहन्छ... ।"

**हाँस्यब्यङ्गात्मक सूचना**

कुनै सूचना मानिस, संस्था व परिवेशलाई ब्यङ्ग गर्नाका लागि बनाईएका हुन्छन् । तेसमा सत्यता नभए पनि मनोरन्जन प्रदान गर्ने हुँदा छिट्टै प्रसारण हुन्छ । तर यसले आमजनतामा खासै हानि नगर्ने भएपनि जसलाई जोडेर सो ब्यङ्ग्य गरिएको हुन्छ उसलाई समाजमा होच्याईएको हुन्छ उनीहरूको स्वाभिमानलाई ठेस पुर्याईरहेको हुन्छ ।

**अर्कै परिप्रेक्ष्यमा लेखिएको सूचना**

कति सूचना एउटा परिप्रेक्ष्यमा लेखिएको हुन्छ । त्यस बखत र त्यो सन्दर्भमा सहि भएपनि अन्य समय र सन्दर्भमा यसको कुनै अर्थ नहुने वा गलत अर्थ हुने हुनसक्छ ।

**सहि भएपनि झर्को लाग्ने सूचना**

कुनै सूचना सहि नै भएपनि वारम्बार तथा अनावश्यक ब्यक्ति वा समूहमा प्रशारण भैदिदा रुचि नहुने तथा झर्को लाग्ने हुन्छ ।

**सूचना आतङ्कले समाजमा पार्ने असर**

गलत सूचनाले मानिसमा भ्रम तथा दुविधा उत्पन्न गर्ने हुँदा यसले मानिसको बुझाई एवम् उसको निर्णय नै गलत बनाई दिन सक्छ । सहिलाई गलत मान्ने तथा गलतलाई सहि सम्झने खतरा पनि हुन्छ । मानिसले कुनै निर्णय लिनु नपर्ने भए पनि समय अवस्था अनुसार मानिसमा एकखालको डर पैदा गर्न सक्छ । मानिसमा नैराश्यता आउन सक्छ । सबै समाजभरी गलत सूचना एकैचोटी फैलिएमा समाज पुरै आतङ्कित हुन जान्छ । सामाजिक सञ्जाल तथा ईमेलमा यस्ता सूचना सहि नै भए पनि धेरै आएपछि मेलबक्स भरिने, सामाजिक सञ्जालका पृष्ठहरूमा जताततै उस्तै सूचनाहरू मात्रै भएर हैरान पार्ने पृष्ठ खोल्नै मनन लाग्ने हुन्छ ।

**सूचना आतङ्क नियन्त्रण गर्ने वा असर कम गर्ने उपाय**

सूचना आतङ्क नियन्त्रण गर्न कुनैपनि देशको नियामक निकायको भूमिका हुन्छ । यसले निति, नियम, तथा कानुन बनाएर, निगरानि बढाएर गलत सूचनाको स्रोत तथा सम्प्रेषण गर्नेलाई कारवाहि गरेर नियन्त्रण गर्न सक्छ । तर नियन्त्रण गर्न नसके पनि यसको असर कम गर्न पुस्तकालय तथा हामी पुस्तकालयकर्मीको निकै ठूलो भूमिका हुन्छ ।

**पुस्तकालय तथा पुस्तकालयकर्मीको भूमिका**

१. **सूचना सहि वा गलत पहिचान गर्न सघाउनु**

पुस्तकालय भनेको सूचना केन्द्र पनि हो । तसर्थ आमनागरिकलाई सहि सूचना दिएर उनिहरूको जिज्ञासा मेट्नुका साथै कुनै भ्रम वा शंका भए त्यसको सत्यतथ्य उजागर गर्नु पनि पुस्तकालयको दायित्व हो । जसकालगि पुस्तकालयले निम्न कदम चाल्न सक्दछ ।

- ***सूचना साक्षरता (Information literacy) तालिम प्रदान गर्ने***

पुस्तकालयले आफ्ना पाठक तथा आमनागरिकलाई लक्ष्यित गरी सूचना साक्षरतासम्वन्धी तालिम प्रदान गर्न सक्छ । जसले गर्दा उनीहरूले सहि सूचना कहाँबाट प्राप्त गर्न सकिन्छ भन्ने जान्नुका साथै कुनै पनि सूचना सहि हो कि गलत भन्ने आफै मुल्याङ्कन गर्न सक्नु हुन्छ ।

- ***आतङ्कित गराउन सक्ने संभावित गलत सूचनाका बारेमा पूर्व सचेत गराउने***

आम नागरिकलाई बेलाबखत यस्ता अफवाहहरू आउनसक्ने र यसबाट बच्न आँफै सूचना सहि गलत छुट्टयाउन सक्ने हुनुपर्छ भनी अग्रिम रूपमा नै होसियार गराउन सकिन्छ। उहाँहरूलाई गलत सूचना चिन्न सिकाउन सकिन्छ जसका लागि अर्न्तराष्ट्रिय पुस्तकालय महासंघ (IFLA) ले प्रकाशन गरेको निम्न पर्चा उपयोगि हुन्छ। यसलाई बितरण गरेर सबैसमक्ष पुऱ्याउन सकिन्छ। यसमा सूचना सहि वा गलत छुट्टयाउन सूचनाको स्रोत केहो ? भरपर्दो संयन्त्रबाट आएको हो कि होईन कसले लेखेको हो ? लेखक कत्तिको परिचित हो ? प्रकाशितै भएपनि कस्ता पत्रिका वा पुस्तक वा वेवसाइट कहाँबाट प्रकाशित हो ? मुलधार बाहेक नामै नसुनेका पत्रिका वा स्रोतलाई हम्मेसि विश्वाश गर्नु हुदैन। त्यस लेख वा समाचारका आधारहरू, सन्दर्भसमाग्री के के छन् सो विचार गर्नु पर्छ। ती पत्रपत्रिका वा लेख कसैसँग पुर्वाग्रही भएर पो लेखेका हुन् कि भन्ने ख्याल गर्नुपर्छ।




साथै कुनै पनि सूचना को सम्पूर्ण पाठ नपढी निष्कर्षमा पुग्नु हुँदैन किनकि सो लेख आकर्षक बनाउन शीर्षकमात्रै ध्यानकर्षित गराउन त्यसो गरेको र वास्तवमा पढ्दैजाँदा तथ्य अर्कै पनि हुन सक्छ। धेरै अगाडि वा अरु नै मितिमा प्रकाशित सूचना जुन त्यसबखत सान्दर्भिक तर अहिले असान्दर्भिक पनि हुन सक्छ वा अर्कै सन्दर्भमा लेखेका बोलेका कुरा बङ्ग्याएर छापिएको पनि हुनसक्छ।

कसैले कोहि सार्वजनिक छवि भएको मानिसप्रति व्यङ्ग्य गर्न वा त्यत्तिकै रमाईलो गर्न मानिसलाई हँसाउने वा उल्लु बनाउने उटपट्याङहरूको सूचना पनि हुनसक्छ त्यसमा बिश्वास गरिहाल्नु हुँदैन।

कसै गर्दा पनि द्विबिधा भइरहेमा जानकारहरूसँग सोधपुछ गर्नु पर्छ।

**२. गलत सूचना सम्प्रेषण रोकथाम सम्वन्धी विश्वव्यापी अभियानमा संलग्न हुनु**

गलत सूचना सम्प्रेषण गर्नेहरू नेपालमा मात्रै होईन संसारभरि नै सक्रिय छन् । उनीहरू कोहि छिटै धेरै पैसा कमाउने लोभले यसो गर्छन्, कोहि लहलहैमा अरुलाई उल्लु बनाउने, हँसाउने उद्देश्यले यसो गरिरहेका हुन्छन् भने धेरैजसो चाहि आफूले प्राप्त सूचना सहि हो कि गलत नछुट्टयाई अरुलाई वितरण गर्दिन्छन् । सामाजिक सञ्जालको प्रयोगले यसलाई अझ सजिलो एवम् व्यापक बनाई दिएको छ ।

तसर्थ, पुस्तकालय तथा पुस्तकालयकर्मीहरू यस्ता गतिविधिहरूमा संलग्न नरही यस्त गतिविधि नियन्त्रण गर्ने विश्वव्यापी अभियानमा साथ दिनु पर्दछ। यस्ता गतिविधि नियन्त्रण गर्न विश्वव्यापी रूपमा विभिन्न संस्थाहरू लागिपरेका छन् । विश्व स्वास्थ संगठन, युनेस्को, इफ्ला, आदि र प्राय सबै जसो समाजिक सञ्जालहरूले आफ्नो एपलाई सुधारगरी गलत सूचना नियन्त्रण गर्न गलत सूचना जनाउ गर्ने प्रावधान राखेका छन् । हामीले पनि यो प्रावधानको उपयोग गर्दै शंका लागेका सूचनाहरूको तथ्य पत्ता लगाई गलत रहेछन् भने समाजिक सञ्जालको सोहि पोस्ट मार्फत् गलत सूचना भनेर उजुरी गर्ने, गलत भनी चिनो लगाउने गर्न सकिन्छ। यसो गर्नाले सामाजिक सञ्जालका प्रकाशकहरूले यस्ता उजुरीको अनुसन्धान गरी यस्ता पोस्ट हटाउनेदेखि त्यस्ता खाता बन्द गरिदिने वा रोक्का गरिसदने गर्न सक्छन् ।

**How to report misinformation online**



**सत्य तथ्य जाँच गर्ने वेबसाइटको प्रयोग**

बिभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूले सर्वसाधारणलाई सजिलो होस् भनेर के सहि के गलत छुट्याउन सकून भनेर सत्यतथ्य जाँच गर्ने वेबसाईट सञ्चालन गरेका छन ती मध्ये केहि यस प्रकार छन:

- Project of the Annenberg Public Policy Center https://www.factcheck.org/
- Website Seeking Truth & Exposing Fiction since 1999 https://www.truthorfiction.com/
- Addressing the Challenge of Fake News through Artificial Intelligence http://www.fakenewschallenge.org/
- AFPFactCheckhttps://factcheck.afp.com/ PakistanAFPFactCheckhttps://factcheck.afp.com/afp-pakistan AFP Factual https://factual.afp.com/
- BBC News Reality Check https://www.bbc.com/news/reality_check
- Boom: COVID-19 News, Fact Checks on Fake and Viral News https://www.boomlive.in/
- Colombia Fact Check for Covid-19 https://colombiacheck.com/
- Fact Checker https://www.liberation.fr/checknews,100893
- Fact Checking Website https://www.altnews.in/
- https://apnews.com/NotRealNews (AP NEWS Website Reports Fake News)
- IFCN Fact Checking Organizations on WhatsApp https://faq.whatsapp.com/126787958113983
- COVID-19: Poynter Resources and Fact Check https://www.poynter.org/
- International Fact-Checking Network on Twitter https://twitter.com/factchecknet
- Official Twitter Handle of Government of Pakistan for Exposing Fake News https://twitter.com/fakenews_buster?lang=en
- Snopes is the Internet's Definitive Fact-Checking Resource https://www.snopes.com/
- The Poynter Institute Fact Check Website https://www.politifact.com/
- The UK's Independent Fact Checking Charity https://fullfact.org/

**निश्कर्ष**

पुस्तकालय भनेको सूचना केन्द्र हो। आफ्ना पाठक तथा आम नागरिकलाई सहि सूचना उपलब्ध गराएर सूसुचित गर्नु यसको मुख्य उद्देश्य हो भने उनीहरूलाई गलत सूचना प्राप्त गर्नबाट रोक्न पनि यसको त्यत्तिकै दायित्व हुन्छ। सामजिक सञ्जालको ब्यापकतासँगै सूचनाको सम्प्रेषण हुने तरिकामा परिवर्तन आएको छ। गलत एवम् तथ्यहिन सूचनाहरू डढेलो जसरी सजिलै फैलन्छन्। यसलाई नियन्त्रण गर्न कठिन भए पनि असम्भव भने छैन तपाई, हामी सबैको साथ भएमा यो काम असंभव छैन।

# लकडाउनमा पुस्तकालय



✍ **खिम लामिछाने काजी**
पुस्तकालय अधिकृत
मणिपाल शिक्षण अस्पताल, पोखरा ।

नेपालमा कोरोना भाईरस कोभिड-१९ को महामारीलाई रोक्न तथा संक्रमण फैलावटलाई न्यूनीकरन गर्नको लागि सरकारले लकडाउन प्रकृया (एकान्तबासको अवस्थामा) अपनाएको हो । पहिलो पटक बैशाख २०७७ मा भएको थियो भने दोश्रो पटकको लकडाउन पनि २०७८ सालको बैशाख महिनाबाटै नै शुरु भएको थियो । प्रविधिको विकाससँगै पुस्तकालयमा पुगेर पुस्तक पढ्ने पाठकहरू घट्दै गएका बेला महामारीले पुस्तकालय भित्र गएर ज्ञान आर्जन गर्नेहरूलाई झनै घटाइदिएको छ । देशमा बन्दाबन्दी (लकडाउन) भएर सारा सर्बसाधारण जनताहरू घर भित्र बस्नु पर्दा भौतिक कक्षाकोठाको विकल्पमा भर्चुअल पुस्तकालय खोजेर आफ्नो अध्ययनको भोक मेटाउन शुरु गरे ।जब स्कुल र कलेजहरू अनलाइन क्लास भन्दै मोबाइल र ल्यापटपमा देखिन थाले, तब अनलाइन पुस्तकालयको पनि खोजि नीति हुन थाल्यो । फुर्सदको समय पुस्तक अध्ययन गरेर लकडाउनको दिक्कलाग्दो समयलाई सदुपयोग गरी पठनपाठनको दायरा बढाउन थाले ।

लकडाउनको अवस्था सम्पूर्ण नागरिकहरू घरभित्र बस्नु पर्ने बाध्यतात्मक परिवेशमा समय कटाउन निकै गार्हो भएको थियो । बन्दाबन्दीको फुर्सदको समय बिताउन गाह्रो भइरहेको अवस्थामा ई-लाइब्रेरीहरू सहयोगी बनेका थिए । समय र पैसाको किफायती उपयोगका लागि भर्चुअल लाइब्रेरी धेरैको रोजाईमा परे । इन्टरनेटको पहुँच भएका ठाउँमा आफूले खोजेको पाठ्यसामग्री हातमा रहेको मोबाइलमै भेटिदा ई-लाइब्रेरीको प्रयोग र महत्त्व झनै बढेर गयो । कोरोना महामारीले विद्यालय र क्याम्पस तहको पढाइ रोकिएजस्तै ज्ञानआर्जनका लागि जाने पुस्तकालयमा पनि पाठकहरू जान छाडेका छन् । महामारीमा इन्टर नेटको प्रयोग बढेपनि पठन संस्कृतिको बिकास भने त्यति भएको पाँइदैन । वर्तमान समयमा सबै ठाउँका सबै प्रकारका पुस्तकालयहरूमा पाठक घटिरहेको तितो यथार्थ छ ।

पछिल्लो समय नयाँ पुस्तकालय खोल्ने प्रक्रिया बन्द जस्तै छ भने पुराना र ऐतिहासिक महत्त्व बोकेका पुस्तकालयसमेत बन्द हुने अवस्थामा पुगेका छन् । पाठकहरूलाई आकर्षित गर्न तथा समयको मागअनुसार सबै पुस्तकालयहरूमा इ-लाईब्रेरीको स्थापना तथा भएका पुस्तकहरुको बिब्लियोग्राफिक डाटा तयार गर्न लाइब्रेरी अटोमेसन गरिएको पाइन्छ, तथापि पाठकहरूको सङ्ख्यामा भने वृद्धि भएको देखिदैन । यद्यपी छोटाछोटा लेख रचनाहरू र समाचार पढ्नको लागि पाठकहरूले डिजिटल माध्यमलाई रोज्ने गरेको पाइन्छ । लामो कथाहरू तथा उपन्यासहरू भने डिजिटल प्रबिधि तथा इ-लाईब्रेरीको तुलनामा फिजिकल बुक अर्थात् पुस्तक हातमा लिएर नै पढ्नेहरू धेरै रहेको पाइन्छ । लकडाउनको समयमा प्राय सबै सार्वजनिक पुस्तकालय तथा पुस्तक पसलहरू बन्द रहेका थिय । तथापि आफुसँग संग्रहित पुस्तकहरू र मोबाइल तथा इन्टरनेटको माध्यामबाट पुस्तकप्रेमीहरूले पढ्ने रुचीलाई निरन्तरता दिइ नै रहे ।

पुस्तकप्रेमीहरूले नेपाली साहित्यका किताब 'epustakalay.org' वेबसाइटबाट आफूलाई मन पर्ने पाठ्यसामग्री, शैक्षिक सामग्री, पत्रपत्रिका तथा म्यागेजिन पनि पढ्ने गरेका थिय । इ-पुस्तकालयमा अडियो भर्सनको रूपमा रहेका कथा तथा उपन्यासहरू पढेर पनि लकडाउनको समयको उपयोग भएको थियो । यद्यपी कतिपय पुस्तकप्रेमीहरूले हातमा किताब लिएर पढेको जस्तो आनन्द मोबाइल तथा ल्यापटपमा पढेर नभएको बताए । कतिपय साथीहरूले उपन्यासहरू अडिओ सुन्दा रमाइलो लागेको पनि बताएका थिए । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) केन्द्रीय पुस्तकालय र सँगै रहेको बालपुस्तकालय पहिलो पटकको लकडाउनमा झन्डै १० महिनामा बन्द रहेको थियो । त्रिवि केन्द्रीय पुस्तकालयले लकडाउनमा पनि पुस्तक लैजाने र फिर्ता गर्ने सेवालाई भने बन्द गरेको थिएन । तर पुस्तकालय परिसरमा बसेर पढ्न नपाएपछि विद्यार्थीहरूले यसको प्रत्यक्ष असर ब्यहोरे । दोश्रो पटकको लकडाउनमा त्रिवि केन्द्रीय पुस्तकालयले अनलाइनबाट केही सेवा भने दिएको थियो । कतीपय सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू लकडाउनमा खुल्ला रहेतापनि पाठक विहिन रहेको पाइयो । देशैभरका प्राय सबै शैक्षिक पुस्तकालयहरू लकडाउनको अवधीभर बन्द नै रहे । कतिपय पुस्तकालयहरू लकडाउनको समयमा पनि खुल्ला रहेका थियो । जस्तैः संगम सामुदायिक पुस्तकालय, उदयपुर नियमित रूपमा खुला रहेको गरेको पाइयो । त्यसै गरी पोखराको मणिपाल कलेजको पुस्तकालय पनि खुल्ला नै रहेको थियो । पोखरा विश्वविद्यालय केन्द्रीय पुस्तकालय आंशिक खुल्ला रहेको पाइयो । कमलडाँडास्थित रोशनी पुस्तकालय कोरोना भाइरसको संक्रमणको जोखिम न्यूनीकरण गर्न लकडाउन घोषणा भएसँगै बन्द गरिएको थियो । बुटवलको ज्ञानज्योति पुस्तकालय कोरोना महामारीका कारण बन्द अवस्था रहेको छ । त्यस्तै बुटवल-१ मा रहेको यस क्षेत्रकै पुरानो मानिने महावीर पुस्तकालय पनि पछिल्लो समय सुनसान छ । धरानको फुस्रेमा रहेको जनता पुस्तकालयको पनि लकडाउनको समयमा सुनसान नै रह्यो । त्यसैगरी धरान-८ सिद्धार्थमार्गका रहेको सिद्धार्थ पुस्तकालयमा पनि लकडाउनको समयमा बन्दै नै रहेको पाइयो । यद्यपी उपमहानगरपालिकाले सञ्चालन गरेको सार्वजनिक पुस्तकालय भने नियमित खुल्ने गरेको तर पाठकहरूको उपस्थिती न्यूनरहेको पाइयो । त्यसैगरी वाल्मिकी कलेज चितवन बन्दाबंदीको समयमा पूर्णरूपमा बन्द रहेको थियो । पोखराको पृथ्वीनारायण बहुमुखी काम्पसको क्षेत्रीय पुस्तकालय पनि बन्दाबन्दीको अवधीभर बन्द नै रह्यो । जनप्रिय बहुमुखी क्याम्पसका पुस्तकालय प्रमुख सुर्य छेत्रीकाअनुसार पुस्तकालय आशिकरूपमा खुल्ने गरेको पाइयो । सुर्यचन्द्र युवा बिकास समाजद्वारा सञ्चालित सहिदस्मृति पुस्तकालय लकडाउन अवधिभर पूर्णरूपमा खुलेको कुरा पुस्तकालयका सचिव बशन्त भन्डारीले जानकारी दिनुभयो ।

पोखरा महानगरपालिकासँग सम्बन्धित पोखरा सार्वजनिक पुस्तकालय पनि आंशिक रूपमा खुल्ने गरेको पाइयो । डिजीटल प्रबिधिको प्रयोगगरी यो पुस्तकालयले बन्दाबन्दिको समयमा आफ्ना केहि सेवाहरू सञ्चालन गरेको थियो । प्रशासनिक कामहरू भएका थिए भने पाठकहरू पुस्तकालय आएर पढ्न भने पाएका थिएनन् ।

यसैगरी जहदा सामुदायिक पुस्तकालय लकडाउन अवधिभर पूर्ण रूपमा बन्द रहेको थियो भने भैरव स्मृति पुस्तकालयमा नियमति सेवा बन्द भए पनि आकस्मित सेवा दिई नै रहेको पाइयो । केहि सीमित पाठकहरूलाई घरमै लगेर पुस्तक पढ्ने सुबिधा र भर्चुअल रूपमा अन्य सेवाहरू दिएको पाइयो ।

काठमाडौं स्थित सार्वजनिक पुस्तकालय, विप्लवी पुस्तकालय कोभिड महामारीले गर्दा सरकारको निर्देशनअनुसार लकडाउन अवधिमा सर्वसाधारण पाठक सेवा वन्द हुनुका साथै आन्तरिक कार्यहरू मात्र भएको पाइयो । फर्पिङस्थित पूरानो सार्वजनिक पुस्तकालय जननेत्र पुस्तकालय कडा लकडाउनमा सरकारको जारी सूचना अनुसार वन्द भएकै देखिन्छ । भक्तपुर नगरपालिकासँग सम्बन्धित जनज्योती पुस्तकालय लकडाउन अबधीभर नियमित खुल्ला रहेको पाइयो तर पाठकहरू भने पढ्न आएको पाइएन ।

लकडाउनको समयमा शैक्षिक पुस्तकालयहरू बन्द हुनाले विद्यार्थीहरूले अझै पनि सहज रूपमा पुस्तकालयमा बसेर अध्ययन गर्ने वातावरण रहेको छैन । सायद सबै नागरिकले कोभिड-१९ बिरुद्धको खोप लगाइसकेपछी पुस्तकालयमा बसेर निर्धक्कसँग पढ्ने वातावरण फेरी बन्ला । सरकारले लकडाउनले पर्यटन तथा आर्थिक क्षेत्रमा पारेको क्षतिलाई सम्बोधन गरिने कुरा गर्दछन् । तर पुस्तकालय जस्तो बौद्धिक रूपमा परेको असरलाई खासै महत्त्व दिएको देखिदैन । पुस्तकालय सेवा बन्द हुँदा प्रत्यक्ष रूपमा नोक्सानी भएको देखिँदैन तर यसले दीर्घकालीन असर भने पुऱ्याउन सक्छ । किनकी थुप्रै शोधकर्ता, बिष्लेसक, प्राध्यापक लगायतका विद्वानहरूलाई ज्ञानको दायरा फराकिलो बनाउनबाट बन्चित हुनु परेको छ । अघिल्लो लकडाउनको समयमा कान्तिपथमा रहेको केसर पुस्तकालयका प्रमुख दशरथ मिश्रका अनुसार सरकारले मापदण्ड पूरा गरेर पुस्तकालय खुला गर्ने निर्णय गर्नुभन्दा अघि नै १५ पुसदेखि सेवा सुरु गर्न थालेको थियो । विद्यार्थीलाई अध्ययनबाट बञ्चित गर्नुहुन्न भन्ने सोचेर सरकारले अनुमति दिनुभन्दा पहिले नै सर्वसाधारणलाई प्रवेश खुला गरियो ।

ललितपुरमा रहेको मदन पुस्तकालयले लकडाउनको अवधिमा पनि आफ्नो सेवालाई पूर्ण रूपमा बन्द भएन । अभिलेखको रूपमा स्रोत खोज्न आउनेहरूको लागि विशेष रहेको यो पुस्तकालयले आशिकरूपमा आफ्नो सेवा दिइरह्यो । यद्यपी भौतिक रूपमा विद्यार्थीलाई पुस्तकालयमा पढ्न खुला गरिएको भने छैन । पुस्तकालयको सङ्कलन विभागका निर्देशक राजीव सिंहले लकडाउनको समयमा पनि अध्येताहरूको जिज्ञासालाई टेलिफोनबाट सम्बोधन गर्ने प्रयास गरिएको बताउनु भयो । रिफरेन्स भेरिफाइ गर्नेहरूको लागि पुस्तकालयमा टेलिफोन बाटै सेवा दिने गरेको मदन पुस्तकालयमा थेसिसका लागि दिनभरि पुस्तक अध्ययन गर्न आउने अध्येताहरूको लागि चाहिँ समस्या पर्ने गरेको छ ।

# चौधौं पुस्तकालय दिवस



✍ **अमूल्य नारायण कण्ठ**
का.म.पा.वडा नं. ३

दिन ती कुनै पनि नआओस विवसको
भन्दै कविता लेख्छु पुस्तकालय दिवसको
हरेक वर्ष श्रावण पछि भाद्र पन्ध्र आउने
२०७८ मा चौधौं पुस्तकलय दिवस मनाउने ॥१॥

२०७७ र २०७८ मा कोरोनाले व्यापक असर पारेको छ
त्यसैले त अनलाईन र जुमतिर कार्यक्रम सरेको छ
यस वर्षका लागि "सबल समाजको आधारः सार्वजनिक
पुस्तकालयको विकास र विस्तार" भन्ने नारा जुरेको छ ॥२॥

पुस्तकालयप्रेमीले टोल टोलमा पुस्तकालय खोल्नु छ
पुस्तकालयको व्यापक प्रयोग गरौं भनी सबै सामु बोल्नु छ
बालदेखि बृद्धसम्म सबैलाई ज्ञान हासिल गर्न चाहिने
पुस्तकालय यस्तो ठाँउ हो जहा सबै पाठ्यसामग्री पाइने ॥३॥

सधै फुर्सतको समय पुस्तकालय गई विताऔं
राम्रा पुस्तक पढी आफ्नो अज्ञानता लाई हटाउ
पुस्तक धेरै पढी लेखि बनौ ज्ञानी बुद्धिमान्
अनिमात्र पाइन्छ समाजमा सबैबाट सम्मान ॥४॥

पुस्तकालय हो हाम्रो सरस्वती माता
सधै हालौ पुस्तकमा ढोगी राम्रो गाता
पुस्तकालय नै हो हाम्रो ज्ञानको सागर
पुस्तकालय जान लगाउ सधै जाँगर ॥५॥

बनाउ पुस्तकालयलाई जीवनको असल साथी
अनि मात्र पुगिन्छ आफ्नो लक्ष्य भन्दा माथि
पुस्तकालयको उपयोग जीवनमा जति सक्दो गरौं
ज्ञानको भण्डार भरिराख्न सबै नयाँ पुस्तक पढौं ॥६॥

२०६५ हो प्रथम पुस्तकालय दिवस मनाएको दिन
यसपाली चौधौं पुस्तकालय दिवस हो सबैले चिन
पुस्तकालय दिवस मनाउन सबै सँगै अघि बढौ
पोहोर सालको भन्दा यसपाली एक कदम माथि चढौं ॥७॥

आफ्ना इष्ट मित्र गाउले सबैलाई जानकारी दिऊ
पुस्तकालय नै हो अज्ञानता हटाउने असल विऊ
पुस्तकालय नै हो जीवनको सफलताको एउटा साँचो
यसलाई विकास गर्न कसैले नि नहालौ है भाँजो ॥८॥

स्कूलदेखि कलेजसम्म सबैलाई पुस्तकहरू चाहिने
खोजेको पुस्तकहरू सबै पुस्तकालयमा मात्र पाइने
पुस्तकालय अध्यन गरी अध्यनशील सधै बनौं
सबैलाई ज्ञान हाँसिल गर्न पुस्तकालय जानुपर्छ भनौं ॥९॥

२०७८ मा चौधौं पुस्तकालय दिवस धुमधाम सँग मनाउ
पुस्तकालयको आवश्यकता बारेमा सबैलाई राम्रो सँग जनाउ
यसपाली सबैलाई कोरोनादेखि वचनु पर्ने देशै भरि भय छ
चौधौं पुस्तकालय दिवसको सफलतालाई जय जय जय छ ॥१०॥

# An Introduction to Bibliometrics



✍ **Nira Manandhar**
Head of Department
Assistant Professor, CDLIS, TU.

## Introduction

Librarian or information workers assist to retrieve right information. For this purpose, they utilized information controlling tools like catalogue, databases, bibliographies, classification and bibliometrics. Among them, bibliometrics is mostly popular and useful for the scholarly communication. It defines and identifies the most significant journals, or other forms of scholarly publications that has greater impact. Bibliometrics gives systematic process to evaluate the impact of scholarly publications which will guide researcher to decide which journal is to select to publish their article.

Most of the people agree that the learning should be research-based learning at university level. Also this is true that there is no meaning of research if its result is not communicated. Hence, for a researcher/ scholar the publication of research results becomes very important. Published work is evaluated in terms of its use i.e. its impact on scholarly community. Publishing research results in journals is one of the popular ways of scholarly communication and dissemination since a journal article is a fundamental means of scholarly communication between scholars and experts of a particular field. Before publishing researcher become curious about the quality of journals and quality of the research work also matters after its publication. So the measurement of quality or impact of published work become inevitable to evaluate academic performance. In the information world "Bibliometrics" appeared as quantitative methods for the analysis and evaluation of information sources with the application of mathematical tools or statistical methods.

The term 'Bibliometrics' is the combination of two different words 'biblio' and 'metrics', where 'biblio' means books or documents and 'metrics' refer to some sort of measurement. Bibliometrics is primarily concerned with analyzing and evaluating research achievements that appear in written form in a wide variety of communication formats. The basic idea of bibliometrics is to measure the academic writings of individuals or institutions. Bibliometrics results in quantitative conclusions and they are presented in the form of figures and values.

Simply, bibliometric is the measurement of information sources whether they are books or any other kind of document. It is the application of statistical methods or mathematical tools for the measurement of different aspects of bibliographies and contents. The Oxford English Dictionary defines bibliometrics as 'The branch of library science concerned with the application of mathematical and statistical analysis to bibliography; the statistical analysis of books, articles, or other publications'.

## Historical Background

Adoption and research on quantitative analysis methods on literature can be traced back to the early 20th century. In 1917, F.J. Cole and N.B. Eales first studied the literature

by using a quantitative analysis method. In 1923, E.W. Humle put forward the word "documentary statistics" for the analysis and evaluation of literature of that time. The term 'bibliometrics' was first used by Allen Pritchard (1969) in his article "Statistical Bibliography of Bibliometrics". Pritchard coined the term bibliometrics to replace the term "statistical bibliography". According to him "Bibliometrics is the application of mathematics and statistical methods to books and other media of communication. It is the metrology of the information transfer process; its purpose is analysis and control of the process. In short: bibliometrics is the scientific study of recorded discourse".

**Importance and application of Bibliometrics**

Primarily, bibliometrics aims to monitor, describe and manage the information products, their use and dissemination. Due to the development and explosion of different forms and formats of information after the second world war, the scientific arrangement and dissemination of information arises as a challenge for information workers. The new dimension taken by information for its evolution, arrangement, dissemination did not come into existence without any obstacles and controversies. Information workers started to develop various tools and techniques to evaluate their impact. Among them, bibliometrics appeared as one of the best scientific methods for the analysis and evaluation of information sources with the application of mathematical tools or statistical methods. Generally, bibliometric studies are done for citation analysis of the research field. If an article is repeatedly cited, it is considered an important one. Authors and journals are generally examined by the number of citation. Citation analysis gives information about the relative impact of the publications.

Nowadays, bibliometrics has become an indispensable tool for the evaluation of literary products. In recent scenarios, it is also considered as a tool for analysis and ranking of individual publications and scholars at local and international levels too. Bibliometrics helps us to evaluate and analyze various aspects of publication and their authors individually.

Bibliometrics as an essential tool to evaluate research works or academic writings it has a significant impact in this information era. Some of the major applications of bibliometrics are listed here.

- To study research trends and growth of knowledge productivity of institutions, individuals or disciplines.
- To estimate comprehensiveness of periodicals or information sources.
- To identify authorship trends in documents on various subjects and users' nature and demand.
- To measure the information generation ratio and usefulness of retrospective and nascent information services as well as forms and formats.
- To identify core periodicals in different disciplines through various experimental models and methods.
- To standardize various policies for collection development, organization, conservation and preservation of information.

**Bibliometrics law**

Throughout the 20th century, various laws of bibliometrics originated. Three bibliometrics laws related to information properties and behavior are famous: Lotka's law, Bradford's law and Zipf's law.

**Lotka's Law (Lotka, 1926)**

Alfred J. Lotka described the pattern of productivity of authors in a specified subject area. This law states that 'the number of authors making n contributions is about $1/n^2$ of those making one; and the proportion of all

contributors that make a single contribution is about sixty percent'. This means that out of all the authors in a particular field, 60 percent of authors will have one publication, 15 percent will have two publications ($1/2^2$ times 60), 7 percent will have three publications ($1/3^2$ times 60) and so on. This law is mathematically represented as $X^n Y = C$ where, X is number of publications, Y is relative frequency of author with x publication. Here, C and n are constants depending on the specific field.

### Bradford's Law (Bradford, 1934)

Samuel C. Bradford described a scattering pattern of journals in the area of applied geophysics and lubricants. This law serves as a general guideline to information professionals in determining the number of core journals in any given subject field. According to him, if journals in a particular subject are arranged in descending order of productivity and divided them into three zones containing the same numbers of articles then the number of journals in these zones will be in the ratio of $1:n:n^2$. Core journals on the given subject are relatively few in number that produce nearly one third of all the articles. Second zone also contains the same number of articles as the first but the number of journals are n times more than that of the core zone. Similarly, the third zone contains the same number of articles but the number of journals increases again by n times more than that of the second zone. Hence, the mathematical relationship of the numbers of journals in the core zone, second zone and third zone is expressed as $1:n:n^2$, where n represents a constant number of journals.

### Zipf's Law (Zipf, 1949)

George Kingsley Zipf proposed quantitative representation of the words for the analysis of given text. The law is often used to predict the frequency of words within a text. This law states that in a relatively lengthy text, if words are arranged in decreasing order of its frequency of occurrence, then the rank of a word when multiplied by its frequency will yield a constant value. The equation that represents Zipf's Law is $rf=C$, where r is the rank of a word, f is the frequency of occurrence of the word and C is the constant for the given text. The law is useful in developing controlled vocabulary like thesaurus.

### Bibliometrics Tools and Software

Different tools and software have been developed and used for conducting bibliometrics analysis. Those tools and software facilitate comparative analysis, citation analysis, database source support and pre-processing capabilities related to publications. Few examples are; BibExcel, CiteSpace, VOS viewer, Netdraw, etc. As an analysis tool, bibliometrics contains a more spacious set of techniques suitable for practitioners through these tools and software. They also allow for the loading and exporting of data and information from many reliable sources.

### Synonymous terms of Bibliometrics

The term 'bibliometrics' stresses on the measurement of articles, publications, productivity of authors, productivity of journals, citation in general regardless of discipline. Whereas the term 'scientometrics' emphasizes the measurement of the productivity of scientific and technological knowledge. Several other terms like infometrics, librametrics, cybermetrics, webometrics etc. are used depending on the area of objects being measured. Actually the meaning of each is to analyze, quantify and measure communication phenomena.

### Conclusions

Bibliometrics has become an essential tool for measuring and analyzing literary outputs. It is applied to define general productivity in a specific subject. It is also used to evaluate the productivity of individual researchers, journals and any other levels of production

or performance. Being significant methods for measurement, analysis and evaluation of the publications, researchers should be aware of these evaluation techniques because it is applied to their research output when being evaluated for funding, hiring and tenure.

In the context of our country most of the information professionals are unaware of this statistical method. Information workers of the libraries, information centers or knowledge dissemination centers remain busy in housekeeping operations. So they get less chance to give time for such an important part of their duty. Librarians can play an important role in bringing tool and methods for measuring subject wise scholarly impact. They can support faculty with the publishing process. Actually this in an essential field of research for librarians that has to be flourished to prove themselves as catalysts in the field of scholarly impact.

**References**

Andrés, A. (2009). *Measuring academic research: How to undertake a bibliometric study*. Elsevier.

Chaturbhuj, S. B. Application of Bradford's Law of Scattering and Leimkuhler Model on Fluid Mechanics Literature Published during 2001-2019.

Dimitra, K., Nikolaos, M., & Maro, V. (2017). Bibliometrics and altmetrics literature review: Performance indicators and comparison analysis. *Performance Measurement and Metrics, 18(1).*

De Bellis, Nicola. Bibliometrics and Citation Analysis: From the Science Citation Index to Cybermetrics. Lanham, Md: Scarecrow Press, 2009.

Oxford Dictionary. (n.d.). Bibliometrics. In fastquiksearch.com retrieved August 7, 2021,from https://www.fastquicksearch.com/web?o=811159&l=dir&qserpSearchTopBox&q=bibliometrics

Rao, I. K. R. (1983). *Quantitative methods for library and information science.* Wiley Eastern Limited.

SB, C., & Batcha, M. S. (2020). Application of Bradford's Law of Scattering and Leimkuhler Model on Fluid Mechanics Literature Published during 2001-2019.

Zupic, I. & Cater, T. (2015). Bibliometric methods in management and organization. *Organizational Research Methods*. DOI: 10.1177/1094428114562629

# Updated Nepal Notation expanded 954.96 with Seven Provinces in DDC WebDewey





✍ **Bina Vaidya**
Former Associate Librarian, Tribhuvan University Central Library.

✍ **Yadab Chandra Niraula**
Under Secreatary, Ministry of Education, Science and Technology.

It is our great pleasure to pass this information to all our professional librarians in Nepal and also to all other DDC users around the world that DDC Editorial Policy Committee has approved our request to include DDC notations for seven provinces by expanding DDC given notation Nepal 954.96. Now this updated Notation for Nepal at T2 - 5496 including 7 provinces number for all. Five of seven provinces now have official names and province one and two are waiting for the official names. Detail information has been given in WebDewey.

This updated DDC notation for Nepal at T2 - 5496 including 7 possible through the continuous effort of Alex, Kyrios, OCLC editor. It is formally announced by DDC Editorial Policy committee in 26th January, 2021 after the receipt of request from Alex, Kyrios to the committee. But we received this good news very late recently after we sent her a reminder letter. In her reply, she has mentioned us "I apologize for not sharing the good news with you. We published the new notation back January. I wrote a **Blog post** link about the changes then. The changes went live in **WebDewey in** January, and were also finished in time to be included in the 2021print - on-demand product. Thanks again to you and your colleague for your work on this."In this Blog post link all information on the formal changes or updates the at T2- 5496 including 7 provinces numbers for all with official names has given. For two provinces 1 and 2 they are waiting to receive the official name. Madam Alex's thanked the volunteers who helped with this development including the librarians and Ministry of Education officials from Nepal who thoroughly reviewed the proposals and suggested for improvement. We can see the following Approved and update for Nepal in WebDewey:

| | |
|---|---|
| T2- 5496 | Nepal |
| T2-5496/ | Province No. 1 |
| T2- 5496/2 | Province No. 2 |
| T2- 5496/3 | Bagmati Pradesh (Bagmati Province, Province No.3) |
| T2- 5496/4 | Gandaki Pradesh (Gandaki Province, Province No.4) |
| T2- 5496/5 | Lumbini Pradesh (Lumbini province, Province No.5) |
| T2- 5496/6 | Karnali Pradesh (Karnali province, Province No. 6) |
| T2- 5496/7 | Sudurpashchim Pradesh (Sudurpashchim province, Province No.7) |

### Process adopted for the update of T25496

Back to August, 2018 I got an opportunity to attend International Federation of Library Associations and Institutions World Library and Information Congress General and Assembly and conference in Kwala Lumpur, Malaysia, there I got an opportunity to attend OCLC International Dewey Users short meeting

of one and half hours organized by Dewey Decimal Classification team from Library of congress, Washington D.C. including OCLC Editor, CIP chief, and many other staff from Library of congress (LoC). Before attending the meeting the participants have to register their name which I did from here Nepal. This helped me to plan to put before them DDC development for Nepal notation 954.96.

I had attempted it 2005 too with late librarian P.P. Amatya, Assistant Librarian when I was working in Tribhuvan University Central Library (TUCL) according to theadministrative division of Nepal expanding Nepal notation 954.96 including DDC notations for five Regional Development, 14 zone, and 75 districts. But during that time, we did not receive the reply and remained pending. The table is still available in TUCL but not used. This was my second attempt which was successful and I was able to attend in a round table talk with DDC team and OCLC editor, Alex.Kyrios. There, I proposed them is why Nepal's Notations is not yet expanded since the first Publication of DDC many years back. Where as in the case of India DDC has provided in **Area 2- 954** it is expanded and notations with official name are given to almost all main cities of India like Delhi, Bombay, Calcutta and so on. Similarly, many area notations of other countries have been expanded. Alex, Kyrios and DDC team were convinced and agreed with my proposal.

After the end of the meeting according to the present situation of Nepal I requested them to develop or expand DDC notation for Nepal 954.96 including 7 DDC notations for 7 provinces with official names 3, 4, and 6 given by the government of Nepal in 2015 and also told them to send the official names of all provinces and waited for long days to receive the names of all provinces. But I could not send them those names nearly two years.

Suddenly on Sept.18, 2020 I received an email from OCLC, DDC editor Alex Kyrios "Dear Bina Vaidya, you may recall meeting of the DDC Dewy Decimal Classification team at IFLA WLIC 2018 and suggesting development in T2 for the provinces of Nepal. At that time, we thought to wait until the provinces had official name, now, that the majority of them do. We have outlined proposal to add notations for the provinces with the intention of filling the names of provinces 1 and 2, and 5 once choosen. Once all seven have official names each was given numerical designation with official names. We would welcome your feedback on this and please free to share it with your interested colleague". The numerical designation for Nepal with provinces is as follows:

**T2--5496 Nepal**

| | |
|---|---|
| T2--0 | Table 2. Geographic Areas, Historical Periods, Biography |
| T2--3-T2--9 | Specific continents, countries, localities; extraterrestrial worlds |
| T2--4-T2--9 | Modern world; extraterrestrial worlds |
| T2--5 | Asia |
| T2--54 | India and neighboring south Asian countries |
| T2--549 | Other jurisdictions |
| **T2--5496** | **Nepal** |
| T2--5496/1 | Province No. 1 |
| T2--5496/2 | Province No. 2 |
| T2--5496/3 | Bagmati Pradesh (Bagmati Province, Province No. 3) |
| T2--5496/4 | Gandaki Pradesh (Gandaki Province, Province No. 4) |
| T2--5496/5 | Lumbini Pradesh (Lumbini Province, Province No. 5) |
| T2--5496/6 | Karnali Pradesh (Karnali Province, Province No. 6) |
| T2--5496/7 | Sudurpashchim Pradesh (Sudurpashchim Province, Province No. 7) |

*Source: https://ddc.typepad.com/.a/6a00d8341d500f53ef026bdeb8b889200c-pi retrievd on 8/11/2021.*

To provide final numerical designation she suggested to have meeting with your colleague for feedback who are interested in the subject. After the receipt of her letter, I consulted with our friends to organize a webinar as it is not possible to have physical meeting. We organized the webinar through Ministry of Education, Science and Technology to collect the suggestions in the topics "DDC development for Nepal on December 5, 2020. Nine participants participated in the webinar. Participants were from NLA, Nepal community libraries, READ Nepal, Central Department of Library and Information Science,

Representatives from Government Ministries, Tribhuvan University Central Library, retired librarian and so on. All the participants unanimously agreed that it would be better to represent the numerical designation for Nepal with 7 provinces from 1 after Nepal notation 5496 that is:

| | |
|---|---|
| T2- 5496 | Nepal |
| T2- 54961 | province No.1 |
| T2- 54962 | province No.2 |
| T2- 54963 | Bagmati Pradesh (Bagmati Province No. 3 ) |
| T2- 54964 | Gandaki Pradesh (Gandaki province No. 4 ) |
| T2-5496 5 | Lumbini Pradesh (Lumbini Province No. 5 ) |
| T2- 54966 | Karnali Pradesh (Karnali province No. 6 ) |
| T2- 54967 | Sudurpaschim Pradesh (Sudurpaschim province No. 7 ) |

We sent the report of the webinar to Alex, Kyrios mentioning all details on it. The report was prepared by me and yadab Chandra Niraula, Under Secretary and Section chief of Library Coordination and Documentation Section, Ministry of Education, Science and Technology. After the receipt of the report Alex, Kyrios sent this report to DDC Editorial Policy Committee for approval. It is approved in 26 January, 2021 and made available in WebDewey to use by all DDC users. But we received it recently through Alex, Kyrios.

Finally, I would like to communicate this message to all DDC users of our country and abroad to use above given updated, approved T2 - Nepal 95496 with Province's notations starting Province No 1. to Province No. 7 in their documents. Physically, it will be published in the coming edition of DDC for now it is available in WebDewey. This is good news for all of us. We have achieved it after more than hundred years. As the chage in DDC is one of the continuous processes in every new edition, we can also purpose for new adoption as per our national requirement if needed.

# Subject Heading List and Localization



✍ **Parbati Pandey**
Asst. Prof.
TUCDLIS

## Introduction

Libraries or information centers specifically have the objectives to fulfill users' needs selectively on demand for that they store, process, and retrieve information sources only for the purpose of dissemination. A library is a storehouse of knowledge, where various sources of information are kept and shared through different services. The function and role of the library have been changing time and again due to the dramatic evolution of information communication technology (ICT), information-seeking behavior of users, different forms and formats of information resources, etc.

It is very challenging job to serve the hybrid nature of users. To organize the knowledge in the library, various technical tasks are required, among which cataloging and classification are major. Cataloging and classification have symbiotic relations in between. Classification provides the notational symbol for the document which helps to arrange them in helpful sequence. The techniques used to prepare this sequence are not generally familiar to general users. So, the catalogs are prepared to show them various ways to locate the document. Catalog mainly consists of two parts: descriptive and subject part. The catalog provides a different approach to search the document like author approach, title approach, subject approach, etc. Among these different approaches, the subject approach is a oftenly used approach.

Subject cataloging is focused on the subject content of the document. It includes assigning subject headings for the informational items. The subject cataloging makes it easy for library users to search from the subject. Most of the users have their subject interest, based on which they seek information they like and need. The collection is not the problem of today but retrieval of exact information is the main challenge for both users and staff. Libraries or information centers adopt various kinds of tools to fulfill their specific objectives of providing adequate subject headings for documents. Some of them are Subject Heading Lists, Thesaurus, Classification tools, Cataloguing Codes, Indexes, Abstracts, Bibliographies, etc. This paper aims to highlight the importance of Subject heading lists for local subjects to represent all kinds of literature of the local community.

A subject catalogue of a library accumulates documents on a specific subject possessed by a library. The entries that indicate the addition of documents in classes defined by subject content are known as 'subject entries' or 'subject added entries. Therefore, the procedure of preparing subject entries for documents and organizing them for easy retrieval is known as subject cataloguing. This task is accomplished by assigning subject heading and reference, which facilitates retrieval of documents through the medium of catalog. Purposes of subject cataloging are; to enable the information seekers to identify documents on a given subject, to make them

familiar with the presence of library materials related to the subjects and to provide a formal description of the subject content of any bibliographic unit in exact form.

### Subject Heading representing knowledge

The subject is considered as an interest of an area or field in which information generators are directly involved in the study or share the knowledge they have. The subject heading is the most specific term or group of terms that indicate the core subject or compound subjects of a book or any other information materials which are derived by using a standard subject heading list. It provides an access point and enables the information users to search and retrieve by subject from the library catalog or OPAC. Subject heading also serves the dual function of location and collocation of the library document. Subject heading lists are used by a cataloguer to help them in their selection of appropriate right subject headings and to keep uniformity and consistency.

The main objectives of the subject heading are to list all materials or documents of the library on a given specific subject under a predefined uniform phrase or subject. It helps searchers of the information to locate and retrieve the needed information sources by given subjects as soon as possible. And highlights the strengths and weaknesses of different subjects in the library collection. It also keeps many documents in one place written by a particular author. Inform users about the emergence of new literature in their subject interest. In the formulation of subject headings, we should follow the basic principles; subject heading should reflect the terminology used in current literature, each heading should represent only one topic precisely, it should be neutral, inclusive, or unbiased, when headings are changed or new headings established, headings in bibliographic records need to be updated to maintain currency and viability.

### Subject Heading List

Many different terms can be applied for a specific subject. For example, the term 'acting' can be called drama, theatre, pageants, actors, public speaking, etc. If the choice of assigning subject heading is provided to the individual cataloger, library or technical section of the library the confusion would be the result. Because of that, the use of different standard rules for cataloging and deciding main and other added entries, different cataloging tools are used to maintain uniformity in assigning subject headings. Library of Congress Subject Headings (LCSH), Sears List of Subject Headings (SLSH) are a few examples widely used by different libraries for the same purpose. Before determining subject headings to assign, the library technician or cataloger should determine what the material is written about at first.

गर्ने प्रमुख स्थल हो । नेपालदेखि विश्वभरको इतिहास नियाल्दा प्राचीनकालदेखि नै पुस्तकालयले शैक्षिक, सामाजिक, राजनीतिक र आर्थिक रूपान्तरणको पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देखिन्छ । नेपालको इतिहासमा खासगरी मकै पर्व र पुस्तकालय पर्वलाई चेतनाको बिजारोपण गर्ने जगका रूपमा लिइन्छ । सार्वजनिक पुस्तकालय ज्ञान र सूचना प्रदान गर्ने थलो मात्र नभई भिन्न पृष्ठभूमि, भूगोल, भाषा, धर्म, संस्कृति, उमेर समूह, पेशा-व्यवसाय र समुदायका मानिसहरू बिच मित्रता स्थापित गर्ने थलो पनि हो । बालबालिकाहरूलाई पढाइप्रति रुचि जगाउने, ज्ञान बढाउने र ज्येष्ठ नागरिकहरूका लागि मन बहलाउने माध्यम हो । यसले युवा, अनुसन्धानकर्ता र नीति निर्माताहरूका लागि आवश्यक बौद्धिक खुराक प्रदान गर्दछ । पुस्तकालयमा समसामयिक विषयमाथिको छलफल, अन्तरक्रिया, प्रतियोगिता र ज्ञानवर्धक भिडियो प्रदर्शनीजस्ता कार्यक्रमहरूले बालबालिका र युवा विद्यार्थीहरूलाई सामाजिकीकरणमा भरपुर सहयोग पुऱ्याउँछ । विभिन्न पेशा-व्यवसायबाट अवकाशप्राप्त र ज्येष्ठ नागरिकहरूका लागि खुसीपूर्वक समय बिताउने अवसर प्रदान गर्दछ । युवाहरूलाई कुलतबाट र वृद्धहरूलाई डिप्रेसनबाट जोगाउँछ । अमेरिकामा गरिएको शोधले अध्ययनशील मानिसको तनाव कम र औसतको भन्दा बढी आयु भएको देखाएको छ (क्षेत्री, २०७६) ।

## २. प्रदेश केन्द्रीय पुस्तकालयको आवश्यकता

भौगोलिक रूपमा देशको मध्य भागमा अवस्थित गण्डकी प्रदेशमा ११ जिल्लाहरू पर्दछन् । यस अन्तर्गत एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी जम्मा ८५ स्थानीय तह रहेका छन् । गण्डकी प्रदेशमा २४०३०१६ मानिसहरू बसोबास गर्छन्, जुन देशको कुल जनसङ्ख्याको ९.०६ प्रतिशत हो (About Gandaki Province) । यहाँको साक्षरता प्रतिशत ७४.८ रहेको छ (उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, २०७५) । तीमध्ये प्रदेश राजधानी पोखरामा मात्र स्थायी र अस्थायी गरी करिब १० लाख मानिसहरू बसोबास गर्छन् । पोखरा गण्डकी प्रदेशको राजधानी सहर हो । शैक्षिक क्षेत्रमा यसको छुट्टै पहिचान छ । तर सर्वसाधारणको स्वतन्त्र अध्ययनका लागि यहाँ एउटा पनि सरकारी पुस्तकालय छैन । भनिन्छ- पुस्तकालयविना सहरी सभ्यता नै अधुरो बन्छ । प्रदेश राजधानी पोखरामा सुविधासम्पन्न प्रदेश पुस्तकालयको आवश्यकता दिन प्रतिदिन खड्किँदो छ । पुस्तकालय नागरिकहरूका लागि मात्र होइन प्रशासनिक तथा राजनीतिक नेतृत्वदेखि विधायकहरू सबैलाई अपरिहार्य मानिन्छ । यसमा सरकारदेखि आम नागरिकहरूको पहुँच रहन्छ । यस प्रकारको अभ्यास विकसित मुलुकहरूमा सयौं वर्ष अघिबाट सुरु भएको पाइन्छ ।

अमेरिकी सरकारको सबैभन्दा पुरानो सांस्कृतिक प्रतिष्ठान 'लाईब्रेरी अफ कङ्ग्रेस' नवनिर्मित अमेरिकी राष्ट्रको विधानसभालाई सेवा पुऱ्याउने उद्देश्यले सरकारी सन्दर्भ पुस्तकालयको रूपमा सन् १८०० मा स्थापना भएको हो । उन्नाइसौं शताब्दीमा यो एक राष्ट्रिय प्रतिष्ठानको रूपमा विकसित हुनुका साथै दोस्रो विश्व युद्धपछि यो एक अद्वितीय पुस्तकालय बन्न पुगेको छ, जहाँ विश्वभरिका छापा तथा डिजिटल प्रकाशनहरू भण्डार गरिन्छ (नेपालस्थित अमेरिकी दूतावास, २०२१) । यसमा विश्वमा प्रचलनमा रहेकामध्ये चार सय ७० भाषाका पुस्तक, जर्नल र अन्य सामग्री छन् । विधायिकालाई सहयोग गर्न यति ठूलो पुस्तकालय भएपछि त्यो व्यवस्थापिकाले सूचना र ज्ञानलाई कति प्राथमिकता दिँदो रहेछ भन्ने कुरा स्पष्ट हुन्छ (तिवारी, २०७५) । यसबाहेक अमेरिकी नागरिक र अन्य मुलुकका पाठकहरूलाई समेत आवश्यक सेवा दिने गर्दछ । यसबाट हामीले प्रेरणा लिनुपर्छ ।

प्रदेश सरकारले आफ्ना नागरिकहरूलाई ज्ञान सामग्रीमाथिको पहुँच सुनिश्चित गरेर मात्र मानव विकास र दिगो विकासको लक्ष्य हाँसिल गर्न सकिन्छ भन्नेतर्फ हेक्का राख्नु जरुरी छ । प्रदेश पुस्तकालयलाई नागरिकहरूको भरोसा केन्द्रका रूपमा स्थापित गर्नुका साथै देश-विदेशका विशिष्ट पाहुनाहरूलाई औपचारिक भ्रमण तथा स्वागत सत्कार गर्ने प्रमुख स्थलको रूपमा

विकसित गर्न सकिएमा गण्डकी प्रदेश सरकारको मात्र नभई समग्र राष्ट्रको इज्जत र प्रतिष्ठा बढ्छ। विकसित देशहरूले राजकीय सम्मानका साथ हाम्रा राष्ट्राध्यक्ष र सरकार प्रमुखहरूलाई पुस्तकालय र सङ्ग्रहालयको भ्रमण गराएको प्रशस्त उदाहरणहरू छन्।

### ३. जमिनको व्यवस्थापन

प्रदेश पुस्तकालयको निम्ति गण्डकी प्रदेशको राजधानी पोखरामा उपयुक्त स्थानमा जमिनको व्यवस्था गर्नु आवश्यक छ। पोखराका कतिपय मुख्य भागहरूमा सार्वजनिक जमिनहरू छन्। प्रदेश पुस्तकालय प्रदेशको मात्र नभई राष्ट्रको गहना भएकाले सयौं वर्ष पछाडिसम्मको अबस्थालाई दृष्टिगत गर्दा न्यूनतम् १० रोपनी जमिन व्यवस्था गर्नुपर्ने देखिन्छ। पोखराको सन्दर्भमा नयाँबजारस्थित प्रदेश सङ्ग्रहालय परिसर सबैभन्दा उत्तम विकल्प ठहर गरी पोखरा सार्वजनिक पुस्तकालयको तर्फबाट पहल गर्दै आएको विषयमाथि सम्बद्ध पक्षहरू बिच गम्भीर बहस हुनु जरुरी छ। पुस्तकालय र सङ्ग्रहालय करिब समान प्रकृतिका संस्था भएकाले पोखराको सन्दर्भमा यी दुईवटा संस्थाहरू एकै परिसरमा अलग-अलग सञ्चालन गर्नु सर्वथा सान्दर्भिक ठहर्छ। यस प्रकारको व्यवस्था अन्य मुलुकहरूमा पनि रहेको पाइन्छ।

सङ्ग्रहालय करिब २४ रोपनी क्षेत्रफलमा अवस्थित छ। यी दुवै संस्थाको पूर्वाधार बिस्तारका लागि एकीकृत गुरुयोजना, विस्तृत परियोजना प्रस्ताव (DPR) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) जस्ता प्रारम्भिक कार्यका लागि उपयुक्त समय आएको छ। सङ्ग्रहालय परिसरमा पुस्तकालय थपिँदा सङ्ग्रहालयको योजना, संरचना, कार्य क्षेत्र आदिमा कहीँकतै असर गर्दैन बरु महत्त्व र गरिमा बढाउँछ। यी दुवै सामाजिक विकास मन्त्रालय अन्तर्गत रहन्छन्। यसको मुख्य प्रवेशद्वार, बगैंचा, विश्रामगृह र भवनभित्रको डकुमेन्ट्री हल, सभाहलहरू, चमेनागृह, उपहार कक्ष, भूमिगत पार्किङ लगायतका संरचनाहरू दुवै संस्थाले साझा रूपमा प्रयोग गर्न सकिन्छ। आर्थिक मितव्ययिता र उपयोगिताका दृष्टिले यो अभ्यास सबैभन्दा उत्तम ठहर्छ। यी दुई संस्था एउटै परिसरमा हुँदा पुस्तकालयमा आउने पाठकले सङ्ग्रहालय र सङ्ग्रहालयमा आउने आगन्तुकले पुस्तकालयको सेवा लिन र अवलोकन गर्न पाउँछन्। गण्डकी प्रदेशमा मात्र नभई देशकै लागि यो उदाहरणीय कार्य हुनेछ। यसबाहेक अन्यत्र उपयुक्त ठाउँमा पर्याप्त जमिन व्यवस्था गर्न सकिन्छ भने यस विकल्पमाथि पनि छलफल गर्नुपर्छ।

### ४. पुस्तकालय भवनको संरचना

गण्डकी प्रदेश पुस्तकालयको भवन बाहिरी आवरणमा गण्डकी प्रदेशको सभ्यता र संस्कृति झल्कने कलात्मक र आन्तरिक रूपमा आधुनिक सुविधाले सुसज्जित, न्यूनतम दुई हजार सङ्ख्या पाठकलाई एकैसाथ सेवा दिन मिल्ने वृहत् र बहुतले हुनुपर्छ। भूकम्प प्रतिरोधी, वातानुकूलित, अपाङ्गमैत्री, अग्निसूचक, प्रतिरोधात्मक तथा आपतकालीन सूचनाप्रणाली, लिफ्ट, भूमिगत पार्किङ सुविधासहितको भवन अबको आवश्यकता हो, जुन सयौं वर्ष पछिसम्म पनि उपयोगी बनोस्। गण्डकी प्रदेश पुस्तकालय निर्माणको सन्दर्भ काल्पनिक नभई युगको आवश्यकता हो। यसलाई बुहवर्षीय योजनाअन्तर्गत प्रदेशको आफ्नै स्रोतबाट सम्पन्न गर्न सकिन्छ, जुन ऐतिहासिक कदम हुनेछ।

अब बन्ने गण्डकी प्रदेश केन्द्रीय पुस्तकालय भवनमा- पुस्तक सङ्कलन कक्ष (भाषा र विधागत), अभिलेख शाखा, श्रव्यदृश्य शाखा, ब्रेल शाखा, जर्नल/पत्रपत्रिका शाखा, बाल शाखा, सन्दर्भ शाखा, अध्ययन-अनुसन्धान कक्ष, ई-लाईब्रेरी शाखा, सूचना तथा सञ्चार प्रविधि शाखा, पुस्तक लेनदेन शाखा, प्रिन्टिङ शाखा, भण्डार शाखा, मर्मतसंभार शाखा, पुस्तक प्राप्ति तथा दर्ता शाखा, प्राविधिक शाखा, अन्तर-पुस्तकालय सहयोग, आउटरिच शाखा, सुरक्षा तथा सम्पत्ति कक्ष, विभिन्न क्षमताका सभा र प्रदर्शनी हलहरू, पावर ब्याकप, सिसी टिभी कन्ट्रोल तथा रेकर्डिङ कक्ष, आराम कक्ष, उपहार कक्ष, चमेनागृह, शौचालय, विद्युतीय भऱ्याङ (Lift/Elevator), सुरक्षा द्वार तथा भूमिगत सवारी साधन पार्किङस्थलको छुट्टाछुट्टै व्यवस्थापन गरिनुपर्छ।

यसपछि अतिथि सत्कार कक्ष, व्यवस्थापन समितिको सचिवालय, कार्यालय व्यवस्थापनअन्तर्गत पुस्तकालय प्रमुखदेखि पुस्तकालय अधिकृत लगायतका अन्य कर्मचारीको कार्यकक्षहरू पर्दछन्। पुस्तकालय भवन जति आकर्षक हुन्छ, आन्तरिक रूपमा अझ बढी व्यवस्थित र आवश्यकता अनुकूल सजिलोसँग बिस्तार गर्न सकिने हुनुपर्छ भन्ने मान्यता छ।

### ५. सङ्ग्रह/कक्षको नामकरण

गण्डकी प्रदेशका प्रसिद्ध हिमाल, नदी, ताल, ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलदेखि विभिन्न जिल्लाको नामबाट विविध कक्षहरूको छुट्टाछुट्टै नामकरण गर्ने र प्रत्येक जिल्लासँग सम्बन्धित, जिल्लाबाट प्रकाशित र ती जिल्लाका सर्जकहरूबाट सिर्जना गरिएका सामग्रीहरू सङ्ग्रह गर्नु सान्दर्भिक हुन्छ। यसरी नै प्रत्येक जिल्लाको नक्सा, तस्बिर, ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदा र विभिन्न जातजातिका प्रसिद्ध पर्व र संस्कृतिसँग सम्बन्धित तस्बिरहरू तत्तत् कक्षहरूमा सजाउँदा पुस्तकालयको आन्तरिक सजावट आकर्षक देखिन्छ। यसो गर्दा पुस्तकालयमा आउने विभिन्न जिल्लाका पाठक र आगन्तुकहरूलाई आफ्नै गाउँ/सहरमा पुगेको सुखद अनुभूति हुन्छ। मनलाई प्रशन्न बनाउँछ।

### ६. प्रदेश पुस्तकालयका प्रमुख कार्यहरू

पुस्तक लगायतका सूचना सामग्रीहरू विभिन्न तरिकाबाट सङ्कलन, व्यवस्थापन, संरक्षण, डिजिटाइजेसन गरी पाठकहरूले खोजेका सामग्रीहरू सजिलोसँग उपलब्ध गराउने पुस्तकालयको प्रमुख कर्तव्य हो। यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरूदेखि प्रदेश सरकार, स्थानीय सरकार, गैरसरकारी निकाय, व्यक्ति, लेखक/सर्जकका सिर्जना, कलाकृति, पुस्तक, जर्नल, पत्रपत्रिका, लेखरचना, बुलेटिन, स्मारिका, प्रतिवेदन, थेसिस, श्रव्य, श्रव्यदृश्य सामग्रीहरू, सरकारी ऐन, नीति, नियम, प्रकाशन, सन्धी-सम्झौता, निर्णय, योजना, निर्देशिका, कार्यविधि, अदालतका लिखत, फैसला, नक्सा, तस्बिर, डकुमेन्ट्री आदि सामग्रीहरू व्यस्थित रूपमा सङ्ग्रह गरिएको हुन्छ। प्राप्त सामग्रीको डाटावेश निर्माण र डिजिटाइजेसन गरी सबैका लागि पहुँचयोग्य तुल्याइन्छ। पुस्तकालय भनेको हरेक प्रकारका सूचना पाइने थलो हो। आवश्यक परेका बखतमा सरकार र नागरिकहरूले सबैभन्दा पहिला सूचना खोज्ने ठाउँ पुस्तकालय नै हो। सङ्ग्रह अभिवृद्धिसँगै तिनको संरक्षण र खोजेका बखत सजिलोसँग प्राप्त गर्न सक्ने गरी व्यवस्थापन गर्ने कार्य त्यत्तिकै चुनौतीपूर्ण हुन्छ।

यो प्रदेश पुस्तकालय प्रणालीको एक शीर्ष निकायको रूपमा रहन्छ र यसले प्रदेश निक्षेप पुस्तकालय (Provincial depositary library) को रूपमा काम गर्छ। तर हाम्रो देशमा प्रकाशन सञ्चय ऐन नभएकाले प्रदेशभित्र सबै सरकारी, गैरसरकारी संस्था, लेखक र प्रकाशकका प्रकाशनहरू कम्तीमा दुईदुई प्रति र विद्युतीयप्रति अनिवार्य रूपमा प्रदेश पुस्तकालयमा बुझाउनुपर्ने नीतिगत व्यवस्था गर्नुपर्छ। नेपाल राष्ट्रिय पुस्तकालय र त्रि.वि. केन्द्रीय पुस्तकालयबाट ISSN र ISBN प्रदान गर्दा प्रदेशसँग सम्बन्धित सामग्री प्रदेश पुस्तकालयमा अनिवार्य रूपमा बुझाउनुपर्ने व्यवस्था गरियो भने सामग्री सङ्कलनको कार्य सहज हुन्छ।

ई-लाईब्रेरी पुस्तकालयको अनिवार्य सर्त हो। प्रदेशस्तरीय वाङ्मयसूची (Province Union Catalogue), पत्रपत्रिका सूची (Union List of Periodicals), बुलेटिन, स्मारिका, वार्षिक प्रतिवेदन प्रकाशनजस्ता कार्यहरूसमेत प्रदेश पुस्तकालयको जिम्मेवारीमा पर्दछ। युगको जल्दोबल्दो आवश्यकता बाल पुस्तकालयको व्यवस्थापन हो र यसलाई पुस्तकालयको अभिन्न अङ्ग मानिन्छ। विशेष र फरक क्षमता भएका नागरिकहरूका लागि ब्रेल/अडियो पुस्तकालयको व्यवस्थापन गर्नुपर्छ। बुक बसमार्फत् प्रत्येक जिल्लाका बस्ती-बस्ती र विशेष गरी ग्रामीण बस्ती र विद्यालयहरूमा घुम्ती पुस्तकालय सेवा सञ्चालन गर्नुपर्छ, जुन पुस्तकालय प्रवर्द्धनको नयाँ आयाम हो। यसबाहेक प्रदेशभित्र स्थानीय तहमा सञ्चालित पुस्तकालयहरू बिच समन्वय, सहकार्य, नियमन, जनशक्ति विकासका कार्यक्रमहरू- तालिम, गोष्ठी, अन्तरक्रियाजस्ता कार्यहरू पर्दछन्। पठन

संस्कृतिको विकास र पुस्तकालयको प्रवर्द्धनका लागि विविध अन्तरक्रिया, प्रतियोगिता, गोष्ठीहरू सञ्चालन गरिन्छ। पुस्तकालय क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था इफलाजस्ता संस्थाहरूको कार्यक्रममा पुस्तकालयको प्रतिनिधित्व गरी भाग लिने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पुस्तकालयहरूसँग सहकार्य गरी विविध कार्यक्रमहरू सञ्चालन गर्ने, सञ्जाल बिस्तार गर्ने, स्रोत आदान-प्रदान गर्ने, पुस्तकालयको विकासबारे कार्ययोजना तयार पारी प्रदेश सरकारका सम्बन्धित निकायहरूमा पेस गर्ने र पुस्तकालयको विकासबारे प्रदेश सरकारलाई सल्लाह दिनेजस्ता कार्यहरू पर्दछन्।

**७. जनशक्ति व्यवस्थापन**

पुस्तकालय तथा सूचना विज्ञान र सूचना प्रविधि (आइटी) विषयमा उच्च शिक्षा हासिल गरेका दक्ष र तालिमप्राप्त कर्मचारीहरूको बढी मात्रामा आवश्यक पर्ने हुँदा अब बन्ने प्रदेश र स्थानीय तहका पुस्तकालयमा यसप्रकारका जनशक्तिहरू प्रस्ताव गरिएको छ।

| पद/स्तर | प्रदेश | स्थानीय तह | | |
|---|---|---|---|---|
| | | महानगरपालिका | नगरपालिका | गाउँपालिका |
| उपसचिव (पुस्तकालय विज्ञान समूह) | १ | १ | - | - |
| पुस्तकालय अधिकृत (पुस्तकालय विज्ञान समूह) | ५ | २ | १ | १ |
| सूचना प्रविधि अधिकृत (कम्प्युटर) | १ | १ | १ | - |
| सूचना प्रविधि सहायक (कम्प्युटर) | १ | १ | १ | १ |
| पुस्तकालय सहायक | ५ | ३ | ३ | २ |
| लेखापाल | १ | १ | १ | १ |
| कार्यालय सहयोगी | ६ | ३ | ३ | २ |
| | २० | १२ | १० | ७ |

**८. खाँचो पुस्तकालय ऐनको**

विश्व इतिहासमा सर्वप्रथम बेलायतमा सन् १८५० मा पुस्तकालय ऐन पारित भएको देखिन्छ। संयुक्त राज्य अमेरिकामा १९ औं शताब्दीमा विभिन्न कानुनमार्फत् सार्वजनिक पुस्तकालय स्थापना गरिएको थियो। छिमेकी मुलुक भारतका २० भन्दा बढी राज्यले प्रदेश सार्वजनिक पुस्तकालय ऐन निर्माण गरी कार्यान्वयन गरेको पाइन्छ (निरौला, २०७६)। सन् १९९४ मा युनेस्कोले सार्वजनिक पुस्तकालय घोषणापत्र जारी गरेको थियो (I.F.L.A., 1994)। यसले पुस्तकालय ऐनको अपरिहार्यतालाई जोड दिएको छ।

नेपालमा आजसम्म पुस्तकालय सम्बन्धी ऐन, नियम बनेको छैन। पुस्तकालयको इतिहासमा वि.सं. १८६९ को पुस्तक चिताइ तहबिलको नाममा जारी भएको लालमोहरलाई पहिलो नियमका रूपमा लिइने गरिन्छ। यसपछि नेपालको पहिलो राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन-२०११ देखि यसपछिका प्रतिवेदन, पञ्चवर्षीय योजनाहरू र स्थानीय स्वायत्त शासन ऐन २०५५ मा समेत सार्वजनिक तथा सामुदायिक पुस्तकालयबारे उल्लेख गरिएको पाइन्छ। पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति २०६४ र पुस्तकालय तथा सूचना व्यवस्थान निर्देशिका २०६९ सार्वजनिक तथा सामुदायिक पुस्तकालय लक्षित नीति र निर्देशिका हुन् (पौडेल, २०१६; शिक्षा मन्त्रालय, २०६९)।

नेपालको संविधान २०७२ को भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व शीर्षक अन्तर्गत धारा ५१ ज (४) मा 'नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने' उल्लेख गरिएको छ । राज्यका विभिन्न अङ्गहरूका अधिकारलाई विभिन्न धारा र अनुसूचीमा समावेश गरी स्पष्ट पारिएको छ, जसअनुसार अनुसूची ६ अन्तर्गत प्रदेशको सूची (ङ) मा 'प्रदेश पुस्तकालय' बारे उल्लेख गरिएको छ (संविधानसभा सचिवालय, २०७२) ।

यसबाहेक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (नेपाल कानुन आयोग, २०७४) र राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि स्थानीय तहमा सार्वजनिक पुस्तकालय सञ्चालन गर्नुपर्ने कुरा औंल्याइएको पाइन्छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७६) । तर ऐन, नियमविनाको नीति र निर्देशिका सरकारी देखावटी कागज मात्र भएको र पुस्तकालय पेशाकर्मीहरूले जति प्रयास गरे पनि कार्यान्वयन गर्न नसकिएकाले सबैभन्दा पहिले ऐनको खाँचो खड्किएको छ ।

## ९. गण्डकी प्रदेशका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरू

### (९.१) तथ्याङ्क सङ्कलन विधि

छोटो अवधिमा टेलिफोन सम्पर्क, सामाजिक सञ्जाल र प्रकाशित सामग्रीका आधारमा तथ्याङ्क सङ्कलन गरियो । प्रस्तुत लेखमा अहिले सञ्चालनमा रहेका र पुनर्निर्माण भईरहेका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको विवरण समावेश गरिएको छ । विभिन्न सम्पर्क सूत्रका आधारमा भेटिएकामध्ये पूर्ण र आंशिक रूपमा सञ्चालित पुस्तकालयको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| १ | कास्की | अरण्यज्योति पुस्तकालय, पोखरा-१३, कुँडहर,<br>फोन : ०६१-५२३२४७<br>अध्यक्ष : राजेन्द्र भण्डारी ९८४६०-४४२४९<br>Email: ptpipokhara@yahoo.com | २००९ | भएको |
| २ | | ज्ञानज्योति पुस्तकालय, पोखरा-१५, रामबजार, लक्ष्मीटोल, फोनः ०६१-४३००११<br>अध्यक्ष : माधवप्रसाद बराल ९८५६०-२६६०२<br>Email: madhavbaral15776@gmail.com | २०२४ | भएको |
| ३ | | दीपशिखा सामुदायिक पुस्तकालय, पोखरा-२९, भण्डारढिक, फोन : ०६१-५६१७८३<br>अध्यक्षः कृष्णहरि भण्डारी, ९८५६०-२४६३९<br>कर्मचारीः धनमाया पहारी ९८४६५-११६२९<br>Email: deepshikhaclrc@gmail.com | २०५८ | भएको |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| ४ | | पोखरा सार्वजनिक पुस्तकालय, पोखरा-९, महेन्द्रपुल *(यस अन्तर्गत अमेरिकन कर्नर समेत सञ्चालित)*, फोनः ०६१-५३२५११<br>अध्यक्षः प्रा.डा.विश्व श्रेष्ठ, ९८४६०-३७१८६<br>कर्मचारी : अमर कुँवर, ९८६६०-०७६१६<br>Email: pokharapubliclibrary@gmail.com<br>pokharaamericancorner@gmail.com | २०४९ | नभएको<br>(पोखरा महानगरपालिकाको भवनमा सञ्चालित) |
| ५ | | बुद्ध बाल घुम्ती पुस्तकालय, पोखरा-३ नदीपुर, फोनः ०६१-५८९३८४<br>अध्यक्ष : तेज कुमार गुरुङ ९८५६०-२०९८४<br>कर्मचारी : ईश्वरी तिवारी ९८४६२-७९९२८<br>Email : bcmobilelibrary@gmail.com | २०६९ | नभएको<br>(भाडाको भवनमा सञ्चालित) |
| ६ | | सहिद स्मृति पुस्तकालय, पोखरा- ५, मालेपाटन, फोन ०६१-४१९२५०<br>अध्यक्ष : कृष्णप्रसाद बराल, ९८४६०-४७९७९<br>Email: baralkrishna101@gmail.com<br>कर्मचारी : ममता रिजाल ९८६७७-४१५१५ | २०४७ | भएको<br>(सूर्यचन्द्र विकास समाजद्वारा सञ्चालित) |
| ७ | | हाइ वान होप सामुदायिक पुस्तकालय, पोखरा- ३३, बरपाण्डेथुम, भरतपोखरी<br>अध्यक्ष : केशवराज लम्साल ९८५६०-२५९३१<br>Email: keshavlamsal567@gmail.com<br>कर्मचारीः गोविन्दराज लम्साल ९८५६०-४४००५ | २०७१ | भएको |
| ८ | | हिमालय पुस्तकालय, पोखरा-१६, बाटुलेचौर मैदान, फोनः ०६१-४४२०४२<br>अध्यक्ष : मोहनबहादुर थापा ९८४६०-५१९९२<br>कर्मचारी : शर्मिला थापा ९८४६०-२०३३८<br>Email: bhimalayakrishi2072@gmail.com | २०७१ | भएको<br>(हिमालय क्लबद्वारा सञ्चालित) |
| ९ | गोरखा | ताकुकोट सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, बारपाक सुलिकोट गाउँपालिका, वडा नं. ६, ताकुकोट<br>अध्यक्षः मोहप्रसाद पनेरु, ९८४६२-५४८१९<br>सचिवः कृष्ण सुवेदी ९८४५५-९१३३१<br>कर्मचारी : सुजाता आले : ९८६०१-८५६३७<br>Email: takukot.clrc@gmail.com | २०७२ | भवन निर्माणाधीन |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| १० | | त्रिभुवन पुस्तकालय, गोरखा नगरपालिका-६ तीनधारे<br>समन्वयकर्ता एवम् सल्लाहकारः<br>डा. राजुबाबु श्रेष्ठः ९८५१०-७२६७७<br>Email: rajubabu25@gmail.com | २००८ | भवन निर्माणाधीन |
| ११ | तनहूँ | एकदेव आले स्मृति प्रतिष्ठान पुस्तकालय, व्यास नगरपालिका-३, कार्यालय लाईन<br>अध्यक्षः रामचन्द्र सापकोटा ९८५६०-६४०५५<br>कर्मचारी :चन्द्रकला साँखी बजगाईं, ९८४६६-३६२११<br>Email: chandarkalasankhi8@gmail.com | २०५३ | भएको<br>(एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठानद्वारा सञ्चालित) |
| १२ | | देवघाट सार्वजनिक पुस्तकालय, देवघाट गाउँपालिका- ५, देवघाट<br>अध्यक्ष : शिवराज पौडेल ९८४५०-९००५२<br>कर्मचारी : गीताकला ढकाल ९८४५१-१२३०२<br>Email: devghatpustakalaya42@gmail.com | २०६३ | भएको |
| १३ | | पद्म पुस्तकालय, बन्दीपुर गाउँपालिका ४, बन्दीपुरबजार<br>अध्यक्षः बिमला श्रेष्ठ, ९८०८१-०६०४९ | २००८ | भएको |
| १४ | | भानु पुस्तकालय, भानु नगरपालिका-४, चुँदीरम्घा<br>सचिवः रामकुमार श्रेष्ठ, ९८४६०-५५५१० | २००८ | भएको |
| १५ | नवलपरासी (सुस्ता-बर्दघाट पूर्व) | अग्यौली सामुदायिक स्रोत पुस्तकालय, कावासोती नगरपालिका-१६, डण्डाबजार<br>फोनः ०७८-४१८०४१<br>अध्यक्ष : सूर्यप्रसाद पाण्डे ९८५७०-४०३६६<br>कर्मचारी : चेतना रसाइली : ९८६७०-३१६७२<br>मदन गिरी : ९८४७२-५२९४९<br>Email: agyoliclrc@gmail.com | २०५५ | भएको |
| १६ | | देउराली सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, हुप्सेकोट गाउँपालिका-१, वेलुवा, नवलपरासी<br>अध्यक्षः चोकबहादुर पाइजा : ९८५७०-४०१७३<br>कर्मचारी : अञ्जली मिश्र ९८१७४-०९७७७<br>इन्द्रावती पाण्डे ९८२७५-६४९८५<br>Email: deuraliclrc@gmail.com | २०६८ | भएको |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| १७ | | प्रगतिनगर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, देवचुली नगरपालिका-११, धारापानी चोक<br>फोनः ०७८-५७५१२५<br>अध्यक्षः खिमानन्द भुषाल : ९८५७०-८८४९४<br>कर्मचारी : कला भुषाल : ९८४७२-४१३८४<br>Email: pragatinagarclrc@gmail.com | २०७१ | भएको |
| १८ | | फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, मध्यबिन्दु नगरपालिका वडा नं. ३, लेडाहा<br>अध्यक्ष : जुगतराम थनेत, ९८४७०-८९६९३<br>कर्मचारीः शर्मिला चौधरीः ९८६१५-४४०२४ | २०७० | भएको |
| १९ | | शिवशक्ति नगदुर्गा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, कावासोती नगरपालिका-१५, गोडार<br>अध्यक्ष : गुनबहादुर थनेत, ९८५७०-४१३४७<br>कर्मचारीः पूजा पौडेल, ९८४५९-५५९५५<br>Email: shivashakticlrc@gmail.com | २०६८ | भएको |
| २० | पर्वत | मोती सामुदायिक पुस्तकालय, फलेबास नगरपालिका-५, खानीगाउँ, फोनः ०६७-४३००१०<br>अध्यक्षः कृष्णराज पौडेल, ९८४७६-२५३११<br>कर्मचारीः ईन्द्रप्रसाद सापकोटा, ९८४७६-२६३१०<br>Email: motipustakalaya@gmail.com | २०१६ | भएको |
| २१ | बागलुङ | ज्ञानोदय भगवती पुस्तकालय, बागलुङ नगरपालिका वडा नं. ३, समीक्षालयचोक<br>अध्यक्ष : रामबहादुर जिसी ९८४७६-२१११०<br>सचिवः लोकेन्द्र केसी, ९८४७६-२११०२<br>कर्मचारीः सरोज क्षेत्री, ९८६४५-५३७१४<br>Email: gyanodayabhagawatilib@gmail.com | २०२१ | भएको |
| २२ | | विद्यामन्दिर पुस्तकालय, बागलुङ नगरपालिका-३, शिवधाराचोक, फोन : ०६८-५२१९१८<br>अध्यक्ष : रामप्रसाद शर्मा, ९८५७६-२२४८१<br>कर्मचारीः सुशीला श्रेष्ठ, ९८४७६-४३८१२<br>bhidyamandirpustakalaya@gmail.com | २००३ | भएको |
| | मनाङ | - | - | - |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| २३ | मुस्ताङ | थाक सामुदायिक पुस्तकालय, थसाङ, गाउँपालिका-१<br>अध्यक्षः विष्णु थकाली ९८४७६-६६९९६<br>कर्मचारी : सृष्टि थकाली ९८४३३-७६१२९<br>Email: thakclrc@gmail.com | २००८ | भएको |
| २४ | | पुथाङ समुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, घरपझोङ गाउँपालिका वडा नं. ३, जोमसोम पुथाङ एयरपोर्ट<br>उपाध्यक्ष : सुनकुमारी थकाली ९८५७६-५०२६२<br>सचिव : दीप्ता शेरचन ९८४७७-०७२२६<br>कर्मचारी : सुनिता सेन्चुरी ९८६७७-४४६२२ | सन् २००४ | भएको |
| २५ | | भूपी स्मृति थाक पुस्तकालय, थसाङ गाउँपालिका-२, कोबाङ<br>अध्यक्ष : वसन्त शेरचन, ९८४११-९०२३८<br>Email: sherchanbasant@gmail.com<br>सचिव : कमल गौचन, ९८५७६-५०३५५<br>कर्मचारीः ईन्द्रा मगर ९८६७६-९१२५४ | २०५७ | भएको |
| २६ | | लोमन्थाङ सामुदायिक पुस्तकालय तथा सूचना केन्द्र, लोमन्थाङ गाउँपालिका वडा नं. ५<br>अध्यक्षः जिग्मेसिँगे परवल विष्ट, ९८५१०-२१४५३<br>कोषाध्यक्षः देवबहादुर गुरुङ, ९८४१८-९२०९२<br>Email: devlhoba@gmail.com | सन् २००९ | भएको |
| २७ | म्याग्दी | नागी सामुदायिक पुस्तकालय, अन्नपूर्ण गाउँपालिका वडा नं. ८, नागी<br>अध्यक्षः लक्ष्मण गर्बुजा ९८४७-६५१२०६<br>कर्मचारीः तिलमाया गर्बुजा ९८४७७-३८२२६<br>Email: chinmayagarbujapun@gmail.com | २०५४ | भएको |
| २८ | | म्याग्दी सामुदायिक पुस्तकालय, बेनी नगरपालिका-७, बेनीबजार,फोनः ०६९-५२०७२७<br>अध्यक्षः सन्तोष रावल ९८५७६-४००६०<br>कर्मचारी : कमला शर्मा ९८४७६-२८०११<br>Email: librarymyagdi@gmail.com | २०२७ | भएको |
| २९ | लमजुङ | जनचेतना पुस्तकालय, मध्य-नेपाल नगरपालिका-४, दुईपिप्ले<br>अध्यक्ष : राजकृष्ण श्रेष्ठ, ९८४६०-३०६३३ | २०२५ | नभएको (भाडाको घरमा सञ्चालित) |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| ३० | | भोटेओडार सार्वजनिक पुस्तकालय, सुन्दरबजार नगरपालिका-९, सिउँडीबार,<br>फोन: ०६६-४००२०६<br>अध्यक्ष: वसन्तराज खनाल: ९८४६१-२३६४७<br>कर्मचारी : रमा अधिकारी ९८४६०-९९२८४ | २०७२ | नभएको (सामुदायिक भवनमा सञ्चालित) |
| ३१ | | लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, बेसीसहर नगरपालिका वडा नं. ८, भिँगेखोला<br>फोन: ०६६-५२००११<br>अध्यक्ष: नारायणबहादुर सुयल- ९८५६०-४५९२३<br>कर्मचारी: मधु अधिकारी ९८४६३-७०१५४<br>Email: laxminarayanclrc@gmail.com | २०५४ | भएको |
| ३२ | स्याङ्जा | कालीगण्डकी सार्वजनिक पुस्तकालय, चापाकोट नगरपालिका-९, सुन्तलीटार<br>अध्यक्ष: अर्जुन खनाल, ९८५१०-९५८६५<br>khabarkaligandaki@gmail.com<br>pakariarjun@gmail.com | २०६९ | नभएको (भाडाको घरमा सञ्चालित) |
| ३३ | | जगत्रदेवी पुस्तकालय तथा शैक्षिक केन्द्र, गल्याङ नगरपालिका २, बटुवा<br>अध्यक्ष : लेखनाथ भण्डारी ९८५६०-५५२००<br>lekhanathbhandari17@gmail.com | २०५५ | भएको |
| ३४ | | मातृभूमि सामुदायिक पुस्तकालय, कालिगण्डकी गाउँपालिका-४, बिर्घा<br>अध्यक्ष : राजेन्द्र पाण्डे ९८५१०-५०५२५<br>कर्मचारी : मनोज पाण्डे ९८५६०-५१०२०<br>Email: matribhumilibrary@gmail.com | २०४६ | भवन निर्माणाधीन |
| ३५ | | राङ्खोला लक्ष्मी स्मृति पुस्तकालय, पुतलीबजार नगरपालिका-१०, राङ्खोला<br>अध्यक्ष : विश्वप्रेम अधिकारी ९८४६०-७०८८५<br>कर्मचारी : सन्तोषी शाह : ९८४६३-४५७३९ | २०२० | नभएको (सामुदायिक भवनमा सञ्चालित) |

| क्र.सं. | जिल्ला | पुस्तकालयको नाम | स्थापना वर्ष (वि.सं.) | नीजि भवन भएको/नभएको |
|---|---|---|---|---|
| ३६ | | लक्ष्मी स्मृति सामुदायिक पुस्तकालय, पुतलीबजार नगरपालिका-९, सहिदचोक<br>फोन : ०६३-४२०७९७<br>अध्यक्ष : अनन्तराज मरासिनी, ९८५६०-५००९१<br>कर्मचारी अनिता गौतम : ९८५६०-५२७९७<br>Email: laxmilibrarysyajgja@gmail.com | २०४० | भएको |
| ३७ | | विश्वशान्ति सामुदायिक पुस्तकालय, पुतलीबजार नगरपालिका-११, जैसीडाँडा<br>अध्यक्ष : अनन्तनारायण अर्याल, ९८५६०-५०१६६ | २०४९ | भवन जीर्ण र हटाउनुपर्ने अबस्थामा रहेको |
| ३८ | | श्रमिक सामुदायिक पुस्तकालय, पुतलीबजार नपा-१४, ठूलापँधेरा<br>अध्यक्ष : रमण ढकाल ९८५६०-३९४०६<br>dhaklaraman2065@gmail.com | २०४७ | भएको |
| ३९ | | सञ्जीवनी सामुदायिक पुस्तकालय, कालीगण्डकी गाउँपालिका-३, निरामसिल<br>अध्यक्ष : मिनबहादुर थापा ९८४१६-१८७६३<br>sanjeevanilibrary@gmail.com | २०७५ | निर्माणाधीन |

*स्रोत : टेलिफोन सम्पर्क, सामाजिक सञ्जाल, प्रकाशित सामग्री र स्थलगत अध्ययनसमेत*

**(९.२) गण्डकी प्रदेशका पुस्तकालयहरूको अबस्था विश्लेषण**

गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङबाहेक अन्य सबैमा सानाठूला सार्वजनिक तथा सामुदायिक पुस्तकालयको उपस्थिति रहेको देखिन्छ। प्रदेशभित्रका जिल्लाहरूमा जनसहभागितामा वि.सं. २००३ देखि २०७५ सम्म स्थापित सार्वजनिक तथा सामुदायिक पुस्तकायहरू करिब १०० को हाराहारीमा रहेको पाइन्छ। वि.सं. २००७ पछि पोखरामा भारतीय सांस्कृतिक केन्द्र, बृटिस लाईब्रेरीको शाखा र अमेरिकी पिसकोर स्वयम्सेवकहरूले समेत पुस्तकालय खोलेका थिए। यसबाहेक स्थानीय जनसहभागितामा प्राय: सबै जिल्लामा पुस्तकालय खुलेका थिए तर विविध समस्याका कारण समयक्रमसँगै अधिकांश पुस्तकालयहरू बन्द भए। कतिपय बिच-बिचमा बन्द हुने र खुल्ने भईरह्यो। नयाँ पनि थपिए। केही अन्य सङ्घ-संस्थाहरूसँग हातेमालो गर्दै अगाडि बढिरहेका छन्। हालको दशकसम्म आइपुग्दा करिब ४० को हाराहारीमा अस्तित्वमा रहेको देखिन्छ। तीमध्ये आधाजसो मात्र पूर्णकालीन र बाँकी आंशिक रूपमा सञ्चालनमा रहेको पाइन्छ। यसमध्ये केही सिजनल अर्थात् बेलाबखतमा मात्र खुल्ने गरेको पाइयो। यतिखेर कोभिड-१९ का कारण पुस्तकालय सेवा प्रभावित भएको अबस्था छ।

दशकौं बन्द भएका केही ऐतिहासिक पुस्तकालयहरू यतिखेर पुनर्निर्माणको क्रममा छन्। गोरखास्थित त्रिभुवन पुस्तकालय (वि.सं.२००८) को भवन जनसहभागिता र गोरखा नगरपालिकाको आर्थिक सहयोगमा निर्माण भईरहेको छ। स्याङ्जास्थित मातृभूमि सामुदायिक पुस्तकालयको भवन जापान सरकार विदेश मन्त्रालय र स्याङ्जाकै सञ्जीवनी

सामुदायिक पुस्तकालयको नेपाल सरकार सांसद विकास कोषअन्तर्गतको आर्थिक सहयोगमा बन्दै गरेको देखिन्छ। पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा अरण्यज्योति पुस्तकालय (वि.सं २००९) को भवन निर्माण कार्य सम्पन्न भई यो लेख तयार हुँदाका बखतमा पुरानोबाट नयाँ भवनमा स्थानान्तरण भएको छ। 'नेपालीले सक्छौं' अभियानअन्तर्गत निर्माण सुरु गरिएको ताकुकोट सामुदायिक पुस्तकालयको भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।

हाल सञ्चालनमा पुस्तकालयहरूमध्ये आधाभन्दा बढीको साना-ठूला आफ्नै नीजि भवन छन् भने कतिपय मातृ संस्था र सामुदायिक भवनमा सञ्चालित छन्। पोखरा सार्वजनिक पुस्तकालय सुरुदेखि नै पोखरा महानगरपालिकाको भवनमा सञ्चालन गरिएको छ। सहिद स्मृति पुस्तकालय सूर्यचन्द्र विकास समाज, हिमालय पुस्तकालय हिमालय क्लब अन्तर्गत र एकदेव आले स्मृति पुस्तकालय एकदेव आले स्मृति तथा चिन्तन प्रतिष्ठान अन्तर्गत मातृ संस्थाको भवनमा सञ्चालित छन्। भानु पुस्तकालय भानु स्मारक सङ्ग्रहालयको भवनमा र राङ्खोला लक्ष्मी स्मृति पुस्तकालय तथा भोटेओडार सार्वजनिक पुस्तकालय सामुदायिक भवनमा सञ्चालन गरिएको छ। स्याङ्जास्थित विश्वशान्ति पुस्तकालयको भवन जीर्ण र विद्युतको मुख्य लाईन मुनि परेकाले हटाउनुपर्ने भएको छ। यसबाहेक बुद्ध बाल घुम्ती, कालीगण्डकी र जनचेतना सार्वजनिक पुस्तकालय भाडाको घरमा सञ्चालित छन्।

तालिकामा उल्लेखित ३९ मध्ये १८ वटा (दीपशिखा, ताकुकोट, अग्यौली, देउराली, प्रगतिनगर, फूलबारी, शिवशक्ति नवदुर्गा, मोती, विद्यामन्दिर, थाक, पुथाङ, भूपी, लोमन्थाङ, नागी, म्याग्दी, लक्ष्मीनारायण, मातृभूमि र लक्ष्मी स्मृति सामुदायिक पुस्तकालय) पुस्तकालयहरू रिड नेपालसँगको सहकार्यमा सञ्चालित छन्। पोखरास्थित पोखरा सार्वजनिक पुस्तकालय पोखरा महानगरपालिका र अमेरिकन लाईब्रेरीसँगको सहकार्यमा र बुद्ध बाल घुम्ती पुस्तकालय बुद्ध फाउण्डेशन जापानको सहयोगमा हिमालयन बुद्ध फाउण्डेशनद्वारा सञ्चालित छ। यी लगायत प्रायः सबै पुस्तकालयहरू मूलतः जनसहभागिता र यसपछि स्थानीय निकाय तथा सङ्घ-संस्थाहरूसँग हातेमालो गर्दै अघि बढेको देखिन्छ।

गण्डकी प्रदेशमा सञ्चालित सार्वजनिक तथा सामुदायिक पुस्तकालयका क्रियाकलापबारे मूल्याङ्कन गर्दा पुस्तक, पत्रपत्रिका अध्ययन तथा लेनदेनजस्ता नियमित सेवाहरूमा प्रायः सबैका बिचमा समानता र अतिरिक्त क्रियाकलापहरूमा ठाउँअनुसार भिन्नता रहेको पाइन्छ। आधाजतिमा इन्टरनेट सुविधा छ। पोखरा सार्वजनिक पुस्तकालयमा ई-लाईब्रेरी सुविधा पनि छ र यस पुस्तकालय स्थापना भएको दिनदेखि पूर्णकालीन सेवाका साथ नियमित रूपमा सञ्चालनमा रहेको छ। यो तथ्याङ्क सङ्कलन गर्दाको अवधिमा नियमित र बढी पाठक सङ्ख्या भएको पुस्तकालयमा मोती सामुदायिक पुस्तकालय र यसपछि पोखरा सार्वजनिक पुस्तकालय, दीपशिखा सामुदायिक पुस्तकालय र लक्ष्मीनारायण सामुदायिक पुस्तकालय अग्र स्थानमा रहेको देखिन्छ। पुस्तक सङ्ग्रहका दृष्टिले मोती सामुदायिक पुस्तकालय, विद्यामन्दिर पुस्तकालय, पोखरा सार्वजनिक पुस्तकालय, लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, अग्यौली सामुदायिक पुस्तकालय, दीपशिखा सामुदायिक पुस्तकालय, अरण्यज्योति पुस्तकालय र म्याग्दी सामुदायिक पुस्तकालय अगाडि रहेको देखिन्छ।

पोखरा सार्वजनिक पुस्तकालय र यस अन्तर्गतको अमेरिकन कर्नरले सञ्चालन गर्दै आएको स्क्रचाबल प्रतियोगिता (अङ्ग्रेजी शब्दभण्डार अभिवृद्धिका लागि विद्यालयस्तरका विद्यार्थीहरू बिच खेलाईने खेल) मेकर स्पेस, मासिक पुस्तक समीक्षा, उद्यमीसँग उद्यमका कुरा, लेखक-पाठक बिचको अन्तरक्रिया, बालबालिकाहरू बिच चित्रकला, कथा, कविता प्रतियोगिता आदि लोकप्रिय कार्यक्रम हुन्। पोखरास्थित बुद्ध बाल घुम्ती पुस्तकालयले कास्कीस्थित ग्रामीण क्षेत्रका विद्यालयहरूमा बुक बसमार्फत् घुम्ती पुस्तकालय सेवा मात्र प्रदान गर्दछ। स्याङ्जा पुतली बजारस्थित लक्ष्मी स्मृति सामुदायिक पुस्तकालयले स्याङ्जा एफ.एम. (रेडियो) र स्याङ्जा टेलिभिजन सञ्चालन गरेको छ। पर्वतस्थित मोती सामुदायिक पुस्तकालयले रुम टु

रिड लगायतका विभिन्न सङ्घसंस्था, स्थानीय तह र अन्य व्यक्तिहरूसँग समन्वय गरी पर्वतका १७० वटा सामुदयिक विद्यालयहरूमा पुस्तकालय स्थापना गर्न सघाएको थियो ।

पछिल्लो समयमा रिड नेपालसँगको सहकार्यमा सञ्चालित सामुदायिक पुस्तकालयहरूले समुदाय केन्द्रित विविध सबालहरूमा साक्षात्कार तथा सहजीकरण गर्दै आएका छन् । प्रायःजसो सामुदायिक पुस्तकालयहरूले समय-समयमा प्राविधिक ज्ञान सेवा कार्यक्रमअन्तर्गत महिलालाई टपरी, कुशन, मुडा, गुडिया निर्माण गर्ने, अगरबत्ती बनाउने, सिलाई-बुनाइ, पार्लर, कम्प्युटरजस्ता विषयको तालिमदेखि मौरीपालन, पशुपन्क्षीपालन, तरकारी खेतीजस्ता व्यावसायिक कृषि सम्बन्धी निःशुल्क तालिमहरू सञ्चालन गरी आयआर्जनको क्षेत्रमा सहयोग पुऱ्याएको देखिन्छ। यसबाहेक सुरक्षित आप्रवास कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीमा जाने युवाहरूलाई सूचना तथा परामर्श, ठगी र अन्य समस्यामा परेकाहरूलाई न्यायका लागि पैरवी, मनोसामाजिक परामर्शदेखि विपद व्यवस्थापन सचेतना, रक्तदान, किशोरी र महिलाहरूका लागि स्वास्थ्य तथा सचेतना र कानुनी साक्षरता आदि कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । वर्तमान समयमा विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी बाढी-पहिरो र कोभिड-१९ बाट सङ्क्रमित र त्यसका कारण समस्यामा परेका नागरिकहरूका लागि स्वास्थ्य र राहत सामग्री वितरण गर्नेजस्ता कार्यहरू प्राथमिकताका साथ गरेको देखिन्छ ।

लमजुङस्थित लक्ष्मीनारायण सामुदायिक पुस्तकालय अन्तर्गतको महिला समितिले 'लक्ष्मीनारायण वचत तथा ऋण सहकारी संस्था', पर्वतस्थित मोती सामुदायिक पुस्तकालय अन्तर्गत 'मोती सामुदायिक पुस्तकालय महिला वचत तथा ऋण सहकारी संस्था', पोखरास्थित दीपशिखा सामुदायिक पुस्तकालयमा 'दीपशिखा महिला कृषि सहकारी संस्था' र नवलपरासीस्थित अग्यौली सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा 'सहारा महिला वचत तथा ऋण सहकारी संस्था' सञ्चालन गरी आयआर्जन र महिला सशक्तीकरण सम्बन्धी कार्य सञ्चालन गर्दै आएको देखिन्छ ।

प्रदेशभरिका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले स्वनिर्भरताका लागि यति धेरै विकल्प अपनाए तापनि आर्थिक स्रोत, पूर्वाधार, समयानुकूल नयाँ पाठ्यसामग्री र दक्ष जनशक्तिको अभावजस्ता समस्याहरू साझा रूपमा झेल्दै आएको देखिन्छ। कतिपयको नीजि भवन छैन । प्रायःजसो पुस्तकालयको आम्दानीको पर्याप्त स्रोत छैन । मूलतः पुस्तकालयका सञ्चालकहरू र अन्य दाताहरूबाट सङ्कलित चन्दा, साधारण, आजीवन र संस्थागत सदस्यता शुल्कबाट सङ्कलित रकम, अक्षय कोषबाट प्राप्त व्याज, भाडाका साथै स्थानीय तह र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहकार्यमार्फत् प्राप्त सहयोगबाट दुःख सुखका साथ निर्वाह गर्दै आएको अवस्था छ। आर्थिक स्रोतको अभावमा केही अपवादबाहेक अधिकांश पुस्तकालयमा कार्यरत कर्मचारीहरू अति न्यून पारिश्रमिकमा स्वंसेवीजस्तो भूमिकामा खटिरहेका छन् । तीमध्ये केहीमा मात्र तालिमप्राप्त कर्मचारी छन् । नयाँ पाठ्यसामग्री थपिने भनेको दाताहरूले उपहार दिएको र कहिलेकाहीँ सरकारी निकायले अनुदान दिएको अवस्थामा मात्रै हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहबाट सपनामाझैं बेलाबखत प्राप्त हुने नाम मात्रको अनुदान सहयोगले केही राहत त मिलेको छ तर नियमित नभएकाले खासै भरथेग गरेको पाइँदैन । त्यो पनि सबैले पाएका छैनन् । पुस्तकालयहरूले आजसम्म जेजति कार्यहरू गरेका छन् ती जनसहभागिता, विभिन्न सङ्घसंस्था र दातृ निकायहरूसँगको सहकार्यमार्फत् भएको देखिन्छ, जुन सफल अभ्यास मानिन्छ। पुस्तकालय भनेका स्वाध्यायनमार्फत् ज्ञान आर्जन गर्ने थलो मात्र नभई नागरिकहरूलाई सशक्तीकरण गर्ने र उनीहरूका सुख दुःखमा हातेमालो गर्दै शैक्षिक, सामाजिक र आर्थिक रूपान्तरणको पक्षमा साथ दिने सहयात्री हुन् भन्ने कुरा पुस्तकालयले निर्वाह गरेको भूमिकाबाट पुस्टि हुन्छ ।

**१०. पुस्तकालयको विकासमा प्रदेश सरकारको योगदान**

गण्डकी प्रदेश सरकारले कार्यक्रममार्फत् प्रदेशभित्र सार्वजनिक तथा सामुदायिक पुस्तकालय स्थापना तथा

सञ्चालन गर्ने प्रयोजनका लागि 'गाउँपालिका केन्द्रमा पुस्तकालय स्थापनाका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७५' र यसपछि 'दृष्टिविहीनहरूका लागि अडियो लाईब्रेरी (श्रव्य पुस्तकालय) स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६' जारी गरी प्रदेशभित्र सार्वजनिक तथा सामुदायिक पुस्तकालय स्थापना र सञ्चालन गर्न धेरथोर अनुदानको व्यवस्था गरेको देखिन्छ ।

सामाजिक विकास मन्त्रालयले पहिलोपटक मिति २०७५।०८।२७ को सूचनामार्फत् प्रस्ताव माग गरी २३ वटा पुस्तकालयहरूलाई पूँजीगत अनुदान प्रदान गरेको थियो, जसमा १२ वटा सार्वजनिक तथा सार्वजनिक पुस्तकालयहरू थिए । कुल बजेट १,२७,५०,०००।- मध्ये प्रत्येकलाई न्यूनतम तीन लाखदेखि बढीमा १२ लाखसम्म प्रदान गरिएको थियो । आर्थिक वर्ष २०७६/०७७ मा पुस्तकालय सहयोग कार्यक्रमअन्तर्गत बजेटको व्यवस्था थिएन । २०७७/०७८ का लागि सामाजिक विकास मन्त्रालयबाट २५ लाख रूपैयाँ विनियोजन गरिएकाले स्वीकृत कार्यक्रमका आधारमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई २०७७।०७।२४ को सूचना मार्फत् प्रस्ताव आह्वान गरी विभिन्न १२ वटा पुस्तकालयहरूलाई न्यूनतम एक लाख पचास हजारदेखि अधिकतम तीन लाखसम्म प्रदान गरिएको थियो (सामाजिक विकास मन्त्रालय, २०७७) । सामाजिक विकास मन्त्रालयमार्फत् चालु आर्थिक वर्ष २०७८/०७९ मा सार्वजनिक तथा सामुदायिक पुस्तकालयको स्तरोन्नतिका लागि २५ लाख रूपैयाँ विनियोजन गरिएको छ (अर्थ मन्त्रालय, गण्डकी प्रदेश, २०७८) ।

गण्डकी प्रदेश सरकारद्वारा पहिलोपटक आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा 'गण्डकी प्रदेश पुस्तकालय' स्थापना गरिने कुरा उल्लेख गरिनुका साथै विस्तृत परियोजना प्रस्ताव निर्माण (DPR) का लागि २५ लाख रूपैयाँ विनियोजन गरिएको छ (पोखरेल, २०७८; अर्थ मन्त्रालय, गण्डकी प्रदेश, २०७८) । प्रदेश सरकारको नीति तथा कार्यक्रम सार्वजनिक हुनुअघि पोखरा सार्वजनिक पुस्तकालयको तर्फबाट मुख्यमन्त्री माननीय कृष्णचन्द्र पोखरेलसमक्ष यसबारे औपचारिक रूपमा प्रस्ताव पेस गरिएको थियो ।

## ११. निष्कर्ष र सुझाव

सार्वजनिक तथा सामुदायिक पुस्तकालय मानव विकासका अपरिहार्य सर्त हुन् । पूर्वाधार विकास भनेको विकास निर्माण र मानव विकास मानिसको व्यक्तित्व विकाससँग सम्बन्धित छ । मानव विकास र पूर्वाधार विकास दुवै राष्ट्र निर्माणका आधार हुन् । यी दुवैको समान विकासबाट मात्र सन्तुलित विकास संभव छ । तर हाम्रो मुलुकमा राज्यले मानव विकासका विविध आयाममध्येको सार्वजनिक तथा सामुदायिक पुस्तकालयलाई महत्त्व दिएको पाइँदैन । राज्यको प्राथमिकतामा नपरेका कारण संस्थागत रूपमा पुस्तकालयको विकास हुन सकेको छैन । विषम परिस्थितिका बिच पुस्तकालयहरूले कठोर मिहिनेतका साथ सबैतिरको सहयोग र सद्भाव बटुलेर आफ्ना स्रोत र सेवामार्फत् नागरिकहरूलाई ज्ञान र सूचना प्रदान गरिरहेका छन् । यसबाहेक समुदायका मानिसहरूलाई सशक्तीकरण गर्नुका साथै उनीहरूका सुख-दुःखमा हातेमालो गर्दै शैक्षिक, सामाजिक र आर्थिक रूपान्तरणको पक्षमा उभिँदै आएका छन् । अब यिनलाई प्राथमिकताका साथ प्रदेश प्रणालीमा आबद्ध गरिनुपर्छ ।

गण्डकी प्रदेश केन्द्रीय पुस्तकालय निर्माणको कार्य यतिखेर सबैका लागि चासोको विषय बनेकाले यथासंभव छिटो कार्यान्वयन प्रक्रिया अघि बढाउनुपर्छ । सँगसँगै पुस्तकालयसम्बन्धी ऐन, नियम बनाई यसका आधारमा प्रदेशअन्तर्गतका सबै स्थानीय तहमा सार्वजनिक पुस्तकालय बिस्तार गर्नुपर्छ । पुस्तकालय युगको आवश्यकता हो । गण्डकी प्रदेश सरकारका लागि नयाँ इतिहास निर्माण गर्ने यो स्वर्णिम असर पनि हो ।

## सन्दर्भ सामग्री

अर्थ मन्त्रालय, गण्डकी प्रदेश (२०७८ असार), वार्षिक विकास कार्यक्रम २०७८/०७९,

पोखरा : सामाजिक विकास मन्त्रालय http://moeap.gandaki.gov.np/downloadfile/program2078.pdf

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (२०७५), स्थितिपत्र, पोखराः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश ।

क्षेत्री, सूर्य (२०७६), पुस्तकालयको बहसः भ्रम र यथार्थ, बाह्रौं पुस्तकालय दिवस स्मारिका, काठमाडौं : पुस्तकालय दिवस मूल आयोजक समिति ।

क्षेत्री, सूर्य (२०७४), सङ्घीयतामा सार्वजनिक पुस्तकालय, सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलनपत्र, काठमाडौं : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय समन्वय शाखा ।

तिवारी, शिवप्रसाद (२०७५ पुस ७), किन चाहिन्छन् राम्रा पुस्तकालय?,अन्नपूर्णपोष्ट दैनिक, http://annapurnapost.com/news/115797

निरौला, यादवचन्द्र (२०७६), प्रदेश केन्द्रीय पुस्तकालयको आवश्यकता र महत्त्व, बाह्रौं पुस्तकालय दिवस स्मारिका, काठमाडौं : पुस्तकालय दिवस मूल आयोजक समिति ।

नेपाल कानुन आयोग (२०७४), स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौं : नेपाल कानुन आयोग, https://www.lawcommission.gov.np/np/

नेपालस्थित अमेरिकी दूतावास (२०२१), नेपालस्थित लाईब्रेरी अफ कङ्ग्रेसको कार्यालय, काठमाडौंः नेपालस्थित अमेरिकी दूतावास np.usembassy.gov/ne/education-culture-ne/library-of-congress-ne/.

पोखरेल, कृष्णचन्द्र (२०७८, जेठ, ३१), गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम, Retrieved August 9, 2021, from https://ocmcm.gandaki.gov.np/list/policy_programe.

पौडेल, जयप्रसाद (सम्पा.) (सन् २०१६), नेपाल सरकारका राष्ट्रिय नीतिहरू, काठमाडौं : परमिसेबल रिसर्च सेन्टर ।

शर्मा, विजय (२०७५), स्याङ्जा जिल्लाका सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूः एक अध्ययन, एघारौं पुस्तकालय दिवस स्मारिका, काठमाडौं : पुस्तकालय दिवस मूल आयोजक समिति ।

शिक्षा मन्त्रालय (२०६९), पुस्तकालय तथा सूचना व्यवस्थपन निर्देशिका २०६९, काठमाडौं : शिक्षा मन्त्रालय । Https://Moe.Gov.Np/Article/130/Library-and-Information-Management-Directory-2069.

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), राष्ट्रिय शिक्षा नीति, २०७६, काठमाडौं : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

संविधानसभा सचिवालय (२०७२), नेपालको संविधान २०७२, काठमाडौंः संविधानसभा सचिवालय ।

सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश (२०७७), वार्षिक विकास कार्यक्रम तथा बजेट आ.व. २०७७/०७८, पोखरा : सामाजिक विकास मन्त्रालय ।

About Gandaki Province. (n.d.). Retrieved from https://ocmcm.gandaki.gov.np/pages/about-state

IFLA. (1994). IFLA/UNESCO Public Library Manifesto 1994, pttps://www.ifla.org/publications/iflaunescopublic-library-manifesto-1994

# धर्मदेवी सार्वजनिक पुस्तकालयः एक अध्ययन



✍ **सन्तोष कार्की,**
शिक्षा अधिकृत
धर्मदेवी नगरपालिका, सङ्खुवासभा ।

**१. विषय परिचय**

सङखुवासभा प्रदेश नं. १ अन्तर्गतका १४ जिल्ला मध्येको एउटा हिमाली जिल्ला हो। सङखुवासभा जिल्लामा रहेका पाँचवटा नगरपालिका र पाँचवटा गाँउपालिका अन्तर्गतको धर्मदेवी नगरपालिका सबैभन्दा कान्छो नगरपालिका हो । यसै नगरपालिकाको वडा नं. ६ मा रहेको धर्मदेवी मन्दिरको नामबाट पालिका र पुस्तकालय दुवैको नामकरण गरिएको हो। धर्मदेवी सार्वजनिक पुस्तकालय स्थानीय तहमा स्थापना भएको पुस्तकालय हो । वि.स.२०७७ सालमा स्थापना भएको यस पुस्तकालयले क्रमिक रूपमा आफ्नो क्षमता विकास तथा सेवा क्षेत्रमा विकास गरिरहेको छ । प्रदेश नं. १ मा रहेका १५२ वटा सार्वजनिक/सामुदायिक पुस्तकालयमध्ये सङ्खुवासभा जिल्लामा सात वटा सार्वजनिक पुस्तकालयहरू स्थापना भएका छन्। यस नगरपालिकाभित्रका लगभग बीस हजार जनसङ्ख्या नै यसको सेवा क्षेत्र हो। यो पुस्तकालय विहान १० बजेदेखि बेलुका ५ बजेसम्म अध्ययन तथा अनुसन्धानकर्ताको लागि खुला रहने गरेको छ। आम नागरिकलाई सुसूचित बनाउने उद्देश्यले स्थापना भएको यस पुस्तकालयले दिनहुँ २५/३० जना पाठकहरूलाई सेवा दिइरहेको छ।

पुस्तकहरूको घर नै पुस्तकालय हो। जसरी भौतिक निर्माणको घर निर्माण गर्न सहज छैन, त्यसरी नै पुस्तकालय स्थापना गर्न पनि सहज छैन। आमपाठक वर्गमा पठनसंस्कृतिको विकास गर्न नसक्नु, स्रोत साधनको समुचित व्यवस्था गर्न नसक्नु, पुस्तकालयसम्बन्धी दृष्टिकोणमा परिवर्तन आउन नसक्नु, दक्ष जनशक्तिको अभाव तथा नीतिगत/कानुनी अस्पष्टता जस्ता कारणले स्थानीयस्तरमा सार्वजनिक पुस्तकालय स्थापना हुन सकेको देखिदैन। यिनै यावत् समस्यासँग जुधेर भएपनि धर्मदेवी सार्वजनिक पुस्तकालय स्थापना हुनुलाई सकारात्मक रूपमा लिन सकिन्छ।

पुस्तकालय ज्ञानको भण्डार हो। विस्तारै समाज डिजिटल संसारमा प्रवेश गर्दै गर्दा पुस्तकालयलाई पनि त्यही गतिमा हिँडाउनु आफैमा चुनौतिपूर्ण कार्य हो। त्यसमा पनि भर्खरै स्थापना भएका पुस्तकालयलाई प्रविधिमैत्री बनाउनु जटिल कार्य हो । वि.स.१८६९ बाट औपचारिक रूपबाट सुरु भएको पुस्तकालयको यात्रा सुखद र त्यति धेरै उपलब्धिमूलक भएको देखिदैन। यस पुस्तकालयमा विभिन्न भाषा तथा विधा क्षेत्रका गरी १००० थान पुस्तकहरू रहेका छन्। नयाँ ज्ञानको विकासमा धर्मदेवी सार्वजनिक पुस्तकालयको महत्त्वपूर्ण स्थान रहेको छ। नेपालभित्र सामुदायिक, सार्वजनिक, निजि तथा शिक्षणसंस्थागत पुस्तकालय धेरै छन्। यस धर्मदेवी सार्वजनिक पुस्तकालय त्यसै भित्र पर्दछ। यस पुस्तकालयका सन्दर्भमा हालसम्म कतैपनि लिखित अध्ययन अनुसन्धान हुन सकेको छैन। तसर्थ प्रस्तुत आलेख धर्मदेवी सार्वजनिक पुस्तकालय र यसका चुनौति तथा भावी योजनासँग केन्द्रित रहेको छ।

**२. समस्याकथन**

धर्मदेवी सार्वजनिक पुस्तकालय धर्मदेवी नगरपालिकाको पहिचान हो । स्थानीय तहमा खोलिएको जिल्लाकै पहिलो पुस्तकालय भएकाले यसको महत्त्व विशेष रहेको छ । धर्मदेवी सार्वजनिक पुस्तकालयका बारेमा हालसम्म कुनै पनि अध्ययन विश्लेषण नभएकाले प्रस्तुत अध्ययन त्यसैमा केन्द्रित छ ।

क) धर्मदेवी सार्वजनिक पुस्तकालयको विद्यामान अवस्था के कस्तो रहेको छ ?

ख) धर्मदेवी सार्वजनिक पुस्तकालयको चुनौति तथा भावी योजना के कस्तो रहेको छ ?

**३. उद्देश्य**

प्रस्तुत लेख धर्मदेवी सार्वजनिक पुस्तकालयसँग सम्बन्धित प्राज्ञिक समस्या समाधान गर्न निम्नलिखित उद्देश्य रहेका छन् ।

क) धर्मदेवी सार्वजनिक पुस्तकालयको विद्यमान अवस्था पत्ता लगाउनु ।

ख) धर्मदेवी सार्वजनिक पुस्तकालको चुनौति र भावी योजनाको विश्लेषण गर्नु ।

**४. धर्मदेवी सार्वजनिक पुस्तकालयको विगतदेखि वर्तमानसम्म**

गीर्वाणयुद्धविक्रम शाहले वि.सं. १८६९ भाद्र १५ गते **पुस्तक चिताइ तहबिल** नामको पुस्तकालयको स्थापना गरेदेखि व्यक्तिगत/संस्थागत प्रयोजन हुँदै सार्वजनिक/सामुदायिक तथा विभिन्न शैक्षिक पुस्तकालयको यात्रा हालसम्म स्थानीय तहसम्म पुगेको छ । समयको गतिशीलतासँगै विभिन्न स्तर/क्षमताका पुस्तकालय स्थापना हुँदै जाने क्रममा वि.सं. २०७७ सालमा सङ्खुवासभा जिल्लाको धर्मदेवी नगरपालिकाको मुढेशनिश्चरेस्थित धर्मदेवी सार्वजनिक पुस्तकालय स्थापना भएको छ । सीमित स्रोत साधनको बाबजुद पनि स्थापना भएको यस पुस्तकालयको समृद्ध समाज निर्माणमा महत्त्वपूर्ण स्थान रहँदै आएको छ । पुस्तकालय ज्ञान भण्डारको सङ्ग्रह हो । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय शिक्षा नीति तथा विभिन्न समयका प्रतिवेदनले पुस्तकालयको अवधारणाको चर्चा गरेको भए पनि व्यावहारिक रूपमा हेर्दा स्थानीय तहमा सार्वजनिक पुस्तकालय स्थापना ज्यादै कम मात्र स्थापना भएका छन् । स्थापना भएका कतिपय पुस्तकालय जीर्ण अवस्थामा छन् । केन्द्र सरकारले पुस्तकालयको सम्पूर्ण काम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्छ भने पनि पहिलो अभ्यास भएको हुँदा स्थापनाका सवालमा केही जटिलता छ । तिनै जटिलताहरूलाई चिर्दै धर्मदेवी सार्वजनिक पुस्तकालय क्रमशः अगाडि बढ्दै छ ।

**४.१. कार्य समितिको विवरण**

धर्मदेवी सार्वजनिक पुस्तकाय आफ्ना नागरिकलाई ज्ञानको विस्तार गर्दै समुन्त र समृद्ध समाज निर्माण गर्ने ध्येयका साथ स्थापना गरिएको छ । यस पुस्तकालयले आफ्नो विधान निर्माण गरी हाल सेवा प्रदान दिइरहेको छ । नगरपालिकाभित्रै (शिक्षा युवा तथा खेलकुद शाखाको संरक्षणमा) स्थापना भएको यस पुस्तकालयमा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समितिमा तपसिलका व्यक्तिहरू रहने गरी सञ्चालन हुँदै आएको छ ।

**तपसिल**

| | | |
|---|---|---|
| रमेशकुमार जिमी | अध्यक्ष | (नगर प्रमुख) |
| उदयचन्द्र पौडेल | सदस्य | (वडा अध्यक्ष) |
| राजकपुर चौलागाईं | सदस्य | (प्रमुख प्रशासकीय अधिकृत) |
| कमलमणि थापा | सदस्य | (प्रशासकीय अधिकृत) |
| विरोध नेपाल | सदस्य | (सूचना प्रविधि अधिकृत) |
| राजेश गिरी | सदस्य | (सहलेखापाल) |
| सन्तोष कार्की | सदस्य सचिव | (शिक्षा अधिकृत) |

उल्लिखित पदाधिकारीहरू विधान बमोजिम गठन गरिएको हो । केही गर्ने दृढ सङ्कल्प राख्ने हो भने स्थानीय स्तरमा पनि थुप्रै नवीनतम् कार्य गर्न सकिन्छ । जनप्रतिनिधि तथा कर्मचारी मिश्रित माथि उल्लिखित समितिले आफ्नो कार्य सम्पन्न गरिरहेको छ । आवश्यकताअनुसार पुस्तकालय क्षेत्रमा कार्य गर्ने विद्वान वर्गसँग आवश्यक परामर्शबाट आफ्ना

भावी रणनीति तथा कार्ययोजना निर्माण गरी अगाडि बढिरहेको छ ।

### ४.२ बजेट निर्माण तथा कार्यान्वयन

नयाँ कार्यको थालनी आफैमा जटिल तथा चुनौतिपूर्ण कार्य हो । नगरपालिकामा सार्वजनिक पुस्तकालय स्थापना गर्ने हुटहुटीलाई मूर्त रूप दिन आ.व. २०७७/७८ मा पुस्तकालय सञ्चालन तथा व्यवस्थापन शीर्षकमा रू.४,००,०००।- (अक्षरेपि चार लाख मात्र) रकम विनियोजन गरिएको पाइन्छ । विश्वमहामारीको प्रत्यक्ष प्रभावका कारण पुस्तक खरिद कार्य अगाडि बढे पनि संरचना निर्माणमा निकै कठिनाइ रह्यो । उक्त रकमबाट रू २,५०,०००।-(अक्षरेपिः दुई लाख पचास हजार) बराबरको रकमले आवश्यक पुस्तक व्यवस्थापन गरी बाँकी रहेको रकमले भौतिक संरचना निर्माण गरिएको छ । साथै सामाजिक विकास मन्त्रालय अन्तर्गत शिक्षा विकास निर्देशनालय धनकुटाबाट रू ३,००,०००।- (अक्षरेपिः तीन लाख मात्र) अनुदान रकम प्राप्त भएको, रू २,५०,०००।- (अक्षरेपिः दुई लाख पचास हजार मात्र) रकमले पुस्तक खरिद गरी बचत रकमको भने पुस्तकालय हाताभित्र निःशुल्क इन्टरनेट तथा पुस्तकालयको सुरक्षाका निम्ति सि.सि. क्यामारा जडान गरिएको छ। चालु आ.व. मा रू ४,००,०००।- रकम विनियोजन गरिएको छ। उक्त रकमले पुस्तकालयलाई अत्यावश्यक पर्ने सामग्री खरिद गरी त्यसलाई क्रमिक रूपमा थप व्यवस्थित गर्ने योजना रहेको छ ।

### ४.३ धर्मदेवी सार्वजनिक पुस्तकालयमा रहेका पुस्तकहरूको विवरण

सीमित स्रोत साधनको समूचित प्रयोगबाट स्थापना गरिएको यस पुस्तकालयमा हालसम्म करिब १००० थान पाठ्यसामग्रीहरू रहेका छन् ।

### ५.१ धर्मदेवी सार्वजनिक पुस्तकालयका चुनौतिहरू

देश सङ्घीय संरचनामा भर्खरै प्रवेश गर्दै छ। त्यसै बमोजिमका तीन तहका सरकार सञ्चालनका अभ्यास हुँदै आएका छन् । स्थानीय तह सबै भन्दा तल्लो तहको सरकार हो। अधिकार/जिम्मेवारी कानुनः बाँडफाँड भएका छन् । अधिकारका कतिपय विषयमा अझै अन्योल वा अस्पष्टताका कारण स्थानीय तहले आफ्नो कार्य सम्पन्न गर्न सकेको देखिदैन । देश संघीय संरचनामा गए सँगै केन्द्र सरकारले गर्ने कतिपय कार्यहरू स्थानीय तहले गर्न सकिने प्रावधानहरू बनेका छन् । नेपालको संविधान २०७२ मा भाग ४ धारा ५१ को ज.४ मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने भनी उल्लेख गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ मा च को नीति नं. १०.२६.३ मा प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सार्वजनिक पुस्तकालयको स्थापना गरी आधुनिक सूचना तथा सञ्चार प्रविधियुक्त बनाइनेछ ... ११.३ मा स्थानीय सरकारको जिम्मेवारीको ११.३.२५ मा स्थानीय पुस्तकलाई र वाचानालयको सञ्चालन तथा व्यवस्थापन भन्ने व्यवस्था गरिएको छ (राष्ट्रिय शिक्षा नीति, २०७६:३९-७६) । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ज को १९ मा स्थानीय पुस्तकालय र वाचानालयको सञ्चालन तथा व्यवस्थापना (स्थानीय सरकार सञ्चालन ऐन, २०७४:१६) गर्ने अधिकार दिएको छ । कानुनमा पुस्तकालय स्थापना गर्न सकिने भनेको भए पनि त्यसको आवश्यक प्रक्रियाका सम्बन्धमा अस्पष्टता रहेको पाइन्छ । सङ्घीय संरचनामा लामो समयमा कार्यरत प्रमुखहरूले पुस्तकालय स्थापना गर्ने कुरामा विशेष चासो नराख्ने वा कतै प्रस्ट प्रयोग भई नसकेको हुँदा सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन गर्न चुनौतिपूर्ण बनिरहेको छ। चुनौति नै अवसरको प्रवेशद्वार भएकाले त्यस्ता चुनौतिहरूलाई पन्छाउँदै धर्मदेवी नगरपालिकामा सार्वजनिक पुस्तकालय स्थापना भएको छ। पुस्तकालयलाई सबल, सुदृढ बनाउँदै लैजानु महत्त्वपूर्ण विषय हो। यस धर्मदेवी सार्वजनिक पुस्तकालयका चुनौतिहरूलाई यसरी तल प्रस्तुत गर्न सकिन्छ ।

१. पुस्तकालयको लागि चाहिने सुविधा सम्पन्न भौतिक संरचनाको निर्माण गर्नु
२. आम पाठकहरूमा पठन संस्कृतिको विकास गर्नु
३. पुस्तकालयलाई सूचना प्रविधिमैत्री बनाउनु

४. अध्येतालाई आवश्यक मूल सामग्रीहरूको सङ्कलन, व्यवस्थापन तथा सुदृढीकरण गर्नु
५. आवश्यक बजेटको प्रबन्ध मिलाउनु तथा प्रभावकारी कार्यान्वयन गर्नु
६. प्राविधिक, दक्ष, सिप भएका कर्मचारीको उचित व्यवस्थापन गर्नु
७. भौतिक पुस्तकालयलाई इ-पुस्तकालय विकास गर्नु
८. सबै खालका पाठकको ध्यानलाई मध्यनजर गर्दै पठनीय सामग्रीको व्यवस्थापन गर्नु
९. आम नागरिक (विशेष गरी जनप्रतिनिधि) हरूमा सार्वजनिक पुस्तकालयसम्बन्धी सकारात्मक चिन्तनको विकास गर्नु
१०. तीव्र रूपमा विकास हुँदै गएको प्रविधिसँग साक्षात्कार गर्दै डिजिटल पुस्तकालयमा प्रवेश गर्नु
११. अभिलेख व्यवस्थापनलाई समायनुकुल बनाउनु
१२. सार्वजनिक पुस्तकालयलाई यस क्षेत्रको सामाजिक एवम सांस्कृतिक केन्द्रको विकास गर्न तथा बौद्धिक संस्कृतिको संरक्षण तथा सम्वर्धन गर्नु
१३. स्थानीयस्तरमा पुस्तकालय स्थापनामा पुस्तकालय दर्ता, सञ्चालन तथा स्वामित्वका सम्बन्धमा स्थानीय ऐन/कानुन निर्माण गरी सरल, सहज तथा स्पष्ट बनाउनु
१४. पुस्तकालयबाटै आन्तरिक राजस्व सङ्कलन गर्नु
१५. राष्ट्रिय दैनिक पत्र पत्रिका, जर्नल, दस्तावेजहरूलाई नियमित गर्न सक्नु
१६. धर्मदेवी सार्वजनिक पुस्तकालयलाई केन्द्रीय/राष्ट्रिय स्तरको पुस्तकालयमा विकास गर्नु ।

**५.२ धर्मदेवी सार्वजनिक पुस्तकालयको भावी कार्यदिशा**

सूचना शक्ति प्राप्तिको एउटा आधार हो। जोसँग सूचना हुन्छ, उसैसँग शक्ति पनि रहेको हुन्छ। पुस्तकालय सूचना प्राप्तिको एउटा विन्दु हो। विभिन्न सरकारी तथा गैरसरकारी सूचना स्रोतहरूको आधारमा हाल नेपालमा करिब ४१,८७२ वटा पुस्तकालय छन्। त्यसमा विश्वविद्यालय तथा क्याम्पसहरूमा करिब ३७०००, सरकारी पुस्तकालयहरू करिब २००, सार्वजनिक/निजी क्षेत्रका पुस्तकालयहरू करिब २००० जति छन् (पुस्तकालय अभिलेख व्यवस्थापन समितिको मस्यौदा, २०७२: १३)। हाल नेपालमा स्थानीय तहमा स्थापना भएका पुस्तकालयको यथेष्ट विवरण कुनै निकायसँग छैन। तसर्थ यो एउटा अध्ययनीय विषय बनेको छ। धर्मदेवी सार्वजनिक पुस्तकालय त्यसैको दृष्टान्त हो। सीमित स्रोत साधन तथा प्रशासनिक कठिनाइका बावजुत पनि पुस्तकालय स्थापना हुनु चाहिँ धर्मदेवी नगरपालिकाको गौरबको विषय हो। यस पुस्तकालयले आम नागरिकलाई सुसूचित बनाउँदै सुदृढ तथा समृद्ध समाज निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ।

समाज विकासको यात्रामा भिन्न स्वरूपमा पुस्तकालयको सुरुवात भएको देखिन्छ। इ.पु ५५०० देखि सुमेरियन र मेसोपोटामियनहरूले गिला माटाका खपटाहरूमा आफ्ना विचारहरू चित्रात्मक लिपिमा लेखी घाममा सुकाएर राख्ने गर्दथे र पछि उनीहरूले क्युनिफर्म लिपिको विकास गरेर त्यही लिपिमा माटाका खपटाहरू लेखेर राख्न थाले (भुसाल, २०७५:३५)। यसरी माटाका खबटाहरूबाट सुरु भएको पुस्तकालयको यात्रा डिजिटल इ-पुस्तकालय सम्म पुगेको छ। केन्द्रबाट स्थानीय/वडासम्म पुस्तकालय स्थानीय सरकारको स्वामित्वमा रहने गरी स्थापना हुँदै छन्। धर्मदेवी सार्वजनिक पुस्तकालय हाल भाडामा सञ्चालन हुँदै आएको छ। आगामी समयमा बन्ने प्रशासनिक भवनमा सुविधा सम्पन्न पुस्तकालय बन्ने भएको छ। सूचना प्रविधिको विकास, विस्तार तथा पाठकको चाहनाअनुसारका पुस्तकहरू व्यवस्थापन गर्न आ.व. २०७८/७९ मा आवश्यक बजेट विनियोजन गरिएको छ। अध्ययेताहरूमा पठन संस्कृतिको विकास गर्न विद्यालय तथा वडा तहमा पुस्तकालयसम्बन्धी छलफल तथा अन्तक्रियात्मक कार्यक्रम सञ्चालन गरिने भएको छ। न्यून कर्मचारी भएको कारण पाठकले

खोजेअनुसारको सेवा प्रवाह नसकिरहेको अबस्थामा दक्ष, सिप युक्त आवश्यक कर्मचारीहरूको व्यवस्थापन गरिने भएको छ । आम नागरिकहरूलाई विभिन्न माध्यमबाट पुस्तकालयसम्बन्धी सकारात्मक चिन्तनको विकास गर्न आवश्यक छलफल/अन्तक्रियाहरू पुस्तकालयभित्रै गर्ने संस्कृतिको प्रारम्भ भएको छ। डिजिटल पुस्तकायमा रूपान्तरण गर्ने हरेका वर्ष विनियोजित रकमबाट केही रकम प्रविधिका क्षेत्रमा कार्यान्यन हुँदै आएको छ। पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गर्न धर्मदेवी सार्वजनिक पुस्तकालयको आफ्नो छुट्टै विधान निर्माण गरी त्यसैअनुसार कार्य सम्पन्न हुँदै आएको छ। अभिलेख व्यवस्थापनसम्बन्धी समय समयमा सल्लाह तथा परामर्श लिने कार्य निरन्तर अगाडि बढिरहेको छ। यस पुस्तकालयले पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गर्न आफ्नो सेवा प्रदान वापत आवश्यक आन्तरिक राजस्व सङ्कलनका क्षेत्रहरू खोजी गर्नु पर्ने देखिन्छ ।

### निष्कर्ष

मानव सभ्यताको विकाससँगै विभिन्न स्वरूपमा पुस्तकालय तथा सङ्ग्राहलय थाहै नपाई बन्दै गए। क्रमशः पुस्तकालयको आवश्यकता महसुस गरी पुस्तकालयहरू खुल्न थाले। माटाका खबटाबाट सुरु भएको पुस्तकालयको यस यात्रामा हाल अमूर्त पुस्तकालय सम्म आइसकेको छ। केन्द्रीयस्तरमा मात्र खोलिने पुस्तकालय स्थानीय तहको वडा स्तरमा समेत खुल्न थालेका छन्। पाठकहरूको चाहना भौतिक उपस्थिति विना मोबाइल पुस्तकालयमा पुगेको छ। पाठकहरूमा पठन संस्कृतिको विकास हुन सकेको देखिदैन। धर्मदेवी सार्वजनिक पुस्तकालय स्थानीयस्तरमा खुलेका पुस्तकालयहरू मध्येको एउटा पुस्तकालय हो। सीमित स्रोत साधन, अस्पष्ट कानुनी जटिलताका बावजुद पनि पुस्तकालय स्थापना गरी समृद्ध समाज निर्माणमा सहयोग पुग्ने भएको छ। यस पुस्तकालयको मूल समस्याहरू आफ्नै भौतिक संरचना नहुनु, सूचना तथा प्रविधिको पहुँच पुऱ्याउन नसक्नु, अभिलेख व्यवस्थापन गर्न नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, पाठक वर्गको चाहनाअनुसारका मूल सामग्री सङ्कलन गर्न नसक्नु तथा आम नागरिकमा पुस्तकालयसम्बन्धी दृष्टिकोणको विकास गर्न नसक्नुजस्ता रहेको छन्। मूलतः पुस्तकालयलाई सुदृढ बनाउँदै लैजाने हो भने समृद्ध समाज, सुसूचित नागरिक बन्ने कुरामा विश्वास गर्न सकिन्छ। तसर्थ धर्मदेवी नगरपालिकाले हरेक वर्ष बजेटको सुनिश्चितता गरी योजनाबद्ध रूपमा बजेट कार्यान्यन गर्दै जानु सान्दर्भिक देखिन्छ।

### सन्दर्भसामग्री


दली, इन्दिरा र अन्य (२०७२), पुस्तकालय अभिलेख व्यवस्थापन मस्यौदा, अप्रकाशित मस्यौदा।

नेपालको संविधान (२०७२), कानुन किताब व्यवस्था समिति, काठमाडौंः लेखक।

बन्धु, चुडामणी (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौंः रत्न पुस्तक भण्डार।

भट्टराई, तुलसिप्रसाद र अन्य (२०७३), पुस्तकालय गुरुयोजना, अप्रकाशित प्रस्ताव योजना।

भुसाल, रमेशकुमार (२०७५), पुस्तकालयको इतिहास र समृद्ध पुस्तकालय, स्मारिका एघारौं पुस्तकालय दिवस, काठमाडौं : एघारौं पुस्तकालय दिवस प्रकासन समिति।

राष्ट्रिय शिक्षा नीति (२०७४), काठमाडौं, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

लुइटेल, हरिगोविन्द र अन्य (२०७३), राष्ट्रिय पुस्तक नीति, अप्रकाशित, राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदलले तयार पारको मस्यौदा।

स्थानीय सरकार सञ्चालन ऐन (२०७४), नेपाल राष्ट्रिय कानुन आयोग।

स्मारिका (२०७६), बाह्रौं पुस्तकालय दिवस, काठमाडौं : बाह्रौं पुस्तकालय दिवस प्रकासन समिति।

सार्वजनिक तथा सामुदायिक पुस्तकालय राष्ट्रिय सम्मेलन पत्र (२०७५), काठमाडौं : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय समन्वय शाखा।

# ओखलढुङ्गामा पुस्तकालयको सङ्क्षिप्त विवरण



✍ गणेश राई

**१. ढुङ्गाको ओखल**

मध्यकालीन मल्लवंशीय राजा लक्ष्मीनरसिंह मल्लको समयमा राज्यविस्तार गर्ने क्रममा काजी भीम मल्लको फौजले यस क्षेत्रमा राज्य चलाएका किराँतहरूलाई पराजित गरे । मल्ल फौजले गाउँघरबाट धान बटुलेर ल्याउने र ओखलजस्तो ठूलो ढुङ्गामा धान कुट्नेर चामल बनाई खाना खान्थे । धान कुटेको त्यो ढुङ्गा ओखलझै खोपिल्टो पर्‍यो । यसरी धान कुटेर ओखलझैं बनेको ढुङ्गालाई लिएर यस ठाउँको नाम ओखलढुङ्गा रहन गएको भन्ने किंवदन्ती पाइन्छ । अन्ततः त्यसै ढुङ्गाको नामबाट जिल्लाको नामाकरण भएको हो भन्ने भनाइ रहेको छ । सङ्घीय नेपालको पछिल्लो प्रशासनिक संरचनाअनुसार प्रदेश-१ अन्तर्गत पर्ने ऐतिहासिक जिल्लाका रूपमा प्रसिद्ध छ, यो ओखलढुङ्गा ।

**२. ओखलढुङ्गाको उपज**

नेपाली साहित्य इतिहासको जग निर्माणमा निर्गुण भक्तिधारादेखि आधुनिक काल र वर्तमान राष्ट्रियगान 'सयौं थुँगा फूलका हामी' सम्म आइपुग्दा ओखलढुङ्गाको योगदान अतुलनीय छ । सन्त ज्ञानदिलदास, युगकवि सिद्धिचरण श्रेष्ठदेखि व्याकुल माइलासम्म, वरिष्ठ समालोचक घटराज भट्टराईदेखि वर्तमान समालोचक प्राध्यापक डा. कुमारप्रसाद कोइरालासम्म ओखलढुङ्गाकै उपज हुन् । यसो त नेपाली उपन्यास विधाको पहिलो उपन्यास 'सुमती' (१९९१)का उपन्यासकार विष्णुचरण श्रेष्ठ (युगकवि सिद्धिचरणका पिता) को कर्मथलो ओखलढुङ्गा नै थियो । नेपालको पहिलो गायिका भनेर चिनिने मेलवादेवी गुरुङ, जसले 'सवारी मेरो रेलैमा' गाइन्, उनी ओखलढुङ्गाको रुम्जाटारमै जन्मेकी थिइन् । साहित्य साधनाबाट पत्रकारिताको विकास भएको हो । नेपाली पत्रकारितामा ओखलढुङ्गाको योगदान उत्तिकै रहेको छ । 'दैलो' साहित्यिक पत्रिकाका सम्पादक प्रेमनारायण प्रेमी, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष होमनाथ दाहाल, वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालदेखि नवीनतम पुस्ता श्याम राईसम्म छन् । नेपालको राजनीतिक इतिहासमा ओखलढुङ्गाको योगदान पनि उत्तिकै देखिन्छ । बहादुरीका हिसाबले दोस्रो विश्वयुद्धमा भिक्टोरिया क्रस (भीसी) पदक हासिल गरेका अगमसिंह राई ओखलढुङ्गाकै थिए । यसरी नियाल्दा ओखलढुङ्गा साँच्चिकै विद्वानहरूर बहादुरको ऊर्वर भूमि हो भन्ने लाग्छ । धेरै पढेलेखेका मान्छेहरू छन् भन्ने पनि भान हुन्छ, नभएका पनि होइनन् र छन् पनि । तर ओखलढुङ्गा भौगोलिक रूपमा विकट रहेको र पढ्नका निम्ति अन्यत्र गएर विद्वत्ता हासिल गरेका हुन् भन्नुपर्छ ।

**३. ओखलढुङ्गामा शिक्षालयको इतिहास**

राज्यको तत्कालीन प्रशासनिक विभाजनअनुसार ओखलढुङ्गा जिल्लामा हालको खोटाङ जिल्लाको केही भाग, सोलुखुम्बु जिल्ला सबै, रामेछाप जिल्लाको केही भाग, सिन्धुली र उदयपुर जिल्लाको केही भागसमेत गरी ओखलढुङ्गा बनेको थियो भने यस क्षेत्रको शैक्षिक केन्द्रबिन्दु ओखलढुङ्गा थियो । राज्यको तत्कालीन प्रशासनिक संरचनामा ओखलढुङ्गालाई पूर्व ३ नम्बर भनिन्थ्यो । १९५८ मा देवशमशेरको पालामा खुलेका भाषा पाठशालाको लहर चल्दै जाँदा १९८० सालताका ओखलढुङ्गामा पनि भाषा पाठशालाको स्थापना भएको बुझिन्छ । हालको खोटाङ र त्यसबेलाको ओखलढुङ्गामा पर्ने खार्पा र ओखलढुङ्गाकै गामनाङटारमा सर्वप्रथम

भाषा पाठशाला स्थापना भएको हो भन्ने भनाइ अग्रजहरूको रहेको छ । नारायणबहादुर सैंजुकाअनुसार ओखलढुङ्गामा १९८५ सालमा भाषा पाठशाला स्थापना भएको थियो । पछि २००४/०५ तिर आधार पाठशाला पनि स्थापना भएसँगै सिपसँग सम्बन्धित शिक्षा दिने गरेको कुरा अग्रजहरूकै भनाइ रहेको पाइन्छ । ओखलढुङ्गा सदरमुकाममा स्थापना भएको भाषा पाठशालालाई नै विकसित रूपमा परिवर्तन गरी २००७ साल माघमा सगरमाथा पब्लिक हाई स्कुल नामाकरण गरिएको हो । त्यसपछि वरुणेश्वरको रामपुर, माम्खा, च्यानम, गाम्नाङटारमा पनि हाई स्कुल खुलेका थिए भने चिसङ्खुलगायतका विभिन्न क्षेत्रमा भाषा पाठशालाहरू नै विद्यमान रहेका थिए भन्ने बुझिन्छ ।

ओखलढुङ्गामा औपचारिक शिक्षालयको इतिहास भाषा पाठशाला र आधार शिक्षाको स्थापनाकालबाटै प्रारम्भ भएको हो भन्ने बुझिन्छ । तापनि माध्यमिक तहसम्मको औचारिक शिक्षा भने २००७ सालमा सदरमुकाम ओखलढुङ्गा बजारमा स्थापना भएको सगरमाथा पब्लिक हाई स्कुल त्यसपछि सोही स्कुललाई सगरमाथा जनता व्यावसायिक माध्यमिक विद्यालय र हालको सगरमाथा जनता माध्यमिक विद्यालय नै पहिलो विद्यालय हो, जुन आजपर्यन्त सुचारु छ । प्रारम्भमा यही विद्यालयको भवनमा सञ्चालन हुने गरी स्थापना भई हाल आफ्नै जग्गामा रहेको भवनमा सञ्चालन भएको ओखलढुङ्गा क्याम्पस जिल्लाकै जेठो मानिन्छ । यस क्याम्पसमा हाल विभिन्न विषयमा स्नातकोत्तर तहसम्म अध्ययन–अध्यापन हुँदैआएको छ भने भरखरै सुनकोशी गाउँपालिकाअन्तर्गत कालिका मावि सिस्नेरीकै भवनमा सञ्चालनमा आएको सुनकोसी कालिका क्याम्पसमा स्नातकोत्तर तहमा विभिन्न विषय अध्ययन गर्न पाउने गरी भर्ना आह्वान गरेको छ । अब जिल्लामा स्नातकोत्तर अध्ययन हुने दुईवटा क्याम्पस रहेका छन् । यसका अलावा शिक्षाशास्त्र स्नातक (बिएड्) तह अध्यापन गराउने ८ वटा क्याम्पस सुचारु देखिन्छन् । माध्यमिक तहको ९ देखि १२ सम्म अध्यापन गराइने २७ वटा, ९ देखि १० सम्ममात्र अध्यापन गराइने ४७ वटा गरी माध्यमिक विद्यालय ७८ वटा रहेका छन् । जिल्लाभरिमा हालसम्म ३ सय ६४ विद्यालय सञ्चालनमा रहेका छन् । त्यसैगरी ३ सय १२ बालविकास केन्द्र (२१७ विद्यालयमा आधारित र ९५ वटा समुदायमा आधारित) छन् भने २४ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन् ।

**ओखलढुङ्गा जिल्लामा रहेका शिक्षालयको विवरण**

| **कक्षा** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
|---|---|---|---|
| १-३ | ९३ | १६ | १०९ |
| १-५ | ११७ | ८ | १२५ |
| १-८ | ४७ | ५ | ५२ |
| १-१० | ४७ | ४ | ५१ |
| १-१२ | २७ | – | २७ |
| | | **जम्मा** | **३६४** |

*स्रोत : शिक्षा विकास तथा समन्वय इकाई, ओखलढुङ्गा*

| **बालविकास केन्द्र** | **जम्मा** | **३१२** |
|---|---|---|
| | विद्यालयमा आधारित | २१७ |
| | समुदायमा आधारित | ९५ |
| **सामुदायिक अध्ययन केन्द्र** | **जम्मा** | २४ |
| **क्याम्पस** | **जम्मा** | १० |
| | स्नातक तह | ८ |
| | स्नातकोत्तर तह | २ |

*स्रोत : शिक्षा विकास तथा समन्वय इकाई, ओखलढुङ्गा (माथिको तथ्याङ्क शिक्षा विकास तथा समन्वय एकाइ ओखलढुङ्गा र मानेभन्ज्याङ गाउँपालिका शिक्षा शाखाबाट साभार गरी डा. गोपीकृष्ण गौतमले प्रेषित गर्नुभएको हो)*

शिक्षा नियमावली, २०५९ (संशोधनसहित)अनुसार कक्षा १२ सञ्चालन भएका हरेक विद्यालयमा पुस्तकालय हुने व्यवस्था रहेको छ । नेपाल सरकार शिक्षा विभागबाट पुस्ताकालय सञ्चालनका लागि रकम उपलब्ध गराएर पुस्तकालय स्थापना भएका छन् । पुस्तक बढी मात्रामा विद्यालयमा अध्यापन गराइने पाठ्यक्रम तथा पाठ्यपुस्तक केन्द्रित रहेका छन् । केही विद्यालयलाई

गैरसरकारी संस्था र व्यक्तिसमेतले सहयोग गरेका छन् । विद्यालयमा रहेका पुस्तकालयमा शिक्षक र विद्यार्थीले लाभ लिन पाउँछन् । शिक्षा विकास तथा समन्वय इकाई (साबिक जिल्ला शिक्षा कार्यालय) ओखलढुङ्गामा पनि आन्तरिक पुस्तकालय छ । तर जनशक्ति र आर्थिक अभावमा व्यवस्थित र सर्वसाधारणको पहुँचमा रहेको पाइँदैन ।

## ४. ओखलढुङ्गा जिल्लामा पुस्तकालय

### ४.१ सगरमाथा पुस्तकालय

जिल्ला सदरमुकाममा वि.सं. २००७ सालमा स्थानीय केही उत्साही युवाहरूले पुस्तकालय स्थापना गरेको भए पनि लामो समयसम्म सुचारु हुन नसकी बन्द भएको थियो । पछि फेरि पुस्तकालय स्थापना गरियो । सदरमुकाम ओखलढुङ्गाको हुलाकडाँडामा रहेको आधा शताब्दी पुरानो सो पुस्तकालयको नाम हो- 'सगरमाथा पुस्तकालय' । वि.सं. २०२८ सालमा अञ्चल कार्यालयबाट स्विकृति लिएर यो पुस्तकालय स्थापना गरिएको हो । स्थानीय युवाहरूको जोशले स्थापना भएको उक्त पुस्तकालय चाहेजस्तो सुचारु हुन सकेन । यसलाई २०४६ सालको राजनीतिक परिवर्तनपछि पुनः सञ्चालन गरियो । पुस्तकालय भवन २०७२ को भूकम्पपछि लड्यो । अहिले पुस्तकालय छ तर पाँच-सात वर्षयता सुचारु छैन । त्यसैले 'छ पुस्तकालय कि छैन पुस्तकालय' भन्ने स्थिति छ । पुस्तक सबै बोरामा छन् । कतिपय मकाइसकेका र माउ (कागज खाने एक प्रकारको किरो) लागेर नष्ट हुन लागेका छन् ।

ओखलढुङ्गा क्याम्पसका प्रमुख तथा पुस्तकालयका अध्यक्ष सुमन राजभण्डारीले यस पुस्तकालयको नाममा करिब ६ आना जति जग्गाजमिन रहेको छ । जग्गा व्यक्तिले हडप्न खोजेपछि अदालतमा मुद्दा चल्यो । पछिल्लो पटक पुस्तकालयकै पक्षमा फैसला भएको छ । यही सकारात्मक नतिजालाई लिएर सिद्धिचरण नगरपालिकाको नगर सभाले स्वामित्वमा लिने निर्णय गरेको कुरा नगर प्रमुख मोहनकुमार श्रेष्ठले बताए । 'जिल्लाकै पुरानो पुस्तकालय भएको हुँदा अब यसलाई व्यवस्थित गरेर पुनः सुचारु गर्ने पहल अघि बढेको छ,' प्रमुख श्रेष्ठको कथन छ ।

नगर प्रमुख श्रेष्ठको शब्दमा जुन बेलामा पुस्तकालय सुचारु थियो, त्यतिखेर सबै कुरा पढेर जानकारी लिनुपर्थ्यो । अहिलेजस्तो आमसञ्चारको पहुँच र प्रविधि पनि थिएन । त्यस्तो अबस्थामा किताबहरू सङ्कलन गरेर अध्ययन गर्ने केन्द्रको रूपमा ओखलढुङ्गाको सदरमुकाममा 'सगरमाथा पुस्तकालय' सञ्चालन भएको थियो । 'बाल्यकाल सम्झिदा स्थानीय भैरबटोलवासी प्रेमबहादुर श्रेष्ठले खोल्नु हुन्थ्यो,' धेरै वर्षदेखि पुस्तकालयको प्रयोग, उपयोगिता ह्रास हुँदै गएको उल्लेख गर्दै प्रमुख श्रेष्ठ भन्छन्, 'संस्थापक को को थिए, थाहा छैन । त्यहाँ अझै धेरै पुराना पुस्तकहरू छन् । यसको भवन जीर्ण भईसकेको छ । यसलाई संरक्षण गर्ने र जिम्मेवारी स्थानीय तहलाई दिने भन्ने सोंचले यसपालि नगरसभामा हामीले समन्वय गरेर त्यो पुस्तकालय सञ्चालन गर्ने र त्यो जमिनसमेत स्वामित्व लिने निर्णय गरेका छौं, अब प्रक्रिया अगाडि बढ्छ ।' सामुदायिक पुस्तकालयलाई समयअनुकूल प्रविधिमैत्री तुल्याउन सके लाभकारी हुने ठानेका छौं ।' पुस्तकालयलाई कसरी पुनःजीवन दिने भन्नेबारे विस्तृत योजना बन्न बाँकी रहेको कुरा प्रमुख श्रेष्ठले बताए ।

### ४.२ सिद्धिचरण सङ्ग्रहालय

ओखलढुङ्गा सदरमुकाममा सिद्धिचरण सङ्ग्रहालय समिति रहेको छ । सामाजिक अभियन्ता तथा राजनीतिज्ञ प्रेमनारायण प्रेमीको अगुवाइमा २०५२ सालमा उक्त सङ्ग्रहालय समिति स्थापना भएको हो । उनै प्रेमी २०५४ सालमा जिल्ला विकास समितिको सभापति बने । त्यसपछि २०५५/५६ सालमा युगकवि सिद्धिचरणको अर्धकदको शालिक निर्माण भएको थियो । सरकारले २०७१ सालमा ओखलढुङ्गा गाविसलाई सिद्धिचरण नगरपालिका घोषणा गर्‍यो । त्यसपछि नगरपालिकाले चासो लियो, युगकविको पूर्णकदको शालिक निर्माण भई राष्ट्रपतिबाट उद्घाटन भएको समितिका कार्यकारी सदस्य रूपेश शाक्यले बताए ।

समितिको आग्रहमा तत्कालीन जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाले यही सङ्ग्रहालयमा अध्ययन केन्द्र राखेको थियो। त्यसनिम्ति एकजना कर्मचारीको व्यवस्था गरेको थियो। चार वर्षयता नगरपालिकाको समन्वयमा एकजना कर्मचारीलाई मासिक दश हजार रूपैयाँ पारिश्रमिक दिएर दैनिक १० बजेदेखि २ बजेसम्म सुचारु राखिएको शाक्यले बताए। उनले पुस्तकालयको निर्माण प्रक्रिया अगाडि बढेको बताए।

युगकवि सिद्धिचरण श्रेष्ठपुत्र रविचरण श्रेष्ठले आफ्ना बाजे र बाबुका कृतिहरू सङ्ग्रहालय समितिलाई प्रदान गर्ने बताए। 'बाबुले सङ्कलन गर्नुभएको ३०-४० हजार पुराना किताबहरू छन्,' दुई तलाको सिद्धिचरण सङ्ग्रहालय भवन र सङ्ग्रहालयमै पुस्तकालय रहेको उल्लेख गर्दै उनले भने, 'नेपाली भाषाको पहिलो 'सुमती' उपन्यासका लेखक बाजे विष्णुचरण श्रेष्ठका मौलिक कृति छन्। हस्तालिखित ग्रन्थहरू पनि रहेका छन्। ती सबै मैले सङ्ग्रहालयलाई दिने भनेको छु। सङ्ग्रहालय पूर्ण व्यवस्थित भएपछि पुऱ्याउने सोंचेको छु।'

### ४.३ सिद्धिचरण पुस्तकालय

सदरमुकाम पश्चिम लिखु गाउँपालिका-४ यसममा सिद्धिचरण पुस्तकालय रहेको छ। समुदायले २०६७ सालमा गठन गरेको पुस्तकालय २०६९ सालमा दर्ता भएको प्रमाण प्राप्त छ। पुस्तकालयका अध्यक्ष कुमार काफ्लेका अनुसार यहाँ करिब ५०० पुस्तक छन्। २०७२ को भूकम्पले सामुदायिक भवन भत्किएपछि सँगै रहेको यसम माध्यमिक विद्यालयको नवनिर्मित भवनको एउटा कोठामा विस्तार गरिएको छ, जुन विद्यालयको अत्याधुनिक भवन एशियाली विकास बैंकले बनाएको हो। काफ्ले सोही विद्यालयको शिक्षकसमेत हुन्। 'सुरुमा स्थानीय बुद्धिजिवीहरूले प्रयोग गर्नुभएका पुस्तकहरू सङ्कलन गरेर अभियान थाल्यौं,' काफ्ले सम्झिन्छन्, 'त्यसपछि काठमाडौंका प्रकाशकहरूको सहयोगमा पुस्तक बटुलेर पुस्तकालय विस्तार गऱ्यौं। विद्यालय भवनमै सञ्चालन गर्दा विद्यार्थी लाभान्वित हुने रहेछन्, त्यसैले स्कुलमै राखेका छौं।' यस माविमा पाँचसय भन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

### ४.४ महादेवस्थान माविपुस्तकालय

ओखलढुङ्गा सदरमुकामभन्दा ३६ किलोमिटर दक्षिणमा मानेभन्ज्याङ गाउँपालिका-६ हिलेपानी गाउँ रहेको छ। यही गाउँ हो राष्ट्रगानका रचयिता व्याकुल माइला (प्रदीपकुमार राई)को जन्मथलो। यहाँ २०१६ सालमा स्थापित महादेवस्थान माध्यमिक विद्यालय रहेको छ, जहाँ कक्षा १० सम्म पठनपाठन हुन्छ। यही विद्यालयबाट व्याकुल माइलाले प्रारम्भिक शिक्षा हासिल गरेका हुन्। साथै, यो पङ्क्तिकारले पनि। विद्यालयलाई व्यवस्थित तथा बौद्धिक सम्पन्नताका निम्ति पुस्तकालय स्थापना गरिएको छ। माइलाको विशेष पहलमा रिपब्लिक आयरल्याण्डको टिचर्स युनियनको आर्थिक अनुदान तथा फोगल्याम र आदिवासी मानवअधिकार केन्द्र (हुरिनपेक) संस्थाको पहलमा २०६७ सालमा महादेवस्थान माविमा सामुदायिक पुस्तकाल स्थापना भएको छ। सो संस्थाले पुस्तकालयलाई करिब ८० हजार रूपैयाँ बराबरको विविध विधाका पुस्तकहरू उपलब्ध गराएको छ।

भक्तपुरको एभरेष्ट इङ्लिस स्कुलले एक लाख पच्चीस हजार रूपैयाँ बराबरको बालसाहित्य, कला, विज्ञानलगायतका पुस्तक सहयोग गरेको छ। त्यसैगरी हिलेपानी गाउँको शिक्षा विकासका लागि सहरका निजी विद्यालय, देशी, विदेशी संस्थाले समेत सहयोग पुऱ्याएका छन्। तर विद्यालय व्यवस्थापन समिति र शिक्षकको दरिलो पहल हुन नसक्दा चाहेजस्तो सेवा प्रवाह हुन सकेको छैन। शिक्षक दिलिपकुमार राईका अनुसार एक हजार तीन सय थान जति पुस्तक पुस्तकालयमा सुरक्षित छन् तापनि नियमवद्ध सञ्चालन हुन सकेको छैन।

### ४.५ पुण्यरत्न स्मृति पुस्तकालय

सिद्धिचरण नगरपालिका-७ स्थित बिगुटार माध्यमिक विद्यालयमा पुस्तकालय विस्तार गरिएको छ। यसलाई 'पुण्यरत्न स्मृति पुस्तकालय' नामाकरण गरिएको छ। यो पुस्तकालय २०७० सालमा स्थापना भएको हो। पुस्तकालयका अध्यक्ष तथा शिक्षक कुलप्रसाद घिमिरेका अनुसार यहाँ करिब दुई सय थरीका पुस्तक

छन् । विद्यार्थीले मात्र पढ्न पाउने सो पुस्तकालयमा सर्वसाधारणका निम्ति भने खुल्ला गरिएको छैन ।

### ४.६ रुम्जाटार मावि पुस्तकालय

घुमी फिरी रुम्जाटार भन्ने भनाइलाई सार्थकता दिने रुम्जाटार सन्त ज्ञानदिल दासको कर्मभूमि हो । यहाँ २०२८ सालमा स्थापित रुम्जाटार माध्यमिक विद्यालय रहेको छ । साथै यहाँ रुम्जाटार क्याम्पस (२०६३) पनि रहेको छ । विद्यालयमा साधारण र प्राविधिक धार गरी दुई धारअन्तर्गत अध्यापन गराइन्छ । साधारण धारतर्फ कक्षा १२ सम्म र प्राविधिकतर्फ १८ महिने र तीन वर्षे डिप्लोमा कोर्सको पठनपाठन हुन्छ । प्राचार्य गोकर्ण बहादुर बानियाका अनुसार यस विद्यालयमा एक हजार पचास विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीका निम्ति पुस्तकालय निर्माण गरिएको छ । भौतिक रूपमा पढ्न मिल्नेबीस हजार पुस्तक छन् । यसैगरी पचास हजार ई-पुस्तकको व्यवस्था छ । यो सेवा दश वर्षदेखि सुचारु छ । २०५३/५४ सालतिर रुम्जाटार वाचनालय थियो, तर अहिले अस्तित्वमा छैन । रुम्जाटार बौद्ध गुम्बा फाउन्डेसनले पुस्तकालयको अवधारणा अघि बढाएको साबिक रुम्जाटार गाविसका पूर्व–अध्यक्ष सीताराम गुरुङ बताउँछन् ।

### ४.७ भगवती मावि पुस्तकालय

तामाङ जातिको माने भएको स्थान जहाँ भन्ज्याङ परेकाले मानेभन्ज्याङ भएको हो भन्ने किंवदन्ती पाइन्छ । अहिले यसैका नामबाट गाउँपालिकाको नामाकारण गरिएको छ । यद्यपि स्थानीयले लिब्जु गाउँपालिका हुनुपर्छ भनी राखेको माग सम्बोधन भएको छैन । यो भन्ज्याङ ऐतिहासिक तथा सामरिक दृष्टिकोणबाट पनि महत्त्वपूर्ण मानिन्छ । किराँकालीन ऐतिहासिक दस्तावेजहरू र सामरिक भग्नावेशष अहिले पनि पाइन्छन् । (पङ्क्तिकारको नेतृत्वमा २०७७ माघमा गरिएको अनुसन्धानले वि.सं. १८२५ मा राजा पृथ्वीनारायण शाहले घमण्ड राईलाई लेखेको पत्र प्राप्त छ, जुन राष्ट्रिय अभिलेखालयको अभिलेखमा बुझाइएको छ ।) जहानियाँ राणाशासन कालयता शाही नेपाली सेनाको स्वामित्व रहेको जग्गा श्री भगवती माध्यमिक विद्यालयले भोगाधिकार प्राप्त गरेको छ भने केही जग्गा अझै पनि स्थानीयले उपभोग गरिरहेका छन् ।

२०१७ सालमा स्थापना भएको श्री भगवती माध्यमिक विद्यालयले २०७७ चैत २७ र २८ गते हीरक जयन्तीसमेत मनाइसकेको छ । हीरकजयन्तीका अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति सम्माननीय डा. रामवरण यादवज्यूको बाहुलीबाट ब्रिटिस वेयलफेयर ट्रस्टको ९० र विद्यालयको १० प्रतिशत व्ययभार वहन गरी निर्माण भएको सुविधा सम्पन्न आधुनिक भवनको समुद्घाटन भएको छ । यही विद्यालयबाट २०४६ सालमा राष्ट्रगानका रचयिता व्याकुल माइलाले एसएलसी उत्तीर्ण गरेका हुन् । यहाँ अहिले साधारण धारतर्फ कक्षा १२ र प्राविधिकतर्फ १५ महिने कृषितर्फको बालीविज्ञान विषयको पठनठान हुँदैआएको छ । विद्यालयमा पुस्तकालय छ । साथै, विद्यालयकै एउटा कोठामा सामुदायिक सिकाई केन्द्र रहेको छ । केन्द्रका अध्यक्ष तथा शिक्षक दीपकबहादुर राईका अनुसार यहाँ नयाँ र पुराना गरी एक हजारभन्दा बढी प्रकारका पुस्तक छन् । ती पुस्तक विदेशमा रहेका स्थानीय युवाहरूको परिकल्पनामा गठित नवयुग पुस्तकालमा सङ्कलित पुस्तक हुन्, जुन मानेभन्ज्याङ युवा क्लबले सञ्चालन गर्न नसकेपछि केन्द्रलाई हस्तान्तरण गरेको हो ।

## ५. ई–पुस्तकालयका निम्ति सहयोग

जिल्लाका विभिन्न विद्यालयमा सामान्य पुस्तकालय विस्तार भएका छन् । ती विद्यालयका पुस्तकालयलाई सुविधा सम्पन्न बनाउन विदेशमा रहेका जिल्लावासी जुटेका छन् । आर्थिक सहयोग जुटाएर स्थानीय जनप्रतिनिधिमार्फत् विद्यालयमा कम्प्युटर सफ्टवेयर, ईबुकहरू र शैक्षिक सामग्री उपलब्ध गराउन थालेका छन् । ओखलढुङ्गामा जन्मे हुर्केका हाल बेलाईतमा रहेका नेपाल प्रहरीका पूर्व प्रहरी नायव उपरीक्षक (डीएसपी) शिवजी श्रेष्ठले यो कार्यको संयोजक गर्दै आएका छन् । उनले आफ्ना आमा प्रेमकुमारी श्रेष्ठ र बुवा होमबहादुर श्रेष्ठको नाममा सदरमुकामस्थित सगरमाथा जनता माविमा अध्ययन केद्र स्थापना गरिदिएका छन् ।

यसैगरी श्रेष्ठले जिल्लावासीमाझ सुचारु राखेको अभियानमार्फत् रुम्जाटार मावि, चम्पादेवी मावि सल्लेरी र नारायणस्थान माविमा प्रत्येकमा दश हजार ईबुक्स र पाँच हजार शैक्षिक भिडियो पुऱ्याएको बताएका छन् । 'अब ओखलढुङ्गाका प्रत्येक माविमा ईलाईब्रेरी पुऱ्याउने लक्ष्य राखेका छौं,' संयोजक श्रेष्ठको कथन छ । विद्यार्थीले उपलब्ध ईबुक्स र भिडियो उपयोग गर्न बिजुलीमात्र भए पुग्छ । इन्टरनेट चाहिँदैन ।

### ६. जनप्रतिनिधिको भनाइ

प्रदेश-१ का प्रदेश सभा सदस्य माननीय मोहन खड्का ओखलढुङ्गामा संस्थागत पुस्तकालय क्रियाशील नरहेको बताउँछन् । 'जिल्लामा भएका पुस्तकालय सामान्य र विद्यालयगतमात्र छन्,' पूर्व शिक्षकसमेत रहेका खड्काले बताएका छन् । उनले अगाडि भने, 'जनप्रतिनिधिसँग स्कुलबाहेक अन्यबाट पुस्तकालय व्यवस्थापनको माग भएको छैन ।'

दोस्रो संविधानसभाका सभासद रामहरि खतिवडा ओखलढुङ्गा जिल्ला राजनीति, साहित्य, पत्रकारिता क्षेत्रमा चर्चित पात्र छन्, तर ज्ञान विस्तारका निम्ति पुस्तकालय व्यवस्थापनमा चासो शून्यप्रायः रहेको बताउँछन् । 'तीन दशक लामो राजनीतिक यात्रामा वास्तवमै पुस्तकालय निर्माणप्रति जनचासो जागेको पाइनँ,' राजनीतिक परिवेश बदलिएकाले स्थानीय सरकारसमेत क्रियाशील रहेको उल्लेख गर्दै खतिवडा अगाडि भन्छन्, 'अहिले परिस्थिति फेरिइसकेको छ । अब ओखलढुङ्गाको साहित्यिक पहिचानलाई लिएर पर्यटन, संस्कृति प्रवर्द्धन गर्न निश्चित ठाउँहरूमा राम्रो पुस्तकालयको विकास गर्दै आर्थिक उपार्जनसँग जोडेर टेवा पुऱ्याउन सकिने सम्भावना छ ।'

सङ्घीय प्रतिनिधिसभा सदस्य माननीय यज्ञराज सुनुवार ओखलढुङ्गामा व्यवस्थित पुस्तकालय नरहेको बताउँछन् । 'सामाजिक अभियानका रूपमा स्थापित केही पुस्तकालय छन् तर त्यसमा स्थानीय पत्रपत्रिका र सीमित पुस्तकमात्र रहेका छन्,' समुदायबाट पुस्तकालय निर्माणका निम्ति सांसद कोषको रकम माग भएको उल्लेख गर्दै सुनुवारले भने, 'भौतिक निर्माणमाबाहेक अन्य क्षेत्र र कार्यक्रमहरूमा सांसद कोष खर्चिन नमिल्ने र पुस्तक किनेर दिन पनि नमिल्ने प्रावधान छ । त्यसैले हामीले शिक्षा, स्वास्थ्य र कृषिमा दिन पाउने व्यवस्था होस् भनेर माग गरेका छौं ।' सांसद सुनुवारले विज्ञान र प्रविधिको पहुँच सबैतिर पुगेकाले अबदेखि हरेक शैक्षिक संस्था तथा सामुदायिक अध्ययन केन्द्रले व्यवस्थित ई-लाईब्रेरी निर्माणमा प्राथमिकता दिनुपर्ने बताउँदै त्यसबाट शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्ने उल्लेख गरे ।

जिल्लामा रहेका अन्य माध्यमिक विद्यालय र क्याम्पसहरूमा पनि पुस्तकालय रहेका छन् । उपर्युल्लिखित स्थानमा सञ्चालन भएका पुस्तकालय पनि व्यवस्थित देखिएका छैनन् । प्रायः शिक्षक र विद्यार्थीलाई मात्र सुविधा दिने उद्देश्यले स्थापना भएका पुस्तकालयले बाह्य जिज्ञासुलाई समेट्न सकेको पाइँदैन । बाँकी विद्यालय र क्याम्पसमा रहेका पुस्तकालयको अबस्था उजागर हुन बाँकी नै छ ।

### ७. सुझाव र निष्कर्ष

स्थानीयवासी, विविध जातजाति, भाषाभाषी, संस्कार, संस्कृति, लोकपरम्पराहरूलाई उजागर गर्न सक्ने पुस्तकालयदेखि सांस्कृतिक सङ्ग्रहालयको विकास गर्न सके समाजमा ज्ञानको दायरा बढ्न सक्ने देखिन्छ । उदाहरणका रूपमा छिमेकी मुलुक चीनको सिचुआन प्रान्तमा ५६ थरी जातजाति छन् । उनीहरूलाई आ-आफ्नै क्षेत्रमा जातीय सङ्ग्रहालयको विकास गरिदिएका छन् । ती सङ्ग्रहालयमा आफ्नो जातिको इतिहास, संस्कृति, परम्पराजन्य पुस्तकहरू अध्ययन कक्ष, परम्परालाई झल्काउने डिजिटल प्रदर्शनी कक्ष, मानव विकासका क्रमसँग गाँसिएका आदिवासी ज्ञानबाट सिर्जित सिप, कला, कौशल, दैनिकीजन्य क्रियाकलाप, विभिन्न भौतिक वस्तुहरूको प्रदर्शनी राखिएका छन् । ती सङ्ग्रहालयको भ्रमण, अवलोकन गर्न आउने स्वदेशी पर्यटकहरूलाई ती सङ्ग्रहालयको महत्त्व बुझाउने, व्यान गरिदिने आदिवासी प्रतिनिधि तन्नेरी युवक युवती खटाइएका हुन्छन् । त्यसैगरी विदेशी पर्यटकका निम्ति छुट्टै अनुवादकसमेत व्यवस्था गरिएका हुन्छन् । सन्

२०१५ डिसेम्बरमा चीन सरकारले पंक्तिकारलगायत टोलीलाई दिएको भ्रमण अवलोकन अवसरबाट प्राप्त अनुभव बाँड्ने चेष्टा गरिएको हो । हाम्रो परिवेशमा हाल भईरहेको पुस्तकालयको महत्त्व झल्काउन किताबहरूमात्रै सजाएर राख्ने परम्परागत सोंचलाई बदल्न जरुरी छ । पुस्तकालय पुस्तकसँगै उमेरअनुसार आमा-बाबुको चाहनाअनुसार अवलोकनयोग्य वस्तु, किशोर–किशोरी, युवा–युवतीहरूका निम्ति पुस्तकका अतिरिक्त खेल खेल्ने, केटाकेटीका निम्ति खेल्दै मनोरन्जन लिँदै ज्ञान पाउने स्थल बन्न जरुरी छ ।

**स्रोत व्यक्ति :**

चेतनाथ धमला (साहित्यकार), २०७८ साउन ९ गते ।

दिलिपकुमार राई (शिक्षक, महादेवस्थान मावि), २०७८ साउन १० गते ।

धिरेन्द्र रुम्दाली (पत्रकार), २०७८ साउन १० गते ।

मोहनकुमार श्रेष्ठ (नगर प्रमुख), २०७८ साउन १० गते ।

डा. भेषनाथ खनाल (उपप्राध्यापक, ओखलढुङ्गा क्याम्पस), २०७८ साउन १० गते ।

कुलप्रसाद घिमिरे (शिक्षक-बिगु विटार मावि), २०७८ साउन १० गते ।

डा. गोपीकृष्ण गौतम (शिक्षक-भगवती मावि)ले नारायणबहादुर सैंजु (पूर्व क्याम्पस प्रमुख तथा पूर्व प्रअ सजमावि) र फणीन्द्रबहादुर कटवाल (मानेभन्ज्याङ गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा अधिकृत) सँग भएको कुराकानी २०७८ साउन १० गते ।

रविचरण श्रेष्ठ (युगकवि सिद्धिचरण श्रेष्ठपुत्र), २०७८ साउन १९ गते ।

शिवजी श्रेष्ठ (हाल- बेलाईत), २०७८ साउन २२ गते ।

भीम मिश्र (प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, ओखलढुङ्गा) २०७८ साउन ३० गते ।

नारद गौतम (वरिष्ठ पत्रकार तथा राजनीतिज्ञ होमनाथ दाहालसँग भएको कुराकानी), २०७८ साउन ३० गते ।

सीताराम गुरुङ (पूर्व अध्यक्ष रुम्जाटार गाउँ विकास समिति) सिद्धिचरण नगरपालिका-१३ रुम्जाटार), २०७८ साउन १० र ३० गते ।

**सन्दर्भ स्रोत :**

ओखलढुङ्गा जिल्लाको शैक्षिक स्थिति, आर्थिक वर्ष २०७४/७५ को प्रतिवेदन । शिक्षा विकास तथा समन्वय इकाई, ओखलढुङ्गा ।

गौतम, नारद । 'ओखलढुंगाको साहित्य र पत्रकारिता' । साहित्यिक पत्रकारिताको विकासमा प्रेस काउन्सिल, २०७७। सम्पादक : चेतनाथ धमला । काठमाडौं : प्रेस काउन्सिल नेपाल । पाना नं.११४-१४८ ।

राई, गणेश वाम्बुले । 'व्याकुल माइला पढेको स्कुल'। ' लिब्जु-भुम्जु' त्रैमासिक वर्ष-२२, पूर्णाङ्क-६२, २०७२। पाना नं.२९-४५।

डा. गोपीकृष्ण गौतम र अन्य सम्पादक मण्डल । ' भगवती स्मारिका' । श्री भगवती माध्यमिक विद्यालय, शुभ हीरकजयन्ती महोत्सव-२०७७, मानेभन्ज्याङ, ओखलढुङ्गा ।

*(लेखक परिचय : गणेश राई, कान्तिपुर राष्ट्रिय दैनिकका वरिष्ठ उप-सम्पादक तथा वाम्बुले राई भाषा, साहित्य, संस्कृति प्रधान 'इक लिब्जु-भुम्जु' त्रैमासिक पत्रिकाका सम्पादक हुन् । उनको लोकसाहित्य, संस्कृति लगायत विधाका आधा दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।)*

*मो.९८४१२५६४८८*

*raiganesh@gmail.com*

# दीपशिखा सामुदायिक पुस्तकालय : एक चर्चा



✍ **मिन कुमारी डल्लाकोटी,**
पुस्तकालय अधिकृत
पोखरा विश्वविद्यालय ।

**पृष्ठभूमि**

मानिस एक विवेकशील प्राणी भएको हुँदा ज्ञान र सूचनाको तिर्खा मेट्नको लागि यत्रतत्र भौंतारिने मात्रै होइन तीनलाई व्यवस्थित गर्नका लागि निरन्तर लागिरहन्छ । समाज विकासका विभिन्न मोडहरूमा मानिसले धेरै पुस्तकालयहरू स्थापना गर्दै गयो । हामी देख्छौं, जुन ठाउँमा पुस्तकालयहरू छन् ती स्थानमा शिक्षाको पनि विकास भएको छ । यही दृष्टान्तलाई आत्मसात् गर्दै आज कास्की जिल्लाको रमणीय शहर तथा कवि शिरोमणी लेखनाथ पौड्यालको नामबाट चर्चित साविक लेखनाथ नगरपालिका र हालको पोखरा महानगरपालिकामा वडा नं. २९ मा अवस्थित दिपशिखा सामुदायिक पुस्तकालयको बारेमा सङ्क्षिप्त जानकारी दिने उद्देश्यले ऐतिहासिक तथ्य र वर्तमान क्रियाकलापहरूलाई समेटेर यो लेख तयार गरिएको छ ।

भण्डारढिक वरिपरिका स्थानीय बुद्धिजिवी र समाजसेवीहरूको पहलमा वि.सं. २०४४ मा पुस्तकालयको आवश्यकताको बारेमा छलफलको शुरुवात भई २०४५ सालमा एक अस्थायी टहरोबाट दीपशिखा वाचनालयको यात्रा शुरु भएको थियो । सर्वनाम नाट्य समूह जुन २०४६ सालमा स्थापना भएको थियो, उसको कार्यालय पनि यसै वाचनालयमा रहेको थियो । पछि साविक लेखनाथ नगरपालिकाको वडा नं. १ को कार्यालय केही समय यही वाचनालयमा रह्यो । शुरुका दिनमा पुस्तक तथा पत्रपत्रिका किन्नका लागि शिक्षा कार्यालयबाट केही सहयोगसमेत प्राप्त भएको थियो । यसलाई २०५९ मा जिल्ला प्रशासन कार्यालयमा विधिवत् रूपमा दर्ता गरिएपछि वैधानिकता प्राप्त भयो र विस्तारै रिड नेपाल, तात्कालीन लेखनाथ नगरपालिका र नगर विकास कोषले भवन निर्माण, फर्निचर र पुस्तक सामग्री खरिदको लागि सहयोग प्रदान गरे । २०६६ मा भवनको शिलान्यास भई तीन वर्षमा कार्य सम्पन्न भयो र २०६९ मा पोखरा महानगपालिका वडा नं.२९ भण्डारढिकस्थित बजारमा पृथ्वी राजमार्गकै छेउमा दुई तले भव्य भवनमा दिपशिखा सामुदायिक पुस्तकालय सञ्चालनमा आएको छ । यसलाई प्राक्टिकल एक्सनले, रिड नेपाल जस्ता संस्थाहरूले प्राविधिक तथा अन्य सहयोग गरेको छ ।

सार्वजनिक पुस्तकालय भन्नाले आफ्नो स्थान, समुदाय, संस्कृति रहन सहन, भाषा भेष, पेशा लगायतका विविधतालाई प्रस्फुठित गराउँदै विकासको गतिमा उच्चता हासिल गर्न आवश्यक पर्ने पठन पाठनका सामाग्रीहरूको सङ्कलन, संरक्षण गरी समुदायका सबै बच्चादेखि बुढासम्म, साधारण लेखपढ गर्न जान्नेदेखि विद्वानसम्म सबै तप्का र तहका पाठकहरूलाई साधारण शुल्कदेखिवाहेक निःशुल्क निर्वाध रूपमा ज्ञान आर्जन गर्ने थलोको रूपमा स्थापित हुनु हो । आजको पुस्तकालयको क्षेत्र केवल पाठ्यसामाग्रीको सङ्कलन र पुस्तक लेनदेनमा मात्र सिमीत नभई समाजमा पाइने सबै प्रकारका पठनीय सामाग्रीः प्रकाशित, अप्रकाशित, हस्तलिखित वा विभिन्न धातुबाट निर्मित वस्तुहरू मात्र पनि जेष्ठ नागरिकहरूको रुचि समेट्ने

सामाग्रीहरू लगायत भाषा, साहित्य कलाका विविध पक्षलाई समेट्नु, अथवा समुदाय विकासका जुनसुकै अवधारणाहरू प्रतिवादन गर्नु आजको सामुदायिक पुस्तकालयको दायित्व हुन आएको छ। यो मर्मलाई यस पुस्तकालयले अवलम्बन गरेको छ।

**शैक्षिक क्रियाकलापहरू**

पुस्तकालयको मूल गेटमा RFID सिस्टम जडित सेन्सर गेट राखिएको छ। पाठकले काउन्टरबाट इस्यु नगरी पुस्तक लगेमा सेन्सर गेटले सूचना दिने हुनाले सजिलै पुस्तक चोरिने सम्भावना निकै कम हुने विश्वास लिइएको छ। पुस्तकालयले यहाँ भएका सम्पूर्ण पाठ्यसामाग्रीको सूची पुस्तकालय अटोमेसन सफ्टवेयरमा स्टोर गरेर राखिएको छ। जुन पुस्तकालयको वेभसाइटमा गएर पनि खोज्न सकिन्छ। यहाँका प्रत्येक पुस्तकको भित्री भागमा चँक्स चिप्स जडान गरिएको छ भने पुस्तकहरू डिडीसी सिस्टमअनुसार वर्गीकरण गरेर विषयअनुसार ऱ्याकमा मिलाएर राखिएको छ। पाठकहरूले १० दिनको लागि एक पटकमा ३ वटा पुस्तक घर पनि लगेर पढ्ने व्यवस्था गरिएको छ। हाल पुस्तकालयमा ३०० भन्दा बढी सदस्यहरू छन् भने अध्ययन कक्षमा दैनिक सय जनाको हाराहारीमा उपस्थिति हुने गरेको छ। कोभिड १९ को प्रकोपपछि भने अध्ययन कक्षलाई यो लेख तयारपार्दा सम्म अस्थायी रूपमा बन्द गरिएको छ तर पुस्तकको आवत जावतलाई भने निरन्तरता दिइएको छ। पुस्तकालयमा देहायका ६ वटा फरक फरक कक्षहरू छन्।

**क**) **श्रव्य दृष्य कक्ष** : विशेष गरी समाजमा साक्षर मात्र नभई निरक्षर व्यक्तिहरूले पनि केही लाभ प्राप्त गरुन् भन्ने उद्देश्यले कृषि, वातावरण जस्ता उपयोगी श्रब्य सामाग्रीहरूको सङ्कलन गरिएको छ।

**ख**) **महिला कक्ष** : समुदायका महिलाहरू आमा समूहहरू प्रत्यक्ष लाभान्वित होउन् भन्ने उद्देश्यले समय समयमा महिलासँग सम्बन्धित तालिम गोष्ठी, म्यागजीन तथा महिला शिशु स्वास्थ्यसँग सम्बन्धित सम्पूर्ण सेवा प्रदान गर्दै आएको छ। महिलाहरूलाई नै लक्ष्यित गरी दीपशिखा महिला सहकारी संस्थासमेत सञ्चालनमा ल्याएको छ।

**ग**) **सभा हल** : यस पुस्तकालय भवनमा सभाहल पनि रहेको छ जसमा करिब १०० जनासम्म अटाउने मिटिङ्ग तालिम, गोष्ठी सेमिनार आदिको लागि उपयुक्त सभाहलको व्यवस्था गरिएको छ।

**घ**) **खेलकुद तथा म्युजिक कक्ष** : यस कक्षमा युवाहरूलाई लक्ष्यित गरी बिभिन्न खेलकुद र वाद्यवादनका सामाग्री रहेका छन् बाल क्लव तथा युवा क्लवहरू यस कक्षबाट लाभान्वित भएका छन्।

**ङ**) **कम्प्युटर कक्षः** यस कक्षबाट इमेल, इन्टरनेट, कम्प्युटर शिक्षा उपलब्ध गरिने छ। महिला, शिक्षक, बालबालिका र युवाहरूलाई कम्प्युटर शिक्षा तथा निःशुल्क इन्टरनेट उपलब्ध गराइएको छ।

**च**) **पुस्तकालय कक्ष** : भवनको पहिलो तल्लामा यो पुस्तकालय कक्ष रहेको छ। करिब ७ हजारको हाराहारीमा पाठ्यसामग्री सङ्कलन रहेको र बढ्ने क्रममा रहेको यो पुस्तकालय अटोमेटेड पुस्तकालय हो। पुस्तकालय कक्षलाई दुई सेक्सनमा विभाजन गरिएको छ।

१. **बाल कक्षः** जहाँ बालबालिकाहरूको लागि मनोवैज्ञानिक तवरले सिक्न सक्ने पुस्तक, खेलौना तथा गुडिया आदि सामाग्रीको व्यवस्था गरिएको छ। बालबालिकालाई हौसला तथा उनीहरूको क्षमता अभिवृद्धि गर्न बेलाबेलामा हाजिरी जवाफ, कथा वाचन, चित्रकला जस्ता कार्य समय समयमा गर्दै आएको छ।

२. **वयस्क कक्ष** : करिव ४० जना पाठक एकै पटकमा बसेर पढ्न मिल्ने यस कक्षमा सामान्य ज्ञानदेखि साहित्य तथा इतिहाससम्मका विविध पाठ्य सामाग्रीको सङ्कलन रहेको छ।

उक्त क्रियाकलाप सम्पन्न गर्नका लागि श्री कृष्णहरि भण्डारीको अध्यक्षतामा १३ सदस्यीय कार्य समिति र ५ सदस्यीय सल्लाहकार समिति रहेको छ भने दैनिक प्रशासन सञ्चालनका लागि एक जना लाईब्रेरियन र १ जना सहयोगी जनशक्तिको व्यवस्थापन भएको छ ।

**अन्य क्रियाकलापहरू**

पुस्तकालयको परिकल्पना निकै फराकिलो छ, उद्देश्य र लक्ष्य पनि समाज केन्द्रित छ । यस पुस्तकालयले आफ्ना सेवा सुविधाहरुलाई बढी भन्दा बढी समय सापेक्ष बनाउदै लैजाने प्रयत्न गरिरहेको छ । यसैको सेरोफेरोमा रहेर नै संस्थाले आफ्ना क्रियाकलापहरू अघि बढाएको छ ।

क) ज्ञान र सूचनाको पहुँचमा वृद्धि कार्यक्रम,

ख) बाल कार्यक्रम सञ्चालन गर्ने,

ग) महिला र युवा शसक्तिकरण कार्यक्रम सञ्चालन गर्ने,

घ) आर्थिक विकास कार्यक्रम सञ्चालन गर्ने,

ङ) संस्थागत विकास र असल सुशासन कार्यक्रम सञ्चालन गर्ने,

**भावी योजना**

नेपालमा पुस्तकालयहरू खोल्न सजिलो छ तर त्यसलाई लामो समय टिकाइराख्न निकै गाह्रो छ । आम्दानीको स्थायी श्रोतको अभावका कारण धेरै पुस्तकालयहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको र कतिपय बन्द भएको अबस्था पनि छ । यस पुस्तकालयले पनि स्थायी रूपमा आम्दानीको श्रोत जुटाउनेतर्फ ध्यान दिनु आवश्यक छ । यसबाहेक पुस्तकालयले समुदायका सबै घरधुरीलाई सदस्य बनाई पढ्ने बानीको विकास गर्नु आवश्यक छ । यसबाट समुदायमा शैक्षिक जागरण आउने छ, मानिसहरू फुर्सदको समयमा ज्ञानगुनका कुराहरू सिक्ने छन् साथै सामुहिक छलफल र उठाबसीबाट सामुहिक भावनाको विकास पनि हुने छ । आफ्ना क्रियाकलापहरूको निरन्तरताको लागि, श्रोत सामग्रीहरूको बृद्धिका लागि पुस्तकालयले भावी रणनैतिक योजनाहरू बनाउने र कार्यन्वयन गर्नु जरुरी छ ।

**सन्दर्भसामग्री**

रणनीतिक योजना २०७३(२०७७ : दीपशिखा सामुदायिक पुस्तकालय

# भीम पुस्तकालय दोलखा

✍ **जानकी कर्माचार्य**

वि.सं. २०१० सालमा त्रिपुरा पुस्तकालयको नाममा स्थापना भएर सरकारी मान्यता प्राप्त गरेर राजपत्र निशुल्क पाउन थालेको थियो । वि.सं.२०१४ सालमा अमेरिकन लाइब्रेरीको सहायतामा अर्को भैरव पुस्तकालयको स्थापना भएको थियो । दुबै पुस्तकालय दोलखाको माथिल्लो टोलामा थिए । वि.सं.२०२३ सालमा माथिल्लो टोलमा भिषण आगलागी भएपछि दुवै पुस्तकालय थन्किएका थिए । वि.सं. २०२३ सालमा त्यसबेलाको भीम हास्कूलका प्रधानाध्यापकको पालामा दुबै पुस्तकालयलाई एकीकृत गरी भिम पुस्तकालय नाम राखेर सञ्चालन गरियो । तर ठाउंको अभाबले गर्दा त्यतिखेरको प्रधानपञ्चको घरमा सारेर चलाइयो । पछि कृषि विकास बैंकको तीन कवल भएको घर जुन दोलखा भिमेश्वर जाने बाटैमा ठाउं पाएर सारेको थियो र बि.सं. २०३४ साल देखि फेरि सञ्चालनमा आएको थियो । अहलि बि.सं.२०७२ सालको भूकम्पले चर्केको भवन ध्वस्त भैसकेको छ । सङ्कलनहरू भने घरेलु कार्यालयमा सुरक्षित साथ राखिएको छ ।

# पुस्तकालय प्रतिको हाम्रो बुझाइ



✍ **भरत खड्का**
अध्यक्ष
सँगम सामुदायिक पुस्तकालय
त्रियुगा नगरपालिका-११, गाईघाट, उदयपुर ।

**विषय प्रवेश**

पुस्तकालयको सिधा अर्थ पुस्तकहरूको घर भन्ने बुझिए पनि विज्ञान, सूचना र प्रविधिको यो युगमा हामीले पुस्तकालयलाई यति साँघुरो घेराभित्र राख्यौं भने अवश्य पनि पुस्तकालयलाई अन्याय हुन्छ। पुस्तकालय केवल पुस्तक तथा अन्य पठन सामाग्रीको भण्डार मात्र गर्ने भण्डार गृहको रूपमा रहन सक्दैन। यो एउटा ज्ञानको समग्र घर हो। ज्ञानले सूचना, सञ्चार प्रविधि आदि सबै आयामलाई समेट्छ। जुन ज्ञानको घरमा कुनैपनि पर्खाल हुदैंन। ज्ञान आर्जन गर्ने सबै प्रयोगकर्ताहरू निर्वाध रूपमा यो पर्खाल बिनाको घरभित्र प्रवेश गर्न सक्छन् र उनीहरूले चाहेको ज्ञान आर्जन गर्न सक्छन्। कुनै मुलुक कति विकसित छ भन्ने कुरा त्यस मुलुकमा स्थापना भएका पुस्तकालयलाई नियाल्दा स्पष्ट हुन्छ भन्ने भनाइ पुस्तकालय विज्ञहरूले धेरै पटक दोहोऱ्याइसके। देशको सर्वाङ्गीण विकासको एउटा मानक शिक्षा हो र शिक्षाको एक शक्तिशाली शाखा पुस्तकालय हो। शिक्षालाई स्वतन्त्र, निस्पक्ष र सम्मानजनक रूपमा प्रवाह गर्न विभिन्न माध्यममध्ये सबैभन्दा सहज र सरल माध्यम पुस्तकालय हो। त्यसैले मुलुकको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पवित्र संस्थाको रूपमा पुस्तकालयलाई लिन सकिन्छ। यो कुरा यस बर्षको चौधौं पुस्तकालय दिवसको अवसरमा तय गरिएको **"सबल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार"** भन्ने सन्देशबाट पनि प्रमाणित हुन्छ। तर हाम्रो समाज पुस्तकालयको बारेमा चासो राख्दैन अनि हाम्रो सरकारी/गैर सरकारी संयन्त्र र संरचनाहरू पनि देशको सर्वाङ्गीण विकासको एउटा मानक शिक्षा हो, शिक्षाको एक शक्तिशाली आयाम पुस्तकालय हो भन्ने बुझ्दैन। खालि शिक्षा भनेको स्कुल र कलेज मात्र बुझ्दछ। यसकारण पुस्तकालयप्रतिको बुझाई र पुस्तकालय दिवसमा तय गरिएका सन्देशहरू कार्यान्वयन गर्न, गराउन पुस्तकालयकर्मी वा अभियान्ताहरूले सबै सबै सरोकारवालाहरूसँग निरन्तर बहस, छलफल तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरू सञ्चालन गर्न अब ढिलो गर्नु हुन्न।

**सँगम सामुदायिक पुस्तकालयको छोटो परिचय :**

१. पुस्तकालयको नामः सँगम सामुदायिक पुस्तकालय
२. ठेगानाः जिल्ला उदयपुर, त्रियुगा नगरपालिका वडा नं.११, सँगमटोल
३. दर्ता नम्बर : ३८१,
४. स्थापना मितिः २०६० पौष २५ गते,
५. फोन नं.०३५ ४०२०७४४,मो.नं.९८४२८४७५७०,
६. स्थायी लेखा नम्बर ९एब्ल० ३०२१८२९१८
७. इमेलः sangampustakalaya@gmail.com
८. पुस्तकालय खुल्ने र बन्द हुने समयः १० देखि ५ बजेसम्म अन्य समय सेवाग्राहीको मागवमोजिम

९. पुस्तकालय दर्ता गरेको निकायः जिल्ला प्रशासन कार्यालय,उदयपुर ।

१०. पुस्तकालय व्यवस्थापन समितिको नाम र सर्म्पक नं.

| क्र.सं | नाम | पद | सर्म्पक नं. |
|---|---|---|---|
| १. | भरत खड्का | अध्यक्ष | ९८४२८४७५७० |
| २. | गिता कुमारी कार्की | उपाध्यक्ष | ९८४२८३७०९४ |
| ३. | विनोद खतिवडा | महासचिब | ९८५२८३५६९१ |
| ४. | राजेन्द्र प्रसाद शाह | सचिव | ९८४२८२२०५३ |
| ५. | रेवतीरमण गेलाल | कोषाध्यक्ष | ९८४२८३७१४० |
| ६. | टंक प्रसाद गुरागाँई | सदस्य | ९८५२८३१०२२ |
| ७. | मदनराज कटुवाल | सदस्य | ९८५२८३०७४६ |
| ८. | मधुसुधन श्रेष्ठ | सदस्य | ९८४२८२५१४९ |
| ९. | भिम बा.खड्का | सदस्य | ९८५२८३५६८३ |
| १०. | मुना खड्का | सदस्य | ९८४२८३७५७६ |

साधारण सभाबाट १३ सदस्य समिति गठन भएकोमा ३ मनोनित गर्ने अधिकार समितिलाई दिएकोमा मनोनित गर्न बाँकी रहेको छ ।

११. **पुस्तकालयमा काम गर्ने कर्मचारीको सङ्ख्या :** स्थायीः छैन, अस्थाईः २ जना, सेवा करारः १ जना, स्वयम् सेवकः ३ जना, प्रोफेशनलः ५ जना र अन्यः ७ जना

१२. **पुस्तक, पत्रपत्रिकाको कूल सङ्ख्याः करिब २१,०००** (पुस्तक नेपाली भाषाकाः ११,०००, अङ्ग्रेजी भाषाका : १,५००, अन्य भाषाका : ७०० पत्रपत्रिका नेपाली भाषाका : १५, अङ्ग्रेजी भाषाका : ३, अन्य भाषाका : ३ विद्युतीय पुस्तक नेपाली भाषाका : ७,०००,अग्रेजी भाषाका : १०००,अन्य भाषाका : ५ विद्युतीय पत्रपत्रिका नेपाली भाषाका : २५, अग्रेजी भाषाका : ५, अन्य भाषाका : २

१३. पुस्तकालयका सदस्य सङ्ख्या : ६३८ जना (साधारण : १२५ जना, आजीवन : ३४५, संस्थागत : ८१ जना, अन्य सदस्य : ८७ जना) दैनिक सरदर पाठक सङ्ख्या : ३७ जना पुरुष : २१ जना, महिला : १६ जना,

१४. पुस्तकालयको वार्षिक बजेट रु. १६ लाख केही तलमाथि हुने गर्दछ । बजेटको स्रोत : सरकारी/गैर सरकारी अनुदान, चन्दा, सहयोग, सदस्यता शुल्क, देश बिदेशमा रहनु हुनेहरूको व्यक्तिगत सहयोग, आन्तरिक स्रोत : घर भाडा, कम्प्यूटर कक्षा र अन्य ।

१५. पुस्तकालयको भौतिक पूर्वाधार : भवन आफ्नै छ चार तले, भवनमा रहेको कोठा : १६ वटा, जग्गा : १० धुर छ । मेसिन औजार : कम्प्यूटर १५ थान, ल्यापटप : ५ थान, प्रोजेक्टर : १ थान, प्रिन्टर : १ लगायत अन्य फर्निचरहरू ।

**सँगम सामुदायिक पुस्तकालय स्थापनाको पृष्ठभूमि**




सँगम सामुदायिक पुस्तकालय बिगत १६ बर्षदेखि आफ्नै संरचना, साधन र स्रोतमा व्यवस्थित रूपमा उदयपुर जिल्ला सदरमुकाममा नागरिकहरूको प्रयासबाट सञ्चालित सामुदायिक पुस्तकालय हो । सँगमटोल सुधार समितिले उपलब्ध गराएको जग्गामा स्थानीय

नागरिकहरूको पहलकदमी उत्साहजनक रूपमा सहयोग र सहभागिता साथै रिड नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०६०।९।११ मा पहिलो प्रारम्भिक भेला, संरक्षकः सँगम टोल सुधार समिति हुने व्यवस्था, मोहन ब. कार्कीको नेतृत्वमा तदर्थ समिति गठन र कार्य सुरु विधिवत् स्थापना २०६० पौष २५ गते, जिल्ला प्रशासन कार्यालय उदयपुरमा द.नं.३८१ मा दर्ता भएको हो । यसको आफ्नै ४ तले भवन छ । जसमा पहिलो तला वा भुईंतलामा सहकारी, दोस्रो तला ई-सेन्टर, ई-पुस्तकालय, कम्प्युटर प्रशिक्षण केन्द्र र व्यवस्थापन समितिको सचिवालय रहेको छ । तेस्रो तला पठन अभ्यासका लागि पुस्तकालय वा पुस्तक घर र चौथो तला सभाहल वा नागरिक बहस केन्द्र छ ।

**पुस्तकालयका गतिविधिहरूः**

**कार्यक्रम -१:** पठन संस्कृतिको विकास

पठन संस्कृतिको विकास गर्ने । फुर्सदको. समयमा रल्लिने, अनावश्यक गफ गर्ने, अरुको कुरा काट्ने, लागू औषध दुर्व्यसन, जाँड-रक्सी खाने, जुवा-तास खेल्ने, बढी चिया गफ गर्ने जस्ता कार्यको सट्टा केही न केही अध्ययन गर्दै सकारात्मक सोंचको विकास गर्ने । यस कार्यक्रम अन्तरगत निम्न कार्यहरू सञ्चालनमा छन्:

१. पाठक क्लब गठन,
२. नियमित पाठक सम्मान र पुरस्कार,
३. पाठक प्रतियोगिता,
४. पुस्तकालयमा जाऔं पुस्तकालयमा निम्तो छ अभियान,

**कार्यक्रम -२: सबैका लागि सँगम सामुदायिक पुस्तकालय/पुस्तकालय जाऔं, पुस्तकालयमा निम्तो अभियान**

सबैका लागि सँगम सामुदायिक पुस्तकालयको वातावरण निर्माण गर्ने, पुस्ता हस्तान्तरण, जेष्ठ अभिभावक सम्मान, कथा सुन्ने र कथाको आधारमा बालबालिकाहरूको प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने । पुस्तकालयको सभाहलमा नागरिक बहस सबै क्षेत्रको सबै खाले कार्यक्रम गर्ने गराउने चलनको विकास । पुस्तकालयको दिगो विकासका लागि महत्त्वपूर्ण दिन जन्मोत्सव लगायत विविध घटनाक्रमको अवसरमा पुस्तकालय जाऔं पुस्तकालयमा निम्तो अभियान नियमति सञ्चालनमा छ ।

**कार्यक्रम -३: ज्ञानमा आधारित समाजको निर्माण**

नागरिकमा ज्ञान, सिप, प्रवृत्ति, विवेक र बुद्धिको बढोत्तरी गरी ज्ञानमा आधारित समाजको निर्माण । टोल विकास संस्थाहरूसँग सहकार्य, सामाजिक स्रोत नक्सा, इमेल, इन्टरनेट शिक्षा, महिला कम्प्यूटर शिक्षा, सिलाई कटिङ, महिला उद्यम तथा लघु उद्योग अनुशिक्षण र सँगम टोललाई नमूना टोलको रूपमा विकास गर्ने सहकार्य र कम्प्यूटरमा साक्षरता घोषणाको अभियान जस्ता कार्यक्रम र अभियान निरन्तर सञ्चालनमा छन् ।

**कार्यक्रम -४: ई-सेन्टर कम्प्यूटर शिक्षा, प्रविधि मैत्री**

पुस्तकालयमा ई-सेन्टर डेक्स स्थापना र कम्प्यूटर शिक्षा, प्रविधिमा साक्षरता, प्रविधि मैत्री सूचनामा पहुँच वा सूचना संस्कारको विकास । ई-सेन्टर, ई-पुस्तकालय, ई-भिलेजको छुटै व्यवस्था । सस्तोमा नियमित कम्प्यूटर शिक्षा सूचनाको हक, सामाजिक सञ्जालको प्रयोग महत्त्व र आवश्यक्ताको बारेमा निरन्तर छलफल र विभिन्न कार्यक्रम सञ्चालन छ ।

**कार्यक्रम - ५: तालिम, अन्तरक्रिया, गोष्ठी तथा दिवसहरू**

विभिन्न विषयमा तालिम, अन्तरक्रिया, गोष्ठी तथा दिवस समारोहलागायतका कार्यक्रमहरू नियमित सञ्चालन गरिन्छ ।

**कार्यक्रम - ६ : प्रकाशन, प्रतियोगिता र भ्रमण**

विभिन्न सामाग्री प्रकाशन भित्ते पात्रो, कार्यक्रम बुलेटिन, पर्चा, र प्रतियोगितात्मक कार्यक्रमहरू निबन्ध प्रतियोगिता, समृद्ध पुस्तकालय सुदृढ समाज साथै विभिन्न पुस्तकालयहरूमा अध्ययन अवलोकन भ्रमण ।

**कार्यक्रम - ७ : मानव बेचविखन ओसारपसार तथा आधुनिक दासत्व विरुद्ध सचेतना यस कार्यक्रम अन्तर्गतः**

१. सरोकारवालासँगको बैठक,

२. सामाजिक स्रोत नक्सा
३. समुदाय अभिमुखीकरण,
४. विद्यालय अभिमुखीकरण,
५. डकुमेन्ट्रि प्रर्दशन,
६. सडक नाटक,
७. सूचना कर्नर स्थापना,
८. भित्ते पत्रिका प्रकाशन नियमित
९. जिज्ञासा सङ्कलन नियमित,
१०. विज्ञसँग अन्तरक्रिया नियमित

**कार्यक्रम – ८: अपराधरहित समाज निर्माणका लागि नगरदेखि घरघरसम्म साझा अभियान**

नेपाल प्रहरीको देशव्यापी अभियान समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत २०७६ साउन १४ गते नगर प्रमुख बलदेब चौधरीको अध्यक्षतामा नगरस्तरीय समिति गठन भएको थियो। उक्त समितिको मिति २०७६/०४/२५ गते बसेको बैठकले नगरदेखि घरघरसम्म अभियान सञ्चालन गर्ने निर्णय गरेको छ। नगरस्तरीय सबै सरोकारवालाहरूको बिचमा २०७६/०४/३१ गते बृहत् अन्तरक्रिया कार्यक्रमको आयोजना गरी नगरदेखि घरघरसम्म अभियानको घोषणा गर्ने निर्णय भएको छ। यस अभियानको निम्न उद्देश्य, उपलब्धि, विधि र प्रक्रिया तय गरिएको छ।

१. स्थानीय सरकार, त्रियुगा नगरपालिकाबाट सञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधाको बारेमा जानकारी र त्यस्ता विषयका सम्बन्धमा सेवाग्राही नागरिकले उठाएका प्रश्न/गुनासोहरूमा स्पष्टता ल्याउने साथै सूचनाको हक अर्थात् थाहा पाउने नागरिकको हकको पूर्णरूपमा व्यवहारिक कार्यान्वयन गर्ने गराउने।
२. सुरक्षा विकासको पूर्वशर्त हो र विकास सुरक्षित समाजको आधार हो भन्ने मान्यतालाई आत्मासाथ गर्दै सामुदायिक प्रहरी सेवाको अवधारणा अनुरूप समुदाय प्रहरी साझेदारीबाट स्थानीय विकास, सेवा प्रवाह र सामुदायिक सुरक्षालाई एकीकृत रूपमा अगाडि बढाउने।
३. सामाजिक बिकृति, विसँगति विरुद्ध आम सचेतना
    - क. लागू औषध दुर्व्यसन,
    - ख. मादक पर्दाथ सेवन,
    - ग. लैङ्गिकक हिंसा,
    - घ. सूचनाको हक प्रयोग र दुरूपयोग
    - ङ. मानव बेचविखन, ओसारपसार तथा आधुनिक दासत्व विरुद्ध लागायतका बिषयमा साझा अभियान।
४. सरसफाई
५. प्रदेश सरकारद्वारा सञ्चालित सगरमाथा टिन्स क्लब, असल र चरित्रवान् नागरिक उत्पादन गर्ने स्कूल अभियान।

**कार्यक्रम – ९: हाम्रो प्रयास सकारात्मक अभ्यास नागरिक बहस :**

सँगम पुस्तकालयमा एक नागरिक बहस केन्द्र सञ्चालनमा छ। यस केन्द्रबाट नियमित रूपमा नागरिकको सरोकारका बिषयमा र पठन संस्कृति, पुस्तकालयको विकास र विस्तार आदि लगायतका विषयमा नियमित र निरन्तर बहस सञ्चालन गर्ने गराउने कार्यक्रम निरन्तर सञ्चालनमा छ।

**कार्यक्रम – १०. सहयोगी हातहरूको खोजी, पहिचान र सहकार्य।**

पुस्तकालयको दिगो विकास, व्यवस्थापन र सञ्चालनका लागि सबै किसिमका सहयोगी हातहरूको खोजी, पहिचान र सहकार्य। देश विदेशमा रहेका व्यक्तिहरू सङ्घ संस्था उद्योगहरूको सहयोग स्थानीय सरकार वडा कार्यालय, नगरपालिका, प्रदेश सरकार र केन्द्रीय सरकारको सहयोग र सहकार्यलाई निरन्तरता।

**कार्यक्रम** – ११. सहयोगी हातहरूको खोजी, पहिचान र सहकार्यमात्र हैन सहयोग पनि गर्छौं। सँगम पुस्तकालयले सहयोग मात्र लिने गरेको छैन आवश्यकतामा सहयोग पनि गर्ने गरेको छ।

**कार्यक्रम – १२. विकास निर्माण, आयआर्जन र सामाजिक भावनाको विकास**

सकारात्मक सोंच, विकास निर्माण, आयआर्जन र सामाजिक भावनाको विकास। सँगमटोल नमूना टोल र ईन्द्रेश्वर टोल विकासमा समन्वय र सहजीकरण, बाल क्लब गठन, महिला समूह गठन, नाली निर्माण, च्याली आदि लगायतका बिषयमा स्थानीय समुदायसँग मिलेर सहकार्य गर्दै आएको छ।

**कार्यक्रम – १३. संरचनागत व्यवस्थापनः**

कम्प्यूटर, पुस्तक खरिद, भवन र फर्निचर मर्मत रंगरोगन, अधुरो सभाहल निर्माण साथै संरचनागत व्यवस्थापनका कार्यहरू निरन्तर सञ्चालनमा छन्।

**कार्यक्रम – १४.संस्थागत विकासमा सुधारः**

संस्थागत विकासमा सुधार समिति संस्थापक र आजीवन सदस्यहरूमा क्रियाशीलता आजीवन, मानार्थ र साधरण सदस्यतामा वृद्धि। नयाँ थप, मानार्थ, आजीवन, साधारण सदस्यमा बृद्धि १,००० पुऱ्याउने लक्ष्य, प्रत्येक महिना नियमित बैठक, बार्षिक उत्सव र सधारण सभाहरू पनि नियमित आयोजना गरिन्छ। जिल्लामा हुने विभिन्न कार्यक्रमहरूमा पुस्तकालयको सहभागिता रहन्छ। शनिबार पनि पुस्तकालय खुल्ला रहन्छ। नमूना पुस्तकालय र स्रोत केन्द्रको रूपमा विकास गर्ने निर्णय भएअनुसार त्यसतर्फ प्रयासरत रहेका छौं।

**कार्यक्रम – १५.** जीवनपर्यन्त शिक्षाका लागि समृद्ध पुस्तकालय र एक स्थानीय तहः एक नमूना पुस्तकालय आर्दश वाक्यलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न गराउन संयोजन र नेतृत्वदायी भूमिका निर्वाह गर्न कोसिस गर्दै छौं। सँगम पुस्तकालयलाई नमुना पुस्तकालय तथा स्रोतकेन्द्रको रूपमा विकास गर्ने, निरन्तर अभियान र प्रयास गर्दैछौं।

**कोभिड–१९ मा पुस्तकालय :**

विश्वव्यापी महामारीको रूप लिएको कोभिड - १९ पहिलो र दोस्रो भेरियन्टबाट सम्पूर्ण क्षेत्र प्रभावित भएको छ। यसले हाम्रो जीवनको आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा नकारात्मक प्रभाव पारिसकेको छ र हामीले थुप्रै धन र जनको नोक्सानी वा क्षति व्यहोरीसकेका छौं। यो अझै कतिञ्जेल लम्बिने हो र यसले हाम्रो जीवनमा पार्ने असरहरू अझ थप खतरनाक पनि हुन सक्छन्। यस अबस्थामा पुस्तकालय आफै सङ्कटमा छ र पनि आफ्नो प्रभाव वा सेवा क्षेत्रभित्र रिड नेपालको सहयोगमा सामाजिक दायित्व र जिम्मेवारी पूरा गर्दै कोभिड-१९ को शुरुचरण देखि नै यसको विरुद्ध सरकारको निर्णय/निर्देशन पालना गर्न, गराउन क्रियाशील छ। जसअनुसार सचेतना, सूचना, सन्देश आदानप्रदान, सुरक्षा कवच, सेनिटाइजर, माक्स, ग्लोब्स सङ्कलन र वितरण, स्थानीय सरकारलाई राहत वितरणमा सहजीकरण, अन्य सामाजिक सङ्घसंस्थाले गरेको कार्यहरूमा सहकार्य साथै जोखिम तथा हालको अबस्थामा पारिवारिक विवरण सङ्कलन र उदयपुरको पहिलो प्रभावित क्षेत्र त्रियुगा नगरपालिका ३, भुल्केमा ३१५ घर परिवारलाई राहत वितरण, यसैगरी कोभिड -१९ प्रतिकार्य तथा समुदायलाई मद्दत गर्न सिमान्तकृत समुदायका लागि लघु अनुदान परियोजना अन्तरगत त्रियुगा वैदिक गुरुकुलम् त्रियुगा शान्ति धाममा स्वास्थ्य तथा शैक्षिक सामाग्री वितरण र बेलका नगरपालिकाले निर्माण गर्न लागेको अक्सिजन प्लान्ट निर्माणमा सहयोग। कोभिड– १९ को सन्दर्भमा अक्सिजन पहिलो समस्या र प्राथमिकताको बिषय बनेको छ। यस कारण रु.२ दुईलाख सहयोग गरेको हो।

# पुस्तकालय परिचयः त्रिफला राष्ट्रिय पुस्तकालय



✍ **प्रेम प्रकाश "फलाहारी"**
अध्यक्ष, त्रिफला राष्ट्रिय पुस्तकालय
धुलाबारी, झापा ।

***"सबल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकाश र विस्तार"***

त्रिफला राष्ट्रिय पुस्तकालयको विधिवत् स्थापना वि.सं.२०५३ वैशाख एक गते नववर्षको शुभ अवसरमा धुलावारी मोड दक्षिण शारदा शिशुसदन नेरको खुल्ला चौरमा एक बृहत् भेला बिच गरिएको हो । स्थापना गर्ने मुख्य पाँचजना प्रेमप्रकाश "फलाहारी" कुलबहादुर भण्डारी, विष्णुभक्त पराजुली र मोहनकुमार खड्का, भक्तिप्रसाद शिवाकोटी समेतले त्यसअघि सातमहिनासम्म गरेका अनेक भेला, बैठकहरूको निर्णय कार्यान्वयन हुदै आएको निरन्तरताबाट पुस्तकालयलाई यहाँसम्म ल्याई पुर्याएको थियो । मुख्य संस्थापक पाँचजना माथि छ जना सदस्य थप गरेर एघार सदस्यीय समितिबाट विधान तैयार भयो र जिल्ला शिक्षा कार्यालय झापामा विधान दर्ता वि.सं. २०५३।०६।२१ गतेका दिन शिक्षा नियमावली २०५३ का आधारमा १००५/०५३ अनुसार दर्ता गराई विधिवत् सरकारी अनुमति पाएपछि मेचीनगरको धुलावारीमा नियमित पुस्तकालय सञ्चालन हुँदै आएको थियो ।

सुरुमा संस्थापक अध्यक्ष प्रेमप्रकाश "फलाहारी" ले आफ्नै घडेरीमा एउटा काठको घुम्ति बनाएर त्यहाँ छ महिना पुस्तकालय चलाएपछि धुलावारी मोड पश्चिम हालको बसस्टेन नेर अभिचन्द्र खनालका घरको भित्रीकोठामा छ महिना सोही मोड दक्षिण पश्चिम साइटमा इन्द्रराज राजभण्डारी सटरमा छ महिना त्यहादेखि अझै दक्षिण पश्चिम यज्ञनिधी खतिवडा निवासका सटरमा घरभाडा गरेर करिब सातवर्ष सम्म बडो दुःख कष्ठ सहेर बिरालाले आफ्ना छाउरा सारे झैं गर्दै गर्दै पुस्तकालय चलाइयो । विसं २०६१ मा पुस्तकालयको राष्ट्रिय मान्यता गराउन समितिको निर्णय भयो । टीकाराम अर्याल झापा जिल्लामा प्रमुख जिल्ला अधिकारी भएर आएपछि कानुनविद् अशोक पोखरेलको पहलमा यस पुस्तकालयको राष्ट्रिय स्तरको विधान तयारी गरियो । द नं. १०२७०६०।०६१ मा विधान दर्ता गरी समाज कल्याण परिषद काठमाडौंमा आवद्ध/दर्ता गरियो । साथै नेपाल पुस्तकालय सङ्घ तथा सामुदायिक पुस्तकालय सङ्घमा गएर संस्थागत सदस्यता लिनेकाम पनि भयो । त्यसो त नेपाल राष्ट्रिय पुस्तकालय प्रमुख दशरथ थापा पुस्तकालय प्रमुख भएका अवधिभर यस पुस्तकालयले धेरै सहयोग प्राप्त गरेको थियो । जस्तो पुस्तकालय व्यवस्थापन तालिम तीनपल्ट सञ्चालन गरियो । पुस्तक पत्रपत्रिका आदानप्रदान बराबर भै रहन्थ्यो । जापानीज टोली लाई समेत यहाँ ल्याएर त्रिफला लगायत झापाका पुस्तकालयको अवलोकन गराउनु भएको थियो । पुस्तकालयको सामुहिक शिलान्यासमा पनि थापाको उपस्थिति भएको थियो ।

वि.सं. २०६१ साल वसन्त पञ्चमी शुभअवसरमा स्थापनाको नौवर्षपछि पुस्तकालयका पुस्तक बोकेर स्थानीय विद्यार्थी तथा सर्वसाधारणबाट नगर परिक्रमा गर्दै अहिलेको पुस्तकालय पहिलो तला निर्माण भएको अवस्थामा यहाँ पुस्तकालय सारिएको थियो ।

पुस्तकालयविद् भोलाकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सरस्वती मन्दिर उद्घाटन भएको थियो । यहाँसम्म ल्याउन लगनशील हुने कुलबहादुर भण्डारी, भक्तिप्रसाद शिवाकोटी, विष्णुभक्त पराजुली, चन्द्रकुमार भट्टराई, समस्तबहादुर कार्की, रामप्रसाद दहाल, टीका सिटौला, पुनीतकुमार वंशल, गोपाल सापकोटा, सज्जनकुमार गोयल, चिरञ्जीलाल सावू लगायतका साथीहरूको तात्कालीन सहयोगलाई कदापि भुल्नु हुँदैन ।

निजी घर, घुम्ति र भाडाका सटरहरूमा गरिएका सङ्घर्ष त्यसपछि पुस्तकालयका नाममा जमिन व्यवस्थापन गर्न गरेको दौडधूपको वर्णन गरेर सकिदैन । दर्जनौं पटक नगरपालिकामा जमिन व्यवस्थापन प्रतिनिधी धाएर गरेको आवेदनअनुसार नगरपालिकाले निर्णयसहित पाँच कठ्ठा जमिन सिफारिस गरी लिखित पत्र दिएको र जोर सिमलको सुकुम्वासीले चर्चेको पैनीको जमिनमा नापीसम्म पुग्दा दोहोरो भिडन्त व्यहोर्नु परेको थियो । त्यो तितो अनुभव त्यागेर जमिनदार परिवारका घरघरमा गएर दाताहरूको खोज गर्दै जाँदा त्यो बेलाको कठिनाई देखेर अकस्मात् सुब्बा पारिवारका दानवीर देवेन्द्रविक्रम नेम्वाङ्गले सर्वप्रथम दश धुर जमिन अनुदान दिनुभयो । उहाँले दिएको दशधुर जमिन र पुस्तकालय आजीवन सदस्यकोषबाट खरिद गरेको दशधुर जमिन समेत एक कठ्ठा जमिन पुस्तकालयका नाममा दर्ता भएपछि दाताराम शर्मा, टीकाराम अर्याल, दशरथ थापा, प्रेमप्रकाश "फलाहारी" देवेन्द्रविक्रम नेम्वाङ्ग यति पाँच जनाका हातबाट सामूहिक शिलान्यास गरियो । तस्तै गरेर लेखक, प्रकाशक, अनुवादक, साहित्यकारहरू समक्षमा गएर पुस्तक अनुदान सहयोग तथा खरिद समेत गरेर हालसम्ममा पुस्तक पत्रपत्रिका सङ्ख्या चालिस हजार माथि सङ्ग्रह गरेर पाठकलाई सुविधा दिइएको छ ।

विद्युतीय पुस्तकालयको अवधारणालाई पनि अग्रसर गराउने उद्देश्यले विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, सूचना प्रविधि विभागबाट विद्युतीय उपकरणहरू कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकापी मेसीन, डिजिटल क्यामेरा, राउटर, ब्याट्रिसहित सोलार प्यानल, जडान गरेर स्थानीय निकायको सहयोगमा प्राविधिक कर्मचारीको व्यवस्था मिलाई सञ्चालन गर्न भनी संझौता गरेर सरकारी अनुदान पाएको अवगत गराउदछौं ।

उल्लेखित उपकरणहरू प्राविधिक कर्मचारीको प्रतिक्षामा थन्किएका छन् । स्थानीय निकायसँग पटकपटक कर्मचारी माग गरियो । मेचीनगर नगरपालिकाको सहयोगमा एक जवान कर्मचारी चार महिना खटाई फिर्ता लगियो यसको रहस्य हामीले बुझ्न सकेका छैनौं । उता शिक्षा मन्त्रालय, अर्थ मन्त्रालयले पटकपटक आर्थिक सहयोग गरेको कारणबाट नै यो पुस्तकालय चल्दै आएको थियो । स्थानीय निकाय तथा प्रदेश सरकार भएयता सार्वजानिक पुस्तकालयले पाउनु पर्ने सहयोग पाउन सकिएको छैन । यो वैभव सबै स्थानीय निकायको हो ।

पुस्तकालय व्यवस्थापन समितिको पहलमा विभिन्न दानवीर दाताहरू देवेन्द्र विक्रम नेम्वाङ्ग, छत्रबहादुर वस्नेतहरूले अनुदान दिएको र आजीवन सदस्यता कोषबाट खरिद गरेकोसमेत कुल मिलाएर दुईकठ्ठा पाँचधुर जमिन पुस्तकालयका नाममा आएपछि प्रजिअ टीकाराम अर्यालज्यूको सक्रिय सहयोगमा लुथ्रन विश्वसेवा, क्यारिटसनेपाल, आर आर एन नेपाल,बाट भरपुर आर्थिक सहयोग पाएर नै यो भवन उभिएको हो । यहाँ दानवीरहरू टीकाराम अर्याल, तोयानाथ फुयल, हरिभक्त वुढाथोकी, कृष्णप्रसाद पाठक, पुष्पलता आचार्य, मोहनकुमार भेटुवाल, र गणेशप्रसाद पोखरेल दम्पतिसमेत नौ जना दानवीरहरूको सहयोगले विचतलामा सभाहल वन्यो । त्यसैले दानवीरहरूको मार्वलका प्रतिमाहरू सभाहलको दिवालमा जडान गरेका छौं । उहाँहरूले दिएको सहयोगमाथि महायज्ञ गर्दा आएको रकम कुल मिलाएर करिव २०० जना क्षमता भएको टायल्स जडित सुन्दर सभाकक्ष निर्माण भएको छ ।

यो सभाहलमा नववर्षमा स्थापना दिवस, भदौ १५ मा पुस्तकालय दिवस, मोती जयन्तीका अवसरमा मोती पुरस्कार, वसन्त पञ्चमीमा शिक्षा साक्षरता सस्वती पूजा संस्कृति विशेष तथा विविध कार्यक्रम गर्न सुविधा

मिलेको छ। भुँईतलामा पुस्तकालय, वाचनालय र कम्प्यूटरकक्ष रहेको छ। बिच तलामा सभाहल, तेश्रो तलामा अतिथी आवास समेत सबै तला हरूमा सुविधा सम्पन्न बाह्रकोठे टायल्स जडित शौचालय निर्माण सम्पन्न भएको छ। यसरी भवन निर्माणको क्रम वडो कठिनाइपूर्वक हुँदै थियो। पुस्तकालयलाई यो ठाँउसम्म ल्याउन विशेष सहयोग गर्नुहुने दाताराम शर्मा, टीकाराम अर्याल, गणेशवहादुर प्रसाई, देवेन्द्र विक्रम नेम्वाङ्ग र प्रा.डा. गोविन्दराज भट्टराई समेत पाँचजनालाई उहाँहरूले यस पुस्तकालयलाई गरेको योगदानको उच्च मूल्याङ्कन गरेर संरक्षकको उपाधि दिएर विभूषण गरिएको थियो।

पाँच संरक्षक मध्येका त्रिभुवन विश्वविद्यालयका प्रा.डा. गोविन्दराज भट्टराईले तेश्रो तलामा अतिथी आवासको अवधारणा अघिसार्नु भयो सो प्रस्तावनालाई समितिबाट साधारण सभामा अनुमोदन गराएपछि तेश्रो तलामा अतिथी आवासको निर्माण समिति गठन भयो। त्यसपछि क्रमिक रूपले निर्माण कार्य अघि बढ्दै गयो। सोहि क्रममा सांसद उषा गुरुङ्ग र सांसद मिलनकुमारी राजवंशीले सांसदकोषबाट क्रमश दुई दुई लाखका दरले भवन निर्माणलाई अनुदान सहयोग दिनुभयो त्यसै वेला मन्त्रालयबाट प्राप्त भएको एकलाख रकम मिलाएर पाँच लाख अनुदान सहयोग प्राप्तभयो।

सोही बखत अतीथी आवासका प्रस्तोता पुस्तकालयका संरक्षक प्रा.डा. गोविन्दराज भट्टराईज्यूले देश विदेशमा रहेका वरिष्ठ साहित्यकार तथा शिक्षा सेवी व्यक्तित्वहरू एकसय जनालाई यस अतिथि आवासको संस्थापक वनाउने र संस्थापकहरूबाट जनहि दश हजारका दरले सदस्यता रकम लिने एकसय जना संस्थापकबाट आउने नगद रकम रु दश लाख यसै अतिथी आवासमा लगाउने प्रस्ताव ल्याउनु भयो। सो प्रस्तावलाई पुस्तकालयबाट सर्वसम्मत निर्णय भयो र प्रस्ताव लागू गर्ना साथ चारैतर्फ रकमको वर्षा हुन थाल्यो। सो एक सयजना सदस्यबाट आएको नगद रु दश लाख र सांसदकोष आदिबाट प्राप्त रकम पाँचलाख समेत कुल मिलाएर पन्ध्र लाख बराबरको काम सोहीवर्षमा सम्पन्न गरिएको थियो ती सदस्यहरूको नाम अतिथी आवासको दिवालमा शीलालेख जडान गरियो। सो देखेर चारैतिरबाट सदस्य सङ्ख्यालाई थपौ भन्ने आवाज आयो र त्यसलाई स्वीकार गरेर दोश्रो लटमा पनि पुनः एकसय जना संस्थापक थप गर्ने निश्चय भयो। दोश्रो लटबाट पनि क्रमशः दशलाख थपियो। यसरी दोश्रो लटमा सदस्य बन्नेमा सिक्किम नै अग्रस्थानमा पुगेको पाइन्छ। यो अतिथी आवासको सबै काम सम्पन्न गर्दा अनुमानित एक करोड लाग्न सक्छ। त्यसमा लगभग पचास प्रतिशतकाम भैसकेको छ। कोठा सौजन्य दराज, लो वेड, कुर्सि, फोन, कम्प्यूटर आदि सौजन्य दिन सकिने व्यवस्था पनि रहेको छ।

त्रिफला अतिथी आवासमा सिक्किम कक्ष, आसाम कक्ष, चितवन कक्ष, काठमाडौं विशेष कक्ष, भण्डार कक्ष, भोजन कक्ष, बैठक कक्षसहित सुविधा सम्पन्न बनाएर विद्युतीय आवाशीय पुस्तकालय जो देश विदेशबाट साहित्यिक प्राज्ञ जनहरू आउँदा उहाँहरूलाई सेवादिने लक्ष्य रहेको छ। यसरी नै पुस्तकालय परिसरमा राष्ट्रिय विभूती युवाकवि मोतीराम भट्टको पूर्णकदको प्रथम सालिक मोती साहित्य चौतारीमा सजाउने संस्थापकहरू एकसय परिवारका चारसय जनाको नामावली शिलालेखमा सजिएको छ। यो काम समालोचक गणेशबहादुर प्रसाईको हो। उहाँले गरेको प्रशंसनीय काम र उहाँको सहयोगलाई उच्च मूल्याङ्कन गरियो। त्यसैले उहाँलाई संरक्षकको उपाधि दिएर विभूषण गरेको हो। गणेश बहादुर प्रसाईले त्रिफलापरिसरमा २०६६ मा युवाकवि मोतीराम भट्टको पूर्णकदको सालिक स्थापना तथा पुरस्कार कोषको समेत व्यवस्था मिलाउनु भयो। सो कार्यमा विशेष सहयोग गर्ने समाजसेवी कवि छत्र बहादुर बस्नेतले मोती पुरस्कार कोषको स्थापना गर्नुका साथै एककठ्ठा पाँचधुर जमिन अनुदान दिएको हुँदा बस्नेतको पनि पूर्णकदको शालिक मोतीकै समीपमा सोही मितिमा स्थापना गरियो। जहाँ हरेक वर्ष मोती जयन्तीका अवसरमा श्रष्टा तथा प्रतिभा छनोट गरेर पुरस्कार प्रदान गरिने व्यवस्था मिलाइएको छ। यहाँ इन्द्रबहादुर राई, गणेशबहादुर प्रसाई, कृष्णभूषण बल समेत तीन जनालाई त्रिफला छत्र मोती सामूहिक सम्मान २०६६

सालमा गरियो, यसैगरी क्रमशः कुलपति वैरागी काँइलालाई पहिलो मोती पुरस्कार २०६७, साहित्यकार कोमलप्रसाद पोखरेललाई २०६८, कथाकार राधिका रायलाई २०६९, गजलकार सुन्दर कुरूपलाई २०७०, श्रष्टा नरबहादुर दाहाललाई २०७१, कलाकार उपेन्द्र पागललाई २०७३, कवयित्री विद्या निर्दोषीलाई २०७४, सिक्किमका श्रष्टा प्रद्युम्न श्रेष्ठलाई २०७५, लेखक वसन्त पौडेलालई २०७६ लगायत श्रष्टाहरूलाई हरेक वर्षहरूमा मोती पुरस्कार दिइँदै आएको छ ।

यस पुस्तकालयले पनि निम्न सम्मान पुरस्कारहरू प्राप्त गरेको छ । नेपाल पुस्तकालय सङ्घ काठमाडौंबाट कदर समान २०६४, तथा सरस्वती राष्ट्रिय पुरस्कार २०६६, हेमकुमारी दिवाकर समाजसेवा पुरस्कार २०७३ काठमाडौं, गर्गाचार्य विश्वभाषा पुस्तकालय सामाजिक पुरस्कार २०७६ धनकुटा, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पुस्तकालय दिवसमा सर्वोत्कृष्ट कदर, २०७७ काठमाडौं, यसरी त्रिफला सम्मनित भएको थियो ।

त्यस्तै गरेर पण्डित लक्ष्मीप्रसाद पोखरेलको संयोजकत्वमा पाँचजना गुरुजनहरूले पुस्तकालय परिसरमा मक्राना मार्वलको सुन्दर सरस्वती माताको तीन फिट अग्लो मूर्ति अनुदान दिएर पुस्तकालयलाई सार्थक वनाइदिनु भएको छ । यही संस्थाका सक्रिय सदस्य चिरञ्जिवी लालसावूजीले पुस्तकालयमा सरस्वती मन्दिर निर्माण गरेर सो मूर्तिको प्रतिष्ठा गराउनु भयो । उहाँले दशवर्षसम्म स्वयम् पूजा सञ्चालन गर्नुका साथै पुस्तकालय भवन निर्माणमा गरेको योगदान अविस्मरणीय छ ।

त्रिफला राष्ट्रिय पुस्ताकालयबाट तीनवटा पुराणहरू लगाएर स्वधर्म संस्कृति संरक्षण गर्ने कार्य निम्नानुसार गरेको थियो । आचार्य खेमराज केशवशरणको आचार्यत्व २०५५ मा भागवत, विदुषी वृन्दादेवी निरौलाको आचार्यत्व रामकथा २०५९ मा, पण्डित घनश्याम ढकालको आचार्यत्व २०६९ मा, देवी भागवत, यसरी तीनवटा महापुराणहरू सम्पन्न गर्नुका साथै यस पुस्तकालयको स्तर वृद्धि गर्ने कार्यमा पनि सावूजीले विशेष योगदान पुऱ्याउनु भएको थियो । पुस्तकालयको विधानअनुसार देश तथा विदेशमा पुस्तकालयका ९०० जना आजीवन सदस्य रहनु भएको छ । त्यस्तै २१ वटा संस्थालाई संस्थागत सदस्यता वितरण गरिएको छ । त्यस्तै मोरङ, सुनसरी, संखुवासभा, काठमाडौं, गोर्खा, बाँके, कञ्चनपुर, डडेलधुरा, वैतडी, जस्ता दुर्गम जिल्लाहरूमा समेत त्रिफलाका शाखा पुस्तकालय समिति विस्तार गरेका छौं ।

त्यसै गरेर भारतको सिक्किममा पनि नेपाली साहित्य परिषद् परिसरमा समेत त्रिफला अन्तर्राष्ट्रिय पुस्तकालय स्थापना टीका ढुङ्गेलको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरेको छ । यस पुस्तकालयले वि.सं. २०५३ देखि ०७५ सम्म विविध देश विदेशका विभिन्न विद्वान विदुषीहरूलाई पुस्तकालयले विशेष स्वागत अवलोकन तथा सम्मान गरिएको थियो । जस्तैः तेजराज खतिवडा, यज्ञराज प्रसाई, डा. तुलसी भट्टराई, विष्णुविभू घिमिरे, विनिता राजवंशी, गणेश रसिक, वृन्दादेवी निरौला, आचार्य खेमराज केशवशरण, कवि मान बज्राचार्य, योगी नरहरिनाथः, जगद्गुरू शंकराचार्य कान्ची, डा. स्वामी प्रपन्नाचार्य, पूर्ण प्रकाश नेपाल “यात्री”, प्रा. दान खालिङ्ग, भवानी घिमीरे, अमृतलाल श्रेष्ठ, टीकाराम अर्याल, दशरथ थापा, युकोङ्ग योङ्ग चीन, नोवुए यामादा जापान, देवी ओझा शिक्षामन्त्री, दीपक वाँस्कोटा गृह सहायक मन्त्री, राधाकृष्ण मैनाली शिक्षा मन्त्री, डा. ज्यो बलराम रेग्मी, ताकाओ मुरायामा जापान, भाषासाष्त्री वालकृण्ण पोखरेल, शिक्षासेवी दाताराम शर्मा, डा. गोविन्दराज भट्टराई, कृष्ण धरावासी, प्रा गणेशराज सिंह, तोयानाथ फुयल,टीका ढुङ्गेल रटन, सीता देवी क्षेत्री, वसन्ती पौडेल मणिपूर, चन्द्रमणि अधिकारी आसाम, कृष्णदेवी शर्मा चितवन, लगायत सयौं व्यक्तित्वहरू पुस्तकालयमा आएर विविध सहयोग तथा पुस्तक अनुदान सहयोग दिनेश श्रेष्ठहरू पनि सम्मानित हुनुभएको थियो ।

यसरी पुस्तकालयको स्तर वृद्धि गर्न मेचीनगर नगरपालिकाले पुस्तकालय परिसरमा कम्पाउण्ड वाल लगाई दिएको छ, त्यस्तै पछिल्लोपल्ट पुस्तकालयको स्तरोन्नति तथा व्यवस्थापनमा साधारण सहयोग प्राप्त

भएको छ। सो पर्याप्त हुँदै जाने छ भन्ने कुरामा हर्दम आशावादी नै भएर रहेका छौं। मेची नगरपालिकामा न्यूनतम् तीन जना कर्मचारीको माग अघि सारेका छौं। निचा भ्फोडि सामुदायिक वन उपभोक्ता समितिबाट एकसय किवी साखु काठ दिएको, पण्डित नारायण प्रसाद भट्टराई तथा वहाका भाइहरू समेतले भवन अगाडि ग्रिल जडान गरिदिएको, कृषि विकाश बैंक धुलाबारी शाखाले भुईतलाको सिडिमा मार्वल र रेलिङ्ग जडान गरिदिएको, जिल्ला शिक्षा कार्यालयले पुस्तक खरिदमा सहयोग दिएको, उद्धव उपाध्याय, काठमाडौं वि.सं.२०६० देखि अद्यावधिक गोरखापत्र दैनिक अनुदान सहयोग निरन्तर पाईरहेको, त्यस्तै उद्धव विष्ट जि.शि.का भ्फापाबाट पत्रिका तथा विविध सहयोग पाइएको, रामबहादुर प्रजापति काठमाडौं आजीवन व्याज लकेट पाँचसयप्रति अनुदान दिएको, नेपाल राष्ट्रिय पुस्तकालय काठमाडौं पटकपटक पुस्तकालय व्यवस्थापन तालिम दिएको, यस्ता सबै महत्त्वपूर्ण सहयोगीहरूको नामावली त्रिफलाको रजत स्मारिकामा प्रकाशित गरिने कुरा यहाँ अवगतार्थ गराउदछौं।

त्यस्तै गरेर पुस्तकालयले हरेक वर्षहरूमा आफ्ना प्रकाशनहरू निरन्तर प्रकाशित हुँदै गरेका छन्। जसमा त्रिफला दर्पण प्रथम पुष्पदेखि गणेशबहादुर प्रसाई स्मृति ग्रन्थलगायत प्रकाशन गर्ने कार्यमा सयौं व्यक्तित्वबाट बहुमूल्य समय र आवश्यक सहयोग प्राप्त भएकोछ। ती प्रकाशनहरूको विस्तृत विवरण पनि सोही स्मारिकामा उल्लेख गरिने छ। पुस्तकालय विकास निर्माण गर्ने शुभकार्यमा नगद दशहजार वा सोभन्दा माथि अनुदान सहयोग दिने दाताहरूको नामावली शिलालेख राख्ने र स्मारिकामा समेत प्रकाशित गरिने छ। त्रिफलाका प्रकाशनहरूको सङ्ख्या चौबिस पुगेको छ। जसमा त्रिफला दर्पण प्रथम पुष्पपर्यन्त गणेश बहादुर प्रसाई स्मृति ग्रन्थ जस्ता कृतिहरू रहन गएका छन्।

त्रिफला दर्पण २०६८ लाई गोविन्द तथा बालकृष्ण थपलियाको प्रायोजकत्वमा छापियो। त्रिफला दर्पण पुष्प कविराज लक्ष्मीप्रसाद चापागाई, प्रेमलाल न्यौपाने तथा नारायणप्रसाद सँग्रौलाको सामुहिक प्रायोजकत्वमा छापियो। त्यस्तै त्रिफला दर्पण २२ औं पुष्प इन्द्रवहादुर राई स्मृति अङ्क पुस्तकालयका उपाध्यक्ष रामप्रसाद दाहाल पारिवारको प्रायोजकत्वमा प्रकाशित भयो। यसरी त्रिफलाका कृतिहरू प्रायोजकहरू द्वारा प्रकाशन हुँदै जाने निश्चय भएको छ। ईच्छुक प्रायोजक हुन चाहने व्यक्तित्वहरूको जीवनीसमेत प्रकाशित हुने व्यवस्था मिलाईएको कुरा समेत यहाँ जानकारी गराइन्छ।

अन्त्यमा त्रिफलाको रजत स्मारिका बृहत् आकारमा प्रकाशन गर्ने सर्वसम्मत निर्णय भएको र सो ग्रन्थको प्रधान सम्पादकमा प्रा.डा. गोविन्द राज भट्टराई तथा सम्पादकमा भूषण हुमागाईज्यूलाई चयन गरिएको छ। त्रिफलाको सातौं कार्यकालका पदाधिकारीको नामावली निम्नानुसार रहेको छः

**“केन्द्रीय कार्य समिति”**

| | | |
|---|---|---|
| अध्यक्ष | : | प्रेमप्रकाश फलाहारी |
| उपाध्यक्ष | : | रामप्रसाद दहाल |
| कोषाध्यक्ष | : | कुल व भण्डारी |
| महासचिव | : | टीका सुवेदी |
| सचिव | : | शोभा श्रेष्ठ |
| सदस्य | : | हरिनारायण भट्टराई |
| सदस्य | : | गङ्गाप्रसाद भट्टराई |
| सदस्य | : | लीला निरौला |
| सदस्य | : | प्रेमप्रसाद वानिया |
| सदस्य | : | गणेशप्रसाद पोखरेल |
| सदस्य | : | नरप्रसाद मैनाली |
| सदस्य | : | जयप्रसाद आचार्य |
| सदस्य | : | मातृका सँग्रौला |
| सदस्य | : | ललित अग्रवाल गर्ग |
| सदस्य | : | तुलसा दङ्गाल |

“स्वयम्सेवक”: कर्मचारी- प्रतीक्षा ढुङ्गाना

Emai: trifaladarpan25@gmail.com

**सम्पर्क ठेगाना**

त्रिफला राष्ट्रिय पुस्तकालय
केन्द्रीय कार्यालय मेचीनगर १० धुलावारी भ्फापा
प्रदेश नं. एक
सम्पर्क ०२३/५६१०५३ ५६०३०६/९८४२७०२३०५

# भोजपुर जिल्लाका पुस्तकालयहरूको वर्तमान् अबस्था, अवसर तथा चुनौती



✍ **नगेन्द्र बस्नेत**
क्याम्पस प्रमुख
षडानन्द बहुमुखी क्याम्पस दिङ्ला ।

भोजपुर, १ नं. प्रदेशको पहाडी जिल्ला हो । धनकुटा, हिले, लेगुवाघाट हुँदै भोजपुर सदरमुकाम मध्यपहाडी लोकमार्गले जोडिएको छ। राजनैतिक, शैक्षिक सुझबुझका दृष्टिले भोजपुर नेपालको इतिहासमा उल्लेख्य स्थान ओगट्न सफल छ। वि.सं २००७ सालको क्रान्तिका नायकहरू रामप्रसाद राई, नारदमणि थुलुङ, मुक्तिनाथ चापागाईंहरूको नाम स्मरणयोग्य छ । शैक्षिक र सामाजिक जागरणमा बालागुरु षडानन्द अधिकारी (१८९२-१९७२) योगमाया न्यौपाने (१९२५-१९९८) को नाम उल्लेख्य रहेको छ ।

भोजपुरको शैक्षिक क्षेत्रमा अहिले २८३ प्राथमिक, ५६ निम्न माध्यमिक, ४२ माध्यमिक, ३ क्याम्पस र १७ सामुदायिक सिकाइ केन्द्र रहेका छन् । जिल्लामा रहेका माध्यमिक विद्यालय, क्याम्पसहरूमा जे जस्तो अबस्थामा भए तापनि पुस्तकालयहरू रहेका छन् । नेपाल राष्ट्रिय पुस्तकालयको विवरणमा भोजपुरमा ११ वटा सार्वजनिक पुस्तकालयहरूको नाम देखिन्छ । हाल जिल्ला सदरमुकाम भोजपुर बजारमा अमर शहीद सार्वजनिक पुस्तकालय, देवासिं स्मृति पुस्तकालय, षडानन्द नगरपालिकामा षडानन्द सामुदायिक पुस्तकालय, ग्रामिण सामुदायिक पुस्तकालय सञ्चालनमा रहेका छन् । वि.सं. २०६४ सालमा दिङ्ला बजारमा षडानन्द सार्वजनिक पुस्तकालय खुलेको थियो । केही समय चलेर बन्द भयो । साल्पासिलीचुङ गा.वि.स. साविक कुलङ गा.वि.स.को काम्लेटारमा वि.सं. २०२८ सालमा पुस्तकालय खुलेको थियो तर हाल बन्द रहेको छ । साविक देउराली गा.वि.स. हाल षडानन्द नगरपालिका ११ नं. वडाको बरबोटेमा वि.सं. २०५६ सालमा ग्रामीण जनकल्याण पुस्तकालय खुलेको केही समय चलेर बन्द भएको थियो । भोजपुर बहुमुखी क्याम्पसको पुस्तकालय सङ्कलनको दृष्टिबाट जिल्लाको सबैभन्दा ठूलो पुस्तकालयको रूपमा रहेको छ । जिल्ला विकास समितिले सूचना तथा अभिलेख केन्द्र वि.सं. २०५८ सालमा स्थापना गरी सञ्चालन भईरहेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ मा सूचनाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूति दिएको छ । उक्त हकलाई जनतामा प्रत्याभूति दिलाउन पुस्तकालय तथा सूचना केन्द्रको अहम् भूमिका हुन्छ । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा स्थानीय निकायहरू, जि.वि.स, नगरपालिका, गा.वि.स. हरूमा पुस्तकालय तथा सूचना केन्द्र स्थापना गर्ने प्रावधानहरू थिए । पुस्तकालय तथा सूचना नीति, २०६४ जारी भएको थियो । पुस्तक नीति बन्दै गरेको छ भन्ने सुनिएको छ । त्रिभुवन विश्वविद्यालयमा सन् १९९५ सालबाट पुस्तकालय तथा सूचना विज्ञान विषयको एकवर्षे स्नातक पढाइ शुरु हुन थालेको थियो । विसं २०५९ देखि स्नातकोत्तर अध्ययन अध्यापन शुरू भई स्वदेशमै पुस्तकालय सूचना विज्ञान विषयमा दक्ष प्राविधिक जनशक्ति उत्पादन भई रहेको छ। नेपाल खुला विश्वविद्यालयले पनि पुस्तकालय तथा सूचना विज्ञान विषयको दुई सेमेष्टरको Diploma in Library and Information Science सञ्चालन गरिरहेको छ। स्नातक तहको अध्यापनका लागि समेत प्रारम्भिक काम भईरहेको बुझिएको छ ।

कक्षा ११-१२ अध्ययन अध्यापनका लागि पाठ्यक्रम तयार भए पनि यसको पढाइ भएको अहिलेसम्म जानकारीमा आएको छैन। अर्को तर्फ CTEVT बाट मान्यता प्राप्त तह तीनको तालिम पनि नेपाल पुस्तकालय सङ्घ, तुलसा, लिमिसेक जस्ता संस्थाहरूले पनि दिँदै आएका छन्। शिक्षा ऐनमा विद्यालय खोल्दा विद्यालयमा पुस्तकालयको पूर्वाधार हुनुपर्ने कुरा उल्लेख छ। तर दुःखको कुरा हाल संस्था दर्ता ऐन २०३४ अनुरूप पुस्तकालय दर्ता गर्नु पर्ने अबस्था छ। अर्को तर्फ पुस्तकालय चेतना, आर्थिक अभाव, अनुगमन मूल्याङ्कन गर्ने निकायको अभावले ठूलो चुनौति थपिएको छ। यति हुँदा हुँदै पनि भोजपुरका विभिन्न ठाउँहरूमा पुस्तकालय खुल्दै र बन्द हुँदै रहेको इतिहास छ।

पुस्तकालय शब्द “पुस्तक” र “आलय” बाट बनेको हो। पुस्तकको अर्थ किताब र आलयको अर्थ घर हो। परम्परागत अर्थमा पुस्तकालयलाई पुस्तक भण्डारको रूपमा लिइन्थ्यो। पुस्तक बन्द दराजमा राखी केवल पुस्तकालयध्यक्षले यसको संरक्षण, रेखदेख गर्ने गरिन्थ्यो। तर अहिले पारिस्थिति उल्टिएको छ, पुस्तकालय पाठ्यसामग्री सङ्कलन, संरक्षण, व्यबस्थापन र अधिकतम प्रयोग हुनुपर्ने, सबैका लागि खुला हुनुपर्ने, पुस्तकालयध्यक्षले रक्षक मात्र नभएर एक सहयोगी शिक्षक र सफल व्यवस्थापकको भूमिका निर्वाह गर्नुपर्छ। पुस्तकालयध्यक्ष पुस्तक र पाठक बिचको सेतु हो।

भोजपुर जिल्लामा कहाँ, के, कति र कस्तो अबस्थामा पुस्तकालय खुलेका छन्? खुलेर पनि कति बन्द भएका छन्? त्यसको कारण के हो? पुस्तकालयको वैज्ञानिक व्यवस्थापन कसरी गरिनु पर्छ? यसको आवश्यकता र महत्त्व के छ? भन्ने जनचासो र चेतनाको निकै अभाव खट्किएको छ। पुस्तक सङ्ख्याको दृष्टिबाट भोजपुर बहुमुखी क्याम्पसको पुस्तकालय सबैभन्दा ठूलो रहेको छ। सबैभन्दा पुरानो पुस्तकालय रामअमर सहिद आदर्श पुस्तकालय देखिएको छ। जि.वि.स. सूचना तथा अभिलेख केन्द्रमा जिल्लासँग सम्बन्धित सूचना तथा अभिलेखहरूको सङ्कलन रहेको छ। सबै पुस्तकालयहरूमा ओपन एक्सेस छैन। षडानन्द बहुमुखी क्याम्पस, मुलपानी सामुदायिक सिकाइ केन्द्र पुस्तकालयमा डिडिसी वर्गीकरण पद्धतिअनुसार पुस्तक वर्गीकरण गरी पिएमवि सफ्टवेयरमा राखिएको छ। भोजपुर बहुमुखी क्याम्पसमा शिक्षा सफ्टवेयरमा पुस्तक राख्ने कार्यका लागि सफ्टवेयर राखिएको छ। अधिकांश पुस्तकालयहरू शैक्षिक पुस्तकालय रहेका छन्। पुस्तक सङ्कलन सम्बन्धी स्पष्ट नीतिको अभाव भएको कारणले पुस्तकालयको सङ्कलन कमजोर रहेको छ। सार्वजनिक पुस्तकालय कम र नाजुक स्थितिमा रहेको छ। सार्वजनिक पुस्तकालयको दर्ता संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालयमा भएको पाइयो।

पुस्तकालयमा प्राप्त पुस्तक दर्ता महत्त्वपूर्ण कुरा हो। यसलाई पुस्तकालय तथा सूचना विज्ञानको भाषामा Accessioning भनिन्छ। पुस्तकालयमा भएका सबै सामग्रीहरूको दर्ता गरी व्यवस्थित विवरण तयार गर्ने काम नै Accessioning हो। वास्तवमा यो पुस्तकालयमा भएका पुस्तक, पत्र-पत्रिका, CD आदिको जन्म कुन्डली तयार गर्ने कार्य हो। भोजपुरका अधिकांस पुस्तकालयमा Book accession register को प्रयोग भएको पाइएन। आ-आफ्नै प्रकारको दर्ता रजिष्टरको व्यवस्था गरेको पाइयो। आधुनिक पुस्तक दर्ता रजिष्टर भोजपुर क्याम्पस, शारदा मा.वि. झयाउँपोखरी, षडानन्दन मा.वि, अरुण मा.वि. दिङ्ला, षडानन्द बहुमुखी क्याम्पस, मुलपानी सिकाइ केन्द्र मात्र प्रयोग गरेको पाइयो।

पुस्तकालयमा पाठ्यसायीको वर्गीकरण आ-आफ्नै तरिकाको भएको पाइयो। षडानन्द बहुमुखी क्याम्पस र मुलपानी सामुदायिक पुस्तकालयमा डिडिसि पद्धतिअनुसार वर्गीकरण गरी कम्प्युटर क्याटलग तयार गरिएको पिएमवी सफ्टवेएरमा ओप्याक समेत राखिएको पाइयो। Books are foundation of library and Classification is foundation librarianship भन्ने पुस्तकालय विज्ञानको मान्यता लागू भएको देखिएन।

सम्पूर्ण पुस्तकालयमा प्राविधिक ज्ञान भएको तथा छुट्टै लाईब्रेरियनको व्यवस्था गरिएको पाइएन। पुस्तकालयमा

एस.एल.सी. माथि योग्यता भएका कर्मचारीहरू देखिन्छन् । अधिकांश विद्यालय पुस्तकालयमा कार्यरत कर्मचारीहरूलाई छुट्टै लाईब्रेरियनको रूपमा नियुक्ति दिइएको छैन । उनीहरूलाई कार्यालय सहायकको रूपमा नियुक्त गरी विद्यालयको लेखा, प्रशासन, पुस्तकालय सबै हेर्ने जिम्मेवारी दिइएको छ ।

अधिकांश पुस्तकालय खाताबाट पुस्तक लेनदेन गर्ने गरिएको छ । षडानन्द क्याम्पस, भोजपुर क्याम्पसस, मुलपानी सामुदायिक सिकाइ केन्द्रमा सफ्वेयरबाट लेनदेन हुने गरेको छ । अधिकांश पुस्तकालयमा पुस्तक खरिद निती रहेको छैन । जसको सिकार विद्यालय पुस्तकालयहरू परेका छन् । पुस्तक खरिद नीतिको अभावमा एकै पुस्तकका धेरै प्रतिहरू पुस्तकालयमा खरिद हुने गरेको पाइयो । त्यस्तै पुस्तक कसलाई, कति सङ्ख्यामा कति समयसम्म इस्यु गर्ने, यसको निगरानी गर्ने कमजोर संयन्त्र रहेको छ ।

# जागु नेपाल पुस्तकालय



✍ **बृहस्पति राम**

अध्यक्ष, जागु नेपाल पुस्तकालय महादेवा २ सप्तरी ।

**परिचय**

यो पुस्तकालय जिल्ला सप्तरीको सदरमुकाम राजविराज देखि पूर्व भारदह सडक खण्डको मंसापुर चोक देखि उत्तरतिर जाने शाखा नहरको बाटो हुँदै विचमा प्रख्यात अंकुरी महादेव मंदिरको छेउ हुँदै जाँदा कोशी नहर भेटिन्छ र सो बाटो करिब ३०० मिटर पूर्व तिर जाँदा पुस्तकालय आफ्नै भवनमा अवस्थित रहेको छ ।

महादेवा गा.पा. को महदेवा टोलमा एकाइशौं शताब्दीमा शिक्षाको आधारशिला मानिने मा.वि. स्कुल, कालोपत्रे बाटोको समेत अभाव रहेको दुर्गम गाउँमा २०७४/०३/१६ गते तत्कालीन जिल्ला शिक्षा कार्यालय राजविराजबाट पूर्ण वैधानिकताका साथ सुरुवात भई आफ्नै भवनमा हाल सञ्चालनमा रहेको हुँदा यस पुस्तकालयमा नेपाल सरकार शिक्षा मन्त्रालय, एशिया फाउन्डेसन, भारतीय दुतावास र काठमाडौं पुस्तकालयको सहयोगले हाल १३५० पुस्तकहरू सङ्कलनसहित सञ्चालनमा रहेको छ। आगामी दिनमा ई-लाईब्रेरी, श्रब्य दृश्य साधन, विभिन्न पुस्तकहरूको सङ्ख्या बढाउदै लाने तथा भवनको दोश्रो तल्ला निर्माण गरि व्यवस्थित रूपमा पुस्तकालयको व्यवस्थापनमा सुधार ल्याउँदै जाने योजना रहेको छ ।

यस पुस्तकालयद्वारा शैक्षिक स्तरमा, प्राविधिक स्तरमा, राजनैतिकस्तर तथा सामाजिकस्तरमा सुधार गर्न सहयोग गरी सबल समाज निर्माण गर्न सहयोगसहित अगाडि बढ्ने सङ्कल्प लिइएको छ । हाल सम्ममा यस पुस्तकालयद्वारा राष्ट्रिय पुस्तकालय दिवसको अवसरमा अन्तरक्रिया, गा.पा. स्तरीय पहिलो हाजिरी जवाफ प्रतियोगितासहितको अतिरिक्त क्रियाकलाप जस्ता कार्यक्रमहरू सञ्चालन समेत गरिएको छ । यस पुस्तकालयमा महदेवा, भगवतपुर, मझौरा, अकवरपुर, कजौली, चकला, बथनाहा, ढिकुली, दुर्गापुर, बभनगामाकट्टी, सडेपार, मंसापुर, तोपा, इनरुवा, डाढा, को.बर्साइन आदि गाउँका व्यक्तिहरूले अध्ययन गरी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ज्ञान आर्जन गरिरहेका छन् ।

जागु नेपाल पुस्तकालय परिवार
महादेवा गा.पा.-२, सम्पर्क नं. ९८२४७२०७४१

# भरतपुर महानगरका सामुदायिक पुस्तकालयहरू : संक्षिप्त परिचय



✍ **बालकृष्ण थपलिया**

अध्यक्षः रामेश्वर पुस्तकालय तथा तथा वाचनालय,
भरतपुर-२ क्षेत्रपुर, चितवन ।

**पृष्ठभूमिः**

पुस्तकालय भन्नाले पुस्तक राख्ने घर, स्थान भन्ने बुभिन्छ । यसलाई वाचनालय, अध्ययन केन्द, सूचना केन्द्रका रूपमा पनि संवोधन गरिएको पाइन्छ । नेपालको सन्दर्भमा राजनीतिक, साँस्कृतिक, भाषिक एकीकरण सँगै विभिन्न दरवारमा रहेका वस्तुहरू, अभिलेखहरू, रुक्का र लालमोहरहरू, शिलापत्र, ताम्रपत्र, भूजपत्र, स्वर्णपत्रहरूको सङ्ग्रह गरी एक ठाउँमा राख्ने प्रवृत्ति बन्यो । वि.सं. १८६९ मा 'पुस्तकालय अधिनियम' माथि लालमोहर लागेपछि पुस्तकालयको स्वरूप ग्रहण गरेको मानिन्छ । पछि घण्टाघर पुस्तकालय, बीर लाईब्रेरी (१९५७) सरकारी पुस्तकखाना हुँदै पुरातत्व विभाग (२००९) र राष्ट्रिय अभिलेखालय (२०२४) को स्थापना हुन थाले । व्यक्तिगत रूपमा पं.हेमराज पाण्डेले सङ्कलन गरेका पुस्तकहरू राष्ट्रिय पुस्तकालयमा सजिनु, चन्द्र शमशेरका दुई भाइ छोराहरूः केसर शमशेरको नाममा 'केसर पुस्तकालय' र मदन शमशेरको नाममा 'मदन पुस्तकालय' स्थापना भई आजपर्यन्त प्रतिष्ठित पुस्तकालयको छवि बनाएका छन् ।

चितवन जिल्लामा पनि २०१३ सालमा रापती दून विकास परियोजना शुरु भएपछि यहाँको विकासले फड्को मारेको पाइन्छ । चितवनमा अन्यत्र जिल्लाबाट बसाई सरी आउनेहरूले यहाँको जग्गा जमिन मात्र भोगचलन गरेनन् । त्यहाँका साहित्य, संस्कृति, सँगीत, र समाजिक विकासको चेतना पनि सँगसँगै ल्याए र यहाँको क्रमिक विकासमा योगदान दिए । यसैक्रममा शैक्षिक जागरण र सामाजिक सेवाभावले थुप्रै सामुदायिक पुस्तकालय, वाचनालय, अध्ययन केन्द्रहरूको स्थापना भएको पाइन्छ ।

चितवन जिल्लाका रत्ननगर नगरपालिकाका भुवानी सामुदायिक पुस्तकालय, सौराहा सामुदायिक पुस्तकालय, टरौली सामुदायिक पुस्तकालय, वैदिक धार्मिक तथा आर्युवेदिक पुस्तकालय, थारु साँस्कृतिक सङ्ग्रहालय तथा पुस्तकालय, खैरहनी नगरपालिकाका दिव्यज्योती सामुदायिक पुस्तकालय, राप्ती नगरपालिकाको प्रतीक्षा पुस्तकालय, माडी नगरपालिकाको गर्दी सामुदायिक पुस्तकालय आदि स्थापना भई सञ्चालनमा आएका थिए । माथि उल्लेखित पुस्तकालयहरू मध्ये कतिपय त बन्द भइसके भने केही पुस्तकालय मात्रै प्रभावकारी रूपले सञ्चालन हुँदै आएका छन् ।

यस लेखमा भरतपुर महानगरपालिका क्षेत्रका सामुदायिक पुस्तकालयहरूको संक्षिप्त परिचयात्मक विवरण दिने प्रयास गरिएको छ । कोरोना कहरका कारण पर्याप्त सोधखोज र अनुसन्धान हुन नसके पनि सामुदायिक पुस्तकालयको खोजी, अध्ययन, अनुसन्धान र जर्गेनामा मद्दत पुग्ने विश्वास ठानी तिनका बारे थोरै नै भए पनि विगतको इतिहास उजागर हुने र आगामी दिनमा त्यसलाई गति दिन, व्युँझाउन पनि प्रेरित हुने हिसावले सानो प्रयत्न गरेको छु ।

**१) नारायणी पुस्तकालय**

वि.सं.२००८ सालमा स्थापना भएको 'कृषि सहकारी समिति' वि.सं. २०१२ सालमा सहकारी पुस्तकालयको

रूपमा स्थापित भयो । अर्कोतिर ग्राम विकासले 'प्रभा पुस्तकालय' खोलेको थियो । यी पुस्तकालयहरू राम्रोसँग चल्न नसकेको बेला भारतीय राजदूतावासबाट अर्को पुस्तकालय खोल्न पुस्तकहरू प्रदान भए । त्यसपछि 'कृषि सहकारी पुस्तकालय', 'प्रभा पुस्तकालय' र भारतीय राजदूतावासबाट प्रदान भएका पुस्तकहरू एकीकृत गरी व्यापार सङ्घ नारायणगढको भवनमा २०१६ सालमा 'नारायणी पुस्तकालय' को स्थापना भएको हो ।

यसका संस्थापक अध्यक्ष महेश्वरलाल श्रेष्ठलाई तत्कालीन सरकारले बक्रदृष्टि राख्न थालेपछि श्रेष्ठ भारततिर प्रवासपछि यसको संरक्षणमा पनि प्रश्नचिन्ह खडा भयो । कतिपय पुस्तकहरू नारायणी नदीमा बगाइए । पछि श्रेष्ठ स्वदेश फर्केपछि सोही पुस्तकालयलाई 'नेपाल भारत मैत्री वाचनालय'को नाम दिएर २०२८ सालको श्रीपञ्चमीको दिन खोलियो । वि.सं.२०३२ सालमा सरकारले काठमाडौं बाहिर छिमेकी देशहरूबाट सञ्चालन भएका संस्थाहरू चलाउन नपाउने गरी प्रतिबन्ध लगायो । त्यसपछि वि.सं.२०३३ सालमा यसलाई 'नारायणी पुस्तकालय'को नाउँबाट सञ्चालन गरियो । यसले वि.सं.२०२६ मा **तिर्सना** नामक पत्रिका प्रकाशन गरेको थियो । वि.सं.२०२७ देखि २०३० सम्म यसले मासिक रूपमा साहित्यिक कार्यक्रम सञ्चालन गरेको र **तिर्सना** पनि पाँच अङ्कसम्म प्रकाशन गरेको थियो ।

पुस्तकालय चलाउन भारतीय राजदूतावासबाट वार्षिक रूपमा रू आठ हजार चार सय प्रदान गरिदै आएकोमा वि.सं. २०५३ सालदेखि उक्त सहयोग पनि बन्द भए पछि संस्थापक अध्यक्ष महेश्वरलाल श्रेष्ठले आफ्नै निजी खर्चमा नारायणगढ निवासी श्यामकृष्ण प्रधानको घरको भुँइ तलामा सञ्चालन गर्दै यसको इतिहास जोगाउनु भएको थियो । श्रेष्ठले अर्काको घरमा म एक्लैले पुस्तकालय चलाउन सक्दिन भनी रामेश्वर पुस्तकालयको १५औं वार्षिक साधरणसभाम (२०७२ मंसिर ५) साँकेतिक रूपमा एउटा पत्रिका हस्तान्तरण गरेर रामेश्वर पुस्तकालयमा मिसाउनु भयो । पुस्तकालयमा रहेका पुराना पत्र पत्रिका, पुस्तक तथा फर्निचरहरू राख्ने ठाउँको अभावमा रामेश्वरमा पनि ल्याउन सकिएन ।

गत २०७८ जेठ २२ गते चितवनका जिउँदा इतिहास मानिने प्रजातन्त्रसेनानी श्रेष्ठको निधनसँगै चिवतनकै सर्वाधिक पुरानो ऐतिहासिक पुस्तकालयको अस्तित्व सङ्कटमा छ । स्थानीय उद्योग वाणिज्य सङ्घ, नारायणगढका उद्योगी व्यवसायी, स्वयम रामेश्वर पुस्तकालय तथा श्रेष्ठका आफन्तहरूले पनि श्रेष्ठको सम्मानमा पुस्तकालयको संरक्षणमा लाग्नु श्रेष्ठप्रति सच्चा श्रद्वाञ्जली ठानिनेछ ।

### २) प्रभात मनोरञ्जन समिति

भरतपुर महानगरपालिका वडा नं. १२ (तत्कालीन भरतपुर गाउँ पञ्चायत वडा नं. ६) गोन्दाङ, आस्थाटोलमा २०२३ सालमा प्रभात मनोरञ्जन समिति नामक गैरसरकारी संस्था स्थापना गरी यसैको माध्यमबाट प्रभात पुस्तकालय सञ्चालन भएको थियो । यसका संस्थापक अध्यक्ष मेजर दीप शमसेर जवरा थिए । जबरा पछि यसको नेतृत्व सूर्यचन्द्र न्यौपाने, ताराप्रसाद अधिकारी हुँदै हाल केशरीरमण वाग्लेले नेतृत्व गरिरहनु भएको छ । यसका ८७ जना साधरण र ९३ जना आजीवन सदस्य रहेका छन् ।

समितिले स्थापनाकाल देखि नै विभिन्न प्रकारका खेलकुद कार्यक्रम सञ्चालन, प्रतियोगिताहरूमा सहभागिता, २०२४/२०२५ सालमा 'मेल मिलन मेला' र 'बसाई' हरूनाटक मञ्चन गरेको थियो । समितिले साहित्यिक कार्यक्रम अलावा पुस्तकालय सेवा पनि प्रदान गर्दै आएको थियो । यसले २०२८ साल देखि ०४६ सम्म पुस्तकालय सञ्चालन गरे पनि त्यस पछि यसले निरन्तता पाउन सकेको छैन ।

स्थापना भएको ३३ वर्ष पछि २०५६ सालमा मात्र यसको स्थानीय प्रशासनमा दर्ता भई हालसम्म नवीकरण हुँदै आएको छ । समितिले स्थानीय टीकारति बस्नेतले उपलब्ध गराउनु भएको ३ कट्ठा जमिनमा ३ कोठे पक्की भवन बनाइ आफ्ना गतिविधि सञ्चालन गर्दै आएको छ । समाजसेवी लक्ष्मणबाबु श्रेष्ठले

उपलब्ध गराउनु भएको ३ धुर जग्गामा मनकामना माइको मन्दिर निर्माण गरिएको छ भने समितिको भवन परिसरमै चन्द्रेश्वर शिवालय मन्दिर र १०८ शिवलिङ्गको स्थापना गरिएको छ । समितिको नाममा रु १० लाखको अक्षय कोष स्थापना भएको र त्यसैको व्याजबाट समितिको नियमित कार्यक्रम सञ्चालन भएका छन् । हाल नियमितरूपमा भजन कीर्तन, योग अभ्यास, खेलकुद आदिका गतिविधि सञ्चालन हुँदै आएको छभने पुरानो भवन जीर्ण भएकाले नयाँ भवन बनाउने र विद्युतीय पुस्तकालय सञ्चालन गर्न श्रोतको खोजी भईरहेको छ ।

**३) सँगम पुस्तकालय**

भरतपुर महानगरपालिका वडा नं ३ (तत्कालीन भरतपुर गाउँ पञ्चायतको वडा नं. ४ को नारायणगढ सँगमचोक आसपास) का स्थानीय बुद्दिजीवी, व्यापारी तथा समाजसेवीहरूको सक्रियतामा २०२३ सालमा सँगम पुस्तकालय स्थापना भई सञ्चालनमा आएको पाइन्छ । प्रवेशिका परीक्षा दिएर खाली रहेको समयमा बौद्दिक क्रियाकलाप बढाउन स्थानीय युवा बामदेव खनालको अध्यक्षतामा पुस्तकालय स्थापना भएको हो । खनाल पछि यस पुस्तकालयको अध्यक्षमा ब्रम्हदत्त वाग्ले र पछि चन्द्रमित्र पण्डितले यसको नेतृत्व गरेका थिए ।

स्थानीय सोमप्रसाद भट्टराईको घरमा एउटा कोठा भाडामा लिएर पुस्तकालय सञ्चालन हुँदै गर्दा रवि श्रेष्ठ (लाला बुद्दिमान श्रेष्ठको छोरा) ले आमा दिलकुमारी श्रेष्ठको स्मृतिमा सँगमरोडमा रहेको आठ हात मोहडा भएको करिव ३ धुर जग्गा पनि दिनु भएको थियो र अद्यापी पुस्तकालयको नाममा उक्त जग्गा रहेको छ ।

पुस्तकालयमा करिव ४०० पुस्तक रहेको र अन्य पत्र पत्रिकाहरू पनि उपलब्ध गराउँदै पुस्तकालय सञ्चालन हुँदै आएकोमा भट्टराईको घरबाट बम्हदत्त वाग्लेको घरमा सरेको र पछि बेलचोकमा सरेपछि पुस्तकालयले गति लिन सकेको पाइदैन ।

**४) ज्ञानोदय पुस्तकालय**

भरतपुर महानगरपालिका वडा नं. १९ शारदानगरका उत्साही युवाहरू मणिप्रसाद गुरूङ, बच्चुराम श्रेष्ठ, तोपमान सिँह गुरूङ, मानबहादुर गुरूङहरूको सक्रियतामा ज्ञानोदय पुस्तकालयको २०२६ मा स्थापना तथा सञ्चालन भएको हो । चितवनमा साहित्यिक जागरण ल्याउन यो संस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ । यसले २०२७ देखि २०५७ सम्ममा **छहरो** नामक पत्रिका प्रकाशन गरेको थियो । यो पाँच अङ्कमात्र प्रकाशन भएको पाइन्छ । हाल यो त्यति सक्रिय छैन तर चितवनको इतिहासमा पुस्तकालय तथा वाचनालय स्थापना तथा पत्रिका प्रकाशमा यस पुस्तकालयले ठूलो भूमिका खेलेको छ ।

**५) धर्मोदय पुस्तकालय**

भरतपुर महानगरपालिका वडा नं १९ (तत्कालीन शारदानगरका) युवाहरूको पहलमा २०३५ सालतिर धर्मोदय पुस्तकालय सञ्चालन भएको, त्यसैको जगमा हालको धर्मोदय क्लव गठन भई स्थापना भएको मानिन्छ । निवृत्त शिक्षक कुशेश्वर उपाध्यायको घरमा रहेका पत्रपत्रिका, पुस्तकहरू घरको अलि पर टहरोमा राखेका थिए । उनले प्रशासनको आँखा छल्न र छोराले व्यापार व्यवसाय पनि हेरोस भन्ने आशयले मिल अगाडि टहरोमा पुस्तकालय बनाउन प्रेरित गरेका थिए । यसरी घरकोठाबाट मिल अगाडिको खुल्ला चउरको टहरोमा युवा केटाकेटी लगायत कुटानपिसान ग्राहक लगायत मानिस जम्मा हुने थलो जस्तो भयो र पुस्तकालयको महत्त्व पनि बढ्दै गयो ।

स्थानीय युवाहरू पढ्ने रहरले जम्मा हुने, विहान बेलुका निःशुल्क ट्युसन कोचिङ पढ्न पनि जम्मा हुन थाले । राजनीतिक, बैचारिकरूपमा प्रशिक्षित अग्रजहरू लुकबहादुर राना, रुद्रहरि शर्माहरूको अगुवाइमा गोबर्द्धन गुरुङ, कृष्ण केसी, इन्द्रविलास घिमिरे, चिजकुमार आले, कौशल पौडेल, किरण केसी, हरिकृष्ण गुरुङ, बलबीर राना, रणबहादुर गुरुङ, गोपाल सिग्देल, तमबहादुर पुनः लगायत विद्यार्थीहरू जम्मा गराई धर्मोदय पुस्तकालय सहयोगार्थ भनी द्यौसी भैलो

खेलाएको, नाचगान गराउने गरेको, चितवन साहित्य समितिसित सहकार्य गरी कविता गोष्ठी आदि गरेको बताइन्छ। २०३६ सालको जनमत सग्रहताका स्थिति अलि खुकुलो भएको बखत यसका गतिविधि अलि धेरै थियो। पछि जनमत सङ्ग्रहमा पञ्चायतले जिते पछि लुकबहादुर राना लगायत युवाहरूप्रति प्रशासनको निगरानी बढ्न थाल्यो। पछि लुक बहादुर रानाहरूले जेल नेलको यातना समेत भोग्न पर्‍यो। रानाहरू जेल परेपछि पुस्तकालय भन्दा पनि क्लब गठन गर्ने सोंचले २०३८ सालतिर धर्मोदय क्लब गठन भएको र यसैको माध्यमबाट सामाजिक जागरणका कामहरू हुँदै आएका छन्।

### ६) ज्ञानज्योती पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं. ४ मा रहेको ज्ञानज्योती पुस्तकालयको २०३८ साल असोज २५ गते स्थापना भएको हो। स्थानीय बुद्धिजीवी, समाजसेवीहरूको उपस्थितमा भएको भेलाले स्व.हिरालाल सापकोटाको नेतृत्वमा ११ सदस्यीय कार्यसमित गठन भएको थियो। सापकोटा पछि ईश्वरीप्रसाद कंडेल हुदै हाल यसको नेतृत्व कलाधर अर्यालले गर्नु भएको छ। यसले भवन निर्माण, पुस्तक सङ्कलन, साहित्यिक विमर्श आदि कार्यक्रम गर्दै आएको थियो। यसको आफ्नै नाममा साँढे बाह्र धुर जग्गा र सो मा बनेको पक्की पुस्तकालय भवन छ। पुस्तकालयमा करिव २२०० पुस्तक रहेको छ।

### ७) विश्वज्योति सामुदायिक अध्ययन केन्द्र

प्रजातन्त्रमा आस्था राख्ने बौद्रिकहरूले महामानव विश्वेश्वरप्रसाद कोइरालाको नामको झल्को आउने गरी २०३८ सालमा विश्वज्योती वाचनालयको रूपमा स्थापना भएको पाइन्छ। यस वाचनालय २०६० साल चैत्र १२ गते विश्वज्योती सामुदायिक अध्ययन केन्द्रको रूपमा क्रियाशील रहेको छ। सामाजिक अगुवाहरू र युवाहरूको सक्रियतामा द्यौसी भैलो खेलेर राधापुर (हालको भरतपुर महानगरपालिका वडा नं.१४ राधापुर ) मा रहेको यस अध्ययन केन्द्र स्थापना भएको हो। टङ्कनाथ पौडेल, जनक बानियाँ, ओमप्रसाद पोखरेल, जीवनाथ कोइराला, गुणराज पाठक, तुलसी चापागाई, हर्कबहादुर गौतम, थोश्वर पौडेलले यसअघि वाचनालयको नेतृत्व गरिसकेका छन्। अध्यन केन्द्र स्थापना भए देखि हालसम्म भुवानी प्रसाद पौडेलको अध्यक्षतामा केन्द्र क्रियाशील रहेको छ। अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरमा २०६८ सालमा दर्ता समेत भएको यस केन्द्रको २ तले भवन रहेको छ। अध्ययन केन्द्रमा करिव ५०० थान पुस्तकहरू रहेका छन्। पञ्चायतकालीन व्यवस्थामा स्थापना भएर सामाजिक जागरणका काम गर्दै आएको वाचनालयले अधययन केन्द्रको रूप लिएपछि कम्प्युटर शिक्षा, सिलाईकटाइ तालिम, कानुनी साक्षरता, निरन्तर शिक्षा, अभिभावक शिक्षा, जेष्ठ नागरिक सत्सङ, नारी दिवस, बाल दिवस तथा साहित्यिक प्रतिभाहरूको जयन्तीमा साहित्यिक विविध कार्यक्रम गरी समुदायमा सकारात्मक प्रभाव पार्दै आएको छ।

### ८) ज्योति पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं. १२ नौरंगे धनगढा मन्दिर नजिकै ज्योति पुस्तकालय स्थापना भई सञ्चालनमा आएको छ। यसको २०४१ मंसिर ०६ गते स्थापना भई स्थानीय प्रसाशनमा ०५५ मा दर्ता समेत भएको छ।

संस्थापक अध्यक्ष गोरखवहादुर पन्त रहनु भएको यस पुस्तकालयको घनश्याम घिमिरे, जीवन पण्डित, पवन पन्त, सुलभ राउत, कृष्णप्रसाद पण्डित, टंकनाथ रिमाल, शीतल पन्त हुँदै हाल कुलमणि पोखरेलले नेतृत्व गर्दै आउनुभएको छ। धनगढा मन्दिर परिसरमा पक्की भवन रहेको पुस्तकालयमा ५ थान कम्प्युटर, फर्निचर लगायतका सुविधा छन्। करिव ८ सय थान पुस्तकहरू रहेको यस पुस्तकालयमा साप्ताहिक तथा दैनिक पत्र पत्रिकाहरू उपलब्ध गराइएको छ। पुस्तकालयले बेला मौकामा साहित्यिक, धार्मिक तथा साँस्कृतिक कार्यक्रम गर्दै, आएको छ। पुस्तकालयले आगामी दिनमा सदस्यता विस्तार, पुस्तक प्रकाशन, साहित्यिक कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

### ९) दुर्गा युवा वाचनालय

भरतपुर महानगरपालिका वडा नं. ५ कैलासनगरमा २०४२ सालमा दुर्गा युवा वाचनालय स्थापना भई सञ्चालनमा आएको थियो । स्थानीय शिक्षक धर्मदत्त सापकोटाको शुरूवाती पहलमा कैलाशनगर देखि गुलाफवागसम्मका समाजका अग्रजहरूबाट द्यौसी भैलो खेली स्थापना गरिएको यस वाचनालयको २०४५ वैशाख १५ मा स्थानीय प्रशासनमा दर्ता समेत भएको थियो । यस पुस्तकालयको २०४२ सालमा ताराचन्द्र सापकोटाको अध्यक्षतामा तदर्थ समिति बनेको र त्यसपछि शान्तविनोद लामिछाने, रूद्रप्रसाद सापकोटा, मीननाथ सिग्देल, रामप्रसाद पौडेल, झलक सिग्देल, रुद्रप्रसाद पौडेल, थानेश्वर सापकोटा ,सन्तोष मल्लले नेतृत्व गर्नु भएको थियो। २०५९ पछि भने यस वाचनालयको नयाँ कार्यसमिति बन्न सकेको छैन। वाचनालयले हरेक वर्ष बडा दशैंको सप्तमीको दिन विशेष कार्यक्रम गर्ने गरेको थियो ।

नियमितरूपमा पत्र पत्रिका तथा विभिन्न विधाका साहित्यिक पुस्तकहरू उपलब्ध गराउँदै आएको यस वाचनालयले २०४६ साल देखि २०५४ सम्म 'दुर्गा कोसेली' द्वैमासिक भित्ते पत्रिका समेत प्रकाशन गरेको थियो । वाचनालयले भरतपुर वीरगञ्ज दुई दिने साइकल यात्रा, विद्यालय परिसरमा फुटवल मैदान, जीमका सेटअप सामाग्रीको व्यवस्थापन, जिल्ला स्तरिय फुटबल, भलिबल, व्याडमिन्टन, कविता, निबन्ध प्रतियोगिताहरू सम्पन्न गर्नुका साथै बीरेन्द्र रनिङ्ग हाजिरीजवाफ (अन्तर विद्यालय) प्रतियोगिता आदि सञ्चालन गरेको थियो ।

### १०) दोभान पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं.१० दोकान टोलमा अवस्थित दोभान पुस्तकालयको स्थापना २०४४ सालमा भएको हो । स्वीस नागरिक लिन गिबन्थिफ (Line Guibentif) को अवधारणा, सक्रियता र सहयोगमा यो पुस्तकालय स्थापना भएको हो । पुस्तकालयका संस्थापक अध्यक्ष ईश्वरीप्रसाद घिमिरे हुन् । घिमिरे पछि विजयराज पण्डित, हृदयनाथ शर्मा, शशिकिरण रेग्मी, कालिकाप्रसाद वाग्ले, नीलकण्ठ ढुंगाना, बाबुराम दवाडी, राजेन्द्रप्रसाद रेग्मी, राप्रसाद वस्ती हुँदै हाल यसको नेतृत्व विनोदकान्त ढकालले गर्नु भएको छ ।

यस पुस्तकालयको नाममा १८ धुर जग्गा र सो जग्गामा बनेको २ तले भवन रहेको छ। यसै पुस्तकालय भवनमा स्थानीय दोकान टोल विकास सीमितको प्रयोजनका लागि दुईवटा कोठा उपलब्ध गराइएको छ । पुस्तकालयमा करिव १००० पुस्तकहरू, पुस्तक र्याकहरू, टेविल कुर्सी र फर्निचरहरू र ५ थान कम्प्युटर सेटसमेत उपलब्ध छ । बेलाबेलमा साहित्यिक क्रियाकलाप, अन्तरक्रिया गर्दै आएको यस पुस्तकालले २०७५ सालमा विष्णुप्रसाद रेग्मीको सम्पादनमा **दोभान स्मारिका** पहिलो अंक प्रकाशन गरेको छ। यसै पुस्तकालयमा सामुदायिक अध्ययन केन्द्र (सिकाइ अध्ययन केन्द्र) समेत स्थापना गरेर औपचारिक शिक्षाबाट बाहिर रहेका बालबालिका, महिला, ज्येष्ठ नागरिकहरूलाई पुसेतकालय सेवा तथा सिप विकास तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

### ११) अमर पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं. २० (साविक गुञ्जानगर, नयाँबजार) का स्थानीय युवाहरूको सक्रियतामा २०४५ वैशाख १ गते अमर पुस्तकालय स्थापना भएको हो। स्थानीय प्रशासन दर्तासमेत भएको र अमर युवा क्लबको भवनमा सञ्चालित यस पुस्तकालयको विष्णु ढकाल, विद्यासागर गैरे, ऋषिकेश अधिकारी र शशिकान्त बराल हुँदै हाल ऋषिकेश अधिकारीले यसको नेतृत्व गर्नु भएको छ। दैनिक २ घण्टा सञ्चालनमा आइरहेको पुस्तकालयले विष्णु ढकालको सम्पादनमा 'अमर आवाज' (२०४५) र हरिनारायण सापकोटाको सम्पादनमा 'नागरिक आवाज' (२०६७) प्रकाशनमा ल्याएको थियो। पुस्तकालयले बेलामौकामा स्वास्थ्य सिविर, रक्तदान कार्यक्रम, साहित्यिक, साँस्कृतिक कार्यक्रमहरू, विद्यालयकेन्द्रित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएको छ ।

### १२) केपा पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं. ६ को केशरवाग र पारसनगरका स्थानीय बुद्विजीवीहरूले २०३०-०३२ सालतिर स्थानीय ठाउँहरू केशरवाग र पारसनगरको छोटकरी नामाकरण हुनेगरी केपा वाचनालय स्थापना गरी सञ्चालनमा ल्याएका थिए। पुस्तकालय स्थानीय प्रशासनमा २०४७ सालमा मात्र दर्ता गरी २०५१ सालसम्म नवीकरण भएकोमा २०५२ बाट शुरु भएको सशस्त्र जनयुद्वका कारण केपाको अर्थ कम्युनिष्ट पाटी (तत्काललीन नेकपा माओवादी) को अर्थ लगाएर स्थानीय प्रशासनले नवीकरण नगरेकोमा शान्ति प्रक्रियामा आएपछि दर्ता नवीकरण गर्दा धेरै रकम (करिब ८२ हजार) लाग्ने भए पछि २०७६ जेठ महिनामा केपा वाचनालय एवम् पर्यटन सूचना केन्द्रकोरूपमा यो पुस्तकालय अगाडि बढिरहेको छ। संस्थापक अध्यक्ष शालिग्राम तिमिल्सिना रहनु भएको यस वाचनालयको पूर्णखर चापागाई, देवेन्द्रप्रताप खाँड, भगिरथ तिमिल्सिना, प्रेम शर्मा पौडेल, मित्रलाल चापागाईं, डोलप्रसाद वमेल हुँदै २०७७ मंसिर २५ देखि पूर्णप्रसाद प्रसाईले यस वाचनालयको नेतृत्व गर्दै आउनु भएको छ।

केपा चोकमा वाचनालयको आफ्नै नाममा एक कठ्ठा जमिन रहेको र त्यसै जमिनमा ३ तले भवन निर्माणधीन रहेको। करिव १५० जति पुस्तकहरू रहेको वाचनालयले जनचेतनामूलक सभा गोष्ठीहरू, खेलकुद, हाजिरी जवाफ, द्यौसी भैलो, टेन्ट सञ्चालन आदि गर्दै आएको छ।

### १३) समाजवादी अध्ययन केन्द्र

भरतपुर महानगरपालिका वडा नं. ६ गीतानगरमा प्रजातन्त्रमा आस्था राख्ने वौद्विक युवाहरूले समाजवादी अध्ययन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएका थिए। यसका संस्थापक अध्यक्ष निर्मल कुमार श्रेष्ठ रहेका थिए। निर्मलकुमार श्रेष्ठ पछि हीरालाल श्रेष्ठ हुँदै अरविन्दप्रताप राणाले यसको नेतृत्व गरेका थिए।

२०४५ सालतिर गीतानगरको चोकबजारमा महेश्वर पोखरेलको घरको कोठा भाडामा लिइ राष्ट्रियस्तरबाट प्रकाशित पत्र पत्रिकाहरू जम्मा गरी अधययन, पठन-पाठन गराइएको थियो। पोखरेलको घर पछि विभिन्न ठाउँमा कोठा भाडामा लिएर केन्द्र सञ्चालन हुँदै आएकोमा विभिन्न कारणले यसले निरन्तरता भने पाउन सकेन। स्थानीय प्रशासनमा दर्ता भई २०६७/०६८ सालसम्म नवीकरण भए पनि त्यसयता यस केन्द्रले कुनै गति लिन सकेको छैन। गीतानगर शहीद गणेश पौडेल स्वास्थ चौकी नजिकै १२ धुर जग्गा समेत भएको यस केन्द्रको सहयोगार्थ सदस्य तथा शुभेच्छुकहरूबाट रकम सङ्कलन समेत गरिएको थियो।

### १४) बी.पी.स्मृति वाचनालय

भरतपुर महानगरपालिका वडा नं. १८ (साविक गुञ्जानगर) का स्थानीय वौद्विक युवाहरूको सक्रियतामा २०५० सालमा बी.पी.स्मृति वाचनालय स्थापना भएको हो। शरदकान्त बरालको अध्यक्षतामा वाचनालय क्रियाशील रहेको छ। वाचनालयले बेलामौकामा विविध साहित्यिक, साँस्कृतिक कार्यक्रमहरू, विद्यालयकेन्द्रित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दै आएको छ।

### १५) शरदपुर वाचनालय

भरतपुर महानगरपालिका वडा नं.९ शरदपुरमा २०५० सालमा शरदपुर वाचनालय स्थापना भई सञ्चालनमा आएको थियो। यसको संस्थापक अध्यक्ष यमलाल कंडेल हुन्। कंडेल पछि तोयनाथ रिजाल, शोभाखर कंडेल हुँदै यसको नेतृत्व कलाधर कंडेलले गरेका थिए।

यसले स्थानीयस्तरमा द्यौसी भैलो खेली प्राप्त भएको रकमबाट शरदपुर वाचनालय, वातावरण परिषद र त्रिपुरेश्वर टोलको संयुक्त नाममा ३ धुर जग्गा खरिद गरी सोही जग्गामा भवन समेत बनाएको छ। सोही भवनको भुइतलामा वाचनालय सञ्चालनमा रहेको थियो। स्थानीय प्रशासनमा दर्ता समेत भएको यस वाचनालयले टोल सुधार समितिको सहकार्यमा सामाजिक क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गर्दै आएको थियो। वाचनालय आवद्व अधिकांश युवाहरू अध्ययन तथा रोगजारीको सिलसिलमा विदेशमा रहेका र यहाँ रहेकाहरूले पनि अन्य पेशा, व्यवसाय अपनाए पछि वाचनालयले गति लिन सकेको छैन।

### १६) युवा ज्योती वाचनालय

भरतपुर महानगरपालिका वडा नं. २१ पार्वतीपुरमा २०४९ सालमा युवा ज्योती वाचनालय स्थापना भई सञ्चालनमा आएको थियो । यसको २०५४ सालमा स्थानीय प्रशासनमा दर्ता समेत भएको थियो । यसका संस्थापक अध्यक्ष लुलाराज लामा हुन् । लामा पछि विष्णुप्रसाद डुवाडी, सूर्यमणि अधिकारी, किरणप्रेमी गुरुङ, नवराज अधिकारी, कृष्ण बरालले यस वाचनालयको नेतृत्व गरेका थिए । २०६४ सालसम्म दर्ता नवीकरण भए पनि त्यसयता यस वाचनालयले गति लिन सकेको छैन ।

### १७) रामेश्वर पुस्तकालय तथा वाचनालय

भरतपुर महानगरपालिका वडा नं. २ क्षेत्रपुरमा सुविधासम्पन्न ३ तले भवनमा रामेश्वर पुस्तकालय तथा वाचनालय सञ्चालनमा छ । २०४४/०४५ सालतिर स्व.सोमनाथ पौडेल, स्व.शिखरनाथ दवाडी, स्व.गोविन्द जोशी, स्व.जगत बहादुर रूपाखेती स्व.लोकराज कंडेल, हरिहर बास्कोटा, स्व.दीर्घमान श्रेष्ठ, स्व.उमानाथ वाग्ले, दाताराम देवकोटा वटुकराज विष्ट, स्व.रमानाथ आचार्यहरूले स्थापना गर्नु गरेका पुस्तकालयको २०५५ भीष्मकान्त अधिकारीको अध्यक्षतामा तदर्थ समिति बनेको र सोही समितिले स्थानीय प्रशासनमा पुस्तकालय दर्ता गरी सञ्चालनमा ल्याएको छ । शरदरन्जन श्रेष्ठ, बटुकराज विष्ट, विष्णुप्रसाद अधिकारी, केशवकुमार श्रेष्ठ, राजेन्द्र वाग्ले, शशि श्रेष्ठ हुँदै २०७६ पौष देखि यसको नेतृत्व बालकृष्ण थपलियाले गर्दै आउनु भएको छ । यसका श्रेयस्कर ३, मानार्थ २, संस्थागत २, संरक्षक ६०, आजीवन २४५ र साधरण ३८ सदस्य गरी ३५० जना सदस्य रहेका छन् ।

पुस्तकालयले पुस्तक एवम् पत्रपत्रिका, फ्री वाइफाइ सेवा, विद्युतीय पुस्तकालय, चितवन सङ्ग्रह विशेष सेवा, न्यून शुल्कमा फोटोकपी, टाइप, प्रिन्ट, इमेल, ईन्टरनेट, स्क्यान सेवा, विवाह/व्रतबन्ध/सेमिनार/ गोष्ठीको लागि सामुदायिक हलको सेवा दिदै आएको छ । यसले पुस्तकालय सेवाका अतिरिक्त समुदायको आवश्यकताअनुसार विभिन्नखाले स्वास्थ्य शिविर, व्यवहारिक जीवनोपयोगी सिपमूलक कार्यक्रम, साहित्यिक कार्यक्रम, पुस्तक विमर्श, स्रष्टा सम्मान, विद्यालयस्तरीय प्रतियोगितात्मक कार्यक्रम, आश्रममा आश्रित असहाय बालबालिकालाई सहयोग, जेष्ठ नागरिक कार्यक्रम, महिला तथा बालबालिकाको क्षमता बढाउन नेतृत्व विकास तथा सचेततामूलक कार्यक्रम, गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यक्रम, विपद व्यवस्थापनको निमित्त राहत वितरण कार्यक्रम गर्दै आएको छ ।

समाजसेवी टेकबहदुर गुरुङका परिवारबाट प्राप्त १ कट्ठा जमिन र सोही जग्गासँग जोडिएको ११ धुर जमिन पुस्तकालयले खरिद गरेको हो । ३ पटक सम्म श्रीमद्भागवत सप्ताह लगाएर पुस्तकालयले स्थानीयहरूको चन्दा सहयोगमा जग्गा खरिद, २५ लाखको अक्षयकोष स्थापना गरेको छ । सोही कोषको व्याज आम्दानी र सामुदायिक हलको आम्दानीबाट २ जना जनशक्तिलाई यथोचित पारिश्रमिक उपलब्ध गराउँदै दैनिक पुस्तकालय सञ्चालन हुँदै आएको छ । आइतबारबाहेक हरेक दिन विहान ११ बजे देखि साँझ ६ बजेसम्म पुस्तकालय सञ्चालन हुँदै आएको छ । पुस्तकालयमा विभिन्न विधाका ८५०० पुस्तकहरू, विभिन्न प्रकारका करिव ४० जति पत्रिकाहरू छन् । यसले २०६४ मा 'रामेश्वर स्मारिका' पहिलो अंक प्रकाशन गरेको थियो भने वार्षिक साधरणसभा तथा अधिवेशनहरूमा 'रामेश्वर अधिवेशन बुलेटिन' प्रकाशन गर्दै आएको छ । यसको ४ अंक प्रकाशन भएको छन् ।

महानगरकै सुविधासम्पन्न र सम्भवतः व्यवस्थितरूपमा चलेको एकमात्र पुस्तकालयको रूपमा यो पुस्तकालय परिचित छ । नियमित वार्षिक साधरण सभा र अधिवेशन मार्फत् नेतृत्व चयन, पुस्तकालय सेवाका अतिरिक्त सामुदायिक क्रियाकलापका कारण समाजमा यसको छुट्टै छाप छ । भविष्यमा यस पुस्तकालयलाई महानगरकै नमुना पुस्तकालय र श्रोत पुस्तकालयको रूपमा विकास गरिदैछ ।

### १८) विक्रम वाचनालय

भरतपुर महानगरपालिका वडा नं. २३ (साविक जगतपुर) का स्थानीय युवाहरूले विक्रमबाबा मेलास्थल

जाने जगतपुर बजारको चोकमा रहेको प्रतीक्षालयको माथिल्लो तलामा विक्रम वाचनालय सञ्चालनमा ल्याएका थिए । जगतपुर युवा परिचालन केन्द्र मार्फत् २०५५ सालमा यस पुस्तकालय स्थापना भएर केही वर्ष सञ्चालनमा आए पनि हाल यो पुस्तकालय सञ्चालनमा छैन ।

विष्णुप्रसाद सापकोटा (रामु) को अध्यक्षतामा कार्यसमिति गठन भएको र समितिका साथीहरू पढ्न वा विदेशतिर लागेपछि वाचनालयले गति लिन सकेन ।

### १९) पटिहानी सामुदायिक पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं.२२ पटिहानीमा पटिहानी सामुदायिक पुस्तकालय स्थापना भई सञ्चालनमा आएको छ। पटिहानीको नारायणी सफारीमा आएकी विदेशी पर्यटक श्रीमती मारिलो सरिफले केही पुस्तक, कार्पेट, र्याक आदि उपलब्ध गराएर २०५६ चैत्र १२ गते अमर माद्यामिक विद्यालय पटिहानीमा एवन (AWON) नाम दिएर पुस्तकालय स्थापना गरेकी थिइन् । २०५७ वैशाख ४ गते यसैलाई अमर केन्द्रीय पुस्तकालय नामाकरण गरी यसको उद्घाटन पनि गरिएको थियो । २०६० मंसिरमा पुस्तकालयको नाम फेरेर पटिहानी सामुदायिक पुस्तकालयका नाममा स्थानीय प्रशासनमा दर्ता समेत भयो । देवीप्रसाद लुइटेल, दुर्गाप्रसाद आचार्य, अमर आचार्य, मधुसुदन सापकोटा हुँदै पिताम्बर शर्माले यसको नेतृत्व गर्दै आएका छन् । शर्मा पछि पुस्तकालयले नयाँ नेतृत्व दिन सकेको छैन । राजनीतिक उतारचढाव र दृढ इच्छाशक्तिको अभावमा पुस्तकालयले गति लिन नसकेको बताइन्छ ।

पुस्तकालयमा करिव २५०० जति पुस्तक रहेको, रुम टु रिड जस्ता राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरूको सहयोग जुट्दै गएको, होटल नारायणी सफारीले पनि पुस्तकालयको पूर्वाधार निर्माणमा सहयोग पुऱ्याएको थियो । यसका ५ जना श्रेयस्कर, १० जना संरक्षक, १८२ जना आजीवन र १४० जना साधरण सदस्य थिए । सदस्यहरूबाट उठेको रकम र शुभेच्छुकहरूको सहयोगमा सङ्कलति करिव १ लाख २५ हजार बैंक मौज्जात रहेको छ । विद्यालय हाताभित्रै पुस्तकालय रहेकाले त्यहाँका विद्यार्थीहरूले यसको उपयोग गर्दै आएको भए पनि समुदायस्तरमा भने यसले सेवा विस्तार गर्न सकेको छैन ।

### २०) देवकोटा अध्ययन केन्द्र

'पढ्ने, अध्ययन गर्ने संस्कृतिको निर्माण गरौं' भन्ने मान्यता **बोकेर देवकोटा अध्ययन केन्द्र** २०६० माघ १६ गते सहिद दिवसका अवसरमा स्थापना भएको संस्था हो । भरतपुर-१०, सिञ्चाइरोडमा पुस्तकालय स्थापना भई केही समय सञ्चालनमा आए पनि हाल यो केन्द्र साहित्यकार सँगीत आयामको घरमा सीमित रहेको छ। उदय अधिकारीको अध्यक्षतामा स्थापना भएको केन्द्रले कवि सँगीत आयामको लामा कविताहरूको सँगालो **चक्रव्युह र युद्धपीडा** प्रकाशन गरेको छ ।

### २१) गीतानगर सामुदायिक पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं. ५ र ६ लाई कार्यक्षेत्र बनाई २०६२ मंसिर १८ गते स्थानीय शिक्षासेवी, समाजसेवीहरूको भेलाले गीतानगर सामुदायिक पुस्तकालय स्थापना गरी सञ्चालन हुदै आएको छ। यस पुस्तकालय सिंहवाहिनी दुर्गा पाञ्चायन मन्दिरको परिसरमा जग्गा एक कठ्ठा १६ धुर, ५ कोठे भवन रहेको यस पुस्तकालयले एक वडा एक सामुदायिक पुस्तकालय सञ्चालन, साक्षरता कक्षा, सिपमूलक तालिमहरू पुस्तकालय संञ्चालन, आधार भूत कम्प्यूटर कक्षा सञ्चालन गर्दै आएको छ ।

स्थानीय प्रशासनमा दर्ता समेत भएको यस पुस्तकालयका अधिकांश गतिविधि गीतानगर सामुदायिक सिकाइ एवम् पर्यटन सूचना केन्द्रमार्फत् हुँदै आएका छन् । पूर्ण प्रसाद प्रसाई, नर वहादुर खाँड, लोकनाथ पौडेल लगायत संस्थापक रहेको यस पुस्तकालयको वर्तमान अध्यक्ष लोकनाथ पौड्याल रहेका छन् ।

यसका आजीवन सदस्य १५० जना, महिला आय आर्जन समूहका प्रतिनिधिहरू रहेको संस्थागत सदस्य ५४, कार्य क्षेत्रभित्र रहेका वडाका संस्थागत विद्यालयका प्रधानअध्यापकहरू सात जना यसका

संस्थागत सदस्यहरू छन्। सिकाइ केन्द्र मार्फत् करिव ६ सय जना महिलाहरू परिचालन भएका छन्। उनीहरूलाई बचतको बानी बसाल्न सहकारी सञ्चालन गरिएको छभने आय आर्जनका विभिन्न कार्यक्रमहरू (व्युटीपार्लर, हाउस वाइरिङ, सिलाई कटाई आदि) सञ्चालन हुँदै आएको छ। पुस्तकालय नजिकै मन्दिर पनि भएकाले ज्येष्ठ नागरिकहरूको भेटघाट पनि हुने, साधना कार्यक्रम सञ्चालन हुने, विद्यालयका बाल बालिकाको प्रतिभा विकासका लागि विविध प्रतिष्पर्धात्मक कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

आजीवन सदस्यता वितरण, चन्दा सहयोग र सिकाइ केन्द्र सञ्चालनबाट प्राप्त बचत रकमबाट पुस्तकालयको कोष सञ्चालन हुदैं आएको छ।

## २२) पारिजात पुस्तकालय

भरतपुर महानगरपालिका वडा नं ११ भोजाडका शिक्षाप्रेमी सामाजिक अगुवाहरूले पारिजात पुस्तकालयको स्थापना गरेका हुन्। यसका संस्थापक अध्यक्ष तिलक अधिकारी, हुन्। लीलानाथ रेग्मी, बाबुराम ढकाल, पुस्तक गौतम, रुक्मागत पाण्डेले नेतृत्व गरीसक्नु भएको यस पुस्तकालयको वर्तमान कार्यसमिति अध्यक्ष हरिकुमार खाती रहेका छन्।

स्थानीय समाजसेवी शान्ति अधिकारीले आफ्नो नाममा रहेको ५ धुर र समाजसेवी धनन्जय शर्मा ढकालले आमाको स्मृतिमा ६ धुर जग्गा पुस्तकालयलाई उपलब्ध गराउनु भएकोमा स्थानीयहरूको चन्दा सहयोगमा ४ कोठाको भवन बनाउन पिल्लर समेत उठेको छ। भवनको पिल्लर उठे पनि महानगरपालकिाको भवन निर्माण मापदण्ड बमोजिम अनुकूल नभएकाले भवन निर्माण कार्य बढ्न सकको छैन। पुस्तकालयले गोपाल प्रसाद रिमाल, पारिजात, लक्ष्मी जयन्ती आदि अवसरमा साहित्यिक कार्यक्रम गरी स्रष्टाहरूलाई मञ्च प्रदान गरेको छ। नियमित पुस्तकालय सेवा, पुस्तक सङ्कलन, पारिजात स्मृति दिवस, साहित्यिक गतिविधि सञ्चालन गर्दै आएका थियो। पछिल्ला दिनमा जग्गामा बिबाद हुनु, कोरना कहर लगायतका विपदका कारण कुनै कार्यक्रम गर्न सकिएको छैन।

## २३) बेटर चितवन पुस्तकालय

बेटर चितवन चितवनको सामाजिक र पर्यावरणको क्षेत्रमा क्रियाशील समाजिक संस्था हो। कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई सञ्चालनमा आएको बेटर चितवनले मूलतः चारवटा क्षेत्रमा काम गर्दै आएको छ। यसले माली दाई, युथ मोटिभेसन क्लब (YMC), जुनकिरी र वेटर चितवन मिनी पुस्तकालय कार्यक्रम सञ्चालन गर्दै आएको छ। भरतपुर महानगरपालिका वडा नं. ७ कृष्णपुरमा १० वर्षको लागि ३२ कठ्ठा जग्गा भाडामा लिई त्यँही एउटा भवन समेत बनाई कार्यालय सञ्चालन गरेको छ र त्यही कार्यालयको एउटा कोठामा वेटर चितवन मिनी पुस्तकालय स्थापना गरेको छ। २०७५ वैशाख १ गते स्थानीय सागर कार्कीको अधयक्षतामा एक समिति पनि बनेको छ। यस पुस्तकालयमा २५० रूपैया तिरेर पाठक सदस्यता लिन सकिन्छ। यसरी सदस्य लिनेको सङ्ख्या १५६ जना रहेको छ।

स्थानीय र पुस्तकालयका शुभेच्छुकहरूले आफूले पढेका सामयिक र साहित्यिक पुस्तकहरू पुस्तकालयमा उपलब्ध गराई पुस्तकहरू सङ्कलन गरिएको पुस्तकालयमा करिव २५ सय पुस्तक रहेको छ। यस मिनी पुस्तकालयमा बाल बालिकाहरूका लागि समेत सामाग्रीहरू उपलब्ध गराइएको छ। हरेक दिन विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म सञ्चालनमा आएको यस पुस्तकालयमा हाल माली दाइ कार्यक्रमका सहयोगीले पुस्तालय सेवा दिदै आएका छन्। विभिन्न किसिमका पत्र पत्रिका समेत रहेको यस पुस्तकालयमा रहेको किताबहरू रु १० तिरेर १० दिनसम्मम घरमा लगेर पढ्न पाउने व्यवसथा मिलाईएको र यस पुस्तकालयले हरेक ४ महिनामा एकपटक पाठक र लेखकबिच दुरी कम गराउने उद्देश्यले मैले पढेको किताब कार्यक्रम, सामुदयिक विद्यालयहरूलाई पुस्तक सहयोग कार्यक्रम आदि गर्दै आएको छ।

**टुङ्ग्याउनी**: तत्कालीन पञ्चायती व्यवस्थामा वाक तथा अभिव्यक्ति स्वतन्त्रताको कमी तथा खुलारूपले गतिविधि सञ्चालन गर्न सक्ने अवस्था नभएकाले

सीमित कार्यक्रम सञ्चालन हुँदै आए पनि ०४६ को राजनीतिक परिवर्तन पश्चात पनि उल्लेखित अधिकांश पुस्तकालयहरू आज अस्तित्वमा छैनन् । अध्ययनका क्रममा भेटिएका र हिजोका कठिन दिनमा गरिएको योगदानलाई स्मरण गराउन मात्रै भए पनि छोटो परिचय दिने प्रयास गरिएको हो । बुढा मरे भाषा सरे भनेझैं यी पुस्तकालयका संस्थापकहरू मध्ये कतिपय त दिवंगत भईसक्नु भयो । बाँचेकाहरू पनि तितरवितर भएका छन् । सामुदायिक पुस्तकालयको मर्मअनुसार विगतमा स्थापना भएका पुस्तकालयहरूलाई क्रियाशील बनाई गति दिन निक्कै चुनौति आएको छ ।

समालोचक डिआर पोखरेलले **रामेश्वर स्मारिका** (२०६४) र **दोभान स्मारिका** (२०७५) मा केही पुस्तकालय खुलेका, दर्ता भएका तर हाल सञ्चालन नभएका केही पुस्तकालयहरूबारे चर्चा गर्नु भएको छ । मैले सम्बिन्धत वडाका वडा अध्यक्षहरूसित बुझ्दा पनि थप विवरण प्राप्त भएनन् । यसरी पोखरेलले उल्लेख गरेका तर खोजी गर्दा नभेटिएका पुस्तकालयहरूमा भरतपुर महानगरपालिका वडा नं. १ को आनन्द वाचनालय (२०४२), सरोज स्मृति वाचनालय (२०४७), वडा नं. ८ को स्मृति वाचनालय (२०५१), वडा नं. ९ को नवकिरण वाचनालय (२०५०), वडा नं. २५ (शुक्रनगर) को शान्ति वाचनालय (२०६२) आदि रहेका छन्

पुस्तकालयको दीगो आर्थिक श्रोतको अभावले दक्ष जनशक्तिको व्यवस्थापन गर्न सकिएको छैन भने नियमित पुस्तकालय सञ्चालनको लागि सरकारी पक्ष उदशीन देखिन्छ । निःस्वार्थ सेवाभावले दृढ ईच्छाशक्ति भएका सामाजिक अगुवाहरूको पनि कमि पाइन्छ । एकातिर हिजोका पुस्तकालयहरूलाई जीवन्तता दिन सकिएको छैन भने यनकेन चलेका पुस्तकालयहरूमा पनि पाठकहरूको सङ्ख्या न्यून भेटिन्छ । इन्टरनेट क्रान्तिका माध्यमबाट सूचना तथा जानकारीको लागि पुस्तकालय नै धाउनु पर्छ भन्ने पनि छैन । तर अध्ययन संस्कृतिको विकास तथा गहन अध्ययनको लागि सामुदायिक पुस्तकालयको महत्त्वलाई कम आक्न पनि मिल्दैन । पुस्तकालयले पुस्तक तथा पत्रपत्रिका सेवा मात्र होइन सामुदायिक विकासका विविध क्रियाकलाप सञ्चालन गर्न सक्छन् ।

महानगरमा कम्तीमा पनि एक वडा एक पुस्तकालय, अथवा एक समुदाय एक पुस्तकालय हुन पर्ने हो । विद्यालय तथा विश्वविद्यालयमा पहुँच नपुग्ने समुदायका बालबालिका, महिला, ज्येष्ठ नागरिक, अशक्त र पछाडि परेको समुदायको सामुदायिक पुस्तकालयमा पहुँच पुऱ्याउनु हामी सबैको दायित्व हो । स्थानीय सरकार हरूले पनि कम्तीमा एक वडा एक पुस्तकालय स्थापना गर्न समुदायलाई प्रेरित गर्नुपर्ने देखिन्छ । निश्चित मापदण्डको निर्माण गरी सामुदायिक पुस्तकालयलाई नियमित सहयोग गर्नु स्थानीय सरकारको कर्तव्यभित्रै पर्छ ।

मैले यस लेखमार्फत् महानगरमा के कस्ता पुस्तकालय थिए र छन् भन्नेमा छोटो परिचय मात्र दिने प्रयास गरेको हुँ । यत्तिको विवरण पाउन पनि राम्रै मिहिनेत परेको छ । दर्जनौ पटकको ताकेता, कोरना कहरका कारण घरघरमै बस्नु परेको अबस्थामा कम्तीमा टेलिफोन, म्यासेन्जर, इमेलका र भेटघाटमा माध्यमबाट यो परिचयात्मक विवरण तयार हुन सक्यो । यसमा धेरै कुरा छुटेका हुन सक्छन् । कति त पुस्तकालयहरू नै पनि छुटेका हुन सक्छन् । जेजस्तो भयो यस्तै भयो । कम्तीमा विगतमा यस्तो थियो, अरुले यस्तो गरेका रहेछन्, हामीले पनि गर्न पऱ्यो भनेर जुर्मुराउन सक्छन् । पुर्खाहरूको विरासत धान्नु अहिलेका युवा पुस्ताको दायित्व पनि हो ।

# कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय



✍ **बाबुराम श्रेष्ठ “वर्षा”**
संस्थापक, कञ्चनजङ्घा सार्वजनिक पुस्तकालय
खेवाङ, ताप्लेजुङ ।






संसारका विकसित देशले कहिलेदेखि के कसरी पुस्तक दिवस मनाउँछन् त्यसतर्फ मेरो खोज रहेन । तर संयुक्त राष्ट्र सङ्घले पहिलोपटक अप्रिल १४ लाई अन्तर्राष्ट्रिय ज्ञान दिवसको रूपमा मनाउने विश्वव्यापी चलन चलाईयो । नेपालमा वि.स. १८६९ साल भाद्र १५ गते नेपालमा पनि पुस्तक चिताइ तहविलको नाम दिएर पहिलो पुस्तकालको स्थापना गरियो । त्यसलाई नियमित रूपमा सञ्चालन गर्न केही कर्मचारी र बजेटको व्यवस्था गरियो । त्यो समयदेखि आजसम्मको २०८ वर्षको समयमा पुस्तकालय हिडिरहेको देखिन्छ । २०० वर्षभन्दा माथि भनेको कति लामो समय हो ? तर यतिका लामो समयसम्म पनि नेपालको पुस्तकालय शुसुप्त अबस्थामा बसेर समय बिताएको देखिन्छ । यस अवस्थाबाट अगाडि बढ्नका लागि वि.सं. २०६५ सालदेखि नेपालमा पुस्तकालय दिवस मनाउन थालिएको हो । यस वर्ष चौधौं पुस्तकालय दिवस “सबल समाजको आधारः सार्वजनिक पुस्तकालयको विकास र विस्तार” नाराका साथ मनाउन लागेका छौं । यस नारालाई सफल बनाउन सार्वजनिक पुस्तकालय स्थापना र सञ्चालनमा जागरण जगाउनु पर्ने देखिन्छ ।

## सार्वजनिक पुस्तकालयप्रति समाजको बुझाई

समाजले पुस्तकालय के हो, यसले के गर्छ, किन पुस्तकालय स्थापना गर्नुपर्‍यो भन्ने सामान्य जानकारी चासो राख्न पनि मन नगरेको देखिन्छ । जसले स्थापना गर्‍यो उसैले सधैं बोकी रहनुपर्छ त्यो काम उसैको मात्र हो भन्ने बुझाईमा समाज रहेको बुझिन्छ । जसले जसरी यस्ता सङ्घसंस्था हाम्रो गाउँ समाजमा ल्याई दियो, यो हामी स्थानीयहरूको सार्वजनिक सम्पत्ति हो । यसको संरक्षण, व्यवस्थापन र सञ्चालन हामी आफैले गर्नुपर्छ, हाम्रै सन्ततीहरूको लागि यसबाट हुने मुनाफाले फाइदा दिन्छ भन्ने चेतना जबसम्म समाजमा आउँदैन तबसम्म यस्ता पुस्तकालय ओझेलमा परिरहने देखिन्छ । यसको लागि केन्द्रीय स्तरबाट अनुगमन गरी

सार्वजनिक पुस्तकालयको महत्त्वका बारेमा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरूलाई विशेष रूपमा अभिप्रेरित गरिनु पर्छ। अरुले, विदेशले, सरकारले गरिदिने हामी त्यसको सुविधा लिने मात्र हो भन्ने अबस्था रहिरहे यस्ता पुस्तकालय मात्र होइन, कुनै पनि सङ्घसंस्था दिगो र व्यवस्थित हुन सक्दैन भन्ने अनुभव भएको छ। राजनीतिक खिचातानीले यस्ता संस्थालाई छुनु हुँदैन। एउटा सरकार वा पार्टीले गरेको काम अर्कोलाई मन नपर्ने जरा काट्नु पर्ने विपक्षमा हुँदा अर्ति दिनुपर्ने सरकारमा पुगेपछि धुलमुलिने अहिले त झन कोरोनाको बहाना बनाएर रहे भएको सङ्घसंस्था बचाइ राख्न भेला जम्मा हुन पनि नपाइने बडो मुस्किल छ। तर पनि राजनीतिलाई धन्यवाद दिनै पर्छ

ताप्लेजुङ्ग जिल्ला देशकै विकट जिल्ला मध्ये एक हो। यो जिल्लालाई चिनाउन वि.सं. १९९४ सालदेखि अमिनी अड्डा बसेको देखिन्छ। जसले हरेक कुरामा स्थानीयवासीहरूलाई सचेत र सजग गराएको अनुभूति हुन्छ। त्यस्तै २००९ सालमा यो ठाउँमा विद्यालय स्थापना भएको हो। हाल यस जिल्लाको साक्षरता दर ६०-७० प्रतिशत पुगेको छ भन्ने लाग्छ। तर पुस्तकालयको महत्त्वको बारेमा त्यस्ता शिक्षित मान्छेहरूले पनि जान्न चाहदैनन्। यसभित्र पनि राजनीति घुसेको छ। आजको इन्टरनेटको जमानामा पुस्तकालयको के आवश्यकता ? नेट खोल्यो, मोवाइलमा आउँछ भन्ने गलत धारणा स्थानीयमा छ। यसले पनि होला पुस्तकालय, विद्यालय अवका दिनमा ओझेल पर्ने पो हुन कि भन्ने लाग्छ। परीक्षा त अनलाईनबाट गरे गराएपछि पढाइको स्तर कता गयो भन्ने बुझ्न सकिन्छ। हिजोआज जुनसुकै तहका विद्यार्थीहरूमा पनि अध्ययन संस्कृति घटेको पाइन्छ। टुपी बाँधेर पढ्नु भन्ने कथन त उहिलेको भइसक्यो। त्यसरी पढ्नेहरूको लागि पुस्तकको आवश्यकता कति थियो भन्ने उनीहरू बुझ्दथे। तर आज त परीक्षामा कोही फेल नै हुदैन किन मेहेनत गर्ने भन्ने गलत बुझाइ बढेको छ। रातदिन मोवाइल खेलाएपछि किन किताब पल्टाउने, किन ओराली उकाली भोकै तिर्खै भएर विद्यालय जानु आउनु। अनलाईनको परीक्षा भनेको हाम्रो जस्तो अल्पविकसित देशमा सबै ठाउँमा इन्टरनेट नपुगेको, पुगेको ठाउँमा पनि नेट सञ्चालन गर्न पूर्णता मानिसमा नभएको समयमा हिड्न नजान्नेको लागि दौडिन लगाएजस्तो हुन्छ। तसर्थ नेपालमा जेजस्तो अबस्थामा त्यस्ता सार्वजनिक तथा सामुदायिक पुस्तकालय रहेका छन्। यसलाई बचाइँ राख्नको लागि अन्य एकै ठाउँ रहेको पुस्तकालयलाई यसैमा समावेश गराई सञ्चालन गर्दा राम्रो हुने देखिन्छ। विकसित देशहरू अमेरिका, यु.के., जर्मन, जापान, चीन इत्यादि देशहरूले नेटको गति तिब्र छ। सवै ठाउँमा पहुँच पुगेको छ र पनि सार्वजनिक पुस्तकालयको व्यवस्था राम्रो देखिन्छ। नेट मोवाइलले हुन्थ्यो भने ती पुस्तकालयहरू सबै ध्वस्त हुनुपर्ने तर अझ व्यवस्थित गरिएको देखिन्छ।

**ताप्लेजुङ जिल्लामा सार्वजकि पुस्तकालयको अवस्था**

ताप्लेजुङ्ग जिल्लाको आफूले सामान्य अध्ययन गर्नुपर्‍यो भनेर २०७२-७३ मा जिल्ला अवलोकन गर्नेतर्फ निस्किए। जसको फल 'वर्षाको ताप्लेजुङ्ग डायरी' प्रकाशित भयो। करिब वर्ष दिन लगाएर त्यो बेलाका ५० गा.वि.सको पैदल यात्रा गर्दा यस्ता पुस्तकालयहरू कतै पाइएन। स्थानीयहरूसँगको विभिन्न किसिमका खोजीखबरी गर्दासमेत कसैले पुस्तकालयको बारेमा उचारणसम्म पनि गरेनन्। कस्तो विडम्बना। त्यो बेलाको गा.वि.स. हालको वडामा परिवर्तित भूभागमा न्यूनतम् ५ देखि ८-९ सम्म विद्यालय रहेका छन्। कक्षा १२ सम्मको अध्ययन गर्न कुनै दुःख, समस्या नभोगी घरमा बसी बसी अध्ययन गर्न वा उत्तीर्ण हुन सकिन्छ। तर पुस्तकालयको बारेमा कसैलाई मतलव भएको देखिदैन। विद्यालय, कम्पाउण्ड वा खेल मैदानको छेउछेउमा मादक पदार्थको वेचविखन हुन्छ। त्यहाँ रु. १०००।- (एक हजार) रूपैयासम्म छिनभरमा फाल्न तयार हुन्छन् तर अफसोस। पुस्तकालयको सदस्य, आजीवन सदस्यमा लाग्ने दस्तुर तिरेर बनौ भनेर सदस्य वनिदिन अनुरोध गर्दा यसतर्फ कसैको मन गएको पाइदैन। यसमा १ रूपैया झरल त ......... मरल हुन्छ। यसको व्यवस्था सरकारले गर्ने, विदेशीले गर्ने, हामी त भोग मात्र गर्ने भन्ने गलत बुझाइ छ। हामी पनि मिहिनेत गरौं। यसरी हाम्रो समाजमा आएका यस्ता संस्थाहरूलाई हामी आफैले संरक्षण गरौं, हाम्रो

कलाकौशल अरु विदेशलाई पनि दिन सकौं भन्ने सोंच नेपालीमा आउन अझै १०० वर्ष जति कुर्नुपर्छ कि भन्ने लाग्छ । आफूले कक्षा २ देखि पढ्न डेरा गरी बस्दा धान, मकै लगेर ओखलमा कुटेर आफै केलाई जंगलमा गएर दाउरा खोजी ल्याई खाना बनाई खाएर पढ्न जान्थे । कुनै समय भातको साटो मकै खाएर स्कुल जाने गरेको सम्झना ताजै छ । अहिले त्यो दन्त्य कथा हुन्छ । किताब नपाएर १ गा.वि.स.बाट अर्को गा.वि.स.मा पुगेर मागेर ल्याई २-४ दिन अध्ययनपछि फिर्ता गरिदिने चलन थियो । आफूमा भएको पुस्तक पनि साथीको त्यसैगरि पढ्ने चलन थियो । बाँसको भाटा, मकैको सुकेको ढोड दिनमा बटुलेर, रातमा बालेर, पढ्ने त्यो बेलाका हामी विद्यार्थी धेरै जीवितै छौं । किताबमा गाता लगाउने भन्थे र सरले किताब रक्षा गर्न सबैले गाता लगाउनु भनेर आदेश गर्नुहुन्थ्यो । हिजोआजको जस्तो गमको व्यवस्था थिएन । भातको माड लगाएर फाटेको किताब टाल्ने गरिन्थ्यो अनि किताबको महत्त्व हुन्थ्यो । आफूले पढिसकेको किताब हाफ दाममा बेचेर आफूलाई चाहिने किताब रकम थप गरेर किन्ने चलन थियो । त्योबेला किताब के हो कतिको महत्त्व छ भन्ने कुराले मन चाट्न सक्थ्यो । त्यही सम्झनाले यो गाउँका सर्वसाधारणले पुस्तकालयमा पुगेर हप्तामा १ दिन १ घन्टा मात्रै भएपनि अध्ययन गर्न सकून भन्ने पवित्र मनले पुस्तकालयको स्थापना गरिएको हो । आज बिजुली नपुगेको गाउँ नेपालमा विरलै होला । तथापी पढ्ने तर्फ रुची युवासमाजमा पाइदैन । अनि कसरी पुस्तकालयको संरक्षण र सञ्चालन हुन्छ ? समाजमा हेर्ने हो भने लागु पदार्थको सेवनले युवा समाज चुर्लुम्म डुबेको छ । यसको नियन्त्रण कसले गर्ने ? अनि कसरी पुस्तकालयको व्यवस्था हुन्छ ? नेपालको धेरै जसो विकासका भौतिक संरचनाहरू विदेशीले निर्माण गरिदिएको छ । देशमा सानो समस्या आयो विदेशसँग हात थाप्नै पर्छ । हामीले उपभोग मात्र गरेर स्वाभिमानी कसरी बन्न सकिन्छ ? नेपालको जुन भू भागमा पुगेर हेर्दा पनि विदेशीले बनाइदिएको, गरिदिएको मात्र देखिन्छ । पुस्तकालय पनि विदेशीले लगानी गरिदिएको हेर्दा भवन ठूलो, पुस्तकालय हजारौं हजार, कर्मचारी पनि विदेशका जस्तो देखिन्छ । केही ठाउँभन्दाबाहेक हामी आफैले बनाएको, स्थापना गरेको पुस्तकालयको अबस्था जहाँसुकै दयनीय अबस्थामा छ । जहा जो पनि कुनै विदेशी अनुदानको पर्खाईमा रहेको छ भन्ने लाग्छ । हामी किन सानो भन्दा सानो काम वा सहयोग पनि एक आपसमा मिलेर गर्न चाहँदैनौ । कसैले मुठी दान गऱ्यो भने मुरीदान गर्नुभयो भनेर प्रचार गरी सम्मानको आशय बोक्ने चलन हामीमा सधैं जीवित रहेको अनुभूति हुन्छ । अनि कसरी पुस्तकालयको विकास हुन्छ ?

**स्थानीयसंग गरिएको अर्न्तक्रिया**

ताप्लेजुङ जिल्लाभरी माथि भनिएझैं पैदल भ्रमण गर्दा नभेटिएको सार्वजनिक, सामुदायिक पुस्तकालय आफ्नो दृष्टि कमि भएको कारण नदेखेको, नभेटेको हो की भनेर सम्बन्धित जिल्लाका प्रभुत्व व्यक्तिहरू, जस्तो शिक्षा कार्यालय, पापुङ निवासी, समानुपातिक सभासद, पासाङ शेर्पा, जिल्ला प्रहरी कार्यालयका प्रमुख, भानु मा.वि. का प्र.अ. किशोर राई समेतसँग उपस्थिति भेट र फोन सम्पर्क गरी बुझ्ने कोसिस गर्दा सार्वजनिक सामुदायिक पुस्तकालय हाम्रो जिल्लामा छ भनेर सुन्नमा आएको छैन । त्यसमा पनि सम्बन्धित शिक्षा कार्यालयबाट नै कंचनजंघा सार्वजनिक पुस्तकालयको सम्बन्धन पत्र लिएको भनेर माथि नै भनी सकेको छ । त्यसको पनि वर्तमान कार्यरत कर्मचारीहरूको अनविज्ञ रहेकोले त्यसरी दिइएको पत्र पनि तत्काल माग्न आयो दिउ भनेर झारो टार्ने काम मात्र गरेको जस्तो लाग्छ । अव त स्थानीय तहले नै यस्तो सङ्घसंस्था स्वीकृति दिने भएकोले सुरक्षित रहला कि भन्ने आश भने बाँकी नै छ । स्थानीय तह मार्फत् सरकारले धेरैलाई सुविधा दिएको छ । जस्तोः बालपोषण भत्ता, ज्येष्ठ नागरिक, एकल महिला, अपांग, दलित, आदिवासी, मधेशी, मुस्लिम अन्य के के हो के के । तर शिक्षाको मेरुदण्डको रूपमा रहेको सार्वजनिक, सामुदायिक पुस्तकालयको व्यवस्थापन तर्फ सरकारको त्यति ध्यान गएको पाइदैन । यस्ता सार्वजनिक पुस्तकालयहरू सञ्चालनको निमित्त न्यूनतम नायबसुब्बा सरहको दक्ष कर्मचारीलाई सरकारको तर्फबाट सुविधा दिएर राख्नुपर्ने देखिन्छ ।

ताप्लेजुङको कुरा गर्दा जिल्लाभित्रका ठूला विद्यालय वा कलेजमा मात्र पुस्तकालय छ भन्ने बुझ्ने गरेका छन् । अन्य स्थानहरूमा यसरी पुस्तकालय छ भन्ने कसैको दिमागमा पसेको पाइदैन । सदरमुकाम फुङलिङ

बजारमा शारदा पुस्तकालय रहेछ । तर आगलागिपछि त्यो पनि लोप भयो भनेर बजारवासीहरू भन्छन् । पुस्तकालयको बारेमा समाजका अग्रजहरूलाई नै खासै चासो भएको पाइदैन ।

**कंचनजंघा सार्वजकि पुस्तकालय**

नेपालको सुदूर पूर्वोत्तर जिल्ला ताप्लेजुङमा पुस्तकालयको आवश्यकता, औचित्यलाई नियाल्दा समाजले त्यति बुझेको जस्तो लाग्दैन । जंगवीर सार्वजनिक पुस्तकालय नाम दिएर वि.सं. २०६९ साल असोज २९ गते एक पुस्तकालय स्थापना गरिएको थियो । पछि यसको नाम परिर्वतन गरी कंचनजंघा सार्वजनिक पुस्तकालय बनाइयो । यो जिल्ला शिक्षा कार्यालय ताप्लेजुङको मिति २०७०।१०।१५ च.नं. ६१३ को पत्र बमोजिम मिति २०७०।०९।२३ को बैठक निर्णयबाट अनुमोदित भएको हो । सार्वजनिक तथा शैक्षिक पुस्तकालयले दिने सेवा समेत प्रदान गर्ने गरी यसलाई गणेश माध्यमिक विद्यालयको एउटा एक कोठामा स्थापना गरिएको छ । आर्थिक वर्ष २०७४/०७५ मा शिक्षा मन्त्रालय सिंहदरवार, काठमाडौंबाट रु. २,००,०००।- (दुई लाख) बजेट समेत पुस्तकालयले प्राप्त गरेको थियो ।

जिल्ला सदरमुकामदेखि करिब १६ कोषको पूर्व उत्तरमा अवस्थित खेवाङमा स्थापना भएको कंचनजंघा सार्वजनिक पुस्तकालय नै जिल्लामा आजसम्मको प्रथम सार्वजनिक पुस्तकालय हो भन्ने लागेको छ । यहाँ व्यक्ति विशेषका पुराना पुस्तकालय पनि थिए । वि.सं.२०११/१२ सालतिर पशुपति+मोहन भन्ने पूर्वजहरूको संयुक्त पहलमा उनीहरूकै नामबाट एक दुई दर्जन पुस्तक सङ्कलन गरी पुस्तकालय स्थापना गरिएको थियो भनेर हिजोआज पनि सुन्नमा आउँछ । तर त्यसको कुनै प्रमाण पाइँदैन । यो कुनै एकादेशको दन्त्य कथा जस्तो भएको छ । स्थानीय जनताको चासो नहुँदा यस्ता, महत्त्वपूर्ण संस्थाहरू लोप भएका थुप्रै उदाहरणहरू छन् । विद्यालयमा पठनपाठनमा सहयोग पुगोस् भनेर स्थापना गरिएको मनराम पुस्तकालय पुस्तकालय पनि छ । तर स्थानीयले वास्ता नगर्नु अर्को विडम्बना हो ।

कंचनजंघा सार्वजनिक पुस्तकालय स्थापना गर्नुका लागि गरिएका पहल कदम पनि निक्कै महत्त्वपूर्ण छ । यो ठाउँबाट गइसकेको एक मानिसको पहलमा गरिएको यो व्यवस्था पनि निक्कै सङ्घर्षरत छ । पटक-पटकको काठमाडौंदेखि विभिन्न जिल्लाहरूमा पुगी खोजी सङ्कलन गरी पाँच छ हजार पुस्तक, पिठ्युँमा बोकेर, बोकाएर खान्दीम्बेबाट किलोको २५।- रूपैया प्रति के.जी. ज्याला दिएर पुऱ्याइएको थियो । यसमा सञ्चालन गर्नको लागि विद्यालय भवनकै एक कोठामा दिने भनेर तत्कालीन व्यवस्थापन समिति विद्यालयका प्र.अ. र पुस्तकालय समेतका त्रिपक्षीय समितिहरूको संयुक्त निर्णयले स्वीकृति प्राप्त छ । मन्त्रालयबाट न्यूनतम् व्यवस्थाको लागि २ लाख रकम पनि निकासा गरी गराइँ प्रारम्भिक चरणको तयारी गरिएको छ । विद्यालयमा अध्ययनरत कक्षा ११ सकेर १२ मा अध्ययन गर्ने मध्ये उत्कृष्ट एकलाई हौसला स्वरूप पुरस्कार दिन रु. १,६५,०००।- (एक लाख पैसठी हजार) अक्षय कोषको स्थापना गरिएको छ । त्यसको व्याजबाट पुरस्कार वितरण गर्ने व्यवस्था छ । सोही विद्यालयमा अध्ययनरत विद्यार्थी संस्था ५।६ सयको हाराहारीमा भएकोले पढ्न इच्छुकलाई यो पुस्तकालयले केही सेवा पुऱ्याएको छ । विद्यालयको वरिपरि वाक्लो वस्ती र पढेलेखेका समाज पनि छ । तर त्यो समाजको चासो कमाउँ धन्दामा मात्रै केन्द्रित भएको पाइन्छ । पुस्तकालयतर्फ खासै चासो गरेको पाइदैन ।

पुस्तकालयको विधानमा विद्यालयको प्र.अ.प्रमुख सल्लाहकार र शिक्षकमध्येबाट एक शिक्षक सदस्य सचिव रहने छ व्यवस्था परिच्छेद ३ को देहायको दफामा व्यवस्था गरिएको छ । दिनको एकघन्टा मात्र पुस्तकालय खोलेर अध्ययन गर्न चाहनेहरूलाई समय दिएवापत अक्षयकोषको व्याँजबाट पुरस्कार पछि बचेको रकम पुस्तकालयमा काम गर्ने कर्मचारीलाई दिने निर्णय गरिएको छ । पुस्तकालय सञ्चालनको लागि स्थानीय जनसमुदाय तथा विद्यालयको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । विद्यालयले थोरै माया गरेको अनुभूति हुन्छ । गाउँपालिका, प्रदेश मन्त्रालय र केन्द्रीय सरकार ज जसले यो पुस्तकालय तथा यस्तै सङ्घसंस्थाको लागि रकमको व्यवस्था गर्नुपर्ने हो त्यसतर्फ सम्बन्धित निकायले चासो राखी व्यवस्था गर्ने र जनसमुदायले पनि पुस्तकालय हाम्रै लाखि खुलेको हो भन्ने बुझेमात्र पुस्तकालयले स्थायीत्व प्राप्त गर्ने देखिन्छ ।

# कारागारमा राष्ट्रिय पुस्तकालय अभियान



✍ हरिप्रसाद खनाल




२०७७ साल कार्तिकबाट शुरु भएको राष्ट्रिय पुस्तकालय अभियान अन्तर्गत अहिलेसम्म चारवटा कारागार पुस्तकालयहरू सञ्चालनमा रहेका छन् । २०७७ कात्तिक ३० गते कारागार कार्यालय कपिलवस्तु, ०७७ पौष ५ गते कारागार कार्यालय अर्घाखाँचीमा पुस्तक हस्तान्तरण, ०७७ पौष ११ गते कारागार कार्यालय नवलपरासी (पश्चिम) तथा २०७७ माघ १० गते कारागार कार्यालय म्याग्दीमा कारागार पुस्तकालय स्थापना गरेको छ ।

साथै यसबाहेक बिगत ३ महिनादेखि साप्ताहिक रूपमा कैदीहरूका लेख तथा रचनाहरू "साहित्य पोष्ट" नामको अनलाइन पत्रिकासँगको सहकार्यमा प्रकाशन गरिरहेको छ । अहिलेसम्म स्थापना भएका कारागारमा करिब १००० पुस्तक रहेका छन् ।

राष्ट्रिय पुस्तकालय अभियानले कारागार भित्र लेखन प्रतियोगिता पनि आयोजना गरिरहेको छ, जस अन्तर्गत भर्खरै लुम्बिनी प्रदेशका कारागारभित्र आयोजना भएको प्रतियोगितामा शालिकराम रेउले प्रथम, इन्द्र पुन द्वितीय तथा नवीन क्षत्रीले तृतीय स्थान हाँसिल गर्नु भएको थियो । उहाँहरू कारागार कार्यालय तुलसीपुर, कारागार कार्यालय बाग्लुङ तथा कारागार कार्यालय तुलसीपुरभित्र क्रमशः हुनुहुन्छ ।

# जाजरकोटको बौद्धिक अध्ययन केन्द्र



✍ **अमृता अधिकारी**
पुस्तकालय अधिकृत
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौं ।

नेपालमा प्रथम पुस्तकालयको स्थापना वि सं १८६९ भदौ १५ गते तत्कालीन राजा गिर्वाणयुद्ध वीर विक्रम शाहको पालामा भएको प्रमाणिक इतिहास छ। पुस्तकालयमा सँग्रहित पाठ्यसामग्री, यसको मातृसंस्था तथा यसका पाठकहरूका आधारमा पनि पुस्तकालयलाई विभिन्न भागमा वर्गिकरण गर्न सकिन्छ। सबै प्रकारका पुस्तकालयको अन्तिम लक्ष्य जीवनपर्यन्त पढ्ने, सिक्ने नेतृत्व विकास गर्ने, कला संस्कृतिको विकास सम्बर्द्धन तथा प्रबर्द्धन गर्ने रहेको छ। समाजको सर्वाङ्गीण विकासका लागि परम्परागत तथा मौलिक ज्ञान, सिप र प्रविधिहरूको संरक्षण, प्रबर्द्धन एवम् विकास गर्ने एक सशक्त माध्यम पुस्तकालय हो।

सार्वजनिक पुस्तकालयलाई जनताको विश्वविद्यालय पनि भन्ने गरिन्छ। सार्वजनिक पुस्तकालय राज्यले जनताका लागि खोलिएको पुस्तकालय हो। जहाँ पुस्तकालय प्रयोग गर्नलाई कुनै पनि आधारमा भेदभाव गरिदैन। पुस्तकालय खोल्ने र बन्द हुने समय समेत पाठकको सहजता र अनुकूलतालाई मध्यनजर गरी निर्धारण गरिएको हुन्छ। सार्वजनिक पुस्तकालय हरेक स्थानीय निकायका अभिन्न अङ्गको रूपमा लिइन्छ।

नेपालमा ७०० सार्वजनिक पुस्तकालय हरू रहेका छन्। तर यो तथ्याँक नेपालमा रहेका सार्वजनिक पुस्तकालयको आधिकारिक तथ्याँक भने होइन। यस्ता तथ्याङ्कको सङ्कलन र एकीकृत पुस्तकालयको अवधारणाको कार्यान्वयन भएको छैन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेको पुस्तकालय समन्वय तथा अभिलेख शाखाबाट पटक पटक नेपालभित्र रहेका सार्वजनिक पुस्तकालयहरूको एकिकृत तथ्याँङ्क सँकलन गर्ने प्रयास भएको भएता पनि नाम मात्रका पुस्तकालयहरू सम्पर्कमा आउने तर सँचालनमा रहेका पुस्तकालयहरूको विवरण प्राप्त नहुने अबस्था रहेको, श्रोत साधन र जनशक्तिको अभावमा तथ्याङ्क सङ्कलनमा समस्या आउने भएकोले वास्तविक रूपमा नेपालमा सार्वजनिक पुस्तकालयको अबस्था के कस्तो रहेको छ, सोको यथार्थ तथ्याँकको लागि थप मेहेनत गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

**बौद्धिक अध्ययन केन्द्र**

पुस्तकालय अधिकृत भएता पनि करिब १ बर्ष शिक्षा विकास तथा समन्वय इकाइ जाजरकोटको इकाइ प्रमुखको रूपमा कामकाज गर्ने अवसर प्राप्त भयो। सो अवधिमा जाजरकोट जिल्लामा स्थापना भएको सार्वजनिक पुस्तकालयहरूको अध्ययन र अवलोकन भ्रमण गर्ने अवसर प्राप्त भयो। सो मध्ये बौद्धिक अध्यन केन्द्र जाजरकोट पनि एक हो। सामाजिक लोकतन्त्र अध्ययन केन्द्र जाजकोटको २०७७ भदौ ७ गते बसेको बैठकले अहिलेसम्म जिल्लामा समग्र विषयको पुस्तकालय नभएको र कुनैपनि विषयको अध्ययन गर्दा आवश्यक सामग्री नपाइने गरेको समस्यालाई मध्यनजर गरी पुस्तकालय स्थापना गर्ने निर्णय गरेको थियो। सामाजिक लोकतन्त्र अध्ययन केन्द्रको स्वामित्वमा रहने गरी जाजरकोट जिल्लाको सदरमुकाम खलंगाको ठाँटी बजारमा पुस्तकालय राख्ने निर्णय

भएको थियो । उक्त बैठकमा जिल्लामा रहेका विभिन्न क्षेत्रका प्राज्ञिक व्यक्तिहरू, राजनितिक दलका नेता कार्यकर्ताहरू, विद्यार्थीहरू र अध्ययनमा रुचि भएका सबै नागरिकहरूलाई सेवा पुर्याउने उद्देश्यले पुस्तकालय स्थापना गर्न लागिएको हो । उक्त पुस्तकालय केन्द्रका संयोजक जनक के सी को अग्रसरतामा स्थापना गर्ने निर्णय भएको हो ।

वि सं २०७७ भदौ ७ गतेको सामाजिक लोकतन्त्र अध्ययन केन्द्रको निर्णायानुसार वि सं. २०७७ पुष १६ गते ४४ औं राष्ट्रिय मेलमिलाप दिबसको अबसर पारेर पुस्तकालय स्थापना गरिएको छ । पुस्तकालयमा नेपाल र विश्वको राजनीति, नेपालका राजनैतिक पार्टीका कृषि अर्थ परराष्ट्र नीतिहरूका साथै उनीहरूको बिचार सिद्धान्तहरू समाजवाद, साम्यवाद, जनबाद लगायतका विषयमा लेखिएका पुस्तक तथा सामग्रीहरू विभिन्न क्षेत्र सफल व्यक्तिहरूका जीवनीहरू नेपाल र छिमेकी देशको कला साहित्य भाषा सँस्कृति भुगोल इतिहास, अर्थशास्त्र सँग सम्बन्धित जम्मा १४ सय पुस्तकहरूको सङ्कलन गरेर राखिएको छ । अध्ययन केन्द्रका कर्णाली प्रदेश अध्यक्ष ईलमबहादुर शाही र नेपाली कांग्रेस, जाजरकोटका पूर्व सभापति सनत कुमार कार्कीले सदरमुकाम खलंगामा संयुक्त रूपमा पुस्तकालयको उद्घाटन गरेका हुन् । पुस्तकालय स्थापनाको मुख्य उद्देश्य 'लोकतन्त्र र लोकतान्त्रिक प्रणालीको संरक्षण र सर्बद्धन गर्नु हो ।

पुस्तकालय स्थापना गर्न दाताहरूले गरेको जम्मा सहयोग रकम ३ लाख ६३ हजार ५ सय ३२ रूपैयाबाटै २ लाख ९६ हजारको पुस्तकहरू खरिद गरिएको थियो । बाँकी रहेको रकमबाट घर भाँडा, कार्यालयका कुर्सी टेवुल लगाएतका काममा खर्च गरिएको थियो । उक्त पुस्तकालयको आजीवन सदस्यता बन्नका लागि ५ हजार शुल्क र साधारण सदस्यले बार्षिक ५ सय शुल्क लिने व्यवस्था गरिएको छ ।

सरकारी तवरबाट कुनै पनि अनुदान तथा सहयोग नभएको भए तापनि स्थानीय बुद्धिजिविहरूको प्रयास र मेहेनतबाट पुस्तकालय स्थापना भएको देखिन्छ । यसको लागि श्रोत व्यवस्थापन समेत सङ्कलन गरिएको तर यसको दिगो व्यवस्थापन र सञ्चालनमा भने कठिनाइ रहेको बुझिन्छ । संयोजक जनक के सी ले समेत पुस्तकालय सञ्चालनको लागि न्यूनतम पारिश्रमिक दिएर कर्मचारी व्यवस्थापन भएको र सो को व्यवस्थापन भविष्यमा कसरि गर्न सकिन्छ भन्ने चिन्ता रहेको कुरा पटक पटकको भेटमा बताउने गरेका थिए ।

विश्व जगतमा पुस्तकालय विधा एक सम्मानित विधाको रूपमा रहेको देखिन्छ । तर नेपालमा पुस्तकालय विधा र सो सँग सम्बन्धित जनशक्तिलाई हेर्ने नजर सम्मानित हुन सकेको देखिँदैन । सोहि कारण नेपालमा पुस्तकालय क्षेत्रमा अति न्यून बजेट भएको पाइन्छ । उक्त बजेटबाट ऐतिहाँसिक र समसामयिक पुस्तकालय सामग्री खरीद र सोको दिगो व्यवस्थापन गर्न कठिन हुने गर्दछ । राज्यको नेतृत्व तह तथा नीति निर्माण तहमा पुस्तकालयको महत्त्व नबुझेको जस्तो देखिन्छ । यसको उदाहरण राष्ट्रिय पुस्तकालयको जमलमा बन्नुपर्ने भवनलाई लिन सकिन्छ । यस भवनको निर्माण प्रक्रियामा उच्च राजनैतिक तवर तथा नीति निर्माण तहबाट सकारात्मक भूमिका निर्वाह हुन नसकेको कारण भवन निर्माण कार्य अलमलमा मात्र परेको होइनकी निर्माण स्थलको जग्गा उपलब्ध हुन सक्ने कुरामा समेत शंका गर्न सकिन्छ ।

हाल नेपालमा ७ वटा प्रदेशसहित ७५३ वटा स्थानीय तहहरू रहेका छन् । नेपालमा सबै प्रदेश र स्थानीय तहमा कम्तीमा एक पुस्तकालय र सो को बैज्ञानिक व्यवस्थापनको लागि पुस्तकालय क्षेत्रको ज्ञान भएका न्यूनतम कर्मचारीहरूको व्यवस्थापन सामाजिक र पठन संस्कृतिको विकासको लागि अपरिहार्य आवश्यकता हो । तथापि ७ वटै प्रदेशमा प्रदेश पुस्तकालय रहेको छैन । उक्त ७ वटै प्रदेशका कुनै मन्त्रालयहरूमा समेत पुस्तकालय कर्मचारीको दरबन्दी समेत दरबन्दी संरचनामा राखेको देखिँदैन । साथै पुस्तकालयको स्थापना विकास र सञ्चालनको लागि बजेट व्यवस्था समेत भएको पाँइदैन । यस्तै स्थानीय तहहरूले समेत पुस्तकालय स्थापना सञ्चालन व्यवस्थापन र विकासमा ध्यान पुर्याएको पाँइदैन ।

# गुल्मीको किरण पुस्तकालय : एक संक्षिप्त परिचय



✍ **चनकबहादुर कुँवर**
सचिव, किरण पुस्तकालय व्यवस्थापन समिति

आजभन्दा पाँच दशकपूर्व वि.सं. २०२५ सालमा गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा किरण पुस्तकालयको स्थापना भएको थियो । त्यो बेला तानसेन, पाल्पाबाट दुई दिन पैदल हिंडेर पुगिने तम्घासमा मोटरबाटो खन्ने सुरसार नै थिएन, बिजुली बत्ती र टेलिफोनको कल्पना पनि गरिएको थिएन । साक्षरता प्रतिशत अत्यन्त न्यून थियो । पुस्तक पसल चलेका थिएनन् । पुस्तक किन्न, खोज्न पाल्पा, काठमाडौं, बनारस, गोरखपुर जानु पर्ने हुन्थ्यो । प्रेस थिएनन् । पत्रिका छापिन्नथे । एस्.एल्.सी.को रिजल्ट हेर्न पाल्पा, काठमाडौंमा बस्ने जिल्लाका मान्छेहरूलाई गोरखापत्र हेर्न लगाएर आ.वा. (आकाशवाणी) गरी सोध्नुपर्थ्यो । यस्तो अवस्थामा तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायत वडा नं. १ मा रहेको पं.देवीदत्त पन्थीको गाईगोठको एउटा कोठामा समाजमा शिक्षाको आलोक फैलाउने उद्देश्यले किरण पुस्तकालयको स्थापना रेसुङ्गा बहुमुखी क्याम्पसका पूर्व क्याम्पसप्रमुख प्राध्यापक श्री शशि पन्थीको अग्रसरतामा भएको थियो ।

किरण पुस्तकालयको स्थापना भएपछि दैनिक नियमित रूपमा पुस्तकालय खुल्न थाल्यो । पुस्तकहरू जम्मा गर्ने काम भयो । जम्मा गरेका पुस्तकहरू जसले चाहे पनि विना भेदभाव पढ्न दिन थालियो । पत्र-पत्रिकाहरू पढ्न पाइने व्यवस्था भयो । सदरमुकामका शिक्षक, कर्मचारी, विद्यार्थीहरू पुस्तक, पत्र-पत्रिका पढ्न आउँदा भीडभाड बढ्यो । ठाउँ साँगुरो भयो । सबैलाई पायक पर्ने सुगम स्थान र घरको खोजी भयो । गुल्मी इण्टर कलेजका प्राचार्य, प्राध्यापक र स्थानीय प्रशासनको सहमतिमा जिल्लाको प्रशासकीय भवन अगाडि पुस्तकालयकै प्रयोजनका निम्ति निर्मित एक तले पक्की भवनमा (हाल जिल्ला खेलकूद विकास समितिको खेलकूद भवन रहेको स्थानमा) पुस्तकालयलाई स्थानान्तरण गरियो र २०२८/०५/०३ मा प्रमुख जिल्ला अधिकारी कार्यालय शिक्षा शाखा गुल्मीबाट यसलाई सञ्चालन गर्ने अनुमति प्राप्त भयो । २०२९/०६/१९ मा जिल्ला शिक्षा अधिकारी कार्यालय पाल्पाबाट यसले स्थायी स्वीकृति प्राप्त गरेको हो । तत्कालीन श्री ५ को सरकार र हालको नेपाल सरकारको परिवर्तित नीति-नियमअनुसार किरण पुस्तकालयले समय-समयमा जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालयमा दर्ता गराई स्वीकृति लिई अभिलेखीकरण र नवीकरण गर्दै गराउँदै आइरहेको छ ।

गाईगोठको एउटा कोठाबाट शुरु गरिएको किरण पुस्तकालयले आधा शताब्दीको उमेर पार गरी स्वर्ण-जयन्ती मनाइसकेको छ । आज यो पुस्तकालय गाईगोठ, एकतले भवन, दुई तले भवनबाट विकसित र विस्तारित हुँदै पक्की ४ तले भव्य भवनमा सञ्चालन हुन थालेको छ । नेपाल सरकार राष्ट्रिय पुनःर्निर्माण प्राधिकरणको सहयोगमा हालको नयाँ भवन निर्माण गरिएको हो । पुस्तकालयको नाममा १३ आनाभन्दा बढी जग्गा रहेको छ । जिल्ला समन्वय समितिको सामुन्नेमा लाँकुरी मञ्चअगाडि नेपाल रेडक्रस सोसाइटी र बालमन्दिरको बीचमा किरण पुस्तकालयको नयाँ भवन निर्माण गरिएको छ । यो स्थान रेसुङ्गा नगरपालिकाको वा.नं. ८ मा रहेको छ ।

पुस्तकालय गैरनाफामूलक, जनहितकारी, समुदायको सहयोगमा सार्वजनिक रूपमा सञ्चालित विशुद्ध

शैक्षिक, साहित्यिक, सामाजिक, स्वशासित र संगठित संस्था हो। यस पुस्तकालयको आफ्नै विधान छ। यसै विधानअनुसार यसको सञ्चालन गरिन्छ। पुस्तकालयका सवा सयभन्दा बढी संरक्षक, विशिष्ट र आजीवन सदस्यहरू छन्। यी सबै पुस्तकालय सभाका सदस्य हुन्छन्। पुस्तकालय सभा पुस्तकालयको सर्वोच्च अङ्ग हो। यसैबाट ९ सदस्यीय पुस्तकालय व्यवस्थापन समिति गठन गरिन्छ। वार्षिक आय-व्ययक बनाउने, लेखापरीक्षणको प्रतिवेदन पारित गर्ने, विधान संशोधन गर्ने जस्ता सभाका मुख्य कार्यहरू हुन् भने पुस्तकालयको दैनिक सञ्चालन गर्ने जिम्मेदारी व्यवस्थापन समितिको हो। पुस्तकालय सभाप्रति उत्तरदायी हुने गरी व्यवस्थापन समितिले कार्य गर्दछ।



**किरण पुस्तकालयको नवनिर्मित भवनको पूवी मोहडा**

यस पुस्तकालयमा दश हजारभन्दा बढी पुस्तकहरूको संग्रह छ। नेपाली, संस्कृत, अंग्रेजी र हिन्दी भाषाका विविध विषयका समाज उपयोगी पुस्तकहरू यहाँ संङ्कलन गरिएका छन्। जो सुकैले पनि निःशुल्क पढ्न पाउने विभिन्न पत्र-पत्रिकाका रहेको वाचनालयको व्यवस्था छ। पुस्तकालयमा बसेर पुस्तकहरू पनि निःशुल्क पढ्न पाइन्छ। घरमा लैजानका निम्ति भने रकम डिपोजिट राख्नु पर्ने र सदस्यता लिनु पर्ने व्यवस्था छ। पुस्तकालयको दैनिक सञ्चालन गर्नका लागि दुई जना स्वयंसेवी ग्रन्थपाल र सहायक ग्रन्थपाल राख्ने गरिएको छ।



**किरण पुस्तकालयको नवनिर्मित भवनको दक्षिणी मोहडा**

यस पुस्तकालयमा आदिकवि भानुभक्त आचार्य, युवक कवि मोतीराम भट्ट, महाकवि लक्ष्मीप्रसाद देवकोटा र कविशिरोमणि लेखनाथ पौडेलका जन्मजयन्तीहरू प्रत्येक वर्ष नियमित रूपमा विविध कार्यक्रमहरूको आयोजना गरी मनाउने गरिएको छ। समय-समयमा अन्य साहित्यिक र साँस्कृतिक कार्यक्रमहरू पनि हुने गरेका छन्। स्थानीय, जिल्ला, अञ्चल, क्षेत्र, प्रदेशस्तरीय भाषिक र साहित्यिक गोष्ठीहरू यस पुस्तकालयले विगतमा सञ्चालन गरेको थियो। भविष्यमा पनि यस्ता कार्यक्रमहरू गरिरहने यस पुस्तकालयका लक्ष्यहरू छन्। यस पुस्तकालयले प्रत्येक वर्षको मोती जयन्तीमा गुल्मीमा जन्मेर साहित्य साधना गर्ने एक स्रष्टालाई प्रमाणपत्रसहित रु. ५ हजारको जानकी साहित्य पुरस्कार प्रदान गर्ने गरी कोषको व्यवस्था गरेको छ।

किरण पुस्तकालयको नाममा रु. दश लाखको अक्षय कोष खडा गरिएको छ। अक्षय कोषको ब्याज, पुस्तक तथा पत्र-पत्रिका बिक्री, विज्ञापन, घरभाडा, सदस्यता शुल्क, अन्य दानदातव्य र सरकारको पटके सहयोग यस पुस्तकालयका मुख्य आयस्रोतहरू हुन्।

यस पुस्तकालयले डेढ दर्जनभन्दा बढी ऐतिहासिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, साहित्यिक र अनुसन्धानात्मक कृतिहरूरू प्रकाशित गरेको छ । त्यस्तै यस पुस्तकालयले २०३० सालदेखि “हाम्रो पुरुषार्थ”, नामक साहित्यिक पत्रिका पनि छाप्ने गरेको छ । शुरुमा वार्षिक, २०३६ देखि अर्धवार्षिक र २०७० देखि त्रैमासिक रूपमा निकाल्दै आइरहेको उक्त पत्रिकाका हालसम्म ९० अङ्क प्रकाशित भइसकेका छन् । यसका विभिन्न विषयका एक दर्जनभन्दा बढी विशेषाङ्क निस्केका छन् । तीमध्ये एउटा पुस्तकालय विशेषाङ्क पनि निस्केको छ । यस पत्रिकालाई प्रेस काउन्सिलद्वारा राष्ट्रिय स्तरको ‘क’ वर्गको साहित्यिक पत्रिकामा वर्गीकरण गरिएको छ ।

विभिन्न संघ-संस्थाबाट किरण पुस्तकालय पुरस्कृत भएको छ । यहाँबाट प्रकाशित ‘हाम्रो पुरुषार्थ’ र त्यसका सम्पादकलाई पनि विभिन्न संस्थाहरूले पुरस्कृत गरेका छन् । हाम्रो पुरुषार्थका स्वदेश र विदेशमा गरी १००० भन्दा बढी आजीवन र स्थायी ग्राहकहरू छन् । यस पत्रिकालाई किरण पुस्तकालयको वेभसाइट www. kiranpustakalaya.com मा इन्टरनेटको सुविधा भएको संसारको जुनसुकै ठाउँबाट जोसुकैले पनि निःशुल्क पढ्न पाउँछ ।

आधाशताब्दी भन्दा लामो समयदेखि सञ्चालनमा आइरहेको किरण पुस्तकालय नियमित आर्थिक स्रोतको अभावमा चाहे जस्तो अवस्थामा सञ्चालन हुन सकिरहेको छैन । स्वयंसेवकहरूको सहयोगमा सधैं चल्न सक्दैन । जति यसको आकार बढ्दै छ र सेवाका क्षेत्रहरू फराकिला हुँदैछन् त्यति नै यसको दैनिक सञ्चालनका चुनौतीहरू थपिंदै छन् । दक्ष जनशक्तिको अभाव छ । सीमित जनशक्तिबाट यसको विकास हुन सक्दैन । संघीय सरकार, प्रादेशिक र स्थानीय सरकार बनेर पनि यस्ता पुस्तकालयहरू कसले सञ्चालन




.......... हाम्रो पुरुषार्थको ९०औं अंक

गर्ने हो भन्ने कुरा अझै स्पष्ट भएको छैन । केन्द्र र प्रदेशका सरकारले नहेरे पनि स्थानीय सरकारले निश्चित नीति निर्माण गरी सञ्चालनको दायित्व वहन गर्नु पर्ने आजको आवश्यकता हो । कसैले उत्तरदायित्व वहन नगर्ने हो भने यस्ता पुस्तकालयहरू विलाएर जाने अवस्था आउन सक्छ । यस वर्ष चौधौं पुस्तकालय दिवसको अवसरमा निर्धारण गरिएको ‘‘सबल समाजको आधार : सार्वजनिक पुस्तकालयकोविकास र विस्तार’’ भन्ने आदर्श वाक्यलाई सार्थक तुल्याउने गरी नेपाल सरकारका सबै निकायहरूले आ-आफ्नो कार्यक्रममा पुस्तकालय विकासका लागि निश्चित नीति र बजेटको व्यवस्था गर्नु अति नै आवश्यक छ । यसमा तीनै तहका सरकारको ध्यान आकृष्ट होस्भन्ने हाम्रो चाहना छ ।

# श्रेयांस पुस्तकालय ब्रह्मस्थल खप्तड छान्ना बझाङ्ग



✍ बिष्णु प्रसाद खत्री (पौडेल)

ॐ भूभूर्वःस्वःमहाँसरस्वतै च बिद्‌मही
सर्व शक्तैच धीमही तन्नोवाणी प्रचोदयात् ॥

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता ।
या बीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥
या ब्रह्माच्युतशङ्करप्रभृतिभीर्देबैः सदा बन्दिता ।
बन्देताम परमेश्वरी भगवती बुद्धि प्रदाम् शारदे ॥

सरस्वती महादेबि ज्ञानमार्गप्रदर्शिनी ।
ज्ञानवन्तं कुरुष्व त्वमबिलम्बञ्च सर्वतः ॥

बुद्धि, बिद्या, ज्ञानकी अधिष्टात्री श्री सरस्वती मातामा सदादीन ढोग गर्दछु। सरस्वतीको प्रत्यक्ष बरदानको रूपमा वेद, पुराण, श्रुती-स्मृती, शास्त्रहरू लिपीवद्ध ग्रन्थहरू, लेख रचनाहरूका किर्ती,अनुसन्धान र आविष्कारका पुस्तकहरू, श्रुती-स्मृतीहरूको सङ्कलन, संग्रह र ब्यवस्थापन गर्ने संस्थालाई नै पुस्तकालय भनिने गरिएको छ। पुस्तकको भण्डार नै पुस्तकालय हो। पुस्तकालय भनेको यस्तो राष्ट्रिय सम्पदा हो जो बिश्व संस्कृति र सभ्यताको गौरव गाथा झाँङ्गीएर झल्की रहन्छ।

प्राचिन कालमा बिद्या पढ्न काँशी जानु भन्ने गर्थे। काशी नरेश स्वर्गीय बिभुती नारायण सिंह बिद्वान र शास्त्र अनुरागी थिए। उहाँले नेपालका राजासँग आग्रह गरी नेपालको राष्ट्रिय पुस्तकालयमा रहेको मानसखण्डको हस्तलिखीत प्रतिलिपी लिएर आफुसँग भएको खण्डीत मानसखण्ड ग्रन्थलाई अद्यावधिक गरेको कुरा आर्चाय गोपालदत्त पाण्डेले पहिलो पटक मानस खण्ड हिन्दी भाषामा अनुवाद गरी बनारसवाट बि.सं.२०४५ फागुन १२ गते प्रकाशन गरेको प्रस्तावनामा उल्लेख गर्नु भएको छ। यो मानसखण्ड आर्चाय गोपालदत्तज्यू जस्तै अनुसन्धान जिज्ञासु पण्डित लक्ष्मीचन्द्र जोशी र पं. तारादत्त पन्त कुमाउ समेतको सत्प्रयासले यो हस्तलिखीत मानस खण्ड बझाङ्ग थलारा दुवाँली गाँउका ज्योतिष कालु जोशीले शाके १७६२ आश्विनमा लेखेको उल्लेख छ। कालान्तरमा उन्को शाखासन्तान पिथौरागढमा काम बिशेषले उपरोक्त पन्त र जोशीसँग घनिष्टता सम्पर्क भै घरबाट ल्याएर दिएको हुन सक्छ। उहाँहरू मार्फत् प्राप्त यो हस्तलिखीत पुस्तक गोपालदत्त पाण्डेज्यू लगायत अनेकौ अनुसन्धानकर्ता विज्ञ जिज्ञासु विद्वानहरूले कलकत्ता, काशी, कुमाउ, नैनीतालमा प्राप्त प्राचिन हस्त लिखित मानस खण्ड मध्ये बढि उत्तम ठहरिएर आर्चाय गोपाल दत्त पाण्डेले पं. नित्यानन्द गुठी बनारसवाट बि.सं १९४५ फागुनमा हिन्दी भाषामा अनुवाद गरी थोरै सङ्ख्यामा प्रकाशन भएको थियो। पुनःप्रकाशन हुन नसकी सर्वसुलभ थिएन।

यस्तै पुस्तकालय महत्त्वको प्रसंगमा मोहोमद गजनीले हिन्दुस्थान माथि सत्रौं पटक आक्रमण गर्दा तत्कालीन नालन्दा विश्वविद्यालयको पुस्तकालय जलाई हिन्दुहरूका अमुल्य ग्रन्थहरू छ महिनासम्म जल्दै रहे भन्ने भनाई छ। त्यसैले हिन्दुहरूमा कतिपय पौराणीक ग्रन्थहरू अझै प्राप्त छैनन् भन्ने दिग्गज बिद्वान जगतको गुनासो र मत छ। यसबाट पुस्तकालय कति महत्त्वपुर्ण हुदो रहेछ भन्ने दुवै पक्षको चिन्तन तथा बिचारधाराको निम्ती कति सकारात्मक र कति नकारात्मक महत्त्व राख्ने रहेछ भन्ने बिद्वत वर्गले बुझेका हुन्छन् र बुझ्दै जान्छन्।

यी सबै महत्त्वलाई दृष्टिगत गरी सुदूरपश्चिम प्रदेशको विकास निर्माण तथा शिक्षा क्षेत्रमा पिछडिएको जिल्ला बझाङ्गको खप्तड छान्ना क्षेत्रमा शिक्षा, संस्कृती र

चेतनाको ज्योती जगाउन हालै बि.सं २०७६ सालमा श्रेयाँसं पुस्तकालय खोलिएको छ । यसलाई सुसञ्चालन गर्न नयाँ पक्की पुस्तकालय भवन दुईतले निर्माण भै कार्य सञ्चालनमा आउदै छ। पुस्तकहरू कतिपय सङ्कलन भएका छन् र तिनलाई राख्ने र्‍याक, दराज, केही यसैसालमा जडान भैसकेको छन् । अझै भवन तयार भए पछि सबै ब्यवस्थित हुँदै जाने छ। यसको बिधान बनाई गाँउपालिकावाट स्वीकृती लिई उपल्लोस्तरमा स्वीकृती र सहायताका प्रयास र प्रक्रिया चालु छन्। यसलाई दैनिक कार्यसञ्चालन गर्न पुस्तकालय कार्यकारी प्रमुख नियुक्ति गरिएको छ। यो नवजात पुस्तकालय सुसञ्चालन गर्न आफ्ना आफ्नोस्तरबाट सहयोग गरिदिनु हुन आग्रह छ ।

यो पुस्तकालयको शुरुवात कसरी भयो होला भन्ने जिज्ञासा सम्वन्धित सरोकारवालालाई हुन सक्छ। यस्को प्रसंग यस प्रकार छ ।

बि.सं २०७२ पौष १० गतेको दिन यो पौडेल परिवारमा ठुलो बज्रपात पर्‍यो। हाम्रो होनहार नाती श्रेयांस प्रसाद २० बर्षको कलिलो युवा अवस्थामा, द्वितीय बर्ष इन्जिनियरिङ्ग पढ्दै गर्दा बुढानिलकण्ठ स्कुल पढ्दाका घनिष्ट चारजना साथीहरू बिदामा आई पुर्नमिलनमा रमाईलो गर्दै फुलचोकीमा हाईकिङ्गमा गएका थिए। फर्कदा अँध्यारो भै बाटो बिराएर जङ्गलतिर लागेछन् । त्यहाँको भिरबाट खसेर चट्टानमा परि २०७२।०९।१० गते आकस्मीक निधन भएकोले हाम्रो परिवारमा असह्य बज्रपात पर्‍यो । जतातत्तै रुवावासी शोकाकुल आकुल ब्याकुल भईयो । यसरी महिनौ दिन बित्दै गए । बिस्तारै सम्हालिदै "जन्मे पछि मरण अवस्यम्भावी छ भाग्यमा लेखेको भोग्नु पर्दो रहेछ यो कसैले टार्न सक्दैन"। रोइ कराई केहि हुँदैन भन्ने आफै बुझेर यो शोक सन्तापलाई सुशान्ती र सुयसमा परिणत गर्ने उद्देश्य राखी परिवारमा सुखो दुखो सल्लाहले दुईवटा निम्न उपाय अपनाइयो ।

१) धार्मिक स्कन्द पुराण अर्न्तगत मानस खण्ड पुराणलाई हिन्दीबाट नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरेर चिरकाल संस्मरण र सुयसकोलागि यो पुराण जसमा नेपाल राष्ट्रको सुदूरपश्चिम कर्णाली सम्मको भौगोलिक विस्तृत बिवरण छ। त्यस पुराणलाई नेपालीमा अनुवाद गरी सर्वसुलभ गर्ने ।

२) यी बियोगका समकक्षी साथीहरूसँग गफमा आफ्नो पिछडिएको पुर्खौली थलोमा चेतना जगाउन पुस्तकालय बनाउन पाए हुन्थ्यो भन्ने आकांक्षा प्रकट गरेको ति साथीहरूबाट बुझियो



र सो आकांक्षालाई साकार रूप दिन र दिवंगत बालकको चिर सस्मरणको निम्ती श्रेयांस पुस्तकालय पुर्खौली थलोमा बनाउने पारिवारिक सल्लाह गरी पुज्य बुवाको सम्झनामा स्थापित श्री रामप्रसाद स्मृती प्रतिष्ठानद्वारा पुस्तकालय निर्माण गर्ने र यसको आर्थिक औकात हेरी यथासक्य आर्थिक सहयोग जुटाई पुस्तकालय सञ्चालन गर्ने निर्णय भई यो श्रेयांस पुस्तकालय भवन निर्माण गर्ने पुण्य कार्यको शुरु भएको हो ।

यो स्कन्द पुराण अर्न्तगतको मानस खण्ड पुराणमा भारतको कुर्माञ्चलदेखि नेपालको सुदूरपश्चिम प्रदेश कर्णाली नदीको कागवेनी समेतको कैलाश मानसरोवरबाट वहने सेती, महाकाली, कर्णाली नदीको बेसीन क्षेत्रको प्रचुर भूगोल, पहाड, जङ्गल, नदीनाला, गुफा, धार्मीक स्थल समेतको विस्तृत विवरण उल्लेख छ मानसरोवरबाट नै मानस खण्ड कहलिएको हो । यो महर्षि बेदब्यास ऋषिद्वारा प्रणीत ग्रन्थलाई सुलभ गराउन दिवंगत बालक नातिको चिरसस्मरण र सुयसको निम्ती यो ग्रन्थलाई नेपालीभाषा अनुवाद गर्न श्रद्धेय बिद्धान स्व.श्री रामचन्द्र शर्मा पौडेल (अद्वेत वेदान्ताचार्य) र प्राचार्य शास्त्री श्री लक्ष्मीकान्त जोशीको अमुल्य उदारमना सहयोगले छपाएर एक वर्ष भित्र श्रीमदभागवत महायज्ञ पुराण लगाएर सप्ताह अन्तमा श्री सम्माननीय प्रधान न्यायधीस तथा मन्त्रीपरिषद्का अध्यक्ष श्री खिलराज रेग्मीज्युको करकमलद्वारा विद्वान, बुद्धिजिवी, राजनेता, र हजारौं भक्तजनहरूको उपस्थितीमा बिमोचन गरिएको थियो । हाल स्कन्दपुराण अर्न्तगतको मानसखण्ड नेपाली भाषामा सर्वसुलभ छ । यो मानसखण्ड बिक्रीबाट आएको रकम नै यो पुस्तकालय भवन निर्माण र सञ्चालनको निम्ती छुट्टै अक्षयकोष राख्ने ब्यवस्था गरिएको छ ।

धन्यवाद ।

# अस्ताएको सुर्योदय पुस्तकालय र सुस्ताएको चन्द्रपुर सामुदायिक पुस्तकालय



✍ **अनिता भण्डारी (पौडेल)**
पुस्तकालय अधिकृत युलेन्स स्कूल, खुमलटार ललितपुर ।

## पृष्ठभूमि

पुस्तकालय समाजको दर्पण हो, जस्तो किसिमको समाज छ उस्तै किसिमको वास्तबिकता देखिनु पुस्तकालको प्रतिबिम्बन हो । एक्काइसौ शताब्दीमा सभ्य समाज निर्माणका लागि त्यहाँको रहनसहन, भेष भुषा, भाषा, संस्कार, समुदाय, व्यापार व्यावसाय, कार्य, कार्यालय जस्ता दैनिक जीवन यापन गर्न चाहिने सम्पूर्ण व्यवस्थापनका कुराहरू आउने गर्दछन् । जहाँ सभ्य समाज उपस्थित छ त्यहाँ ज्ञान बिज्ञान पनि हुनु आवश्यक हुन्छ । कुनैपनि देश, विदेश, प्रदेश र समदायमा त्यहाँको स्थानीय विकास हुनु जसरी जरूरी छ त्यसैगरी कुनैपनि ठाउँ, क्षेत्र र समुदायको लागि शैक्षिक विकास हुनु अत्यन्त जरुरी हुन्छ । समाज र समुदायलाई परिवर्तन ल्याउन त्यहाँको शैक्षिक वातावरणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

"पुस्तक पढ्ने बानीले मानिस जीवनमा कहिल्यै एक्लो हुदैन" । जब उसलाई पुस्तकसंग प्रेम बढ्दै जान्छ, उसलाई संसारको कुनै कुनामा जाँदा पनि एक्लो अनुभव हुँदैन अझ भन्ने हो भने नियमित रूपमा पुस्तकालय गएर अध्ययन गर्ने बानीले त बसी बसी विश्वको यात्रा गराउछ । अतः राष्ट्रले सामान्य नागरिकको समेत पहुँच हुनेगरी पुस्तकालयको व्यवस्था गर्नुपर्छ । पाठकहरूको बौद्धिकस्तर र रुचीअनुरूप विविध प्रकारका पुस्तकहरू उपलब्ध गराउनु पर्छ । शिक्षा सूचना प्राप्त गर्ने, प्राप्त गरेका सूचनालाई ज्ञानमा परिणत गरी व्यक्ति समाज र राष्ट्रको विकासमा टेवा पुऱ्याउने मुख्य माध्यम हो ।

नेपालको संबिधान, २०७२ को भाग ३ मा नागरिकको मौलिक हक अन्तर्गत धारा २७ मा सूचनाको हकको व्यवस्था गरेको पाइन्छ । जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना माग्ने र पाउने सुबिधा हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी भाग ४ मा धारा ५१ ज ४ मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको व्यवस्था गरिएको छ । जसमा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ । सरसरती हेर्दा सार्वजनिक सूचना प्राप्त गर्ने ठाउँ भनेको सूचना केन्द्र पुस्तकालय नै हो भन्ने प्रष्ट बुझिन्छ ।

## चन्द्रनिगाहापुर

प्रदेश नम्बर २ का आठवटा जिल्लामध्ये रौतहट जिल्लामा चन्द्रनिगाहपुर रहेको छ । यो ठाउँ २०६८ साउन भन्दा पहिले चन्द्रनिगाहपुर गा.बि.स का नामले चिनिन्थ्यो । २०६८ मा मुलुकमा ४१ नयाँ नगरपालिका थपिंदा चन्द्रनिगाहपुर गाविस पनि नगरपालिका बन्यो । पछि यसलाई चन्द्रपुर नगरपालिका भन्न थालियो । साविकका पाँच वटा गाविसहरू चन्द्रनिगाहपुर, पौराइ, जुडीबेला, सन्तपुर, मटिऔन मिलाई चन्द्रपुर नगरपालिका बनाइएको हो । यसको पूर्वमा वागमती नदी र पश्चिममा धन्सार खोला, उत्तरमा चुरे लेक र त्यो माथि रहेको मकवानपुर जिल्ला तथा दक्षिणमा वृन्दावन, गुजरा र गरुडा नगरपालिका रहेको छ । यो नगरपालिका क्षेत्रफल तथा जनसङ्ख्याको आधारमा रौतहट जिल्लाकै सबैभन्दा ठूलो नगरपालिका हो । चन्द्रसमशेर प्रधानमन्त्री हुदाँ बस्नको लागि निगाहा भएकोले यसको नाम चन्द्रनिगाहपुर रहन गएको भन्ने

भनाई रहेको छ । यस क्षेत्रमा २००७ सालको क्रान्ति पछि व्यापक रूपमा वन फँडानी भई मानव बस्ति बस्न थालेको पाईन्छ । हाल "सफा र सभ्य चन्द्रपुर, हाम्रो चन्द्रपुर राम्रो चन्द्रपुर" मूल नाराका साथ अहिले आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, सांस्कृतिक अन्य सबै दृष्टिकोणबाट द्रुततर गतिमा बढीरहेको नगर हो । चन्द्रनिगाहपुर बजार रहेको ठाँउलाई केन्द्र बनाइएको छ ।

केही समय अघि आफ्नो पुर्ख्यौली गाउँ रौतहटको चन्द्रनिगाहपुर जाने अवसर मिल्यो । हुन त पुर्ख्यौली घरमा २३ बर्ष देखि लगभग २३ चोटी नै ओहरदोहर गरिसके होला तर यसपटक भने मलाई त्यहाँको रहनसहन भेषभुषा भाषा लगायतका अन्य कुराहरूप्रति ध्यान गयो । संधै आउनेजाने क्रम हतारमा नै हुन्थ्यो यसपटक त झन् कोभिड-१९ को त्रास बढिरहेकै बेलामा हामीले यात्रा गर्यौ । यसपटक धेरै कुरा बुझ्ने मौका पाइरहेको बेलामा आफ्नै घरबाट देखिने खाली जग्गाको बिचमा लडिरहेको एउटा साइन बोर्डमा आँखा पुग्यो । पानी परिरहेकै थियो हिलाम्मे खेत थियो त्यो खेतको बिचमा लडिरहेको त्यो साइन बोर्ड उठाउन मन लाग्यो । हिलो, चिप्लो र सर्पको त्यत्तिकै डर थियो र पनि बोर्ड उठाउन पुगे । मलाई बोर्डमा लेखिएको कुराले रुवायो । बोर्ड उठाए, सिधा बनाएर इट्टा ढुङ्गाले अड्याएर दुइचार वटा तस्विर खिचे । त्यहाँ बसुन्जेल मेरो मन भने त्यो बोर्डमा लेखिएको "चन्द्रपुर सामुदायिक पुस्तकालय, च.पुर- ६, देउराली चोक" मा अल्झिइरह्यो ।

यता देशव्यापी रूपमा भदौ १५ गते चौधौं पुस्तकालय दिवस कसरी मनाउने भन्दै विभिन्न कार्यक्रम र छलफल जूम तथा अन्य मिडियाद्वारा भइरहेको बेलामा आफ्नै गाउँमा पुस्तकालयको बोर्ड लडिरहदा मलाई निकै हिनता बोध भयो । स्कूल, कलेज, अस्पताल, बाटोघाटो, बिजुली, पानि, इन्टरनेट, रहनसहन, व्यापार विस्तार, बजार सबै कुरा तिब्र रूपमा बढिरहेको चन्द्रपुरमा पुस्तकालयको बारेमा बल्ल चासो हुन पुग्यो ।

कोभिडको त्रास बढिरहेकोले धेरै दिन भुलेर सबैकुरा जानकारी लिन सकिएन । सबैभन्दा विश्वासिलो मित्र गूगललाई लिएर चंद्रपुरको पुस्तकालयको इतिहास खोतल्ने प्रयास गरे त अफसोच उहाँ आफै यस कुरामा अनभिज्ञ हुनुहुदो रहेछ । मेरो जिज्ञासा जारी नै थियो त्यहाँ भेट हुनुभएका आदरणीय व्यक्तित्वहरूसंग जानकारी लिन खोजे तर उहाहरूसंग पनि त्यति चित्तबुझ्दो जवाफ नपाएकोले भारी मन बोकी काठमाडौं घर फर्के । कस्तुरीले आफ्नो बास्ना आफैले नपाए जस्तो भयो मलाई आफैदेखि लाज लागेर आयो किनकि रौतहट जिल्लाको गन्यमान्य व्यक्तित्व श्री जनज्योती माध्यामिक विद्यालयका पुर्वप्रधानाध्यापक आफ्नै ससुरा बुवा श्री नारायण हरि उपाध्याय हुनहुन्थ्यो । त्यसपछि मन ज्यादै प्रफुल्ल भयो र उहाँसंग जोडिएका पुस्तकालयका कथा र उहाँले गरिरहनु भएको योगदान बारेमा सुन्ने र बुझ्ने अवसर प्राप्त भयो ।

**सुर्योदय पुस्तकालय**

सम्वत् २०३५ साल असोज महिनामा रौतहट जिल्लाको चन्द्रनिगाहपुर गाबिस २ वडा नं. मा सुर्योदय पुस्तकालय नामले सार्वजनिक पुस्तकालय स्थापना भएको रहेछ । तत्कालीन समयमा कम्युनिष्ट पार्टीको होनहार व्यक्तित्व श्री भरत प्रसाद अधिकारीको अध्यक्षतामा लगभग ११ जनाको कार्यकारिणी समिति र बिशेष सहयोगीमा दुईजना व्यक्तित्व (जसमध्ये एक नारायणहरि उपाध्याय) रहेर पुस्तकालयको स्थापना भएको रहेछ । आर्थिक सहयोग, जग्गा र अन्य सहयोगीमा समिति आफै अगाडि बढिरहेको रहेछ । जसजसले पुस्तकालय स्थापना गर्नु भयो उहाहरूले निकै ठूलो सेवा पुर्याईरहनु भएको रहेछ । पछि उहाँहरूको बसाईसराँइ र अन्य कारणले पुस्तकालयमा ध्यान कम हुदै जान थाल्यो । नयाँ पिढीलाई हस्तान्तरण गरेर छोड्दा बिशेष रेखदेख हुन नसकेकोले बिस्तारै उक्त पुस्तकालयको अस्तित्व मेटिदै जाँदा बि.स. २०५८ मा पुरै बन्द भएको अवस्था आएको रहेछ ।

उक्त क्षेत्रमा थुप्रै विकास निर्माणहरू हुदै गए हरेक बर्ष योजनाहरू बढिरहेका पाइन्छन् । अस्पताल, स्कूल कलेज, खानेपानी, बिजुली, टेलिफोन, इन्टरनेट, बाटोघाटो सबै समय अनुकुल नै बढिरहेको पाइयो तर पुस्तकालय

प्रति कसैको ध्यान जान सकेको रहेनछ। बिद्यालय कलेजहरूमा पनि खासै पुस्तकालयको पनि विकास भएको सुनिएन। विद्यार्थीको सिर्जनशील क्षमताको बिकास गर्न, जीवनपर्यन्त शिक्षा प्रदान गर्न, आत्मनिर्भर सिकाइ प्रदान गर्न, खोज अनुसन्धान गर्न र व्यक्तित्व विकास गर्न पुस्तकालयको अत्यन्त ठूलो महत्त्वरहेको हुन्छ। भौतिक रूपमा दुई चार पुस्तकालय हेर्ने रहर थियो तर कोरोनाको कारणले सबै शैक्षिक संथाहरू बन्द भएकोले थप जानकारी प्राप्त गर्न सकिएन। पर्याप्त श्रोत साधनको कमीले शैक्षिक पुस्तकालयहरूपनि दयनिय अवस्थामा रहेछन। सरकारी स्कूल, कलेजको अवस्था पनि त्यति फस्टाएको रहेनछ। पुस्तकालय विकास तिब्र गतिमा बढिरहेको भएतापनि २००७ सालपछि खोलिएका सार्वजनिक पुस्तकालयहरूको अवस्था खासै संतोषजनक रूपमा देखिएको छैन। कतिपय पुस्तकालयहरूमा स्पष्ट नीति, बजेट अभावका कारण बन्द हुने अवस्थामा देखिएका छन्। जहाँजहाँ सरोकारवाला व्यक्तित्वहरूलाई सार्वजनिक/सामुदायिक पुस्तकालय हुनुपर्छ भन्ने भावनाले ओतप्रोत भयो त्यहाँ त्यहाँ सार्बजनिक पुस्तकालयहरू बन्न थालेका छन्।

**चन्द्रपुर सामुदायिक पुस्तकालय**

चन्द्रपुरमा पनि पटक पटक पुस्तकालयको चर्चा परिचर्चा चल्दै रोकिदै गरेको रहेछ। पुस्तकालयको लागि उचित जग्गा उपलब्ध हुन सकेको थिएन। त्यहाँका जल्दाबल्दा युवाहरू कोही शहरतिर लाग्ने र कोही विदेशतिर लम्किने हुँदा सम्बन्धित निकायको ध्यान नपुगेको हुन सक्छ। यस्तैगरी दिन बितिरहदा चन्द्रपुर नगरपालिका वडा नं. छ मा नापी गर्दा भेटिएको ऐलानी जग्गा देखेर पुर्वप्रधानाध्यापक श्री नारायणहरि उपाध्यायले फेरि पुस्तकालयको कुरा उठाउनु भएको रहेछ। त्यहाँका केही बुद्धिजीवीहरूलाई भेला गराएर एकदम राम्रो कुराको उठान भयो हामी सबै मिलेर अब सामुदायिक पुस्तकालय खोलौं भनेर नगर प्रमुख समक्ष प्रस्ताव लिएर जानु भएछ। सोहि अनुरूप सबै नापी गरी निस्किएको ऐलानी जग्गामा २०७६ साल असोज ३० गतेका दिन चंद्रपुर नगरपालिकाका नगर प्रमुख रामचन्द्र चौधरीको अध्यक्षतामा तपसिल बमोजिमको ४ किल्ला भित्र चन्द्रपुर सामुदायिक पुस्तकालय, च.पुर-६, देउराली चोकमा बोर्डसहित १६ जनाको उपस्थितिमा सम्पूर्ण सुविधा उपलब्ध गराई ५ तल्लासम्म बनाउने योजनामा शिलान्यास भएको रहेछ।

सोही समयमा श्री नारायणहरि सरले आफू चौरासी बर्ष पुग्न लागेको अवसरमा चौरासी पूजा नगरी नगद रु दुईलाख दिने घोषणा समेत गर्नुभएको रहेछ। त्यस्तै गरी नगरपालिकाले पनि सहयोग गर्ने गरी पत्र तयार गरेको रहेछ। आफ्नो एकल बिचारमा सबैले साथ दिनुभएकोमा नारायणहरि सर खुशीले गद्‌गद् भई २ ट्रीप ढुंगा खसाली जग खन्ने तयारीमा सबैलाई जुटाउनु भएको रहेछ। यत्तिका बर्षसम्म केही कसैले दाबि गर्न नसकेको जग्गामा एकजना छिमेकीले किर्ते कागज बनाई आफ्नो जग्गामा पुस्तकालय बनाउन दिन्न भनेर अडान लिनुभएछ। जतिपटक त्यहाँ कम गर्नको लागि मानिसहरू खटिन्थे त्यतिनै बेला उहाँ आएर काम रोकिदिनु हुदोरहेछ। त्यसैले बन्न नसकेको पुस्तकालय र लडिरहेको बोर्ड देख्दा मलाई सारै मन खिन्न भएर आएको छ। यसको लागि राष्ट्रले के कस्तो भूमिका खेल्न सक्छ होला? सम्बन्धित निकायको ध्यानाकर्षण कसरी गर्न सकिन्छ होला ? ८६ बर्षमा प्रवेश गर्नुभएको आदरणीय गुरु अझैपनि त्यस क्षेत्रमा पुस्तकालय बन्नुपर्छ, बनाउछु भनेर सपना देखिरहनु भएको छ। छापा पुस्तक मात्र नभएर विद्युतीय पुस्तक, संस्कृति झल्किने कार्यक्रमहरू, बालकदेखि बृद्धसम्मका लागि रमाउने थलो, बगैचा, पाँच तले घर, शान्त वातावरण सबैको सपना देखिरहनु भएको गुरु र स्थानीय बासिन्दाको सपना के पूरा हुन ऐलानी जग्गालाई किर्ते कागज बनाएर आफ्ना नाममा बनाउने विरुद्ध सबै समुदाय तथा स्थानीय तहका प्रतिनिधि एक जुट भएर कानुनी उपचार खोज्नु आवश्यक छ।

**निष्कर्ष**

बास्तवमा, संस्कृति तथा विज्ञान, कला र दर्शनको जानकारी विश्वभर पुऱ्याउने माध्यम पनि पुस्तकालय नै हो। पुस्तकालय क्षेत्रलाई समाज विकास र समाज

परिवर्तनको मुलधार अथवा मेरुदण्डको रूपमा लिन सकिन्छ। सरकारी तथा निजी तवरबाट नेपालका अधिकांश संघ संस्थाहरूमा पुस्तकालयको स्थापना गरिए पनि यस क्षेत्रको दीगो विकासका लागि खास उल्लेखनीय काम हुन नसक्नु चिन्ताको विषय बनेको छ। अत्यन्त ग्रामीण समुदायदेखि अति भव्य शहरीकरण भएको स्थानसम्म पुस्तकालयको विकास गर्दै एक शिक्षित समाजको निर्माणको दिशामा क्रियासिर्जनशील हुन पर्ने आजको आवश्यकता हो। पुस्तकालयले शिक्षित र सभ्य समाज निर्माणमा सहयोग पुऱ्याउँछ, समाज बस्न योग्य बनाउँछ; नागरिकको सोचाइमा परिवर्तन ल्याउँछ। अझ पुस्तकालयको विकास नै नयाँ नेपाल निर्माणको महत्त्वपूर्ण निकास हो। तब मात्र पुस्तकालयको विकास सुचारु रूपले हुनेछ। सर्वसाधारणको हितलाई ध्यानमा राखी ज्ञान, विज्ञान तथा आवश्यक ज्ञान सामग्री निःशुल्क उपलब्ध गराउने उद्देश्यले खोल्न खोजिएको पुस्तकालय विशुद्ध सार्वजनिक/सामुदायिक पुस्तकालय हो। यसका सेवा सुबिधाहरूमा जो कोही पनि हुन् सक्छन्। पुस्तकालयमा उपलब्ध हुने दान-उपहार, धन राशी सहयोग, कर आदि पुस्तकालयमा भित्रिने सर-सामग्रीहरूको हक पनि सर्बसाधारण कै पहुँच भित्र रहनेछ। यसले शैक्षिक, सांस्कृतिक र मानव जीवनको विविध पक्षका ज्ञान सामाग्रीहरूको छनौट, सङ्कलन, सु-व्यवस्था, प्रसारण र संरक्षण गर्नेछ। यस बिषयमा सम्बन्धित निकाय र राष्ट्रको पूर्ण रूपमा ध्यान जाओस्। चौधौं पुस्तकालयको नारा “सवल समाजको आधार : सार्वजनिक पुस्तकालयको विकास र विस्तार” सफल र सवल बनोस् हार्दिक शुभकामना।

# मकवानपुरमा सार्वजानिक पुस्तकालय



✍ **गोविन्द चौलागाई**

नेपाल पुस्तकालय संघ, सदस्य

पुस्तकालय अभियान समुह मकवानपुर, सदस्य

मकवानपुर जिल्ला भौगोलिक विविधता रहेको नेपालका ठूलो जिल्लाहरू मध्ये एक हो। यस जिल्लालाई धरातलीय हिसाबले पहाडि (भित्री मधेस) मा समेटिए पनि हिमाली क्षेत्रकै आभास दिलाउने उत्तरमा दामन, सिमभन्ज्याङ, त्यस्तै चुरे पहाड र महाभारत पहाड यसै जिल्लाको धेरै भूभाग ओगटेका छन र दक्षिणका समथर भूभागले तराइको प्रतिनिधित्व गरेका छन्। समग्रमा मकनानपुर जिल्ला नेपालको समग्र पहिचान दिने भौगोलिक बनावट भएको जिल्ला हो।

नेपालमा प्रजातन्त्रको स्थापनासँगै मकवानपुरमा पनि विभिन्न स्थानहरूमा पुस्तकालय खुलेका ऐतिहासिक तथ्य पाइन्छ। तथापी मकवानपुरमा पुस्तकालयहरू खुल्ने र बन्द हुने क्रम चलिनै रह्यो। हाल मकवानपुरमा औलामा गन्न मिल्ने पुस्तकालयहरू मात्र सञ्चालन या जीवित रहेको छ। हेटौडा उपमहानगरपालिकाले वि.सं. २०५४ सालमा स्थापना गरेको पुस्पलाल स्मृति पुस्तकालय, हेटौडा-४ मा अवस्थित रहेको छ। वि. सं. २०५९ माघ २१ गते हेटौडा उपमहानगरपालिकाले साहित्य संगम मकवानपुरको व्यवस्थापनमा रहने व्यवस्था गरी यो पुस्तकालय निरन्तर चलिरहेको छ। यस पुस्तकालयमा करिब ७००० पुस्तकहरू रहेका छन्। त्यस्तै, हेटौडा ४ मै वि.सं. २०४५ सालमा स्थापित रोशनी पुस्तकालय पनि निरन्तर चलिरहेको छ। करिब ५००० पुस्तकहरू संग्रहित यस सार्वजनिक पुस्तकालय सञ्चालनमा विगतमा अप्ठ्याराहरू आएपनि हाल स्थानीय युवाहरूको व्यवस्थापनमा प्रभावकारी रूपमा सञ्चालन भैरहेको छ। हेटौडा ४ कै चिल्ड्रेन पार्कमा Nepal Journey Public Library वि.सं २०६७ सालमा स्थापना भई सञ्चालनमा आइरहेको छ। यस पुस्तकालय ल्भउर्बा व्यगचलभथ भन्ने संस्थाको भौतिक सहयोगमा स्थापना भएको हो। यस पुस्तकालयमा करिब २७०० पुस्तक सहित ब्रम्ह्कुमारी राजयोग सेवा केन्द्र, हेटौडाले व्यवस्थापन गर्दै आइरहेको छ। Lions Club of Hetauda n] Nepal Journey Public Library लाई एकजना कर्मचारी व्यवस्थापन बापतको खर्च उपलब्ध गराई पुस्तकालय निरन्तर सञ्चालन गर्न सहयोग गरिरहेको छ। यसरी मकवानपुर जिल्लामा खुलेका पुराना पुस्तकालयहरूमध्ये यिनै पुस्तकालयहरू मात्र बाँकी रहेका छन्। यद्यपी हाल (२०७८) आएर मकवानपुमा स्थानीय पत्रकार शुरेस श्रेष्ठको अगुवाइमा पुस्तकालय अभियान समुह, मकवानपुर गठन भई विभिन्न स्थानमा पुस्तकालयहरू तिव्र रूपमा स्थापना भैरहेको छ।

नेपालमा प्रजातन्त्रको उदय वि.सं. २००७ सालमा भएसँगै तत्कालीन मकवानपुरको सदरमुकाम रहेको भीमफेदीमा स्थानीय युवाहरू शंखरत्न तुलाधर, विष्णु प्रधान, धनलाल श्रेष्ठ र सुन्दरराज ठिकेको अगुवाइमा २००९ सालमा ज्योति पुस्तकालयको स्थापना भएको थियो। आफ्नै भवनका साथमा दशौं हजार पुस्तक संकलित पुस्तकालय भएपनि वर्षौंदेखि बन्द अवएस्थामा रहेको पुस्तकालयमा रहेका अधिकांश पुस्तकहरू उचित संरक्षण एवम् व्यवस्थापनको अभावमा कुहिन गई बचेका करिब २००० पुस्तक स्थानीय महेन्द्र माध्यमिक विद्यालय भीमफेदिको विद्यालय पुस्तकालयमा सारिएको

थियो । त्यस्तै थाहा अभियान्ताको रूपमा चर्चित स्व. रूपचन्द्र विष्टले वि.सं. २०२२ सालमा नवजीवन ज्योति पुस्तकालय स्थापना गरेका थिए करिब ५००० भन्दा बढी पुस्तक संग्रहित उक्त पुस्तकालयमा ऐतिहासिक, राजनैतिक, दार्शनिक पुस्तकहरू समेटिएका थिए उक्त पुस्तकालय वि. सं २०४० को दशकदेखि बन्द रहेको छ । वि.सं. २०२५ सालमा हालको थाहा नगरपालिका शिखरकोटमा विष्टकै अगुवाइमा स्थापना भएको नवजागृति पुस्तकालय सञ्चालन भई विचमा लामो समय बन्द रहेपनि हाल स्थानीय युवाहरूको पहलमा पुनः सञ्चालमा आउनु खुसीको कुरा हो । दर्शनका पुस्तकहरू पढ्न पाइने पुस्तकालयका रूपमा यो पुस्तकालय चर्चामा समेत रहेको थियो । वि.सं.२०४८ सालमा थाहानगरको ओखरबजारमा स्थापना भएको सुर्योदय पुस्तकालय पनि लामो समयदेखि बन्द अबस्थामा रहेको छ । वि.सं. २०३४ सालमा साविकको नामटार गा.वि.स. मा साहित्यकार रामचन्द्र फुर्सदिको अगुवाइमा कालिका पुस्तकालय स्थापना भएको थियो । हेटौडा ६ चौघडामा स्थापना भएको नवजीवन ज्योती पुस्तकालय पनि विगत ८-९ वर्षदेखि बन्द रहेको छ । त्यस्तै मवानपुरको हटिया, लामसुरे, छतिवन, फापरबारी, मनहरी लगाएतका क्षेत्रहरूमा पनि विभिन्न समयमा पुस्तकालयहरू खुले पनि हाल सबै बन्द अवस्थामा रहेका छन । कतिपए आफ्नै भवनहरू नभएका पुस्तकालयहरूको इतिहासनै मेटिएका छन । करिब दशकभन्दा अघिबाट व्यापकता पाएको अनलाईन सामाजिक सन्जाल, बैदेशिक रोजगारीको मोहले जन्माएको आर्थिक लोलुपता, विलासी जीवन प्रतिको मोह, भौतिक सुखसयल र देखासिकी गर्ने परिपाटी एवम् राज्यले पुस्तकालय एवम् अध्ययन केन्द्रको स्थापना उचित ध्यान नपुग्नु आदि विभिन्न कारणले पठन संकृति हराउँदै गएको छ, जसको फलस्वरूप पुस्तकालहरू लोप हुदै गइरहेको मकवानपुरको परिपाटीमा पुस्तकालय अभियान समुह मकवानपुर स्थापना भई, पहिलो चरणमा प्रत्येक स्थानीय तहमा एक पुस्तकालय, वडा वडा, एवम् टोलटोलमा पुस्तकालय स्थापना गर्ने अभियानमा लागिपरेको छ ।

हराउदै गएको पठन संस्कृतिको विकास गर्ने उद्देश्यले मकवानपुर जिल्लामा यही साल स्थापना भएको पुस्तकालय अभियान समुह मकवानपुरले २०७८ साल जेठ २९ गते हेटौडा-७, नागस्वतीमा सम्बृद्ध पुस्तकालय उद्घाटन सँगै आफ्नो अभियान औपचारिक रूपमा सुरु गरेको छ, पत्रकार शुरेस श्रेष्ठले अगुवाइ गनुभएको यस अभियानमा वरिष्ठ पत्रकार प्रताप बिष्ट, शुसिल गिरी, नरेन्द्र भण्डारी, कैलाश धिताल, गोविन्द चोलागाइ, दिनेश हुमगाइ, लगाएत दर्जनौ युवाहरूको सहभागिता रहेको छ । यस अभियानले हरेक नयाँ ठाँउमा पुस्तकालय स्थापनाको लागि रु ५०,०००( पचास हजार) बराबरको पुस्तक सहयोग गर्ने गरेको छ । अभियानले सो रकम यभियानकै सदस्य वने वापत उठाइने (प्रति सदस्य रु ५०००) बाट १० जना बराबर एउटा पुस्तकालय उद्घादन या स्थापनार्थ खर्चिने गरेको छ । मकवानपुरको विभिन्न स्थानबाट स्थानीय व्यक्तिहरूको पुस्तकालय स्थापनाको लागि प्रस्ताव आएपछि अभियानको सदस्यले आवश्यक अध्ययन गरेर सो पुस्तकालय स्थापनार्थ सहयोग गर्ने गरिएको छ । स्थापित पुस्तकालयलाई अभियानले स्थानीय निकाय संग सहकार्य गरेर दिगो हिसाबले सञ्चालन हुनेगरि सहकार्य गर्ने गरेको छ । यो अभियान हरेक टोलटोलमा पुस्तकालय स्थापना गर्ने उद्दश्यले सञ्चालित एउटा साझ अभियान हो, जो कोही पनि तपाइ हामी यस अभियानको सदस्य बन्न सक्छौ । यही २०७८ साल अषाढ १२ गते हेटौडा- ६, शान्तिटोलमा शान्ति पुस्तकालय स्थापना गरी पुस्तकालय अभियान समुह मकवानपुरले दोस्रो पुस्तकालय स्थापना गरेको छ, सो पुस्तकालयलाई शान्ति टोल विकास संस्थाले व्यवस्थापन गर्नेछ भने वडा अध्यक्षले संरक्षकको भूमिका खेल्नुहुनेछ । २०७८ अषाढ २६ गते अभियानले बकैया गाँउपालिका,४ मा तेस्रो पुस्तकालय स्थापनार्थ बकैया सार्वजानिक पुस्तकालय स्यापना गरेको छ । त्यस्तै अभियान समुह, मकवानपुरले चौथो पुस्तकालय स्थापनार्थ मकवानपुरकै इतिहास बोकेको ज्योति पुस्तकालयलाई पुर्नस्थापित गर्न सहयोग गरेको छ । यही श्रावण ९ गते स्थापित मनहरी सामुदायिक पुस्तकालय अभियानको पाँचौ पुस्तकालय रहेको छ ।

श्रावण २३ गते मकवानपुरगढी गाँउपालिका वडा नं. ३ मा छैटौं पुस्तकालयको रूपमा प्रजातन्त्रिक सामुदायिक पुस्तकालय स्थापना भएको छ। यस अभियानलाई जिल्लाबाहिर पनि लैजाने सोच अनुरूप सातौ पुस्तकालय बारा जिल्लाको निजगढ नगरपालिका -६, सडकटोलमा पाना पुस्तकालय स्थापना गरिएको छ। प्रत्येक साता नयाँ पुस्तकालय स्थापना गर्ने सोच अनरूप पुस्तकालय अभियान समुह मकवानपुर स्थापना भएको छ। यस अभियानमा हालसम्म करि १५० भन्दा बढी सदस्यहरू जोडिइसकेको छन ।

भदौ १५ पुस्तकालयकर्मी एवम् पुस्तकालय वृद्धि विकासमा लाग्नेहरूको लागि महान पर्व। यस पर्वलाई भव्य रूपले मनाउन नेपाल सरकार पुस्तकालय विकास महाशाखाले '**सबल समाजको आधारः सार्वजानिक पुस्तकालयको विकास र विस्तार**' नारालाई सार्थक रूप दिनको लागि पुस्तकालय अभियान समुह, मकवानपुरले हालसम्म स्थापना गरेको पुस्तकालय व्यवस्थापन समितिसँग सहकार्य गरी थप एकैपटक विभिन्न गाँउपालिका तथा वडाहरूमा गरी ७ वटा पुस्तकालय स्थापना हुँदैछ। साथसाथै पुस्तकालयको दिगो विकास र सञ्चालनको लागि स्थानीय सरकार, सामाजिक व्यतित्व, शिक्षक, कर्मचारी, कृषक, विद्यार्थी सबैलाई भोला गरी हरेक पुस्तकालयले अर्न्तक्रिया पनि आयोजना गर्नेछ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्पष्ट रूपमा प्रत्येक स्थानीय तहहरूले पुस्तकालय सथापना गर्ने कार्यविधिको व्यवस्था गरिसकेको अवस्थामा स्थानीय तहहरूले बाटो, पुल, खानेपानी लगाएतका भौतिक पुर्वाधारको विकास सँगसँगै बौद्धिक क्षेत्रको विकासको लागि पुस्तकालय स्थापनार्थ पनि ध्यान उत्तिकै मात्रामा दिनुपर्ने देखिन्छ।

पुस्तकालयको विस्तार सँगसँगै स्थानीय क्षेत्रको संस्कृति झल्कने संग्राहलय, बालबालिका, युवा, प्रौढलाई पुस्तकालय तर्फ आकर्षित गर्न विभिन्न कार्यक्रमहरूलाई पनि सँग सँगै अघि बढाई झन्डै हराउन लागिसकेको पठन सँकृति बचाउनु आजको मुख्य आवश्यकता बनेको छ।

जय पुस्तकालय